CC-0. In Public Domain. Digitization by eGangotri

थाई सांस्कृतिक परम्परा

फ्रया अनुमान राछथोन



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाइल्याण्ड र स्याम एउटै अधिराज्यका दुई नाम हुन् । सन् १९३९ सम्म यो अधिराज्य स्यामको नामले प्रसिद्ध थियो । पछि यो थाइल्याण्ड भयो । सन् १९४६ मा फेरि यो नाम बदलिएर स्याम नै भयो । तर दुई वर्ष पनि कायम रहेन, सन् १९४७ मा भएको राज्य क्रान्तिपछि यो फेरि थाइल्याण्ड हुन आयो र आजसम्म यही नामले यो अधिराज्य प्रसिद्ध रहेको छ ।

फ्या अनुमान राछथोन यही अधिराज्यका एक सुविख्यात विद्वान् हुनुहुन्थ्यो । उहाँको नाम आज अन्तर्राष्ट्रिय ख्यातिहरूमध्ये पनि लिइन्छ । उहाँको जन्म सन् १८८८ सालको डिसेम्बर १४ तारीखका दिन ब्याङ्ककको ताम्बोन् वात् फ्या झईं भन्ने ठाउँमा भएको हो । साथिराकोसेस भन्ने कल्पित नामबाट प्रकाशित उहाँका असंख्य लेखहरूमा मानव मात्रको परिधिलाई अँगाल्ने उहाँको उदार प्रवृत्ति तथा व्यापक र विविध अभिरूचि प्रतिबिम्बित हुन्छन् । उहाँले भंसारको सहायक महा-निर्देशक, शाही संस्थानका कार्यवाहक अध्यक्ष र ललितकला विभागका महा-निर्देशकको हैसियतले लामो समयसम्म विशिष्ट सेवा गर्नुभएको थियो । उहाँले थाम्मासात् विश्वविद्यालयमा "तुलनात्मक धर्म" र कलेज अफ् इडुकेशनमा "तुलनात्मक साहित्य" विषयमा पनि अध्यापन गर्नुभएको थियो । चुलालङ्कअन् विश्वविद्यालयमा त उहाँ भाषा शास्त्रमा आंशिक समय काम गर्ने प्राध्यापक नै हुनुहुन्थ्यो । उहाँले एसम्शन कलेजमा चार तहसम्म मात्र अध्ययन गर्नुभएको भए पनि क्याम्ब्रिज विश्वविद्यालयले उहाँलाई विद्यावारिधि-को निर्देशक भैंदिन अनुरोध गरेको थियो भने कलकत्ता विश्वविद्यालयले यसरी नै डक्टरेट डिग्रीको बाह्य परीक्षक भैंदिन आग्रह गरेको थियो । चुलालङ्कअन् विश्वविद्यालयले त उहाँलाई विद्यावारिधिको (सम्मानार्थ) उपाधिले नै विभूषित गरेको थियो । उहाँको निधन सन् १९६० सालमा भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाई सांस्कृतिक परम्परा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका भाषामा थाई सांस्कृतिक परम्परा (अनुवाद-प्रकाशन) योजना,
(च्वसापासा) र द तोयोता फाउण्डेशन, जापानको संयुक्त
परियोजनाको आर्थिक सहयोगबाट प्रकाशित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फ्रया अनुमान राछथोन

थाई सांस्कृतिक परम्परा

["एस्सेज् अन् थाई फोक्लीर" को नेपाली अनुवाद]

अनुवादक

स्वयम्भूलाल श्रेष्ठ + कुमुद देवकोटा

सम्पादक

माधवलाल कर्माचार्य

चवसापासा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फ्रया अनुमान राछथोन

थाई सांस्कृतिक परम्परा

प्रकाशकको लिखित अनुमतिविना यस पुस्तकको कुनै अंश कुनै पनि किसिमबाट कसैले पनि समीक्षा गर्न समीक्षकले संक्षिप्त हरफहरू, उद्धृत गर्नु बाहेक फेरि प्रकाशन गर्ने उद्देश्यले छाप्नु वा छपाउन पाइनेछैन :

प्रथम संस्करण : ने. सं. ११०९ वि.सं. २०४५ (ई. सं. १९८९)
मूल्य : रू. ५०।– (रू.पचास मात्र)
सर्वाधिकार : प्रकाशकमा सुरक्षित
प्रकाशक : नेपालका भाषामा थाई सांस्कृतिक परम्परा
(अनुवाद-प्रकाशन) योजना च्वसापासा

१०/५०३ केल, मासंगल्ली
कान्तिपुर; नेपाल ।

मुद्रक : साझा प्रकाशन, पुलचोक
मुखपृष्ठ मुद्रक : जोरगणेश प्रेस प्रा.लि. बालाजु, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुई शब्द

फ्या अनुमान राथ छोन अन्तर्राष्ट्रिय ख्यातिप्राप्त थाई विद्वान् हुनुहुन्थ्यो । उहाँको शत-वार्षिक जन्म-दिवस १९८८ को डिसेम्बर १४ तारीखका दिन पर्दछ । त्यो दिन मनाइने उत्सव तथा कार्यक्रमहरूमा आफू पनि संलग्न हुने भनी यूनेस्कोले निर्णय गरेको छ । यसबारे पारित प्रस्तावमा युनेस्कोले उहाँलाई ठूला विद्वान्को रूपमा मान्यता प्रदान गरी उहाँले साहित्य जगत्लाई गर्नुभएको योगदान सराहनीय हुनुको साथै चिरस्मणीय रहनेछ भन्दै उहाँ आफ्ना समकालीन र पछिका पुस्ताका लागि पनि 'सत्यं, शिवं, सुन्दरं' तिरको बाटो देखाउने ज्योति हुनुहुन्थ्यो भनेको छ । यस्ता महान्, बुद्धिजीवी र साँस्कृतिक व्यक्तित्वहरूका जन्मजयन्तीहरू अन्तर्राष्ट्रियस्तरमा मनाउनाले यूनेस्कोका लक्ष्यहरूको परिपूर्तिमा योगदान हुनजानुका साथै राष्ट्रिय र साँस्कृतिक मूल्यको परस्परमा पहिचान हुन जाने हुन्छ भन्ने आपनो धारणा पनि सो विश्व संगठनले व्यक्त गरेको छ ।

यस्ता विश्ववन्दित महमनाको शतवार्षिकीमा उहाँले रचना गरेको एउटा उल्लेखनीय पुस्तकको हाम्रो भाषामा पनि अनुवाद-प्रकाशन हुनु ठूलो खुशीको कुरा हो । यस रचनाले फ्या अनुमान राछथोनको अगाध विद्वत्ता र अध्ययनको परिचय दिनुको साथै मित्रराष्ट्र थाइल्याण्डको वास्तविक स्वरूप र स्वभावको पनि सविस्तार प्रस्तुति गरेको छ ।

यस पुस्तकको अनुवाद सुविख्यात लेखकद्वय स्वयम्भूलाल श्रेष्ठ र कुमुद देवकोटाले 'एस्सेज अफ थाई फोकलोर' नामक अंग्रेजी प्रतिबाट गर्नुभएको हो । शुरुदेखि १७० पृष्ठसम्मको अनुवाद स्वयम्भूलाल श्रेष्ठबाट र बाँकीको अनुवाद कुमुद देवकोटाबाट भएको हो । दुवैलाई आवश्यक सम्पादन गरी यस रूपमा प्रस्तुत गरिएको छ ।× मूल रचयिताको नाम उहाँको प्रसादगुण-सम्पन्न गद्य शैलीको कारणले पनि उल्लेख्य रहेको देखिन्छ तापनि यस अनुवादमा मुख्य ध्यान उक्त शैलीलाई प्रस्तुत गर्नुभन्दा ज्यादा मूल कुरालाई यथातथ्य प्रसार गर्नुमा रहेको छ । यसले गर्दा कतिपय ठाउँमा शब्दशः वा वाक्यशः अनुवाद

× कुमुद देवकोटालाई उहाँका भाइ नलिनीकुमार देवकोटाले अनुवाद कार्यमा सुधार्न सघाउनुभएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नभै भावानुवाद पनि हुन गएको छ । यसबाट मूल रचयिताको मूल भावना र मूल उद्देश्यमा प्रतिकूल असर पर्न गएको छैन होला भन्ने आशा गरिएको छ ।

यो अनुवाद सन् १९८१ मा प्रकाशित दोस्रो संस्करणको प्रतिबाट भएको हो । फरक खालि यसमा समाविष्ट चित्रहरू १९८८ मा प्रकाशित तेस्रो संस्करणको पुस्तकबाट लिइएको छ । त्यसको सूची छुट्टै राखिएको छ । मूल प्रतिमा प्रयुक्त थाई शब्दहरूको उच्चारणको हकमा अंग्रेजीमा जस्तोसुकै लेखिएको भए पनि थाई उच्चारण अनुसार राख्ने प्रयत्न गरिएको छ । यसको लागि कृपापूर्ण सहयोग थाई भाषाविद् विद्वान् भिक्षु सुगन्धबाट प्राप्त भएको हो, वहाँप्रति विनम्र आभार प्रकट गर्दछु ।

विधिको विडम्बना, आफ्नो अथक प्रयास प्रकाशित भएको हेर्न नपाउँदै अनुवादक स्वयम्भूलाल श्रेष्ठ र कुमुद देवकोटा दुवै असमयमै दिवंगत हुनुभयो । वहाँहरूको आत्माको चिर शान्तिको कामना गर्दै यी दुई शब्द यहीं टुंग्याउँछु ।

मंसीर १७, २०४५
केलटोल, काठमाडौं ।

—माधवलाल कर्माचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूची

भूमिका : अधिराजकुमार वान् वैथयाकअन्

प्रस्तावना : एस. सिवरक्स

परिच्छेद १ : सांस्कृतिक १–४४

सांस्कृतिक थाइल्याण्डको रूपरेखात्मक चिनारी ५–१८
थाइल्याण्डका संस्कृतिहरू १९–३०
थाइल्याण्डको परम्परागत संस्कृति, त्यसको पुनरुत्थान तथा अस्तित्व ३१–३६
लअइ ऋठोङ ३७–४४

परिच्छेद २ : भाषा र साहित्य ४५–१०६

थाई साहित्य संस्कृतिको प्रचारका सन्दर्भमा ४९–६१
थाई साहित्य ६३–६९
सवाद्दी रक्सा ७१–७६
थाई भाषाको स्वभाव र विकास ७७–९२
थाई भाषा ९३–१०६

परिच्छेद ३ : लोककथा १०७–१३०

थाई लोककथा : एक अध्ययन १११–११६
शर्तिया विषबारे केही जानकारी ११७–१३०

परिच्छेद ४ : बौद्ध १३१–१६५

फ्रा चेदी १३५–१४०
थेत् महाछात् १४१–१५३
परम्परागत थाई अभिवादन १५५–१६५

परिच्छेद ५ : विधि-विधान र रीतिथिति १६७

थाइल्याण्डमा उर्वर शक्तिको पूजाविधि १७१–१७६
ख्वान् र यसको विधि १७७–१२२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकमहीने बालकको लागि गरिने थामुखवान् विधि २२३–२२८
थाई विवाह-पद्धतिको कथा २२९–
थाई मन्त्र र जन्तर २४२–
थाइल्याण्डमा छुक-बिछुक हेर्ने तरीका –२७४
रूख र बोट-बिरुवाबारे केही थाई अन्धविश्वास २७५–२८६

परिशिष्ट

कृषकको जीवन
विलियम जे. गेड्नेद्वारा अनूदित तथा सम्पादित
फ्रया अनुमान राछथोन–एक मृत्यु लेख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

सन् १९६८ सालको १४ डिसेम्बरकार दिन फ्रया अनुमान राछथोनले आपनो ८० औं जन्म दिवस मनाउने भएको कुराको चर्चा गर्दै पत्रिकाका सम्पादकले "द रिम्यु" का सम्पादकमण्डललाई चाउखुन[1]बाट ठूलो सहयोग भैआएको हुनाले, उक्त उपलक्ष्यको लागि एउटा विशेष योगदानस्वरूप निज फ्रया अनुमानका, संस्कृति, भाषा र साहित्य, लोककथा, बौद्धधर्मका, रीतिस्थिति र विधि-व्यवहारका सम्बन्धमा अंग्रेजी भाषामा लेखिएका २० ओटा लेखहरूको सँगालो निकाल्ने प्रस्ताव मेरो सामु राखेर त्यसको लागि लाग्ने छपाइ खर्च सबै एशिया फाउन्डेशनले व्यहोर्न मन्जूर गरेको कुरा पनि बताउनुभयो।

मैले भित्रै दिलदेखि त्यस प्रस्तावको समर्थन गरें, र त्यसको लागि उदारतापूर्वक सहयोग गर्न वचन दिने एशिया फाउण्डेशनलाई थाइल्याण्डको सामाजिक विज्ञान संघको तर्फबाट कृतज्ञतापूर्ण आभार पनि व्यक्त गरें।

साथै त्यस संगालोको नामकरण गर्न पनि मलाई अनुरोध गरिएकोले मैले त्यसको नाम "**एस्सेज अन थाई फोकलोर**" अर्थात् लोक साहित्यसम्बन्धी निबन्धावली राख्ने सल्लाह दिएँ।

फ्रया अनुमानसँग मिलेर मैले भाषा र थाई संस्कृति विषयमा धेरै वर्ष काम गरेको छु। विषयलाई हेर्दा चाउखुनले पनि सधैं मैले जस्तै थाई दृष्टिकोण-बाट हेर्ने र तिनको समाधान पनि थाई दृष्टिकोणबाटै खोज्ने प्रवृत्ति रहेको जान्न पाउँदा मैले साह्रै आनन्दको अनुभव गरेको छु। उदाहरणको लागि, पालि-संस्कृतका विशेषज्ञहरू, पालि–संस्कृतबाट आएका शब्दको अर्थ दिंदा पालि र संस्कृतकै अर्थ दिनेतर्फ लाग्छन्, थाई अर्थ दिन चाहँदैनन्। थाई भाषामा 'सोङसान' को अर्थ "दया" हुन्छ तर पालि-संस्कृतमा "संसार"को अर्थ "पुनर्जन्म" हुन्छ। फ्रया अनुमानचाहिं थाई भाषामा शब्दको अर्थ लगाउँदा शब्द-विज्ञानको उपेक्षा नगरीकनै, विभिन्न प्रसंगमा, विभिन्न कालमा र विभिन्न स्थानमा भएको त्यसको प्रयोगको तुलनात्मक अध्ययन गरी अर्थ लगाउने गर्नुहुन्छ। यसउसले थाई भाषा-सम्बन्धी उहाँको ज्ञान विशुद्ध र प्रगाढ भएको मैले पाएको छु।

थाई संस्कृति-सम्बन्धी उहाँको ज्ञानबारे पनि यही नै कुरा भन्न सकिन्छ। परम्परादेखि चली आएको रीति-रिवाज र चलन-प्रचलनमा छिटो-छिटो परिवर्तन

---

१. चाइखुन– फ्रया अनुमान राछथोनको एउटा उपाधि–सं.।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आइरहेको छ र कहिलेकाहीं त तिनीहरूको रूप थाहासम्म हुने तर दुरूस्त नचिनिने गरी रहेको छ र साथै तिनीहरूको सारतत्त्व पनि धमिलो रूपमा रहेको भेटिने गरेको छ ।

फ्रया अनुमानले हाम्रा कतिपय परम्परागत रीति-रिवाज र विधि-व्यवहारको वर्णन गर्दा विश्लेषणात्मक र विवेचनात्मक ढाँचाले गर्ने गर्नुभएकोले हामीले उहाँलाई धन्यवाद दिनुपर्छ ।

उदाहरणको लागि, बच्चा जन्मे को एक महीना हुँदा गरिने "थामख्वान्" नामक रिवाजलाई नै लिऊँ । मेरी छोरी जन्मेको एक महीना पुग्नै लाग्दा 'थामख्वान्' रिवाज गर्ने कि नगर्ने भन्नेबारे मेरो घरमा ठूलो गन्थन भयो । मेरी जहानको भनाइ "गर्नैपर्छ भन्ने छैन, यसैले नगर्ने" भन्ने थियो । मेरी आमा र घरका अरू परिवारको भनाइ भने "होइन, यो हाम्रो रीति हो, गर्नैपर्छ" भन्ने थियो । अन्तमा, गर्ने मैले निधो गरें किनकि यो रिवाज गरिएन र कथं बच्चालाई तलमाथि केही हुन गइहाल्यो भने त्यसको दोष मलाई लाग्न जान्थ्यो । यो रिवाज गर्नाले हानि हुने कुरो केही थिएन पनि । सबै खुशी नै भए र सबैले मेरो निर्णयलाई स्वागत गरे । खालि मेरी छोरीले मात्र यसलाई मनपराउन सकिन, संस्कृत भाषामा गाइएका सुमधुर बाल्य-गीतको संगीत तिनलाई रुचिकर भएनछ ।

वास्तवमा, फ्रया अनुमान थाई भाषा र थाई संस्कृतिका एक सुविख्यात अधिकारी हुनुहुन्छ । थाइल्याण्ड आउने विदेशी विद्वान्हरू उहाँकहाँ या त सीधा आफै जाने गर्छन् या त पठाइन्छन् । उहाँहरूले मात्र होइन, अरू अनेक पाठकले पनि यस पुस्तकलाई सरल ज्ञानगुणको खानीको रूपमा पाएर सहर्ष स्वागत गर्नेछन् भन्ने मैले आशा गरेको छु ।

थाइल्याण्डको सामाजिक विज्ञान संघको तर्फबाट फ्रया अनुमान राछथोनलाई, उहाँको ८० औं शुभ जन्मदिवसको मंगलमय सुअवसरमा उहाँ को चिरकालसम्मको निरन्तर सुख, समृद्धि र फलदायी जीवनको कामना गर्दै वहाँप्रति हार्दिक बधाइ ज्ञापन गर्दछु ।

वान् वैथयाकअन

(अधिराजकुमार वान् वैथयाकअन
क्रोमह्लुअन् नराथिप फोडप्रफाद्)
अध्यक्ष, थइल्याण्डको सामाजिक विज्ञान संघ
१९६८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तावना

फ्रया अनुमान राछथोन एक ठूला विद्वान् हुनुका साथै प्रख्यात ग्रन्थकार पनि हुनुहुन्थ्यो। सठियनकोशेस भन्ने उहाँको उपनामलाई उच्च दृष्टिले हेर्ने गरिएको आधा शताब्दीभन्दा बढी भैसकेको छ। उहाँले माध्यमिक विद्यालयको शिक्षासम्म पनि पूरा गर्नुभएको छैन तापनि वैङ्ककका कतिपय उच्च विद्यालयहरूमा उहाँले पढाउनुभयो। कलकत्ता र क्यामब्रिज विश्वविद्यालयका विद्यावारिधिका उम्मेदवाहरूको वाह्य परीक्षक पनि हुनुभयो। उहाँले ७० वर्षको उमेर पुगेपछि पहिलो पटक यूरोपको यात्रा गर्नुभएको हो तापनि त्यसभन्दा धेरै अघिदेखि नै उहाँले अंग्रेजी भाषामा लेखी अनेकन् विद्वतापूर्ण पत्रिकाहरूमा र साप्ताहिकहरूमा प्रकाशित गरिसक्नुभएको छ।

थाई अथवा अंग्रेजी जुनसुकै भाषामा लेखिएको भए पनि उहाँले लेख्नुभएका लेखहरूको मुख्य अभिप्राय आफैलाई र हामीलाई धेरैलाई थाहा नभएका कुराहरूको व्याख्या गर्ने रहेको देखिन्छ। उहाँले अनेक विषयहरू, अनेक किसिमका पुस्तक, अनेक किसिमका मानिस (विद्वान् वा अन्य) साथै विभिन्न अन्य सूचनाका स्रोतबाट लिई राम्ररी व्याख्या गरी बुझाउन सिक्नुभएको छ। आफूलाई चाहिने तथ्य–कुरा पत्ता लगाउने उहाँको तरीका उहाँको आफ्नै किसिमको थियो। उहाँले त्यसो नगर्नुभएको भए थाई अध्ययनसम्बन्धी हाम्रो ज्ञान धेरै नै लुप्त भएर गइसकेको हुने थियो।

उहाँको ८० औं जन्मदिनमा थाइल्याण्डको सामाजिक विज्ञान संघले उहाँको अंग्रेजी भाषामा लेखिएका लेखहरू संग्रह गरी "एस्सेज अन् थाई फोकलोर" शीर्षकमा एक पुस्तक प्रकाशित गऱ्यो। हुन त, उहाँले अंग्रेजीमा लेख्नुभएका लेखहरू सम्पूर्ण यति नै होइनन्, न यसबाट फ्रया अनुमानको श्रेष्ठ कृतिको प्रतिनिधित्व गर्दछ, तापनि यस ग्रन्थले थाई संस्कृतिसम्बन्धमा राम्रो परिचय दिने काम गरेको छ।

यस पुस्तक प्रकाशित भएको धेरै समय हुन नपाउँदै उहाँको निधन भयो र यसको फेरि मुद्रण भएन। तर उहाँले लेख्नुभएका कुराहरू नयाँ पुस्ताका मानिसहरूले पनि पढ्नुपर्ने कुरा हुन्। शिक्षा मंत्रालयअन्तर्गतको राष्ट्रिय संस्कृति समितिको कार्यालयले अझै पनि उहाँको अंग्रेजीमा लेखिएका अनेक लेखहरू साना-साना पुस्तिकाको रूपमा प्रकाशित गर्ने गरेको छ र उहाँका थाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाषामा लेखिएका पुस्तकहरूको अझै पनि निक्कै माग छ। उहाँले थाई रीति-रिवाजसम्बन्धमा शृंखलाबद्ध रूपमा चार भागमा लेख्नुभएका ग्रन्थहरूमध्ये दुईओटा जापानी भाषामा प्रकाशित भइसकेका छन्। जापानी भाषामा उहाँको आत्मकथा पनि प्रकाशित हुने भएको छ। उहाँका लेखहरूमध्ये केही अन्य यूरोपेली भाषाहरूमा र चिनियाँ भाषामा पनि प्रकाशित भएका छन्। उहाँका कृतिहरू ओवोर फाउन्डेशनबाट भाषा मलेशिया र इन्डोनेशिया तथा तगालोगमा पनि प्रकाशित हुने आशा गरिएको छ। सन् १९६८ मा पहिलो पटक "एस्सेज अन् थाई फोकलोर" प्रकाशित हुँदा यसको जिम्मा "सामाजिक विज्ञान छापा-खाना" का अधिकारी श्री सुछात् सवादश्रीले लिनुभएको थियो। आजकाल उहाँ "डोके प्रकाशन गृह" मा हुनुहुन्छ। यस नयाँ संस्करणको प्रकाशन गर्ने कार्यमा श्री सुक सुङ्गस्वांङ्गलाई सहायता गर्नमा उहाँको हात छ भन्ने थाहा पाउँदा मलाई खुशी लागेको छ।

फ्रया अनुमान अहिले हाम्रो माझ हुनुहुन्न। एक दशकअगाडि राष्ट्रिय पुस्तकालयमा मैले उहाँको सम्बन्धमा एउटा व्याख्यान ("फ्रया अनुमान एउटा साधारण मानिस अथवा अपूर्व बुद्धि भएका पुरुष" शीर्षकमा) दिएको थिएँ। त्यो व्याख्यान अंग्रेजीमा अनुवाद भै हाल मेरो "स्याम संकटमा" (सुक्सित स्याम १९८०) नामक पुस्तकमा समाविष्ट भएको छ। उहाँको सम्बन्धमा पाठकलाई अरू बढी जानकारी होस् भन्ना निमित्त पुस्तकको अन्तमा उहाँको बारे एक मृत्युलेख समावेश गरिएको छ।

यो नयाँ संस्करण हुन त अझै पूर्णरूपको हुन सकेको छैन तापनि थाई संस्कृतिका विभिन्न पक्षबारे जान्न चाहने पाठकको निमित्त यो केही मूल्यको हुनेछ भन्नेमा विश्वस्त छु। प्रस्तुत "एस्सेज अन् थाई कल्चर" सफल भयो भने स्व. फ्रया अनुमानका बाँकी अरू अंग्रेजी भाषाका लेखहरू पनि अर्को पुस्तकको रूपमा प्रकाशित गर्न सकिनेछ। वहाँका अरू लेखहरू पनि अंग्रेजीमा अनुवाद गराई प्रकाशित गर्न सकिनेछ।

एस. सिवरक्सा
अध्यक्ष, प्रशासकीय समिति
सठियनकोशेस नागप्रठीप फाउन्डेशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र सूची

फोटो चित्र		फर्केको पृष्ठ
१.	फ्रया अनुमान राछथोन	ञ
२.	बौद्ध विहारको स्नानागार	ढ
३.	वात् अरुण (विहार)	१२
४.	थाई गायक मण्डली	१२
५.	चकरी प्रासाद	१३
६.	खअन्–मुकुण्डो नृटच नाटक	१३
७.	लोकनृत्य, क्लङ याओ	३२
८.	डुङगा–दौड	३२
९.	लअइ क्राठोङ	४४
१०.	भित्ती चित्र (रामाकियनको)	४८
११.	खुन् छाङ खुन् भायन्	६४
१२.	फ्रा समुत्थखोत्	६४
१३	रामाकियन	६४
१४.	फ्रा अभाइमणी	६४
१५.	थाई पाण्डुलिपि	७२
१६.	सुनको बुट्टा भएको पुस्तक राख्ने दराज	७३
१७.	राम् खाम् हायङको शीला–लेख	८०
१८.	वात् छियाङमुनस्थित शीला–पत्र	८१
१९.	सुवर्णपत्र कुँदिएको पुस्तक राख्ने दराज	९७
२०.	तीन मूर्ति	११२
२१.	फ्रा चेदी	१३३
२२.	महाधातु, जइया	१३६
२३.	वात् छाङ् लोम, श्री सज्जनालय	१३७
२४.	चेदी, बुद्धस्मारक	१३७
२५.	महादेशना	१४४
२६	वाई अभिवान्न	१५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२७. वाई अभिवादन १५७
२८. क्राअव् अभिवान्न १६०
२९. " " १६१
३०. भित्ती चित्र १६८
३१. नाङ मेउको जय १७२
३२. ख्वान् संस्कारमा संलग्न १७६
३३. बाऽइ सी १९२
३४. ब्राह्मण महोत्सव २०८
३५. एक महीने बालकहरूको ख्वान् संस्कार २२४
३६. विवाहोत्सव २३२
३७. "फिरअद्" औंठी २६८
३८. "फ्रा फिम" २६९
३९. "तक्रुद्" २७०
४०. फसलको वेला २८४
४१. फ्रया अनुमान राछथोन ३५९

रेखाचित्र

१. एक भवन १
२. थाइल्याण्को शाही गीत १६
३. " " १७
४. एक मूर्ति ४५
५. थाई वर्णमालाको विकास (व्यञ्जन वर्ण) ९२
६. " " " (स्वरवर्ण) ९३
७. आधुनिक थाई वर्णमाला लेख्ने लिपि ९६
८. " " " " " चल्तीको शैली ९६
९. " " " छापा अक्षर ९६
१०. राजा राम षष्ठमको हस्ताक्षर ९६
११. थाई लिपिलाई रोमन लिपिमा प्रतिलेखन गर्ने पद्धति ९६
१२. " " ९६
१३. " " ९६
१४. शब्दको प्रतिलेखन ९६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१५. राजा राम खाम्हायङको थाई वर्णमाला १२८३	९६
१६. फ्रया लुउ थाईको थाई वर्णमाला सन् १३५७	९६
१७. राजा नाराइको राज्यकालको थाई वर्णमाला सन् १६६०	९६
१८. अमलाको पात आकारका प्रचलित थाई लेखन	९६
१९. छियङमाइको थाई वर्णमाला	९६
२०. उत्तर-पूर्वको थाई अक्षर, भ्रष्ट लिपि	९६
२१. संक्षिप्त थाई अक्षर	९६
२२. प्रासादको गजूर	१३७
२३. यासान् बेस्सुवान, यक्ष प्रमुख	२२८
२४. यान् माय् सुअ, किन्ने आमा	२२९
२५. यन्त्र	२५६
२६. फिस्मअन जन्तर	२६४
२७. पानी पाङग्रा र पानी उभ्याउनी	३२८
२८. हलो र जुवा	३२८
२९. धान झार्ने, कुट्ने, पिस्ने, हम्कने र भर्ने औजारहरू	३२८
३०. स-साना कृषि औजार	ऐको पछाडि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



कथा अनुमान पाछयोन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



एक बौद्ध बिहारको स्नानागार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सांस्कृतिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद–१

सांस्कृतिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सास्कृतिक थाइल्याण्डको रूपरेखात्मक चिनारी

भूखण्ड

थाइल्याण्ड दक्षिण-पूर्व एशियाको मूल भूखण्डमा इण्डो चाइना प्राय-द्वीपको ठीक माझ रहेको देश हो। त्यसको उत्तर र पश्चिममा वर्मा छिमेकी भएर रहेको छ र उत्तर र पूर्वमा लाओस अधिराज्य र कम्बोडियाको सीमा-सित जोडिई, दक्षिणमा चीन सागर र बंगालका सागरका बीचमा मलेशिया-लाई छुँदै मलय प्रायद्वीपको भित्तसम्म चोसो भै पसेको छ । यसको जम्मा क्षेत्रफल ५,१३,००० वर्ग किलोमिटर जति छ, लम्बाइमा सबभन्दा बढी १६५० किलोमिटर जति र चौडाइमा सबभन्दा बढी ७७० किलोमिटर जति छ। दक्षिणमा थाइल्याण्डको खाडी र चीन सागर रहेका छन् भने मलय प्रायद्वीपको पश्चिमपट्टि बंगालको खाडी छ । भौगोलिक दृष्टिकोणबाट थाइल्याण्डलाई मध्य, उत्तरी, उत्तर-पूर्वी र दक्षिणी चार विभिन्न क्षेत्रमा बाँड्न सकिन्छ ।

मध्यक्षेत्र, ठूलो, मलिलो, समथर भूमि हो। त्यसलाई **माय्नाम्** ब्यासी भन्ने गर्छन्। यसको धेरैजसो भाग वर्षा ऋतुमा जलमग्न हुन्छ। यस ब्यासी-लाई अनेक घुमाउरा नदीहरू र अनगिन्ती खोलानालाहरुले खण्डित तुल्याएका छन्। यहाँको प्रमुख सुविदित नदी **माय्नाम् चाउ फ्रया** हो। त्यसलाई **माय्नाम्** मात्र पनि भन्दछन्। पश्चिमीहरूमा यही नाउँले यो प्रख्यात छ । थाई भाषामा **माय्नाम्**को शाब्दिक अर्थ "जल-माई" वा खाली नदी मात्र हो। यसको मुहान-को ४० किलोमिटर जति पर देब्रे किनारमा थाइल्याण्डको राजधानी ब्याङ्क-कक् रहेको छ भने दाहिने किनारमा **ठोन बुरी** शहर छ। १८६ वर्ष जति-अगाडि राजधानी अहिलेको ठाउँमा कायम हुनुभन्दा पहिले **ठोन बुरी** केही समयका लागि राजधानी भएर रहेको थियो। ब्याङ्कक् र **ठोन बुरी** मिलेर हालको ब्याङ्कक् महानगर बनेको हो। संक्षिप्त रूपमा यसको सरकारी नाम **क्रुङथेप** हो जसको अर्थ देउताहरूको राजधानी शहर भन्ने हुन्छ ।

उत्तरी क्षेत्र पहाडी अथवा पर्वतीय भूखण्ड छ जो दक्षिणतिरबाट बग्दै **माय्नाम्** नदीमा मिल्न गएका चारवटा नदीहरूद्वारा चारओटा ठूलठूला उपत्य-कामा विभाजित भएको छ। यसको पश्चिमी र उत्तरी सीमानामा **सालविन** र **माय्खोङ** नदीहरूका केही भाग पर्छन्। यस क्षेत्रको प्रख्यात मुख्य शहर छियङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माई हो जो हाल भइरहेको देश–विकासको हिसाबले थाइल्याण्डको दोस्रो शहर भएको छ ।

उत्तर-पूर्वीय क्षेत्र रिकापी आकारको टार भूमि हो जसको पूर्वी सीमानामा ठूलो **माय्खोङ** नदी छ । यो कम पानी लाग्ने क्षेत्र हो र पश्चिमेली-हरूमा यो कोरात टार भूमि नाउँले प्रख्यात छ । थाइल्याण्डका चार क्षेत्रहरूमा यो सबभन्दा ठूलो क्षेत्र हो । यसका प्रमुख शहरहरू **कोरात (नखअन् राछ-सीमा)** र **उबोन** राजधानी हुन् ।

दक्षिणी क्षेत्र मलय प्रायद्वीपका दुई-तिहाइ जति भागले बनेको छ र यहाँ मेरुदण्डको रूपमा पर्वतमालाहरू रहेका छन्, जसको दुवैतिर समुद्री किनारका मैदानहरू छन् ।

बासिन्दा

थाइल्याण्डका वासिन्दाहरूलाई थाई भन्छन् । सन् १९३८ अगाडिसम्म तिनीहरूलाई राजनैतिक दृष्टिले स्यामी र तिनीहरूको देशलाई स्याम भन्दथे । थाईहरू थाइल्याण्डका उत्तर-पूर्वमा रहेका **लाओ** अधिराज्यका लाओहरू र माथिल्लो बर्माका **झान**हरूकै जातीय समूहका हुन् । केही थाई अल्पसंख्यक जातिहरू, दक्षिण चीनको ठूलो क्षेत्रमा उत्तर भियतनामको **तोङकिङ** र भारत-को सूदूर पूर्वी प्रान्त आसाममा यत्रतत्र फैलिएर रहेका पाइन्छन् । थाहा पाइ-एसम्म तिनका धेरै समूहहरू आफूलाई **ताई** अथवा **थाई** (यसको दीर्घ उच्चा-रणको रूपमा) भन्ने गर्छन् । **ताई** अथवा **थाई** शब्दको अर्थ बारे धेरै अड्कल गरिएको पाइन्छ, तर थाई भाषामा प्रचलित प्रयोगअनुसार यसको वर्तमान अर्थ स्वतन्त्र अथवा "स्वतन्त्र जाति" हो ।

शारीरिक बनावटको दृष्टिले थाईहरू मूलतः मंगोल जातिका जस्ता देखिन्छन्, तर दक्षिणी चीनबाट झर्दै थाइल्याण्ड अर्थात् "स्वतन्त्र जातिका भूमिमा" पसेदेखि स्वच्छन्द रूपले तिनीहरू आफ्ना पूर्वजहरू अर्थात् **मोन** ख्मेर भाषिक समूहका, खास गरी तल्लो बर्माका मोनहरू र कम्बोडियाका ख्मेरहरू, र इण्डोशियाली भाषिक समूहका मलयालीहरू दक्षिण भियतनाम र कम्बोडियाका केही भागमा कमजोर हालतमा बचिरहेका **चाम**हरूसित मिसिँदै गए ।

प्राचीन कालमा भित्र-बाहिर दुवै ठाउँमा बराबर लडाइँ-झगडा तथा लूटमार चलिरहन्थे । हान पक्षका सबका सबै परिवारसहित बन्दी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बनाइन्थे र तिनीहरूलाई आफनो थलोभन्दा टाढा धपाएर वा लगेर बसाल्थे । कालान्तरमा त्यसरी गएर बसेको नौलो ठाउँका बासिन्दाहरूसँग यी मानिसहरूको विहाबारी राम्रैसित चल्न थाल्यो र बिस्तारै-बिस्तारै तिनीहरू पनि स्थानीय मानिसहरूको संस्कृतिमा भिजिदै तिनीहरूसितै एक भएर मिसिन गए । यस प्रकार मिश्रण हुन गएको कारणबाट थाई जातिमा भिन्न-भिन्न शारीरिक बनोटका मानिसहरू देखिन्छन् अनि भिन्न-भिन्न क्षेत्रमा त्यहाँ जुन जातिको प्राधान्य छ त्यसैअनुसारका विभिन्न देखिन्छन् । जातिको हिसाबमा सत्य भएको कुरो सांस्कृतिक हिसाबमा पनि सत्य नै हुन्छ । वास्तवमा दक्षिण-पूर्व एशियाको मूल भूमिका धेरैजसो भागमा पाइने मानिसहरूका विभिन्न संस्कृतिहरू सबै मिलेर एउटा साझा सजातीय संस्कृति बनेको छ यद्यपि ऐतिहासिक परम्परा र वरिपरिका वातावरणले गर्दा निश्चय नै धेरथोर भिन्नता कहींकहीं विद्यमान रहेका पाइन्छन् ।

यसको अतिरिक्त थाइल्याण्डको इतिहासको पछिल्लो कालावधिमा जातिहरूको यस एकीकरण थलोमा दक्षिणी चिनियाँहरूको जुन प्रभाव पर्न गयो निःसन्देह त्यो कम महत्त्वको कुरा होइन ।

इतिहास

थाइल्याण्डमा बसाइँ सर्नुभन्दा अगाडि थाईहरू ऐतिहासिक कालमा दक्षिणी चीनमा बस्थे । थाइल्याण्डको थाई जातिको भरपर्दो लिखित इतिहास इसवी सन्को १३ औं शताब्दीमा वा त्यसको अघि-पछि शुरू भएको देखिन्छ । त्यसभन्दा अघिको, खास गरी उत्तरी थाइल्याण्डका थाईको तथा लाओ र झानहरूको पनि लिखित इतिहास पाइए पनि त्यसभित्र घुस्दा हामी आफूलाई आत्मगौरवका लागि तिथिमिति बढाई-चढाई गरी राखिएका अपेक्षाकृत पुराण तथा दन्त्यकथाका राज्यभित्र पुगेको पाउँछौं – यो कुरा विश्वका अनेक राष्ट्रको इतिहासमा पनि पाइने कुरा हो । त्यसो भए तापनि यी कुराहरू धेरै कम मात्र प्रामाणिक अभिलेखहरूमा बचेर रहेका पाइने कुरा हुन् । यसो हुन जानाको कारणमा निःसन्देह प्राचीन कालमा चल्ने गरेका अनेक लूटमार र लडाइँका विध्वंशकारी कार्य तथा प्रकृतिबाट हुने संहारक क्रिया-प्रक्रियालाई लिन सकिन्छ । प्राचीन कालको थाइल्याण्डसम्बन्धी जति पनि कुरा अभिलिखित भएर रहेका छन् र जसलाई हामी अपेक्षाकृत भरपर्दो सम्झन सक्तछौं त्यसको लागि हामी अनेक प्राच्यविद् र पुरातत्त्ववेत्ताहरूको अथक परिश्रमप्रति आभारी छौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाइल्याण्डमा थाईहरूको आगमन हुनुभन्दा धेरै अगाडि, मध्य-थाइल्याण्डमा अर्थात् **माय्नाम्** ब्यासीमा, ईशाको पाँचौंदेखि सातौं शताब्दीमा वा त्यसको आसपासमा संभवतः तल्लो वर्माका **मोन**हरूसित मिल्दोजुल्दो प्रकारको एक जाति बस्तथ्यो। पुरातात्त्विक हिसाबले त्यो जाति द्वारवती कहलिएको अधिराज्यको नामले प्रख्यात छ। शिलालेखीय प्रमाण र चिनियाँ अभिलेखबाट त्यो द्वारवती अधिराज्य दुई वा दुईभन्दा बढी सानासाना राज्यहरूमा विभाजित हुन गएको तर त्यसो भए पनि अहिलेको **लोव् बुरी** वा **नखअन् पाथोम**मा राजधानी भएको देखिएको, तिनीहरूमध्येको एउटा विशिष्ट राज्यको अधीनमा ती सबै रहेका होलान् भन्ने देखिन्छ। यो द्वारवती अधिराज्यबारे हामीलाई धेरै कम मात्र थाहा छ। हामीलाई थाहा भएको कुरा यत्तिकै हो कि यो अधिराज्य दक्षिणी वा हीनयान मतावलम्बी बौद्ध राज्य हो। यो कुरा हामीले धेरैजसो मध्यथाइल्याण्डमा ठाउँ-ठाउँमा पाइने गरेका बुद्धका शीला-मूर्तिहरू र अन्य पुरातात्त्विक अवशेषहरूका आधारमा थाहा पाएका हौं। पछि ११ औं शताब्दीमा **द्वारवती** अधिराज्य केही समयका लागि श्री विजयको **जाभानी-सुभात्री** साम्राज्यको अधीनमा पर्न गयो। उत्तरी बौद्ध अर्थात् महायान मतको यो साम्राज्य पछि शक्तिहीन हुन गई दक्षिणी थाइल्याण्ड र मलय प्रायद्वीपमा दीर्घकालसम्म एउटा अवशेषको रूपमा येनकेन अडिरह्यो र दुई सय वर्षपछि आधुनिक थाइल्याण्डको हिस्सा हुन पुग्यो। मध्य थाइल्याण्डको यो **द्वारवती** अधिराज्य पछि ईसाको १२ औं शताब्दीमा **ख्मेर** साम्राज्यको हिस्सा बन्न गयो र त्यसपछि ईसाको १३ औं शताब्दीमा हाल क्षीण हुँदै गइरहेको **ख्मेर** साम्राज्यको शासनबाट खुस्केर **सुखोथाइ**को थाई शासन अधीन पर्न गयो जुन अन्ततः वर्तमान थाई अधिराज्यको मूल केन्द्रबिन्दु भयो। थाईहरूको शक्तिशाली जातिको रूपमा प्रादुर्भाव हुनुभन्दा अगाडिको थाइल्याण्डको संक्षिप्त इतिहास यत्ति हो। अब हामी प्राचीनकालमा थाईहरू कुन बेला कस्ता थिए त्यसबारे विचार गरौं।

थाई जातिको उत्पत्ति र तिनको प्राचीनतम थलोका बारेमा, थाई र अन्य विदेशी भाषामा लेखिएका पुस्तकहरू धेरै नै पाइए पनि, यो विषय नै यति ओझेल लागेको क्षेत्र भएको छ कि त्यहाँ पाइला चाल्दा हामीले बडो होशियारीसाथ चाल्नुपर्छ। यसबारे कोरा तथ्य कुराहरू निम्नबमोजिम छन्। कसैको व्यक्तिगत झुकावसित ठीकसित मेल खाने भएको कारणले नभै मैले केलाउन सकेको कारणले तिनीहरू यस प्रकार प्रस्तुत भएका हुन्:

थाइल्याण्डका थाईहरूको प्रारम्भिक इतिहास खोतल्न खोज्दा हामी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरू लाओ र झानहरूको साझा इतिहासको विचार गर्न पुग्छौं। जहाँसम्म मलाई लाग्छ थाई भाषा बोल्ने जातिका पूर्खाहरूको प्राचीनतम थलोबारे कसैलाई पनि एकीन थाहा छैन। इतिहासले थाईहरू सबभन्दा पहिले देखापरेको तीनहज्जार वर्ष जति अगाडि चीनमा हो भनी कोही विज्ञ अधिकारीहरू दावा गर्थे। तिनीहरूको प्राचीनतम थलो पश्चिम चीनको विशाल भूभागमा कतै थियो, र त्यही बेलादेखि तिनीहरू चिनियाँ अभिलेखहरूमा **याङ सिक्याङ** नदीको दक्षिण भागका "जंगली" जातिको रूपमा बराबर देखिन थालेका हुन् भन्ने कसै-कसैको अनुमान छ। चिनियाँ अभिलेखमा यस प्रकार उल्लेख गरिएका "जंगली जाति" थाईहरूका पूर्वज नै हुन् कि होइनन् – त्यो अनुमानको मात्र कुरा हो। तर यो कुरालाई यहीं छोडेर हामी सातौं शताब्दीको योभन्दा बढी निश्चित आधार भएको चिनियाँहरूमा **नान् चाउ** नामले प्रख्यात अधिराज्यतिर लागौं। नान् चाउ नाम दुई शब्दको संयोगले बनेको ठिमाहा शब्द हो। चिनियाँ भाषामा "**नान्**" को अर्थ दक्षिण हुन्छ भने थाई शब्द "**चाउ**" को अर्थ मालिक हुन्छ, अहिलेको प्रचलनमा, थाई, लाओस र झानहरूमा यसको अर्थ "राजकुमार" हुन्छ।

नान्-चाउ अधिराज्यको स्थापना हुनुभन्दा अगाडि दक्षिणी चीनका थाई जातिका मानिसहरू धेरथोर स्वतन्त्र समूहहरूमा बाँडिएर बस्ने भन्ने देखिन्छ। तिनीहरूलाई तिनीहरूका छिमेकीहरूले विभिन्न नाम दिएका थिए। तिनमा मुख्य आइ लाओ हो। लाओ अधिराज्य र त्यसका बासिन्दाका वर्तमान नामको व्युत्पत्ति यही नै प्राचीन आइ–लाओ शब्दबाट भएको मानिन्छ। चिनियाँ घटनावलीअनुसार ईसाको सातौं शताब्दीअगाडि युनानमा **आइ-लाओ** जातिका ६ ओटा रजौटाहरू थिए र चिनियाँहरूद्वारा **लोक चाउ** अर्थात् ६ ओटा अधिपति भनिने गरेका यी ६ रजौटाहरूमध्ये सबभन्दा दक्षिणको एउटा रजौटा, अरू पाँच रजौटाहरूलाई एकसूत्रमा बाँध्न सफल भयो र **नान्चाउ** नाम गरेको थाई अधिराज्यको जन्म भयो। कोही-कोही विद्वान्हरू भने यसलाई स्वीकार नगरी **नान्चाउ** सम्भवतः दक्षिण चीनमा थाईहरूसँग निःसन्देह स्वच्छन्दसँग मिसिने गरेका तिवेटनहरूसित मिल्ने जाति लोलोको अधिराज्य हो भनी दावा गर्छन्। यो कुरा विद्वान्हरूको बीचमा चलेका विवादको कुरा हो, यसलाई हामी यहीं छाडौं।

चिनियाँहरूले घटनावलीमा उल्लेख गरेअनुसार **नान्चाउ** अधिराज्यको बर्णनबाट बिचार गर्दा हामी नान्चाउ अधिराज्य सभ्यताको उच्च तहमा पुगेको एउटा अपेक्षाकृत शक्तिशाली राज्य थियो भन्न सक्छौं। यो अधिराज्य सात सय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्ष जति कायम रहेर सन् १२५३ मा चीनका महान् मुगल सम्राट् कुबलाई खानको अधीनमा पऱ्यो। नवौं शताब्दीको कुनै बेला आफ्नो शक्ति चरम चुलीमा पुगेको बेला नान्चाउ अधिराज्यले आफ्नो आधिपत्य दक्षिणतिर इण्डोचाइनाको उत्तरी भागमा पातलो जनसंख्या भएका इलाकामा फैलायो। यो कुराको संकेत अस्पष्ट रूपमा थाई, लाओस र झानहरूका अनेकन् प्राचीनतम अलिखित ? इतिहास र पौराणिक कथाहरूमा गरिएको छ। हलले आफ्नो **दक्षिण पूर्वी एशियाको इतिहास** नामक ग्रन्थमा ताई (थाई) हरूले (**नान्चाउको** शुरूका दिनहरूदेखि) अगाडि बढ्न कहिल्यै छोडेनन् र तिनीहरू विस्तार-विस्तारै नदीहरूको किनारै-किनार भएर मध्य इण्डोचाइनाको उपत्यकाहरूमा झर्दै पस्दै गरे भनी लेखेका छन्। साना-साना समूहहरू भएर तिनीहरू ख्मेर–मोन वर्मेली-हरूबीच बस्तै गए र यसो गर्दा-गर्दै तिनीहरूले घेरैअगाडि नै मेकङ नदी र साथै सालवीन नदी पनि पार गर्दै (मध्य थाइल्याण्डको माय्नाम् उपत्यका पार गर्न लागिरहेका थिए।

थाइल्याण्डका थाईहरूको मात्र इतिहासमा केन्द्रित भै विचार गर्दा हामी केही थाई जातिहरू हजार बाह्रसय वर्षअगाडि विभिन्न समयमा विभिन्न दिशाबाट बसाईं सरी वर्तमान थाइल्याण्डमा बस्न आएका हुन् भन्ने देखनेछौं। अनुमान गरी त्यो पनि अपूरो प्रमाणको आधारमा भनिएका कुराहरू थुप्रा छन्। पहिले त तिनीहरूले अहिलेको थाइल्याण्डको उत्तरी क्षेत्रमा आफ्नै मुखिया वा राजाहरूद्वारा शासित साना-साना स्वतन्त्र राज्यहरू बसाली बसोबास गरे। तेह्रौं शताब्दीको पछिल्लो भागसम्म पनि थाइल्याण्डको यो उत्तरी क्षेत्र अपेक्षाकृत ठूलो आकारको अधिराज्य बनेको थिएन। त्यसपछि मात्र पहिलो राजा **मेङराइको** नेतृत्वमा यस्तो अधिराज्य बन्यो र यसको राजधानी **छियाङमाई** भयो।

अझ दक्षिणमा जहाँ माय्नाम् उपत्यका अथवा **चाउ फ्रया** ब्यासीमा अवस्थित वर्तमान मध्य-थाइल्याण्ड छ, थाईहरूका केही बस्तीहरू बसेको प्रमाण भेटिन्छ। शुरूमा तिनीहरू अल्पसंख्यक समूहका थिए, जुन सम्भवतः पछि गएर १२ औं शताब्दीतिर खोन साम्राज्यको प्रभावशाली शासनको अधीनमा अर्ध-स्वतन्त्र राज्यहरू बन्न पुगे। मध्य-थाइल्याण्डका थाईहरूको नाम **थाई–नोअइ** अर्थात् सानो थाई रहेको छ जब कि माथिल्लो बर्माका झानहरूको नाम ताई लोङ अथवा थाई–याई अर्थात् प्रमुख थाई रहेको छ। मध्य-थाइल्याण्डका **थाई–नोअइ** अर्थात् साना थाई उत्तरी थाइल्याण्ड र लाओस अधिराज्यबाट आएका थाई हुन् भन्ने परम्परागत विश्वास छ। यो कुरा हुन पनि सक्छ, तर उता **थाई–नोअइको** वैशिष्ट्य निर्माण गर्नमा, माथिल्लो बर्माका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानहरूको पनि, धेरै नभए पनि, केही हात त थियो भन्नेकुराका लक्षणहरू भेटिन्छन् ।

ईशाको १३ औं शताब्दीको शुरूतिर **थाई-नोअइका** दुई जना मुखियाहरू यस्ता निस्के जसले मध्य-थाइल्याण्डको क्षेत्रलाई खमेरहरूबाट छिनेर लिए। तिनीहरूमध्ये एक जना ब्याङ्ककको उत्तरपट्टि २५० कागे किलोमिटर जति पर पर्ने शहर **सुखोथाइको** पहिलो थाई राजा भए। यहाँको तेस्रो राजा, उत्तरी थाइल्याण्डको पूर्व-उल्लिखित थाई राजा **मेङराइका** समकालीन र मित्र महान्, **रामखाम्हाय्ङको** राज्यकालमा, **सुखोथाई** अधिराज्य अपेक्षाकृत एउटा विशाल साम्राज्य बन्यो। यसको क्षेत्र दक्षिणतिर कुनै समय श्री विजयको जाभानी-सुमात्री साम्राज्यको अन्तिम अवशेषको रूपमा रहेको मलय प्रायद्वीपको लमाइभरि फैलिएको थियो। उत्तरपट्टि यसको सीमानाले माथि उल्लेख गरिएको राजा **मेङराइद्वारा** शासित उत्तरी थाइल्याण्डको सीमानालाई छुन्थ्यो भने पूर्वपट्टि तर उत्तरी दिशामा, अहिलेको थाइल्याण्डको उत्तर-पूर्वी क्षेत्र भएर **माय्खोङ** नदीको अझ पर पुगेको थियो। थाइल्याण्डको यो उत्तर-पूर्वी क्षेत्र त्यो बेला केही भाग हाल ह्रासोन्मुख अवस्थामा रहेको खमेर साम्राज्य र केही भाग लाओ अधिराज्यको प्रभावमा थियो। पश्चिमपट्टि यसमा मोन प्रदेशको एक हिस्सा थियो जो अहिले तल्लो बर्माको हिस्सा भएको छ। संस्कृतिको क्षेत्रमा अहिलेसम्म स्थायी रूपमा रहेको, **रामखाम्हाय्ङका** दुईटा उल्लेखनीय उपलब्धिमा एक, ई सन् १२८३ मा उनले गरेको थाई अक्षरको आविष्कार र दोस्रो, सिंहली पंथको बौद्धधर्मको ग्रहण हो। उनले खास गरी चीनबाट दक्षहरू झिकाएर चिनियाँ मट्टीका टल्कने भाँडाकुँडा बनाउने कामको पनि थालनी गरे ।

सुखोथाइको मुख्य भागको दक्षिणमा १३५० ई. मा **रामाधिबोदि** प्रथमको रूपमा एउटा नयाँ थाई शक्तिको उदय भयो। राजा **उ-थाइको** नामले विख्यात उनी **अयुथयाका** प्रथम राजा हुन्। ९० वर्ष जतिपछि **सुखोथाइको** अयुथयासँग राजनैतिक एकीकरण भयो। यस बेलासम्ममा थाइल्याण्डको यस भागका आफ्ना पूर्वजहरू– मोन र खमेरसित थाईहरूको जातिगत र सांस्कृतिक हिसाबले उल्लेखनीय रूपले सम्मिश्रण भैसकेको थियो। मोनहरू सांस्कृतिका दृष्टिले दक्षिणीबौद्ध मतावलम्बी थिए भने खमेरहरू बढी हिन्दू र यदाकदा उत्तरी बौद्ध मतावलम्बी थिए। दक्षिणमा कुनै-कुनै ठाउँका थाईहरूमा धेरथोर मलयालीहरूको प्रभाव थियो ।

उत्तरी थाइल्याण्डमा १३ औं शताब्दीमा राज्य गर्ने पहिलो राजा **मेङराइ**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थिए । उनीपछि त्यहाँ एकपछि अर्को गर्दै धेरै राजाहरूले राज्य गरे । तर पछि १६ औं शताब्दीको पछिल्लो भागमा यो भूखण्ड करीब दुई शताब्दीसम्म बर्मेली साम्राज्यको अङ्ग भएर रह्यो । बर्मेली प्रभावको कारणले गर्दा उत्तरी थाई संस्कृतिमा मुलुकका अरू भागकोभन्दा बेग्लै किसिमका विशेषताहरू विकसित हुन गए । कालान्तरमा उत्तरी थाइल्याण्ड विदेशी प्रभुत्वबाट मुक्त भएर थाइल्याण्डका वर्तमान अधिराज्यको हिस्सा हुन आयो ।

अयुध्यालाई आफ्नो राजधानी बनाई कहिले निर्धा त कहिले बलिया राजाहरूद्वारा शासन गरिएर ४१७ वर्षसम्म कायम भै आएको थाइल्याण्डको (अस्थिरताको) अन्त सन् १७६७ मा बर्मासँगको लडाईंबाट भयो । **फ्रया ताक्सिन** नामले प्रख्यात **अयुथया**का अन्तिम राजाका बहादुरीले दुश्मनहरूलाई देशबाट धपाउनमा सफलता प्राप्त गऱ्यो । उनी थाइल्याण्डका राजा भए । त्यो बेला तहस-नहस र निर्जन भैसकेको **अयुथया**बाट आफ्नो राजधानी उनले वर्तमान ब्याङ्कक् महानगरीको **माय्नाम्** नदी (चाउ पया)को दाहिने किनारमा अवस्थित **ठोन बुरी** नामको शहरमा सारे । उनीपछि सन् १७८२ मा उनका उत्तराधिकारी वर्तमान चक्री वंशका राजा **राम** प्रथम भए । अनि राजा **मोङ्कुत, राम** चतुर्थ (सन् १८५१–१८६८) र उनका सुपुत्र राजा **चूलालङ्कअन, राम** पंचम (१८६८–१९१०) को शासन शुरू भएपछि थाइल्याण्डको मध्यकालीन युगको अन्त भयो र पश्चिमी धाराको प्रगतिशील क्रान्तिको नयाँ चरणको प्रारम्भ भयो । यो कुरा आधुनिक इतिहासको विषय हो ।

विदेशी मुलुकहरूसितको सम्बन्ध

ईसाको १६ औं शताब्दीको अन्तसम्म पनि थाइल्याण्ड पच्छिमेली राष्ट्र हरूको सम्पर्कमा आएको थिएन । यसभन्दा अगाडि थाइल्याण्ड र दक्षिण-पूर्व एशियाका धेरैजसो छिमेकी देशहरूसित सम्पर्कमा आउन विदेशी संस्कृति प्रधानतः भारतीय मूलका, धर्म, कला, विज्ञान र लेखनसित सम्बद्ध थियो । अर्को चाहिं चिनियाँ संस्कृति थियो जसले त्यति साह्रो नभए पनि थाई जीवनपद्धतिको निर्माणमा महीनै रूपमा भए पनि एउटा कारकको काम गरेको थियो । उक्त शताब्दीको अगिल्लो भागतिर पुर्तगालीहरू थाइल्याण्डको सम्पर्कमा आए । उनीहरूले मैत्री सम्बन्ध जोड्न र व्यापार गर्ने अनुमति प्राप्त गर्न पुगे । तदन्तर तिनीहरू धेरै संख्यामा ओइरिए र त्यो बेलाको थाइल्याण्डको राजधानी **अयुथया**मा बसोबास गरे । कालान्तरमा तिनीहरूलाई **अयुथया**का तत्कालीन राजाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



वात् अरुण
प्रभात विहार

थाई संगीत मण्डली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चक्री प्रासाद : राजाराम पञ्चमको राज्यकालको शुरुतिर बनेको–
थाई र पश्चिमी वास्तु शैलीको सम्मिश्रण

ओम्रम् मुकुण्डो
नृत्य नाटक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गिर्जाघर बनाउन प्रमाङ्गी दिए। थाइल्याण्डमा बनेको पहिलो ख्रिस्तान गिर्जाघर यही नै थियो। राजकुमार **दाम्रोङबाट स्याममा पछिमेली संस्कृतिको प्रवेश** शीर्षक आफ्नो पत्र (स्याम सोसाइटीको पत्रिका खण्ड २० भाग २, १९२६) मा "त्यस कालमा पुर्तगालीहरूले स्यामीहरूलाई पत्थरकाला (बन्दूक) बनाउने कला, लडाइँमा पत्थरकाला प्रयोग गर्ने विधि र पत्थरकालाविरुद्ध किल्लाबन्दीको अवलम्बन यी तीन कुरा ल्याइदिएको देखिन्छ...पुर्तगालीहरूले स्यामीहरूलाई अरू पनि ल्याएर दिएका हुनसक्छन् तर त्यो आजकल हामीलाई थाहा भएन" भनी चर्चा गरिबक्सेको छ।

त्यसपछि क्रमैसित डच, अंग्रेज र फ्रेन्चहरू सन् १६०४, सन् १६१३ र सन् १६६२ मा आए। अयुथयाका तत्कालीन राजा नाराईको दरबारमा फ्रान्सका लुई १४ औं बाट पठाई आएको रोमन कैथोलिकहरूको धर्म प्रचारक-मण्डलीको बारेमा तथा थाइल्याण्डलाई ख्रिस्तान राज्यको रूपमा परिणत गर्ने गरी धर्म परिवर्तन गराउनेमा फ्रेन्च धर्म प्रचारकहरूले गरेको कार्य असफल भएको बारे विशद विवरण दिन आवश्यक परोइन। त्यस अवधिमा थाइल्याण्डमा जे जस्तो यूरोपेली संस्कृतिहरूको प्रवेश भएको भए पनि तिनमा, राजकुमार दाम्रोङबाट चर्चा गरिबक्सेझैं, धेरथोरै मात्र बाँकी बचेका छन् र उदाहरणको रूपमा, तोप ढाल्ने प्रक्रिया र लडाइँका आग्नेयास्त्र (बन्दूक) को प्रयोगलाई लिन सकिन्छ।

अयुध्याको विनाश भएपछि, "स्यामीहरू स्वतन्त्रताको पुनःप्राप्तिको लागि लडाइँमा फसेको...यो अवधिमा महान् फ्रेन्च क्रान्ति र त्यसपछिको नेपोलियनी लडाइँ भएको' कारणले पश्चिमी देशहरूसितको सम्बन्ध केही समयको लागि टुट्यो। १८१८ ई. मा वर्तमान राजवंशका राजा राम द्वितीयबाट मकाओका पुर्तगाली राज्यपाललाई ब्याङ्कुकमा व्यापार गर्ने र जहाजहरू बनाउने अधिकार प्राप्त भएपछि थाइल्याण्डको पश्चिमी राष्ट्रहरूसितको सम्बन्ध पुनः कायम हुन थाल्यो। त्यसपछि १८२२ ई. मा अंग्रेजहरू र १८२८ ई. मा अमेरिकनहरू आए। त्यस बेला थाई र अंग्रेजी बीचमा तथा वाणिज्यसम्बन्धी सन्धि गर्ने क्रममा अनेकौ विघ्नबाधा आएका थिए तापनि कुराकानी मैत्रीपूर्ण रूपमा टुंगियो र राजा मोङकुतबाट बिलायतकी महारानी भिक्टोरियाका दूत सर जोहन बोरिङसँग मैत्री र वाणिज्य सन्धि गरिबक्सियो। लगत्तैपछि त्यस्तै सन्धिहरू संयुक्त राज्य अमेरिका र अन्य यूरोपीय सरकारसँग पनि सम्पन्न भए। यो विषय मैले यहाँ धेरै संक्षेपमा मात्र वर्णन गरेको छु, कारण के भने संस्कृति जस्तो विशद विषय भएको यस सानो पुस्तिकामा योभन्दा बढी गर्न सकिन्न।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरकार

१९३२ ई. भन्दा अगाडि थाइल्याण्डको सरकार असीमित राजतन्त्र रहेको थियो। १९३२ ई. मा राजा प्रछाधिपोक्को राज्यकालमा यो संवैधानिक राजतन्त्रमा परिवर्तित भयो। डिसेम्बरको १० तारीखको दिन एउटा ऐतिहासिक समारोहका बीच संविधानमा हस्ताक्षर गर्ने कार्य सम्पन्न भयो। यस संविधानमा व्यवस्था भएअनुसार सर्वोच्च शक्ति राष्ट्रमा निहित भएको छ, र राजाबाट यसको प्रमुखको हैसियतले संसद्को सम्मतिले त्यसको मार्फत् ऐन-कानून बनाउने अधिकारको प्रयोग हुन्छ।

भाषा

थाइल्याण्डमा बोलिने थाई भाषा अथवा यथार्थमा भन्ने हो भने स्यामी भाषा, थाई भाषा नामले प्रचलित भाषिक समूहको एउटा उपशाखा हो। यस समूहमा उत्तरी बर्माका शानहरूका साथै आसाम र निकटवर्ती इलाकाका यसका उपसमूहहरू, लाओस अधिराज्यका लाओहरू, तोङकिङ र दक्षिणी चीनमा अलगिएर बसिरहेका असंख्य थाई समूहहरूका भाषाहरू पनि आउँछन्। तथ्यगत हिसाबले जहाँसम्म थाहा भएको छ, थाई भाषामा चिनियाँ भाषामा भन्दा भिन्न आफ्नै मूलरूपका एकाक्षरी किसिमका शब्दहरू छन्। प्रत्येक शब्द स्वतंत्र र आफैंमा पूर्ण छ र विभक्तिमूलक भाषाहरूमा जस्तो रूपान्तरण-पद्धतिको यसमा स्थान छैन। चिनियाँ भाषामा पनि यस्तै भए तापनि वाक्यमा शब्दको संयोजनका हकमा भने दक्षिण-पूर्व एशियाका धेरैजसो भाषाहरूसँग समानता पाइन्छ। मध्य-थाइल्याण्डमा बोलिने थाई भाषामा अरू प्रदेशको दाँजोमा कम्बोडियाली, पाली र संस्कृत मूलका शब्दहरू बढी पाइन्छन्। यो निश्चय नै संस्कृतिको सम्पर्कले गर्दा भएको हो।

साहित्य

परम्परागत थाई साहित्य मूलतः धर्मप्रधान छ। प्राचीन कालका धेरैजसो साहित्यमा प्रत्यक्ष रूपले बौद्ध र हिन्दू धर्मका कृतिहरू छन्। दक्षिणी चीनमा कैयौं शताब्दीसम्म चिनियाँहरूसँग सम्पर्कमा बसिसकेपछि त्यहाँबाट आउँदा थाईहरूले आफूसँग जे-जस्तो संस्कृति लिएर आएका भए पनि यसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिनीहरूले आफूले आपनाएको बौद्धधर्मको पछिल्लो धारणासँग मिल्दो बनाए। तिनीहरूको मूल संस्कृतिका चिन्हहरू तिनीहरूको साहित्यमा प्रच्छन्न तथा निहित रूपमा यताउति रहेको पाइन्छ। भावना-प्रधान साहित्यका धेरैजसो कृतिहरू विभिन्न ढाँचामा श्लोक रूपमा लेखिएका थिए। तिनका पाँच प्रमुख कृतिहरूको परिचय उदाहरणस्वरूप संक्षेपमा तल दिइएको छ :

१ **खुन छाङ खुनभायनको प्रेम-कथा**– एउटा नायिकाको दुइटा नायकसँगको त्रिकोणी प्रेम-कथाको प्रेम, करुण र बीच-बीचमा हास्यरसले भरिएको मौलिक प्रेम-कथा हो। यस कथामा सुन्दर अभिव्यक्तिका साथै पश्चिमी संस्कृतिको छाप पर्नुभन्दा अगाडिको प्राचीन थाई विश्वास र सामाजिक रीतिथिति विषयक जानकारी दिने कुराहरूको खानी नै छ। यो कथाको अंग्रेजी र फ्रेन्च भाषामा पनि अनुवाद भइसकेको थाहा भएको छ।

२. **रामाकियन** (अथवा रामकीर्ति)– प्रसिद्ध भारतीय महाकाव्य रामायणमा आधारित कथा हो। यो बेजोडको कृतिमा मूल काव्यमा नभएका अनेकन् उपाख्यान तथा वर्णनहरू समावेश हुनुका साथै भारत, मलेशिया, जाभा र कम्बोडियामा प्रचलित रामायणका कुनै कुनै संस्करणसित भएको सम्पर्कका चिन्हहरू पाइन्छन्। यसको अंग्रेजीमा एउटा अनुवाद प्राप्त छ।

३. **इन्हाउको प्रेमकथा**– यो चाहिं जाभाका राष्ट्रिय स्तरमा लोकप्रिय नामक राजकुमारको सुविख्यात साहसिक जीवनसम्बन्धी कथाको अनुवाद हो। यो कथा नाटक प्रदर्शनको लागि उपयुक्त हुने गरी थाई भाषाको विशुद्ध र परिमार्जित (परिष्कृत) शैलीमा लेखिएको छ।

४. **साम कोक**– यो कथा, सान कुओ चिबाट गरिएको तीन अधिराज्यको चिनियाँ ऐतिहासिक वीरगाथाको अनुवाद हो। माथि उल्लिखित तीन कृतिभन्दा भिन्न यो कृति (थाई) भाषाको अत्युत्तम अभिव्यक्तिका साथै गद्यमा लेखिएको छ।

५. **फा अभाइमणि**– यो चाहिं थाइल्याण्डका एक जना अति-प्रख्यात र साहसिक कार्यहरूको एउटा काल्पनिक कथा हो र यसमा विगत शताब्दीका यूरोपेलीप्रतिको मानिसका केही धारणा प्रतिबिम्बित भएको छ। **प्रेम छाइ** भन्नेले संक्षिप्त रूपमा गरेको यसको एउटा अंग्रेजी अनुवाद पनि पाइन्छ।

थाई भावना-प्रधान साहित्यमा पश्चिमी शैलीमा प्रयुक्त भए सरह गद्यको प्रयोग स्पष्टतः पश्चिमी साहित्यको प्रभावले गर्दा हालसालै मात्र भएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कला

थाई जीविकाको साधन पुस्तौंदेखि सधैं नै कृषिकार्य भइआएको छ। यस्तो पेशा बीचमा कष्ट साध्य हुने भए तापनि यसबाट मानिसलाई जिन्दगीको साधना प्रकृतिको चिन्तनका लागि आध्यात्मिक ढंगले गर्ने यथेष्ट समय मिल्दछ। यसरी जोगिएको समय तिनीहरूको आफ्नो सम्पत्ति हो र तिनीहरू त्यसलाई जीवनको आधुनिक कोलाहलमा पारी गुमाउन चाहँदैनथे। अब त यो अपरिहार्य रूपले बिस्तार-बिस्तारै बेग्लै हुँदै गइरहेको छ। थाईहरू प्रकृति-प्रेमी र प्रकृतिको पर्यवेक्षण गर्न मनपराउने, मिजासिला, उदार र आफ्नो सम्पर्कमा आउने जोसुकैका लागि पनि मजाका हुन्छन्। वरिपरिको रमणीय प्राकृतिक वातावरणले नै तिनीहरूलाई त्यस्तो बनाइदिएको हो। थाई कलाको जन्म र विकास हिन्दूधर्मको रंग लागेको बौद्धधर्ममा तथा मोनहरू र कम्बोडियालीहरूसँग लामो सम्पर्क र एक-अर्कासितको स्वच्छन्द संमिश्रणले पलाएको ब्रह्मवादी विचारद्वारा भएको छ। त्यसो भए तापनि यसले आफ्नो जातीय स्वभावको चरित्रलाई कायम राखेको छ। प्राचीन कालमा थाई कलाले राष्ट्रिय आदर्श तथा जीवनको अवधारणास्वरूप रहेको धर्मको साधना गरेको थियो। पश्चिमी झुकाउ र अवधारणाले युक्त आधुनिक थाई कलाचाहिं हालैको उत्पत्ति हो।

वास्तुकला

थाई प्राचीन वास्तुकला घर, मन्दिर तथा शाही महलहरूको बनावटमा पनि भेटिन्छ। यस्ता बनावटहरू मुख्य दुई किसिमका छन्। एउटा, आयताकार नक्सामा इँटले बनाइएको हुन्छ र त्यसमा ठूलो मुख्य कोठा एउटा मात्र हुन्छ। त्यसको माथिबाट छाना कोल्टो पारी तीन वा पाँच तहमा मिलाई राखिएको हुन्छ। दोस्रो, ग्रीक क्रसको जस्तो आकार भएको हुन्छ र त्यसमा चारओटा छत भएको प्रत्येक छेउमा त्योभन्दा अलि कम चोसो परेको एउटा घनाकारको दलान हुन्छ। यसमा पनि छाना त्यसरी नै माथिबाट हालिएको हुन्छ तर ती छानामाथि एउटा अग्लो स्तूपाकारको थप संरचना हुन्छ जुन पातलो पातलो हुँदै टुप्पिदै गएर सियो जस्तो गजूर वा मकैको घोगा जस्तो बनोट बन्न पुगेको हुन्छ। दुवै प्रकारका छानामा रंगी-विरंगी पाको माटोका चिल्ला झिंगटी हुन्छन्। घरको धुरी लिउन र अरू सज्जाहरू सुनको जलप लगाइएका अथवा रंगीन बुट्टे काँचका हुन्छन्। उष्णप्रदेशीय सूर्यको उज्यालोमा यी भवनहरू कुशल कलाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सान ष अन् फ्रा बादमी

(आइल्याण्डको शाही गीत)

Andante maestoso



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृतिका रूपमा झल्किरहेका हुन्छन् । प्राचीन वास्तुकलामा यस्ता नमूनाहरू व्याङ्ककमा अनेक देख्न पाइन्छन् । तिनमध्ये विशाल दरबार, पन्नाको बुद्धविहार, वात बेन्चमाको सङ्गमर्मरको मन्दिर तथा वात सुधार र वात फोका मन्दिरका छाया-चित्रहरू यस ग्रन्थमा पनि समावेश गरिएका छन् ।

मूर्तिकला

थाइल्याण्डको मूर्तिकला भूतकालमा बुद्धका मूर्तिहरू ढलाइ गर्नमा मात्र सीमित थियो । त्यस बेला यस कलाले रचनाशैली र कला-शैली दुवैमा उच्चता प्राप्त गरेको थियो । यस कलाका केही प्राचीन नमूनाहरू अरू राष्ट्रहरूका प्राचीन कला-कृतिहरूको दाँजोमा मजैसित उभिन सक्तछन् ।

चित्रकला

थाइल्याण्डको चित्रकला पनि भूतकालमा देवालयहरूभित्र भित्तामा चित्रकारी गर्नुमा सीमित थियो । त्यसको शैली ज्यादा परम्परागत रूपको थियो र त्यही रूपमा त्यसले केही कलात्मक उत्कृष्टता प्राप्त गरेको भए पनि मूर्तिकला जस्तो बिलकुल कलात्मक उपलब्धि भने त्यो हुन सकेको छैन ।

आधुनिक वास्तुकला, मूर्तिकला र चित्रकला

थाइल्याण्डका आधुनिक वास्तुकला, मूर्तिकला र चित्रकला भने पश्चिमी शैलीका छन् । तर आफ्नो कलागत परम्परालाई आफ्नै किसिमको तथा मानवताको संवर्द्धन गर्ने रूपमा कायम गर्दै जाने क्रममा थाइल्याण्डको सामु मुख्य समस्या हाल आफ्नै आधुनिक कलाहरूको विकास हुनको लागि प्रेरणाको स्रोतको रूपमा विस्तृत क्षेत्रको संस्कृतिको घेराभित्र उपयुक्त तवरले आफ्नै छुट्टै प्रकारको संस्कृतिको स्वरूप कायम राखन कालक्रमअनुसार आफ्नो विशिष्ट प्राचीन कलालाई जोगाइराख्नु रहेको छ ।

संगीत

थाइल्याण्डको संगीत चिनियाँहरूको जस्तै छ । थाई संगीत विशेष गरी यसको सुर दोहरो प्रकारको हुन्छ, पश्चिमी संगीतमा झैं धेरै माथिको वा धेरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तलको हुँदैन तर आफ्नै विलक्षण किसिमको दोहरो सुर भएको हुन्छ । संगीत बौद्धमतको सिद्धान्तअनुसार भिक्षुहरूद्वारा अनुमोदित हुने कुरो नभए तापनि कुनै-कुनै धर्म-कर्मका अवसरहरूमा, निःसन्देह धार्मिक भावना जगाउन तथा चाड-पर्व आदिमा पनि यसको प्रचलनलाई छूट दिइएको हुन्छ ।

नाटक

नाटक पनि पहिले-पहिले यसको भगिनी कला संगीत झैं नै धर्मको सेवा-कार्यमा प्रयुक्त हुन्थ्यो । त्यो बेला यसको प्रविधिको मूल भारतीय भए पनि थाईहरूले यसलाई आफ्नै पारामा विकास गरे । यसमा घटनाहरू लालित्यपूर्ण र मन्दगतिका हुन्छन् तर पनि संवेदनशील मनलाई नमज्जा लाग्ने हुँदैन । थाई नाटकको प्रदर्शनलाई **लखअन** भन्छन् । **लखअन** शब्द इण्डोनेशियाली मूलबाट आएको हो । **लखअन**को प्रदर्शन देशको भित्र-बाहिर जहाँसुकै बसेका नाटक-प्रेमीहरूमा प्रख्यात भएको कुरो हो । पहिले-पहिले, जनताहरूले यस्ता प्रदर्शनहरू, खास-खास पर्वहरूमा मात्र विहारका हाताभित्र देख्न पाउँथे । आजकल अक्सर गरी पश्चिमबाट सीधा नक्कल गरी वा केही अदलबदल गरी ल्याइएका अनेक नयाँ नयाँ किसिमका नाटकको प्रदर्शन गरिन्छ । अहिले आएर प्राचीन मनोरञ्जनको ठाउँ सिनेमाको लोकप्रियताले लिइसकेको छ । प्राचीन कालको नाटक आजकल ललितकला विभागका कलाकारहरूले प्रदर्शन गरेको भेटिन्छ ।

स-साना कला

थाइल्याण्डमा विभिन्न स-साना सजावट कलाहरू पनि प्रचलित छन् । तिनीहरूमा लाहा, नेइल्लो, सुन-चाँदी, सीपीको कालिगडीको नाम लिन सकिन्छ । यी तमान कलाका क्षेत्रमा थाइल्याण्डले उच्च कलात्मक मूल्यका सुन्दर वस्तुहरूको अभाव कहिल्यै देख्न परेन ।

थाई संस्कृति, नूतन माला सं. चौथो १, प्रकाशन, २५११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाइल्याण्डका संस्कृतिहरू

सांस्कृतिक प्रयोजनका निमित्त थाइल्याण्डलाई चार क्षेत्रहरूमा बाँड्न सकिन्छ, जस्तै–उत्तारी, उत्तर-पूर्वी, मध्य र दक्षिणी क्षेत्रहरू।

उत्तारी क्षेत्र पहाडी प्रदेश हो र त्यहाँ बसोवास गर्नेमा बहुसंख्यक थाई अर्थात् उत्तारी थाई भनिने थाईहरू छन्। ती थाईहरू बेंसीमा रहन्छन् भने लेकतिर अनेक आदिम जातिका मानिसहरू बस्तछन्। तिनमा धेरैजसो दुई भाषा परिवारका मोन ख्मेर र तिब्बती-बर्मेलीजातिका मानिसहरू छन्।

उत्तारपूर्वी क्षेत्रचाहिं दक्षिण-पूर्वतिर झुकेको र **माय्खोङ** नदीद्वारा सिंचित भएको उचाइमा अवस्थित एउटा विशाल टारभूमि हो। यो भूभाग थाइल्याण्ड र फ्रेन्च इण्डोचाइनाका बीचको पूर्वीय सीमाना भएर बसेको छ। यस क्षेत्रमा पनि अधिक संख्या थाईहरूकै छ र तिनीहरूलाई **लाओ** भन्छन्। माय्खोङ नदीपारि देब्रे किनारमा पनि लाओहरू बसेका पाइन्छन् तर तिनीहरू लाओ राज्यका लाओहरू हुन्। थाई कुलकै अर्को जाति फुताई भनिने मानिसहरू पनि अलग-अलग समूह मिलेर ठाउँ ठाउँमा बसेका पाइन्छन्। यी फुताईहरू फ्रेन्च, इण्डोचाइनाबाट आएका हुन्। यी बाहेक अरू पनि अनेक अल्पसंख्यक जातिहरू छन्। तिनीहरूमा खास गरी मोन-ख्मेर परिवारका छन्।

मध्य क्षेत्र होचो ठूलो समथर मैदान हो। यो क्षेत्र **माय्नाम** भनी प्रसिद्धि भएको चाउ फया र अरू नदी-नालाहरूद्वारा सिंचित भएको छ। यहाँ थाई अथवा स्यामीहरू बसोबास गर्दछन्। यस क्षेत्रमा मोन-ख्मेर परिवारका मोन र कम्बोडियाली, अनाम्मित मलयाली तथा बर्मेलीहरूका स-साना समुदायहरू पनि बस्छन्। यी बर्मेलीहरू धेरैजसो **तवोयान्** बर्मेलीहरू छन् जो बर्माका अर्कानीसरहका जाति हुन्।

दक्षिणी क्षेत्रमा, मलय प्रायद्वीपभरि, थाईहरू मात्र छन् तर सुदूर दक्षिणी भागमा बस्ने मानिसहरू धेरैजसो मलयाली मूलका छन्। (थाइ-ल्याण्डको भौतिक विशेषता र जनजातिबारेको अन्य विवरणको लागि हेर्नू वाणिज्य र संचार मन्त्रालय, व्याङ्ककद्वारा १९३० मा प्रकाशित **स्याम, प्रकृति र उद्योग** नामक पुस्तक)।

जनजाति तथा संस्कृतिको हिसाबले यी चार क्षेत्रहरू एक-अर्कामाथि खप्टिएका छन् र तिनीहरूबाट अन्योन्य रूपले दक्षिण-पूर्वका कम्बोडियाली,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तर-पूर्वका बर्मेली र दक्षिणका मलयाली जस्ता थाइल्याण्डका छिमेकीहरूमा पनि प्रभाव परेको छ । त्यसपछि चिनियाँ, भारतीय, इण्डोनेशियाली र अरू एशियाली तथा सबभन्दा अन्तमा तर कुनै प्रकारले पनि कम महत्त्वका नभएका यूरोपेली र अमेरिकाली जस्ता अन्य जातहरू आउँछन् । तिनीहरूले थाइल्याण्डको परम्परागत संस्कृतिमाथि मौलिक रूपले असर पारेका छन् ।

थाइल्याण्डको संस्कृतिको विहंगम दृश्य पूरा गर्न अब अलिकति इतिहासको कुरा गरौं । एक हजार वा सोभन्दा पनि बढी वर्षअगाडि, मलय प्रायद्वीपको दक्षिणी क्षेत्रबाहेक थाइल्याण्डको धेरैजसो भाग, **थवारावदी** (४५७–६५७ ई.) का मोन भाषा-भाषी हिन्दू धर्मावलम्बी मानिसहरू तथा खमेर अर्थात् कम्बोडियाली साम्राज्य (६५७–१२५७ ई.) को आधिपत्यमा थियो भने मलय प्रायद्वीपचाहिं हिन्दू धर्मावलम्बी सुमात्राली साम्राज्य, **श्री विछाई** (६५७–११५७ ई.) अधीनमा थियो । यी अवधिमा थाईहरू, जातिको रूपमा, दक्षिणी चीनमा अवस्थित आफ्नो मूल घरबाट बिस्तार-बिस्तारै बसाइँ सर्दै इण्डोचाइना प्रायद्वीपमा पसेका हुन् ।

शुरूमा लगभग दुई हजार वा सोभन्दा बढी वर्षअगाडि थाई जातिको मूल वासस्थान सम्भवतः चीनको अहिलेको शेन-सी प्रान्तमा थियो जुन चीनको उत्तर-पश्चिम कुनामा पर्दछ । चिनियाँ भाषामा **शेन-सी** शब्दको अर्थ **शेन**को पश्चिम भन्ने हुन्छ । जहाँसम्म मलाई थाहा छ **शेन** शब्दको अनुवाद हुँदैन किनभने यो खालि एउटा प्रान्तको नाम हो । (मेरो एक जना चिनियाँ मित्रले यसको अर्थ "पहाडी भञ्ज्याङ" हुन्छ भनी मलाई बताउनुभएको छ ।) चिनियाँ जातिको प्राचीन बासस्थान पनि यही नै थियो । कोही कोही यूरोपेली र थाई अनुसन्धानकर्ताहरूले यसबाट उत्तरी बर्मा र अन्यत्र बस्ने थाई जातिहरूलाई बुझाउन बर्मेलीहरूले प्रयोग गर्ने गरिएको **झान** (शान) शब्द र "स्याम" (हालको थाइल्याण्ड) शब्द एकै हुन् भनी निष्कर्ष निकाल्ने प्रयास गरेका छन् । यी दुवै शब्दहरूको मूल **शेन-सी**को शेन नै हो भन्ने कुरामा सन्देह छैन । म यस विचारलाई मान्न तयार छु किनभने यूनानका थाईहरूको **नान् चाउ** अधिराज्यलाई पहिले-पहिले चिनियाँहरूले **झान**(शान) भन्थे । जेहोस् यस जटिल र विशुद्ध भाषाविज्ञानसम्बन्धी प्रश्नलाई अरू अघि नबढाई अब आफ्नै कुरामा लागौं ।

उक्त कुराबाट थाईहरू शत्रु–मित्र जोसुकै भए तापनि त्यस बेलाका चिनियाँहरू निर्बाध रूपले घुलमिल भएका थिए भन्ने कुरामा कुनै सन्देह छैन । त्यो समयभरि थाईहरूको भाग्य चिनियाँ इतिहासको घटनाक्रममा बीच-बीचमा चिनियाँहरूसित गाँसिएको थियो । बिस्तार-बिस्तारै थाईहरूको भाग्य क्षीण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुदै गयो र परिस्थितिको जोडले गर्दा तिनीहरू अझ दक्षिणतिर बसाइँ सर्दै जान बाध्य भए र अन्ततः तिनीहरूले दक्षिणी चीनमा **नान्चाउ** अधिराज्यको स्थापना गरे। यस अधिराज्यलाई आजभन्दा ७०० वर्ष जतिअगाडि चीनको मंगोल वंशका प्रथम सम्राट् कुबलाई खाँले आफ्नो अधीनमा पारे।

यतिञ्जेलसम्ममा थाई जातिका अनेक शाखा-प्रशाखाहरू बिस्तार-बिस्तारै इण्डोचाइना प्रायद्वीपमा सर्दै जान थालिसकेका थिए। पश्चिमतिर लागेका शाखामध्ये एउटाचाहिं बर्माका शानहरू हुन पुग्यो। धेरैजसो थाई जातिका मानिसहरू प्रायद्वीपको अर्कोतिर **तोङकिङ**मा बसोबास गर्न पुगे। तिनीहरूमा लाओस राज्यका लाओहरू पनि थिए, जो **माय्खोङ** ब्यासीमा घर-जम गरेर बसे। लाओ राज्यको अझ पच्छिमतिर उत्तरी दिशामा **छियङसायन**का उत्तरी थाईहरू थिए। **छियङसायन** थाइल्याण्डको उत्तरी सीमा थियो। **छियङमाय्न** र **नान्–चाउ** अधिराज्यलाई बुझाउने **झान**(शान) शब्द दुवै एउटै अर्थ बुझाउने शब्द हुन् भन्न सकिन्छ। यसमा सन्देह छैन। यी सबै थाई जातिहरू त्यो प्रायद्वीपमा अनेक साना-साना स्वतन्त्र राज्य वा उपराज्यहरू खडा गरेर बसे। यी राज्य तथा उपराज्यहरू आपसमा मात्र होइन, छिमेकका जातिहरूसँग पनि सधैं झगडा र लडाइँमा व्यस्त रहन्थे (१११७–१५४७ ई.)। अझ दक्षिणतिर, विशेष गरी आजको थाइल्याण्डको मध्य भूभाग मोन साम्राज्य-को (**द्वारवती** अधिराज्य) को अन्तर्गत थियो। यी मोनहरू जनजातिका हिसाबले ख्मेरहरूसित मिल्दाजुल्दा थिए। उनीहरू कालान्तरमा ख्मेर साम्राज्य-मा समावेश हुन पुगे। यतिञ्जेलसम्ममा चियाङ सेनका उत्तरी थाईहरू अझ दक्षिणतिर लागिसकेका थिए। त्यहाँ गएर तिनीहरूले **छियङमाई** शहर बसाए। **छियङमाई**को अर्थ नयाँ शहर हुन्छ। तिनीहरू ह्रास हुँदै गएको मोन साम्राज्यको उत्तरी अवशेषलाई हात लागी गर्न सफल भए।

यस प्रकार अब आएर उत्तरी थाईको सीमानाले उत्तरी भूभाग अर्थात् मध्य-थाइल्याण्डमा रहेको ख्मेर साम्राज्यको सीमानालाई छुन पुग्यो जसलाई स्याम वा पाली भाषामा समादेश भन्थे। त्यसभन्दा अगाडि थाईहरू मोन भूमि र ख्मेर साम्राज्यमा पुगिसकेका थिए। यसमा शंका छैन। तर त्यो बेला तिनीहरू अल्पसंख्यक थिए र तिनीहरू ती साम्राज्यहरूको अधीनमा अर्ध स्वतन्त्र राज्यका रूपमा रहन पुगे। मध्य-थाइल्याण्ड अथवा स्याममा बसो-बास गर्ने ती थाइहरू थाई **नोअई** अथवा साना दर्जाका थाई कहलिए जब कि बर्मामा पुगी **झान** (शान) हुन पुगेका थाईहरूलाई थाई याई अथवा ठूलो दर्जाका थाई भनिन्थ्यो। परम्परागत कथनअनुसार, थाई **नोअई** अर्थात् सानो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दर्जाका थाई, थाइल्याण्डको उत्तरबाट आएका हुन् । यसैले तिनीहरू **माय्खोङ** ब्यासीका थाईहरू अथवा लाओहरूसित सम्मिश्रण भएका **छियाङ माईका** उत्तरी थाई हुन् भनी अनुमान गरिएको छ । तर मलाई के लाग्छ भने तथाकथित **थाई नोअ्रई** अथवा साना थाईको मिश्रण भूमिमा **थाई** याई अथवा ठूला थाई अर्थात् **शान** पनि, कम मात्रामा सिमित हुन पुगेको छ ।

यस बेलासम्ममा, सन् १२५७ तिर ख्मेर साम्राज्यभित्रका **खुन श्री इन्थ्रथित्** नाम गरेका एउटा राजकुमार र लोक-कथाहरू फ्रा रूवङ नामले प्रख्यात आफ्ना **खुन राम खाम्हाय्ङ** नाम गरेका समर्थवान् छोराको मद्दतले ख्मेरबाट स्वतन्त्र भै एउटा छुट्टै राज्य स्थापना गरी सुत्रोथाइलाई राजधानी बनाउन सफल भए । ती राजकुमारलाई संस्कृत मूलका रत्न श्री इन्द्रदित नाम ख्मेर राजाले राखिदिएका थिए । उनको शेषपछि उनको छोरा **खुन रामखाम्हाय्ङ सुखोथाइको** राजा बने र उनले आफ्नो राज्यको सीमाना अझ दक्षिण मलय प्रायद्वीपसम्म र पच्छिममा मतबानसम्म पुऱ्याए । मतबान वर्तमान तल्लो बर्मामा अवस्थित मोन प्रदेश हो । लगभग दुई शताब्दी (१२५७–१४३८ ई.) सम्म स्वतन्त्र भएर रहेपछि अन्तमा **सुखोदय** अधिराज्य **मायनाम** उपत्यकाको तल्लो भागमा पर्ने **अयुथया** नगरका संस्थापक राजा **उ-थयङको** अधीनको उपराज्य बन्न पुग्यो र अन्ततः **अयुध्या** अधिराज्यमै बिलीन पनि भयो (१४३८ ई.) । **अयुध्या** अधिराज्यको यसरी चकचकी बढेको कालमा ख्मेर साम्राज्यको अवशेषस्वरूप रहेको कम्बोडिया पनि सो अधिराज्यकै उप-राज्य बन्यो । इतिहासको दौरानमा अयुध्याले नै पनि थाइल्याण्डको राजधानीको रूप आफ्नो स्थान ब्याङ्कक्लाई दिनुपऱ्यो । ब्याङ्कक्लाई थाईहरूले क्रुङ थेप भन्ने गर्छन् । यसको स्थापना सन् १७८२ मा भएको हो र त्यस बेलादेखि यो नगर स्याम अथवा आजको बोलीमा थाइल्याण्ड भनिने देशको राजधानीको रूपमा रहिआएको छ ।

पहिले-पहिले छरछिमेकमा आपसमा निरन्तर एक्कासि आक्रमण गरी लूटमार गर्ने र जीतबाजी गर्ने युद्धहरू भइरहन्थे । हार्ने पक्षका मानिसहरूलाई युद्धबन्दीका रूपमा शाखा-सन्तानसहित तिनीहरूको आफ्ना पुराना वासस्थानबाट उठाएर लगी विजयीहरूका इलाकाभित्र अलग-अलग ठाउँमा बसाउने गरिन्थ्यो । ऐतिहासिक घटनाको कारणले गर्दा पनि छिमेकी देशहरूबाट मानिसहरू बराबर बसाई सर्दै आउने-जाने गर्दथे । उनीहरू आफू गई बसेका भूमिका स्थानीय बासिन्दाहरूसित मिसिन्थे र केही पुस्तापछि तिनीहरूसितै मिलेर जान्थे । थाइल्याण्ड र वरिपरिका देशहरूका हकमा पनि यस्तै नै भयो । थाइल्याण्डमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष गरी मध्य र दक्षिणी क्षेत्रहरूमा भएको जनजातिमा बढी मिश्रण भएको पाइन्छ, अन्यत्र त्यति साह्रो भएको पाईदैन । यी नै कारणले गर्दा, थाइल्याण्डका संस्कृतिहरू एक भएका पाइन्छन् । यद्यपि बाहिरी तत्त्वहरूको ज्यादा प्रमुखता वा अर्कै स्थिति भएका ठाउँमा विभिन्न अनुपातमा क्षेत्रीय विभिन्नता भएको देखिन्छ । उक्त चार क्षेत्रहरूमा मध्य क्षेत्रचाहिं सबभन्दा बढी प्रगतिशील छ र यसको प्रभाव सांस्कृतिक रूपले कम विकास भएका अरू क्षेत्रहरूमा संचार सुविधाले गर्दा शीघ्र पर्ने गरेको छ ।

धर्म, कला र साहित्य, सामाजिक व्यवस्था, बानी-बेहोरा र रीति-थितिको रूपमा देखा परिरहेको थाइल्याण्डको संस्कृति, सामान्यतया अलि अलि चारित्रिक विभेदलाई छाड्ने हो भने कम्बोडियाली, माने बर्मेली र केही मात्रामा मलयाली जस्ता छिमेकी जातिसित समान रहेको देखिन्छ । उपर्युक्त जातिहरूका संस्कृतिहरू सम्पूर्णलाई स्थानीय विभिन्नता र आद्योपान्ततालाई विचारले हेर्दा समग्र रूपमा एक मेलको भन्न सकिन्छ । एउटै राष्ट्रका संस्कृतिहरूको अध्ययन तिनीहरूलाई एउटै समग्ररूपमा अध्ययन गर्नु हो । आधारभूत रूपले विचार गर्दा, थाइल्याण्डको संस्कृतिलाई संक्षेपमा भन्दा एउटै शब्दमा धर्म भनी भन्न सकिन्छ । किनकि कला र साहित्य, सामाजिक व्यवस्था, बानी-बेहोरा र रीतिथिति सबैको विकास धर्मरूपी केन्द्रविन्दुको वरिपरि भएको छ र त्यसैको वरिपरि यो जकडिएर रहेको छ । हालसालै मात्र हो थाइल्याण्डको संस्कृतिमा केही परिवर्तन आएको छ, त्यो पनि पश्चिमी देशको प्रभावले गर्दा देशका प्रगतिशील भागहरूमा थाई संस्कृति धर्मनिरपेक्ष हुनतिर लागेको छ तर समग्र जनताको हकमा भने धार्मिक संस्कृति अझै पनि जिउँदो शक्तिको रूपमा रहेको छ ।

पुर्खाहरूको पूजा गर्ने चलनले प्रधानता पाएको आत्मावाद थाई तथा तिनका छिमेकीहरूमा पनि प्राचीन कालदेखि एउटा संस्कारको रूपमा रहेको छ र यही नै थाई धर्मको पहिलो तह हो । बौद्धधर्म पछि आयो र यसलाई थाईहरूले आफ्नो राष्ट्रिय धर्मको रूपमा अपनाए । छिमेकी बर्मेलीहरूका विपरीत थाईहरूले विगत कालमा अति नै हिन्दू भइसकेका कम्बोडियालीहरूको प्रभावमा परेर हिन्दूधर्मका धेरै कुराहरू ग्रहण गरे । थाईहरूको एउटा विशेषता के छ भने, जुनसुकै मत र संस्कारलाई अपनाए तापनि तिनीहरू ती मत र संस्कारलाई आफ्नो प्राकृति र वातावरणलाई उपयुक्त हुने गरी मिलाउने गरिहाल्छन् । बौद्धधर्मलाई अपनाउँदा पनि तिनीहरूले पुर्खाहरूको पूजा गर्ने आत्मावादको आफ्नो मूल संस्कारलाई बौद्धधर्मको पोल्टाभित्र मिल्ने गरी धेरै संशोधन गरे । त्यसरी नै हिन्दूधर्मलाई ग्रहण गर्दा पनि तिनीहरूले त्यसलाई बौद्धधर्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा सहायक अङ्गको रूपमा मिल्दो गराए । बौद्धधर्म र हिन्दूधर्म दुवैको विकासको मूल स्रोत एउटै अर्थात् ब्राह्मणवाद भएको हुनाले तिनीहरूको आत्म-सात्करणमा कुनै प्रकारको व्यवधान भएन । कालान्तरमा तिनीहरू एक-अर्कासँग पूर्णरूपले सम्मिश्रित हुन पुगे र निश्चय नै पहिलेको आत्मावादी संस्कारसँग रँगिए । 'बौद्धधर्म र हिन्दूधर्म एकअर्काका पूरक हुन्' भन्ने एउटा थाई उखान पनि छ । यो उखान खास गरी मध्य क्षेत्रका थाईहरूमा प्रचलित छ जहाँको प्रबुद्ध वर्गमा हिन्दूधर्मको अझै पनि केही बलियो प्रभाव छ । उत्तरी र उत्तर-पूर्वी क्षेत्रमा, हिन्दूधर्म कमजोर हुँदै गएको छ र विस्तारविस्तारै, विशेष गरी नारी लोकरीतिमा पुर्खाहरूको पूजा गर्ने आत्मावाद अगाडि आएको छ । त्यसो भए तापनि बौद्धधर्मको प्रभावले त्यसमा धेरै नै हेरफेर भएको छ । यस कुरालाई पूरा गरी भन्ने हो भने, थाइल्याण्डको राष्ट्रिय धर्मको रूपमा बौद्धधर्म दक्षिणी मत अर्थात् हीनयान मतका केही चिह्नहरू पनि यसमा चालै नपाईकन व्यवहृत भएर रहेको देखिएको छ । यो निस्सन्देह ऐतिहासिक कारणले, उस बेलाका कम्बोडियाली साम्राज्य र मलय प्रायद्वीपको श्री विजय साम्राज्यको प्रभावले गर्दा भएको हो । यी दुवै साम्राज्यले केही काल उत्तरी मतको बौद्धधर्म मानेको थियो । उत्तरी क्षेत्रमा पनि महायानी धर्मका चिह्नहरू पाएन्छन्, तर यी चाहिं निस्सन्देह अर्कै बाटोबाट अर्थात् बर्मा र दक्षिणी चीनबाट आएका हुन् । आजकाल त्यहाँ ख्रिस्तान समुदाय पनि पाइन्छन् तर तिनीहरू अल्पसंख्यामा छन् । ख्रिस्तान धर्मले थाई जनतामा कहिल्यै राम्रो जरा हाल्न सकेन । यो धर्म लिने मान्छेहरू विशेष गरी विदेशी वंशका स्थानीय वासिन्दाहरूमा सीमित छन् र विचित्रको कुरा के छ भने, तिनीहरूमध्ये धेरै जसोले आफ्नै नर्या धर्ममा दीक्षित भैरहन छोडेर, आफ्नो ख्रिस्टान धर्मलाई नै आफ्ना आदिम धर्मसित मिल्ने बनाएका छन् । परिवर्तन गरी आफ्नो समुदायको बाहिर बसेका भए पनि यसरी पराइ मत लिएका व्यक्तिहरू पनि कालान्तरमा ख्रिस्तान धर्मको अँगालोमा जन्मेका तिनका केटाकेटीहरूलगायत केही वर्षभित्रमा आफ्नो सात्विक धर्ममै फर्कने विश्वास गर्न सकिन्छ । थाइल्याण्डको संस्कृतिमा एउटा यस्तो बलियो गुण निहित भएर रहेको छ । संशोधित रूपमा बौद्धधर्म राष्ट्रिय जीवनको एउटा मल कमानी भएको छ । यसले शताब्दीयौं लगाएर बिस्तार-बिस्तारै नयाँ कुराको सृष्टि गर्दै नयाँ नयाँ चाहनाको पूर्ति गर्दै जानुको आफ्नै आदर्शहरू तथा धारणाहरू र बचाउका कुराहरूको निर्माण गर्दै गएको छ । अहिले हाम्रो अगाडि वर्तमान सभ्यताको नयाँ भौतिकवादी आक्रामक शक्तिको विरोधमा यस परम्परालाई हामी कत्तिको सुरक्षित राख्न सक्छौं भन्ने समस्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खडा रहेको छ । आफ्ना परम्परागत आदर्शलाई एक्कासि उखेलिनवाट जोगाउने हो भने थाइल्याण्डले आफ्नो चारैतिर अनेकौं संकटसाथ पर्दै आइरहेको प्रबल शक्तिको बेवास्ता वा उपेक्षा गर्नु हुँदैन ।

अब कला र साहित्यको कुरा गरौं । प्राचीन समयमा थाइल्याण्डको कला र साहित्यले धर्मको साधना गर्दथे । तर तह परेका छाना र पालिसदार रंगीन झिगटीले सजिएका मन्दिरहरूमा प्रकटित वास्तुकलाको प्राचीन शैली बनावटको दृष्टिले, निस्सन्देह चिनियाँ शैलीसँग मिल्दोजुल्दो छ । जलप लगाउने र अरू शृंगारिक कला भने पूर्वीय ढाँचाका नै छन् । कुनै कुनैमा देखिने सुन्दर ढाँचाले साँगुरिदै गएको पंक्तिबद्ध छानाचाहि कम्बोडियाली हिन्दूमन्दिरको शिखरशैलीबाट विकसित भएको हो । यो साँगुरिदै जाने छानाको बनावट थाइल्याण्ड र बर्माको आफ्नो विशेषता भए तापनि तुलना गरी हेर्दा यसको शैलीमा स्पष्ट नै अति भिन्नता देखिन आउँछ । कम्बोडियामा पनि यस्तो छाना पाइन्छ तर त्यसको शैली हालसालै मात्र थाइल्याण्डबाट नक्कल गरी लिइएको हो ।

थाइल्याण्डको मूर्तिकला अतीत कालमा बुद्धमूर्ति ढालनमा मात्र केन्द्रित थियो । यो कलाले त्यहाँ प्रविधि र कलात्मक दुवैको अभिव्यञ्जनामा पूर्णता प्राप्त गरेको थियो । यो कलाका केही प्राचीन नमूनाहरूको तुलना अरू राष्ट्रका प्राचीन कलासँग राम्ररी गर्न सकिन्छ ।

थाइल्याण्डको चित्रकला पनि अतीत कालमा मन्दिरहरूभित्रका भित्ते रंगीन चित्रकलामा मात्र सीमित थियो । शैली ज्यादा परम्परागत किसिमको थियो र त्यसले केही कलात्मक अभिव्यक्तिमा उच्चता प्राप्त गरेको थियो, तर त्यसको तुलना भने मूर्तिकलासँग गर्न सकिँदैन जो एउटा विशुद्ध कलात्मक उपलब्धि नै थियो ।

थाइल्याण्डको आधुनिक वास्तुकला, मूर्तिकला र चित्रकला पश्चिमी शैलीका छन् । तर तिनले आफ्नो कला-परम्परालाई आफ्नै विशेषताको रूपमा तथा मानव जातिलाई अलंकृत पार्ने रूपमा कायम राख्दै जाने हो भने, आफ्ना छुट्टै अस्तित्व कायम गरिरहेका संस्कृतिहरू सबै मिली बनेको आफ्नो विशिष्ट किसिमको स्वरूपलाई फराकिलो घेराको संस्कृतिभित्र मिल्ने गरी सुरक्षित राख्न कालक्रमअनुसार आफ्ना आधुनिक कलाहरूलाई विकसित पार्दै लैजानका लागि प्रेरणा स्रोतको रूपमा आफ्नो प्राचीन कलालाई सुरक्षित पार्नुपर्दछ । यो नै एउटा समस्याको रूपमा आगाडि खडा रहेको छ ।

थाइल्याण्डको संगीत चिनियाँ ढाँचाको छ । थाई संगीतको सुर विशेष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरी डायटोनिक अर्थात् विशुद्ध स्वरसंयुक्त छ, पश्चिमी संगीतको अर्थमा यो न बढी न घटी छ, यो आफ्नै प्रकारको एउटा विशेष डायटोनिक सुरले युक्त छ। (हेर्नू; **फ्रू चेन दुरियंगाद्वारा लिखित थाई संगीतसिद्धान्त र प्रचलन।**) बौद्धधर्मको सिद्धान्तमा संगीतलाई भिक्षुहरूद्वारा स्वीकृति प्राप्त हुने स्थान प्राप्त नभए पनि केही धार्मिक संस्कार-समारोहहरूमा यसलाई व्यवहार गर्न दिने चलन छ। निस्सन्देह यसको उद्देश्य धार्मिक भावना जगाउनु हो र चाडपर्वमा पनि यसको चलन हुन्छ। नाटकको पनि साध्य विषय यसको भगिनी कला, संगीतको झै धर्म नै रहेको थियो। यसको शिल्पविधिको मूल भारतीय थियो तर थाईहरूले यस कलाको विकास आफ्नै विशेषताका साथ गरे। यस कलामा अभिनय अति सुन्दर हुन्छ, गति मन्द भए पनि संवेदनशील मानिसको लागि पट्यारलाग्दो हुँदैन। थाई नाटकको प्रदर्शनलाई **'लखअन'** भन्छन्। यो शब्द इण्डोनेशियाली मूलको हो। यो शब्द थाइल्याण्डको भित्र र बाहिर सबै ठाउँमा यस कलाका उत्साही प्रेमीहरूमा प्रसिद्ध छ। पहिले पहिले मानिसहरूले यस्ता प्रदर्शनहरू पर्व-पर्वमा मात्र त्यो पनि विहारका हाताभित्र मात्र हेर्न पाउँथे। आजकल नयाँ नयाँ प्रकारका नाटकीय प्रदर्शनहरू प्रायः पश्चिमको नक्कल गरी गर्ने अथवा त्यसमा केही हेरफेर गरी गर्ने गरिन्छ। आजकाल सिनेमाको लोकप्रियताले प्राचीन मनोरञ्जनको ठाउँ लिएको छ। प्राचीन मनोरञ्जन कलाको प्रदर्शन कहिलेकाहीं मात्र ललित कला विभागका कलाकारहरूले प्रस्तुत गरेको देख्न पाइन्छ।

थाइल्याण्डको साहित्यको प्रारम्भ १३ औं शताब्दीमा भएको हो। अहिलेको थाई अथवा स्यामी वर्णमालाको निर्माण त्यसै बेला भएको हो। कालगतिले र उष्ण प्रदेशीय जलवायुको कारणले गर्दा प्राचीन कालका साहित्यिक कृतिहरू अपेक्षाकृत थोरै मात्र बचेका छन्। प्रारम्भिक कालका कृतिहरू धार्मिक प्रकृतिका थिए। तिनीहरू गद्य-पद्य दुवैमा लेखिएका छन्। गद्य धेरैजसो काव्यात्मक रूपमा लेखिएको हुन्थ्यो। पद्यको ढाँचा शुरू-शुरूमा भने अलिखित अथवा मौखिक लोकसाहित्यको जस्तो थियो। यिनीहरूमा पनि चिनियाँ साहित्यको सादृश्यता पाइन्छ। पछि गएर भारतीय प्रभावले गर्दा अनेकौं लयात्मक ढाँचाको प्रवेश भयो र कालान्तरमा शिक्षित वर्गको प्रभावले गर्दा गद्यभन्दा यो धेरै अगाडि आयो। विदेशीमूलका शब्दहरू विशेष गरी पाली, संस्कृत र कम्बोडियाली शब्दहरू भित्रिंदै गएपछि पद्यमा प्रयुक्त भाषा बढी कृत्रिम हुँदै गएको देखिन्छ। गद्यको भाषाचाहिं बढी स्वाभाविक छ र सर्वसाधारणमा अहिले पनि लोकप्रिय रहेको छ। त्यसो भए तापनि दुवैले आ-आफ्ना कतिपय कृतिहरूमा आफ्नै किसिमका प्रविधि र भावपूर्ण कलाको विकास गरेका थिए। प्रारम्भिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृतिहरूमा, थाई गद्य र पद्य दुवैका विषयहरू, धेरैजसो बौद्ध धार्मिक साहित्य-द्वारा अभिप्रेरित थिए र तिनीहरूको उद्देश्य नै धर्मको साधना गर्नु थियो। कालान्तरमा नाटकीय कला तथा पाठ्यसामग्रीको विकासको तात्पर्यका लागि, इतिहास दन्त्यकथा तथा परम्परागत पौराणिक कथाहरूका आख्यान र उपाख्यान-सँग सम्बन्धित धर्मनिरपेक्ष विषयहरूको प्रचलन हुन लाग्यो। भारतका दुई प्रसिद्ध महाकाव्यहरू 'महाभारत' र 'रामायण'मा पछिल्लो मात्र समग्र नै पद्य नाटकमा उतारिएको पाइन्छ जब कि अघिल्लोबाट केही आख्यानहरू मात्र लिइएका छन्। थाईमा उतारिएको रामायण वाल्मीकिको मूल कृतिबाट सविस्तार विवरणमा धेरै फरक भएको देखिन्छ तर यत्रतत्र तामिल, बंगाली, जाभाली वा मलयाली संस्करणसँग मिलेको पाइन्छ। यसबाट निस्सन्देह कुनै न कुनै समयमा दक्षिण-पूर्वी एशियालीहरू आपसमा तथा उल्लेखनीय मात्रामा भारत-सित संस्कृतिको अन्तर्मिश्रण भएको थियो भन्ने देखिन्छ। थाई जनताहरू, विशेष गरी मध्य र दक्षिणी क्षेत्रहरूका जनताहरू रामायणसित सुपरिचित छन्। उत्तर-पूर्वी क्षेत्रका लाओहरूका स्थानीय साहित्यमा रामको एउटा कथा पाइन्छ तर त्यस कथामा तिनीहरूले आपना स्थानीय परम्परा र दन्त्य-कथाहरू सम्मिलित गराएका छन् र कतिपय ठाउँमा इण्डोनेशियाली प्रभावका चिन्हहरू देखिन्छन्। यो प्रभाव स्पष्टतः हाल अन्नाम भनिने गरेको चाम्पा प्रदेशका कुनै बेला धेरै नै हिन्दूकरण भएका चाप जनताहरूको कारणले भएको हो। रामायणको थाई संस्करण त्यो भाषाको एउटा साहित्यिक उपलब्धि नै हो।

गत शताब्दीमा गद्यमा लेखिएको एउटा नयाँ किसिमको साहित्य देखापरेको छ, जो जनसाधारणमा निकै लोकप्रिय भएको छ। यो साहित्य चीनका लोकप्रिय ऐतिहासिक कथाहरूको अनुवाद हो। ती अनुवादमा चिनियाँ इतिहासको प्रारम्भदेखि मिङ वंशको अन्तिम कालसम्मका कथाहरू पाइन्छन्। पुराना पुस्ताका थाईहरूलाई यी नै अनुवादको माध्यमबाट चिनियाँ इतिहासको रूपरेखाको ज्ञान हुने गरेको छ। ती अनुवादमा **थेसान् कू छाइ यू ई** अर्थात् तीन अधिराज्यका रोमांस-पूर्ण कथा निकै लोकप्रिय भएको छ। यसको मुख्य विशेषता कथाको वस्तुतत्त्वको अलावा यसको अनुवादको शैली हो। यो कथा सबै गुणले परिपूर्ण हुनाको साथै सर्वश्रेष्ठ गद्यशैलीमा छ। स्वातो बोलीको आफ्नो ध्वनि व्यवस्थामा एउटा अनौठो स्वर हुन्छ, जब कि थाई भाषा चिनियाँ भाषा जस्तै ध्वन्यात्मक भए तापनि यसमा यस्तो स्वर छैन। यसो भए तापनि **फूकियनहरू** यस स्वरको उच्चारण गर्दा बेग्लै प्रकारको लय हालेर उच्चारण **गर्छन्** जुन लय थाईहरूको उच्चारणमा पनि पाइन्छ। यसैले यस **अप्ठ्यारो**लाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हटाउनको निम्ति नै थाई भाषामा **फूकियन** बोली प्रयोगमा ल्याइएको हो । ध्वन्यात्मकताको हिसाबले थाई भाषामा छ-सात ओटा लय भए पनि सिद्धान्ततः त्यसमा पाँच ओटा मात्र भएको मानिन्छ । उदाहरणको लागि, हामी ल्यू पाइ **क्वानयु र चाङ पवअइको नाम लाउपि, कुअन्–यू र तियउहुई** भनी जान्दछौं

अहिले देशमा पश्चिमी साहित्यले प्रवेश गरेको छ र विशेष गरी अंग्रेजी भाषाको माध्यमबाट निरन्तर रूपमा अनुवादहरू भइरहेका छन् । हालै थाई उपन्यास र लघुकथाहरू पनि पश्चिमी शैलीमा निक्लेका छन् । राजा **वछिराबुढबाट रोमियो र जुलियट, तिम्रो खुश, भेनिसको व्यापारी** जस्ता शेक्सपियरका केही कृतिहरूको अनुवाद भएको छ । यसरी नै अंग्रेजी र फ्रेंच भाषाका अनेक नाटकहरू पनि अनूदित भएका छन् । तिनीहरूमध्ये धेरै-जसोको केही हेरफेरसहित मंचन पनि भएको छ । त्यसबाट नयाँ किसिमका अभिनय कलाको प्रादुर्भाव भएको छ । राजा **वछिराबुढबाट** उदाहरणका लागि **शकुन्तला, सावित्री** जस्ता कैयौं संस्कृतका प्राचीन नाटकहरूको अंग्रेजी अनुवाद-को माध्यमबाट अनूदित भै मञ्चित पनि भएको छ । राजा वछिराबुढको प्रतिभा र प्रभावबाट थाई साहित्यमा एउटा नयाँ युगको सूत्रपात भै आज-सम्म विकसित हुँदै आइरहेको छ ।

थाई सामाजिक व्यवस्थामा गाउँ एउटा एकाइ हुन्छ । पहिले-पहिले यो गाउँ आफ्नो अर्थव्यवस्था र आवश्यकतामा स्वयं-पूर्ण एकाइ हुन्थ्यो । त्यो बेला जनताको चालचलन र रीतिरिवाज मुख्य गरेर कृषि र धर्ममा आधारित हुन्थ्यो । धेरैजसो गाउँहरूमा एउटा बौद्ध विहार हुन्थ्यो र एउटा थान देवताको मन्दिर पनि हुन्थ्यो । विहारले तिनीहरूको धार्मिक आवश्यकता पूरा गर्नुका साथै जनताको शिक्षाको पनि व्यवस्था गर्थ्यो । कला, शील र ज्ञान सबैको मूल स्रोत विहार नै हुन्थ्यो । जन्मदेखि मृत्युपर्यन्त सबै कुराको केन्द्र-विन्दु नै विहार हुन्थ्यो । यसका हाताहरू पर्वका अवसरहरूमा सामाजिक भेला हुने स्थल बन्थे । थान देवताको स्थल भने कहिलेकाहीँ मात्र, त्यो पनि दुःखकष्ट आइपरेको बेला अथवा नववर्षको अवसरमा मात्र प्रयोगमा ल्याइन्थ्यो । त्यो बेला त्यहाँ पूजा-आजा हुन्थ्यो । बौद्धधर्मसँग यसको केही सम्बन्ध थिएन । बौद्धधर्म निस्सन्देह नरम भएर यसले आफ्नो अनेक सम्प्रदायमा भएको आत्मावादलाई सघाएको छ । यसरी जे भनिएको छ त्यो एउटा आधारभूत तुलनात्मक कथन मात्र हो जसलाई विद्यार्थीहरूले, आजका सांस्कृतिक समस्याहरूको विचार गर्दा मनमा धारण गर्नुपर्छ । आजको समयमा देखिने गरेको सामाजिक व्यवस्था, चालचलन र रीतिरिवाज मूलभूत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धान्तका बाहिरी रूपान्तर मात्र र त्यो पनि तुलनात्मक मात्राका मात्र हुन् । कुनै कुनै प्रान्तवर्ती जिल्लाहरूमा जहाँ पारस्परिक सम्पर्क र नयाँ विचारको अभावको कारणले संस्कृतिको ढिलो विकास भएको छ, मानिसहरू, राजधानी, नगर तथा शहरहरूमा भएको प्रगति हेरी अझै पनि आदिम अवस्थामा छन् । यी विकसित भागहरूमा पुराना समयहरू बदलिएका छन्, "पुराना रीतिरिवाज गए- वितेका कुरा भएका छन्" र एउटा नयाँ किसिमको संस्कृतिले त्यसको ठाउँ लिएको छ । यो प्रगतिको लक्षण अवश्य हो तर यसको आगमन क्रमिक रूपले हुनुपर्थ्यो । पुरानोलाई छोडेर नयाँलाई अपनाउनुपर्छ तर क्रान्तिकारी तरीकाले होइन यनाँ संस्कृतिहरूमा सुल्झाउनुपर्ने समस्याहरू हुने भएको कारणले झेल्नुपर्ने खतराहरू पनि हुन्छन् किनकि मानिसहरू आजकाल राजनीतिमा ज्यादा चाख लिने गर्छन् । कुनै एउटा ठाउँको आफ्नै किसिमको, आफ्नै विशेष प्रकारको खाँचोलाई पूर्ण रूपले असुहाउँदो भएको नयाँ संस्कृतिलाई अपनाउनु खतरापूर्ण हुन्छ । संस्कृति भनेको विभिन्नतामा एकता भई सम्पूर्णसित एकात्मभाव कायम गर्ने गरी हरेक क्षेत्रविशेषको विशेषताअनुसार भिन्न-भिन्न हुनुपर्छ ।

माथिका कुराहरूबाट स्पष्ट हुन्छ– थाइल्याण्डको संस्कृति, एशियाका एकातिर चीन र अर्कोतिर भारतका दुई ठूला सांस्कृतिक परम्पराका बीचको हो । चिनियाँ संस्कृतिको विस्तार अन्नामभन्दा पर सुदूर पश्चिमसम्म पुगेको छैन न भारतीय संस्कृति नै इण्डोचाइना प्रायद्वीप भन्दा उत्तर गएको छ, जान सकेको छैन । त्यतिमै आफ्नो सुरक्षाको विचार गरी अड्न गए र अरू भिन्न पस्ने प्रयत्न गरेनन् । नृतत्त्वशास्त्रको हिसाबले इण्डोनेशियाली भएका भए तापनि अन्नामीहरूचाहिं युच अथवा भियतहरूको एउटा जातिको रूपमा धेरै ऐतिहासिक कालअगाडि नै चीनमा बसाइँ सरेका थिए र चिनियाँ संस्कृतिका धेरै कुरालाई आत्मसात् गरेका थिए । हिन्दचिनी प्रायद्वीपमा झरे-पछि तिनीहरूको समागम सांस्कृतिक रूपमा अत्यन्त हिन्दूकरण भइसकेका चाम-हरूसित हुन गयो । चामहरूपछि, पश्चिमतिर अर्को अत्यन्त हिन्दूकरण भइसकेका जाति खमेर अथवा कम्बोडियाली थियो । सम शक्ति भएका विपक्षीअगाडि पर्न गएको हुनाले चिनियाँ संस्कृतिले अरू अगाडि प्रवेश गर्ने कुरो आएन । अर्को कुरा मुलुकको प्रकृति पनि यस्तो प्रकारको थियो अनि प्रायद्वीपका उत्तर-तिरका अरू पनि यस्ता विशेष प्रकारका थिए कि सजिलो संचार-व्यवस्थाको अभावले गर्दा चिनियाँ संस्कृति धेरै भित्र पस्न सकेन । थाईहरूले दक्षिणी चीनबाट जे जति चिनियाँ संस्कृति ल्याएका हुन् त्यसलाई प्रार्चीन सामग्रीहरूको प्रयोग गरी, स्वतंत्र रूपले विकास गरेर आफ्ना उष्णकटीय वातावरणलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुहाउँदो गरी आवश्यकतानुसार उपयुक्त पारे । आफ्ना जीवनशैलीअनुसार थाई र चिनियाँहरू आपसमा राम्ररी मिसिन सक्छन् तर भारतीय संस्कृतिलाई प्रशस्त मात्रामा आत्मसात् गरिसकेका भए तापनि भारतीयहरूसँग त्यसरी मिसिन सक्दैनन् । थाईहरूको अगाडि एउटा असुविधाको कुरो मुलुकमा विद्यमान हावापानीको वस्तुस्थिति हो । प्रशस्त खाना उपलब्ध हुने तथा सफा मौसम भएको उष्णप्रदेशमा बसेका हुनाले, तिनीहरू कम्ती उद्यमशील भएका छन् । तथापि फुर्सदको समय धेरै भएका उच्च वर्गका मानिसमा कलाप्रति रुचिको विकास भएको छ र यसैले प्रत्यक्ष तवरले धेरै मात्रामा भारतद्वारा अभिप्रेरित भएको भए पनि, थाईहरूद्वारा विकसित कलाको रूप, तिनीहरूको आफ्नै किसिमको छ । बौद्धधर्म धेरै मात्रामा तिनीहरूको अभिरुचि र स्वभाव-सुहाउँदो भएकोले तिनीहरूले यसलाई तुरुन्त अपनाए । उत्तरका पहाडी जिल्लाहरूमा अलग-अलग समूहमा छरिएर बस्नमा अभ्यस्त भएका हुनाले तिनीहरूका राजनैतिक धारणा र चेतना तिनीहरूका गाउँ र शहरमा मात्र सीमित थिए । तर विशाल मैदानी भूभाग भएको मध्य-थाइल्याण्डका मालिक भएपछि तिनीहरूले भारतीय संस्कृतिलाई अपनाए । तर पनि एउटा पुरुषार्थी जाति भएको तथा प्रतिभासम्पन्न भएको कारणले तिनीहरूबाट आफ्नै प्रकारका संस्कृतिको रूपमा यी संस्कृतिहरूको विकास भयो । बर्मा त्यस्तो होइन । भारतको छिमेकी भए तापनि बर्माबाट धेरै मात्रामा भारतीय संस्कृति विशेष गरी हिन्दूधर्म लिने काम भएन । तिनीहरूले हिन्दूधर्मको हल्का रंग भएको बौद्धधर्म मात्र अपनाए । मध्य-थाइल्याण्डका स्यामी अथवा थाईहरूको शारीरिक बनोट हेर्दा तिनीहरू उत्तरतिरका आफ्ना जातिदेखि डीलडौल र रंगमा फरक देखिन्छन् । दक्षिणतिर गएपछि तिनीहरू बिस्तार-बिस्तारै पुड्को र कालो हुँदै जान्छन् र यसैले निस्सन्देह तिनीहरू मोन खमेर र अष्ट्रोनेशियाली परिवारहरूसँग ज्यादै मिसिन गएका छन् । नयाँ रगतको सम्मिश्रणबाट शारीरिक रूपमा धेरै गुमाए तापनि बौद्धिक रूपमा तिनीहरूले धेरै लाभ गरेका छन् । थाईल्याण्ड यस प्रकार दुई ठूला सांस्कृतिक व्यवस्थाको मिलनस्थल बनेको छ जो अगाडि बढ्नुबाट रोकिई संस्कृतिको दोहरो पत्रकासाथ मिली एउटा नयाँ संस्कृति बन्न पुगेको छ ।

थाई संस्कृति क्रम सं. १,२४६६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाइल्याण्डको परम्परागत संस्कृति र त्यसको पुनरुत्थान तथा अस्तित्व

थाइल्याण्डका मानिसहरूलाई थाई भनिन्छ। भाषाको हिसाबले तिनीहरू मुख्य गरी तीनओटा जातीय समूहले बनेका भन्न सकिन्छ। ती हुन्– प्राचीन ऐतिहासिक कालमा दक्षिण चीनमा बसोबास गर्ने थाईहरू, अष्ट्रोनेसियाली र मोन-खमेरहरू। पछिल्ला दुई जाति थाइल्याण्ड र आसपासका क्षेत्रहरूमा बसाईं सरेका थाईहरूका पुर्खा थिए। दक्षिणी चीनबाट बसाईं सरी गएपछि थाईहरूको यी मानिसहरूसँग यतिविघ्न सम्मिश्रण हुन पुग्यो कि तिनीहरू आफैं सन् १९३९ मा सरकारी तवरले थाइल्याण्ड भनी नामकरण हुनुभन्दा अगाडिको स्याम देशका वासिन्दाहरूलाई भन्ने गरेझैं स्यामी जातिका मानिस बन्न गए। यस प्रकार जातीय सम्मिश्रण भैसकेपछि फेरि हालसालै पनि यी स्यामीहरूको देशभित्र बसाईं सरी आएका दक्षिण चिनियाँहरूसँग केही मात्रामा मिश्रण हुन गएको छ। थाइल्याण्डका जनजातिको रचना यसप्रकार भएको छ र यसको संख्या दुई करोड छ।

मूलतः यी देशहरूका थाईहरूको परम्परागत संस्कृति कृषिजन्य छ। थाईहरू दक्षिण-पूर्वी एशियाका मूल-भूमिका आफ्ना छिमेकीहरू झैं नै कम आबादी भएको तर प्रशस्त उब्जाउ हुने प्रदेशमा बसेका छन् जहाँ पूर्वकालमा जीवनयापनलाई चाहिने कुराले सादा र सजिलैसित प्राप्त गर्न सकिन्थे। तिनीहरूको मुख्य खाना भात र माछा थिए र जनताको भाषामा अझ पनि खाना भन्नाले 'माछाभात' भन्ने हुन्छ। यसबाट लुगाफाटो बाहेक तिनीहरूको मुख्य भौतिक आवश्यकता के हो भन्ने कुरा स्पष्ट हुन्छ। लुगाफाटोको लागि कपडा तिनीहरू आफैं बुन्ने गर्छन्। यस कम जनसंख्या भएको उब्जाउ भूमिमा अनिकाल भनेको अपेक्षाकृत बिरलै मात्र हुन्थ्यो। यसप्रकार आफैंमा सम्पन्न भएको र आर्थिक जीवनमा आफूलाई चाहिनेभन्दा बढी काम गर्नु अथवा किफायती हुनु र आधुनिक अर्थमा धन संचय गर्नु त्यो बेलाको लागि निरर्थक कुरा थिए। कृषिकर्मी जनसाधारणको जीवन कहिलेकाहीं अति कठिन भए तापनि फुर्सती जिन्दगीको उपभोग गर्ने जनताले प्रशस्त समय पाउँथे।

सामाजिक हिसाबले थाईहरू, केही हदसम्म गाउँमा केन्द्रित जनताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा रहेका छन् । थाई भाषामा गाउँलाई 'बान्' भन्छन् र ठूलठूला जनसंख्या भएका बस्तीहरूको शासन मुखिया अथवा राजाद्वारा हुने गर्थ्यो। यस्तोलाई थाई भाषामा म्युअङ भन्थे । पहिलेका मानिसहरूको विश्व-ब्रह्माण्डबारेको धारणा नै यी दुई–बान् र म्युअङ- शब्दहरूबाट बनेको थियो । जहाँसम्म आफ्नो गाउँसितको सम्बन्धको कुरा हुन्थ्यो तिनीहरूको सोचाइ सार्वजनिक भलाइतर्फ उन्मुख भएको हुन्थ्यो । परेको बेला तिनीहरू श्रम दिएर एक-अर्कालाई मद्दत गर्थे र आफ्नो जीवन समाजसित मिलेर आनन्दसँग बिताउँथे । यस प्रकारको जीवनमा पैसाको महत्त्व नहुने भै नै हाल्यो । नभन्दै मुद्राको प्रचलन धेरै कम थियो। त्यसो त गाउँमा धनी पनि थिए, गरीब पनि थिए, तर जीवन-यापनको स्तर सबैको लगभग एकै किसिमको थियो। गाउँका प्रत्येक मानिसको धन-सम्पत्तिको हिसाब उसको खेत, गोरु र भैंसी, सामग्री र ज्याभल-हरूमा गरिन्थ्यो । कालान्तरमा जब पैसा विनिमयको माध्यम हुन थाल्यो, गाउँका धनी मानिसहरूले आफ्नो पैसा बाटो-घाटो, पुल-साँघु, पाटी-पौवा तथा विहार जस्ता सार्वजनिक उपयोगका कुराहरूको निर्माणमा खर्च गर्न लागे। खर्च गरी बचेका चाँदीका सिक्काहरू भूइँमा गाडेर लुकाइराख्थे या सुनका गहनाहरू किनी खर्च गर्थे। पैसा नभएका मानिसहरूले यस प्रकारका सार्वजनिक उपयोगका कुराहरूको निर्माणमा आफ्नो श्रम-दान गरी मद्दत गर्थे र धनीहरू खाने र पिउने सामग्री पुऱ्याउँथे । यस्ता निर्माण कार्यहरू सकिएपछि उत्सव मनाई भोज गरिन्थ्यो। त्यसको लागि चाहिने खर्चको बढी भाग धनीहरूले बेहोर्थे। थाई परिवारको बनोट दुईपक्षीय वंशपरम्पराको छ। उनीहरूको बिहा हुँदा लोग्नेमान्छे अर्के गाउँको परिवारलाई दिएर पठाइन्छ। चाड-पर्वको अवसरमा एक-अर्काको गाउँमा आपसमा बोलाएर बसउठ र भेटघाट गर्ने गर्दछन् ।

अब हामी गाउँको आध्यात्मिक जीवनको विचार गरौं । थाईहरूमा दुई किसिमका संस्कार पाइन्छन् । पहिलोमा, भूतप्रेत आदिको विश्वास आउँछ जुन प्राचीन कालका अरू जातिहरूको विश्वाससित भिन्न छैन । तिनीहरूका विश्वास र धारणाहरू चिनियाँहरूको विश्वास र अवधारणासित मिलेका चिह्नहरू पाइन्छन् । त्यसो भएको निस्सन्देह दक्षिण चीनका चिनियाँहरूसँग शुरू-शुरूमा सम्बन्ध भएको साथै तिनीहरूको प्रभावले गर्दा हो । त्यसपछि बौद्धधर्म आउँछ– ब्राह्मणधर्म र हिन्दूधर्मको तत्त्वले युक्त भएको यो धर्म धेरैजसो प्रबुद्ध वर्गमा सीमित थियो । प्रचलित थाई बौद्धधर्मअनुसार सर्वसाधारण थाई जनतामा यी दुई तहका विश्वास र अवधारणाहरूमा एक-अर्कासँग छुट्याउन नसकिने मात्रामा मिसिएको देखिन्छ। हरेक गाउँमा कमसेकम एउटा विहार-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पलब्रङ धाबी, लोकनृत्य



डुङ्गा दौड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सहितको बौद्ध मन्दिर र गाउँको रक्षा गर्ने इष्टदेवताको एउटा स्थल हुन्छन् । बौद्ध मन्दिरलाई थाई भाषामा 'वात्' भन्दछन् । गाउँको वात्को पुजारी पाको उमेरको भएर विद्वान् र बुद्धिमान् भए, गाउँमा निकै सम्माननीय व्यक्ति हुन्छ । दुःख-कष्ट परेको अवस्थामा तथा झैझगडा भएको बेलामा उनको सरसल्लाहको ठूलो चाहना गरिन्छ। ठूल्ठूला मुद्दामामिलामा पनि गाउँलेहरू फैसलाको लागि सरकारी अधिकारीसमक्ष नगई उनको सल्लाइ लिई उनीबाटै फैसला गराइदिन चाहन्छन् । ती पूजारी दिउँसो-दिउँसो फुर्सतको समयमा गाउँलेहरूको घरघरमा चक्कर लगाउँछन्, उनीहरूलाई चाहिएको सरसल्लाह दिन्छन् र जसजसलाई चाहिन्छ तिनीहरूलाई आफ्नो घरमा बनेका औषधी अथवा अरू वस्तुहरू बाँड्छन् । थाई बौद्धमार्गीहरूले मनाउने चाडपर्व खास गरी धर्मसित र बर्दलिदो ऋतुसित सम्बन्धित हुन्छन् । वात् अर्थात् विहार यसैले मानिसको जीवनमा अथवा मरणमा सामाजिक भेटघाटको लागि केन्द्रथलो हुन्छ । थाईहरूका जम्मै परम्परागत कला र साहित्य अत्यावश्यक रूपले धार्मिक प्रकृतिका हुन्छन् र तिनीहरूमा धेरैजसो तिनीहरूको धर्म अर्थात् बौद्धधर्मप्रति समर्पित भएका हुन्छन् । सारांशमा, थाईहरूमा प्रचलित बौद्धधर्म, विशेष गरी मोन र कम्बोडियालीहरूसँगको धेरै कालदेखिको सम्पर्क र स्वच्छन्द घुलमिलबाट पलाएको हिन्दूधर्म र आत्मभावी विचारहरूको रंगले रंगिएको छ । भियतनामी र मलयालीहरूबाहेक, दक्षिणपूर्वी एशियाको मूलभूमिमा बस्ने बासिन्दाहरूमा मोटामोटी हिसाबले परम्परागत सांस्कृतिक एकता छ भन्न सकिन्छ ।

मैले यहाँ बताइरहेको पूर्व-आधुनिक कालको कुरा हो जब देशका विभिन्न क्षेत्रहरूका मानिसहरूको सांस्कृतिक ढाँचा करीब-करीब एकै प्रकारको थियो । विगत एक सय वर्षको अवधिमा मानिसहरूको बानी-बेहोरा र चिन्तनमा खास गरी वर्तमान सभ्यताको सम्पर्कमा आएका आधुनिक नगर तथा शहरहरूमा केही आमूल परिवर्तन आएको देखिए तापनि थाई जातिको व्यक्तित्वको संस्कृतिगत ढाँचा आजसम्म यही नै छ । शिक्षा प्रदान गर्ने काम यथार्थमा वात् अर्थात् विहारको ठेक्का जस्तै भएको त्यो बेलाको जमानामा मानिसहरूले आफ्ना कुटुम्बका लोग्नेमान्छेहरूलाई केही दिनको लागि मात्र भए पनि भिक्षु बनाउन चाहनुमा केही आश्चर्य छैन । मानिस बूढो भएपछि कोही-कोही भक्तिभावले पनि सदाको लागि भिक्षु बन्न जान्छ अथवा कोही कुनै कारणले । यसरी भिक्षु बन्न नसक्ने भएमा त्यसले बौद्ध पुण्य तिथिहरूमा बराबर वात्को मर्मत-संभार गर्ने गर्छ । त्यसले विशेष धार्मिक विधि-विधानको पालन गर्दै धर्मोपदेश पनि सुन्ने गरेर पारिवारिक जीवनका समस्त सांसारिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जंजालबाट आफूलाई अलग राख्छ । यो निःसन्देह भारतीय जीवनबारेको चार आश्रमको सिद्धान्तको प्रभाव हो । ब्याङ्ककमै बस्ने कतिपय सेवानिवृत्त अधिकारीहरूले पनि यस प्रकारको जीवनविधि अपनाउने गरेको आजसम्म पनि देखिन्छ । यस प्रकारको आर्थिक र सामाजिक वातावरणमा थाई परम्परागत संस्कृतिको विकास भएको हो ।

चिनियाँहरूको तुलनामा, थाईहरू "अल्छी, तुरुन्तैलाई चाहिनेभन्दा बढी परिश्रम गर्न नचाहने, आफ्नो प्रारब्धमा चित्त बुझाउने, धनको अथवा आर्थिक प्रगतिको वास्ता नराख्ने, पुराणपन्थी र आश्रित अवस्थामै सन्तुष्ट रहने" खालका हुन् भनी कसैं-कसैले भनेको सुनिन्छ । यो सत्य पनि हो– वरिपरिको वातावरण र जीवनको स्थिति परिस्थितिले पनि उसलाई यस्तो बनाएको हो । प्राचीन कालमा जीवनको निमित्त चाहिने कुराहरू सजिलैसँग प्राप्त हुनुको साथै जीवनको आनन्द र उपभोग स्वयं नै एउटा स्वर्गसमान थियो भने मानिसले त्यसलाई पछिको निमित्त साँच्नै पनि किन पर्थ्यो र ! बौद्धधर्मअनुसार सम्पूर्ण जीवन नै दुःखमय छ, थाईहरूको जीवन माथि भनिएझैं एक प्रकारको स्वर्गीय जस्तै भए पनि, अपेक्षाकृत त्यसको अर्को पक्ष पनि छ, किनभने "हरेक पदकको समानुपातिक हिसाबको पृष्ठभाग पनि हुन्छ ।"

यस्तो जिन्दगी, एक अर्थमा सरल र पुरानो खाले भएर पनि आनन्द र सन्तुष्टिले पूर्ण भएको भए तापनि जीवनरूपी छालमा आएको एउटा प्रवाह मात्र हो किनभने औद्योगिक क्रान्तिको कारणले पश्चिमी संसारबाट प्रगति र प्राविधिक विकासको आश्चर्यले परिपूर्ण भएको एउटा नयाँ किसिमको सभ्यताले पदार्पण गरेको छ । यो एउटा यस्तो आक्रमक शक्ति हो जसलाई मानिसले बेवास्ता अथवा उपेक्षा गर्न सक्तैन । यसलाई अपनाउनुको अर्थ हुन्छ थाई परम्परागत संस्कृतिलाई जरैदेखि उखेल्नु जसले उनीहरूलाई सदियौंदेखि रक्षा गरिआएको छ । बडा राजा चुलालङ्काअणको राज्य-कालमा, यस प्रकारका नयाँ किसिमको सभ्यताको अग्रशीलताको सामना गर्न अनेक ठूलठूला सुधारहरू भएको देखिन्छ । तिनमा कुनै-कुनै सुधारहरू पुरानो ढाँचाको जीवनको तुलनामा निकै चर्को खालका थिए तापनि तिनीहरू प्रचलित स्थितिमा सकेसम्म कम मात्र खलबली हुने गरी पुरानोलाई नयाँसित मिलाउँदै जाने गरेर क्रमिक रूपले विस्तार-विस्तारै गरिएका थिए ।

अनि पराकाष्ठाको समय आउँछ । द्वितीय विश्वयुद्धपछि प्राविधिक ज्ञानमा भएको द्रुतगतिको वृद्धिले गर्दा थाईहरू तथा विश्वका यस भागका अरू जनताहरूको परम्परागत संस्कृतिमा धेरै नयाँ र अनौठा कुराहरूबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक्कासि ठूलो प्रभाव पर्न आएको छ। थाइल्याण्डमा कम्ती प्राविधिक प्रगति भएको छैन तर पहिलेका वातावरणलाई मात्र सुहाउने पुरानो ढाँचाको जीवन-पद्धतिमा अनेक कुरा अनुपयोगी सिद्ध भएको छ र वर्तमान जीवनको स्थिति उपयुक्त वा उपयुक्त हुन सक्ने खालको देखिन छोडेको छ। यसैले सांस्कृतिक मूल्यको ह्रास भएको छ।

विरोधाभासको कुरा के छ भने, प्रगतिको प्रत्येक लहर थाई जीवनको सम्पूर्ण पक्षमा रोक लगाउन पुगेको छ। यस्तो धेरै मात्रामा भएको, मलाई लाग्छ, थाइल्याण्डलाई मात्र होइन सम्पूर्ण संसारलाई पनि हो।

थाइल्याण्डमा भएका साक्षरहरूमा सन् १९४७ मा उच्च शिक्षा पाएका ०.७ प्रतिशत, माध्यमिक शिक्षा पाएका ४.३ प्रतिशत र प्राथमिक शिक्षा पाएका ९५ प्रतिशत थिए। निरक्षर कति छन् मलाई थाहा छैन। तर आम जनता-को शिक्षा अवस्था प्राथमिक तहमा छ भन्नु नै पर्याप्त हुन्छ। जहाँसम्म म विचार गर्छु, थाईहरू नयाँ चीज भनेपछि जे पनि ग्रहण गर्ने खालका हुन्छन्, पुरातन वादी भए तापनि जनसाधारण, हर नयाँ कुराहरू सहजैसँग आँखा चिम्ली जस्ताको तस्तै अपनाउने गर्छन् जब कि उच्च शिक्षा प्राप्त प्रबुद्ध वर्गहरू धेरैजसो आफ्नो परम्परागत संस्कृतिको अनुयायी हुनुभन्दा पनि बढी पश्चिमी रंगले रङ्गिएका छन्। प्रबुद्ध वर्गको संख्या थोरै मात्र भए तापनि थाइल्याण्डको भविष्य तिनीहरूकै हातमा रहेको छ जसले थाइल्याण्डको भाग्यरूपी जहाजलाई सुरक्षितसाथ अघि बढाउन सक्छ। प्रबुद्ध वर्गले ठीकसँग सञ्चालन गरेमा आम जनता तिनीहरूको पछि लाग्नेछन्।

मलाई के लाग्छ भने उदार शिक्षा र राष्ट्रहरूको बीचमा संस्कृतिको आदान-प्रदान अति नै वाञ्छित कुरा हो, पश्चिमाहरूसँग मात्र होइन, हाम्रा छिमेकीहरूसँग पनि यस्तो हुनुपर्दछ। थाईहरू पश्चिमी राष्ट्रहरूसँग सम्पर्कमा आउनुभन्दा अगाडि भारतीय र चिनियाँ एशियाका दुई महान् संस्कृतिबाट लामो समयदेखि प्रभावित भएर रहेका थिए। वर्तमान पुस्ताभन्दा अगाडिका थाईहरूलाई चिनियाँ मूल्यका केही राम्रा कुराहरूको ज्ञान थियो। यसैको पुनःस्थापना किन नगर्ने? अरू जातिसित राम्रो समझदारीसहित मित्रभावले रहनको लागि थाईहरूले अरब, जापानी वा अरूहरूको नै भनूँ न संस्कृतिबारे किन केही थाहा पाउन नहुने? यस्तो गर्ने कुराको तर्जुमा निःसन्देह महत्त्वाकांक्षी योजना भए पनि यस प्रश्नले तीव्रताका साथ समाधानको खोजी गर्दै गइरहेको छ, यद्यपि यसका लागि कुनै ठोस परिमाण निकाल्नको निमित्त विभिन्न सांस्कृतिक क्षेत्रमा थाई जीवनपद्धतिको सर्वेक्षण, विश्लेषण तथा अर्थ खोल्ने काम गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समस्या सुल्झाउने कामको लागि नृशास्त्र तथा अन्य सामाजिक शास्त्रमा पोख्त विद्वान्हरूको दरकार पर्दछ । वर्तमान परिस्थितिलाई सुल्झाउन यी विद्वान्हरूले सोचे सुझाएअनुसार लघु तथा दीर्घकालीन योजनाहरू हुनुपर्दछ । कन्फ्यूशसले ठीकै भनेका छन्, "पहिले ज्ञान प्राप्त नगरी विचार मात्र गनु खतराजनक हुन्छ ।"

(सन्निवात, २५०० ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लअइ क्रठोङ

एघारौं चन्द्रमासमा अर्थात् अक्टोबर र नभेम्बर महीनाका पछिल्ला भागहरूमा पर्ने पूर्णिमाको राती लअइ क्रठोङ चाड पर्छ । लअइ भनेको 'बगाउनु' र क्रठोङ भनेको बजारमा अक्सर देखिने केराको पातले बनेको 'दुना' हो । यो दुनाको प्रयोग केही चीज राख्न गरिन्छ । यसैले लअइ क्रठोङ भनेको बत्ती दुनामा राखी बगाउनु हो । अक्टोबर-नभेम्बरमा, होचा ठाउँमा परेका नदीनालाहरूमा बाढी आएको हुन्छ र कुनै-कुनै ठाउँमा त किनाराहरूको माथि-माथि भल बगेको हुन्छ । त्यो बेला एक अर्थमा वर्षा ऋतु सकिएको हुन्छ । वर्षा सकिएर मौसम सफा भएको हुनाले त्यो बेला रमाइलो गर्ने समय हुन्छ । आकाश चहकिलो र स्वच्छ-निर्मल हुन्छ र चिसोपन कतै कुनै हुँदैन । बितेका तीन तीन महीनासम्म बिहान सबेरैदेखि बेलुका अबेरसम्म हलो जोत्ने र धान रोप्ने काम गरी जोतिएपछि गाउँले जनताका निम्ति अब गाह्रो-साह्रो गर्नुपर्ने समय समाप्त भएको हुन्छ । धान काट्नका लागि किसानहरूले अब एक-डेढ महीना मात्र पर्खे पुग्छ । यस बीचमा अर्थोपार्जनको हिसाबले गर्नुपर्ने केही हुँदैन खालि भोज-भतेर गरी चाडपर्व मनाई बढी फुर्सदको समय बिताउनुपर्ने हुन्छ । यस्ता चाडपर्वहरू अक्टोबर र नभेम्बर दुई महीनामा अनेक मनाइन्छन् । तर हामी यहाँ लअइ क्रठोङको मात्र चर्चा गर्नेछौं ।

अक्टोबर र नभेम्बरको पूर्णिमाको केही दिन अगाडि बजारमा जानुभयो भने, तपाईंले कुनै बजार अथवा पसलमा अरूको अतिरिक्त खास गरी यसै ऋतुमा बिक्री गर्नको निम्ति बनाइएका अनेक क्रठोङ अथवा दुनाहरू सजाई राखिएको देख्नुहुनेछ । म यी क्रठोङको वर्णन गर्दिन किनभने आजकल तिनीहरू विभिन्न किसिमका पाइन्छन् । कुनै कुनै क्रठोङ त हामीले साधारण हिसाबले सम्झने गरेअनुसारका पातका दुना हुँदैनन् । साधारणतः कुनै कुनै चरा अथवा डुंगाका आकारका हुन्छन् । तिनीहरू क्रठोङभन्दा पनि बढी खेलौना जस्ता देखिन्छन् । यस प्रकारका क्रठोङहरू मात्र देखापरेका हुन् । यिनीहरूको चलन खास गरी नगरका बासिन्दामा मात्र हुन्छ । गाउँका मानिसहरू प्रायः आफ्नै घरमा बनाइएका क्रठोङको प्रयोग गर्छन् । तिनीहरूमा एकाध प्रगतिशील मानिसहरू पनि नहुने होइनन् जो आफ्ना बालबच्चाको रमाइलोको निम्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चराचुरुङ्गी अथवा डुंगाका आकारका ऋठोङ बनाउँछन् । ऋठोङमा एउटा मैनबत्ती र एक-दुईटा सिन्के धूपको अतिरिक्त, अक्सर एक वा पाँच स्टाङ जाने एउटा सानो मुद्रा पनि राखिन्छ र कहिलेकाहीं एक बेडा खाने पान र सुपारी पनि साथमा राखिन्छ । यो कुरा खास तवरले भनेको कारण के हो भने, आजकल यी दुई साना कुराहरू अक्सर राख्ने गरिंदैन । तिनीहरू शायद हुनसक्छ, प्राचीन समयमा लःइ ऋठोङ कसरी शुरु भयो भन्ने कुराको संकेत-सूचक हुन् ।

अक्टोबर र नभेम्बर महीनाको साँझमा पूर्णचन्द्रमा उदाउन थालेपछि मानिसहरू, विशेष गरी बूढी र विवाहिता आइमाई आ-आफ्ना केटाकेटीका साथमा एक दुइटा ऋठोङहरू लिएर भेल आइरहेको नदीको किनारामा जान्छन् । ऋठोङमा रहेको मैनबत्ती र सिन्के धूप बलिसकेपछि, त्यसलाई तिनीहरू एकनासले बगिरहेको सतहमा राखिदिएर बिस्तारै जान दिन्छन् । कोही-कोही हात उठाएर, बग्दै गएको ऋठोङ्गलाई नमस्कार गर्छन् । टाढा बगेर आँखाबाट ओझल नहुन्जेल तिनीहरू पानीमा मन्द गतिले बगिरहेको त्यो ऋठोङलाई हेरिरहन्छन् । केटाकेटीहरू समय बिताउन जलआतसबाजी गर्दछन् । आतसबाजी, मनोरञ्जनको साथसाथै कुनै लौकिक वा धार्मिक उत्सवको अंग भएको छ । कहिलेकहीं हामी आतसबाजी पनि पूजा-भावनाले मैनबत्ती बाले जस्तै गरी बाल्ने गर्छौं ।

बग्दै जाने ऋठोङको आयु अक्सर छोटो हुन्छ । बगाइदिएको ठाउँबाट धेरै टाढा पुगेपछि अक्सर धेरै तल बसिरहेका केटा-केटीहरू पौडेर ऋठोङ पक्रन जान्छन् । ऋठोङ राम्रो रहेछ भने त्यसको निमित्त लुछाचुँडी हुन्छ । मामूली किसिमका ऋठोङलाई उनीहरू वास्ता गर्दैनन् तर त्यसमा सानो मुद्रा केही भए लिइहाल्न चुक्तैनन् । पूर्णचन्द्रको उज्यालोमा, शान्त र गम्भीर रूपले भेल बगेको पानीको सतहमा सुस्तसुस्तसँग माथि-तल गर्दै गइरहेका पिलिपिलि मैनबत्तीसहितका ऋठोङहरूको दृश्य साँच्चै नै आनन्ददायक हुन्छ । वास्तवमा मैले यो कुरा गरिरहेको त्यस बेलाको हो जुन बेला शान्त र स्थिर भएर बगिरहेको पानीलाई खल्बल्याई छालहरू उठाई नरमाइला आवाजहरू निकाल्न मोटरबोटहरूको चलन थिएन ।

माथिको विवरणबाट के थाहा हुन्छ भने लअइ ऋठोङ कुनै धार्मिक वा रैतिक किसिमको चाडपर्व होइन । खालि मैनबत्ती र सिन्केधूप बाल्नोस् अनि पानीमा छोडिदिनोस्, बस् सकियो । तर पनि त्यसमा एउटा सानो मुद्रा राखिने र मैनबत्ती र सिन्के धूप बालिने हुनाले यो जरूर कुनै प्रकारको अनु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्ठान वा पूजाविधि हो कि भन्ने आभास हुन्छ । मानिसहरूसँग यसबारे सोध्नु-भयो भने बूढापाकाहरू तपाईंलाई **लअइ ऋठोङ** भनेको **माय्खोङगा** अर्थात् जलमाईको क्षमापूजा हो भनी बताउँछन् । **खोङ्गा**, 'गंगा' वा 'गंगाजी' भन्ने भारतीय शब्दको तत्सम हो तर स्यामी भाषामा यसको अर्थ साधारण पानी हुन्छ । तिनीहरूले यो पनि बताउलान् कि माईले त्यत्तिको पानी दिएका कुराको पर्वाह नगरी मानिसहरूबाट कहिलेकाहीं त्यसको अनेकौं प्रकारले दूषित पार्ने काम हुन जान्छ र त्यसैले क्षमा-प्रार्थना गर्नुपर्ने हुन्छ । साँच्चै होला र जस्तो भए पनि सीधासाधा मानिसले भन्ने कुरा यो नै हो । तर यो चाड लगातार दुई महीना मनाइन्छ । किन होला ? त्यसको बारेमा भनिन्छ कि भगवान् बुद्ध हिँडिसक्नुभएपछि उहाँको पदचिह्नको पूजा गरी वस्ने इच्छा गरी नागराजाले अनुरोध गरेपछि भगवान्ले दक्षिण भारतको नर्वदा नदीको बलौटे किनारामा आफ्नो पदचिह्न छोड्नुभएको थियो । **लअइ ऋठोङ** भनेको यस प्रकार भारत जस्तो टाढा ठाउँबाट आएका भगवान् बुद्धको पदचिह्नको पूजा गर्ने क्रिया हो । **लअइ ऋठोङ**को उद्भवबारेको यो व्याख्या धार्मिक तर शंकास्पद छ । यो कुरा बौद्धशास्त्रहरूमा पाईँदैन । धार्मिक व्याख्याको रंग दिन नसकेपछि कुनै पनि परम्परालाई सुरक्षित राख्नको लागि गरिने एउटा उपयोगी तरीका यो पनि हो । एउटा अर्को पनि भनाइ छ । त्यो चाहिं बौद्ध जातकको किसिमको लोक-कथाको रूपमा छ । त्यो लामो छ र त्यो लोक-साहित्यप्रेमीहरूलाई मात्र चाख-लाग्दो हुने हुनाले म त्यसको वर्णन गर्न चाहन्नँ । उत्तरी थाइल्याण्डका **छियङ-माई**का मानिसहरू भने **लअइ ऋठोङ**को उद्भवबारे अर्कै कुरा भन्छन् । त्यो कुरा मलाई लाग्छ, बर्मेलीहरूको कुरासँग मिल्छ ।

अहिले मैले तपाईंहरूलाई **लअइ ऋठोङ**को जुन कुरा बताएँ त्यो जनताले मनाउने किसिमको थियो । अब म यसको अर्को पक्ष अर्थात् राजाद्वारा मनाइने **ऋठोङ**को बारेमा बताउने चेष्टा गर्छु । धेरै त म बताउन सक्तिनँ किनभने मैले यो देखेको पनि पचास वर्ष जति भैसक्यो, त्यो पनि केही मात्र देखेको हुँ । त्यो बेला म सानो बालक थिएँ र राजा **चुलालङकअन**को शासनकाल थियो । शाही **लअइ ऋठोङ**को चाडको चलन अब हराइसकेको छ । उहाँकै राज्यकालको पछिल्ला वर्षहरूमा यो विलुप्त हुन थालिसकेको थियो । जहाँसम्म मलाई लाग्छ, राजा **बछिराबुद** छ र राजा **प्रछाछिपोक्**को राज्यकालमा एक वा दुई पटक यसको पुनरुत्थान भएको थियो । मेरो सम्झना ठीक छ भने स्याममा लर्डनर्थक्लिफको आगमनको अवसरमा एकपटक यसको पुनरुत्थान भएको थियो । यो सानो रूपको **लअइ ऋठोङ** थियो । साँच्चै भन्ने हो भने ठूलो रूपको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रठोङ कहिल्यै भएन, राजा चुलालङ्कअनको राज्यकालमा पनि भएको थिएन, शाही लअइ क्रठोङको बारेमा जे जति मैले जानेको हुँ त्यो राजा चुलालङ्कअनले लेखिबक्सेको मौसूफको "वर्षको बाह्र महीनामा मनाइने शाही चाडपर्व" शीर्षक अमूल्य कृतिबाट हो । डा. क्वारिच वेल्सले 'स्यामी राज्योत्सव' शीर्षक आफ्नो रोचक रचनामा उहाँको यो पुस्तकबाट प्रशस्त उद्धृत गरेका छन् । यस कारण यस विषयमा म अरू धेरै लेख्न चाहन्नँ । मलाई लाग्छ, डा. क्यारिच वेल्सले शाही लअइ क्रठोङको बारेमा केही भनिसकेका छन् ।

राजा चुलालङ्कअनले लअइ क्रठोङको कुनै खास उत्सव वा धार्मिक कार्यसँग केही सम्बन्ध छैन भनी मौसूफको पुस्तकमा लेखिबक्सेकोले यो खालि रमाइलो गर्ने अवसर हो जसमा राजपरिवार मात्र होइन सबै मानिस भाग लिन्छन् । अर्को कुरा यसको बौद्ध वा ब्राह्मण कुनै पनि मतको उत्सवसित सम्बन्ध छैन । मौसूफको विचारमा लअइ क्रठोङको केही केही सम्बन्ध छ सय सात सय वर्ष जति अगाडि राजधानी सुखोथाईमा हुँदा उत्तरका स्यामी राजाहरूद्वारा मनाइने गरेको लालटीन बनाउने प्रथासित छ । सुखोथाईका राजा फ्रा रूबङको दरबारकी एक जना नाङ नोफमात् नाम गरेकी रूपवती विदुषी महिलाद्वारा लेखिएको एउटा पुस्तकमा यसको भव्य वर्णन गरिएको छ । ती महिला दरबारसँग सम्बन्धित एक ब्राह्मणकुलका पुरोहितकी छोरी थिइन् । तिनले बाह्रौं महीनामा (एघारौं महीनाको बारे केही लेखिएको छैन) अर्थात् नोभेम्बर महीनामा, देशमा बाढी आएको थियो भनी लेखेकी छिन् । त्यो बेला राजा आफ्ना भाइभारदारसहित राती प्रजाहरूले जलोत्सव बनाएको नजर हुन वनभोजको इन्तिजाम गरी नदीतिर सवारी भएको थियो । जनताको लअइ क्रठोङको बारे केही भनिएको छ छैन तापनि यथार्थमा यो मनाइएको थियो भन्न सकिन्छ । त्यो बेला प्रयोग गरिएको क्रठोङ, आजकाल हामीले देख्ने गरेकै आकारको थियो होला किनभने ती भद्र महिला नोफमातले आफ्नो पुस्तकमा राजाको लागि प्रवाहयुक्त खोलामा बगाउन आफूले ठूलो कमल फूल आकारको अरू धेरै थरीका नयाँ किसिमका क्रठोङ बनाइदिएको र यसो गरेको निःसन्देह राजाको आनन्दको लागि भनी लेखेकी छिन् । त्यस अवसरमा राजाको लागि गाउन तथा पाठ गर्न तिनले अनेक पाठ र गीतहरू पनि लेखिदिएकी थिइन् ।

पछि थाहा हुँदै जानेछ, लअइ क्रठोङको त्यसबेलासम्म कुनै धार्मिक वा कर्मकाण्डी अर्थ थिएन । यो खालि बाढी आउने वेलामा राम्रो मौसमको दिन पूर्ण-चन्द्रको उज्यालोमा आनन्दले मतापसित दिल बहलाउ गर्ने कुरा थियो । क्रठोङमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राखिने सानो मुद्राको बारे केही लेखिएको छैन। भद्रमहिला नोफामातले वर्णन गरेअनुसार ल:अइ क्ठोङको उत्पत्ति, नम्मदा नदीको किनाराको बालुवामा रहेको बुद्धको पदचिह्नलाई पूजा गर्ने कुराबाट भएको हो जसका बारे अगाडि नै उल्लेख गरिसकिएको छ। आजकल चिनियाँहरू पनि आफ्नै किसिमको ल:अइ क्ठोङ चाड मनाउँछन् र यो चाहिं कर्मकाण्डीय कार्य हो। उनीहरू क्ठोङलाई 'कमल बत्ती' भन्छन् र त्यसलाई बगाउनुलाई 'दियो बगाउनु' भन्छन्। यो शब्द लालटीन बगाउनेसम्बन्धी प्राचीन स्यामी शब्द जस्तै हो। यिनमा केही सम्बन्ध छ कि ? मलाई लाग्छ, भारतीयहरूमा पनि बत्ती बगाउने चलन छ तर ठाउँ हेरी फरक फरकसँग हुन्छ। तिनीहरू पनि विधिविधानको हिसाबले यस कार्यमा केही अर्थ वा महत्त्व दिदैनन्। साँच्चै भन्ने हो भने, दक्षिण भारतमा खोलामा पानी भरिएको बेला किनारमा गई वनभोज गर्ने चलनको रूपमा मात्र मनाइन्छ। हुन सक्छ त्यसबारे धेरै थरीका कुराहरू होलान्। कोही भन्लान्, यसको प्रचलन आफ्ना मान्य देव-देवीहरूप्रति सम्मान चढाउन गर्ने गरिएको हो। मैले आफ्ना भारतीय मित्रहरूबाट जान्न सकेका कुरा यत्तिकै हुन्।

शाही ल:अइ क्ठोङको कुरा अलिअलि सम्झन्छु। त्यो बेला म सानो बालक थिएँ। यो घटना विशाल दरबारको राजघाटअगाडिको नदीमा भएको थियो। राजघाटको अगाडिको नदीको केही भाग यस उत्सवको निम्ति सुरक्षित राखिएको थियो। नदीको बीचधारमा एउटा एक किनारमा र अर्को अर्को किनारमा गरी दुई ओटा ठूलठूला डुङ्गाहरू अड्याई राखेका थिए। एउटा लामो डोरी दुवै डुंगाको वरिपरि बाहिरी घेरा हुने गरी बाँधिएको थियो। अनधिकृत डुङ्गाहरू पस्न नपाउन् भनेर त्यो घेराको वरिपरि र ल:अइ क्ठोङ हुने लागेको पानीको सतहको दुवैतिरको खुल्ला ठाउँको पहरा गर्दै दरबारका घेरै सुरक्षा डुंगाहरू चक्कर लगाइरहेका थिए। धेरै वर्षपछि मैले यो कुरा एकजना साथीबाट थाहा पाएको हुँ। त्यस बेला म यत्ति धेरै सानो केटाकेटी थिएँ कि त्यसको बारे केही टिपोट लेखी राख्न सक्ने शक्ति ममा थिएन। मैले असंख्य साना साना राजकीय सवारी डुङ्गाहरू राजघाटको छेउछाउमा लङ्गुर हालेर बसिरहेका देखेको थिएँ। ती सब राजाका क्ठोङ हुन् भनी मेरा मान्यजनहरूले भन्नु भएको थियो। सानो केटाकेटी भएको हुनाले स्वभावैले मेरो ध्यान अरूमा भन्दा ती नै डुङ्गाहरूमा गएको थियो। यसैले मैले अरू के के देखें मलाई सम्झना छैन। राजश्रीको सवारी भारदारहरूको साथ राती नौ नबजी त्यस थलोमा हुने कुरो थिएन। त्यसैले म साँच्चिकैको ल:अइ क्ठोङ नहेरीकनै त्यहाँबाट हिंडें। वस्तुत: भाइ भारदार सहित राजश्रीको दर्शन गर्न त्यहाँ किनारामा मानिसहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भीड लागिरहेकै थियो। मैले देखेको र अहिले सम्झन सकेका कुरा यत्तिकै हो तर यो अपूर्ण वृन्तान्तलाई म अलि अलि गरी अरूतिरबाट बटुलबाटुल पारेको-बाट पूरा गर्नेछु।

मैले सम्झेको कुरा पक्का हो भने, एक बखत म आफ्ना अग्रजहरूसित डुङ्गामा बसी गइरहेको बेला, मैले त्यो वरिपरि डोरीले बनाइएको घेराको बाहिर पट्टि नदीमा असंख्य डुङ्गाहरू यताबाट उता, उताबाट यता गरिरहेको देखेको थिएँ। यो रातको बेलाको डुङ्गाहरूको जमघट थियो। शान्तिलाई खल्बलाउने आफूभन्दा शक्तिशाली लंचहरू र मोटरबोटहरू नभएको मौका पाई ती डुङ्गाहरू स्वच्छन्दले घुमफिर गरिरहेका थिए। कोही कोही केही कुरा पाठ गर्दै हंसीठट्टा गरिरहेका थिए। केटाकेटीहरू आजकल देखिने किसिमका जल फूल झाडीहरू हेर्दै रमाइलो मानिरहेका थिए। थरी थरीका डुङ्गाहरूमा चल्ती फिर्ती भोजनका पसलहरू थिए र ग्राहकहरू पनि उत्तिकै थिए। कसैलाई त्यस्तै इच्छा लागेमा मानिसहरू खानेकुरो बोकी नदीको बीचमा आनन्दको वातावरणमा आफ्ना साथीभाइहरूको साथमा रमाइलो गर्दै खान सक्थे। यस्तो दृश्य फेरि फेरि पनि हेर्न मलाई मन लाग्छ तर यो कहिल्यै फर्कने छैन किनभने यो बितेको कुरा भइसकेको छ। सर वाल्टर स्कटको "अंतिम गाइनेको गीत" वा आधा सम्झेको पंक्तिलाई उद्धृत गर्दै भन्ने हो भने– पुरानो समय बदलिसकेको छ, पुराना चाल-चलन बितिसकेका छन्।

अब म यस राजकीय लःअइ क्रठोङको बारे परिशिष्टको रूपमा केही कुरा भन्छु। त्यो मेरो एकजना साथीबाट आधिकारिक रूपमा थाहा पाएको हुँ। उहाँको भनाइ अनुसार प्राचीन कालमा राजकीय लःअइ क्रठोङ भव्य रूपमा हुन्थ्यो र त्यसलाई क्रठोङ याई अथवा ठूलो क्रठोङ भन्थे। कोही कोही राजकुमार तथा मंत्रीहरू आ–आफ्ना अलग-अलग क्रठोङ बनाउँथे। तिनीहरू ठूलठूला हुन्थे, यत्तिका ठूला हुन्थे कि तिनीहरू प्रत्येकमा बाजा बजाउने तथा हँस्सी ठट्टा गर्ने थुप्रै कलाकारहरू अट्थे। क्रठोङका छाँटकाँट पनि थरीथरीका हुन्थे–कुनै अजङका कमलका फूल जस्ता हुन्थे भने कुनै ससाना जहाज जस्ता हुन्थे अनि के जस्ता मात्र हुँदैनथे। त्यसका मालिकहरू सबै एक अर्कोसित प्रतिस्पर्धा गर्थे। यसबाट मज्जा र मनोरंजन निकै हुन्थ्यो तापनि हर साल यसको लागि धेरै खर्च हुन्थ्यो। यसको परित्याग गरेर चुलालङकअन राजाको पालामा झिलिमिली बत्ती बलेका साँचैका राजकीय सवारी डुङ्गाहरूको चलन चलाइयो। यो ठूलो क्रठोङ बाह्रौं महीना (नभेम्बर)को पूर्णिमाको दिन हुने गर्छ जब कि साना खालका स–साना राजकीय सवारी डुङ्गाबाट बनेको क्रठोङ चाहिं एघारौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महीना (अक्टुबर)मा मनाइन्छ । उसवेला भारदारहरूसहित भई राजश्रीबाट अनेक मूढा खोपेर बनाइएका ठूलाठूला डुङ्गाहरूको साँघु जस्तो बनाई त्यसमाथि खडा गरिएको एउटा बिशाल समियानामा राज भै लःअइ ऋठोङको खेल नजर हुन्थ्यो । मौसूफबाट बेलुकाको भोजन पनि त्यहीं ज्यूनार गरी आधारातसम्म त्यहीं राज हुन्थ्यो । पानीमा हुने बत्तीका रङ्गी चङ्गी क्रियाहरूले शाही परिवारका बालकहरूलाई लठ्ठ पार्थे ।

लःअइ ऋठोङको मूल पत्ता लगाउन सकिन्छ । मूलतः यो निःसन्देह जल देवताहरूलाई गरिने वार्षिक अर्चना हो अथवा भएभरका पापहरूलाई तथा आफूमाथि आइपर्न सक्ने दैवी प्रकोपलाई भित्री गहिराइसम्म बगाइपठाउनु हो । छियङमाई र उत्तर–पूर्व प्रान्तका मानिसहरू एउटा धेरै ठूलो ऋठोङ बनाउँछन् र कहीं कहीं यसलाई टर्चबत्ती बालेर उज्यालो पारेका हुन्छन् । मानिसहरूले ऋठोङमा केही खानेकुरा र लुगाहरू पनि राख्ने गर्छन् । यी कुराहरू खोलाको धेरै तल पुगेपछि गरीब मानिसहरूले टिपेर लिन्छन् । यसरी यो एक किसिमले आफ्नो पाप अरूलाई सारिदिने क्रिया जस्तो हो । अर्थात् आफ्नो दोषको भागी अरूलाई बनाउनु तुल्य हो । कम्बोडियालीहरूको पनि ब्याङ्कक्को जस्तै राजकीय लःअइ ऋठोङको अतिरिक्त ऋठोङ मनाउने एउटा विशेष दिन हुन्छ । त्यो शरद महीनामा पर्दछ । त्यो दिन आफ्ना स्वर्गवासी पुर्खाहरूप्रति छोराछोरीको कर्त्तव्य पूरा गर्ने रूपमा यसलाई मनाइन्छ । उनीहरू आफ्ना स्वर्गवासी बन्धु-बान्धवलाई त्यसै अवसरको लागि भनी विशेष रूपले बनाइएको भोजमा सहभागी हुन आमन्त्रण गर्छन् । यो निःसन्देह आदिम कालको नवान्नको भोजनको पुनरावृत्ति हो । अनुमानित भोजन क्रिया सकिएपछि, पुर्खाहरूलाई काल्पनिक रूपले नै सही केराको डाँठको ऋठोङ वा डुंगामा खानेकुरा भरी राखेर टाढा पठाइन्छ । यो प्रथा कम्बोडियाली वंशका मानिसहरूले देशका कुनै कुनै ठाउँहरूमा अहिलेसम्मन् पनि सुरक्षित गरिराखेका छन् । तर लःअइ ऋठोङको उत्सव अँध्यारो भएपछि साँझमा मात्र मनाउने गर्छन्, किन होला ? रमाइलोबाट हुने आनन्दको अतिरिक्त भूतप्रेतसम्बन्धी काम कुरालाई रहस्यमय भावको रंग दिनको लागि अक्सर राती नै गर्ने गरिन्छ भन्नुबाहेक अरू भन्ने उपयुक्त कुरो केही छैन । चिनियाँहरूको लोकोक्ति अनुसार बत्ती बगाइदिनुको अर्थ डुब्दै गइरहेका भूतप्रेतलाई अन्धकारपूर्ण राज्यमा जान बाटो देखाउनु हो ।

अर्को कुरा, लःअइ ऋठोङ एक किसिमले जल देवीलाई धन्यवाद चढाउने तरीका हो । यो सम्भवतः कृषक समुदायमा सीमित छ जसको आर्थिक जीवन पानीको प्रचुरतामा भर गर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो कुरा, लःअइ ऋठोङ पछि गएर वर्षको दुईपल्ट आउने बाढीको पानीनिर मनोरम वातावरणमा साँझको बेला बिताउने मनोरञ्जनको कार्य हुन गयो । लःअइ ऋठोङ यसैले मेरो विचारमा केटाकेटीहरूले जस्तै केही कुरा पानीमा बगाई पठाइदिने हामीभित्र भएको नैसर्गिक मनोवैज्ञानिक भावना हो। यो केही अर्थमा एउटा धार्मिक मतको मिसावट हो जसको अर्थ बिर्सिसकिएको छ तर जो आज हामीले देख्ने गरेको तेस्रो अडकलमा थपिएर मसीको रूपमा बाँकी रहेको छ । यसैले हामी लःअइ ऋठोङ लगातार अक्टुबर र नोभेम्बर दुई महीना मनाउने गर्छौं । मेरो विचारमा अक्टुबरमा मनाइने उत्सवको बारे पहिलो र दोस्रो व्याख्या अलि अलि मिल्दछ जुन पछि गएर नोभेम्बरमा मनाइनेसँग मिल्न गयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



लअइ झठोङ



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाषा र साहित्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद–२

भाषा र साहित्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



एउटा भित्ती चित्र (रामाकियनबाट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाई साहित्य, संस्कृतिको प्रचारको सन्दर्भमा

सन् १२८३ को वर्ष थाईल्यान्डको सांस्कृतिक इतिहासको निम्ति एउटा संस्मरणीय वर्ष हो। त्यो साल सुखोथाइ अधिराज्यका राजा महान् राम खाम्हायङबाट थाई अक्षरको आविष्कार भएको थियो। यसभन्दा अगाडि पनि बुद्धिजीवीवर्ग विशेष गरी धर्माधिकारी र शासनाधिकारीहरूले प्रयोग गर्ने गरेको कुनै किसिमको अक्षर भएको अनुमान गर्न सकिन्छ। त्यो बेला कस्तो प्रकारका अक्षरको चलन थियो त? निश्चय नै **खअम्** अक्षर थियो होला। खअम भनेका को हुन्? तिनीहरू सम्भवतः **मोने** तथा **खमेर** अथवा आजका कम्बोडियालीहरूसित मिल्दाजुल्दा जातिका मानिस थिए। पुराना **मोने** वर्णमाला र पुरानो खमेर वर्णमालालाई थाईहरू खअम भन्थे। यस प्रकारको वर्णमाला विद्वान्हरूको भनाइअनुसार दक्षिण भारतका तामील जातिका मानिसहरूको ग्रंथ वर्णमालाबाट आएको हो। थाइल्याण्डका प्राचीन समयमा तालपत्रमा लेखिएका बौद्धधर्मका पवित्र लेखोटहरू धेरैजसो कम्बोडियाली लिपिमा थिए। त्यसलाई थाईहरूले त्यसको विकास क्रममा भएको ऐतिहासिक दुर्घटनाको कारण गल्तीले खोम वर्णमाला भने।

यसैले थाई भाषाको खास साहित्य जुन विशुद्ध आध्यात्मिक पक्षबाट छुट्टै अलग्गै, राजा **राम खाम हाय्**ङको समयदेखि लिखितरूपमा आउन थालेको हो भन्न सकिन्छ। यो कुरा उहाँबाट आविष्कार भएका वर्णमालामा कुँदिएको उहाँको प्रख्यात शिलापत्रबाट प्रमाणित हुन्छ। डा. कोर्नेलियस बी. ब्राडलेले आपनो 'थाईको सबभन्दा पुरानो थाहा पाइएको लेखोट" शीर्षक लेखमा (स्याम समाजको पत्रिका, खण्ड ६, भाग १, ब्याङ्कक् १९०९) राजा **राम खाम हाय्**ङको थाई वर्णमालासम्बन्धमा विस्तारपूर्वक चर्चा गरिएको छ।

थाईहरू सहजात कवि हुन्छन् भन्ने कुरा सर्वविदित छ। थाइल्याण्डका बहुसंख्यक जनता जो गाउँमा बस्छन् निरक्षर तथा सीधासाधा छन् र तिनीहरू सामाजिक भेटघाट तथा पर्वहरूमा जम्मा भएर परम्परागत किसिमले दिल बहलाउने तथा मनोरंजन गर्न मन पराउँछन्। त्यसो गर्दा तत्काल गीत बनाई गाउने पनि गर्छन्। गीतको बोल ठीक ठीक परिमाणमा नापेर मिलाइएको हुन्छ। त्यसको लय र अनुप्रास अत्यावश्यक अंग बनेका हुन्छन्। थाई भाषा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मलतः स्वर–प्रधान भएको हुनाले, त्यसको लयमा झोक्काहरू जोरदार हुनुको साटो तालबद्ध हुन्छन् ।

ग्रामीण जनताले गाउने गरेका यस्ता गीतहरू थाई मौखिक साहित्यका अंग बनेका छन् । एक प्रकारको थाई लिखित साहित्यको विकास यस किसिमका थाई लोक पद्यबाट अरू परिष्करण र अलंकरणका साथ भएको हो ।

परम्परागत थाई लिखित साहित्य मुख्यतया धर्म सम्बन्धी छ । राजा-रानी तथा राक्षस राक्षसनी र देवदेवीसित सम्बन्धित रोमानी प्रकृतिका कथाहरू पनि, बौद्ध र हिन्दू पुराणहरूबाट अभिप्रेरित छन् । यथार्थमा यस्ता कथाहरू विकसित रूपका परी-कथा नै हुन् । शुरूमा यस्ता कथाहरू विख्यात जातक कथाहरूबाट लिइएका थिए । पछि गएर यस प्रकारका साहित्यमा स्थानीय उपजका लोक कथाहरू गाभिन गए । यी कथाहरू पढेर सुनाउँदा निरक्षर मानिसहरूले पनि बुझिने शैलीमा जनताको साधारण भाषामा लेखिएका छन् ।

बौद्धहरूको व्रत-उपवासको अवसरमा (अगस्ट–अक्टुबरमा) मानिसहरू धेरै संख्यामा वात (बौद्ध मन्दिरहरू र विहारहरू) मा भिक्षुहरूबाट हुने धर्मोपदेश सुन्न तथा केही खास धार्मिक अनुष्ठान पूरा गर्न अथवा अरू नै धर्म कार्यहरू गर्न जम्मा हुँदा कुनै विशिष्ट शिक्षित व्यक्ति विशेष गरी भूतपूर्व भिक्षुहरूले तिनीहरूको फुर्सदको मौका पारेर जम्मा भएको भेलालाई यस प्रकारको साहित्यको पुस्तकका अंशहरू सुनाउने गर्थे । विहारको चौगिर्दाभित्र वरण्डाका कुना कुनामा तथा अन्यत्र छायादार ठाउँहरूमा बसी यसरी पाठगर्ने मानिसहरू धेरै नै हुन्थे, र यसरी पाठ गर्दा र तिनीहरू एक किसिमले वाचन गरे जस्तै गरी आवाजको सुर मिलाई गर्थे । यसैले यस किसिमको रचनालाई थाई भाषामा "क्लअन् सुवत्" अर्थात् सस्वर प्रपठन भन्ने गर्छन् । प्राचीन कालमा निरक्षर जनताको माझ परोक्षरूपले बौद्ध धर्म तथा अन्य ज्ञान-गुणका कुरा प्रस्तुत गरी त्यसको निर्माणात्मक प्रभावकारी रूपमा साहित्यको प्रयोग-द्वारा दिइने यो एक प्रकारको धर्मोपदेश नै थियो । यस प्रकारका परम्परा आजसम्म पनि दुइ ठाउँमा कायम नै छ । एउटा ठाउँ दक्षिणी क्षेत्रको राजधानी शहर नखग्रन् सी धम्मरातको ठूलो विहार हो । र आर्को चाहिं थाइल्याण्डको राजधानी ब्याङकक् स्थित पन्नाको बुद्धको राजकीय धर्म-मन्दिर हो जहाँ एक पटक लोप भै हाल फेरि चालू गरिएको छ । यो पछिल्लो धर्म मन्दिरमा परम्पराको रूपमा मात्र फेरि चालू गरिएको हो । प्रपठनको लागि व्यवहार गरिने साहित्य भने भिन्नै किसिमको छ । यथार्थमा, धार्मिक क्रियामा त्यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जम्मा हुने धेरै थोरैले मात्र यसको चाल पाएका छन् । ब्याङ्कक्को राष्ट्रिय पुस्तकालयमा यस किसिमको साहित्यका अनेक उदाहरणहरू पाइन्छन् । तिनीहरू पुरानो शैलीको पुस्तकमा हातले लेखिएका छन् । तिनीहरू मध्ये कुनै कुनै मुद्रित रूपमा पनि निस्केका छन् । धेरैजसो थाई लोक कथाहरू यस किसिमका साहित्यमा सन्निहित रहेका छन् । यस किसिमका कथाहरूको, थाइल्याण्डका छिमेकीहरू विशेष गरी झान (शान), लाओ, मोन र कम्बोडियालीहरूका कथाहरूसँग तुलना गर्दा यस प्रकारका कथाहरूका विषयवस्तुमा ऐक्यता प्रकट हुन्छ । **जे. कसेम् सिबुनरू**अङ्ले अंग्रेजीमा लेखेको "श्यामी लोक कथा" बारेको एउटा पुस्तक पाइन्छ । (ब्याङ्कक् डोन बोस्को प्राविधिक स्कूल र अनाथालय, १९५४) ।

थाई साहित्यको एउटा अर्को किसिम छ जसलाई, राम्रो शब्दको अभावमा, 'रोमान्टिक' उपाख्यान भन्न सकिन्छ । यस्ता उपाख्यानहरूको धर्मसंग सोझै सम्बन्ध छैन । तिनीहरू अलौकिक कुराहरूको तथा धेरैजसो अर्धदेवी नायक र नायिकाका रोमांचपूर्ण साहसिक कार्यहरूका कथा हुन् । तिनीहरू केही अंशमा, शकुन्तलाका प्रसिद्ध कथा जस्तै भारतीय अलौकिक कथाहरूबाट प्राप्त प्रेरणामा आधारित छन् भने केही अंशमा माथि भनिएका थाई लोक कथामा आधारित छन् । ती कथाहरू सर्वसाधारण जनताले बुझी मन पराउन सक्ने किसिमको थाई काव्यको ढाँचामा लेखिएका हुन्थे । साहित्यको रूपमा उच्च गुणस्तरका भएका हुनाले यस्ता धेरै कृतिहरू स्थायी भएर रहेका छन् ।

लखअन नाम गरेको प्रख्यात थाई परम्परागत नाटकको धेरैजसो विषयवस्तु र कथा यसप्रकारको साहित्यबाट लिइएको हुन्छ । पहिलेका मानिसहरू यस प्रकारका कथाहरू अरू कसैले ठूलो स्वरले पढेर सुनाएको सुन्न मन पराउँछन् । आफै पढ्न नसक्ने केटीसँगको प्रेममा परेको युवक आफ्नो प्रेमासक्तिलाई अगाडि बढाउन तिनलाई पढेर सुनाउन अघि सर्छ । यस्तो युवक नभएको खण्डमा अलिकति भए पनि पढ्न जान्ने जो कोही पनि सानो केटो स्वेच्छाले नभए पनि पढेर सुनाउने गर्छ । केटाहरू स्वभावतः पढ्नभन्दा बढी खेल्न मनपराउँछन् । यसरी पुस्तक पढिदिन पर्‍यो भने उनीहरू त्यसको लागि दस्तूर माग्ने गर्थे । केही केटीहरूलाई मात्र होइन कहिलेकाहीं गृहिणी अथवा घरकी बूढीलाई पनि केटाको यस्तो सेवाको आवश्यकता पर्थ्यो । यस प्रकार थाई आइमाईहरू सधैं यस्ता कथाहरू सुन्न लालायित रहन्थे, तर कोही कोही केटा त आफै पनि त्यो अचम्मलाग्दो कथादेखि यत्ति मोहित हुन्थ्यो कि त्यो कथा पढी सुनाउने काम गरिदिए बापत ऊ केही दस्तूर माग्दैनथ्यो । यसैले प्राचीन समयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यको बहुसंख्यक जनतामाथि निकै ठूलो प्रभाव थियो, वास्तवमा सबै मानिसमा स्वभावैले निहित हुने तिनीहरूको चाख, कल्पना र सौन्दर्यको चाहनालाई, सन्तुष्ट पार्ने यही नै एउटा बाटो हो।

यस प्रकारको साहित्यका उदाहरणहरू असंख्य छन्। यसलाई बिस्तार बिस्तारै हटाएर नयाँ किसिमको साहित्यले, पद्यको सट्टा गद्यले पश्चिमी धाराको छोटो कथा र उपन्यासले, ठाउँ लिन थालेको छ। यो हालसालैको कुरा हो, बितेको शताब्दीको अन्त्यतिर जरा गाडेको पश्चिमी साहित्यको असरले हो। तैपनि माथि भनिएका धेरैजसो परम्परागत कथाहरू आजसम्म यथावत् कायम रहेका छन्। महत्त्वको कुरा भाषाको गुण हो जो अभिव्यक्त गरिएको हुन्छ।

थाई साहित्यको अर्को एउटा प्रकार छ त्यसलाई क्लासिक वा प्राचीन भन्दछन्। यो साहित्य भिन्नै प्रकारको कवितात्मक ढाँचामा लेखिएको हुन्छ। धेरै "प्राचीन" काव्यहरू छन्दबद्धरूपमा लेखिएका हुन्छन्। त्यसैले तिनीहरू सच्चा अर्थमा कविता हुन्छन्। यस प्रकारको काव्यलाई अक्सर छन्दशास्त्रमा तोकिए बमोजिम लय–ताल मिलाउन, थाईहरूको प्राचीन शास्त्रीय भाषा पाली र संस्कृतका शब्दहरूको प्रयोगको जरूरत पर्दछ। यो कुरा प्रायशः स्वरप्रधान र धेरैजसो एकाक्षरी भएको थाई शब्दबाट हुँदैन। स्वभावैले यस्ता कृतिहरू बुद्धिजीवी वर्गलाई मात्र काम लाग्छ, साह्रैं उच्चकोटीका "साहित्यिक" हुने भएकोले यस्ता कृतिहरू सर्वसाधारण जनताका लागि अपेक्षतया बुझ्न र रसास्वादन गर्न कठिन पर्छ। प्रसंगानुसार यहाँनिर एउटा कुरा भन्न आवश्यक छ। संक्षिप्त रूपमा माथि बयान गरिए अनुसार थाई साहित्यको विभाजन गर्ने साधारणीकरण गर्नु मात्र हो। केक काटे जस्तै गरी यसको सम्पूर्ण भागलाई टुक्रा टुक्रा गरी छुट्याउन सकिंदैन किनकि खप्टिएका ढाकिएका कुराहरू त्यसमा पनि धेरै छन् जस्तो कि मानिसको बुद्धिबाट उपजिने नयाँ नयाँ रचनाको क्षेत्रमा संधै हुने गर्छ। जेहोस् हामी यस सन्दर्भमा आफूलाई आम जनताको साहित्यमा मात्र सीमित पार्ने छौं। थाई संस्कृतिको विस्तृतिको सन्दर्भमा कुनै खास रूपको सांस्कृतिक प्रभावको प्रतिनिधि भनी मात्र सकिने उत्कृष्टताको लागि छानिएका सात ओटा कृति छन्। संक्षेपमा तिनीहरू यस प्रकार छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१. खुन छाङ खुन भाय्न

यो कथा एउटी राम्री आइमाईको दुई ओटा प्रेमीसँगको त्रिकोणीय प्रेमको कथानक भएको, कतै कतै हास्य–रसले पूर्ण भएको एउटा स्वदेश जात प्रेमकथा हो । यो कथा अन्तै अंग्रेजीमा संक्षिप्त रूपमा दिइएको छ । (हेर्नू **थाइल्याण्डको संस्कृति**, क्रम संख्या ३) । उच्च साहित्यिक मूल्यको अतिरिक्त यस कथामा प्राचीन थाईहरूको जीवन, सामाजिक अवधारणा र विश्वास, परम्परा र रीतिथिति बारेका थुप्रै जानकारी पाइन्छ । खुन छाङ खुन भाय्नको कथा निःसन्देह थाई साहित्यका महान् कृति मध्येको हो । यसमा थाई जीवनको, अवश्यम्भावी भएर एक अर्थमा पश्चिमीकृत हुनुभन्दा अगाडिको यथार्थ पृष्ठभूमिमा चित्रण गरिएको छ । यसका कतिपय घटनाको वर्णनमा जुन प्रकार शब्द र वाक्यांशको छनोट गरी प्रयोग गरिएको छ त्यसको तुलना थाई भाषामा आजसम्म लेखिएको कुनै पनि कुराबाट हुन मुश्किल छ । यसैले यो लोकप्रिय भएको छ । यसको रचना सस्वर वाचन गर्न हुने किसिमले अनि एकजनाले "सोलो" गाउन हुने किसिमले गरिएको छ । यसको सोलो गाउँदा गाउने मानिसको दुवै हातमा एक एक ओटा कडा काठको करताल हुन्छ र त्यसैलाई बजाई त्यसको ताल सुरमा गाउने गरिन्छ । यसरी प्रत्येक अन्तरालको आखिरमा गीतको समावेश हुने यस प्रकारको एक्लै गाउन हुने शैलीलाई थाई भाषामा 'सेभा' भन्छन् । यो 'सेभा' शब्द कहाँबाट आएको हो थाहा भइसकेको छैन । (हेर्नू–अधिराजकुमार **विद्यालङ्कग्रनको सेभा पाठ र खुन छाङ खुन भाय्नको कथा** – श्याम समाजको पत्रिका, खण्ड ३३ भाग १,१९४१) । सेभा पाठ गर्ने धेरै मानिसहरूले पनि आफूलाई मन परी वाचन गर्ने गरेको कथाका खास खास घटनाको वर्णन गरी आफैले केही केही रचना गर्ने गरेको थाहा भएको छ । यसैले बेला बेलामा यस कथाको विवर्धन हुने गरेको छ जसले गर्दा अहिले आएर यो विभिन्न घटनाका अनेक वर्णन भएको एउटा लामो उपन्यास नै हुन पुगेको छ । त्यसबेलाको राजकीय संस्थान (हालको ललित कला विभाग) ले यी सब बटुलेर पुनःसम्पादन गरी वर्तमान रूपको संग्रह तयार पारेको छ । यो पुस्तक व्यापक रूपले पढिन्छ र यसका धेरै अंशहरू कतिपय थाई शास्त्रीय गीतहरूको शब्दावलीको रूपमा प्रयोग भएका छन् । यसका कुनै कुनै भागहरूको ब्याङ्ककको ललित कला विभागद्वारा बराबर मञ्चन गर्ने गरिएको छ । यस कथाको संक्षिप्त अनुवाद अंग्रेजी **प्रेमछायाले** गरेका छन् । ब्याङ्कक द स्टैन्डर्ड नं १ र २ भने त्यस्तै छोटकरी रूपमा फ्रेन्च भाषामा अनुवाद **जे. कासेम सिबुनरूआङ्गले** गरेका छन् । फ्रेन्च भाषामा यसको शीर्षक 'ला फेमे, ले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेरो एट ला मिलियन' राखिएको छ। (मुसी गुइमेट एनाल्स, टोम L×V पेरीस १९६०)। मोन भाषामा पनि खुन् छाङ खुन् भाय्नको कथा छ भन्न सुनेको छु।

२. महाछात्

यो कथा भगवान् बुद्धले बुद्धत्व प्राप्त गर्नु भन्दा एक जन्मअगाडि पृथ्वीमा जन्म लिदाको हो। यो जन्मलाई **महाछात्** अर्थात् महान् जन्म भन्दछन्। यसमा **देसन्दअन्** (वेसन्तर) राजकुमारले– बोधिसत्त्वको रूपमा पृथ्वीमा आफ्नो जीवनको अन्तिम उद्देश्य पूरा गरेर यहाँको आफ्नो आखिरी जन्ममा बोधिज्ञान प्राप्त गर्न तयारी गरेको कथा छ। **वेसन्दअन्** राजकुमारको जीवन यसरी धर्मको एउटा आदर्श भएको छ। उनको जीवनीको पुराण सुन्न मानिसहरू मन पराउँछन् किनभने **वेसन्दअन्** राजकुमारको सर्वोत्कृष्ट त्यागले तिनीहरूको अभ्यन्तरसम्म स्पर्श गर्दछ। **महाछात्** यसैकारणले थाइल्याण्डको छैठौं महीनातिर पर्ने शरद्कालको चाडमा अथवा इच्छानुसारको अन्य अवसरमा यस्तै खालको पुराण भन्नको लागि प्रशिक्षण दिइएको बौद्ध भिक्षुहरूद्वारा बेलीविस्तार गरी सुनाउनको लागि लेखिएको हो। दक्षिण-पूर्व एशियाको मूल-भूमि भरि जहाँ जहाँ बौद्ध धर्मको प्रभाव छ त्यहाँ त्यहाँ महाछात्को कथा अति नै प्रख्यात छ। यसले जनजीवनमा ठूलो प्रभाव पारेको छ। यो कथा थाई कविहरू तथा प्राचीन कलाका कलाकारहरूको लागि एउटा प्रेरणाको स्रोत पनि भएको छ किनभने यसमा यस्ता यस्ता उत्कृष्ट मनोभावहरू, करुणरस, हास्यरस र राम्रा राम्रा वर्णनयोग्य दृश्यहरू छन् कि तिनीहरूले उनीहरूको कल्पना शक्ति र कलात्मक अभिव्यक्तिलाई स्वच्छन्द गति दिन्छन्।

वेंसन्दअन् राजकुमारको मूल कथा, दक्षिणी बौद्ध सम्प्रदायको पवित्र भाषा, पालीमा लेखिएको थियो। थाई भाषामा यसका धेरै संस्करण छन् र तिनको रचना अनेक शैलीमा भएको छ। विशेषज्ञहरूको एउटा समितिले छानेको एउटा चाहिँ **खाम् थेत्** शैलीमा अर्थात् उपदेशात्मक भाषामा छ। यो १३ काण्डमा विभाजित छ र यसैले अलि ठूलो आकारको छ। थाई कविहरूले धेरैले समय-समयमा कसैले एक कसैले एकभन्दा बढी गरी यसका काण्डहरूको रचना गरेका थिए। तिनमा सबभन्दा राम्रा राम्रा मात्र भाग छानेर तिनीहरूबाट एउटा सिंगो कथा बनाइएको छ। यस रचनाको शैली, राम्रा र भावनात्मक शब्दहरूले भरिएको विस्तारपूर्ण गद्य कवितामा छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो एउटा यस्तो कथा हो जसले धेरैजसो थाईहरूको हृदयलाई छुन्छ । यो यस्तो पुस्तकको गणनामा आउँछ जसलाई कुनै पनि स्कूलमा पढ्ने युवाले छोडेको हुँदैन । महाछात्को पुराण भन्ने चलन कहिलेदेखि कसरी भयो भन्ने सम्बन्धमा, अंग्रेजीमा एउटा लेख छ । त्यसमा धर्मोपदेश पर्वमा गरिने समारोहको वर्णन छ । यो लेख जी. ई. जेरिनीले लेखेका हुन् जुन उनको पुस्तक 'थेत् महाछात्' व्याङकक् १८९२ मा समाविष्ट छ । त्यस्तै फ्रुया अनुमान राछथोनद्वारा लिखित "थेत् महाछात्" मा पनि यो दिइएको छ ।

३. रामःकियन

यो प्रसिद्ध भारतीय महाकाव्य रामायणमा आधारित कथा हो । **रामःकियन** यस मानेमा बेजोडको छ कि यसमा मूल महाकाव्यमा नभएका अनेकन् विलक्षणका उपाख्यानहरू र विवरणहरू छन् । तर यो केही अंशमा भारतमा पाइने विभिन्न भाषाका, खास गरी तामिल र बंगाली भाषाका संस्करणसित कतै कतै मिलेको पाइन्छ । थाइल्याण्डको प्रख्यात **खोअन** अथवा मखुण्डो नाच र ह्वाङ अर्थात् थाई, मलयाली र इन्डोनेशियालीको छाया नाच पनि रामायणको कथामा आधारित छ । (हेर्नू राजकुमार **थानीनिवात् क्रोम्मःम्यून फिथयालाभ् फिथयाकअन्** र धनित् यूफोद्वारा लिखित "**खोअन**-मखुण्डो नाच" थाइल्याण्ड संस्कृति क्रम संख्या "र उनै राजकुमार धनिद्वारा लिखित" **नाङ–छोया** नाटक, थाइल्याण्ड संस्कृति नयाँ क्रम संख्या ३) ।

रामायण अथवा अर्को शब्दमा **राम**को कथा, मूल रूपमा मुख जवानी भनिएको देखिन्छ । दक्षिणी थाइल्याण्डमा प्रचलित **छायानाच** मलयाली विशेषज्ञहरूले भन्ने गरे अनुसारको कथाका केही उपाख्यानहरूबाट यो कुरा झल्किन्छ । मलय छायानाचका प्रत्येक नट-मण्डलीलाई सम्भवतः यस कथाको कुनै एक वा बढी उपाख्यानको ज्ञान छ त्यो तिनीहरू कण्ठस्थ भन्न सक्छन् । यस्ता उपाख्यानहरूमा समय बित्दै गएपछि क्षेपकहरू र विस्तरणहरू थपिँदै गएकोमा आश्चर्य मान्नुपर्ने कुरा केही छैन । स्थानीय उद्भवका नयाँ नयाँ उपाख्यानहरू पनि थपिँदै गए होलान् । **राम**को सम्पूर्ण कथालाई पुस्तकाकार दिएको बेला, यो एउटा आफ्नै ढंगको एउटा विचित्रको कथा बन्न गयो । मलय संस्करणको रामायणको बारे जुन कुरा सत्य छ, रामायणको थाई संस्करणको रामायण अर्थात् **रामःकियन** को बारे पनि निसन्देह उत्तिकै सत्य छ ।

रामःकियनको रचना र सम्पादन थाइल्याण्डको वर्तमान राजवंशको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो राजा **राम** प्रथमबाट भएको हो। यसको मुख्य उद्देश्य, निसन्देह, राजदर्बारसित सम्बन्धित बर्मासितको विनाशकारी युद्ध भएदेखि यता धेरै जसो पुस्तकाकारमा बच्न छोडेका सरकारी समारोह तथा परम्पराहरूलाई पनि कथाभित्र गाभ्नु थियो। सरकारी समारोह तथा परम्परावारेका यस्ता कुराहरू निसन्देह मुखले भनिने रूपमा मात्र बाँचेका थिए। यी नै कुराहरू संग्रह गरिएर ठीक बेठीक जाँचीवरी सकिएपछि **रामः** कियनमा शामेल गरिएको अनुमान छ। यसैले राजा **राम** प्रथमको **रामःकियन** मोटा मोटा धेरै किताबको बनेको छ र यो मध्यकालीन थाई दर्बारमा हुने क्रिया कर्म अनुष्ठान आदि बारेको सूचनाको स्रोत भएको छ। पछि उहाँका सुपुत्र राजा **राम** द्वितीयबाट संक्षिप्त रूपमा **रामःकियन**को अर्को संस्करण प्रकाशित भयो जो विशेष गरी मखुण्डो नाचको लागि तयार गरिएको थियो। **रामः कियन**को यो पछिल्लो संस्करण उच्च साहित्यिक मूल्यको छ किनभने यसका रचनाकार राजा **राम** द्वितीय स्वयंकै पनि थाई कविहरूमा एउटा सर्वश्रेष्ठ स्थान थियो। तर जनसाधारण बीचमा भने सुरुचिसम्पन्नताको कारणले होइन कि कथाको बोधगम्यताको कारणले अघिल्लो नै लोकप्रिय भएको छ। रामःकियनका कतिपय प्रसंगहरूको प्रयोग थाई कविहरूले बेला बेलामा कैयन थाई शैलीका धेरै रचनाहरूमा गरेका छन्। **रामःकियन**का कतिपय चरित्र र भनाइको उल्लेख थाई भाषाका अनेक काव्यात्मक रचनाहरूमा यत्र-तत्र दृष्टान्तको रूपमा दिइएका छन्। यथार्थमा, दैनिक बोलचालमा **रामःकियन**का कतिपय उद्धरणहरू बारम्बार प्रयोग गरिन्छन्। यसैले थाई साहित्यको विवेचन गर्नु र थाई भाषा राम्ररी जान्नुको मतलब **रामःकियन** बारे केही जान्नु हो।

अर्को कुरा, ब्याङककको पन्ना बुद्धको राजकीय गृहको दलान भरिको लम्बाइमामा रहेको भित्ते चित्रको विषय नै पनि **रामःकियन**को आद्योपान्त कथा हो। यसले ठूला साना सबै मानिसलाई चित्रको माध्यमबाट **रामःकियन** आनन्ददायक विचित्र। विचित्रका अलौकिक कथाहरूको बारे केही न केही जान्न मद्दत गर्दछ। थाई चित्रकला, मूर्तिकला र सजावटी कलामा बराबर **रामःकियन**को कुनै न कुनै घटनाको सन्दर्भ लिइएको पाइन्छ। यहाँनिर सम्झनुपर्ने कुरा के छ भने **रामःकियन**को मूल स्रोत हिन्दूहरूको पवित्र ग्रन्थ रामायण हो तापनि, थाईहरू यसलाई त्यो दृष्टिले हेर्ने गर्दैनन्। थाईहरूको दृष्टिमा **रामःकियन**, धार्मिकभन्दा बढी लौकिक छ। यो कुरा **रामःकियन**को आपनो संस्करणको अन्तमा राजा राम प्रथमबाट यो कृति धर्मको निम्ति नभै जनताको मनोरंजनका निम्ति तयार गरिएको हो भन्ने लेखिएको बाट पनि स्पष्ट हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"रामःकीर्ति (रामःकियन) अर्थात् रामायणको थाई संस्करण" (व्याङ्कक– १९४०) मा स्वामी सत्यानन्द पुरी र चारु.ण सारःहिरान्ले लेखेको रामः कियनको एउटा सार-संक्षेप छ ।

४. इन्हाउ

तेह्रौं शताब्दी तिर इतिहासमा देखा परेका जाभाका राष्ट्रिय वीर राजा पण्ड्जीको साहसिक कार्यहरुबारेको यो एउटा रोमांचकारी कथा हो । त्यसवेला हिन्दूधर्म त्यस टापूको धर्म थियो । किंवदन्ती अनुसार यो कथा मलय जातिका दुई दासीले अयुध्याकाल (१८ औं शताब्दी) का पछिल्ला भागका दुई राजकुमारी दिदी बहिनीलाई सुनाएका थिए । यस कथालाई, पहिले ती दुई राजकुमारीहरूले उही नायक भएको दुई भिन्नाभिन्नै कथाको रूपमा रूपान्तर गरी काव्यरूप दिए । तीमध्ये एउटा "दलाङ" र अर्को इन्हाउ नामले प्रख्यात छन् । इन्हाउ बीर राजा पण्ड्जीको अर्को नाउँ हो । अयुध्याका ती दुई राजकुमारीबाट रचित यी पण्ड्जी सम्बन्धी कथाका ती संस्करणहरू पछिसम्म रहेनन् तर ती दुवैलाई पुनः राजा राम प्रथमबाट पुस्तकको रूप दिइयो । पछि गएर उनै राजाराम प्रथमका छोरा राजा राम द्वितीयबाट अभिनय गराउनको निम्ति इन्हाउ को अर्को संस्करणको रचना गर्ने काम भयो । थाई भाषामा विशुद्ध शैली र परिष्कृत गुणको निम्ति अति प्रसिद्ध भएको संस्करण यही नै हो । यस प्रसिद्ध कृतिका अंशहरू बराबर थाई रेडियो प्रसारणमा संगीतका साथ गाइएको सुनिन्छ । जाभाली मूलका शब्दहरू थाई साहित्यिक भाषामा पाइने गरेको कारण निसन्देह यही लोकप्रिय कथाको प्रवेशले गर्दा हो । धेरैजसो यी जाभाली शब्दहरू साहित्यिक भाषाका शब्द भए पनि, जनताले बुझ्छन् । प्रत्यक्षतः त्यसो भएको मूल कारण महान् कवि राजा राम द्वितीयका महान् कृतिबाट इन्हाउ को अभिनय हुने गरेकोले हो । थाई भाषामा लखअन् भनिने नाटकीय अभिनय दुई किसिमका छन्: एउटा "लखअन् नअक" अर्थात् बाहिरीयाका लागिको लखअन् र अर्को लखअन् नअक् अर्थात् भित्रियाका निम्तिको अर्थात् विशाल दर्बार लखअन् । पहिलोको दाँजोमा पछिल्लोको अभिनय, गीत गवाइ र संगीत सुसंस्कृत छन् । पहिलोचाहिं छिने घटनाक्रम र बोलीचाली भाषाको वादसंवाद रुचाउने जनसाधारणको लागि हो । लखअन् नाईको कथा र शब्दावली एउटै वर्गको साहित्यिक कृतिहरूबाट मात्र लइएको छ, तिनीहरूमा मुख्य इन्हाउ हो । इन्हाउको थाई संस्करण अंग्रेजीमा "राजकुमार धनीद्वारा लिखित पण्ड्जीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रोमांसको श्यामी संस्करण" भन्ने लेखमा पाइन्छ । (इन्डिया एण्टिक, ई. जे. ब्रील. लेडन १९५७) ।

५. साम कोक्

यो, अति लोकप्रिय चिनियाँ ऐतिहासिक रोमांस **सान् कूछीको** थाई अनुवाद हो। यसले हान्वंशको पछिल्लो भागको चिनियाँ इतिहासको अवधि (१६८ ई. देखि २६५ ई.) बारे प्रकाश पार्छ। माथि चर्चित गरिएका चार कृतिहरूको विपरीत यो कृति गद्यमा लेखिएको छ। पछिल्लो पुस्ताका थाईहरूमा यो पुस्तक यति लोकप्रिय भयो कि यस प्रकारका अरू अरू अनुवाद पनि भए। माथि चर्चा गरिएको कुराको अतिरिक्त विगत शताब्दीका मानिसहरूले पढ्न रुचाएको साहित्य यस्तै प्रकारको थियो। यी कृतिहरूमध्ये धेरैजसो सबभन्दा पहिले पुस्तकाकारमा डा. डी. बी. ब्राडलेले मिसनरी प्रिटिङ्ग प्रेसमा १९ औं शताब्दीको पछिल्लो भागमा छापे। त्यो वेलाको लागि यो नौलो नै कुरा थियो। लडाई-झगडा र जालझेलको अति चाखलाग्दो विवरणका अतिरिक्त यस **साम कोक्** कृतिको अर्को उल्लेखनीय विशेषता के छ भने यो गद्यमा लेखिएको छ, त्यो पनि लेखन कलाको एउटा विशुद्ध शैलीमा। **साम कोक्**का चार जना अनुवादक, भनूँ सम्पादकहरूमध्ये एक जना प्रसिद्ध थाई कवि **चाउ फ्रया फ्रारक्लाङ होङ** थिए जो १८ औं शताब्दीमा प्रतिष्ठित भएका थिए। यस कृतिको प्रभावबाट नै थाईहरूले परोक्ष रूपले चिनियाँ इतिहास र संस्कृतिबारे केही न केही राम्रैसित जान्न र बुझ्न पाएका हुन्। विगतमा सर्वसाधारण पाठकहरूमा यसप्रकारका पुस्तकको निकै ठूलो माग थियो। आज आएर भने यसको ठाउँ बिस्तार बिस्तारै "पश्चिमी" (कुराहरू) र उपन्यासले लिन थालेका छन्। तथापि, उच्च साहित्यिक मूल्यको कारणले केही चिनियाँ ऐतिहासिक रोमांस बाँचेका छन्। ती केहीमध्येमा साम कोक् मुख्य हो। **साम कोक्**को एउटा अंश थाई साहित्यसम्बन्धी पाठ्यपुस्तकको लागि छानिएको छ। यस शृंखलाका अरू अंशहरू यस पुस्तकका क्रम सं. ३, ४ र ६ मा सामेल छन्।

६. राजाथिरात्

यो **मोन** इतिहासको थाई अनुवाद हो। यसमा धेरै मोन राजा **राजाथिरात्** (बर्मेलीमा राजादरित) र सम्भवतः बर्माका बर्गीकृत झान राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पवराङ माङगोङ (बर्मेलीमा मीनकग्रङ)को बीच भएका युद्धको वर्णन छ। यो युद्ध मोन र बर्मेलीहरूमा प्रभुताको लागि भएको युद्ध हो। ऐतिहासिक रोमांस जस्तो देखिए पनि यस **राजाधिरात्** पुस्तकको मूल्य यसको ऐतिहासिक तथ्यको निम्ति नभै यसमा प्रयुक्त थाई लेखनको उत्कृष्ट शैलीको निम्ति हो। अघि चर्चा गरिएको **साम कोक्**कोजस्तै यो पनि गद्यमा लेखिएको छ र यसका लेखक पनि अरू कोही नभै, **साम कोक्** सम्पादन गर्ने उही प्रसिद्ध थाई कवि नै हुन्।

७. फ्रा अभाइमणी

अब हामी थाई संस्कृतिको सजातीय प्रतिनिधिको रूपमा छानिएका थाई साहित्यका सात महान् कृतिहरूमध्येको सबभन्दा पछिकोमा आउँछौं। **फ्रा अभाइमणी** अथवा छोटकरीमा **फ्रा अभाइ** वर्तमान राजवंशको दोस्रो र तेस्रो पुस्ताको राज्यकालमा प्रतिष्ठित भएका जनसाधारणमा **सुनथअण फू** नाउँले प्रख्यात थाई कविको सृजनात्मक कृति हो। उनले विशेष प्रकारको थाई काव्यका अनेक पुस्तकहरू लेखेका छन् जसको बराबरी शायदै कसैले गर्न सकेको होला। जनसाधारणको दैनिक बोलीचालीको भाषामा लेखिएका उनका कृतिहरू थाइल्याण्डको घरघरमा चर्चा हुने विषय बनेका छन्।

फ्रा अभाइ यस्ता अनेक कथाहरूमा पढ्न पाइने एउटा यस्तो राजकुमारको **प्रेम** र साहसको रोमांचपूर्ण कथा हो जो जंगलमा बसेका एक जना जोगीसँग विशेष प्रकारको जादूको कला सिकी सैनिक जातिको सदस्य बन्नलायक हुनको लागि आफ्नो बाबुको दर्बार छाडी हिंडेका थिए। आफूले चाहेको विद्या हासिल गरेपछि उनी योगीसँग बिदावारी भएर जान्छन् र केही दुःखकष्ट झेलिसकेपछि एउटी राम्री कन्याकेटीसँग उनको भेट हुन्छ(यस्ती केटी शक्तिशाली राक्षसकी छोरी हुन्छे)र केटीको बाबु राक्षसको सम्मतिविना नै तिनीसँग विवाह गर्छन्। अन्ततः युद्धमा राक्षस ससुरोको अन्त्य मानव जुवाईंको हातबाट हुन्छ। यस्ता कथाहरूको विवृतिमा पाठभेदहरू हुन्छन् नै तर साररूपमा कथाको मूल विषयवस्तु उस्तै हुन्छ। निस्सन्देह यस्ता थाई रोमांचकारी कथाहरू "जातक" अर्थात् बौद्ध जन्म-कथाहरूमा पाइने अनेक कथाहरू तथा भारतीय कथाहरूबाट पनि अभिप्रेरित भएका हुन्छन्।

फ्रा अभाइको कथा, परम्पराबाट अलग भएको नभए पनि यस्ता पुराना कथाहरूको धाराबाट केही फरक भएको देखिन्छ। यस कथामा जङ्गल र स्थल-भागको मात्र यात्राको साटो समुद्रको यात्राको वर्णन छ जुन त्यसबेला कविको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लागि यथार्थ र काल्पनिक दुवै प्रकारको थाहा भएको संसार थियो । कवि-लेखकले आफ्नो कथामा समुद्रकी दुष्ट राक्षसनी र मत्स्यकन्या जस्ती खास किसिमका प्रमुख पात्रीहरू प्रस्तुत गरेका छन् । ती दुवैले नायक फ्रा अभाइसँग विवाह गरी एक एक ओटा छोरा पाउँछन् । मत्स्यकन्या चाहिं एउटी चाखलाग्दी चरित्र हो जुन मलाई लाग्छ थाई पौराणिक कथाको क्षेत्रमा हालसालै मात्र देखापरेको हो । त्यस कथामा आधा अजिगर र आधा घोडा भएको राक्षस, परालको जादूमय उड्ने डुंगा र एउटा नांगो योगी सम्भवतः जैन सन्यासीको नकल होला, समावेश गरिएका छन् । साथै खेक, पवराङ, अंग्रित पनि समावेश गरिएका छन् । ख्याक् भनेका मुसलमानहरू–विशेष गरी त्यस बेला समुद्रयात्रीको रूपमा प्रख्यात मलयाली तथा जाभालीहरू हुन् । पवराङचाहिं यूरोपियालीहरू हुन् र अंग्रित अंग्रेज हुन् । फ्रा अभाइको कथामा सबभन्दा चाखलाग्दो चरित्रहरू यसैले फाराङहरू विशेष गरी अंग्रेजहरू हुन् । यसमा एउटा पवराङ सामुद्रिक डाकू आउँछ जसको रूखहरूको बगैंचा भएको एउटा ठूलो पानीजहाज हुन्छ । त्यस्तै लङ्का नाम गरेको राज्यमा राज गर्ने तथा रोमन क्याथोलिक धर्मगुरु सल्लाहकार भएकी एक जना जवान र सुन्दरी अंग्रेज रानीको कुरा आउँछ, जसले धेरै दिनसम्म फ्रा अभाइसँग लडाइँ लडिसकेपछि उनैसँग विवाह गर्छिन् र छोरा पाउँछिन् जुन छोरा पनि आफ्नो थाई बाबुको साथ भएको लडाइँमा, आफ्नी आमाको धर्मगुरु रोमन क्याथोलिकको पक्षमा लाग्छन् ।

यस कथाबारे अरू विशेष चर्चा नगरौं किनभने यो धेरै लामो र अनेक खण्डमा लेखिएको छ । यसमा, ग्रन्थकारको समयका, समुद्रपारका विदेशी भूमिमा बस्ने जनताहरू विशेष गरी सत्य र काल्पनिक दुवै प्रकारका पवराङहरू बारे बितेका शताब्दीका थाईहरूको धारणाको केही झल्को भेटिन्छ । फ्रा अभाइको कथामा वर्णित अंग्रेज रानीको कुरा गर्ने हो भने कविले निस्सन्देह महारानी भिक्टोरियाबारे कोही विदेशीहरूबाट सुनेर आफ्नो कथाको रचना गरेको हुनुपर्छ । तर ती अंग्रेज रानीले राजगरेको देश लंका अथवा सिलोन हो भन्ने विचार उनलाई कहाँबाट आएको होला ? उनले यो विचार कहाँबाट पाए होलान् भन्ने विषयमा मलाई लाग्छ तलको कुराले केही सूत्रको काम गर्नेछ ।

"दिशप मिडलटनले एक फेरा उनलाई (हिन्दू पण्डितलाई) दुईओटा सरल प्रश्नहरू सोधेका थिए भन्ने सुनिन्छ । (१) अंग्रेजहरू कहाँबाट आए ? (२) तिनीहरूको मूल के हो ? पण्डितको जवाफ केही तल लेखिएबमोजिम थियो । अंग्रेजहरू लंका अथवा सिलोनको कुनै ठाउँबाट आएका हुन् र तिनीहरू बाँदर र नरभक्षी राक्षसहरूबाट जन्मेका, मिश्रित मूलका हुन् किनभने तिनीहरू बाँदरहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै नबुझिने कुरा गर्छन् र बांदर जाति जस्तै नै खुट्टा तल झारेर कुर्सीमा बस्छन् ।" (हिन्दू, जस्ता स्वरूप– एस.सी. बोस) ।

फ्रा अभाइको कथा थाहा भए अनुसार सबभन्दा पहिले, ब्याङ्ककको ब्याप्टिस्ट मिसनरी डा. स्यामुयल जे. स्मीथले आफ्नो थाई साप्ताहिक "श्याम सभाई"मा धारावाहिक रूपमा छापे र पछि ४८ पृष्ठको एक भाग गरी पुस्तकाकार रूपमा पुनः प्रकाशित गरे । कालान्तरमा यो कथा स्टेण्डर्ड साइजको पुस्तकमा प्रकाशित भयो र यही रूपमा पछि यो प्रख्यात भयो । फ्रा अभाइको पुस्तक लोकप्रिय भएको कारण कथा मात्र नभै, कविको लेखन शैली पनि हो । कविको प्रतिभाले गर्दा यो शैली यतिबिघ्न उत्कृष्ट प्रकारको भएको छ कि यसको बराबरी आजसम्म पनि कतैबाट हुन सकेको छैन ।

'अभयमणीको कथा" नामले संक्षेपमा अंग्रेजीमा यसको अनुवाद प्रेम छायाले गरेका छन् ।(ब्याङकक् १९५२)र कविको जीवनी र कृतिचार्हि फ्रेन्च भाषामा 'ला भिय दु पोयट सावनथोन्स भोउ' नामले कामाइल नोटनले गरेका छन् (रोजेर, फ्राँस १९५९) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाई साहित्य

सन् १९१४ मा पहिलेको राजकीय संस्थानले जुन अहिले ललित कला विभाग भएको छ, थाई भाषाका विभिन्न प्रत्येक शैलीका रचनाबाट थाई साहित्यका सर्वश्रेष्ठ कृतिहरू छान्न विशेषज्ञहरूको एउटा समिति नियुक्त गरेको थियो। त्यो समितिले छानेका कृतिहरू निम्नप्रकार थिए :– फ्रा सामुत्याखोत्, महाछात् खाम थेत, खुना छाङ खुन भायन, इन्हाउ, हुव चाई नकरोव, साम कोक, फ्रा राछफिथि सिपसअङ दुअन्। यी कृतिहरू भाषाको सुन्दरता र तिनीहरूको भावात्मक गुणको दृष्टिले छानिएको हुनुपर्छ।

फ्रा लः– थाइल्याण्डको उत्तरमा अवस्थित एउटा सानो मुलुकका राजासित सम्बन्धित एउटा रमाइलो कथा हो। ती राजा जवान र अति रूपवान थिए र उनको विवाह भैसकेको थियो। उनको सुन्दर रूपको बयान गाइनेहरूको गीतको विषय बन्दै देशका दुई रूपवती राजकुमारीहरूको कानमा पऱ्यो। ती राजकुमारीहरू छिमेकी देशका राजाका दुई मात्र सन्तान थिए। ती राजाका बाबुलाई एउटा लडाइँमा फ्रालःको बाबुले मारेका थिए। गाइनेहरूले बयान गरेको फ्रा लःको गजबको सौन्दर्यबाट मोहित भएर ती दुबै राजकुमारी उसको प्रेममा पागल भए र आफ्ना दुई विश्वासी दासीलाई जंगलका भूत पूचाउकहाँ मदत माग्न पठाए। जंगलका ती भूतले जादू टुनामुना गरी फ्रा लःलाई उसको देशबाट बाहिर ल्यायो। अनि एउटा जादूको कुखुराको पछि पछि लाग्दै ऊ आफ्ना दुई इमानदार अनुचरका साथ ती दुई राजकुमारीको देशमा पसेर राजाको बगैंचामा पुगे। आफ्नो देशबाट हिंड्नुभन्दा अगाडि फ्रा लःले पनि त्यो गाइनेबाट ती दुई राजकुमारीहरूको रूपको साथै आफूप्रतिको तिनीहरूको प्रेमबारे पनि सुनेका थिए। तर दुई मुलुकको बीचको शत्रुता भएकोले उनले तिनीहरूसित बिहा गर्ने कुरा चलाउन सकेका थिएनन्। जादूको थाम्नै नसकिने शक्तिले गर्दा उनले जानी जानीकनै आफ्नो देश छोडेका थिए। आफ्नी स्त्री र आमासँगको अश्रुपूर्ण विदाइ पछि उनले आफूलाई आफ्ना दुईटा इमान्दार अनुचरका साथ शत्रुको देशमा एकलै पुगेको पाए। शत्रुहरूले भेट्टाएमा ठूलो खतरा हुन्थ्यो र उनको मनोभावनामा यसैले प्रेम र संकट मिसिएको थियो। तर फ्रा लः र दुई राजकुमारीहरूको बगैंचामा भेट भै नै हाल्यो र गुप्त रीतिले प्रेम-व्यवहार गरे। उनका दुईजना इमान्दार अनुचरहरूले पनि दुईजना विश्वासी दासीहरूलाई आ-आफ्ना प्रेमिकाका रूपमा पाए जो राजकुमार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजकुमारीको यस प्रणयलीलालाई मिलाइदिनमा मुख्य कारक भएका थिए। धेरै काल बित्न नपाउँदै राजकुमारीहरूकी बज्यैले यस प्रेम मिलनको सुईंको पाइन्। आफ्ना पतिलाई फ्रा लः का बाबुले मारेको प्रतिशोधको भावनाले गर्दा, तिनले मौका यही हो भनी देखिन् र छिट्टै नै ती तीनैजनालाई मार्नको निमित्त राजकीय बगैंचामा सिपाहीहरूको एक फौज पठाइन्। फ्रालःले आफ्ना दुई इमान्दार अनुचरहरू, दुई राजकुमारीहरू र ती दुई विश्वासी दासीहरू सहित भएर आक्रमणको आखिरीसम्म बहादुरीकासाथ मुकाबला गरे र अन्तमा सबै मारिए। यस दुःखद घटना थाहा पाएपछि ती दुई राजकुमारीका बाबु राजा रीसले आगो भए। दाह-संस्कारको वर्णन विस्तारपूर्वक भई दुइ परस्पर-बिरोधी अधिराज्यबीच मेलमिलाप कायम भएपछि कथा टुंगिन्छ।

फ्रा लःको कथा संक्षेपमा यही नै हो। यो निःसन्देह उत्तरी थाइल्याण्डमा प्रचलित एउटा दन्त्यकथामा आधारित छ। यसको विषयवस्तु पछि मात्र यस रूपमा आएको हो। यो कथा थाई भाषामा लिलित् भनिने पद्य र गद्य-कविताको मिश्रित शैलीमा लेखिएको छ। आज लोप भईसकेका शब्द र शब्द रचनाको प्रयोग भएको देखिए तापनि यसमा प्रयुक्त भाषाको अभिव्यक्ति विशुद्ध प्रकारको छ। उच्च साहित्यिक गुणको साथसाथै यसबाट प्राचीन थाईहरूको धर्म, रीतिथिति र चालचलनबारे धेरै कुरा थाहापाउन सकिन्छ। कृतिको अंतमा, केही श्लोकहरूमा, ग्रन्थकर्ताले आफूलाई राजा वा महाराजाको रूपमा झल्काएको देखिन्छ तापनि दुःखको कुरा, त्यसपछिको श्लोकमा यसले उनलाई युवराज भनी बताएको पाइन्छ। मिति दिइएको छैन। यी दुई श्लोकहरू ग्रन्थकर्ताकै रचना हुन पनि सक्छन् अथवा अर्कै व्यक्तिबाट रचना भएको पनि हुनसक्छ र पछि भिन्ना-भिन्नै समयमा थपिएका पनि हुन सक्छन्। सम्भवतः कसैले यस कृतिको ग्रन्थकर्ता राजा हुन् भनी एउटा श्लोक थपिदियो अनि अर्कोले 'हो, यसका ग्रन्थकार महाराज होइ बक्सन्छ तर त्यो कथा लेखिबक्सेको बेला उहाँ युवराज होइबक्सिन्थ्यो भनी थप्यो होला। त्यसो भए सच्चा ग्रन्थकर्ता को हुन् त ? यसैमा भिन्न-भिन्न मत पाइएको छ। कोही राजा बरोम्त्राईलोक् (१४६३-१६८८ ई.) को नाम लिन्छन् भने कोही राजा नाराःई (१६४७-१६८८ ई.) को नाम लिन्छन्। फ्रा लः थाई उत्कृष्ट साहित्यमध्येको एक हो, र साहित्यिकहरूको बीचमा यो लोकप्रिय छ। उच्च विद्यालयहरूमा साहित्य-सम्बन्धी अध्ययनको निम्ति मूल ग्रंथको रूपमा यसको प्रयोग गरिएको छ। चालिस वर्ष जति अगाडि, नाटकको रूपमा प्रदर्शित गरिएकोले जन-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



खुन् चाङः खुन् भान्



फ्रा समुत्यखोत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



रामायियम



फ्रा अभइ मणि

हेम वेजाक अमका कलाकृतिहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साधारणमा यसको प्रख्याति छ । संगीत नाट्यको रूपमा पनि बेला-बेलामा यसको मंचन गर्ने गरिएको छ र यसका धेरैजसो गीतहरू मानिसहरू अझ पनि गाउने गर्छन् र रेडियोमा पनि सुनिन्छन् । सन् १९३६ मा **प्रेम छायाले** मूल कथाहरूलाई अंग्रेजीमा अनुवाद गरी यसलाई माजिक लोटस् (जादूमयकमल) भनी नाम दिएका छन् ।

फ्रा समुत्थखोत वा संस्कृतमा समुद्घोष संस्कृत छन्दको एउटा छन्दोबद्ध शैलीमा लेखिएको छ । फ्रा समुत्थखोत् नायकको नाम हो । यो कथा थाइल्याण्डमा **प्रचलित पञ्चास** जातक नाम गरेको एउटा अप्रमाणित बौद्ध ग्रन्थमा भएका ५० कथा मध्ये एउटाबाट लिइएको छ । धेरैजसो कथाहरू थाई लोक कथा हुन् । म समुत्थखोत् कथा भन्ने प्रयास गर्दिनँ किनभने यो पनि भारतीय कथा सरित्सागरमा पाइने किसिमको कथाको ढाँचामा छ । यसमा पनि भारतीय पौराणिक कथामा पाइने विद्याधरी तथा यक्ष जस्ता अर्द्ध देवताहरूको कुरा छ । यो कृति राजा नाराःइका एकजना प्रसिद्ध दर्बारी कविले लेखेको तर सिध्याउन नपाएको कृति हो । राजा नाराःइ स्वयंले यसको बाँकी पूरा गर्ने भार लिएर काम शुरू गरिबक्सेको भए तापनि नसकी यो अधूरोको अधूरै रहन गएको थियो । वल्ल १९ औं शताब्दीतिर यो कृति राजकुलको एकजना आदरणीय वृद्धजनबाट पूर्ण भयो जो स्वयं यस प्रकारको शैलीका एक विख्यात कवि थिए । फ्रा समुत्खोतको शैली गहकिलो र शब्द-विन्यास गहन छ । यसमा भरमार संस्कृत र पाण्डित्यपूर्ण शब्दहरू छन् जुन थाई बुद्धिजीवीहरूलाई पनि सितिमिति बुझ्न कठिन पर्दछ । यो स्वाभाविक हुनुको साटो ज्यादा कृत्रिम छ । यो आफ्नै प्रकारको एउटा गौरव ग्रन्थको रूपमा र भारतीय छन्दबाट लिइएका अनेक किसिमका मीठामीठा लयपूर्ण स्वरले गर्दा मात्र आजसम्म बचिरहेको हो । यसको सरोकार ज्यादा शब्द-चयनको कौशलसित छ, हृदयलाईभन्दा ज्यादा दिमागलाई स्पर्श गर्नुसित छ ।

महाछात् खाम थेत (माहाछात् अथवा पाली र संस्कृतमा **महाजाति**) भगवान् बुद्धको, बुद्धत्व प्राप्त गर्नुभन्दा अगाडिको पृथ्वीमा भएको आखिरी जन्मको कथा हो । यो जन्मलाई वेसन्तर जातक भन्छन् र यसको कथा मुलुकभर निकै लोकप्रिय छ । थाई भाषामा धेरै संस्करणहरू छन् र अनेक रचना-शैलीमा लेखिएका छन् । विशेषज्ञहरूको समितिले छानेको एउटा **खामथेत्** शैली अर्थात् शिक्षा दिने भाषाको शैली हो । यो १३ काण्डमा विभाजित छ र यसैले केही ठूलो आकारको छ । समय समयमा धेरै थाई कविहरूले **माहाछात्**को एक वा बढी काण्डहरू रचना गरेका छन् । प्रत्येक काण्डका राम्रा-राम्रा भाग छानेर कथालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्ण बनाइएको छ । रचना शैली राम्रा-राम्रा भावपूर्ण शब्दहरूले भरिएको कलापूर्ण गद्य-कविता छ । यस कथामा प्रेम, करुणा, हास्य र वर्णनात्मक दृश्य-हरू पाइन्छन् र यसैले यसबाट कविहरू आफूलाई अभिव्यक्त गर्ने प्रेरणा प्राप्त गर्दछन् । यो कथाले धेरै थाईहरूको मर्मलाई छुन्छ । यो प्रत्येक युवाले विद्या-लयमा नपढी नछोड्ने पुस्तकमध्येको हो । देशभरि नै विहारहरूमा धर्मोपदेश कक्षमा यसको पुराण भन्ने परम्परादेखिको चलन हुनाले गाउँलेहरूलाई पनि यस कथाको ज्ञान छ । थाई-चित्रकलालाई पनि यस कथाले लोकप्रिय विषयहरू दिएको छ । जी. ई. जेरिनीले आफ्नो पुस्तक **थेत् महाछात्को** उद्भव सम्बन्धी गतानुदर्शक विचार र विवरण **महाछात्** र त्यसको पुराण भन्ने चलनको रूपरेखा दिएका छन् ।

खुनछाङ खुनभायन् नामक प्रख्यात र लोकप्रिय कृति **खुनछाङ** र **खुनभायन** दुई पुरुष र **वानथोङ** नामक एक स्त्रीको बीचको प्रेमकथा हो । तिनीहरू एउटै शहरमा बस्तथे र सानो उमेरमा सँगसँगै खेल्ने साथी थिए । **खुनछाङ तालु** खुइले तर धनी थियो । ऊ विवाहित थियो र गाउँले रईसको रूपमा मोजमज्जाको जीवन बिताउँथ्यो । पत्नीको मृत्यु भएको केही समय बित्न नपाउँदै उसले आफ्नो आँखा पहिलेको खेल्ने साथी अहिले राम्री तरुणी भइ-सकेकी **वान थोङ**मा लगायो । तर ऊ धनी भए तापनि **वानथोङ** उसलाई प्रेम गर्दैनथिई किनभने उसको **तालु** खुइलिएको थियो साथै कायर पनि उत्तिकै थियो जुन दुइटै कुरा तिनलाई मन पर्दैनथ्यो । हेर्दैमा ऊ शूरवीर देखिन्थ्यो । ऊ प्रेम र युद्ध दुवैको सम्बन्धमा जादूमय कलाको धनी थियो । तर गरीब थियो । ऊ आफ्नो बाल्यावस्थाको शहरलाई आफ्नी आमाको साथ छोडेर हिंडेको थियो तर जवान भएपछि ऊ फेरि फर्केर आयो र **वानथोङ**सित उसको फेरि भेट भयो । प्रेमी-प्रेमिका नभएसम्मन् तिनीहरूले एकअर्कोलाई चिनेनन् । रोमाञ्चकारी वातावरणमा ती दुईको विवाह भयो र **खुनछाङ**लाई ठूलो दुःख भयो । केही कालपछि एउटा आन्दोलन भयो र राजाले त्यो आन्दोलन दबाउन **खुनभायनाङ**लाई खटाए । ऊ आफ्नी जवान स्त्रीसँग दुःखपूर्वक विदावादी भयो र तिन-लाई सासूको जिम्मा छोडेर हिंड्यो । पछि ऊ काम फत्ते गरेर फर्क्यो र राजा-बाट उसलाई मानपदवी पनि मिल्यो । उसले आफूसँगै एउटी अर्की स्वास्नी पनि ल्याएको रहेछ तर आइपुग्दा आफ्नो घर भत्काइएको र त्यसको ठाउँमा अर्को बनाइराखिएको पायो । इच्छा नहुँदानहुँदै पनि **वानथोङ**को केही दिनमै **खुनछाङ**सँग बिवाह हुन लागेको रहेछ किनभने **खुनभायन** समर भूमिमा मऱ्यो भन्ने हल्ला चचेको रहेछ । यो सब **खुन छाङ**को जालसाजी थियो । **वान थोङ**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र खुन भायनकी दोस्री स्वास्नीको बीच ईर्ष्याडाहले झगडा हुन थाल्यो। खुन भायनले झगडा रोक्न सकेन र वान थोङसित रिसाएर घर छोडी हिँड्यो। एक दिन पछि अझै पनि म खुन भायनकी नै स्त्री छु भनी तिनले कडा प्रतिरोध गर्दा गर्दै पनि खुन चाङ आएर वान थोङसित जबर्जस्ती विवाह गऱ्यो। भोलिपल्ट खुन भायन आइपुग्यो र मेरी स्वास्नी फर्काइदेऊ भन्यो। निकै झैं-झगडा भयो आखिरमा खुन भायनले आफ्नो दावी छोड्यो र फर्क्यो। खुन चाङ राम्रो लोग्ने थियो। यसैले वान थोङ उसलाई माया गर्थी तर भित्री हृदयमा भने अझै तिनको खुन भायनप्रति प्रेम थियो। यी तीनजनाको यस प्रकारको क्रिया-प्रतिक्रियाले कथावस्तु घनीभूत हुँदै जान्छ। अन्तमा प्रेममा स्थिर भएर बस्न नसकेको कारणले चढ्दो उमेरमा तिनले दण्डित हुनुपऱ्यो। राजाबाट केरकार हुँदा तिनीले वस्तुतः कसलाई चाहन्थिन् निधो गरेर बताउन सकिनन्। कथा यतिमै टुँगिदैन तापनि वान थोङको मृत्युपछि पराकाष्टाको अन्त हुन्छ।

खुनछाङ खुन भायन्को कथा दुई जोर कडा काठको बाजा बजाएर त्यसको साथमा वाचन गर्न हुने शैलीमा रचना गरिएको अनुमान हुन्छ। यसमा उल्लिखित राजा दुई शताब्दी जति अगाडि पछिल्लो अयुथयाकालका एकजना थाई राजा हुन् र खुन भायन उनकै एकजना समर्थवान सिपाही हुनुपर्छ। विभिन्न कविहरूको हातबाट यो सत्यकथा कालान्तरमा बढ्दा-बढ्दा अहिले आएर एउटा लामो उपन्यास नै हुन आएको छ। यसैले यस कथाका विभिन्न घटनाहरूका धेरै रूपान्तर निस्केका छन्। यी सबैको संग्रह गरेर राजकीय संस्थानले पुनःसंपादन गरी यसलाई वर्तमान रूप दिएको छ। दुई अग्रगण्य थाई कवि राजा राम द्वितीय र सुन्थअन फूबाट यसका अनेक घटनाहरूको रचना भएको छ। यसको रचना जनताको दैनिक बोलचाली भाषामा भएको हुनाले यो लोकप्रिय भएको हो। यो कथा प्रेम र करुण रसले परिपूर्ण छ। कतैकतै हास्यरस पनि पाइन्छ। यसमा शुरूदेखि अन्तसम्म थाईहरूको प्राचीन विश्वास, सामाजिक रीतिथिति, बानी-बेहोरा र चालचलनबारेका थुप्रै जानकारी सन्निहित भएर रहेका छन्। मलाई थाहा भएसम्म यहाँ बसोबास गरिरहेका एकजना फ्रान्सेलीले यो पुस्तकको अनुवाद फ्रेन्च भाषामा गरिसकेका छन् वा गर्दैछन् र अंग्रेजी भाषामा पनि येल विश्वविद्यालयका एकजना अमेरिकी प्राध्यापकले एउटा, र अर्को एउटा चुलालङकअन विश्वविद्यालयका एकजना अंग्रेजीका प्राध्यापकले अर्को अनुवाद गरेको पाइन्छ। (अंग्रेजीमा यसको सार-संक्षेप स्टाण्डर्ड नं. १ र २ मा पनि छापिएको थियो, यो अहिले पाइँदैन।)

इँन्हाउ, माजापाहित साम्राज्य खडा हुनुभन्दा अगाडिका प्रसिद्ध जाभानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीर र राजा पांजीका प्रख्यात चक्रकथाबाट लिइएको कथा हो । किंवदन्तीअनुसार यो कथा पछिल्लो अयुधया कालका दुई राजकुमारी दिदीबहिनीलाई मलयवशका दुईजना दासीहरूले सुनाएका हुन् । यसलाई पहिले ती दुई राजकुमारीहरू प्रत्येकले उही नायक भएको दुई भिन्ना-भिन्नै कथा बनाई कविताको रूपमा ढालेका थिए । यिनमा एउटा मात्र पछिसम्म रहेको र तिनीहरूलाई नाटकको रूपमा मञ्चन गर्न हुने शैलीमा मिलाएर फेरि पुस्तकाकारमा निकालियो । राजाराम द्वितीयबाट रूपान्तर भएको संस्करण आजकल इन्हाउनामले प्रख्यात छ । यो सुन्दर कलात्मक अभिव्यक्तिले युक्त छ र भाषा परिष्कृत छ । थाई साहित्यका कुनै पनि विद्यार्थीले यसलाई छोड्न हुँदैन ।

हुव चाइ नाक्रोब राजा **बछीराबुधबाट** लेखिएको आधुनिक नाटक हो । शीर्षकको अर्थ हो "लडाकुको आत्मा" । राजा **बछीराबुध** स्वयं यस प्रकारका रचना-शैलीका अग्रगामी हुन् । थाई भाषामा अनेक प्रख्यात अंग्रेजी र फ्रेन्च नाटकहरू अनुवाद गर्ने र निकाल्ने गर्नुको अलावा राजा **बछीराबुधबाट** धेरै मौलिक थाई नाटकहरूको रचना गर्ने र प्रकाशित गर्ने काम भयो, र ती सबैको बेला-बेलामा मञ्चन पनि भएको छ । 'लडाकुको आत्मा' राजकीय लेखनीबाट निक्लेको सबभन्दा राम्रोमध्येको हो । यसमा देशमाथि आक्रमण गर्ने एकजना काल्पनिक शत्रुको चित्रण गरिएको छ । नायकले आफ्ना भावी ससुराको हृदय परिवर्तन गरी थप मदत आइनपुगुञ्जचाल इलाकालाई शत्रुको हातमा पर्नुबाट मरिमेटी रक्षा गर्न लगाएको ठाउँमा पुगेपछि यो कथाको सुखद अन्त हुन्छ ।

सामकोक्चार्हि चिनियाँ ऐतिहासिक उपन्यास **साङकू छाई यू ई** को थाई भाषामा गरिएको अनुवाद हो । **सामकोक्**को विशेषता मूलको शब्दसः अनुवाद हुनुमा नभै यसलाई यस प्रकारको सीपमा ढाल्नुमा रहेको छ, यसको गद्य शैली थाई भाषामा एउटा सब्रभन्दा राम्रो मानिन्छ । यो पढ्दा गद्यभन्दा पनि बढी गद्यकविता जस्तो देखिन्छ । अनुवाद–ग्रन्थकर्ता प्रारम्भिक व्याङकक्–कालका प्रसिद्ध कवि **चाउ फया फ्रा खलाङ** (सम्माननीय) हुन् ।

फ्रा राछफिथि सिपसअङ दुअन्को अर्थ वर्षको बान्ह महीनामा गरिने राजकीय उत्सवहरू हो । यसरी यो थाई राजकीय उत्सवहरूसम्बन्धी ग्रन्थ हो । यी उत्सवहरू कसै-कसैले मात्र देख्न र जान्न पाएका छन्, पाएकाले पनि सम्पूर्ण रूपमा देख्न र जान्न पाएका छैनन् । शिष्ट र सरल लेखनी तथा भरिपूर्ण ज्ञानले राजा **चुलालङकअनवाट** यो प्रसिद्ध ग्रन्थको रचना भएको हो । तर सयकडौं पृष्ठ लेखिइसकेपछि बीचैमा उहाँको स्वर्गवास हुन गएकोले यो अधूरो रहन गएको छ । विगत कालको थाई संस्कृतिको एउटा अत्यन्त महत्त्वपूर्ण चरणबारे जान-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कारी पाउनको लागि विद्यार्थीहरूले अक्सर यो पुस्तक पढ्ने र हेर्ने गर्छन्। साधारण पाठकको लागि भनी विचार गरेर लेखिएको हुनाले यसको शैली स्पष्ट र सुनिश्चित छ।

ग्रन्थहरूको यस सूचीमा म **फा अभाईमणी** र **रामाकियन्** दुइटा कृति थप गर्न चाहन्छु।

फा अभाइमणी प्रसिद्ध कवि **सुनथअन फू*** बाट रचना गरिएको एउटा विलक्षणको कथा हो। यो प्रेम, षडयन्त्र र दुःसाहसिकता-प्रधान काल्पनिक कथा हो। यो कथाको अंग्रेजीसार 'स्ट्रयाण्डार्ड'मा सन् १९४८–१९४९ मा निक्लेको थियो।

रामाकियन भारतीय महाकाव्य रामायणको थाई रूपान्तर हो। चाख लाग्दो कुरा के छ भने 'बाल्मीकि रामायण'बाट यो धेरै नै फरक छ तर जहाँ-सम्म मलाई थाहा छ, तामील, काश्मिरी, बंगाली, मलय, जाभानीमा लेखिएको रामायणसित कहीं कहीं मिल्दछ। थाई भाषामा लेखिएकोमा यो सबभन्दा लामो कथा हो र यो धेरै ठेलीमा भएर टुंगिएको छ। यसको संक्षिप्त सार केही वर्षअगाडि स्वामी सत्यानन्द पुरीले अंग्रेजीमा तयार पारेका थिए र त्यसको द्वितीय संस्करण व्याङ्कक्मा सन् १९४९ ई. मा छापिएको हो।

संक्षेपमा भन्ने हो भने, थाई साहित्य, कला र संस्कृति बुझ्न उत्कृष्ट इच्छा राख्नेहरूका निमित्त यी धेरैजसो पुस्तकहरूको ज्ञान हुनु अनिवार्य छ, किन भने यी प्राचीन-अर्वाचीन दुवै किसिमका पुस्तकहरू सबै वर्गका निमित्त हुने महान् थाई रचना हुन्। फा **समुत्थ खोत र साम्कोक्** दुईबाहेक ती सबैको थाई राष्ट्रिय प्रतिभाको प्रतिनिधिको रूपमा अरू भाषाहरूमा अनुवाद हुनुपर्छ। राजकीय संस्थानको उत्तराधिकारी ललितकला विभागले धेरैजसो यी पुस्तकहरू प्रकाशित गरिसकेको हुनाले अनुवादको तात्पर्यको लागि सबैभन्दा राम्रो संस्करण प्राप्त गर्नलाई व्यवस्था गर्न सकिन्छ। अनुवाद गर्ने तरीका, अनुवादको समस्या-सम्बन्धमा विशेषज्ञहरूको अन्तर्राष्ट्रिय समितिको बैठकको प्रतिवेदन (युनेस्को हुउस २१–२५ नभेम्बर १९४९) मा जनाइएअनुसारको प्रणालीबमोजिम हुनुपर्छ।

द स्टचाण्डर्ड, नं. १६५, फरवरी २४९३

---

*सुनथअन फूको जीवनी उनको सःवास्दी रवसामा हेर्नुहोला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सःवाद्दी रक्सा

सःवाद्दी रक्सा (संस्कृत : स्वस्ति रक्षा) को अर्थ आफ्नो हितको सुरक्षा गर्नु हो । यो, **सुनठअन फू**को नाउँले प्रख्यात एकजना अग्रगण्य कविद्वारा लेखिएको एउटा छोटो कविताको नाउँ हो । **फू** कविको व्यक्तिगत नाउँ हो र **सुनठअन** (संस्कृत : सुन्दर) को अर्थ सुरिलो स्वर भएको अथवा वाक्पटु हो; यो शब्द उनका कुनै कुनै कृतिहरूमा उपनामको रूपमा देखापरेको छ ।

सुनठअन फूको जन्म सन् १७८६ ई. मा भएको हो । तन्नेरी भएपछि उनी राजा मोङकुत्का ओजस्वी पिता राजा राम द्वितीय (१८०९–१८२४) का कृपापात्र भए । स्वयं एक ठूला कवि होइवक्सेका मालिकबाट सल्लाह मागिवक्सेको बेलामा कुनै पनि कविताको लागि कुनै पनि ठाउँमा ठीक मिल्दो शब्द पत्ता लगाई बताइदिन सक्ने तीक्ष्ण बुद्धि भएका हुनाले **सुनठअन फू**माथि राजाबाट स्नेह र कृपा प्रदान गरिवक्सिएको थियो । **राजश्री** र **सुनथअन फू** दुवैको संयुक्त प्रयासबाट धेरै संख्यामा स्थायी साहित्यिक कृतिहरूको सिर्जना भयो जसबाट सर्वश्रेष्ठ भावविशिष्ट थाई साहित्यको संवर्द्धन भयो । राजा **राम** द्वितीयको स्वर्गवास भै राजा **राम** तृतीयको उदय भएपछि **सुनठअन फू** दरबारबाट निकालिए । उनको उपाधि पनि खोसियो । किनभने राजा **राम** तृतीय राजकुमार होइवक्सेको समयमा राजदरबारमा कवितासम्बन्धमा एक छलफलको अवसरमा उनले मौसूफको अगाडि बोल्दा र व्यवहार गर्दा हठको प्रदर्शन गरेका थिए ।

यसरी पदच्युत भएपछि नयाँ राजाको अगाडि अनुहार देखाउने सङ्कोचले **सुनठअन**फूले आवारा भै जीवन बिताउन थाले । केही दिन उनी भिक्षु पनि भए । बौद्ध धर्मको प्रतीक पहेंलो वस्त्रले उनलाई परम्परागत सुरक्षा पनि दियो । राजा **राम** तृतीयको स्वर्गवास भै राजा **माङकुत्**को राज्यारोहण भएपछि मौसूफको राज्यकालको दोस्रो राजा कहाँ, दर्बारिया कविको रूपमा उनको नियुक्ति भयो । दोस्रो राजा भनेको यथार्थमा राज्यको उत्तराधिकारी हो तापनि साधारण उत्तराधिकारीहरूको भन्दा बढी राजकीय विशेषाधिकार सम्पन्न गराइएर राजाको उच्च पदमा आसीन गराइएकोले दोस्रो राजा भनिने गरेको हो । **सुनठअन फू**को सन् १८५५ ई. मा मृत्यु भयो ।

सुनठअन फूले लेखेको छोटो कविता सःवाद्दी रक्सा प्रत्येक पंक्तिमा आठ आठ ओटा शब्दांश भएको एक प्रकारको तुकबन्दी शैलीमा लेखिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस शैलीमा प्रयुक्त आन्तरिक अन्त्यानुप्रास र त्यसको सुमधुर स्वरवाट सुनठअन फू आफ्नो कलामा राम्रोसँग सफल भएको देखिन्छ। विभिन्न कृतिहरूमा देखिएको उनको लेखन-शैली आफ्नै किसिमको छ र उनको भाषा सबैले स्पष्ट बुझ्ने खालको जनताको भाषा छ। उनका कृतिहरू लोकप्रिय भएको कारण पनि यही नै होला। धेरैले उनको लेखन-शैलीको नकल गर्न खोजे पनि कमै मात्र सफल भएका छन्। उनका अनेक कृतिहरूका अनेक उक्तिहरू र अभिव्यक्तिहरू निकै प्रख्यात छन्, दैनिक बोली-व्यवहारमा पनि तिनीहरूको बराबर प्रयोग भएको देखिन्छ।

'सःवाद्दी रक्सा'को रचना उनले आफूलाई साह्रै मन पर्ने र आफूले सराहना गरेका माथिल्लो तहका दुई राजकुमारहरूको शिक्षाको लागि प्रवचनका रूपमा गरेका छन्। उनले यस छोटो काव्यको विषयवस्तु साधारण मानिसहरूका निम्ति बुझ्न गाह्रो ठूलठूला शब्दहरूको प्रयोग गरी रचना गरिएको एउटा पुरानो पुस्तकबाट लिएका हुन्। यो कुरा उनले काव्यको अन्तिम पंक्तिमा लेखेका छन्। जति पनि उनले यस काव्यमा लेखेका छन् धेरैजसो अन्धविश्वासपूर्ण कुरा हुन् जसमा त्यसबेलाका जनताको विश्वास प्रतिबिम्बित हुन्छ।

'सःवाद्दी रक्सा'को स्वच्छन्द रूपमा गद्यमा गरिएको एउटा अनुवाद तल दिइएको छ :–

'सुनठअनले धर्म-शास्त्रको अनुसरण गरी राजकुमारहरूको कल्याणको लागि स्वहितको सुरक्षाको कुरा लेख्दछ। यी कुराहरू पद र मर्यादामा रहने व्यक्तिहरूबाट पालन हुनुपर्ने कुरा हुन्। तिनीहरूको पालन गर्नाले मानिसले स्थायी सौभाग्य, दीर्घ जीवन, अनगिन्ती सन्तान, बढ्दो सुख र शक्ति प्राप्त गर्छ। प्राचीन शिक्षाअनुसार आफ्नो कल्याणको रक्षा गर्न नबिर्सनुहोस्।

विहान सबैरै, बिछ्यौनाबाट उठेपछि मानिसले रीस र रागबाट टाढा हुनुपर्छ। पूर्व र दक्षिणतिर फर्केर मुख धुने पानीलाई हेरी बौद्ध सूत्रअनुसार तीनचोटि मन्त्रोच्चारण गर्नुपर्छ र त्यस पानीले मुख धोइसकेपछि सबभन्दा पहिले मुखबाट निकाल्ने शब्द वा वाक्य मीठो र राम्रो हुनुपर्छ। यसो गर्नाले मानिसको मर्यादाको वृद्धि हुन्छ। मानिसको चारित्रिक विशेषतालाई थेग्ने जुन चहक हो त्यो बिहानको मुखमा रहन्छ। दिउँसो यो चहक जीउमा रहन्छ। मानिसले नुहाइधुवाइ गरी सुवासयुक्त पानी छातीमा छर्कनुपर्छ। यसो गर्नाले स्वस्थ रहनुको साथै सुखी पनि रहिन्छ। साँझमा त्यो चहक दुई पाउमा रहन्छ। मानिसले आफ्नो पाउ आफैले धुनुपर्छ। आफ्नो पाउमाथि कुनै आइमाईको पाउ रहनदिनु हुन्न।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ताडपत्रमा लेखिएका थाई पाण्डुलिपिहरू
(तरन्तामा राखिएका)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुनको बुट्टा भएको पुरानो ढाँचाको पुस्तक राख्ने दराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खानेकुरो खांदा, मानिसले पूर्व फर्केर खाएमा सबैको प्रियपात्र होइन्छ। पश्चिमतिर फर्केर खाएमा सुखी र स्वस्थ होइन्छ। केही दुःखपीर छ भने घट्नेछ, सम्मान र मर्यादा प्राप्त हुनेछ। उत्तरतिर फर्केर खाएमा दशा लाग्नेछ, साथ-साथै आयु पनि एक-साल दुई साल गर्दै घट्दै जानेछ।

बसिरहँदाखेरि मानिसले तलतिर हेर्न हुँदैन न थुक्नु नै हुन्छ। यसो गर्नाले आफ्नो मर्यादामा धक्का पुग्न जान्छ। यस्तो वेलामा उत्तर फर्कनु असल हुन्छ र यसो गर्नाले भूतप्रेत तथा जादूटुनाबाट सुरक्षित होइन्छ। अनि मुख धुनू। यसो गर्नाले सफा सुग्घर होइन्छ। बाहिर जानुअगाडि पहिले नुहाउनू अनि सुवासयुक्त पानीले मुख र शरीरमा छर्कने गर्नू। यस्तो गर्नाले जीतबाजी हुन्छ।

स्वास्नीलाई आफ्नो पाखुरा तकिया बनाएर सुत्नदिनु हुँदैन। सुतेर उठिसकेपछि सधैं पखालपुखुल गर्नुपर्छ। त्यसो गरेमा दुर्भाग्य जति धपिएर सौभाग्य मुस्कुराउँछ। हर शनिवार कपाल धुने गर्नाले आपद्-विपद्बाट जोगिन्छ। सोमबार र वुधवार नङ काट्ने गर्नाले कुनै पनि किसिमको दुःख कष्टले छुन सक्तैन।

युद्ध गर्न जाँदा हप्ताको सात दिनमा प्रत्येक दिन लगाउने पोशाक सात विभिन्न रङ्गको हुनुपर्छ। जस्तै :-

रविवार- रातो रङ्ग लक्षणको हुन्छ।

सोमवार- फीका पहेंलो रङ्गले लामो जीवन दिन्छ।

मंगलवार- वैजनी रङ्ग भाग्यशाली हुन्छ।

बुधवार- पहेंलो -रातो अथवा टल्केको बहुरङ्गी।

वृहस्पतिवार- पहेंलो-हरियो।

शुक्रवार- कालो रँग शत्रुको निम्ति डरलाग्दो हुन्छ।

लडाइँमा चढी जाने घोडाहरूको रंग पनि जुन दिन चढी जाने हो त्यो दिनको रंगसँग मिल्ने हुनुपर्छ।

नदी वा खोलामा नुहाउँदा, वगेको पानीको दिशातिर मुख फर्काउनुपर्छ। नदीमा मलमूत्र त्याग्नु हुँदैन। जतातिर पानी बगिरहेको छ त्यसको विपरीत दिशातिर मुख नफर्काउनू किनभने दशा विग्रेको वेला परी टुनामुनाको शिकार हुन जान सक्छ। नुहाइसकेपछि जहिले पनि जल-देवी, गंगाजीको अभिवादन गर्नुपर्छ।

जादू विद्याको ज्ञान राम्रो हो र प्रत्येक साँझ सधैं मन्त्रपाठ गर्नुपर्छ। तिनोहरू शत्रुको अगाडि शक्तिशाली र प्रभावकारी हुन्छन् र तिनबाट मर्यादा र शक्तिको वृद्धि हुन्छ। कुकुरले भुवन र गुर्गुराउन नथामेमा उसको प्रति एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि कडा शब्द नबोल । यस्तो बोलीले आफ्नो गरिमालाई हानि पुऱ्याउँछ र संकटलाई बोलाउँछ । यस्तो बोली बोल्ने मान्छेको बोलीलाई कसैले आदर गर्नेछैन । हावा चलेको बेला नथुक्नू । कुनै जनावरमाथि थुक परेमा मंत्र शक्तिहीन हुन जान्छ ।

कुनै भिक्षुसँग भेट हुँदा उनलाई गर्नुपर्ने रीतिअनुसारको भक्तिभाव प्रकट नगरेमा आफ्नो मर्यादा कम हुन जान्छ । घाम–पानी, हावाको अपव्यवहार नगर । दिन वितोस् भनेर हडबड नगर । प्रत्येक विहान र बेलुका सूर्य र चन्द्र-प्रति आदरभाव गर । सुत्नलाई बिछ्यौनामा पल्टिंदा तकियामा टाउको राखेर पितामाता र गुरुहरूलाई, वहाँहरूको गुण र अनुग्रहको सम्झना गर्दै हात जोडेर अभिवादन गर्न नभुल्नू ।

फा नुङ अर्थात् लँगौटी लाउँदा त्यसको दुई तिरको दुई किनारलाई अगाडि पट्टिलाई बटारेपछि एक छेउलाई दाहिनेपट्टिको घुसारेमा गोही र अरू डरलाग्दा जनावरहरूको दाँत र पन्जाबाट हुने चोटपटकबाट बचिन्छ । खाल्डा-खुल्डी अथवा नहरमाथिको पुल, लहराहरू चढाउन हालिएको थाँक्रो, घरलाई अड्याउन हालिएको काठको टेवा अथवा जनावरहरू थुन्न बनाइएको घेराको बार आदिको मुनिबाट नहिँड्नू । यी कुराहरूको मुनिबाट हिँड्ने जोसुकैको पनि प्रभाव र मर्यादा घट्दछ र उसको मन्त्र सिद्ध हुँदैन ।

बाहिर कतै जाँदा मुर्दा देखेमा कुनै टीका टिप्पणी नगर्नू । त्यसो गर्नाले घेरै नराम्रो हुन्छ । त्यस्तोको बचाउको लागि मुख धुनुपर्छ । जन्तर र मन्त्र जिउमा राखी नसुत्नू । यसरी सुतेमा तिनीहरूको दिव्य शक्ति हराउँछ । हातहतियारमाथि पाइलो नहाल्नू । आइमाईलाई दायाँ पारी नसुत्नू, यसो गरेमा गर्नेलाई अनिष्ट हुन्छ । सात दिवस अर्थात् नववर्षको दिन (मध्यवर्षीय भोजको दिन) मा, सूर्य वा चन्द्र ग्रहण लागेको दिनमा, पूर्णिमाको उपवासको दिनमा, र आफ्नो जन्मदिनमा, संभोग-क्रिया गर्न वर्जित छ । यसो गर्नाले आयु छोटो हुन्छ । रजस्वला भएकी आइमाईसँग सुतेमा, कथं नमरी बाँचेमा, आँखाको दृष्टि हराउँछ र पीपले भरिएको खटिरा आउँछ । आफ्नो जन्म-दिनमा कुनै जीवजन्तु नमार्नू । यसो गरेमा आयु घट्छ र गौरव–गरिमा क्षीण हुन्छ र रोग र कष्टले सताउँछ ।

सुत्दाखेरि श्वास–प्रश्वास दुवै नासिकाबाट सजिलैसँग भित्र बाहिर गछँ भने दाहिने खुट्टामाथि देब्रे खुट्टा नराख्नू । हावा दाहिने नासिकाभित्र मात्र स्वच्छन्दरूपले पस्छ भने दाहिने खुट्टा देब्रे खुट्टामाथि राख्नुपर्छ । यो नियम पालन गर्नाले शुभ हुन्छ । हिँडदा, सुत्दा वा बस्दा कुनै कुरा ठोकेको वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किच्चिएको जस्तो शब्द सुनियो भने यसो-उसो केही भन्नु वर्जित छ । त्यो आवाज मन्त्र–तन्त्र तथा भूतप्रेतले निकालेको हुन सक्छ । यसैले केही टीका–टिप्पणी गरेमा नोक्सान पुग्न सक्छ ।

राजकुमार सरकारहरू सःबसदी रक्सा भनिएका यी विधिहरू ध्यान दिएर सुनिवक्सियोस्, यी कुराहरू सरकारहरूको शुभ कल्याणको निम्ति र नराम्रो नअसल हुन नपाओस् भन्ना निमित्त बनाइएको हो । छन्दबद्ध गरी पहिले श्लोकमा लेखिएका कुराहरूमा प्रयोग भएका शब्दहरू दुर्बोध भएकाले स्पष्ट बुझिने गर्न मैले यसरी सरल पारी चल्तीको छन्दमा लेखिदिएको छु । यो काम मैले राजपरिवारबाट निगाह बक्सभएकोमा कृतकृत्य भै सम्पन्न गरी टक्काएको हुँ । राजकुमार सरकारहरूको उच्च प्रताप, सफलता र तरक्कीको निरन्तर बृद्धि हुँदै जाओस् । प्राचीन शिक्षासित यसमा केही तलमाथि भई गल्ती हुन गएको भए दयापूर्वक क्षमा बक्स पाऊँ ।"

यस कवितामा सुझाइएका कतिपय कुराहरूको कट्टरपन्थी मानिसहरू पनि जीवनको नियमको रूपमा पालन गर्दछन्; यस्ता नियमहरू जस्तो कि बिहान ओछ्यान छोडेपछि आफ्नो मुख धुनुपर्छ भन्ने अन्धविश्वासको आवरणले छोपिएको भए पनि, राम्रो हो भन्ने कुरा निर्विवाद छ । स्वास्नीमान्छेको देब्रेतिर सुत्नु अशुभ हो । प्राचीन समयको यो सल्लाह राम्रो हो । धेरै बेर जीउको थिचाइमा परेर कमजोर नहुने भएकोले दाहिने हात कुनै पनि अपझंट कार्य गर्नको निम्ति पक्का हुन्छ । अकस्मात् कुनै खतरा आइपरेमा दाहिने हातले सजिलैसित हतियार चलाउन सक्छ । पहिले पहिले सुत्ने बेलामा आफ्नो हात-नजीक हतियार राखेर सुत्नु नियम नै थियो । पहिले पहिले प्रहरीको चलन नभएकोले प्रत्येक मानिसले आफुमाथि आइपर्ने खतराबाट आफ्नो रक्षा आफैले गर्नुपर्थ्यो । कवितामा दिइएका धेरैजसो शिक्षाहरू संसारको अरू भागमा पनि पाइने जस्तो प्राचीन कालका अन्धविश्वासहरू हुन् । तिनीहरूको तुलना अन्य राष्ट्रहरूका अन्ध विश्वासहरूसँग गर्न सकिन्छ ।

लडाइँमा जाँदा लाउने पोशाकको रंग जुन बारको दिन लाउने हो त्यसको रंगसित मिल्दो हुनुपर्छ भन्ने कुरा सात ग्रहसित सम्बन्धित छ जुन ग्रहले ज्योतिषी विश्वासअनुसार मानिसको जीवनलाई प्रभाव पार्छ । यी सात ग्रह प्रत्येकको आ–आफ्नै रंग हुन्छ जुन रंग हप्ताको सात दिनको प्रत्येकको बेग्ला बेग्लै रंगसित मिल्दछ । प्राचीन कालमा राजा लडाइँमा जाँदा भोटोको रूपमा लाउने भित्री लुगाको रंग जुन दिन जान लागेको हो त्यो दिनको तोकिएको अनुसारको हुन्थ्यो । त्यो भोटोमा, मंत्र लेखिएका गोप्य रेखात्मक चित्रहरू हुन्थे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता भोटोहरू लगाउने चलन आजकल हराइसकेको भए पनि अझै पनि बचाइ-राखेको देखिन्छ। सर्वसाधारण जनताका पनि यस्ता गोप्य मन्त्रहरू भएका लडाईंमा लगाउने आफ्नै किसिमका भोटोहरू हुन्थे। कोही कोही मुक्काबाजहरू, आज पनि अखाडामा जाँदा यस्ता प्रकारका भोटाहरू लाउने गर्छन्। कोही कोही मानिसहरू खासगरी तल्लो वर्गकाहरू यस्ता गोप्य नक्साहरू आपना छाती र पीठ्यूँमा खोपाउन लगाएर यस्ता मन्त्र गरिएको भोटाहरू लगाउने झन्झटबाट पार हुन्छन्। गत दुई दशकसम्म मानिसहरू अक्सर रंगीन धोती वा लँगौटी लगाउँथे जसलाई फानुङ भन्छन्। फानुङको रंग प्रायः हप्ताको सात दिनमध्ये कुनैको तोकिएको रंग हुन्थ्यो। त्यो हेरेर नै त्यो दिन कुन वार हो भनी भन्न सकिन्थ्यो। आफ्नो जन्म दिनको रंगको सम्बन्धमा मानिसले प्रायः आफूलाई मनपरेको रंग छान्ने गर्दछ। यथार्थमा हरेक कुरा रंगसित सम्बन्धित हुन्थ्यो। किनभने हर मानिसमा जन्म दिनको लागि रंग छान्ने प्रवृत्ति हुन्थ्यो। रंग बारेको कुनै अन्धविश्वास भएर उसले यसो गर्ने गरेको नभै परम्पराको पालन गर्ने रूपमा मात्र उसले यसो गर्ने गरेको हो। यो चलन अब शिथिल हुँदै गएको छ तापनि भरसक यसलाई पालन गर्ने मानिसहरू पनि धेरै छन्।

उदार विचार भएको पूर्वाग्रहरहित व्यक्तिलाई यो काव्य, अन्धविश्वास-सित सम्बन्धित भए पनि निकै चाखलाग्दो छ। अन्धविश्वास भनेको मूल रूपमा युगौं युगदेखि सञ्चित हुँदै विकसित भएर आएको मानवजातिको प्राचीन संस्कार हो। सामाजिक व्यवहार भनेको रूप र अर्थमा कहिलेकाहीं फरक हुन गए पनि जातिको उपज नै हो। मानिसको विचार र व्यवहार जान्नको लागि उसको गए-बितेको अतीतलाई बुझ्नुपर्छ। हाम्रो प्रगति भनेको नै गहिराइमा अचल र शान्त भएर रहने समुद्रको सतहको मात्र उर्लाइ र कुर्लाइ हो..... अहिले जे छ, त्यो भएर आएको हो र भएर गइरहनेछ। बद्लिने केही छ भने ढाँचा मात्र छ। (डचूरांको "दर्शनको महल")

स्टान्डर्ड नं. २६६ जून २१, २४९५ थाइल्याण्ड कल्चर– क्रम संख्या ३, २४९६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाई भाषाको स्वभाव र विकास

१. शब्द र वाक्य

थाइल्याण्डका निवासीहरूले बोल्ने थाई भाषा मूल वनोटमा केही हदसम्म चिनियाँ भाषाको दाँजोमा आउँछ । यसैले यी दुई थाई र चिनियाँ भाषालाई भाषा विज्ञानको हिसाबले एउटै भाषा परिवारमा राखिने गरेको छ। यी दुवै भाषामा एकै प्रकारका शब्दहरू सयौंको संख्यामा पाइन्छन् । यसो हुन गएको धेरैजसो कारण पुरानो जमानामा युद्ध र शान्ति दुवैको अवस्थामा दुई जातिको आपसमा भएको धेरै कालसम्मको अविच्छिन्न सम्पर्कबाट भएको साँस्कृतिक आदान-प्रदान हो । तथापि यस्ता केही किसिमका शब्दहरू पनि छन् जो प्रत्यक्षतः अनादिकालदेखिन् कुनै एउटै मूलबाट आएका हुन् ।

शब्द मूलतः थाई भाषा शब्दको वनोटको हिसाबले एकाक्षरी हो । यो कुरा चिनियाँ भाषा र धेरै थोरै दक्षिण-पूर्व एशियाका अरू भाषा समूहमा पनि पाइने चरित्रगत विशेषता हो । व्यञ्जन वर्णले गर्दा हुने ध्वनिको सीमित संख्याको संयोगको कारणबाट स्वभावतः एकै ध्वनिका अर्थ भिन्न भएका अनेक द्वयार्थक शब्दहरूको उत्पत्ति भएको छ । यस्तो विशेषताले गर्दा थाई भाषाले, द्वयर्थिक शब्दहरूमा हुने अर्थको फरक छुट्याउन भाषाको प्राथमिक लक्षणको रूपमा व्यवहृत सुरहरुवाट काम लिने गरेको छ । यसमा प्रत्येक शब्द आफैमा पूर्ण हुन्छ र कारक, लिङ्ग, वचन आदि फरक छुट्याउन कुनै अदलबदलको दरकार हुँदैन र कुन शब्द कुन वर्ग-विशेषको हो त्यसको निर्धारण निश्चित नियमबाट हुने गर्छ । वाक्यमा रहेको स्थान विशेषले मात्र शब्दको संज्ञा, क्रिया, विशेषण अथवा क्रिया–विशेषण आदि हुनुको बोध हुन्छ । प्रत्येक शब्दको आ-आफ्नै स्वतन्त्र र स्पष्ट अस्तित्व हुन्छ र त्यसमा ध्वनिहरूको संयोजन वा शब्दहरूको सम्मेलनको लागि स्थान हुँदैन । ठेट थाई भाषामा शब्दको स्वर मूलतः पाँचवटा भए पनि यथार्थमा कुनै कुनै भाषिकाहरूमा छः देखि सातओटा सम्म पनि देखिएको छ । शब्दहरूको पार्थक्य देखाउने काम स्वरहरूद्वारा गरिने चलन चलाइएको भए पनि अझै पनि द्वयार्थक शब्दहरू प्रचुर मात्रामा रहेका छन् । वाक्य वा वाक्यांशको प्रसंगले अन्यथा नबुझाएमा शब्दको अर्थ अस्पष्ट नै हुन सक्छ । यस्तो अवस्थामा अर्थ प्रस्टयाउनका लागि केही अरू शब्द वा शब्दहरूको प्रयोग गर्नु जरूरी हुन्छ । यस्तो गर्ने तीन तरीका छन्, ती हुन्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) जुन वर्गको वस्तुसित शब्दको सम्बन्ध छ त्यसलाई बुझाउन त्यो शब्दको अगाडि एउटा अर्थपूर्णशब्द उपसर्गको रूपमा जोडेर।

जस्तो कि : 'याङ' भन्नाले सारस, बकुल्ला अथवा सेपिलो ठाउँको पानीमा हिंड्ने कुनै पनि चरा हुन सक्छ; 'रूख' भन्नाले रुवरको रूख पनि हुन सक्छ; त्यस्तै तेलीय र टाँसिने पदार्थ भन्नाले खोटो, गूद, चोप, काठे तेल हुन सक्छ। चराको अर्थ दिने नोक 'शब्द', 'याङ' शब्दको अगाडि राखिदियो भने ती दुवै मिली बनेको 'नोक याङ' शब्दले या त सारस या त बकुल्ला या सेपिलो ठाउँका पानीमा हिंड्ने चरा भन्ने बुझाउँछ। डाँठ अथवा रूखको फेदलाई बुझाउने 'तोन्' शब्द 'याङ' शब्दको अगाडि थपियो भने 'तीन याङ' एक जातको रूख भन्ने बुझाउँछ।

यस प्रकारको अगाडि जोडिने शब्दलाई वर्गसूचक शब्द भन्न सकिन्छ।

(२) उही वा उहीसित सम्बन्धित अर्थ हुने दुई वटा अर्थपूर्ण शब्दहरूलाई कुनै खास शब्दको अर्थ प्रष्ट्याउनको लागि सँग सँगै राखिदिएर।

जस्तो कि : **खा पवान** को माने 'मार्नु' हुन्छ। "खा" शब्दको धेरै अर्थ हुन्छ र तिनमा एउटा "मार्नु" हो। यो शब्दलाई **पवान** सँगै राखिदियो भने, ती दुई शब्दबाट 'हतियारले चट्ट काट्नु' भन्ने बुझिन्छ यद्यपि त्यो शब्दको अर्थ 'मार्नु' बाहेक अरू हुन सक्दैन। यसरी सँगै नै राखिदिइएको **पवान** शब्दले खा शब्दको अर्थलाई खुलस्त पारिदिन्छ। तर कुनै कुनै यसरी सँग सँगै राखिएका चलन-चल्तीमा आइरहेका शब्दहरूको कहिलेकाहीं आफ्नो स्वतंत्र अर्थ नहुने पनि भै सँगसँगै प्रयोग गरिने शब्दको रूपमा मात्र रहने गरेका छन्।

कहिलेकाहीं उही वा सम्बन्धित अर्थ हुने दुई शब्दहरू सम्बन्धित किसिमको नयाँ अर्थ दिने गर्नको लागि सँग सँगै राखेर प्रयोग गर्ने गरिन्छ।

उदाहरणको लागि **बान मुअङ** भन्ने शब्द लिऊँ। यसमा 'बान'को अर्थ गाउँ र **मुअङ**को अर्थ शहर अथवा नगर हुन्छ। र दुवै शब्द मिली 'बान' मुअङ बने पछि त्यसको अर्थ देश वा राष्ट्र हुन्छ।

कहिलेकाहीं एकै अर्थ भएको वाक्यांश बनाउनको लागि चारओटा शब्दहरू एकैसाथ जोडिन्छन्।

उदाहरणको लागि **खाउ याक म्हाक फाएङ** भन्ने वाक्यांश लिन सकिन्छ। यसको अर्थ अनिकाल हुन्छ। तर खाव=चामल, याक=अभाव, म्हाक =फलफूल, **फाएङ**=महँगो हो।

यस प्रकारका शब्दहरू वा वाक्यांशहरू बनाउँदा थाहा नपाईकनै ध्वनिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छनौट भएको हुन्छ। प्रधान अथवा बढी संगीतमय ध्वनि भएको शब्द सधैं नै हर दुई शब्दहरूको दोस्रोचाहिं शब्दको रूपमा छानिएको हुन्छ। माथि भने झैं वाक्यांशका रूपमा चारओटा शब्दहरू जोडिंदा पहिलो र अन्तिम शब्दको बीचका दुई शब्दहरूको धेरैजसो अनुप्रास मिलेको हुन्छ।

यसरी सँग सँगै राखिएका शब्दहरूलाई पर्यायवाची संयुक्त पद पनि भन्न सकिन्छ।

(३) सरल क्रियामा त्यसमा अर्थ निहित भएको कर्म थपिदिई सो सरल क्रियालाई समस्त पदसित गाँसिदिएर।

उदाहरणको लागि: **पिङ पुअन्** लिन सकिन्छ जसको शाब्दिक अर्थ 'बन्दूक पड्काउनु' भएर पनि यथार्थमा यसको माने 'हान्नु' हुन्छ। त्यस्तै 'किन तोह'को शाब्दिक अर्थ "खानु (मा)टेबुल" भएर पनि यथार्थ अर्थ "टेबुलमा खानु" हुन्छ। 'नअन सुअ'को शाब्दिक अर्थ 'सुत्नु (मा) चटाइ' हुन्छ।

यस्तै समस्त पदहरूको कारणले खिचडी अंग्रेजी बनेको भन्न सकिन्छ। कार्लगेनले "चिनियाँ भाषामा ध्वनि र चिन्हहरू" नामको आफ्नो पुस्तकमा चिनियाँ भाषामा पनि भएका यस्ता समस्त पदहरू दिएका छन्। यस्ता पदहरूलाई उनले 'व्याख्यात्मक समस्त पद' भनेका छन्।

यस भाषाले पनि चिनियाँ र दक्षिण-पूर्व एशियाका अरू भाषाहरूले जस्तै, संज्ञासँग वचनको प्रयोग गर्दा गिन्तीवाचक शब्दहरू व्यवहार गर्छ। प्रत्येक उपयुक्त संज्ञाको निम्ति प्रयुक्त हुने यस वर्गका धेरै शब्दहरू छन्।

कुनै अवस्थामा संख्यावाचक वर्णनात्मक संज्ञाको सुहाउँदो किसिमले प्रयोग गर्न सकिएन भने अथवा यस्तो प्रकारको सुहाउँदो संज्ञा सम्झन सकिएन भने संख्याको पछि संज्ञालाई दोहोऱ्याइन्छ।

जस्तो कि: **खोन सीखोन** अर्थात् "मानिस, चार मानिसहरू"। **मा सा:म मा** अर्थात् "घोडा, तीन घोडा" यसमा प्रयोग हुनुपर्ने उपयुक्त संख्यावाचक वर्णनात्मक शब्द हो **तुआ**। यसको प्रयोग यसप्रकार हुन्छ **मा सा:म तुआ** अर्थात् "घोडा, तीन ओटा" तर पहिलो वाक्यांश पनि थाई नै मात्र सकिन्छ।

थाई एकाक्षरी शब्दहरूको पनि मलय भाषाको जस्तै द्वयक्षरी हुने प्रवृत्ति छ तर मलय भाषासँग मूल रूपमा फरक यस प्रकार छ कि थाई द्वयक्षरी शब्दहरू धेरैजसो मधुर ध्वनियुक्त श्लोकहरूका मात्र हुन्छन्। यस्ता शब्दहरू रचना गर्ने तरीका धेरै छन्। निम्न केही उदाहरण यसबारे पर्याप्त हुनेछ।

१. शब्दमा भएको स्तरीय ध्वनिलाई शब्दोच्चार अनुक्रममा संलग्न स्वरवर्णद्वारा परिवर्तन गरेर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उदाहरणको लागि: निद्राको अर्थ दिने **नअन** को मिल्दो शब्दको रूपमा **नायन** अथवा **नोय्न्** को प्रयोग हुन्छ । भाषामा दोस्रोचाहिँ शब्द वा शब्दांशको कुनै स्वीकृत अर्थ छैन, यसलाई निकाल्दा पनि अर्थ जस्तोको तस्तै रहन्छ । धेरैजसो बोलीचालीमा चाल नपाईकन बोलिने यस प्रकारका द्वयक्षरी शब्दहरू धेरै नै पाइन्छन्। यस्ता मिठास पूर्ण शब्द अथवा प्रत्ययहरू कहिलेकाहीँ कुनै कुनै भाषिकाहरूमा र थाइल्याण्डबाहिरका कुनै कुनै थाई भाषाहरूमा पनि यथार्थ शब्दहरूको रूपमा पाइन्छन् । वस्तुतः यस्ता कुनै कुनै मधुर शब्दहरूले हामीलाई कुनै कुनै चिनियाँ शब्दहरू थाई शब्द जस्तै हुँदो रहेछ भन्ने कुरा सम्झाउँछन् ।

उदाहरणको लागि: थाई भाषामा 'बेवकूफ' अर्थ हुने ङो को सुललित प्रत्यय ङाउ हुन्छ । चीनको क्यान्टोनी भाषिकामा बेवकूफ वा बुद्धू व्यक्तिलाई ङाउ भन्छन् । चिनियाँ बोलीहरूमा स्वर परिवर्तनको प्रवृत्ति उही प्रकारको छ । क्यान्टोनी बोलीमा दाँतलाई ङा भन्दछन् भने स्वातो बोलीमा त्यो ङा हुन जान्छ । थाई भाषामा ङा को अर्थ गजदन्त "हस्तिहाड" हुन्छ ।

२ पदमा भएको स्वरवर्णलाई त्यसअनुरूपको (तर विकल्पै हुनपर्छ भन्ने छैन) स्वरको ध्वनिसित अदलबदल पारेर । यस प्रकारका स्वर ध्वनिहरू "अओ=अए, ओ, ए, उ, इ" हुन् ।

उदाहरणको लागि लिन सकिन्छ : ङा ङ्चान्=अदृढ, अस्थिर; तोङ–तेङ = झुन्डिएको स्थितिमा यताउति हल्लिनु; चु–चि= कचकच, रिसाहा ।

द्विस्वर सन्धियुक्त शब्दसित पनि अन्तिम अनुप्रासको रूपमा उस्तै खालको द्विस्वर सन्धियुक्त शब्द जोडिएको हुन्छ ।

जस्तै: **युआ–यिआ**=धुइरिनु, **माउ–माय**=मातियो ।

अन्तमा आउने यस वर्गका धेरै सुललित पदहरू धेरैजसो अनुकरणात्मक शब्दहरू छन् र केही अपवादलाई छोडेर पहिलो वा दोस्रो शब्द वा प्रत्ययलाई कुनै पनि त्यसको खास अर्थलाई नगुमाई त्यसको संयोजनबाट अलग गर्न सकिँदैन ।

३. ख, द, व जस्ता ज्यादा कर्कश नलाग्ने व्यञ्जन अन्तमा आउने शब्दहरूलाई तिनका अनुरूपका अनुनासिक ध्वनि अन्तमा आउने क्रमशः ङ, न, म मा बदलेर ।

उदाहरण: **साय्क—साय्ङ**=बीचमा आइपर्नु, हस्तक्षेप गर्नु । **साय्क** मात्रको अर्थ घुसार्नु, कोच्नु हुन्छ भने **साय्ङ** मात्रको अर्थ बीचमा राख्नु, घुसाउनु हुन्छ । **थअद--थअन**=हटाउनु । **थअद**को अर्थ 'फुकाल्नु' जस्तो कि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



रामरवामहाय्डको शीलालेख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वांत् छियाङ्मुनस्थित एउटा शीलापत्र

Nepal Sanskrit University, Balmeeki Cāmpus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पोशाक, खारेज गर्नु, खोस्नु हुन्छ भने **थअन**को अर्थ तानेर झिक्नु, उखेल्नु हुन्छ ।

यहाप–यहाम=तिरस्कारपूर्ण, तिरस्कार । **ह्याप**को माने रूखो, खस्रो हुन्छ भने, **ह्याम**को माने गाली गर्नु, हेला गर्नु हुन्छ ।

माथि भने जस्ता जोडी शब्दहरू अलग अलग प्रयोग हुने अवस्थामा ती शब्द प्रत्येकको उन्नैस-बीस उस्तै उस्तै अर्थ हुन्छ । कहिलेकाहीं फरक पनि हुन्छ जस्तो कि अनुनासिकान्त शब्द खुल्ला रूपको स्वरीय हुन्छ ।

उदाहरण : **थहइ–थअइ** । **थअइ**=पछि हट्नु । यसरी हामीसित ध्वनि र अर्थ अलिअलि फरक भएको एक मेलका **थमद, थमन, थ्वअइ** तीन शब्दहरू छन् ।

सारांशमा यस्ता द्वयाक्षरी शब्दहरू धेरै प्रकारका छन् । माथि उल्लेख गरिएका तीन प्रकारहरू त उदाहरण मात्र हुन् र विशेष गरी बोलचालमा प्रयोग हुने अरू असंख्य छन् । यस्ता द्वयाक्षरी शब्दहरूमाथि दखल गर्न त्यति गाह्रो छैन किनभने बोल्दाबोल्दै ती अनायासै आउँछन् । यिनमा धेरैजसो मानिसहरूको रोजिन्दाको बोलचालमा प्रयोग हुने शब्द भैसकेका छन् । दैनिक बोलचालमा यस्ता शब्दहरूमा दखल भै बोल्न सक्ने विभाषीहरूलाई थाईले जस्तै कति राम्रो बोल्न जानेको भनी थाइल्याण्डका थाई भाषाभाषीहरू प्रशंसा गर्छन् ।

थाई भाषामा, विभक्तियुक्त भाषाहरूमा जस्तै शब्दमा प्रत्यय र विभक्ति जोडेर नयाँ नयाँ शब्दहरू बनाउने तरीका छैन । माथि वर्णन गरिएका विभिन्न प्रक्रियाहरू नै रूप चलाउने र नयाँ शब्दहरू बनाउने थाईहरूको प्रत्यक्ष रूपका विधिहरू हुन् ।

वाक्य–थाई भाषाका वाक्यमा शब्दहरूको रखाई मूलरूपमा कर्ता, क्रिया, कर्मको क्रममा हुन्छ । विशेषण तथा क्रिया-विशेषण जस्ता विशेषक शब्दहरू दक्षिण-पूर्व एशियाका धेरैजसो भाषाहरूमा जस्तै उपयुक्त शब्दको पछिपछि लाग्छन् । शब्दको यथार्थ अर्थमा 'शब्द खण्ड'को हकमा कुनै त्यस्तो निश्चित नियम छैन । वाक्य अथवा वाक्यांशका अरू शब्दहरूको सम्बन्धमा कुनै पनि शब्द, संज्ञा, विशेषण, क्रिया अथवा क्रिया-विशेषण हुन सक्छ । तसर्थ थाई भाषामा बढी महत्त्वको कुरा शब्द हुन्छ । वाक्यको प्रसंग तर्कपूर्ण हिसाबले प्रष्ट छ भने संज्ञा, क्रिया आदि 'यथार्थ शब्दहरू' स्पष्ट पार्न मद्दत गर्ने वर्णनात्मक विशेषण, नामयोगी, संयोजक आदि जस्ता 'वैयाकरणीय शब्दहरू'को आवश्यकता पर्दैन ।

उदाहरणको लागि : 'बाबु र छोरा मेचहरूमा बस्छन्' भन्नुपर्‍यो भने थाई भाषामा 'बाबु बच्चा बस्छन् मेच' हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्येक शब्द आफ्नो युक्तियुक्त स्थानमा अथवा क्रिया भए कालको क्रममा छ भने उही शब्दभेदका जति पनि शब्दहरूलाई मन लागेजति एकै ठाउँमा गाँस्न सकिन्छ ।

उदाहरणको लागि 'एउटा ठूलो कालो कुकुरले एउटा सानो सेतो बिरालोलाई लखेटेर टोकेछ' भन्नुपऱ्यो भने थाई भाषामा (शब्दहरूको रखाइ) यस प्रकार हुन्छ : 'कुकुर कालो जिउ ठूलो दगुर्नु लखेट्नु टोक्नु बिरालो सेतो जिउ सानो ।'

पहिलो शब्दसित दोस्रो र त्यसपछिका अरू शब्दहरू सम्बन्ध-विशेषणको कारणले भएको रहेछ भने बहुधा एउटै भावना वा विचार प्रकट गर्नको लागि दुई वा दुईभन्दा बढी शब्दहरूको संयोजन गरिन्छ ।

उदाहरणको लागि **फाई फा**को शाब्दिक अर्थ 'आगो–आकाश' (अर्थात् आकाश आगो)=बिजुली हुन्छ । **माईखीत**को शाब्दिक अर्थ 'काँटी कोर्नु' आगो=दियासलाई वा दियासलाईहरू हुन्छ ।

जस्तो अघि नै भनिसकियो थाई शब्दहरूमा कारक, वचन र लिङ्ग भेदलाई ठाउँ छैन ।

उदाहरणको लागि **खन माहा खाओ**को अर्थ **मानिस** (अथवा मानिसहरू स्वास्नीमानिस, स्वास्नीमानिसहरू) आउँछ (अथवा आउँछन्, आइरहेछ, आयो, आएको छ इत्यादि । **उसलाई** (त्यो, तिनी, यो, तिनीहरू, तिनीहरूलाई) **हेर्नु** हुन्छ । सुन्नेको मनमा अर्थ प्रष्ट भएजस्तो लागेन भने, चिनियाँहरूले भन्ने गरे जस्तै 'सहायक शब्दहरू' अथवा 'वैयाकरणीय शब्दहरू'को वाक्यमा प्रयोग गरिन्छ ।

उदाहरणको लागि, **खन सहङ खन चा मा हा खाओ**को शाब्दिक अर्थ 'मानिस दुई मानिसहरूलाई आउनु हेर्न उसलाई' हुन्छ । यहाँ **खन** शब्दको अर्थ 'मानिसहरू' हो र **खाओ**को अर्थ उसलाई वा 'उनीहरूलाई आदि हो ।'

यसबाट प्रष्ट हुन्छ कि "वाक्यका अरू शब्दहरूसितको सम्बन्ध अभिव्यक्त गर्न र प्रष्ट पार्न विभक्तिगत साधनको पूर्ण अभाव भएको हुनाले थाई भाषाका शब्दहरू स्वभावतः विचार वा धारणाका प्रतीक हुन्छन् । तिनीहरू त्यसैले आफ्नो सारभूत अर्थसित अमिल्दो नभएको कुनै पनि वाक्य-रचनाको नियमानुसारको सम्बन्ध उपयोग गर्ने स्वतंत्र हुन्छन् ।" (कर्नेलियस बी, ब्राडलेले लेखेको "स्यामीभाषा र लेखनका केही रूपहरू" जे. आर. ए. एस. १९२३, शताब्दी परिशिष्टाङ्क) ।

चिनियाँ भाषाका अध्येताहरू चिनियाँ र थाई भाषाका शब्द र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाक्य-रचनामा नजीकको समानता भएको कुरा सजिलै बुझ्दछन् । लामो समयदेखि एक-अर्कासित सम्पर्क रहिआएकोले गर्दा होला शायद थाई र चिनियाँ भाषा समान स्वरूपको नभए पनि तिनीहरूमा चारित्रिक सादृश्यता रहेको पाइन्छ ।

जहाँसम्म रूपायन वा विभक्तिको कुरा छ, थाई भाषाको व्याकरण अरू सबै भाषाहरूको भन्दा सरल छ । यो कुनै नियम र चलन-चल्ती-द्वारा बाँधिएको छैन । तर ऐतिहासिक र सांस्कृतिक विकासको क्रममा थाई वैयाकरणहरूको हातमा परी थाई भाषाले अंग्रेजी, संस्कृत अथवा पालि व्याकरणमा आधारित पराइ नियम र बन्देजका बोझ बोक्नुपरि-रहेको छ ।

२. विकास

दक्षिण चीन र वरपरका भूमिमा हाल यताउति छरिएर बसेका अल्पसंख्यक थाई समूहका केही आधारभूत शब्दहरू र भाषाहरूको भाषिक बनोटका अलि धेरै नै सीमित तथ्यांकका आधारमा थाइल्याण्डका थाईहरूको भाषा, तिनीहरूका पुर्खाहरूका प्राचीन भाषाहरूसँग त्यसको मौलिक रूपमा आज पनि समानता भएको कुरा हामी अनुमान गर्न सक्छौं ।

इतिहासको क्रममा आफूलाई पनि थाई (वा उच्चारण गरिंदा ताई) हौं भन्ने थाई भाषा-भाषी अनेक समूहका मानिसहरू दक्षिण चीनमा रहेका आफ्ना पुराना बासस्थानबाट अलग-अलग समूहमा अलग-अलग दिशा र समयमा हिन्द चीन प्रायद्वीपमा बसाइ सर्दै गए । कुन कालमा कसरी यी समूहहरूको बसाइ शुरू भयो भन्ने कुरा निश्चित रूपमा हामीलाई थाहा छैन तर बसाइ-सराइ कम्तीमा पनि दश शताब्दी अगाडि-तिर भएको भनी भन्न सक्छौं । तिनीहरूको एक समूह माथिल्लो बर्मा पुगी झान हुन गयो भने, अर्को समूह थाइल्याण्डका थाई हुन पुग्यो, त्यस्तै अर्को चाहिं लाओ अधिराज्यका लाओ भए । यसका अतिरिक्त हिन्दचीन प्राय-द्वीपका उत्तरी भागहरूमा यत्रतत्र पाइने विभिन्न स्थानीय नाम भएका अरू अल्पसंख्यक समूहहरूको कुरा छुट्टै नै छ ।

यी समूहहरूमा थाइल्याण्डका थाईहरूका समूहको विशेष विचार गर्दा जातीय र संस्कृति दुवै हिसाबले आफ्ना पुर्खा भएका मोन खमेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाषिक समूहका मानिसहरूसँग तिनीहरूको स्वच्छन्दरूपले सम्मिश्रण भएको रहेछ भन्न सक्छौं । **मोन खमेर** भाषिक समूह भन्नुको मेरो मतलब विशेष गरी **मोन** र **खमेर**हरू हुन् । यी जातिहरूसँगको सर्वप्रथमतः तल्लो बर्माका सम्भवतः मोन जातिका मोन भाषा बोल्ने जातिसित र द्वितीयतः कम्बोडियालीहरूका पुर्खाहरू खमेरसितको निकट सम्पर्कले गर्दा थाइल्याण्डका थाईहरूमा प्राधान्य रूपले मध्य थाइल्याण्डमा यस्तो सम्मिश्रण यस्तो रूपमा भएको पाइन्छ । त्यसबाट भएको खास प्रकारको विशेषता तिनीहरूको आफ्नै विशिष्ट लक्षण हुन पुगेको छ । त्यस बेलादेखि हालसम्म पनि तिनीहरू स्यामी नामले प्रख्यात भएका छन् । अहिलेसम्ममा स्यामीहरूको थाई भाषाको शब्द-भण्डारमा धेरै ठूलो परिवर्तन आइसकेको छ । त्यसमा सबभन्दा ठूलो प्रभाव **खमेर** भाषाहरूबाट भएको हो ।

कुनै कुरामा **मोन–खमेर** भाषाहरू थाई भाषासँग मिल्दा-जुल्दा छन् । तिनीहरूका आधारभूत शब्दहरू धेरैजसो एकाक्षरी शब्दक्रममा फुट्टा बस्ने प्रकृतिका छन् । तर थाई भाषाको विपरीत व्युत्पन्न शब्दहरूको निर्माणमा प्रयुक्त उपयुक्त हुने तिनीहरूका आफ्नै उपसर्ग र मध्यमसर्गहरू छन् जबकि थाई भाषामा त्यसको मूल भाषा व्यवस्थामा त्यस्ता केही छैनन् । **मोन खमेर** भाषाहरूमा पनि धेरैजसो शब्दहरूमा दुई वा दुईभन्दा बढी अनाक्षरिक ध्वनिहरूका केही प्राथमिक व्यञ्जनात्मक लर्कन लर्किएका पाइन्छन् । थाई भाषामा भने आसामको अहोम र स्थायी भाषाबाहेक अन्य हरेक बोलीहरूमा भएजस्तो, शब्दहरूमा हुने यस प्रकारको अभिलक्षणको भाव देखिदैन । कुनै-कुनै विद्वान्हरूको मतअनुसार प्राचीन थाई भाषामा पनि यस प्रकारको अभिलक्षण थियो, तर पछि गएर हरायो । **मोन–खमेर**सितको सम्बन्धले गर्दा स्यामी भाषाले विशेष गरी मध्य-थाइण्याडमा उपसर्ग र मध्यसर्ग शब्दहरूमा व्यञ्जनात्मक लर्कन प्रयोगलाई **मोन-खमेर** भाषाका यी दुई अभिलक्षण अर्थात् कुनै न कुनै किसिमले धेरै हदसम्म अपनाएको पाइन्छ ।

मोटामोटी विचार गर्दा इशवीको ५ औंदेखि १३ औं शताब्दीसम्म मध्य-थाइल्याण्ड क्रमशः **मोन** र **खमेर**हरूको राजनैतिक घेराभित्र थियो । **मोन**हरू त्यसबेला हिन्दचिनी प्रायद्वीपका एउटा अपेक्षाकृत सभ्य जाति थिए । तिनीहरूले आफ्नो सभ्यता भारतबाट पाएका थिए र बौद्धधर्म अपनाएका थिए भने त्यसबेलाको अर्को सभ्य जाति खमेर उच्च मात्रामा हिन्दूकृत जाति थिए । परिणामस्वरूप **मोन** र **खमेर**हरूको भाषामा पालि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र संस्कृत भाषाका अनेक शब्दहरू घुसेका पाइन्छन् । **मोन** र **खमेर** भाषाहरू अधिकांशतः एकाक्षरी भएका हुनाले पालि र संस्कृतबाट आएका शब्दहरूलाई काँटछाँट र लघ्वीकरण गरी सम्भव भएसम्म निम्नतम एकाक्षरी रूपमा ढालिएको पाइन्छ र ध्वनिलाई पनि भाषाको आफ्नै किसिमको ध्वन्यात्मक प्रणालीको अनुकूल अदलबदल गरिएको छ ।

यद्यपि कालान्तरमा **खमेर**हरू, पछि स्यामीहरू, मध्य-थाइल्याण्डको सर्वश्रेष्ठ जाति हुन पुगे तापनि अधिकांशतः जनसंख्या अझै पनि प्रधानतः **मोन** र **खमेर**हरू भएको अनुमान गर्नु युक्तिसंगत देखिन्छ । तिनीहरू बिस्तारै-बिस्तारै स्वाभाविक रूपले थाईहरूसित मिसिंदै गए र एउटा महत्त्वपूर्ण अंशको रूपमा स्यामी जाति कहलिएको जातिको हिस्सा बन्न पुग्यो । **मोन–खमेर** भाषाहरूको प्रभावले गर्दा थाई भाषामा अब निकै परिवर्तन आइसकेको छ । थाई भाषामा अनेक **मोन** र **खमेर** शब्दहरू भित्रिंदै गए । यसको अतिरिक्त संस्कृत र पालि मूलका धेरै शब्दहरू पहिले **मोन** र **खमेर** भाषाहरूको माध्यमबाट र पछि भारत र श्रीलंकाबाट सोझै पैंचो लिएर स्यामी भाषामा भिज्याइएका थिए । पालि र संस्कृत भाषाहरू थाई भाषाहरूको ठीक उल्टो ध्रुवमा छन् । पालि र संस्कृत भाषाहरू व्याकरणको दृष्टिले कारकहरू र अन्य विभक्तिहरूद्वारा बाँधिएका शब्दहरूको विभक्तिमय भाषा हो भने थाई थाषाहरू व्याकरण रूपमा स्वाधीन र स्वतन्त्र भएका शब्दहरूले युक्त वैश्लेषिक भाषा हो । यसैले थाई भाषामा संस्कृत र पालिबाट पैंचो लिई आएका शब्दहरू विभक्तिको नियमभित्र ठीकसित मिल्दैनन् । यस्ता शब्दहरूलाई थाइकरण गरिंदा अलगिन जान्छ र अनेकाक्षरी संस्कृत र पालिका शब्दहरूको सम्भव भएमा **मोन** र **खमेर** भाषाहरूमा जस्तै प्रकारले कटनीमटनी र लघ्वीकरण गरिन्छ । उही किसिमले संस्कृत र पालि ध्वनिहरू स्वभावतया थाई ध्वन्यात्मक प्रणालीअनुरूप हुने गरी बदलिन्छन् ।

मोन र **खमेर** भाषाहरूको बारे फेरि विचार गर्दा हामी के भन्न सक्छौं भने थाईहरूले थाइल्याण्डमा प्रधान जातिको रूपमा आफ्नो स्थिति मजबूत गरिसकेपछि आफ्नो थाई भाषामा **मोन** र **खमेर** भाषाका शब्दहरू ठूलो मात्रामा बिस्तार-बिस्तारै आत्मसात् गर्दै गएको कुरा तिनीहरूको बोलचालमा र थाई साहित्यमा पनि हाल प्रयोगमा भएको स्पष्ट हुन्छ । यथार्थमा थाईहरूले, **मोन** र **खमेर** भाषाहरूका उपसर्ग र मध्यसर्गहरू राखेर आफ्ना स्थानीय शब्दहरूबाट व्युत्पन्नहरू बनाउने उपायहरू पनि अपनाएका थिए । पछि गएर परिस्थिति बिलकुलै अर्को भयो । **मोन–खमेर** भाषाबाट, विशेष गरी **खमेर**बाट, थाईहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दहरू पैंचो लिनुको साटो, **मोन–खमेर** भाषाहरूले पर्याप्त संख्यामा थाई शब्दहरू लिएर आफ्नो शब्दभण्डार भरेको झट्ट हेर्दा होला कि जस्तो भए पनि **खमेर** मूलका धेरै थाई शब्दहरूलाई खमेरहरूले चालै नपाईकनै थाई उच्चारण-अनुसारको नयाँ ध्वन्यात्मक रूपमा आपनै भाषामा भित्र्याएको देखिन्छ । दुवै भाषाहरूले यसरी परस्परबाट शब्दहरू भित्र्याउने गरेको कुरा स्पष्ट र विचारणीय छ । यसरी भित्र्याएर लिइएका शब्दहरू दुवै भाषामा आपनै जस्तो भै पूरा मिलिसकेका छन् । आजकोकुनै पनि समझदार थाईले थाई लिपिमा रूपान्तर गरिएको खमेर लेख पढ्दै जाँदा त्यसमाधेरै शब्दहरू आफ्नै भाषासित मिलेको पाउन सक्छन् । संस्कृत र पालिबाट लिइएका कृतिहरूको त कुरै छोडौं तिनबाट त दुवै भाषाहरूले प्रचुर मात्रामा पैंचो लिएका छन् । विभिन्न ध्वन्यात्मक प्रणालीले गर्दा दुई भाषाहरू आपसमा नबुझिने छन् भनेर भन्नु खालि बोल्दाखेरि मात्र हो ।

विदेशी मूलका शब्दहरूलाई थाई भाषामा भित्र्याउँदा थाईहरूले 'समान अर्थका दुई जोडा शब्दहरू' बनाउने आफ्नो पुरानो तरीका प्रयोग गर्छन् । शायद समान अर्थ हुने थाई स्थानीय शब्द सँगसँगै जोडेर आफूले नयाँ अपनाएका विदेशी शब्दहरूलाई अनुवाद गर्न यसो गरेको हुन सक्छ ।

उदाहणको लागि, थाई भाषामा **तोन्** दअम्को अर्थ 'मूल' हुन्छ । **तोन** स्थानीय थाई शब्दले जसको अर्थ डाँठ, जग वा आधार हो भने **दअम खमेर** मूलको शब्द हो जसको अर्थ 'थालनी' अथवा 'पहिलो कारण' हुन्छ । **ठियङ तरोङ**को अर्थ 'ईमान्दार न्यायी' हुन्छ । त्यसमाको **डियङ** थाई शब्द हो जसको अर्थ 'ठीक निश्चित' हुन्छ भने **ताउनाङ खमेर** शब्द हो जसको अर्थ 'सोझो' हुन्छ । यस प्रकारका थाई शब्दहरू पर्याप्त संख्यामा छन् । भारतीय मूलका शब्दहरू पनि त्यस्तै गरेर लिइएका छन् ।

उदाहरणको लागि, **साफ–सिन**को अर्थ 'जायजेथा' हो । **साफे** संस्कृतमा 'द्रव्य' हो जसको अर्थ 'धन' हो । 'सिन' थाई शब्द हो जसको अर्थ **दाम** हो । (अब चिनियाँसँग तुलना गरौं) क्यान्टोनी बोलीको **त्सिन** शब्दको अर्थ पनि 'दाम' नै हुन्छ । **रूप-राङ**को अर्थ 'आकृति, 'आकार' 'रूप' हुन्छ । 'रूप' संस्कृत र पालिको रूप हो, **राङचाहि** थाई शब्द हो जसको अर्थ हुन्छ 'संरचनात्मक रूप' ।

मोन-खमेर भाषाको एउटा लक्षण माथि चर्चा गरिएको उपसर्ग र मध्य-सर्गको प्रयोग हो । मध्यसर्ग भनेको अर्थभेद गर्नका लागि मौलिक अथवा मूल शब्दमा ध्वनिको जडान हो । मूलतः थाई भाषामा यस्तो कुरा थिएन । अतीतमा थाईहरूको खमेरहरूसँग भएको घनिष्ट सम्बन्धले गर्दा यस प्रकारका धेरै शब्दहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाई भाषामा पाइएका हुन् ।

खमेर भाषाबाट लिइएका थाई शब्दहरुमा, उदाहरणको लागि **तुरुवत्** को अर्थ 'जाँच्नु', 'निरीक्षण गर्नु' हुन्छ । **आम** ध्वनि यसको बीचमा घुसाउँदा यो **तामरुवत्** हुन्छ अनि यसको अर्थ 'प्रहरी', 'पाले' हुन्छ । **फाक्**को मानेमा 'आराम गर्नु' हो । यसमा 'न' घुसाउँदा यो **फनाक** हुन जान्छ। जसको अर्थ मेचको जस्तै आउने हुन्छ । यसमा **आम** मध्यसर्ग घुसाउँदा यो **फामनाक्** हुन्छ जसको अर्थ (दुःख अथवा आपत्-विपत् परेको बेलाको) **आङ्भरोसा** हुन्छ ।

कहिलेकाहीं **मोन**–खमेर भाषाका मध्यसर्ग भएका यस्ता शब्दहरूको प्रयोग थाई भाषामा गर्दा तिनीहरूको रूप मूल शब्दहरुभन्दा भिन्न हुँदैन । उदाहरणका लागि **चरअन**को अर्थ 'बढ्नु', 'उन्नति गर्नु' हुन्छ । यसमा **आम** मध्यसर्ग घुस्यो भने **चामरअन** हुन्छ जसको माने थाई भाषाको **चरयन**को जस्तै हुन्छ । तर खमेर भाषामा **चरयन** कारण तत्त्व हुन्छ र त्यसको अर्थ 'बढाउनु' वा 'उन्नति गराउनु' हुन्छ ।

कुनै-कुनै अवस्थामा थाई भाषाले यस्ता खमेर मध्यसर्गहरूको प्रयोग आफ्नै शब्दहरू बनाउनको लागि गर्छ । उदाहरणको लागि, 'थाईमा' **सियङ**को अर्थ 'हल्ला', 'आवाज' हुन्छ । यसमा **आम्न** मध्यसर्ग घुसाइदियो भने **साम्नियङ** हुन्छ जसको अर्थ 'स्वर' 'आवाज', 'कण्ठ' वा 'वाद्यध्वनि' हुन्छ । चीनको क्यान्तोनी बोलीको **सेङ** उच्चारण हुने शब्दसित दाँजेर हेर्नुहोस् जसको अर्थ 'आवाज', 'स्वर', 'हल्ला', 'बोली' हुन्छ ।

थाई भाषामा **राछसाफ** अर्थात् दरबारिया भाषा भनिने परम्परागत शब्दावली छन् । राजा र राजकुमारहरूको सम्बन्धमा खानु, हिंड्नु, बस्नु, सुत्नु, टाउको, हात, कपाल, खुट्टा आदि केही आधारभूत शब्दहरूको प्रयोग बेग्लै उपयुक्त शब्दहरूद्वारा गरिन्छ । यी शब्दहरू संस्कृत र पालि मूलका मुख्यतया **खमेर** शब्द हुन् । अरू बाँकी धेरै नै थाई शब्दहरू हुन् जो साधारण शब्दहरूबाट अलग छुट्टिने गरी बनाइएका छन् । थाई दरबारिया भाषामा प्रचलित खमेर सब्दहरू बडो चाखलाग्दा छन् किनभने ती शब्दहरू हाल प्रचलित खमेर भाषाका साधारण शब्द हुन् । हुन सक्छ प्राचीन कालमा थाईहरू **खमेर**हरूलाई हटाएर मध्य-थाइल्याण्डमा शासक जाति बन्न पुगेको अवस्थामा थाई शासकवर्ग खमेर संस्कृतिबाट केही हदसम्म प्रभावित भएको थियो । यसैले त्यसवेलाको साहित्यको माध्यमबाट केही खमेर शब्दहरूलाई अर्थको हिसाबले माथिल्ला तहमा राख्दियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र तिनीहरू धेरैजसो देवी-देवता, राजा-महाराजा तथा राजकुमारहरूको सम्बन्धमा व्यवहार गरिए।

अब हामी अर्को भाषा, **मलय–जाभानी**तिर लागौं जसले थाई भाषाका शब्दहरूको विकासमा कम महत्त्वपूर्ण भूमिका खेलेको थिएन। यस भाषाको माध्यमबाट थाईहरूले अरबी, पछिल्ला कालका फारसी अरबी जस्ता सेमेटिक मूलका र पुर्तगाली मूलका पर्याप्त संख्यामा विदेशी शब्दहरू प्राप्त गरेका छन्।

मलय–जाभानी भाषा समूहहरू, तिनीहरूका द्वयाक्षरी शब्दहरू र उपसर्ग, मध्यसर्ग र अन्तसर्ग जस्ता प्रत्ययहरूको प्रयोगबाहेक थाई र दक्षिण-पूर्व एशियाका धेरैजसो अरू भाषा समूहहरूसित धेरै नै मिल्छ। ती समूहका मानिसहरूमा विशेष गरी मलयहरूमा प्राचीन कालमा दक्षिण-पूर्व एशियाका मुख्य भूमिमा बस्ने विशेष गरी समुद्रकिनार नजीकका मानिसहरूको रगत र भाषाको कत्तिको मिश्रण भएको छ हामीलाई थाहा छैन। वस्तुतः केही विद्वान्-हरूको विचारमा मलयहरूमा थाई भाषामा **मलय–जाभानी** अथवा हिन्देशियाई भाषाको टड्कारो सादृश्यता छ। उनीहरूको अरू के पनि भनाइ छ भने यी दुई भाषा समूहमा एक किसिमको समानता विद्यमान छ। यदि यो कुरा सत्य नै हो भने दुई जातिको त्यत्रो मात्रामा संमिश्रण भएको अवस्थामा यो कुरा कुनै हदसम्म सत्य हुन पनि सक्छ।

सर्सर्ती तुलना गरेर हेर्ने अवस्थामा थाई र थाइल्याण्डका छिमेकका अरू भाषा समूह साझा भएर मलय शब्दहरू पर्याप्त संख्यामा देखिन आउँछन्। निःसन्देह यी धेरैजसो शब्दहरू सांस्कृतिक आदान-प्रदानबाट आएका हुन्। ईस्वी सन्को अठारौं शताब्दीमा प्रख्यात **जापानी पांजी चक्र** कथाहरूको थाई भाषामा प्रवेश भयो र त्यो 'थाई साहित्यको' लोकप्रिय कथा साहित्यमध्ये हुन पुग्यो। (तिनका संस्कृतिहरूको विस्तारको सम्बन्धमा 'थाई साहित्य' शीर्षक यस क्रमको नं. ६ हेर्नू)। यी कथाहरूको प्रवेशले थाई भाषामा जापानी शब्दहरू प्रचूर संख्यामा पाइन थाल्यो। यस्ता शब्दहरू धेरैजसो साहित्यक किसिमका भए तापनि थाई जनताले अपेक्षाकृत राम्ररी बुझ्छन्।

हिन्देशियाई भाषा समूहले जस्तै थाई भाषाले पनि पछि गएर कुनै कुनै चीजको र चिनियाँ जातिको आफ्नै विशेषता भएका खानेकुरासम्बन्धी चिनियाँ शब्दहरू र व्यापार वाणिज्यसित सम्बन्धित अनेक शब्दहरू भित्र्याएको। यिनी-हरूको धेरैजसो साधारण बोलीचालीमा प्रयोग हुन्छ तापनि धेरै त थाई भाषाका पूरै आफ्नै भइसकेका छन्। थाई भाषामा प्रयुक्त चिनियाँ शब्दहरू ताई–चिउ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथवा स्वातो बोलीका हुन् भने मलय भाषामा प्रयुक्त ती शब्दहरू फुकियानी बोलीका हुन्। जुन ठाउँमा जुन बोली बोल्नेको प्राधान्यता छ त्यसको कारणले यसो भएको हो।

सबैभन्दा पछिल्लो तर थाई भाषाको विकासमा कम महत्त्वको नभएको भाषा अंग्रेजी हो। थाई भाषामा तुलनात्मक दृष्टिले धेरै थोरै मात्र अंग्रेजी शब्द पाइए तापनि युवा पिढीकाहरूले बोल्ने र लेख्ने थाई भाषामा अभिव्यक्तिको प्रभाव स्पष्ट रूपले टेलिभिजन, रेडियो र अनुवादको माध्यमबाट बढ्दो मात्रामा अमेरिकी वा अंग्रेजी रूपको वाक्य र वाक्यपद्धतिको ढाँचामा देखिएको छ।

३ थाई वर्णमाला

थाई वर्णमाला अप्रत्यक्ष रूपमा भारतीय मूलका हुन्। वर्तमान थाई वर्णमालाको संस्थापना सन् १२८३ थाइल्याण्डको सुखोथाइ वंशका थाईका महान् राजा **राम खामहाय्ङबाट** (सांस्कृतिक थाइल्याण्डको परिचयात्मक रूपरेखा, यस क्रमको सं. १ हेर्नू) भएको हो। प्राचीन खमेर अक्षरहरूको माध्यमबाट भारतीय ढाँचामा ढालिएको भए तापनि थाई वर्णमाला भारतीय र खमेर स्रोतदेखि दुई मुख्य बुँदामा भिन्न छ।

भारतीय र खमेर लेखनमा दुई वा दुईभन्दा बढी व्यञ्जनहरू कुनै शब्द वा शब्दांशको शुरू वा अन्तको सम्पर्कमा आउँदा तिनीहरू लेखिने अवस्थामा एउटै सिंगो भएर जोडिन पुग्छन्। मुख्यचाहिँको अगल-बगलमा आउँदा कुनै कुनै व्यञ्जन वा व्यञ्जनहरूको रूप संक्षिप्त हुन जान्छ। भनूँ कि अंग्रेजी शब्द grasp (ग्रास्प) लाई भारतीय अथवा खमेर शैलीमा लेख्नुपरेको छ। त्यसबेला r र s लाई छोटचाई पहिलोको अगाडिको g र दोस्राको पछाडिकोसँग मिसाएर त्यो शब्दको शुरूको gr र अन्तको sp लाई एउटै सिंगो रूपमा एकीकृत पार्नुपर्छ राजा **राम खामहाय्ङबाट** पनि तिनीहरूलाई रोमन वर्णमाला जस्तै अंग्रेजी शब्द grasp लेखेकै तरीकाले प्रत्येकलाई अलग-अलग अक्षरहरूमा विभक्त गरिवक्स्यो।

भारतीय र खमेर स्वर-चिह्नहरू व्यञ्जनहरूभन्दा भिन्नै समूह बनेका छन्। तिनीहरू, मानौं पछि आएको विचार झैं, व्यञ्जनको या त अगाडि, पछाडि, माथि वा तल लेखिन्छन्। आधुनिक थाई लेखनमा पनि यसरी लेखिन्छ। **राम खामहाय्ङको** लेखन तरकीब भने भिन्नै प्रकारको थियो। यस सन्दर्भमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अमेरिकी भाषाशास्त्री कोर्नेलियस बी. ब्राडलेको भनाइ उद्धृत गर्नु अप्रासंगिक नहोला । उनले आफ्नो "स्यामी भाषामा थाहा पाइएका सबैभन्दा प्राचीन लेखोट सुखोथाइका फ्रा राम खामहाय्ङको अभिलेख" (स्याम समाजको पत्रिका, खण्ड ६ भाग १ पृ. ११, व्याङकक् १९०९) लेखमा यस प्रकार लेखेका छन् :

"तर मौसूफको (अर्थात् राजा राम खामहाय्ङको) स्वर अंकित गर्ने तरकीबको सबैभन्दा मौलिक र साथै स्वर चिन्हहरूलाई व्यञ्जनहरू सहित लिखित ढाँचामा तथा यसैले व्यावहारिक रूपले वर्णमालाभित्र ल्याउनु थियो । वर्णमालामा यसरी स्वरलाई समावेश गर्नु ग्रीक प्रतिभाको करामत थियो, यसबाट सदासर्वदाको लागि पूर्वीय अक्षरहरूलाई जीवन र विचारको नयाँ संसारका खाँचाहरूको अनुकूल बनाउने काम भयो । उदाहरणको लागि, त्यही एउटै कुराबाट सम्पूर्ण पश्चिमी भाषाका लागि शब्दावली र सूचीहरूमा शब्दहरूको निश्चित क्रमको असीम लाभ हुन सक्ने भएको हो । यस प्रकारको निश्चित शब्दक्रमको अभाव पूर्वी जगत्भरि नै अध्येताहरूको सामु एउटा कठिनाइ र अवरोधको रूपमा रहेको छ । त्यही कारणले वर्णानुक्रममा स्वरको स्थान कहीं पनि नभएको हो । हामीले थाहा पाएसम्म राजा राम खामहाय्ङ नै एक मात्र व्यक्ति होइबसिन्छ जसबाट यस अन्तरावधिमा करीब करीब त्यस प्राचीन ग्रीक विचारअनुसारको कार्य शुरू गऱ्यो । त्यसो भए तापनि मौसूफबाट आफ्नो विचारलाई तर्कपूर्ण निष्कर्षमा पुऱ्याइबक्सिएन । स्वरलाई जसरी लिखित ढाँचामा स्थान दिइएको हो त्यसरी नै शब्दांशमा तत्त्वहरूको अनुक्रममा स्थान दिइएन । स्यामी विद्वान्हरू ग्रीकहरू जस्ता नभै, पूर्वीय धर्मग्रन्थहरूको राम्ररी अध्ययन गर्ने गरिरहन्थे । यसरी तिनीहरूबाट पुरानो परम्परालाई सधैं जोगाइराख्ने र नयाँलाई ओझेलमा राख्ने काम भैरह्यो । ठीक लाइनमा ल्याइसकिएका स्वरहरूलाई पनि फेरि केही वर्षमै पुरानै स्थितिमा लगिए । कारण यही हो कि आजका स्यामीहरूका लागि सजिलैसँग ढाल्न र मिलाउन सकिने टाइप र सजिलै र निश्चित रूपमा पाउन सकिने शब्दहरू भएको शब्दकोषहरू प्राप्त गर्न सदा झैं नसकिने नै भैरहेको देखिन्छ ।"

सन् १९१७ मा राजा बछिराबुढबाट राजा राम खामहाय्ङको यस स्वर चिह्नित गर्ने प्रणालीलाई प्रयोगको रूपमा पुनः प्रचलनमा ल्याउने प्रयास भयो तर सफल भएन । निःसन्देह मूल भारतीय र खमेर स्रोतमा जस्तै स्वर चिह्नहरू लेख्ने पुरानो परम्परा अझ उत्तिकै बलियो रहेको छ । माथि उल्लेख गरे झैं स्वर चिह्न राख्ने कुरामा बाहेक आधारभूत रूपमा आजसम्म पनि राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम खामहाय्ङबाट कोरिएको गोरेटोमा नै विकासको क्रममा आवश्यक केही संशोधन र थपथाप गर्दै हिंड्दै आएको छ।

माथि चर्चा गरे झैं थाई भाषा एउटा स्वर-प्रधान भाषा हो र यसमा उही ध्वनिका शब्दहरूको पनि सुरको प्रसंगअनुसार फरक-फरक अर्थ हुन्छ। थाइल्याण्डका थाई भाषालाई छोड़ेर अरू विभिन्न बोलीहरूमा लेखिने थाई शब्दहरूको र **झान** तथा लाओहरूका शब्दहरूको पनि विभिन्न सुरको बोध गर्ने लिखित चिह्नहरू छैनन्। त्यो शब्दै पनि कहिलेकाहीं एक बोलीबाट अर्को बोलीमा फरक हुन्छ। 'आउनु' क्रिया अथवा 'घोडा' र 'कुकुर' संज्ञा बुझाउनु-पर्‍यो भने थाईमा एउटै रूप **मा** लेखिन्छ तर उच्चारण मात्र विभिन्न सुरमा गरिन्छ। यसैले लेखाइ मात्र हेरेर **मा** शब्द कुन अर्थमा लेखिएको हो भन्न सकिदैन, आसपासका शब्दहरूको प्रकरणबाट मात्र सही कुराको पत्ता लाग्छ। तर **राम खामहाय्**ङद्वारा प्रतिपादित लेखाइको ढाँचामा यस्तो छैन। शब्दमा अंकित विभिन्न सुरलाई जनाउन उहाँबाट दुई किसिमको सुर चिह्नको आविष्कार भएको थियो। विकासक्रम-अनुसार आजको थाई लेखनमा सुर चिह्नित गर्ने चारओटा चिह्नहरू भैसकेका छन्। थाई भाषाका सुरव्यवस्थामा चाख भएका कोही पनि व्यक्तिले जर्ज बी. माकफरल्याण्ड एम.ड़ी. लिखित "थाई अंग्रेजी शब्दकोष"को भूमिकाको अध्ययन गरी यसबारे विस्तापूर्वक छानबीन गर्न सक्छ। (ब्याङ्कक १९४१, **दोस्रो संस्करण स्टचान्डफोर्ड** १९ ४)

आधुनिक थाई अथवा स्यामी वर्णमालामा ४४ ओटा व्यञ्जनहरू छन्। यीमध्ये २८ ओटा आधारभूत व्यञ्जनात्मक ध्वनि छोडेर बाँकी १६ ओटा अतिरिक्त छन्। यी अतिरिक्त व्यञ्जनहरूको प्रयोग खास गरी संस्कृत र पालि शब्दहरूको लिपि रूपान्तर गर्दा गरिन्छ। यी अतिरिक्त व्यञ्जनहरूमा दुईओटा त हाल चल्तीबाटै हराइसकेका छन्। वर्णमालाका अक्षरहरूको रखाइ संस्कृत र पालिका पद्धतिअनुसार नै हुन्छ अर्थात् व्यञ्जनात्मक ध्वनि उत्पन्न हुँदा सम्पर्कमा आउने विभिन्न स्थानसित सम्बन्धित छओटा समूहमा विभाजन गरिएको छ। भाषा पनि अंग्रेजी जस्तै बायाँबाट दाहिने लेखिन्छ। स्वरहरू जम्मा २४ ओटा छन्, जसमध्ये ९ ओटा साधारण र १२ ओटा तदनुरूपका अपेक्षाकृत दीर्घ र ह्रस्व ध्वनि भएका स्वर-सन्धिहरू छन्। अन्य ३ ओटा पनि संयुक्त स्वरहरू गरी दीर्घ र ह्रस्व दुवै मिलाई कूल ४५ ओटा स्वरहरू छन्। शब्द वा शब्दांशहरूका अन्तिम व्यञ्जनहरू, ह, द, ब, (h, t, p) अर्थात् तदनुरूपका अनुनासिक व्यञ्जनहरू र दुईओटा अर्ध-स्वर य र व (y र u) हुन्। यस्ता अन्तमा आउने अक्षरका ध्वनिहरू नफुट्ने प्रकारका छन्। विदेशी मूलका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दहरू, विशेष गरी संस्कृत र पालिका शब्दहरूको अन्तमा ह, द, ब (h, t, p) वाहेक अरू व्यञ्जन भएमा तिनीहरूको उच्चारण भने अक्सर उपर्युक्त तीन व्यञ्जनहरूको झैं हुन्छ । वाक्यमा शब्द लेख्ने र पढ्ने रीति पनि देब्रेबाट दाहिने नै छ र शब्दहरूको बीचमा खाली ठाउँ वा अन्तराल हुँदैन । अभ्यस्त आँखाको लागि त्यति साह्रो कठिन हुँदैन ।

रोमन अक्षर जस्तै अलग-अलग स्वतन्त्र स्वरूपको अक्षर भएको राजा **राम खामहाय्**ङबाट आविष्कार भएको वर्णमालाको प्रयोगबाट यो कठिनाइ छपाइ र टंकणमा धेरै कम भएको छ । एक जना अमेरिकी धर्मप्रचारकका छोरा थाइल्याण्डमा जन्मेका एडविन म्याकफरल्याण्डले सन् १८९२ मा अमेरिकाबाट फर्कंदा पहिलो थाई टंकणयंत्र साथै लिएर आए । त्यो उनले थाई देशमा बसी बनाउन सफल भएका थिए । थाई वर्णमालामा २४ ओटा व्यञ्जन, २४ ओटा स्वर र चारओटा सुर चिह्नसमेत असंख्य अक्षर भएकाले उनले यस्तो थाई वर्णमाला जम्मै अट्ने कुनै टंकणयन्त्र बजारमा पाउन सकेका थिएनन् । आखिरमा उनले प्रचलित लेखनमा विरलै प्रयोग हुने वर्णमालाका दुई थाई अक्षरलाई हटाएर साहसिलो कदम चाले । "कालान्तरमा यी दुई अक्षरहरू बिस्तारै-बिस्तारै चलनचल्तीबाट हटाएर गए र ती अक्षरहरू थिए भन्ने कुरा जान्ने मान्छे आजकाल कमै मात्र पाइन्छन् ।"

(बर्थां ब्लाउन्ट म्याकफरल्याण्डको 'स्यामको म्याकफरल्याण्ड', मिन्टेज प्रेस न्यूयार्क १९५८, पृ. १०५)

(थाई भाषाको ग्रन्थसूचीको लागि हेर्नू "पश्चिमी भाषाहरूमा थाइल्याण्ड बारेका सामग्रीका ग्रन्थसूची, भाषा र साहित्य खण्ड" पृ. ९९–१२०, **चुलालङ्कअण** विश्वविद्यालय, ब्याङ्कक, १९६०)

धन्यवाद ज्ञापन:–

म, मेरा मित्र ब्याङ्ककका **चुलालङ्कअण** विश्वविद्यालयका श्री पिटर बीप्रति, उहाँले यस लेखबारे लिनुभएको अभिरुचिको लागि, कृतज्ञ छु । उहाँले यो लेख कृपापूर्वक पढ्नुभै केही महत्त्वपूर्ण टिप्पणी गर्नुभएको छ र साथै मेरो अंग्रेजी भाषालाई धेरै ठाउँमा शुद्धचाइ पनि दिनुभएको छ । यसको निम्ति म धेरै धेरै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

लेखक
राजकीय संस्थान, ब्याङ्कक
६ फरवरी १९६१

थाई संस्कृति, नयाँ क्रम सं. १०,२५०६
(थाई कल्चर, न्यू सिरीज्, नं. १०,२५०६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

DEVELOPMENT OF THE THAI ALPHABETS

थाई वर्णमालाको विकास

व्यञ्जन वर्ण
CONSONANTS



1 King Ram Kamhaeng. 1283 A.D.
2 King Lu Thai, 1357 A.D. (grandson of above)
3 Chiang-Mai Area, 1518 A.D.
4 Lao script.
5 King Narai, 1660 A.D.
6 Compressed Thai Characters.
7 Thai Writing. Tamarind-leaf shape.
8 Thai Writing. King Rama I (1782-1809)

१. राजाराम कामहाय्ङ, सन् १२८३
२. राजा ल्यू थाई, सन् १३५७ (ऐंका नाति)
३. च्याङमाई क्षेत्र, सन् १५१८
४. लाओ लिपि
५. राजा नाराइ, सन् १६६०
६. संक्षिप्त थाई अक्षर
७. थाई हस्तलिपि, अमलाको पातको आकार
८. थाई हस्तलिपि राजा राम प्रथम (१७८२-१८०९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरवर्ण
VOWELS



अङ्क
NUMERICAL FIGURES

1 King Ram Kamhaeng. 1283 A.D.
2 King Lu Thai, 1357 A.D. (grandson of above)
3 Chiang-Mai Area, 1518 A.D.
4 Lao script.
5 King Narai, 1660 A.D.
6 Compressed Thai Characters.
7 Thai Writing. Tamarind-leaf shape.
8 Thai Writing. King Rama I (1782-1809)

१. राजाराम काम्हाय्ङ, सन् १२८३
२. राजा ल्यू थाई, सन् १३५७ (ऐंका नाति)
३. च्याङमाई क्षेत्र, सन् १५१८
४. लाओ लिपि
५. राजा नाराइको, १६६०
६. संक्षिप्त थाई अक्षर
७. थाई हस्तलिपि, अमलाको पातको आकार
८ थाई हस्तलिपि राजा राम प्रथम (१७८२-१८०९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu
CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

थाई भाषा

१. भाषा

थाई भाषा भाषाविज्ञानमा इन्सोलेटिङ ल्याङ्वेज भनी वैज्ञानिक नाम दिइने गरेको भाषाको वर्गमा पर्छ । यस्तो भाषाका शब्दहरूको वाक्यमा प्रयोग हुँदा तिनको रूपमा कारक, लिङ्ग, वचन, क्रियापदको काम वा कालअनुसार कुनै थपघट, अदलबदल हुँदैन । अर्थात् वाक्यमा प्रयुक्त प्रत्येक शब्द आफैं एउटा स्वतन्त्र एकाइ हुन्छ । एक किसिमले भन्ने भने हो यस प्रकारको भाषालाई व्याकरणको आवश्यकता पर्दैन ।

थाई भाषा, थाइल्याण्ड, बर्माका शान राज्यहरू, लाओ अधिराज्य र तोङकिङ र चीनको दक्षिणी भागमा छरिएर बसेका थाई जातिका धेरै समूह-हरूमा बोलिन्छ । यी मानिसहरूका भाषाको तुलनाबाट शब्दावली, शब्दरचना र विन्यासमा एकरूपता रहेको देखिन्छ । त्यसबाट तिनीहरू एउटै मूल स्रोतबाट आएका हुन् भन्नेमा शंका छैन । कालान्तरमा ऐतिहासिक घटना-को संजोगले तथा स्थान-विभेदले गर्दा उक्त थाई जातिका प्रत्येक भौगोलिक क्षेत्रको थाई भाषा स्वभावतः फरक हुन गए र केही मात्रामा बदलिन पनि गए । त्यसो भए तापनि प्रत्येक समूहमा भाषाको धेरैजसो मौलिक विशेषता अर्थात् एकाक्षरीपन र स्वरीय गुण जस्ताको तस्तै कायम रहेको छ ।

प्राज्ञिक विवादमा अगाडि नजाने हो भने, थाई भाषा, चिनियाँ भाषा जस्तै, मूलतः एकाक्षरी शब्दबाट बनेको हो । भिन्नार्थक शब्दको प्रयोगमा कुन अर्थको लागि प्रयोग भएको हो त्यो देखाउन भाषाको प्राथमिक विशेषताका स्वरूपको सुरहरूका प्रयोग गरिएको हुन्छ । प्रत्येक शब्द आफैंमा पूर्ण हुन्छ र कारक, लिङ्ग, वचन आदिको भिन्नता भएको विभक्तियुक्त भाषामा जस्तै यसमा कुनै थपघट, अदलबदल हुँदैन । थाई शब्दलाई कुनै निश्चित शब्द-खण्डको हुने गरी छुट्याउने कुनै खास नियम छैन । कुनै पनि शब्द वाक्यमा त्यसले पाएको स्थानअनुसार संज्ञा, विशेषण, क्रिया वा क्रिया-विशेषण हुन्छ । प्रत्येक शब्दको आफ्नो छुट्टै र स्वतन्त्र अस्तित्व हुन्छ र कुनै कुनै खास शब्दहरूसितको वृत्तमा निबद्ध भएका अपेक्षाकृत धेरै-थोरै शब्दहरूलाई छोडेर, कुनै ध्वनिसित मिल्न जाने वा शब्दहरूसित एकीकृत हुन जाने काम तिनीहरूबाट हुँदैन । जस्तो कि **ठाम् क्लाङ** (**ठाम**= ठाउँ : **क्लाङ** = मध्य) को अर्थ 'बीचमा'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । पहिलो शब्द ठाम् स्वतन्त्र शब्द भए तापनि क्लाङ एउटा शब्दबाहेक अरू शब्दहरूभित्र घुस्न सक्दैन । यो पनि अंग्रेजी शब्द लर्च हानि-नोक्सानी जस्तै होजो 'इन द लर्च' (अप्ठ्यारोमा) बाहेक अरू शब्दहरूको भित्र घुस्न सक्दैन । भाषाको विकासले गर्दा दुई ओटा एकाक्षरी शब्दहरू मिलेर संयुक्त-शब्द बन्न पुग्दा अ-स्वरित शब्द छोटिन जान्छ जसलाई वैज्ञानिक बोलीमा 'स्वरापात' भन्दछन् र द्वयाक्षरी अर्थात् दुई शब्दखण्डबाट बनेको शब्दमा गाभिन्छ । जस्तो कि, त-वान्को अर्थ 'सूर्य' हुन्छ । यो शब्द 'ता' = आँखा र 'वान' = (दिन) दुई शब्द मिलेर बनेको छ । अघिल्लो शब्द 'ता' छोटिएर 'त' भएको छ । थाई शब्दहरूलाई मलयालीमा जस्तै द्वयाक्षरी बनाउने अर्को प्रवृत्ति पनि छ, तरीका भने मलयालीमा जस्तो होइन, थाई द्वयाक्षरी शब्दहरू प्रायशः उच्चारणको सुगमताका लागि अर्थात् संगीतमय ध्वनिका लागि मात्र अपभ्रंश गरिएका देखिन्छन् । जस्तो कि 'खानु' अर्थ दिने 'किन' शब्द बोलीचालीमा 'किनकाय्न' वा 'किनकोयन' हुन सक्छ । आखिरी शब्दखण्डको केही अर्थ छैन तर उच्चारणको सुगमताका लागि मात्र जोडिएको हो । थाई भाषामा यस्ता धेरै प्रकारका शब्दहरू छन् र ती शब्दहरू अनगिन्ती नै छन् । तिनीहरूमध्ये केही शब्दहरू एक न एक बोलीमा देखिइरहन्छन, जस्तै हेर्नु अर्थ भएको 'हन' छियङमाईको थाई भाषाको उत्तरी बोलीमा हान हुन्छ । यस्ता द्वयाक्षरी शब्दहरूमा पोख्त हुन केही गाह्रो छैन । किनभने बोल्नेको मुखमा यस्ता शब्द त्यसै पनि आउँछन् । कारण के भने ती शब्दहरू एउटै मूल स्वरको बदलामा आउने शब्द मात्र हुन् तिनको अर्थमा केही फरक हुँदैन ।

थाई भाषाको वाक्यमा शब्दको रचना-व्यवस्था मूलतः अंग्रेजीमा जस्तै 'कर्ता' क्रिया-कर्म' को क्रममा हुन्छ । विशेषण र क्रियाविशेषणचाहिँ चिनियाँ वा अंग्रेजीमा जस्तो अगाडि नभै विशेषकहरूको पछाडि रहेका हुन्छन् । एउटै शब्द-भेदका शब्दहरू जतिओटा मन लाग्छ उतिलाई सँगै गाँस्न सकिन्छ तर त्यसो गर्न प्रत्येक शब्द उसको आफ्नो तर्कपूर्ण स्थानमा वा क्रिया भएको भए समयको अनुक्रममा हुनुपर्छ । एउटै भाव व्यक्त गर्नको लागि अक्सर दुई वा दुईभन्दा बढी शब्दहरू जोडिन्छन् जब कि दोस्रो र दोस्रो पछिका शब्द वा शब्दहरू पहिलोको विशेषण रहने स्थानमा रहेका हुन्छन् । जस्तो कि फइ फा (फइ = आगो, फा = आकाश)को अर्थ बिजुली हुन्छ, मइ खीत फइ (सलाईको काँटी कोर्नु– आगो)को अर्थ सलाई वा सलाईहरू हुन्छ ।

यसैले स्पष्ट हुन्छ थाई भाषा सरल छ र वाक्यमा हुने शब्दहरूको विन्यास जानेर तिनीहरूको सुरलाई कब्जामा राखन सक्ने भएको खण्डमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिक्न धेरै सजिलो छ। अंग्रेजी भाषामा हुने शब्दहरूको बलाघात जुन तरीकाले सिकिन्छ यही तरीकाले यो कुरा सिक्न सकिन्छ। वास्तवमा थाई भाषामा जुन सुर हुन्छ त्यो एक अर्थमा उच्चाघात हो। थाई भाषाका शब्दभेद, शब्द-रूप, सम्बन्धकारक, विभक्ति आदि लिएर व्याकरणको झन्झटमा पर्नुपर्दैन। थाई मात्र होइन चिनियाँ जस्ता भाषालाई पनि यसैले प्राविधिक हिसाबले वैश्लेषिक भाषा भन्छन् अब कि भारोपेली भाषालाई संश्लिष्ट भाषा भन्दछन्।

स्वर्गीय डा. कोर्नेलियस बी. ब्राड्लेले आफ्नो 'स्यामी बोली र लेखनका केही विशेषता' (जे. आर. ए. एस. १९२३, शताब्दी परिशिष्टाङ्क) मा भनेका छन्: "शब्दहरू वाक्यमा भएका अरू शब्दहरूसँगको आफ्नो सम्बन्धलाई व्यक्त गर्न र परिभाषित गर्न विभक्तीय साधनको पूर्ण अभाव भएको कारणले स्वयं अवधारणाका प्रतीक हुन्छन्। यसैले तिनीहरू आफ्नो सारभूत अर्थको अनुकूल नभएको कुनै पनि संश्लेषणात्मक सम्बन्धमा क्रियाशील हुन सक्छन्।"

अलियथर च्यापलिनले आफ्नो 'भाषाको कथा' (परिच्छेद तीन, अंग्रेजीको निर्माण) भन्ने लेखमा के भनेका छन् भने "अंग्रेजी भाषाहरूमध्येको सम्पन्नतम भाषा हो र यो भाषा विशिष्ट रूपले व्यावहारिक, भाव प्रकाश गर्न सजिलो र सबै ठूलठूला भाषाहरूको भन्दा सरलतम व्याकरण भएको भाषा हो। (डेनिस र केप डच भाषा योभन्दा पनि सरल छ र चिनियाँ भाषाको त जहाँ-सम्म विभक्तिको कुरा छ व्याकरण नै छैन) केही भाषाहरू विभिन्न नियमहरू र चलनहरूद्वारा बाँधिएका हुन्छन् भने अंग्रेजी भाषामा यस्तो बन्धन छैन, त्यो भाषा परम्परागत स्वाधीनताको प्रेमले उन्मुख छ। शेक्सपियरको समयदेखि वैयाकरणहरू, विद्यालयका शिक्षकहरू, स्वयं-निर्मित शैलीकारहरू र अरू पण्डितहरूको हातबाट यथेष्ट नियन्त्रण भोग्नुपरे पनि संयोगले देखिन आएका नयाँ नयाँ उपयुक्त खालका रूप र योगहरू अपनाउन सक्ने किसिमले लच्किलो पनि छ।" उही किसिमले थाई भाषाको चिनियाँ भाषाको जस्तै व्याकरण छैन र यो विभक्तिरहित छ। तैपनि यसमा विचित्र-विचित्रका नियमहरूको प्रादुर्भाव र व्याकरणका पनि बन्देजहरू देखापर्न आएका छन्।

सत्य हो कि मूल शब्दावलीमा एउटा मात्र शब्दखण्ड भएका शब्दहरूको उपभोग गर्ने तथा शब्दहरूका व्याकरणिक सम्बन्ध देखाउन ध्वनिगत भिन्नतालाई स्थान नदिने भाषामा प्रचुर मात्रामा भिन्नार्थक शब्दहरू अर्थात् एकै ध्वनि तर अर्थ भिन्न भएका शब्दहरू हुन्छन्। निस्सन्देह अर्थको अस्पष्टता हटाउनको लागि भिन्नार्थ शब्दहरूमा स्वरको चढाइ उतार घुसाइएको हो। मूल थाई शब्दहरूमा कति स्वर थिए भन्ने थाहा पाउन सम्भव छैन। सिद्धान्ततः वर्तमानमा थाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाषामा पाँच सुर भए पनि यथार्थ बोलाइमा छ वा शायद सात सुर छन् किनभने थाइल्याण्डका कुनै कुनै भाषिक क्षेत्रहरू विशेष गरी उत्तर र उत्तर-पूर्वमा अलिअलि भिन्नता पाइन्छ।

सुरद्वारा शब्दहरूको भिन्नता छुट्याउने व्यवस्था हालको भए तापनि एकै रूप तर भिन्न अर्थ भएका शब्दहरू अपेक्षाकृत अझ पनि धेरै नै छन्। वाक्यमा वा वाक्यांशमा प्रसंगले अन्यथा नदेखाएसम्म तिनको अर्थ अझै अस्पष्ट हुन सक्छ। जस्तो कि **ता माई** हेनको अर्थ 'आँखाले देख्दैन' अथवा 'बाज्ये (मावलीतर्फका) ले देख्दैन, भन्ने हुन्छ किनभने 'आँखा' र 'बाज्ये' अर्थ्याउने शब्द, ध्वनि र सुरमा एकैनासको छ। यस्तो दृष्टान्तमा जुन भाग्यवश धेरै छैनन्, अरू वाक्य वा वाक्यांशहरूमा प्रसंगले अर्थ स्पष्ट नपारेमा केही अरू शब्द अथवा शब्दहरूको प्रयोग गर्नुपर्ने हुन्छ। यस्तो गर्ने दुई तरीका छन्, यथा —

१. निरूपक वा वर्गीकरणको रूपमा अर्थपूर्ण शब्दहरूको अगाडि जोडेर। उदाहरणको लागि, कुनै कुरा तरल रूपमा रहेको छ भन्ने बुझाउनुपऱ्यो भने स्पष्ट गर्नुपर्ने शब्दको अगाडि **नाम्** (=पानी) शब्द राखिन्छ। जस्तो कि, परेको पानी भन्नुपऱ्यो भने **नाम् फोन्** (**नाम**=पानी, **फोन**=बर्सेको पानी) भन्छन्। हुनत यो अंग्रेजीमा जस्तै हो तर शब्दको क्रम मात्रै उल्टोपाल्टो भयो। आँसु भन्नुपऱ्यो भने **नाम् ता** (**नाम्**=पानी, **ता**=आँखा) भन्छन्। शीतलाई **नाम् खाङ** (**नाम्**=पानी, **खाङ**=लट्केको) भन्छन्। बरफ **नाम् खाय्ङ** (**नाम्**=पानी, **खाय्ङ**=साह्रो अथवा डल्लो) हुन्छ भने, इच्छा चाहिं **नाम् छाई** (**नाम्**=पानी, **छाई**=मुटु) हुन्छ।

२. उही वा उस्तै प्रकारका अर्थ हुने दुई अर्थपूर्ण शब्दहरूलाई अगल-बगल राखेर। उदाहरणको लागि, **याई तो** को अर्थ 'महान्' हुन्छ (**याई**=ठूलो अथवा विशाल त्यस्तै **तो** पनि) **बान मुअङको** अर्थ राष्ट्र अथवा देश हुन्छ (**बान**=गाउँ, **मुअङ**=नगर)। **खा पवान्**को अर्थ 'मार्नु' हुन्छ (**खा**=मार्नु; **पवान**=धारिलो वस्तुले च्वाट्ट छिनाल्नु)। यसरी एकै लहरमा आउने दोस्रो शब्दले पहिलो शब्दको अस्पष्ट अर्थलाई स्पष्ट पार्ने काम गर्दा, कहिलेकाहीं यसले दैनिक बोलचालमा आफ्नो अर्थ गुमाउँछ; त्यो शब्द अर्थहीन हुन जान्छ। जस्तै **सुअ साय्ङको** अर्थ लुगाफाटा हुन्छ। (**सुअ**=कोट; **साय्ङ**=सुरुवाल), तर **सुअङको** आजकल दैनिक बोल-चालमा केही अर्थ छैन, यसको प्रयोग खालि ध्वनिको लागि गरिन्छ। यस प्रकारले दुई शब्दहरू जोड्ने काम गर्दा ध्वनिको छनौट जानी-जानीकन गरिएको हुँदैन। प्रमुख अथवा संगीतमय ध्वनिको चयन गौण अथवा नयाँ शब्दको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri


K ๑ D M ๒ Ā ๑
Kh ๒ Dh ẏ ๔ ī ๐
Kh ๓ N ๙ R ๕ Ī ๑๐
G ๔ D ๑ L ๖ Ŭ ๑๑
Gh ๕ T ๓ V ๐ Ū ๑
Ch ๖ Th ๓ Ç ๗ Ū ๒
Ṅ ๗ D ๘ Sh ๘ E ๓
C ๘ Dh ๘ S ๖ Ĕ ๑๑
Ch ๘ N ๘ H ๘ Ai ๒
J ๙ B ๘ Ļ Ai ๒
S ๙ P ๘ O ๔ Ō ๔
Jh B๘ Ao ๑๋
Ñ ๙ F ๘ Aṁ ๑̇
Ṭ B ๘ A: ๒
Ṭh ๙ F ๘
Ṭḥ ๑ B๘

राजा राम खाम्हायङको थाई वर्णमाला, सन् १२८१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri


K ก D M ม Ā า
Kh ข Dh y ย İ ิ
Kh ṇ ณ R ร Ī ี
G ค D ด L ล Ů ึ
Gh T ต V ว Ū ื
Gh ฆ Th ถ Ç ศ U ุ
Ń ง D ท Sh ษ Ū ู
C จ Dh ธ S ส E เ
Ch ฉ N น H ห Ë แ
J ช B บ O อ Ai ไ
S ซ P ป Ai ใ
Jh Ph ผ Ō โ
Ñ ญ F ฝ Ao ๅ
T B พ Aṁ ำ
Th F A: ะ
Th ฐ Bh ภ

राजा नरइको राज्यकालमा प्रचलित थाई वर्णमाला, सन् १६६०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



प्रचलित थाई हस्तलिपि अमलाको पातको आकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



चियाङ भाईको थाई वर्णमाला, सन् १५१८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



उत्तर-पूर्वी थाई अक्षर, अष्ट हस्तलिपि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



संक्षिप्त थाई अक्षर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



सुनको पात-बुट्टा भएको पुरानो ढाँचाको पुस्तक राख्ने दराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आधुनिक थाई वर्णमाला
हस्तलिपि आलङ्कारिक शैली

ก ข ฃ ค ฅ ฆ ง
จ ฉ ช ซ ฌ ญ
ฏ ฎ ฐ ฑ ฒ ฑ ณ
ด ต ถ ท ธ น
บ ป ผ ฝ พ ฟ ภ ม
ย ร ล ว ศ ษ ส ห ฬ อ ฮ

อะ อา อำ อิ อี อึ อื อุ อู เอะ เอ
แอะ แอ โอะ โอ เอาะ ออ เออะ เออ
เอียะ เอีย เอือะ เอือ อัวะ อัว ใอ ไอ
เอา อาว อุย โอย ออย เอย เอือย อวย
อิว เอ็ว เอว แอว เอียว ฤ ฤๅ ฦ ฦๅ

๑ ๒ ๓ ๔ ๕ ๖ ๗ ๘ ๙ ๐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हस्तलिपि

चल्तीको शैली

ก ข ฃ ค ฅ ฆ ง

จ ฉ ช ซ ฌ ญ

ฐ ฑ ฒ ฑ ฒ ณ

ด ต ถ ท ธ น

บ ป ผ ฝ พ ฟ ภ ม

ย ร ล ว ศ ษ ส ห ฬ อ ฮ

อะ อา อำ อิ อี อึ อื อุ อู เอะ เอ

แอะ แอ โอะ โอ เอาะ ออ เออะ เออ

เอียะ เอีย เอื๊อะ เอื๊อ อัวะ อัว โอ ไอ

เอา อาว อุย โอย ออย เอย เอื๊อย อวย

อิว เอ็ว เอว แอว เอียว ๆ ๆๆ ฯ ฯๆ

๑ ๒ ๓ ๔ ๕ ๖ ๗ ๘ ๙ ๐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छापा अक्षर

ก ข ฃ ค ฅ ฆ ง

จ ฉ ช ซ ฌ ญ

ฎ ฏ ฐ ฑ ฒ ณ

ด ต ถ ท ธ น

บ ป ผ ฝ พ ฟ ภ ม

ย ร ว ล ศ ษ ส ห ฬ อ ฮ

อะ อา อำ อิ อี อึ อื อุ อู เอะ เอ

แอะ แอ โอะ โอ เอาะ ออ เออะ เออ

เอียะ เอีย เอือะ เอือ อัวะ อัว ใอ ไอ

เอา อาว อุย โอย ออย เอย เอือย อวย

อิว เอ็ว เอว แอว เอียว ฤ ฤๅ ฦ ฦๅ

๑ ๒ ๓ ๔ ๕ ๖ ๗ ๘ ๙ ๐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा राम षष्ठमको हस्तलिपि

องก์ที่ ๒
ตอนที่ ๑
ฉาก: ดงอาร์เดน

เชิญคุณผู้ฟังเพลงเศร้า ฉากหนึ่งขุนนางอีกสองนายกำลังแต่งกายเป็นชาวนา

เฮ

ดูก่อนสหายเกย์เฟื่องหาก
ท่านจะเคยสังเกตไม่สิ้น,
เมื่อเราอยู่ในวังนั้นดังอื่น
ไม่เป็นสุขๆ กว่าก่อนหรือฉันใด?
ถึงแม้นมีภัยอันตรายแท้
ห้องหับล่าสัตว์ยังดีกว่าไม่?
ในที่นี้ไม่มีทุกข์ใดๆ
นอกจากปลีกแยกแฟลงในกุฎกล;
ชมลมชมวิหคสัตว์ทั้งหลาย
ฉากหนึ่งคำรวมอิสรประพล,
ถูกกาลชั่วร้ายมาสลัดพ้น,
ก็ยังมั่นคำพึงคำนึงใน:
"มีปัญหาสอพลอจากอาตมา:
มีตำหนายาเตือนสติของเขาให้
รู้สึกว่าตัวเขาผู้มีโชค
ก็มิใช่แผกแปลกมนุษย์."
ความยากเข็ญที่เห็นว่าดีแต่
แม้ตรงกลางก่อชั่วเป็นที่สุด
และฉันนั้น, ใครเห็นก็ยากหยุด
ก็ยังมีพลอยผลในหัวมัน: *

* ชาวอุโมงค์ในสมัยที่เชกสเปียร์มีชีวิตอยู่นั้น ใช้อักษรในหนังสือตรงกลางมีพยัญชนะ ๑; หนังสือโบราณมีพยัญชนะ ๑ ตัวตรงกลาง, หาได้ในประเทศไอซ์แลนด์.

A translation of Shakespear's "As You Like It" in Thai rhyming poem by King Vajiravudh, Rama VI (A.D. 1880-1925) of Thailand. A facimile of his running handwriting in Thai.

राजा वजिरावुध, राम षष्ठम (सन् १८८०–१९२५)
द्वारा थाई अनुप्रासयुक्त पद्यमा, अनूदित शेक्सपियरको
नाटक "जस्तो तिम्रो इच्छा" को एक अंश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर प्रतिलेखनको सामान्य प्रणाली
(थाई अक्षरको रोमन् अक्षरमा)
[राजकीय संस्थान, बाङ्कक्कबाट प्रतिपादित; १९५४]

वर्णमाला

Consonants

Note:- *English consonants except that*
Initial k p and t *are unaspirated as in French*
Final k p and t *are unexplosive and unaspirated*

kh = k *aspirated*
ph = p *aspirated - not English* ph.
th = t *aspirated - not English* th.
vh = *hardened or of - as the cz in Czech.*
ch = *always as in English 'church'.*
ng = *as in English 'singer', never as in 'linger'*

	Initial	Final
ก	k	k
ข ฃ ค ฅ ฆ	kh	k
ง	ng	ng
จ	ch	t
ฉ ช ฌ	ch	t
ญ	y	n
ด ฎ ฑ *(when pronounced d)*	d	t
ต ฏ	t	t
ถ ฐ ท ฑ ธ ฒ	th	t
น ณ	n	n
บ	b	p
ป	p	p
ผ พ ภ	ph	p
ฝ ฟ	f	p

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ม	m	m
ย	y	—
ร	r	n
ล พ	l	n
ว	w	—
ซ ทร ศ ษ ส	s	t
ห ฮ	h	—

Note:- *In typing* ch *may be used for* ch ae u^c oo

Vowels

Note:- *Italian Vowels except that*

= *sound of* ea *in English 'bear'*
.o = *sound of* aw *in English 'dawn'*
oe = *sound of* eu *in French 'peuple'*
u = *a sound more open than German* ü

อะ อั อา	a
อำ	am
อิ อี	i
อึ อื	u^c
อุ อู	u
เอะ เอ็ เอ	e
แอะ แอ	ae
โอะ อ (—) โอ	o
เอาะ ออ	o
เออะ เอิ เออ — เอี	oe
เอียะ เอีย	ia
เอือะ เอือ	u^c a

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

อัวะ อัว	ua
ใอ ไอ อัย ไอย อาย	ai
เอา อาว	ao
อุย	ui
โอย	oi
ออย	.oi
เอย	oẹi
เอือย	u^cai
อวย	uai
อิว	iu
เอ็ว เอว	eo
แอว	aeo
เอียว	ieo
ฤ *(when pronounced* ru^c*)* ฤๅ	ru^c
ฤ *(when pronounced* ri*)*	ri
ฤ *(when pronounced* roe*)*	roe
ฦ ฦๅ	lu^c

Note:- *In typing* u^c *may be use for u' and ọ may be used for o,*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Each syllable is to be separately transcribed in accordance with the characteristics of the Thai language.

Examples

กษัตริย์	kasat
ประกาศ	prakat
ราชบุรี	Ratburi

The hyphen is to be used where in the case of its omission the word may be read in another way.

Examples

สะอิ้ง	sa - ing
ปากลัด	pak - lat

Marks of Quantity

If found expedient, short vowels may be marked (ั).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्त्यको रूपमा गरिन्छ । उदाहरणको लागि फाक् या को अर्थ सागपात हुन्छ (फाक्=सागपात; या=घाँस) । कहिलेकाहीँ एउटै अर्थ आउने वाक्यांश बनाउनको लागि चार वा चारभन्दा बढी शब्दहरू जोडिन्छन् । उदाहरणको लागि खाउ याक ह्याक फाय्ङ को अर्थ अनिकाल हुन्छ । (खाउ=चामल, याक=अभाव, माक=सुपारीहरू अथवा फलफूलहरू, फासुङ=महँगो) । यस्तोमा पहिलो र अंतिम शब्दहरूका बीचका शब्दहरू सदैव अनुप्रास-युक्त हुन्छन् ।

चिनियाँ र अरू दक्षिण-पूर्वी एशियाली भाषाहरू झैं थाई भाषामा पनि संज्ञाका साथ वचनको प्रयोग गर्दा अंग्रेजीमा सातओटा गाई भन्नलाई "सेभन हेड्स् अफ् काउज्" (गाईहरूका सातओटा टाउका) भने जस्तै विवरणात्मक शब्दहरूको प्रयोग हुन्छ । फरक के भने थाई भाषामा प्रत्येक उपयुक्त संज्ञाका लागि यस्ता शब्दहरू अलग-अलग हुन्छन् । सात गाई भन्नुपर्‍यो भने थाई भाषामा तपाईंले ङुइ चेट तुव भन्नुपर्छ । ङुइ=गाई वा गाईहरू, चेट=सात, तुव=वथान । तुव शब्द जनावरहरूको निम्ति प्रयोग हुने संख्यावाची वर्णनात्मक संज्ञा हो । सात रूख भन्न तोन माई चेद तोन भन्नुपर्छ, तोनमाई=रूखहरू, चेत्=सात; तोन्को अर्थ रूखको मूल अंग हो जुन संख्यात्मक वर्णनात्मक संज्ञा हो । कुनै शब्दहरूसित संख्यावाची वर्णनात्मक संज्ञाको उपयुक्त रूपले प्रयोग गर्न सकिएन भने पहिलो संज्ञालाई वचनवाची शब्दको पछाडि दोहोर्‍याई राख्न राखिन्छ । जस्तै, खोन् साम् खोन्को अर्थ तीनजना मानिसहरू भन्ने हुन्छ (खोन्=मानिस, साम्=तीन, खोन्=मानिस) ।

वचन र लिङ्गको बोध शब्दबाट आफै हुँदैन । आशयबाट मात्र हुन्छ । खोन् शब्द नै लिऊँ । यसमा खोन् शब्दको अर्थ साधारणतः "मानिस" हुन्छ र मा को अर्थ "आउनु" । संख्या बुझाउने गरी खोन्लाई स्पष्ट पार्ने हो भने "धेरै" भन्ने अर्थ बुझाउने ह्राई शब्द खोनको अगाडि राखिन्छ । जस्तै ह्राई खोन अर्थात् "धेरै मानिस=मानिसहरू" । लिङ्ग जनाउनुपर्‍यो भने फछोइ अर्थात् भाले वा फून्हिङ अर्थात् पोथी शब्द खोन्को पछाडि जोडिन्छ । अनि यो खोन् फछोइ (लोग्नेमानिस वा लोग्नेमानिसहरू) अथवा खोन् फून्हिइ (स्वास्नीमानिस वा स्वास्नीमानिसहरू) हुन्छ । यसरी आवश्यकतानुसार लोग्नेमानिस अथवा स्वास्नीमानिस बुझाउनको निम्ति छाइ अथवा न्हिङको प्रयोग गर्न सकिन्छ ।

क्रियाको काल बुझाउनको निम्ति, प्रसंग स्पष्ट छ भने क्रियामा कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अदलबदल गर्नु आवश्यक छैन । उदाहरणको लागि, 'यो हिजो आयो' भन्नलाई थाई भाषामा **मु अ वान् खाउ; मु**=समय; **वान्**=हिजो; **खाउ**=त्यो; त्यसलाई तिनी, तिनको, यो, तिनीहरू अथवा तिनीहरूलाई; **मा**=आउनु, आउँछ, आयो हुन्छ । "हिजो" अर्थ दिने **मु वान** शब्दले विगत काललाई जनाउँछ भने 'आउनु' अर्थ बुझाउने **मा** शब्द तर्कपूर्ण हिसाबले 'आयो'को आशयमा प्रयोग गरिन्छ । प्रसंगले काल इंगित भएको छैन र भूतकाल हो भनी स्पष्ट पार्नुपर्‍यो भने **दाइ** =को छ, भन्ने शब्द **मा** (आउनु) शब्दको अगाडि राखिन्छ । अनि **दाइमा** अर्थात् 'आयो' भन्ने शब्द बन्छ ।

शब्दहरू मिलाएर वाक्य बनाउँदा आशयमा कुनै प्रकारको अस्पष्टता आयो भने मद्दतको लागि कुनै एक वर्गको शब्द घुसाइन्छ । यस्ता शब्दहरूलाई व्याकरणको हिसाबले नामयोगी, संयोजक अथवा वर्णनात्मक विशेषणमा वर्गीकरण गर्न सकिन्छ । तर थाई भाषामा पहिले-पहिले यस्ता कुराहरूको ज्ञान थिएन । यस्ता शब्दहरूलाई चिनियाँहरू 'सहायक शब्द' भन्छन् । यसरी **फ्रलूक** (**फः**=बाबु, **लूक्**=बालक अथवा केटाकेटी) को अर्थ 'बाबु' अथवा 'छोरा', अथवा, 'बाबु र छोरा' अथवा 'छोराका बाबु' भन्ने हुन्छ । भन्न खोजेको कुरा स्पष्ट पार्नको लागि 'सहायक शब्द' जस्तै कि रू. अथवा; **लाय्**= र; अथवा **खोअङ**=को शब्द घुसाइन्छ । वाक्यको प्रसङ्ग स्पष्ट छ भने यस्तो 'सहायक शब्द'को जरूरत पर्दैन ।

२. विकास

ऐतिहासिक कालमा थाई जातिका मानिसहरू दक्षिणी चीनमा बस्तथे । परिणामतः थाई भाषा मूल बनौटमा, सामान्य तवरले भन्ने हो भने, चिनियाँ भाषासित रूप र शब्दमा सादृश्य नभए पनि, एकैनासको थियो । यसैले भाषा-शास्त्रमा थाई र चिनियाँ दुवै भाषालाई छुट्टै अथवा विश्लेषणात्मक भाषा (आइसेलिटिङ्ग अथवा एनालिटिकल ल्याङ्ग्वेज) भनी एउटै परिवारको समूहमा राख्ने गरेका छन् । दुवै भाषाका शब्दावलीमा सय्यौंको संख्यामा उस्तै-उस्तै प्रकारका शब्दहरू छन् । निस्सन्देह यसो हुन गएको कारण धेरैजसो, शान्ति र युद्धको बेलामा आपसमा धेरै कालसम्म सांस्कृतिक आदान-प्रदान हुन गएकोले हो । तर केही अरू वर्गका शब्दहरू पनि छन् जुन अतीतकालमा एउटै स्रोतबाट आएका जस्ता देखिन्छन् । उदाहरणको लागि– एक, दुई, तीन आदि एक सयसम्म जनाउने संख्यावाचक शब्दहरू एकसमान छन् । चिनियाँ भाषामा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष गरी क्यान्टोनी बोलीमा, जसमा भाषाको मूल ध्वनि यथावत् रहेको छ, एकदेखि दशसम्मका आधारभूत संख्यावाचक शब्दहरू **यात, ई, साम्, सि, ङ** (स्वातो बोलीमा ङो), **लोक्, , त्सात्, पात्, काउ, साप्** छन् र एक सयलाई **पाक्** भन्छन्। थाई भाषामा तिनलाई **नूङ, सोङ, साम्, सि, हा, होक्, छेत् पायत्, काउ, सिप** र 'एक सय' लाई **रोइ** भन्छन्। थाई भाषामा 'एक' लाई 'बुझाउने' **नूङ** शब्दको पर्यायाची पनि छ। त्यो **एत्** हो, त्यसको ध्वनि चिनियाँ भाषाको **यात्**को ध्वनिसित मिल्छ। (स्वातो बोलीमा यो शब्द थाई भाषामा जस्तै **ईत्** हुन्छ। **नूङ**लाई चिनियाँ शब्द **लिङ** अथवा **लेङ** सँग दाँज्न सकिन्छ जसको अर्थ 'एक्लो' हो। दुईको अर्थ दिने थाई भाषाको **सोङ** शब्दको पनि पर्यायवाची छ। त्यो **यि** हो। **सोङ**-लाई चिनियाँ भाषाको **सोङसित** तुलना गर्न सकिन्छ जसको अर्थ 'एक जोडा' हुन्छ। तीन, चार, सात, आठ, नौ र दश बुझाउने शब्दहरू पनि ध्वनि र अर्थमा एकसमानका छन्। 'पाँच' बुझाउने शब्दहरूचाहिं फरक-फरक छन्, तर प्राचीन थाई 'पाँचौं'लाई ङ र छ लाई चिनियाँमा जस्तै **लोक** भन्थे। प्राचीन थाई बोलीमा एक सयलाई आजकाल जस्तो **रोइ** नभनी **पाक्** भन्थे। प्राचीन थाई भाषामा सयजना मानिसको नाइके (क्याप्टेन) भन्नुपर्‍यो भने **हुआ पाक् हुआ**=प्रधान, **पाक्** = एकसय) भन्थे र चिनियाँ भाषामा **पाक्**को अर्थचाहिं एकसय जवानको प्रमुख हुन्छ।

इतिहासको क्रममा थाई जातिका धेरै समूहहरू समय-समयमा अलग-अलग दलमा बाँधिई हिन्द चिनी प्रायःद्वीप तथा त्यो द्वीपका विभिन्न भागहरूमा बसाइँ सर्दै गए। एउटा दल बर्माको **झान** हुनुपुर्‍यो भने अर्को दल स्यामी अर्थात् थाइल्याण्ड-का थाई भयो, अर्को चाहिं लाओ भयो अनि यस्तै अरू असंख्य थाईहरू **तोङकिङ्ग** दक्षिणी चीन र हैनान टापूमा समेत पुगी अनेक जातिगत नामले प्रसिद्ध भए। यी प्रत्येक समूहका थाईहरूले आ-आफ्नो इतिहासको क्रममा आ-आफ्नै किसिमको तरीकाले जीवनयापन गरे र आ-आफ्नै किसिमको संस्कृति अपनाए। बर्माका शान तथा **तोङकिङ** र दक्षिणी चीनका तिनीहरू आफ्ना-आफ्ना सजातीय बन्धुहरू **सा** (अनामीमा जसलाई **मोई** भनिन्छ) समूहसित र सम्भवतः आदिम– **अष्ट्रो-नेसियन**, विशेष गरी **मलय-पोलिनेशियन** जातिसँग पनि स्वच्छन्द रूपले मिसिन-पुगे भने थाइल्याण्डका थाईहरू मोन-खमेर जाति खास गरी मोन र खमेर-हरू (कम्बोडियाली) सँग र मुख्य गरी मध्यभागमा अर्थात् देशका अरू भागमा-भन्दा बढी **माय् नाम चाउ फ्रया** उपत्यकामा बसेकाहरूसँग स्वच्छन्द रूपले मिसिए। थाइल्याण्डका थाईहरूको मोन– खमेरहरूसँगको नजीकको सम्पर्कले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दा भौतिक, भाषिक तथा सांस्कृतिक सबैमा आमूल प्रभाव पऱ्यो । शब्द-क्रमको हिसाबले मोन–खमेर भाषा एउटा स्वतन्त्र 'आइसोलेटिङ्ग' भाषा हो; तर थाई भाषाको विपरीत, त्यसमा आपनै विशेषताको रूपमा केही यस्ता उपसर्ग र मध्य-सर्गहरू छन् जुन थाई भाषामा मूलतः थिएनन् । त्यसमा कुनै-कुनै शब्दहरूको दुई वा दुईभन्दा बढी अनाक्षरिक ध्वनिको समूहलाई शुरूमै प्रयोग गर्ने चलन छ। थाई भाषाका विभिन्न बोलीको तुलनामा यस्ता ध्वनिहरूले प्राचीन थाई भाषामा प्रवेश पाएको देखिदैन । शुरूको समूहको अंगको रूपमा देखापरेका शुरूको स्थान-मा आउने अनाक्षरिकहरू क, त, प र तदनुसारका महाप्राणहरू ख, थ, फ हुन् । जसको पछि र, ल, भ अर्धस्वरहरू आउन सक्छन् । मोन–खमेरसँगको सम्पर्कले गर्दा थाइल्याण्डको, विशेष गरी मध्यभागको थाई भाषाले आफ्नो पद्धतिमा भाषाका यस्ता लक्षणलाई केही हदसम्म आत्मसात् गरेको छ ।

अन्दाजी पाँचौंदेखि तेह्रौं शताब्दीसम्ममा मध्य-थाइल्याण्ड पालैसित मोन र खमेर (कम्बोडियाली)हरूका साम्राज्यभित्र परेको थियो । यस प्रायः द्वीपमा मोनहरू अपेक्षाकृत सभ्य जाति थिए । उनीहरूले आफ्नो सभ्यता भारतबाट पाई दक्षिणी मतको बौद्धधर्म अपनाएका थिए । त्यस कालका अर्को सभ्य जाति खमेर अति नै हिन्दूकृत जाति थिए र तिनीहरूले पटक-पटक गरी (महायान) र दक्षिणी दुवै मतका बौद्धधर्म अपनाएका थिए । दक्षिणी मतको बौद्धधर्मले विचार र भाषाको वाहकको रूपमा पालि भाषाको व्यवहार गर्थ्यो भने उत्तरी मत र हिन्दूधर्मले संस्कृत भाषाको व्यवहार गर्थे । सेमेटिक मूलका धर्महरूको विपरीत एक-अर्काप्रतिको सहिष्णुताले गर्दा तिनीहरू आपसमा मिसिए, त्यसको अतिरिक्त, यस मिश्रणस्थलमा जडलवादको स्थानीय लोक-धर्म पनि थपियो । यस सम्मिश्रणले जनताको विचार र विश्वास, भाषा र साहित्यमा पनि कम्ती असर पारेन ।

मोन र खमेरहरूपछि ईसवी सन्को तेह्रौं शताब्दीमा थाईहरू मध्य-थाइल्याण्डमा सर्वोच्च जाति बनेपछि तिनीहरूले पूर्ववर्तीका संस्कृतिलाई नै पेवा-को रूपमा ग्रहण गरे र तिनीहरूलाई आफ्नो जातिको अनुकूल पारी जातिगत विशेषता बनाए । जातीय रूपले तिनीहरू स्वच्छन्दतापूर्वक घुलमिल पनि भए; त्यसबाट तिनीहरूको जातीय अभिलक्षणहरूमा गहिरो प्रभाव पनि पऱ्यो । यस प्रकार यो मिश्रण अंग्रेजी संस्कृति जस्तै पूर्ण रूपको छ । थाइल्याण्डका यी तीन जातिका धेरैजसो सांस्कृतिक मौलिकतालाई सर्सर्ती हेरी छुट्याउन सकिदैन । यसबेलासम्ममा र पछि पनि थाई भाषामा शब्दावलीको हिसाबले निकै परिवर्तन आइसकेको थियो । पालि र संस्कृत मूलका र मोन र खमेरका पनि विशेष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरी खमेरका धेरै धेरै शब्दहरू थपिँदै गएका थिए । थाई भाषाका कतिपय पुराना शब्दहरू टिक्न नसकी चलन-चल्तीबाट विलुप्त भए । तिनीहरूको स्थान पालि, संस्कृत र खमेर भाषाका शब्दहरूले लिए । थाई भाषाले यसरी जुनसुकै शब्दहरू वाहिरबाट लिए तापनि ध्वनिचाहिँ थाई ध्वनिकै प्रणालीअन्तर्गत परिणत भए । पालि र संस्कृत मूलका ध्वनिले शुरु र अन्त भएका शब्दहरू र धेरै शब्दखण्ड भएका शब्दहरू छोटिए । जस्तो कि मानिस वुझाउने संस्कृत शब्द र मनुष्य थाई भाषामा आएर **मनुत** हुन पुग्यो । संस्कृतको राष्ट्र शब्द जसको माने जाति, जनता, अधिराज्य हुन्छ, थाई भाषामा **रात्दसोन्** भयो र बोली-चालीमा त एकाक्षरी शब्दको रूपमा परिणत भै छोटिएर **रात्** हुन गयो, जसको अर्थ **जनता** मात्र हुन्छ । संस्कृतमा योद्धा वर्ग वुझाउने क्षेत्रीय शब्द **कसात** हुन गयो र त्यसबाट खालि 'राजा' मात्र अर्थिन्छ । थाई भाषाले यसरी धेरै संख्यामा पालि र संस्कृत शब्दलाई ग्रहण गरे पनि ती शब्दहरूको विभक्ति-लाई आफ्नो व्यवस्थामा भित्र्याएन । यसैले 'मनुष्य' (मानिस) शब्दको प्रयोग मानिसको जाति नै वुझाउन वा एकवचन, वहुवचनमा, अथवा पुलिङ्ग, स्त्रीलिङ्ग सबै रूपमा गर्न सकिन्छ । व्याकरणको कुनै पनि कारकमा प्रयोग हुँदा त्यसको रूप वदलिँदैन । थाईमा मानिसलाई वुझाउने शब्द **खोन** (... –क. को कोमल महाप्राण ध्वनि) नभएको होइन तापनि अर्थको सूक्ष्मभेद छुट्याउन तथा उपयुक्त वाक्यमा यसको प्रयोगको छनौट गर्नलाई मात्र **खोन**को पर्यायवाचीको संस्कृत शब्द 'मनुष्य'लाई ग्रहण गरिएको हो । खमेर भाषावाट लिइएका शब्दहरू-को हकमा पनि यही कुरा हो । मध्य-थाइल्याण्डका थाईहरूको अर्थात् खास स्यामीहरूको दैनिक बोलचालका भाषामा अन्दाजी घटीमा पनि एक-तिहाइ शब्दहरू खमेर मूलका छन् । विदेशी शब्दहरू अपनाएको कारणले गर्दा हुआ (. ..=शिर), **किन्** (...=खानु) **तिन्** (.....=पाउ) जस्ता केही आधारभूत थाई शब्दहरूको ह्रास भएको छ । अब **हुव**को वदला **शिस** (...— संस्कृत) **किन्**को वदला र प्रधान (...=नयाँ गढेको शब्द) र **तिन्**को वदला **थाउ** (...= व्युत्पत्ति शंकाष्पद भन्नुपर्छ । राजकुलका व्यक्तिहरूको सम्वन्धमा यी शब्दहरूको प्रयोग गर्नुपर्‌यो भने **सियङ** (...=संस्कृत **शीर्ष**=टाउको), **सऊय्** (..... संस्कृत मूलको खमेर शब्द) र **वाद**(. संस्कृत **पद**=पाउ) भन्नुपर्छ ।

पालि, संस्कृत र खमेर शब्दहरू ग्रहण गरेर थाईहरूले विभिन्न सूक्ष्म अर्थ–भेद र अवधारणा अभिव्यक्त गर्नमा आफूलाइ कम धनी वनाएका छैनन् । आधुनिक समयको नयाँ नयाँ आवश्यकतालाई पूरा गर्नको लागि तिनीहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वास्तवमा असंख्य नयाँ शब्दहरू गढेका छन् । यस सन्दर्भमा अंग्रेजीसित दाँज्न अप्रासांगिक हुनेछैन । अंग्रेजी भाषामा प्राविधिक शब्दहरू बनाउन ग्रीक वा ल्याटिन भाषाबाट सामग्री लिएका छन् । अंग्रेजी भाषाले आफनै स्थानीय सामग्री-बाट आफना संयुक्त शब्दहरू बनाउने क्षमता शायद गुमाइसकेको छ । थाई भाषाको हकमा पनि यही कुरा लागू हुन्छ । अतीतमा वरफ, बिजुली, ग्रामोफोन, सलाई आदिको लागि विशुद्ध थाई शब्द गढेर क्रमशः **नाम खाईङ फाइ फा** (.....=आकाश, आगो), **हिप् सियङ** (.....=ध्वनि बाकस), **माइ खीत पवाइ** (.....=काँटी–कोर्नु–आगो) बनाएका थिए । अहिले आएर यस्ता शब्दहरू बनाउने शक्ति हरायो । आजकाल नयाँ शब्द बनाउनुपऱ्यो भने पालि र संस्कृतका सामग्रीबाट बनाइन्छ । यस प्रकारका संयुक्त शब्दहरू बनाउनुमा स्पष्टतः एउटा लाभ छ : शब्दहरू एकजूट भएर खँदिला भएका हुन्छन्, छुट्टाछुट्टै शब्दहरू मिलाएर संयुक्त वाक्य बनाउँदा जस्तो खुकुलोसित जोडि-एका हुँदैनन् । त्यसबाट अस्पष्ट रूपले वाक्यांश वा वाक्य हुन जान सक्छ । माथि भनेझैं, मोन–खमेरहरूले शब्द बनाउँदा उपसर्ग र मध्यसर्गहरूको प्रयोग गर्छन् । उदाहरणका लागि, कम्बोडियाली भाषामा **फेन्**को अर्थ 'पूर्ण' हुन्छ । त्यसमा **बाम** उपसर्ग जोडिई 'बामफेन्' भएपछि त्यसको अर्थ पूर्ण गर्नु हुन्छ । त्यस्तै **तुरूवत्**को अर्थ निरीक्षण गर्नु हुन्छ । त्यसमा **अम्** मध्यसर्ग लगाएपछि 'ताम्रुवत्' हुन्छ जसको अर्थ निरीक्षण गर्ने मानिस अर्थात् आधुनिक थाईमा 'प्रहरी' हुन्छ । अर्थ भिन्न भएका यस्ता शब्दहरू थाईहरूले आफनो भाषामा यदाकदा भिऱ्याएका देखिन्छन् तापनि विभिन्न किसिमको सूक्ष्म भेदको पर्वाह नगरी, पद्यलाई सुमधुर बनाउनका लागि मात्र पनि साहित्यिक भाषामा स्वच्छन्दपूर्वक यस्ता शब्द-हरू घुसाएको पाइन्छ । खमेर भाषामा **चरअन्**को अर्थ 'बढ्नु' र **चामरअन्** (मध्यसर्ग **अम्** भएको) को अर्थ बढाउनु हुन्छ, तर थाई भाषामा यी दुई शब्दहरूको अर्थ बिलकुल एकै हुन्छ जस्तो 'बढ्नु', 'फैलिनु' र 'ठूलो भएर जानु', यसको अर्थ, उन्नति गर्नु' पनि हुन्छ जसको प्रयोग दैनिक बोलचालमा गरिन्छ । परिणामतः थाई भाषा यथार्थतः, डा. कोर्नेलियस ब्राडलेको शब्दमा भन्ने हो भने, पूरापूर एकाक्षरी होइन । अरू भाषाहरूमा जस्तै यसमा पनि बोल्ने बखतमा बराबर सँगसँगै बस्न जाने शब्दहरू पहिले प्रत्यवर्ती वाक्यांश, त्यसपछि अर्धयोग अनि निश्चित योगको रूप लिएर जोडिन पुग्ने गर्छन् । कुनै खास शब्दमाथि पर्न जाने धेरै ठूलो जोरले तत्कालै अर्को शब्दलाइ यस प्रकार तेजहीन तुल्याइदिन्छ कि यसबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अझै एउटा शब्दखण्ड बनाए पनि त्यो छुट्टै स्वरूप भएका शब्दको रूपमा चिन्न सकिने हुँदैन । यस्ता द्वयाक्षरी योगहरू स्यामी शब्दावलीका साधारण विशेषता हुन् । ('स्यामी बोली र लेखनका केही विशेषताहरू,' जे. आर. ए. एस. १९२३, शताब्दी, परिशिष्ट)

संक्षेपमा भन्ने हो भने पालि र संस्कृत जस्ता विभक्तियुक्त भाषा र मोन र खमेर जस्ता अर्ध-संयोजनीय भाषासितको लामो समयको सम्पर्कले गर्दा चिनियाँ भाषा तथा थाई भाषिकाहरूको विपरीत, थाई भाषा द्वयार्थी बोलीको रूपमा शब्दमा विकसित हुन पुगेको छ। यस प्रकार थुवङ 'सचेत गर्नु' अर्थ भएको थुवङ शब्दमा संस्कृतको प्र उपसर्ग जोडेर प्रथुवङ बनाइदिएपछि त्यसको अर्थ 'प्रतिरोध गर्नु' हुन जान्छ भाषामा एक-रूपता भएको कारणले क्र, त्र, प्र उपसर्ग लागी द्वयाक्षरी बनेका शब्दहरू धेरै नै पाइन्छन् जसबाट मूल शब्दको अर्थमा कुनै फरक पारेको छैन । अरू थाई बोलीहरूमा यस्तो कुरा देखिंदैन । 'हाड' भन्नुपऱ्यो भने थाई भाषामा दूक भनिन्छ तर मध्य थाइल्याण्डको थाई भाषामा दूक्ष भन्छन् । क्ष शब्द एउटा तथाकथित उपसर्ग हो जसले मूल शब्द दूक् को अर्थमा केही फरक पारेको छैन । यस प्रकारका शब्दहरू थाइल्याण्डका थाई भाषा (अर्थात् प्राज्ञिक बोलीमा 'स्यामी' भनिने भाषा)मा पाइन्छन् ।

३. वर्णमाला

थाई वर्णमालाको मूल भारतीय हो । वर्तमान थाई वर्णमालाको प्रतिस्थापन सन् १२८३ मा सुखोथाई वंशका महान् थाई नरेश राम खाम्हाय्ङवांट (हेर्नू, 'थाइल्याण्डका संस्कृतिहरू,' थाइल्याण्ड संस्कृति, क्रम-संख्या १) भएको हो । खमेर अथवा कम्बोडियाली अक्षरहरूको माध्यम-बाट भारतीय वर्णमालाको ढाँचामा ढालिएको भए पनि थाई वर्णमाला भारतीय र कम्बोडियाली मूलबाट दुई मुख्य कुरामा भिन्न छ ।

भारतीय र खमेर लेखनमा दुई वा दुईभन्दा बढी व्यञ्जनहरू, शब्द वा शब्दांशको शुरू अथवा अन्तको रूपमा जोडिन जाँदा लेखिने अवस्था मा एउटै सिंगो मिल्न पुग्छन्, कुनै कुनै व्यञ्जन वा व्यञ्जनहरू मुख्य शब्द वा शब्दांशमा जोडिन जाँदा संक्षिप्त रूपमा हुन जान्छन् । अंग्रेजी शब्द ग्रास्प (grasp) लाई भारतीय अथवा खमेर ढाँचामा लेख्नु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पऱ्यो भने r र s लाई छोट्याई क्रमशः g र p सँग मिसाएर शुरूको gr र अन्तको sp लाई एकै ठाउँमा गाभेर एउटै बनाउनुपर्छ । राजा रामखाम्हायङबाट तिनीहरूलाई योमन वर्णमालाको ढाँचामा नै उक्त अंग्रेजी शब्द grasp लेख्ने जस्तै गरी प्रत्येकलाई छुट्टा छुट्टै स्वतन्त्र अक्षरको रूपमा छुट्याइवक्स्यो ।

भारतीय र खमेर भाषाका स्वर-चिन्हहरू व्यञ्जनहरूको भन्दा भिन्नै रूपका छन् । तिनीहरू व्यञ्जनको अगाडि, पछाडि, माथि अथवा तल लेखिन्छन् । वर्तमान थाई लेखनमा पनि त्यसरी नै लेखिन्छ । राजा राम खामहायङबाट प्रतिपादित प्रणाली भने अर्कै प्रकारको थियो । यस सन्दर्भमा कोर्नेलियस वी. ब्राडलेको भनाइ उद्धृत गर्नु अप्रासांगिक हुनेछैन । ('स्यामी भाषाको सबभन्दा प्राचीन थाहा पाइएको लेखन, सुखोथाईका फ्रा राम-खाम हायङको अभिलेख,' जे. ए. एस. १९०९ भाग २) । त्यो यस प्रकार छ :-

"तर मौसूफको (राजा राम खाम्हायङको) स्वरवर्ण-चिह्नित पार्ने प्रणालीको सबभन्दा मौलिक र सबभन्दा चाखलाग्दो विशेषता हो भने मौसूफबाट जम्मै स्वरचिन्हलाई व्यञ्जनको साथै एकै लेख्ने लाइनमा ल्याइ-बक्सियो र यस प्रकार वर्णमालामा सामेल गराइबक्सियो । स्वरहरूलाई पनि वर्णमालामा सामेल गराउनु ग्रीक प्रतिभाको करामत नै थियो । यसो गरेर पूर्वी अक्षरहरूलाई सर्वदाको लागि जीवन र विचारको नयाँ विश्वको आवश्यकताअनुकूल बनाइएको थियो । उदाहरणको लागि, त्यसैले नै सम्पूर्ण पश्चिमी भाषाहरूलाई शब्दावली र सूचीमा बिलकुल निश्चित शब्दानुक्रमको असीम लाभ उपलब्ध गराएको हो । यस प्रकारको निश्चित शब्दानुक्रमको अभाव विद्याभ्यासको क्रममा पूर्वी जगत्मा धेरै-थोरै टडकारो रूपले अनु-भूत गरिएको एउटा कठिनाइ र व्यवधान पनि हो । र त्यही कारणले सर्वत्र वर्णानुक्रममा स्वरहरूको कुनै स्थान नभएको हो । हामीलाई थाहा भएसम्म यस अन्तरालमा त्यस प्राचीन ग्रीक विचारको अनुसरण गर्नेतिर धेरै नजीक पुग्न सकेको मान्छे एक मात्र मौसूफ राजा राम् खाम्हायङ हो इ-बसिन्छ । तर मौसूफबाट आफ्नो विचारलाई उपयुक्त रूपले टुङ्गो लगाइ-बक्सिएन । मौसूफबाट स्वरहरूलाई शब्दांशहरूको मूलतत्त्वको अनुक्रममा स्थान दिइवक्सेन, जसरी तिनीहरूलाई लाइनमा स्थान दिइवक्सेको थियो । स्यामी विद्वान्हरू ग्रीकहरू जस्ता थिएनन् । उनीहरूले पूर्वीय धर्मग्रन्थहरूको अध्ययन-मनन गरिरहेका थिए । यसरी तिनीहरूले नयाँलाई ओझेलमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पारेर प्राचीन परम्परालाई सधैंको लागि बचाइराखे । केही वर्ष नहुँदै एकै साथ पंक्तिमा ल्याइसकिएका स्वरहरू फेरि आफ्ना पहिलेका स्थानहरूमा फिर्ता भए । त्यही कारणले नै आजको स्यामी भाषा, हेर्दा सजिलैसँग ढाल्न र मिलाउन सकिने टाइप अक्षरहरू र सजिलैसित र निश्चित रूपले पाइने शब्दहरू भएका कोषहरू कहिल्यै प्राप्त होलान् जस्तो देखिदैन ।"

सन् १९१७ मा राजा **वछिराबुधबाट** राजा **राम खाम्हायङ**को यस स्वर चिह्नित गर्ने प्रणालीलाई प्रयोगको रूपमा चलाउने प्रयास भयो । तर सफल भएन । वस्तुतः पहिलेको भारतीय र खमेर मूलमा जस्तै स्वर-चिह्न लेख्ने पुरानो परिपाटी अझै बलियो छ । माथि भनेअनुसार स्वर-चिह्नको अङ्कन गर्ने कुरा छोडेर थाईलेखन आधारभूत रूपले आजसम्म पनि राजा **राम खाम्हायङ**कै लेखनपरिपाटी अनुसार नै लेखिने गर्छ । खालि विकासक्रम-अनुसार हुनुपर्ने केही थपघट अदलबदल मात्र त्यसमा भएका छन् ।

पहिले नै उल्लेख गरेझैं थाई भाषा सुरप्रधान भाषा हो । यहाँको थाई भाषालाई छोडेर, विभिन्न भाषिकाका रूपका थाई शब्दहरू र बर्माका **झान** जातिका पनि त्यस्ता शब्दहरूको विभिन्न सुर छुट्याउने कुनै लिखित चिह्न छैन । उदाहरणको लागि 'आउनु' (....) 'घोडा' (.....) र 'कुकुर' (...) बुझाउन एउटै शब्दमा 'लेखिन्छ' तर उच्चारण भने बेग्ला बेग्लै तानले गरिन्छ । त्यसैले लेखेको मात्रै हेरेर कुनचाहिं '**मा**' हो भन्न सकिंदैन । वरपरका शब्दहरूको प्रसंगले मात्र कुनचाहिं हो त्यसको संकेत मिल्दछ । राजा **राम खाम्हायङ**को लेखनमा भने कुरा बेग्लै थियो । शब्दका विभिन्न सुरहरू जनाउन मौसूफबाट दुई सुर चिह्नको आविष्कार गरिबक्सेको थियो । विकासको क्रमले गर्दा वर्तमान थाई भाषामा अब सुर चिह्नित गर्ने चारओटा चिह्नहरू छन् । थाई भाषाको सुर प्रणालीमा अभिरुचि राख्ने व्यक्तिले यस विषयमा डा. जर्ज बी. म्याकफरल्याण्ड एम. डी. द्वारा लिखित "थाई अंग्रेजी शब्दकोषको भूमिका" (ब्याङकक् टाईम्स प्रेस लिमिटेड, ब्याङ्कक १९४१, पृ. १०–१२)मा लेखिएको ब्यहोरा अध्ययन गर्न सक्छ ।

आधुनिक थाईमा जम्मा ४४ व्यञ्जनहरू छन् । यिनमा आधार-भूत ध्वनि भएका २८ ओटालाई छाडेर १६ ओटा अतिरिक्त व्यञ्जन हुन् । यी अतिरिक्त व्यञ्जनहरूको प्रयोग विशेष गरी पाली र संस्कृत मूलबाट थाई शब्दहरूको लिपिरूपान्तर गर्नमा गरिन्छ । वास्तवमा यी अतिरिक्त व्यञ्जनमध्येमा दुईओटा हाल चल्तीमा छैनन् । वर्णमालामा अक्षरको क्रम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्था पाली र संस्कृतको अनुसार छ अर्थात् व्यञ्जनात्मक ध्वनिको उत्पत्तिमा हुने सम्पर्कको विभिन्न स्थानको सम्बन्धमा ५ ओटा समूहमा बाँडिएको छ। यस लेखको उद्देश्य थाई वर्णमालाको रूपका मात्र लोकसर्भेक्षण गर्ने भएकोले प्राविधिक जटिलताको अरू विस्तृत चर्चा गर्नु आवश्यक छैन।

थाई संस्कृति, क्रम सं. १७, २३९७.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लोककथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद– ३

लोककथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाई लोककथा : एक अध्ययन

ब्याङ्ककभन्दा पहिले थाइल्याण्डको राजधानी अयुद्धया थियो । त्यसको स्थापना १३४९ ई. मा राजा **रामाधिबदी** प्रथमबाट भएको हो। अयुद्धयाको पहिलो राजा यसरी उहाँ नै होइबक्सियो । त्योभन्दा अगाडि उहाँ ऊ–थअङ नगरका शासक होइबक्सन्थ्यो । ऊ–थअङको शासन मौसूफका ससुराको स्वर्गवासपछि उत्तराधिकारीको रूपमा पाइबक्सेको हो । सुफानबुरी प्रान्त याङ्ककको उत्तर-पश्चिममा बाटोबाट जाँदा १३० किलो मिटर जति टाढा पर्छ । ऊ–थअङ अहिले सुफानबुरी प्रान्तको उही नाउँको एउटा आम्भः (जिल्ला) भएर रहेको छ । **रामाधिबदीका** बुबाको र कहाँ को भन्ने कुरा इतिहासले बताउँदैन ।

राजा **रामाधिबदी**को नाम लोककथाहरूमा ताउ ऊ-थअङ भनी प्रख्यात छ । यो नाम एउटा उपाधि हो जुन कथावाचकहरूले ऊ-थअङकासबै नै शासकहरूलाई सामान्य रूपले दिने गरिएको हो । कल्पना-प्रधान कथाहरूमा **'ताउ'**को माने एक अर्थमा 'राजा' हुन्छ र ऊ-थअङको अर्थ सुनको झोलुङ्गो हो जुन **रामाधिबदी**लाई पुर्खाबाट बालक छँदा पलङ्गको रूपमा प्रयोग गर्न प्राप्त भएको थियो । एउटा प्रख्यात दन्त्यकथामा यसबारे निम्न विवरण दिइएको छ ।

परापूर्वकालमा घर-ठेगाना केही थाहा नभएको दीनहीन अवस्थाको एक जना दुःखी मानिस थियो । ऊ त्राइत्रुअङ शहरको एउटा झोपडीमा बस्थ्यो । यो **त्राईत्रुअङ** भन्ने शहर कहाँ थियो कसैलाई यकीन थाहा छैन यो शहर मध्य-थाइल्याण्डको कहीं थियो होला । त्यहाँ हाल भग्नावशेषका रूपमा रहेका अनेक शहरहरू छन् । यो तिनीहरूमध्येकै कुनै एउटा हुनुपर्छ । **त्राईत्रुअङ**को अर्थ बौद्ध धर्मले आफ्नो पौराणिक कथाहरूमा भित्राएर राखिएका तेत्तीस प्रमुख वैदिक देवताहरू हुनु । यसैले **त्राईत्रुअङ** भन्नाले "देवताहरूको शहर" अथवा स्वर्ग पनि हुन्छ ।

जुन मानिसको बारे हामी कुरा गर्दैछौं त्यसको मुख र शरीरभरि मासुका गाँठाहरू थिए । यसैले उसलाई **'साय्न–पोम्'** अर्थात् "लाख गाँठो" भन्ने कुनाम राखेका थिए । आफ्नो जीविका चलाउनको लागि उसले बजारमा लगी बेच्न सागपात रोप्ने गर्थ्यो । आफू बसेको छाप्रोको नजीकै एउटा ठाउँमा उसले **'मखुअ'**[1] लगायो । उसले त्यसमा पिशाप फेरेर मलको रूपमा पानी छर्थ्यो ।

---

१. भान्टाका किसिम जसका धेरै प्रकार छन् । त्यसको फल अक्सर नम–प्रिक भनिने थाउ चटनीमा डुबाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिरुवा मौलायो र असामान्य किसिमले ठूल-ठूला फलहरू त्यसमा लाग्यो। **त्राइ–तुअङ** शहरका राजाकी एक सुन्दरी छोरी थिइन्। एकरात बौद्ध कुलका मुख्य देवता इन्द्रको प्रेरणाले ती राजकुमारीलाई आफूले एउटा गजबको रसिलो फल पाएको सपना भयो। उनको सपनाको कुरा पूरा गर्न तिनकी दासी बजार गई तर त्यस्तो विचित्रको फल कतै पाउन सकिन। अन्तमा यो कुरा **साय्न पोम्**को कानमा पुग्यो, उसले आफ्नो असामान्य मखुअ-बोटबाट एउटा फल टिपेर ती दासी मार्फत् राजकुमारीलाई चढायो।

महीनौं बिते। **मखुअ** फल खाएपछि राजकुमारी गर्भवती भइन् र अन्ततः एउटा बालक छोराको जन्म भयो। यो सुनेर राजा साह्रै रिसाए किनभने राजकुमारीले त्यो बच्चाको बाबु को हो भन्न सकिनन्। वास्तविक कुरा के हो अरू कसैले पनि राजालाई बिन्ति गर्न सकेनन्। अन्तमा राजाले बालकको बाबुको हुलिया पत्ता लगाउन इस्तिहार जारी गर्ने हुकुम दिए। "नगरका प्रत्येक पुरुषले एक एक टुक्रा मिठाई लिएर आउनू र बालकको हातमा राखिदिनू। जसले दिएको मिठाई बालकले खुशीसाथ लिन्छ त्यो मान्छे बालकको बाबु ठहर्नेछ र राजाको ज्वाइँ हुनेछ" भन्ने इश्तिहारको बोली थियो। धेरै मान्छे आए तर सबै फेल भए किनभने कसैले पनि दिएको कुरा बालकले लिएन। अन्तमा साय्न–**पोम्** आइपुग्यो तर ऊसँग बालकलाई दिने केही मिठाई थिएन। ऊसँग खालि चीसो भातको एक डल्लो (**खाउ येन**[२]) मात्र थियो। त्यो उसले बालकलाई दियो र बालकले पनि तुरून्तै लियो। सपनैमा नचिताएको कुरा भएको देखेर राजा आगो भए, तर आफ्नो वचन गइसकेको हुनाले उनी गर्ने पनि के सक्थे। त्यसैले उनले राजकुमारीको विवाह **साय्न-पोम्**सित गरिदिए। उत्तिखेरै **साय्न-पोम्** र उसकी नवदुलहीलाई बालकसहित शहरबाट निकाली पनि दिए।

साय्न–पोम्ले यसरी राजकुमारी र बालकलाई लिएर तुरून्तै शहर छोड्नुपऱ्यो। केही कालसम्म यताउति घुमेपछि तीनै जना एउटा जंगलमा आइपुगे र त्यहीं बस्न थाले। त्यसपछि थाई लोककथाका नायक-नायिकाको हकमा जस्तो बराबर हुने गर्छ देवताहरूका प्रमुख इन्द्रको मन पोल्न थाल्यो, थाई वाक्पद्धतिअनुसार भनूं, तातियो। कुनै असामान्य कुरा भएर देवताहरूको ध्यान आकृष्ट भयो भने यस्तो हुने गर्छ। इन्द्रले आफ्नो दिव्य दृष्टिले तल

---

२. 'खाउ येन' भनेको खाइसकेपछि भाँडामा बचेको भात हो। यो भात माग्नेलाई मात्र दिइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिदेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीमा हेरे र पछि राजा हुने भनी भाग्यमा लेखिएको **साय्न–पोम्**को दुर्दशा देखे। पृथ्वीमा झरेर बाँदरको रूप लिई गएर उनले **साय्न्-पोम्**लाई एउटा जादूको ढोल दिए र जसले यो ढोल बजाउँछ उसको इच्छा उत्तिखेरै पूरा हुन्छ तर त्यसरी तीन पटकसिवाय हुँदैन भनी सुनाए। यति सुनाएर ती दिव्य बाँदर लोप भए।

साय्न–पोम्ले सबभन्दा पहिले आफ्नो मुख र शरीरभर भएका मासुका गाँठाहरू बिलाऊन् भनेर इच्छा गरी ढोल बजायो। नभन्दै मुख र जीउमा भएका नराम्रा कुराहरू तुरून्तै बिलाए। ऊ त एकदम राम्रो नौजवान भयो। उसले दोस्रो र तेस्रो बाजि क्रमशः एउटा शहर र सुनको कामना गरी ढोल बजायो" र कामना गरेअनुसार दुवै कुरा पूरा भए। शहरको नाम उसले **थेंप् नखअन्** अर्थात् "ईश्वरको शहर" भनी राख्यो र छियूङ **साय्न**का[1] सिरि जई भन्ने नामले आफैं त्यसको पहिलो राजा भयो। सुनबाटचाहिं उसले आफ्नो छोराको लागि एउटा पलङ्ग बनाइदियो। त्यही छोरा ऊपछि राजा उ-थअङ ("सुनौला कोक्रो अथवा पलङ्ग") को नामले राजा भयो। ऐतिहासिक रूपले थाइल्याण्डको पुरानो राजधानी, **अयुद्धया**को संस्थापक पनि उही हो।

मैले आफ्नो अध्ययनको सिलसिलामा देखेका दुइटा कुराहरू छन्, ती हुन् : एक लाख मासुका गाँठाहरू भएको मान्छे र तीनओटा इच्छा। मोन जातिको एउटा कथामा शरीरभरि मूसा भएको एक जना मान्छे पछि गएर मोनहरूको राजा भएको वर्णन छ। मैले त्यो कथा एक जना मोन भिक्षु र अर्को एक जना विद्वान्बाट[2] बीस वर्षजति अगाडि सुनेको हुँ तर दुर्भाग्यवश त्यसको

---

१. परम्परागत कथनअनुसार 'थेंप् नखअन् नगरको निर्माण छियूङ साय्नका राजा सिरि छाइबाट सन् १३१९ मा भएको हो। मौसूफका पछि मौसूफका सुपुत्र उ–थअङ सन् १३४४ मा राजा होइबक्स्यो। राजा ऊ-थअङको दन्त्यकथामा ऐतिहासिक तथ्यका केही कुराहरू रहेकोमा केही सन्देह छैन। कल्पित कुराहरूसंग यो यति मिसिएको छ कि छुट्याउन गान्हो छ। थाई इतिहासकारहरूको बीचमा यो अझै छलफलको विषय बनिरहेको छ। राजा बछिरोबुढले (राम षष्टम) बाट सन् १९१३ मा 'ताउ सय्न–पोम' शीर्षकको एउटा नाटकको रचना भएको थियो जसमा केही ऐतिहासिक झलकहरू दिइएका छन्। थाई इतिहास मेरो यस लेखको प्रसंगको बाहिर पर्छ। र मेरो उद्देश्य यहाँ थाई लोककथाको तुलनात्मक अध्ययन गर्नु मात्र हो।

२. फ्रासुमेध मुनि, वात जन सोङक्रान, व्याङकक्का स्वर्गीय महन्त।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूरा सम्झना भएन किनभने त्यसबेला मलाई त्यसमा केही चाख थिएन र त्यसैले त्यसको केही टिपोट गरेको थिइनँ । यो ऐतिहासिक तथ्य हो कि थाइल्याण्डको मध्यभाग अर्थात् मायनाम् ब्यासी एकडेढ हजार वर्षअगाडि मोन भाषा बोल्ने जातिको बसोबास भएको ठाउँ थियो । तिनीहरू पछि गएर उत्तरी थाइल्याण्ड र त्यो भन्दा पनि परबाट आएका थाईहरूसित स्वच्छन्दसँग जातीय र सांस्कृतिक हिसाबले पनि मिसिए । इतिहासकारहरूको भनाइअनुसार त्यसबेला मोनहरू थाई तथा अरू छिमेकी जातिहरूको दाँजोमा अपेक्षाकृत सभ्य जाति थिए । थाईहरूले **साय्न–पोम्**को कथा शायद मोनहरूबाट पाएका हुन् र मोनहरूले पनि मिति-क्रमको हिसाबले पछिबाट असंख्य मूसा भएको व्यक्तिको यो कथा निश्चय पनि भारतबाट पाएका हुन् किनभने विश्वको यस भागमा भारतीय सभ्यता, विशेष गरी बौद्ध धर्म, पहिलो पल्ट ल्याउने वाहकहरू मोनहरू नै थिए । यसै साल अर्थात् सन् १९६३ मा एक जना प्रख्यात भारतीय लोककथा विशेषज्ञ[३] सित मेरो भेट भयो । **साय्न पोम**को कथाका केही कुरा लिएर मैले गरेको जिज्ञासाको जवाफमा उनले एउटा कुरा भनेका थिए । उनले भनेका थिए कि यो कथा हिन्दूपुराणमा वर्णित इन्द्र देवतासित सम्बन्धित कुनै उपाख्यानबाट आएको हुन सक्छ । कथा यस प्रकार छ :

"महाभारतका अनुसार उनले (इन्द्रले) गौतम ऋषिकी पत्नी अहल्याको सतीत्व हरण गरे वा गर्ने प्रयास गरे, र ऋषिको श्रापले उनको स्त्रीको जस्तो चिन्ह सहस्र संख्यामा देखा पऱ्यो, त्यसैले उनी सयोनि कहलिए: तर यी चिह्नहरू पछि गएर आँखाका रूपमा बदलिए र त्यसैले उनी पछि गएर 'सहश्रचक्षु कहलिए ।"– जोहनसनको "हिन्दू र धर्मको प्राचीन शब्दकोष" आदि ।

ती प्रख्यात भारतीय लोकसाहित्य विशेषज्ञले मेरो प्रश्नको जवाफमा अरू के पनि भनेका थिए भने जन-साधारणमा प्रचलित इन्द्रको एउटा अर्को कथामा, इन्द्रको जीउका ती सहस्र आँखाका चिह्नहरू साहस्र मांसल गाँठाहरूमा बदलिएको कुरा पाइन्छ ।

एकलाख मासुका गाँठाहरू (थाई वाक्पद्धतिअनुसार जसको अर्थ खालि असंख्य मात्र भन्ने हुन्छ) भएको नायकको कल्पना र श्रापले गर्दा संयोगले आफ्नो शरीरमा सहश्र आँखा भएका भारतीय देवता इन्द्रको कथामा समानता भएको धेरै स्पष्ट छ । अनुमान गर्न सकिन्छ यस कथाभित्र यस प्रकारको भाव हुनु भारतीय कथामा पाइने चरित्रगत विशेषता हो । **साय्न-पोम्**को कथा त्यसको

३. स्वर्गीय डा. कालीप्रसाद ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विकसित रूप हुन सक्छ । स्वभावतः आफ्नो गरी ल्याउँदा कथामा आफ्नै तरीकाले थपघट, अदल-बदल गरियो होला; कहीं नामहरू बदलिएका छन् त कहीं दृश्यहरू फेरिएका छन् र स्थानीय वातावरण र परम्परासँग मिल्ने तुल्याउन कुनै स्थिति परिस्थिति नै थप्ने अथवा घटाउने गरिएको छ ।

अर्को कुरा, अर्थात् तीनओटा इच्छाको कुरा पनि साथी-भाइको जमघटमा युवकहरूको बीच मौखिक भनिने थारू ठट्यौला कथाहरूमा पाइने कुरा हो । कथा हास्यपूर्ण छ तर अश्लीलताको सीमाना छुन पुग्छ र शिष्टताको उल्लंघन गर्न खोज्छ। यसैले यो कथा छापिएको पाइँदैन । तैपनि केही हास्यरसको परित्याग गरेर त्यो कथाको सार यहाँ प्रस्तुत गर्न सकिन्छ । स्वभावतः यस प्रकारको अशिष्ट हास्यरसले भरिएको कथा आलाकाँचाहरूको बीचमा त्यसै छोडिएमा खुशीसाथ सुन्ने श्रोताहरू नपाइने कुरै छैन । कथा यस प्रकार छ :–

निम्न वर्गको एक जना मानिसले आफूले अलौकिक प्राणीबाट एउटा जादूको वस्तु उपहार पायो । त्यो जादूको वस्तुमा एउटा विलक्षणको गुण थियो जसबाट त्यसको धनीले आफूले चाहेका कुराहरूको लागि एकपछि अर्को गर्दै तीनओटा कुराको मात्र इच्छा गर्न सक्थ्यो । ती तीनवटा इच्छा पूर्ण भएपछि त्यो जादूको वस्तुको त्यो विलक्षणको शक्ति हराउँथ्यो । अबला जातिको निम्न-मूल्यांकन गरी देखाउने किसिमका दन्त्यकथामा झैं, त्यो मानिसले पनि आफ्नो स्वास्नीको अगाडि तीन इच्छाहरूको रहस्य खोले । आफ्नो जातिको स्वभाव-अनुसार उसले आइमाईहरूको शृङ्गार-सम्बन्धी अनेक वस्तुहरूको इच्छा गर्नू भनी उसलाई भन्यो । स्वभावतः दुई जनाको कुरा मिलेन र आपसमा तँ-तँ र म-म पनि भयो । रीसको झोंकमा त्यो मानिसले द्वेष-भाव गरी आफ्नो, आँगभरि असंख्य लिङ्गहरू उत्पन्न होऊन् भनी इच्छा गऱ्यो । नभन्दै उसको गीउभरि उसले इच्छा गरेबमोजिम लिङ्गै-लिङ्ग उज्जे । यो गति देखेर ऊ निकै तर्स्यो र उसकी स्वास्नी पनि तर्सिइन् । दुवैको दिमाग अब ठण्डा भैसकेको थियो र दुवै अब ती घृणित वस्तुबाट पिण्ड छुटाउने विचार गर्न थाले । यी अप्रिय चिन्हहरू हटाउन भनी दोस्रो इच्छा गर्न स्वास्नीचाहिले प्रस्ताव गरिन् । उसले मान्यो र तुरून्तै उसको शरीरबाट ती नराम्रा कुराहरूका साथ उसको आफ्नो पहिलेदेखिकै जन्मजात कुरा पनि लोप भयो । उसलाई अब आफ्नो साधिकार विशिष्ट लक्षणलाई सम्झेर पुनः लोग्नेमान्छेकै रूपमा अधिष्ठित हुनको लागि तेस्रो र आखिरी इच्छा गर्नुपऱ्यो । त्यसपछि त्यो जादूको वस्तुको शक्ति सकियो र त्यो मानिस पहिले जस्तो थियो उस्तै भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"सिन्दवादको पुस्तक"[१] मा एउटा "धर्मात्मा मानिस" को कथा छ जसले आफ्नो सारा समय भक्तिभावमा बिताएका थिए र उनले धेरै वर्षसम्म सुपरिचित, चिरसँगिनीको रूपमा एउटी परीलाई पाएका थिए । आखिरमा त्यो परी आफ्ना केटाकेटीहरू बिरामी भएको खबर पाएर उसलाई छोडी जान बाध्य भइन् । छुट्टिने बेलामा तिनले उसलाई ईश्वरका तीनओटा महान् नामहरू लिन सिकाइन् । कुनै ठूलो आपत् आइपर्ने बेलामा तिनमा एउटाको नाम लिएमा इच्छा गरेको कुरा उत्तिखेरै पूरा हुने कुरा बताइन् । एक दिन राती शेखले यो कुरा आफ्नी पत्नीलाई सुनायो । पत्नीचाहिँले उसलाई यो यो कुरा पाऊँ भनी इच्छा गर्न भनी अह्राइन् । त्यसबाट भएको परिणामले आइमाईसँग सल्लाह लिनुमा हुने मूर्ख्याइँलाई देखाउँछ, यसलाई दोहोऱ्याउनु उचित हुने छैन । यहाँ यति भन्नु पर्याप्त होला कि यो कथा ला फोन्टेन्द्वारा लिखित 'तीन इच्छाहरू", प्रायरद्वारा लिखित डाडु र स्यान्तिपास (सिन्दवादको कथाको ग्रीक रूपान्तर) मा दिइएको कथासँग मिलेको छ ।

जे. एस. एस. खण्ड ५३, भाग २, २५०८

---

१. डब्लू. ए. क्लाउस्टोनद्वारा लिखित तथा निजी तवरले १८८४ ई. मा प्रकाशित "सिन्दवादको पुस्तक" अथवा राजा, उनका छोराहरू, एउटी तरुणी र सात मन्त्रीहरूको कथा, पृ. ७१–७३ । थाई भाषामा यस पुस्तकको एउटा प्राचीन संस्करण पाइन्छ । त्यसको नाउँ "पदुम जातक" हो ।

"सिन्दबादको पुस्तक"को परिशिष्ट १५ मा डब्लु. ए क्लोउ-स्टोन भन्छन : तुलनात्मक लोक-साहित्यका केही विद्यार्थीहरूलाई यो कुरा थाहा पाउन शायद मज्जा लाग्दो होला कि (परी र भक्तको) यस कथाको फारसी संस्करणमा रहेको "भक्तको पहिलो कामना" खण्ड प्राध्यापक डी. कम्परेतिको अति मूल्यवान्मा थपुवाको रूपमा राखिएको छ । पुरानो क्यास्टिलियन भाषाको संस्करणमा रहेको शीर्षकसित सो राय मिल्छ । फारसी र पुरानो क्यास्टिलियन भाषाका संस्करणसँग यस कथाको तुर्की रूपान्तर यस मानेमा मिल्न गएको कुरा उल्लेख गर्न शायद योग्य होला : यसबाट एक सहस्र र एक रजनीको ओटोमन अनुवाद, कलकत्ताको अर्थात् बुलाकको अर्कै मूलबाट गरिएको हो भनी देखाउन खोजिएको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शर्तिया विषका बारे केही जानकारी

(लोकसाहित्यको अध्ययन)

'शर्तिया विष' भन्ने शब्द **या-साङ** भन्ने थाई शब्दको अनुवाद हो। यसको यथार्थ अर्थ अनुदेशित वा निर्देशित औषधि हो। यस प्रसंगमा यसको अर्थ यस्तो विष भन्ने हुन्छ जुन खाएमा कुनै निर्दिष्ट नियम वा विधिमा तोकिएको खास अवस्था जुटेपछि मात्र लाग्ने हुन्छ। यस्तो विष भएको कुनै कुरा कसैले अनजानमा खान पुगेमा तोकिएअनुसारको समयमा वा तोकिएअनुसारको खाना खाएपछि मर्छ। यस किसिमको विषबारेमा मैले धेरै वर्ष अगाडि म सानो बालक छँदा नै सुनेको थिएँ। यसको प्रयोग काँठेहरूको बसोबास भएको काँठहरूमा कतै कतै हुन्छ भन्ने मानिसहरूको विश्वास थियो। कुनै नगर वा शहरवासीले यस्ता स्थानहरूको यात्रा गर्न खोजेमा तिनको भलो चाहनेहरूले तिनीहरूलाई पहिले नै कुनै पनि खाना खाँदा अथवा पिउने कुरा पिउँदा होश गर्नुपर्छ भनी जनाउ दिन्थे। दशा बिग्रेको रहेछ भने अभाग्यवश तिनले खान थालेको खाना अथवा पिउन लागेको पेयमा मिलाइएको **या-साङ**को विष लागी तिनीहरूको ज्यान जान सक्थ्यो। काँठका मानिसहरूले यस्तो विषको प्रयोग परदेशीहरूमाथि कुनै रीस-ईबीले गर्ने नभै आफूले तयार पारेको **या-साङ** कति जोडदार छ त्यो हेर्न पनि गर्ने गर्दछन्। सामान्यतः **या-साङ**को प्रयोग आफूमाथि अन्याय गर्ने व्यक्तिमाथि बदला लिन मात्र गरिन्छ। यसैले **या-साङ** बनाउने विधि गोप्य राखिएको हुन्थ्यो र त्यसको रहस्य केही व्यक्तिलाई मात्र थाहा हुन्थ्यो। दैवसंयोगले त्यसको रहस्य कुपात्रको हातमा पर्न गयो र केही अनिष्ट भयो भने त्यो रहस्य बताउने मानिस पनि त्यसरी अनिष्ट गर्ने मानिसको मतियारको रूपमा पापको भागीदार मानिन्थ्यो। त्यस्तै नबताइनहुने कारण वा आवश्यकता परेर त्यो रहस्य अरू कसैलाई बताइदिनुपर्ने खण्ड परेमा यसरी बताइदिने मानिसले बताइमाग्ने मानिसलाई त्यसको प्रयोग अनुचित कार्यमा गर्नेछैन र त्यसको रहस्य अरूलाई बताउने पनि छैन भनी कबूल गराउने गर्दछ। **या-साङ** विषबारे मैले सुनेको कुरा यही नै हो।

सन् १९५२ मा म ब्याङ्ककभन्दा २५० किलोमिटर जति टाढाको उत्तर-पूर्व थाइल्याण्डको एउटा मुख्य शहर कोरात्मा छुट्टी बिताउन गएको थिएँ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक दिन विहान म र मसँग हिँडेका केही अरू साथीहरू **कोरात्**भन्दा २० किलोमिटर जति टाढाको रेशमी उद्योगका लागि प्रसिद्ध ठाउँ **पाक घोङ** छाडमा पुग्यौं। त्यस ठाउँमा खान-पिन गर्दा खूब होश गर्नू है भनी एक जना साथीले मलाई सचेत गराउनुभयो। **पाक घोङ** छाइ **या-साङ** विषको चलन गर्ने ठाउँको रूपमा कुख्यात थियो। त्यहाँका मानिसहरूले खान-पिउन दिने कुरामा **या-साङ** हुँदैन भनेर कोही भन्न सक्दैनथ्यो। युवावस्थामा त्यो विषको बारे सुनेको कुरा झट्ट सम्झना भयो र मलाई कुतकुती लाग्यो। म त साँच्ची नै **या-साङ**को प्रयोग गरिन्छ भनी जाहेर भएको ठाउँमा पुगेको रहेछु। कुख्यात हो कि प्रख्यात हो यस विषबारे अझ बढी कुरा थाहा पाउने प्रयास मैले गर्न लागें। भाग्यवश हाम्रो पथप्रदर्शक भएर हामीसँग आउनुभएका **कोरात्** प्रान्तका तत्कालीन शिक्षा अधिकारी[1]लाई **या-साङ**बारे केही जानकारी रहेछ। विन्तिभाउ गरेपछि हाम्रो यात्रा सकी हिँड्न लागेको बेलामा आफूसँग भएको त्यो विषसम्बन्धी विधिको एक टंकण प्रति मलाई दिनुभयो।

त्यसमा उहाँले भन्नुभएअनुसार **या-साङ** शब्द एक प्रकारको विषलाई बुझाउने **कोरात्** प्रान्तको आफ्नै शब्द हो। यस विषलाई तीन श्रेणीमा विभाजन गर्न सकिन्छ, जस्तै:–

(१) **या फित** अर्थात् 'सामान्य विष'। यो **वान्**[2] जातिको एउटा विषालु बिरुवालाई धूलो पारी **हाउ प्वाइ** (=अग्नि गौमन)[3] नाम गरेको एक प्रकारको गोमनको हाडसित मिसाई बनाइन्छ। यो मिश्रितचूर्ण अलिकति धेरै कडा खालको रक्सीमा राखेपछि यस्तो रक्सी पिउने मान्छेलाई असाध्य पीडा हुन थाल्छ र त्यो विषलाई मारण गर्न सक्ने खालका औषधि ठीक समयमै पार्न सकिएन भने चार-पाँच घण्टाभित्रै उसको मृत्यु हुन्छ।

(२) "भुँडी फोड्ने विष" :– यस किसिमको विष, अग्लो ठाउँको जंगलमा उम्रने एक प्रकारको विष **वान्** बिरुवाबाट बनाइन्छ। यस प्रकारको

---

१. नाई ठविन् चान् लावोङ हाल उथाइधानीको शिक्षा अधिकारी।

२. हेर्नू. फ्या अनुमान राछथोनद्वारा लिखित थाई मन्त्र र जन्त्र, ४ वान् या।

३. "अग्नि गौमन" साह्रै विषालु सर्प मानिन्छ। यसले घांसमा घस्रिंदा आफ्नो बाटोमा दग्धचिह्न छोड्दै जान्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वान् बिरुवा लिएर आउन एउटा जटिल प्रकारको विधि-विधान[४] गर्नुपर्छ । कुनै विशिष्ट प्रकारको खाना जस्तो कि विषालु बूटी मिसाइएको कुखुराको पिंधेर धूलो पारेको हाड अथवा आगोमा राखी सुकाइएको मासु खाएपछि, त्यस विषले त्यो खाने मान्छेको उमेर वा विषको शक्ति हेरी ७ देखि १२० दिनभित्रमा घातक असर पार्छ । बेलमा उपयुक्त विषनाशक औषधिद्वारा उपचार गरिएन भने त्यो खाने मान्छे मर्छ, बचिहाल्यो भने पनि बाँकी जिन्दगी उसको शारीरिक र मानसिक दुवै रूपले शक्तिहीन भै बाँच्नुपर्ने हुन्छ ।

(३) "लट्ठु पार्ने वा धूवाँले लाग्ने विष":– यो विष पनि वान्कै प्रकारको विरुवाबाट बनाइन्छ । यो विष जसमाथि प्रयोग गर्न खोजिएको हो त्यसले खाने खानामा मिसाइन्छ । त्यो विषको प्रभावले त्यो खाने मान्छेलाई विषको जोर र मात्राअनुसार एकदेखि दश घण्टाभित्र मस्त सताउँछ वा इन्तु-न-चिन्तु हुने गरी लठ्ठु तुल्याइराख्ने गर्दछ । पछि विषको प्रभाव हराउँछ ।

धूवाँले लाग्ने खालको विषचाहिं **चाङ–खोङ** नाम गरेको एक प्रकारको जंगली भ्यागुतोको छाला विषमा मिलाएर बनाइन्छ । यस जातिको भ्यागुतो आकारमा मानिसको हत्केला जत्रो हुन्छ । त्यसको छाला खस्रो र डल्लो डल्लो गाँठो परेको हुन्छ र त्यसबाट वान्ता हुने खालको गन्ध निस्कन्छ । यो भ्यागुतो पहाडी खोलाको किनार-किनारमा पाइन्छ । त्यो अग्लो ठाउँको जंगलमा ठूल-ठूला रूखका खोक्रामा घर बनाएर बस्छ । विष बनाउनको लागि भाले जातिको मात्र काम लाग्छ । त्यसलाई आगोमाथि राखेर सुकाइन्छ । यसरी सुकाउने बेलामा धूवाँ नाकभित्र नपसोस् भनी खूब होशियार हुनुपर्छ । यसको सुकेको छालालाई चूर्ण बनाएर वान् विषसित मिसाइन्छ । यसरी मिसिएको चूर्ण अलिकति अड्कलेर आगोमा उसउस छर्किदिइन्छ वा ज-जसलाई ताकेको हो उसतिर वा उनीहरूतिर धूवाँ जाने गरिन्छ ।

माथि भने झैं यी तीनै किसिमको **या-साङ** एक खास किसिमको वान् बिरुवाबाट बनाइन्छ । यो बिरुवाको नाउँ ठाउँ-ठाउँमा अलग अलग छ । तर सामान्यतः यसलाई **वान् या-साङ** मात्र अर्थात् निर्दिष्ट स्थितिअनुसार लाग्ने **वान्** विष भनिन्छ । यसको चाहिने भाग जरा पसार्ने सुतेको जस्तो स्तम्भ

४. त्यो टंकण प्रतिमा यस विधि-विधानको सविस्तार वर्णन गरिएको छैन । यो शायद मेरो "थाई मन्त्र र जन्त्र" नामक पुस्तकमा दिइएको एउटा विधि जस्तै हो । जसको "नाङ ववाक्" मन्त्र बनाउने तीन ओटा विधिमा प्रयुक्त हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र हो र यो स्तम्भलाई फूल लागिरहने बेलामा उखेल्नुपर्दछ । यो स्तम्भ दुई किसिमको हुन्छ : एउटा, सेतो अर्को, रातो-रातो सेतो । पूरा सेतोचाहिँ राम्रो हुन्छ । तर दुर्लभ हुन्छ । फूल फुलिरहेको बेला बोटका पातहरू अति विषालु हुन्छन्, छुनै पनि खतराजनक हुन्छ । विष लागेर खुला घाउ जस्तै दुख्न थाल्छ । धेरैजसो जनावरहरू सहज ज्ञानले नै यस्तो फूल फुल्न लागेको बिरुवाको नजीक जाने-आउने गर्दैनन् ।

जराको डाँठलाई चूर्ण बनाइसकेपछि त्यसको रंग सेतो पहेँलो पहेँलो वा रातो रातो सेतो हुन्छ । त्यसमा अलिकति रक्सी मिसाइदियो भने त्यसको स्वाद बिग्रिनुको बदला त्यसको लाग्ने गुण बढ्छ । त्यो विषको लाग्ने क्षमता साठी दिनसम्म कायम रहन्छ, त्यसपछि हराएर जान्छ । त्यसलाई चीसो ठाउँमा कसैले नदेख्ने गरी राख्नुपर्छ, तर गाउँलेहरू अक्सर त्यसलाई कुखुराको प्याँखको खोक्रो डाँठभित्र लुकाएर राख्छन् । प्रयोग गर्नुपर्‍यो भने औंलाको नङमुनि खाली ठाउँमा राखेर कसैले थाहा नपाउने गरी पेय कुरामा चोपिदिइन्छ । त्यो कुरा खाने मान्छेको पेटमा पुग्नेबित्तिकै विषले काम गर्न थालिहाल्छ । पेटमा अम्ल बढ्न गै मुख तीतो हुन्छ, असामान्य रूपले न्याल बग्न थाल्छ, वाकवाक लाग्ने, चक्कर लाग्ने हुन्छ । बंगाराहरू अवछिन्न रूपले दुख्ने र थाक्ने भै तिनीहरूको चालमा कठोरता आउँछ । भुँडीभरि असामान्य रूपले चीसो हुन्छ, जीउभरि भारी पसीना आउँछ । वान् बिरुवा गह्रौउने गरी वान्ता हुन्छ, मुटु छिटो छिटो हल्लिन थाल्छ, शरीरका सारा अंगहरू थाकेको अनुभव हुन्छ, खुट्टाका जोर्नीहरू अररो, साह्रो भै उठ्दा वा उभिदा शरीरको भार थाम्न नसकेजस्तो हुन्छ । समयमै विष मार्ने उपयुक्त औषधी फेला पार्न सकिएन भने त्यो मान्छे तत्काल मर्छ । तथापि कुनै पेय पदार्थ पिउनुभन्दा अगाडि याद गर्नुपर्ने कुरा केही छन् । राङ चुअद नाम गरेको वान् बिरुवा एक सर्घै साथमा राख्नुपर्छ अथवा विष छ वा छैन भनी हेर्नको लागि

---

५. वान् राङ चुअद्, एक प्रकारको लहरादारबिरुवा हो जो ब्याङ्ककका कुनै कुनै घरमा कहिलेकाहीं उमारेको पाइन्छ । जहाँसम्म मलाई थाहा छ, कुनै विषालु पदार्थ निवारण गर्न प्रयोग गरिने यो प्रसिद्ध वनस्पति हो । यो त्यही ventilago calyculata Rhamnacea बिरुवा पनि हुन सक्छ । जुन मेकफरल्याण्डको थाई अंग्रेजी डिक्सनरी, ब्याङ्ककक १९४१ मा 'राङ दुआङ' शब्द अन्तर्गत पृ. ७०७ मा दिइएको छ । मेकफरल्याण्डले राङ चुअद आफ्नो शब्दकोषमा दिएका छैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हस्ति-हाडको एक टुक्रा पेयमा चोपल्नुपर्छ, अथवा पेय पदार्थ राखी खान हस्तिहाडको प्याला लिएर हिँड्नुपर्छ । हस्ति-हाडले शायद विषलाई निष्क्रिय पार्ने होला। तर, अघि भनेझैं विष लागेको संकेत पाइयो भने त्यसको निवारण गर्ने तीन उपायहरू छन्, जस्तै:–

(क) विष लागेको व्यक्तिलाई बान्ता गराउन बान्ता-कारक औषधीको प्रयोग गर्ने ।

(ख) "विष मार्ने वान विरुवा" (यसलाई कुनै निश्चित नाम दिइएको छैन) को डाँठलाई कुनै साह्रो वस्तुमा राखेर पानीले दल्ने र अनि रक्सी मिलाउने । यति भएपछि जसलाई खुवाउनुपर्ने हो त्यसको घाँटीभित्र खन्याइदिने ।

(ग) यो विष लागेका मान्छेहरूका बंगाराहरू साह्रो अररो हुन थाले भने खेतमा हुने गँगटाहरू सातओटा ल्याई पिधी धूलो पारेर पानीमा मिलाउने । अनि त्यसको घाँटीभित्र एकै पटक जबर्दस्ती एकै घुट्को गरी हालिदिने । ऊ तुरून्तै होशमा आउँछ । उसलाई अनि एक कचौरा उमालेको फर्सी वा सेतो लौकाको पानी पिउन दिने, ऊ त्यसको विषालु असरबाट निको हुनेछ । यो कुरा (१) प्रकारको **या-फित**को लागि मात्र हो ।

अब हामी (२) किसिमको विष अर्थात् भुँडीफोडुवा विष,को कुरा गरौं । यो कुनै खँदिलो खानेकुरा अथवा पेयसँग मिसाइन्छ । यस किसिमको विषलाई गाउँका मानिसहरू **या-येन** (ठण्डा हुने विष) अथवा **यान्ङल्हु अम** (अजिंगरको विष) भन्छन् । अनजानले यस्तो विष खाने मान्छेमा निश्चित रूपले लक्षित गरिएको प्रकारको खाना कुनै खाइसकेपछि तल लेखिएअनुसार लक्षणसूचक असरको चिन्ह देखा पर्न थाल्छ । उसलाई रिंगटा लाग्न थाल्छ अथवा गर्दनको पछाडि दुख्न शुरू हुन्छ, पेट फुल्छ र बाहिरबाट छाम्दा डल्लो उठेको थाहा हुन्छ, दाँतहरूको चेतनशीलता एकनासले बढ्दै जान्छ, टाउकोको रौं असामान्य किसिमले झर्न थाल्छ, दुवै हातबाट नङहरू पनि निक्लन थाल्छन्, गोडाहरू बढ्न थाल्छन् र विस्तारै सानो हुँदै जान्छन्, आँखा पहेंलो पहेंलो हुन्छ, हात-गोडाका सबै नङहरूमा सेता दागहरू देखा पर्न थाल्छन्, कानको लोतीका किनारहरू राता हुन्छन्, दुख्न थाल्छन् र सारा शरीरमा थकावटको अनुभव हुन थाल्छ ।

विष हटाउने उपायचाहिं (२) उपवर्ग किसिमको जस्तै हो । कसैलाई **यासाङ** विष लागेको छ भन्ने शंका लागेमा शकरखण्डको रसका केही थोपा रक्सी अथवा खाने पानीमा मिसाएर बिरामीलाई पिउन दिनुपर्छ । उसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साँचै नै **याफित**को यस (३) तेस्रो किसिमको विष खुवाइएको हो रहेछ भने यसमा धेरै छटपटीको चिन्ह देखापर्न थाल्छ अथवा **वान** विषको दुर्गन्ध आउने गरी डकार्न थाल्छ। त्यसो भएमा केही हस्तिहाड पानीमा घोटेर त्यसलाई रक्सी अथवा निबूको रसमा मिसाएमा त्यसबाट विष नाश गर्ने औषधि तयार हुन्छ। यो औषधि दुई वा तीन पटक पिलाएपछि बिरामीमा सुधार आउँछ र अन्तमा निको हुन्छ।

उपवर्ग (३), लट्ठ पार्ने वा धूवाँले लाग्ने विष। यो विष लागेको मान्छेमा झुम्मझुम्म निद्रा लाग्ने, आँखा तिमिराउने, चक्कर लाग्ने, कपाल दुख्ने र शरीरभरि थकावट लाग्ने लक्षण देखापर्छ। कसैलाई यो विष लागेको छ भन्ने थाहा भयो भने, थाहा पाउनासाथ उसलाई प्राथमिक उपचारको रूपमा बमन गराइहाल्नुपर्छ। त्यसपछि उसिनेको फर्सीको पानी[1] उसिनेको **फाक बुङ**[2]को पानी, उसिनेकै शकरखण्डको पानी अथवा कुनै निर्दिष्ट **वानया** उमालेको झोल पिउन दिनुपर्छ। ऊ निको हुन्छ। यस खालको विष प्राणघातक नभएको हुनाले यसको शिकार भएको मान्छे केही कालसम्म अचेत अवस्थामा रहन्छ, कुनै विष-नाशक औषधिको प्रयोग नगरे पनि बिस्तारै पनि ठीक भएर आउँछ। खालि पूर्णआराम लिन लगाउनुपर्छ।

वर्णन गरिएका यी तीनै उपवर्गका विषहरूलाई संयुक्तरूपले **यासाङ** अथवा शर्तिया विष भनिने गरिएको भए तापनि मैले यहाँ लेख्न लागेको भुँडी फोड्ने विष अर्थात् उपचार (२)को विषबारे मात्रै हो। मलाई दिएको टिप्पणीको मैले पूरै अनुवाद गरेको छु किनभने यो कुरा लोक-औषधिको अध्ययनको सम्बन्धमा धेरैथोरै ज्ञान-दायक नै छ।

यासाङ अर्थात् शर्तिया विष विषको रूपमा प्रख्यात भए पनि, मानिस-हरूलाई यसको नाम मात्र थाहा छ, अहिलेसम्म कसैले पनि मलाई यस किसिमको प्रख्यात विषको व्यवहारको कुरा पुष्टचाई गर्ने सन्तोषजनक जवाफ दिएर चित्त बुझाउन सकेको छैन। **कोरात्** भन्ने ठाउँ भौगोलिक दृष्टिले तल्लो मध्य-थाइल्याण्डबाट देशको उत्तर-पूर्वीय भागमा जाने मुख्यद्वार भएकोले मानिसहरू स्वभावतः शर्तिया विषको चलन उत्तर-पूर्वी क्षेत्रका केही स्थानहरूमा

---

१. **Benincasa cerifera (Cucurbitaccae)–McFarland.** शब्द अन्तर्गत पृ. ६०६।

२. **Ipomoea aquatica (Convolvulaceae)– McFarland** शब्द अन्तर्गत पृ. ४८४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चलेको हुनुपर्छ भन्ने विचार गर्छन् । मेरा एक जना साथीले[३] जो कोरात्सित जोडिएको उत्तर-पूर्वको प्रान्त एउटा छाइयभुम् नाम गरेको **नाइ एम्फर** अथवा जिल्ला अधिकारी थिए, मेरो सोधनीको जवाफमा के उनले लेखेका थिए भने उत्तर-पूर्व क्षेत्रका धेरै स्थानहरूमा[४] प्रहरी र जिल्ला अधिकृत भै काम गरेको विगत बीस वर्षको अवधिमा उनले शर्तिया विष-सम्बन्धी कुनै मामला कहिल्यै भेटेनन् । उनको सामु **याङ नग्रङ** ('उपस' वृक्ष विष) सित सम्बन्धित मुद्दा मात्र आएको थियो । **यासाङ** अर्थात् शर्तिया विषको कुरा **कोरात्**मा किंवदन्तीको रूपमा मात्र सुनिन्छ भनी उनले लेखेका छन् । त्यहाँका मानिसहरूले उनलाई **यासाङ** भनेको (भरखर बनेको माटोको भाँडो जस्तो सेतो सेतो रातो) रङ्गको छाला भएको एक प्रकारको भ्यागुतो जस्तो जीवबाट बनाइन्छ भनी भनेका रहेछन् । यस भ्यागुतोको नाम **क्थाङ पवाई** हो । यसको छालामा अति विषालु गाँठाहरू हुन्छन् । यस **क्थाङ पवाई**लाई सुकाएर र कुटी-पिँधी चूर्ण बनाउँदा त्यसपछि चूर्ण अलिकति कसैले थाहा नपाउने गरी रक्सीमा राखिदिइन्छ । यस्तो रक्सी खाने मानिस जोकोही पनि खाएको दुई-तीन घण्टाभित्रै मर्दो रहेछ । सामान्य अर्थमा यो साधारण विष हो तर **यासाङ** अर्थात् शर्तिया विष नाम गरेको अर्कै एक प्रकारको विष छ । यो चाहिं पर्वतमा पाइने **वान् फेत् हुअङ**[५] जस्तो प्रकारको बिरुवाबाट बनाइन्छ । यसमा विषालु कुनै खास जनावरको विष मिसाइन्छ र मंत्रोच्चारणद्वारा जादूटुना गरेर यसको जोर बढाइन्छ । विष खुवाउने मान्छेले विष खाने मान्छे कुनै खास किसिमको मासु आएपछि केही निश्चित दिन अथवा महीनापछि गरोस् भन्ने चाहन्छ भने उसले उही प्रकारको मासु विषमा मिलाउनुपर्छ । यसको लागि गौमनको (मरेको) मुखभित्र यो विषालु मिश्रण हालिदिएर त्यो चौमनको घिचे्रा काटी टाउको चाहिं जति दिन वा महीनापछि त्यो मान्छे मरोस् भन्ने चाहेको हो त्यति दिन वा महीनासम्म भूईंमा गाडिदिइन्छ । त्यति दिन वा महीना नाघिसकेपछि त्यो टाउको खनेर निकालिन्छ र त्यसलाई कुटेर धूलो पारिन्छ । अनि त्यो धूलो गोप्य तरीकाले खाने-

---

३. प्रहरी लेफ्टिनेन्ट बुस्या चिन्तन, अहिले उदोनं धानी प्रान्त र उत्तर-पूर्व क्षेत्रका उपराज्यपाल ।

४. नखअन् फनोम्, खअन् क्यान्, ह्लअ ङखाइ उद्अन् धानी छाइयभूम् प्रान्तहरू ।

५. "ठूलो सुनाखरीको एउटा जाति" (Grammato phyllam speciosum Mc. Farland) थाई अंग्रेजी शब्दकोष ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा वा पिउने कुरामा मिसाइन्छ । त्यो विषसम्बन्धी निर्दिष्ट मासु खायो भने तोकिएको समयावधिपछि त्यो खाने कुरो वा पिउने कुरा खाने मान्छे मर्छ ।

अरू सोधपूछ गर्दा कम्बोडियासित जोडिएको अरण्यप्रदेश नाम गरेको सीमान्त जिल्लाका जिल्ला अधिकारी[६] मेरा अर्को साथीले निम्न विवरण दिनुभएको छ :–

यासाङको प्रयोग गर्ने चलन देशका प्राय: सबै भागका ग्रामीण जनतामा चलेको पाइन्छ । कुनै कुनै ठाउँमा यसलाई **या क्लोम् नाङ नोम** (= कन्या कुमारीलाई सुताउन प्रयोग गर्ने औषधी) भन्छन् । मुख्यतया यो **चान्छ बुरी** र प्राचीनबुरी[७] प्रान्तहरूका कुनै कुनै भागहरूमा पाइन्छ ।

गाउँलेहरूले प्रयोग गरिने **यासाङ**मा निम्न प्रकारका कुराहरू हुन्छन्:–

(१) मजूरको पित्त ।

(२) साधारण माकुरोभन्दा सानो आकारको तर लामा लामा खुट्टाहरू भएको **चिङ–ख्रोङ** जातिको माकुरो । यो माकुरो जंगलमा प्वालहरूमा अथवा पहाडका गुफाहरूमा पाइन्छ । मानिसहरू नजीक परेपछि यो माकुरो साधारण माकुरो झैं बिस्तारै हिंड्छ । (**चिङ–ख्रोङ** र अघि चर्चा गरिएको जङ्गली भ्यागुटो **चाङ ख्रोङ**को उच्चारण झण्डै एक समानको छ ।)

(३) छोएपछि नराम्रोसित दुख्ने गरी चिल्ने **मोङ हान्** नाम गरेको सानो झुसिले कीराको पित्त ।

(४) भूईंमा यत्रतत्र पाइने जालीको प्वालहरू जस्तो पर्दाहरू भएको **राङ हाय्**[८] नाम गरेको कुकुरमुत्ता ।

(५) हरताल ।

(६) अमिलो (तरल रूपको) ।

---

६. नाइ थियाम् अतकुल, **हालको जनकल्याण विभागका उप–महानिर्देशक** ।

७. **यी दुई प्रान्तहरूमा एउटा उत्तर-पूर्वी र अर्को पूर्वी सीमान्तमा कम्बोडियासित जोडिएका छन् । चान्ताबुरी प्रान्तमा या-साङको चलन बढी हुने स्थानहरू हुन्:– बान (गाउँ) साम्तान् ता (.....) क्रबिन्बुरी जिल्लामा पर्छ, बान् न्हयअङ याइ (.....) बान् छ्योङ कुम्(.....) र श्रे ओर वात्ना जिल्लामा पर्छन् र ताम्बोल (कम्युन) ख्लअङ नाम साइ (.....) अरण्यप्रदेश जिल्लामा पर्छ ।**

८. **विषालु अथवा नशा लाग्ने गुण भएको च्याउको एक जातिमा फारल्को ण्याङ थाई अंग्रेजी शब्दकोषको (राङ हाय्) शब्द ।**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त (१ देखि ४) सम्मका भागहरूलाई अलग-अलग भुटेर पछि प्रत्येकलाई अलग अलग कुटेर चूर्ण बनाउनुपर्छ । त्यसपछि यिनीहरूलाई (संख्या ५ र ६ का) अरू चीजहरूसित मिसाएर काँचको सीसीमा हाली काँचकै बिर्को लगाई सीलबन्द गरी राख्नुपर्छ । यस विषलाई कागज वा कपडामा बेह्रेर राख्न हुँदैन । यसो गरेमा त्यो बेह्रनी मकिएर नष्ट हुन्छ । मिश्रण तैयार पार्दा बडो सतर्क हुनुपर्छ । हावाको सम्मुख बस्नु हुँदैन अन्यथा नजीक बस्ने व्यक्तिलाई नराम्रो असर पार्ने गरी हावाले विष उडाएर लैजान्छ ।

यासाङको असरले चाहेको मान्छेलाई निद्रा लागी निद्रामै मरोस् भन्ने इच्छा छ भने भुटेको **लम्** पोडः गेडा[९] र गाँजा[१०] मिसाइदिने गर्छन् । यसबाट त्यो मान्छे बहुलाउँछ र अन्तमा मर्छ । केही मात्रा पारा मिसाएर **या-साङ**लाई जुलाबको रूपमा पनि प्रयोग गर्न सकिन्छ । यस्तो **या-साङ** खाने मान्छेको पेटमा विषको प्रभावले आन्द्राबाट प्रचुर मात्रामा रगत निस्कन्छ ।

या-साङलाई शर्तिया विषको रूपमा क्रियाशील बनाउन खास किसिमको खानेकुरा अथवा फलफूल खुवाउने गर्छन् । यस्तो खानेकुरा अथवा फलफूललाई आगोमा सेकेर त्यसलाई **या-साङ**मा मिसाइन्छ । यस्तो शर्तिया खानेकुरो वा फल खाएपछि विष लागेर मानिस मर्छ । खानेकुरा अथवा पिउने कुरामा पनि **या-साङ** गोप्य रूपले मिसाउन खास गरी रक्सीमा मिलाइन्छ जसको असर तत्काल हुन्छ ।

आम्ल मिश्रण भएको **या-साङ** खाने मान्छेलाई खाएको ३ घंटाभित्र घाँटी र छाती पोली पेटमा शूलको वेदना भै टाउको असाध्य दुखी छटपटी हुन थाल्छ । **या-साङ**मा पारो मिसाएको रहेछ भने त्यो खाने मान्छेलाई जोडले पखाला लाग्छ, उसको मानसिक शक्ति क्षीण हुँदै जान्छ, जीर्ण जरोले पीडित मान्छेजस्तै छाला पहेँलो भई दुब्लाउँछ र रगत बमन गर्न थाल्छ । बिनाशर्तको **या-साङ** विष लागेको मान्छेलाई हुने साधारण लक्षण यो हो । 'शर्तिया' **या-साङ**को विष लागेको मान्छे भने शर्तिया खानेकुरा अथवा पिउने कुरा खाएको २४ घंटाभित्रै मर्छ । यो विष लागेको लक्षणस्वरूप आँखा र पिसाब दुवैमा रगत देखिन्छ ।

कसैलाई **या-साङ** विष खुवाइएको हो कि होइन भनी जाँच गर्न, उसलाई पाकेको तरबुजा खान दिइन्छ । अस्थायी रूपमा मात्र लक्षण हरायो भने उसलाई

---

९. **Dutura bojeri (solanaceae) stralmonium–Mc Farland**

१०. **Conhabis Sativa (Urticaceae)–Mc Farland**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

या-साङ विष खुवाएको रहेछ भन्ने थाहा पाउनुपर्छ । शंका भएको बिरामी व्यक्तिलाई **तायङ रान्** (एक किसिमको ठूलो खालको काँक्रो) खाने अथवा **मांयोम्** (..... स्टार गूज् बेल्ही रूखको जरालाई पानीमा घोटेर) **माप्वुअङ** = (क्यारामबोट, रूख) **सित नाम साओ खाओ** (चौलानी) को मिश्रण पिउन दिनुपर्छ । यो औषधीले निको नै तुल्याउने त होइन तर अस्थायी आराम दिन्छ । अझै पनि शंका बाँकी छ भने **छुम्हेद् खाउ ख्वाई**[११] अथवा साधारण **छुम्हेद्का** पात र जराहरू उमालेर काँढा बनाई खुवाइन्छ । यो काँढा खाने बित्तिकै बिरामीले वान्ता गऱ्यो अथवा भिन्न आन्द्रादेखिको पानी छाद्यो भने उसलाई विष पारिएको हो भन्ने निश्चय हुन्छ । विष मारण गर्ने औषधी तुरून्तै दिनुपर्छ ।

विषमारण गर्ने औषधीहरू धेरै छन् । त्यसको रहस्य जान्ने मानिसले गाह्रो मानी मानी बताएका तीनओटा औषधी यस प्रकार छन् :–

औषधी १:—

(१) **प्रोरङ**—**पवा**[१२] को जरा

(२) **यानाङ दायङ**

यिनीहरूलाई 'चामल उमाल्नुभन्दा अगाडिको चौलानी'ले घोट्नू अनि त्यसलाई रक्सीको तेजाबमा मिसाउनु अथवा दुवैलाई पकाई काँढा बनाउनु ।

औषधी २ :–

(१) **ङुवाङ छुम्** (एक प्रकारको बूटी हो कि ?)

(२) **हुव उअङ** (एक प्रकारको सुनाखरीको गाना)

(३) **क्छाउ सिदा** (. डाँठमा ठूलठूला पात झुण्डिरहने एक किसिमको सुनाखरी, यो झार घरबारीमा अथवा जङ्गलमा जतासुकै पाइन्छ ।

यी सबै एकसाथ पकाएर रोगीलाई खुवाउनुपर्छ ।

औषधी ३ :–

(१) **नोतयानोङ** (.. ...शायद लोताथानोंङ...एक प्रकारको रूखको जरा ।)

(२) **रातो हाङ-लाइ**[१३] (.....)

---

११. Cassia spp. माक्फारल्याण्डको थाई-अंग्रेजी शब्दकोषमा छुम् हेद् धेरै जातिको नामहरू दिइएको छ, तर माथिको जातिको छैन ।

१२. Murraya Siamensis (Rutaceae)– McFarland.

१३. Amarantus cruentas (Amaranthaceae)–Mc Farland,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) सी हुवद्(. . . . . .सम्भवतः एक प्रकारको रूख)को जरा ।

यी सबै सुन, चाँदी र सीसाको धूलोको साथै पकाउनुभन्दा अगाडि चामल पखालेको पानीसँग घोट्नुपर्छ । यो मिश्रण पिउनासाथ दिसा लाग्ने हुन्छ ।

या-साङको विष दिइएको हो वा होइन जाँच्ने तरीका यसप्रकार छ :–

औंलाको नंग्रा अँठ्याउनु र त्यसको फेदमा रगत बग्ने गरेको छ कि छैन हेर्नु । थिच्न छोड्दा रगत बिस्तारै आफ्नै ठाउँमा फर्कन्छ भने त्यो व्यक्तिलाई **या-साङ** विष दिएको छ भन्ने जान्नु ।

त्यो मान्छे मऱ्यो भने त्यसको मुख फुनेको, जिभ्रो र जीउ पनि कालो भएको, छातीमा दागहरू भएको र मरेको ३० मिनेटभित्र पेट फुलेर ठूलो भएको देखिन्छ ।

यो रहस्य बताउने मान्छेले अरू के पनि भनेका छन् भने माथिको सूचना उनले कुनै बौद्ध भिक्षुको नायकबाट पाएको हो जसले उनलाई कुनै हालतमा पनि **या-साङ**सम्बन्धी ज्ञानको प्रयोग पशुपन्छी वा कुनै प्राणीमाथि प्रयोग गर्ने छैन भनी बाचा बाँध्न लगाएको थियो । बाचा तोडेका खण्डमा यसरी गुप्ती कुरा खोलेको मान्छेले पापको भागीदार बन्नुपर्ने हुन्छ । उनले यसरी रहस्यको जुन ज्ञान दिइएको थियो त्यो ज्ञानको निम्ति मात्र थियो । यसरी ज्ञानको निम्ति ज्ञान दिनाले कुनै कसैले गरेमा त्यसको जवाफदेही हुनुपर्ने छैन र त्यसैले जुनसुकै गुप्ती कुरो तिनीहरूले खोले पनि तिनीहरूलाई पाप लाग्ने छैन भन्ने लोकधारणा रहेको छ ।

सन् १९५०[१] मा चियाङमाइमा भएको थाइल्याण्डका मानसिक रोगका विशेषज्ञहरूको सम्मेलनमा पढिएको एउटा कार्यपत्रमा **या-साङ**सम्बन्धी पनि एउटा विषय थियो । विष लागेको मान्छेलाई हुने लक्षणसमेत दिएर कार्यपत्रमा बयान गरिएको **या-साङ**को प्रकृतिसम्बन्धी मान्यिसहरूको धारणा तपसीलका केही स-साना कुराहरूलाई छोड़ेर, आधारभूत रूपमा माथि वर्णन गरिएअनुसार नै छ । यस कार्यपत्रमा तल लेखिएअनुसार या-साङको तीन ओटा श्रेणीमा वर्गीकरण गरिएको छ :–

(१) खाद्य पदार्थ-सम्बन्धी **या-साङ** ।

यसको नाम खास गरी जुन खाद्य अथवा फलविशेषमा यो मिसाइएको हुन्छ त्यसको प्रकृतिअनुसार राखिने गरेको छ, जस्तो कि **या-साङ–नूउअर** (मासुको शर्तिया विष), **या-साङ–नुउआ खेम्** (नूनिलो मासुको शर्तिया विष), **या-साङ क्लुवैइ** (केराको शर्तिया विष) इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) **या-साङ वान्** (हप्ताको विभिन्न वारहरूसित सम्बन्धित शर्तिया विष) यस प्रकारको विष खाएको व्यक्ति तोकिएअनुसार ५,७ अथवा १५ दिनभित्र मर्छ ।

(३) **या-साङ आयु** (उमेरसित सम्बन्धित शर्तिया विष) यस प्रकारको विष खाएको व्यक्तिलाई जीवनभरि नै आने-जाने गरी जीर्ण रोग लागि रहन्छ ।

कार्यपत्रमा लेखकले **या-साङसित** मुख्य अनुपातको रूपमा कुन किसिमको जडीबूटी तथा वनस्पतिको प्रयोग गरिन्छ भनी पत्ता लगाउन निकै कोशिश गरेको हो तर सकिएन भनी लेखेका रहेछन् । **या-साङ** बनाउनु-पर्‍यो भने चाहिने जडीबूटी अथवा वनस्पति जंगलवासीहरूबाट अथवा अरू सामान्य बस्तीबाट धेरै टाढा बस्ने करेन अथवा नेग्राइटोस जाति जस्ता मानिस-हरूसँग मागेर ल्याउने कुरा धेरै मानिसले उनलाई बताएका रहेछन् ।

यस कार्यपत्रका लेखकले थाहा पाउन सकेको **या-साङ** बनाउने विधि र अनुपात यसप्रकार छन् :–

(१) खास किसिमको जडीबूटी अथवा झार बताउनेले यिनको नाम बताउन चाहेनन् ।

(२) **बोत्** (बौद्धमन्दिर) अथवा "बोते"को वरिपरिको पर्खालका ढुंगाहरूमा लागेको लेउ ।[1]

(३) **ताकिएन**[2] र **काबोक**[3] जस्ता भूतप्रेतले वास गर्ने विभिन्न किसिमका-रूखका बोक्रा । यस्तो रूखको बोक्रा ताछेर लिनलाई पहिले त्यसमा बस्ने भूतलाई बलि दिनुपर्छ ।

(४) उक्त १ देखि ३ सम्मका **अनुपाम**लाई उमालेर जम्मै पानी वाफ भै उड़ेर सुख्खा भै त्यो **अनुपाम** धूलोपीठो नभएसम्म पकाउने ।

अनुपामहरू उमाल्ने सम्बन्धमा पूरा गर्नुपर्ने केही रीति छ । उमाल्ने क्रिया कुनै मसानको हाताभित्र गर्नुपर्छ । चूल्होमा भाँडाका लागि अडेसोको रूपमा मान्छेका खप्परहरू राख्नुपर्छ । पकाइरहुन्जेल पकाउने मान्छेले कुनै खास किसिमका मन्त्रहरू उच्चारण गरिरहनुपर्छ ।

या-साङको विष परेको मान्छेमा समयमै उपयुक्त विष-निवारक

---

१. बोते अथवा बोत् को वरिपरिको पर्खालका ढुंगाहरूमा लागेको लेउ मोहनी लगाएको छुटाउन पनि प्रयोग गरिन्छ भन्ने कुरा उल्लेखनीय छ ।

२. **Hopea odorata (Diptero carpaceae–Mc Farland).**

३. **Irvinga malayana (Simarubaceae–Mc Farland),**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

औषधी पार्न सकियो भने त्यो निको हुन सक्छ । औषधीलाई या–तोन् (... मारण गर्ने औषधी) भन्दछन् । त्यो औषधी जान्ने मान्छेले गोप्य राखेको हुन्छ । ज्यादै दबाव दियो भने खास किटान नगरी मुख्य अनुपामको रूपमा यस्तो यस्तो खालको जडीबूटी र वनस्पतिको प्रयोग गर्नुपर्छसम्म भनी कुरा खोल्छ । या-साङको जोरलाई निष्क्रिय तुल्याउनको लागि यस्ता जडीबूटी र वनस्पतिको क्षमता क्रियाशील तुल्याउन तथा सार्वित गर्न विशेष प्रकारको मन्त्र गर्नुपर्छ ।

या-साङप्रतिको विश्वास आजसम्म पनि थाइल्याण्डको दक्षिणी क्षेत्र (माथिल्लो मलय प्रायद्वीप) मा जनसाधारणको मनमा विशेष गरी वन-जङ्गलको छेउछेउ गरी बस्ने अशिक्षितहरूमा बलियो गरी बसेको छ । या-साङको चलन सुरत प्रान्तको तापी नदीको उपत्यकामा र नाकोर्न श्री थामारात र पातालुङ प्रान्तहरूमा पनि निकै छ ।

लेखकले आफ्नो कार्यपत्रमा एउटा घटना त आफ्नै आँखाले देखेको र या-साङ विष लागेको भनिएका अरू मानिसहरू देखेको छ भन्ने एक जना-लाई पनि चिन्हेको छ भनी लेखेका छन् ।

घटना–१

बाइस वर्षको एक जना हट्टाकट्टा स्वस्थ गाउँले केटोको अर्को गाउँकी एउटी केटीसँग प्रेम परेछ । मर्नुभन्दाअगाडि त्यो केटोले केटीको गाउँमा उसिनेको फर्सी खाएको रहेछ । केही दिनपछि उसले आफ्नै गाउँमा भातसित केही मासुको तरकारी खाएछ । त्यो खाएपछि बंगाराहरू कस्सिने र नसा-हरू तन्किने भएछन् । त्यसपछि त्यो तत्काल मऱ्यो । उसले मर्नुभन्दा-अगाडि आफ्ना साथीहरूलाई आफूले अर्को गाउँकी एउटी केटीसँग प्रेम गरेको र त्यो ठाउँमा उसिनेको फर्सी खाएको कुरा बताएको रहेछ । मर्नेका नातेदार-हरूले शङ्का गरे कि फर्सीमा अथवा नरिवलको टुक्रामा (जसमा अलिकति मिठाइको रूपमा फर्सीसित खान नून र चिनी मिसाइएको हुन्छ) छलेर उस-लाई या-साङ खुवाएको हुनुपर्छ । यो कथा भन्ने मानिस लेखकले धेरै वर्ष-देखि चिन्हेको रहेछ र त्यसैले त्यो मानिसको कथा विश्वासिलो थियो ।

घटना–२

सुरत प्रान्तको तापी नदीको माथिल्लो फाँटमा अवस्थित "कृत" गाउँमा बस्ने लेखकको चिनजानको एक जना मानिस एक दिन उनीसँग कुनै रोगको विषयमा सल्लाह लिन आएछ । उसको पेट फुलेको र गाउँको कुनै औषधीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोएको रहेनछ । लेखकले रोग यही हो भनी केही निदान गर्न सकेनछन् । त्यो बिरामी ब्याङ्कक् गयो र एउटा अस्पतालमा भर्ना पनि भयो । तर निको भएन र फर्केर **नाकअण श्री थामारात**को अस्पतालमा भर्ना भयो । निको भएन घरमै फर्क्यो र त्यहीं मर्‍यो । उसलाई **या-साङ** विष लागेको हो भन्ने मानिसहरूको धारणा छ र त्यही गाउँको एक जना मानिसले उसलाई विष खुवाएको हो भन्ने पनि चर्चा चलेको थियो । त्यो मृतक गाउँको मुखिया थियो र एक जना गाउँलेको रीसईबीले उसको मृत्यु भएको रहेछ । कार्यपत्रमा लेखकको विचारमा त्यो मानिस कलेजो साह्रो भई **सिरोसिस** भन्ने रोगले मरेको हुनुपर्छ । शायद उसले कलेजोलाई हानि गर्ने केही कुरो खाएको हुनुपर्छ । उसले थाइ-ल्याण्डका काँठ-काँठका गाउँहरूमा पाइने अरक अथवा कडा खालको रक्सी निकै धेरै मात्रामा पिएको हुनुपर्छ अथवा उसलाई साँच्चै नै **या-साङ** विषनै पनि खुवाएको हुन सक्छ । वास्तविकता के हो कसैलाई थाहा भएन ।

अन्तमा लेखकले **या-साङ**बारे आफ्नो विचार प्रकट गर्दै यो बास्तवमा नभएको होइन रहेछ, तर साधारण विषको रूपमा मात्र छभनी भनेका छन् । वैज्ञानिक युक्ति वा परिमित प्रमाणले प्रामाणिक गर्न नसक्ने जडीबूटी वा वन-स्पतिले बन्ने भएको हुनाले यस्तो विषको शक्ति एकै किसिमको हुँदैन । यो विषको असर पनि यसैले फरक-फरक हुन्छ । यो विषको शिकार भएको मान्छे तुरुन्तै पनि मर्न सक्छ, कोही तुरुन्तै नमरी धेरै दिन बाँचिरहन पनि सक्छ । धेरैजसो मामलामा विषको असर, विष लाई निष्फल पार्ने र नाश गर्ने कार्य गर्ने अङ्ग कलेजोमा नै पर्छ । कोही-कोही मानिसको शारीरिक बनावट बलियो हुन सक्छ र विषको परिमाण तुलनात्मक हिसाबले थोरै हुन सक्छ अथवा विषको शक्ति चाहिंदो मानको हुँदैन र यसैले त्यस्तो विष खानेलाई त्यसले केही हानि गर्दैन । यस्तो भएमा विष दिनेले निहुँ पारी त्यो विषको शक्ति खतम भैसकेको रहेछ अथवा ताकेको शिकार खानपानमा बडो होशि-यारी रहेछ र त्यसैले विष भएको खाने-पिउने कुरा खाँदै खाएन भन्न सक्छ । यसरी खाएको विष क्रियाशील भयो भने कुनै खास खानेकुरा अथवा पिउने कुरा खाने बेलामा संयोगले मात्र मान्छे मर्छ । **साङ** शब्द वस्तुतः साधारण विषबाट आएको हो, यसको अर्थ निर्देशन दिने वा आज्ञा दिने हो । यस शब्दले खास परिणाम भोग्नुपर्ला भनी डराउने मान्छेहरूमाथि ठूलो प्रभाव जमाएको छ ।

या-साङ बारेको मेरो लेख अझै अपूर्ण छ । जे-जति माथि लेखियो अरू अध्ययनको लागि आधार मात्रै हो ।

जे. एस्. एस्., खण्ड ५३, भाग १, २५०८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बौद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



फ्रा चेदी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद : ४

बौद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फ्रा चेदी

वात् नाले प्रख्यात स्यामी विहारहरूमा जाने जोकोहीको पनि आँखामा टुप्पोतिर सानो-सानो हुँदै चुच्चिएर गएको गजूर भएको स्तूपाकारको विशेष प्रकारको बनौटमा नपरी छोड्दैन । यो बनौटलाई स्यामी भाषामा **चेदी** अथवा **फ्रा चेदी** भन्छन् । एउटा वात्मा निकै ठूलो आकारको एउटा मात्र अथवा विभिन्न आकार र शोभा-युक्त छाँटका कैयौं **चेदी**हरू हुन सक्छन् । **फ्रा चेदी**-को नाममा भएको पहिलो शब्द फ्रा सम्मानसूचक मात्र हो । त्यो संस्कृत शब्द वरवाट आएको हो र त्यसको अर्थ महान् हो । यो सम्मानसूचक शब्द धर्म अथवा राजघरानासित सम्बन्धित मान-आदरयोग्य वस्तुलाई शब्दको अगाडि उपसर्गको रूपमा जोडिन्छ । दोस्रो अंश **चेदी** चाहिं पालिको **चेतिय** र संस्कृतको **चैत्य**को स्यामी समानार्थी शब्द हो । यस्तो किसिमको स्मारक शुरूमा मृतकको खरानीमाथि उठाइने गरेको समाधिस्तूपलाई भनिन्थ्यो । स्याम देशमा आजकल यसको अर्थ खालि पवित्र स्मारक अथवा अवशेष राख्ने भाँडो हुन्छ । **चेदी**को विकास बुझ्नका लागि प्राचीन कालमा फर्केर जानुपर्छ ।

बौद्धशास्त्रको एउटा ग्रन्थ "धम्मपद"मा साँढेले हानेर मरेको भगवान् बुद्धका एउटा शिष्यको कथा छ । त्यसको दाहसंस्कार भएपछि भगवान् बुद्धबाट उसको खरानीमाथि माटाको निर्माण खडा गरी समाधिस्तूप अथवा **चेदी** बनाइदिन आज्ञा भयो । सन्तमहात्माहरूको खरानीमाथि यसरी माटोको ढिस्को खडा गर्ने चलन प्राचीन कालका ब्राह्मण तथा जैनहरूलाई थाहा नभएको होइन ।

विद्वान्हरूले चेदी नामका यस्ता स्मारकहरूलाई आजकल चार श्रेणीमा विभक्त गरेका छन्, जस्तै :–

(१) **फ्रा धात् चेदी** (पालि भाषामा धातु चेतिय भनिने) स्वयं बुद्धकै खरानी भएको भनी मानिएको छ;

(२) **फ्रा बरिभोकचेदी** (पाली भाषामा **पटिभोग चेतिय** भनिने) पिण्डपात्र र चीवर जस्ता बुद्ध आफैंले व्यक्तिगत रूपले प्रयोग गरिएको चीजबीज भएको भनी मानिएको छ । यस श्रेणीमा, बुद्धको जीवनीको इतिहाससित सम्बन्धित उहाँको जन्मस्थल **कपिलवस्तु**, बुद्धत्व प्राप्त गरेको ठाउँ **बोधगया**, प्रथम उपदेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिएको ठाउँ **सारनाथ** र निर्माण भएको ठाउँ **कुशिनारा** आदि चार पवित्र स्थल पनि सम्मिलित छन्;

(३) **फ्रा धम्मचेदी** (पालि भाषामा **धम्म चेतिय** भनिने) यो भगवान् बुद्धका उपदेश अथवा नियमहरूको संग्रहस्थान हो;

(४) **फ्र उद्दिसिकचेदी** (पालि भाषामा 'उदेसिकचेतिय' भनिने) बुद्धको प्रतिमाजस्तो धर्मको अनुस्मारकको रूपमा रहेको छ।

संस्कृतमा **स्तूप** र पालीमा **थूप** नामले प्रख्यात पहिलो श्रेणीको स्मारकलाई स्यामी भाषामा **सथुप** पनि भन्छन्। यसलाई स्यामीमा कहिलेकहीं **फ्रा सथुप चेदी** पनि भनी उल्लेख गरिएको देखिन्छ। श्रीलंकामा यसलाई **धात्गब्भ** भन्छन् जो अंग्रेजीमा **दगोबा** हुन गएको छ। कौतुकपूर्ण कुरा छ कि उस्तै उच्चारणको मन्दिर, देवस्थल वा **चेदी** बुझाउने अर्को साह्रै चल्तीको **पैगोडा** भन्ने शब्द पनि छ।

कतिकति ठूलठूला **वात्**हरूमा ठूलो आकारको एउटा मात्र **चेदी** हुन्छ। यस्तो अक्सर प्रथम श्रेणीको **फ्रा धातुचेदी** हुन्छ। यस्तो महत्त्वपूर्ण स्मारक **वात्** अक्सर **वात् फ्रा महाधात्** नामले प्रख्यात भएको हुन्छ। जसको अर्थ भगवान् बुद्धको महान् अवशेष भएको वात् हुन्छ।

कुनै पनि शाही नगरमा अर्थात् राजाले राज गर्ने शहरमा यस्तो एउटा **वात् फ्रा महाधात्** रहने परम्परा रहिआएको छ। ब्याङ्ककमा पहिलेको राष्ट्रिय पुस्तकालयको पछाडि **वात् महाधात्** छ। ब्याङ्ककको उत्तरपट्टिको काँठमा **दअन् मुअङ** विमानस्थलनिर एउटा पन्ध्र वर्ष जतिअगाडि बनेको **वात् फ्रा श्रीमहाधात्** छ। **लोपबुरी**मा पनि रेलवे स्टेशनको पश्चिमतिर एउटा अर्को छ, त्यो **वात् महाधात्** हो। **अयुध्या, फिस्सनुलोक** र **सुखोथाइ** नगरहरूमा पनि एक-एक ओटा छन्। यसबाट यी नगरहरू कुनै बखत राजधानी भएका थिए भन्ने थाहा हुन्छ।

यी **चेदी** स्मारकहरू मूलतः उस्तै बनौटका हुन्छन्, यद्यपि सजावटहरूमा विभिन्नता हुन सक्छ। विश्लेषणको निम्ति **चेदी**लाई निम्न चार भागहरूमा विभाजन गर्न सकिन्छः– प्लिन्थ (अर्थात् भैंमाथिको भित्ताको बाहिर निस्कने **भाग**), घंट भनिने गुम्बज आकारको बनौट, अटाली र गजूर। वस्तुतः स्याम र छिमेकी मुलुकहरूमा अनेक शैलीका **चेदी**हरू छन् तर ब्याङ्ककमा रहेका **चेदी** धेरैजसो सिंहली नामले प्रख्यात शैलीका छन्। र माथि वर्णन गरिएका **चेदी**हरू तिहनीरू नै हुन्।

यस प्रकारको **चेदी**लाई साँच्चीको प्रख्यात स्तूपसित दाँजेर हेर्‍यो भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महाधातु, लङ्का

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



वात् छाङ लोम् (चारैतिर हात्तीहरूको मूर्ति भएको चेदी), श्री सज्जनालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चैदी, बुद्धको स्मारक, वात् पो (बोधि), बाङ्कक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रासादको गजूर



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्यामी शैलीको **चेदी** यसैबाट विकसित भएको हो भन्ने कुरा यसकारणले देखिन्छ कि दुवैमा चारैतिर लघुस्तम्भ भएको साधारण खालको गोल समाधिस्तूप छ। यो गोलाकार समाधिस्तूप हाम्रो **चेदी** 'घंट' अथवा गुम्बजदार आकारको बनौट भएको छ जुन अझ अरू वास्तुकलाको विकास भएपछि कोण वा कुनाहरू तथा सजावटहरू कम भै वा नभैकनै चारकुने आकारको हुन जान सक्छ। त्यो **लघुस्तम्भको** वार वास्तुकलाको परम्परानुसारको एकमा अर्को गरी राखिएका अनेक तहहरू भएको हाम्रै स्थानीय किसिमको प्लिन्थ हुन पुगेको छ। सबभन्दा तल्लो तह कहिलेकाहीं परिक्रमा गर्नको लागि पुग्दो पाखो हुने गरी फराकिलो भएको हुन्छ। गुम्बजदार आकारको बनौटको माथि 'घंटको गर्दन' मा माथिल्लो भागमा असंख्य खम्बाहरू भएको एउटा सानो चतुर्भुज आकारको अटाली जस्तो भाग हुन्छ जसलाई स्यामी भाषामा **बन्लाङ** पालिमा **प्लअङ** भन्छन्। यो अटालीमा सिंहली शैलीको विशेषता रहेको छ। यो अटाली भिन्नपट्टि अवशेषको प्रतीक राखिने ठाउँ हुनुपर्छ। त्यो अटालीको माथि हामी लामो र टुप्पातिर पातलो हुँदै गएको गजूरतिर आइपुग्छौं। यस पछिल्लो खण्डको तल्लो भागमा एकपछि अर्को गर्दै खप्टिएको, व्यास पनि सानो-सानो हुँदै गएको, स्यामीमा **प्लअङ छनाई** भनिने वृत्तहरू हुन्छन्। चानाई भनेको वरिपरि धेरै वृत्तहरू भएको सहनाइ किसिमको बाजा हो। यसको नाम **छानाइ** रहेको कारण पनि यही नै होला। यो शायद मलायाको सुरनेइ जस्तै एक प्रकारको सहनाई जो फारसमा पनि पाइन्छ। यी वृत्तहरूको अर्थात् **प्लअङ छानाइको** विकास निःसन्देह गजूरको टुप्पोतिर चढ्दै जाँदा व्यास कम हुँदै जाने खप्टिएर रहेका छतरीहरूको विचारबाट विकास भएको हो। कहिलेकाहीं ती वृत्तहरू यसरी खप्टिएको हेर्दा स्यामीमा **बुव क्लुम्** नामले कमलको फूल जस्तो देखिने हुन्छ। **बुव क्लुम्को** अर्थ पद्मगुच्छा हो। वृत्तहरूको माथि **प्ली** अर्थात् केराको कोपिला रहन्छ। त्यसको आकारै त्यस्तो भएकोले त्यसलाई त्यसो भनिएको हो। यो भागलाई फेरि माथिल्लो र तल्लो गरी दुई भागमा विभाजन गरिन्छ। तल्लो **प्लीको** बीच भागमा गोलो डल्लो हुन्छ। माथिल्लो **प्लीको** सबभन्दा माथिल्लो टुप्पोमा अर्को गोलो डल्लो हुन्छ। त्यसलाई स्यामी बोलीमा **ह्याद नाम् खाङ** अर्थात् शीतको थोपा भन्छन्। मलाई **चेदीका** विभिन्न भागहरूको विशेष वर्णन गर्न मन लागेको छ। किनभने मूल रूपमा तिनीहरू राजाको दरबारको गजूरदार छानासित मिल्छन् जसलाई स्यामीहरू **प्रासाद** भन्छन्। यो शब्द संस्कृतको **प्रासाद**बाट आएको हो। यसको अर्थ धेरै तल्ला भएको भवन हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फ्रा **चेदी**को बनौटलाई हिन्दू मन्दिरको "शिखरको शैली"सित दाँज्न सकिन्छ। त्यसरी हेर्दा **चेदी**को जुन स्थानमा घंट भनिने भाग रहेको छ हिन्दू शिखरको त्यस्तै ठाउँमा गर्भ अर्थात् कोष्ठ रहेको देखिन्छ । ठूलो आकारको **चेदी**मा वस्तुतः घंटभित्र त्यस्तो कोठा हुन्छ पनि। **चेदी**को **बन्**लाङ अर्थात् चौतारो शिखरको देवगृह अर्थात् भगवानको निवास हुन्छ र **चेदी**को **गजूर** नै वास्तवमा शिखर हो। यसले हिन्दू धर्मका देवताहरू बास गर्ने भनी मानिएको पर्वतको चुचुरोलाई सम्झाउँछ । **चेदी**को शीतको थोपा, हिन्दू शिखरको कलश अथवा कुम्भको अनुरूप हो जसको माने पानीको भाँडो हुन्छ। **चेदी**को वर्णन गर्दा म हिन्दू शिखरको पनि कुरा गर्छु किन भने कुनै कुनै चेदी र कुनै कुनै प्रासाद अर्थात् राजदरबारहरूमा धेरै चल्तीको माथितिर साँघुरिदै जाने, लामो र पातलो गजूरको बदला हिन्दू शिखर जस्तो परम्परागत शिखरहरू हुन्छन् । हिन्दू शिखरलाई स्यामीमा **प्राङ** भन्छन् र आकारमा मकैको खोयाजस्तो हुन्छ जसको विशिष्ट नमूना **अङकोरथोम**मा पाइने बुर्जाका टुप्पा हुन् । स्याममा **प्राङ**को विकास अनेक चरणबाट भएको छ जसमध्ये सबभन्दा पछिल्लोचाहिं **वात्** अरूणको ठूलो **चेदी** हो । यो नदीको पारि **वात्** पोको सामुन्ने देखिन्छ । बोलचालमा यसलाई **वात्छायङ** भन्छन् । यस्तो स्मारकलाई **चेदी** नभनी साधारणतः **प्राङ** भन्ने गर्छन् यद्यपि त्यसको उद्देश्य चेदी जस्तै नै हुन्छ। यो वास्तवमा **प्राङ**को आकारको **चेदी** नै हो।

फ्रापथोममा रहेको विशालकाय **चेदी** पहिले पहिले टुप्पामा **प्राङ** भएको गुम्बजदार बनौट थियो । मूल **चेदी** को प्रतिरूप अझै पनि त्यो ठूलो स्मारकको हाताभित्र देख्न सकिन्छ। यो मूल 'चेदी'लाई पछि राजा **मोङकुत**को शासन कालमा, अहिलेको ठूलो **चेदी**द्वारा पूर्ण रूपले ढाकिएको रहेछ।

सारांशमा, तीन प्रकारका **चेदी** छन् । यथा, एउटा साँघुरिदै गएको लामो र पातलो गजूर भएको, जुनचाहिं धेरै ठाउँमा देखिन्छ । अर्को, टुप्पाका **प्राङ** भएको र तेस्रो, पूर्णतया **प्राङ** नै ।

प्रासाद अर्थात् राजदरबारका गजूरहरू कसैले राम्रोसित हेर्‍यो भने उसले तिनीहरू दुई प्रकारका भएको देख्नेछन् । एउटाचाहिं छानाको बीचको भागबाट माथितिर हानिएर साँघुरिदै गएको लामो र पातलो गजूर। यस प्रकारको गजूर विशाल दरबारको "दुसित महाप्रासाद"मा देख्न सकिन्छ। अर्कोचाहिं त्यसरी नै छानाको टुप्पो रहेको **प्राङ** हो । त्यसको उदाहरण एउटा मात्र मौजूद छ। योचाहिं पन्ना बुद्धको शाही देवस्थलको हाताभित्र रहेको शाही देव मन्दिरमा छ। आँखा पर्ने बित्तिकै नै जसले पनि प्रासा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दको साँघुरिदै माथितिर लामो र पातलो हुँदै गएको गजूर, बनौट र संरचनामा, पहिलो प्रकारको **चेदी** जस्तै भएको देखछ । भिन्नता छ भन्नु **चेदी**को अटाली-माथिको तहतहपरेको वृत्त हरूमा मात्र हो । प्रासादको हकमा यसको तल्लो भाग धुरीको चारैतिर चुच्चो परेका टुप्पाहरू भएका असंख्य चेप्टिएका खण्डहरूले बनेको हुन्छ । माथिल्लो भागचाहिँ पद्म–गुच्छाको तीनओटा स-साना हुँदै गएका तहहरूमा खडा भएको हुन्छ । यस प्रकारको माथिल्लो भाग कहीं कहीं **चेदी**को गजूरमा पनि देखिन्छ । चुच्चो परेका टुप्पाहरू भएका चेप्टा खण्डहरू-लाई स्यामी भाषामा **हेम** भन्छन् । **हेम**को अर्थ संस्कृतमा सुन हुन्छ । टुप्पोमा **प्रराङ** भएको प्रासाद अर्थात् **प्रासाद यअद प्रराङ**बाट फरक देखाउनलाई यसैले प्रासाद शैलीको राजाको दरबारलाई **प्रासाद यअद हेम्** भन्छन् ।

संस्कृतको सुन अर्थ दिने 'हेम' शब्दबाट बनेको 'हेम' भन्ने स्यामी शब्द वस्तुतः संस्कृतकै 'हिम' (हिउँ)बाट उत्पन्न भएको हो । हिमालयमा कैलास भन्ने एउटा शिखर छ । त्यहाँ शिवजी निवास गर्नुहुन्छ भनी विचार गरिएको छ । स्यामीमा हिमालयलाई **हेमःवन फौत्** भन्छन् । (यो शब्द **हेम** पर्वतबाट अर्थात् सुनौला पर्वतबाट आएकोले यहाँको हिउँ सुन जस्तो टल्किने हुनाले यसो भनिएको हो । हामीले भर्खर चर्चा गरेको **हेम** नाम गरेको चेप्टा टुक्राहरूको नाम यसै उपमाबाट आएको हो । **अयुधया**-को पछिल्लो कालका स्यामी राजपरिवारबाट राजा देवताको अवतार भन्ने खमेर सिद्धान्तको बाहिरी रूपलाई अपनाइयो । यस सिद्धान्तअनुसार राजा लाई धेरै थोरै हिन्दूहरूको प्रधान देवता शिवको रूप भनिन्छ र यसैले राजाको निवास पनि शिवजीको निवास मानिएको कैलाश शिखर बराबर जस्तो गरी बनाएको ठाउँमा हुनुपर्छ भन्ने विचार गरियो । प्रासादको छानामाथि काठको शिखर बनाउन नसकेर होला शायद त्यसको बदलामा **चेदी**को, आकारको बनौट राख्नुपर्ने भयो । शिखरजस्तो देखिने केही राख्नुपर्ने भएकोले साँघुरिदै गएको लामो र पातलो गजूर **हेम्** अर्थात् सुनौला पर्वतको परम्परागत प्रतीक राख्ने गरिएको छ । पन्ना बुद्धको शाही देवस्थलको हाताभित्र रहेको शाही देव मन्दिरको जस्तो शिखरको प्रतिनिधित्व गर्न छानाको टुप्पामाथि **प्रराङ** राखिएकोलाई अपवादको रूपमा लिनुपर्छ । किनभने सम्पूर्ण देशमा यही एउटा मात्र छ, अरू कहीं छैन । यो सम्भवतः मानव निवासको तात्पर्यको लागि अवश्य पनि बनेको होइन होला ।

कुनै कुनै विहारहरूमा अझ अर्को प्रकारको हवेली पनि छ जसमा प्रासाद अथवा **चेदी**मा जस्तै गजूर भएको छाना छ । त्यसलाई शिखर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सित जोडिएको अस्थायी टहरो अथवा भवनको नाताले **मोन्डोप्** भन्छन् । यो शब्द संस्कृतको **मण्डप** शब्दबाट आएको हो। स्याममा भने शाही देवस्थलको उत्तरतिरको भुइँबाट अग्लो गरी बनाइएको डबली जस्तो **मोन्डोप्**मा पवित्र धर्मग्रन्थहरू राख्ने गरिन्छ । **मोन्डोप्** र प्रासाद बनौटमा उस्तै उस्तै छन् । तर फरक के भने पछिल्लोको जगको ढाँचामा ग्रीक क्रस जस्तै चारैतिर चारओटा अलिअलि बाहिर निक्लेका दलानहरू हुन्छन् भने **मोन्डोप्**मा तह तह छाना नभएको चारकुने भुई हुन्छ ।

म आफ्नो मूल विषय **चेदी**वाट धेरै टाढा गएँछु । अब म मेरो कथाको सूत्र पक्रन्छु । पहिलो प्रकारको **चेदी** वाहेक **वात्**हरूमा निश्चय पनि अरू प्रकारका पनि पाइन्छन् जसमध्ये बढी संख्यामा पाइने चौथो प्रकारका हुन् । तिनमा माथि भने झैं बुद्धका एक वा बढी प्रतिमाहरू राखिएका हुन्छन् । **वात्** बनाएमा, बुद्ध प्रतिमा राखेमा, **चेदी** वा अरू कुनै धार्मिक स्मारकको निर्माण गरेमा धर्म लाग्छ भन्ने जनविश्वास थियो । यसको साथै **चेदी** बनाउने मानिसहरूको मनसाय धर्म कमाउनुको अतिरिक्त ख्रिस्टानहरूले आफ्ना स्वर्गीय नाताकुटुम्वहरूका अवशेषहरू क्रसको नजीकै गाड्न गरे जस्तै यसलाई आफ्ना मरेका प्रियजनहरूको भस्म राम्रोसित गाडी राख्ने ठाउँको रूपमा प्रयोग गर्नु थियो । यसैले ठूला र साना यस्ता **चेदी**हरू विहारहरूमा जताततै अथवा कतै कतै पहाडका छेउछाउ अग्ला ठाउँमा निर्जन ठाउँमा पनि पाइन्छन् ।

पछि गएर यस्ता **चेदी** बनाउने काममा ह्रास आयो र भित्रपट्टि कुनै पवित्र चीज नराखी, साधारण मृतकको खरानीहरू राखेर सस्तो अकलापूर्ण **चेदी**हरू बनाउन थालियो । उद्योगी चिनियाँ कलाकारहरूले यो अलग अलग भाग छुट्याउन हुने सिमेण्टका तयारी **चेदी**हरू पनि बनाउन थाले । यसरी ठूलठूला शहरका बाहिरपट्टिका कुनै कुनै **वात्**हरूमा यस्ता सस्ता खालका चेदीहरू जडिएका पाइन्छन् । उत्तरी तथा उत्तर-पूर्वका प्रान्तहरूमा मानिसहरूले कहिले काहीं **चेदी**को आकारमा ईंटका साना साना खोपाहरू पनि बनाउँछन् र तिनमा आफ्ना मृतकहरूका भस्महरू राख्ने गर्छन् । तिनीहरूले यी स्मारकहरू-लाई **चेदी** नभनी कू अर्थात् खोपी भन्छन् ।

पहिले पहिले चेदी बनाउँदा त्यसमा बुद्धका प्रतिमाहरूको अतिरिक्त सुन र जवाहरातहरू जस्ता अमूल्य वस्तुहरू पनि बुद्धलाई भेटीको रूपमा राख्ने गर्छन् । यस्तो प्रथाको असर कालान्तरमा नराम्रो हुन गयो किनभने धन चोरी गर्ने व्यक्तिहरूद्वारा **चेदी**लाई भत्काउने, बिगार्ने गर्न लागेको देखिएको छ ।

जे. एस.एस., खण्ड ६०, भाग १, २४६५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थेत्–महाछात्

१. कथा

"बौद्ध जातक कथाहरू" नामक पुस्तकको परिचयको शुरुको भागमा प्रो. राइस डेभिडसले निम्न प्रकारको टिप्पणी दिएका छन्:–

"सर्वविदित कुरा हो कि बौद्ध धर्मग्रन्थहरूमा एउटा यस्तो ग्रन्थ छ जसमा प्राचीन कथा, नीति कथा र अरू कथाहरू प्रशस्त मात्रामा शिक्षा-प्रद भाष्यको रूपमा रहेका छन्: र तिनीहरू यसरी पछिको समयको लागि अध्ययन र मनोरंजनका निमित्त सुरक्षित राखिएका हुन् । यो कसरी यस्तो भयो भन्ने कुरा अहिले एकीन भन्न सकिदैन । यसबारे कट्टर बौद्धहरूको धारणा यस प्रकार छ:–बुद्धलाई स्थिति–परिस्थितिले गर्दा आफ्नो लामो जीवनभरि नै आफ्नो वरिपरि भएका घटनाहरूको, आफ्नो पूर्वजन्ममा घटेका उस्तै प्रकारका घटनाहरूको उल्लेख गर्दै व्याख्या गर्न तथा त्यसमा टिप्पणी गर्न अभ्यास भएको थियो । उहाँको मनमा एउटा जीवनको मात्र नभै अनेक जुनीहरूको अनुभव सदैव ताजा रहन्थ्यो र यही अनुभवबाट उहाँ बराबर नैतिक उपदेश दिनुहुन्थ्यो अथवा कथा कथ्नुहुन्थ्यो।

यी जातक कथाहरूलाई थाई भाषामा **छादोक्** (पाली भाषामा "जातक") भन्छन् र यी कथाहरू जम्मा ५५० ओटा छन् । हालसालसम्म पनि यी कथाहरू मुलुकका लोक साहित्य र साहित्यिक रचनाको भण्डार भएर रहेका छन् र तिनीहरूबाट जीवनमा कम्ती असर पारेको छैन । यी जातक कथाहरूमध्ये पुनर्जन्मको लामो शृंखलापछि भगवान् बुद्धले बुद्धत्व प्राप्त गर्नु अगाडिका आखिरी दशओटा बढी महत्त्वपूर्ण मानिन्छन् । तिनीहरूलाई सामूहिक रूपले **थोसछात** (पालीमा "दश जाति") अथवा "दश जातक" भनिन्छ । यो नाउँ थाई बौद्ध धर्ममा प्रचलित नाम हो । तिनमा **वेसन्दअन् छादोक्** (**वेस्सन्तर** जातक) नामक अंतिम जातक बढी महत्त्वपूर्ण छ। यसलाई **महाछात** (पालीमा महाजाति) अथवा **महाजन्म** भन्छन् । बौद्ध धारणा अनुसार, बुद्धत्व प्राप्त गर्नुभन्दा अगाडि भगवान् बुद्धले दश पारमिताद्वारा आफूलाई विशुद्ध पार्नुपरेको थियो । यी कुराहरू एकै जुनीमा मात्र गर्न सकिने कुरो थिएन, अन्तिम दश जातकमा वर्णन गरिए जस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मपरायण जीवनको दश चरणबाट मात्र ती कुराहरू हुन सकेको थियो । दशपारमितालाई सुदृढ पारेर बुद्ध हुन चाहने व्यक्तिलाई बोधिसत अर्थात् भावी बुद्ध अथवा निर्वाणको खोजी गर्ने व्यक्ति भनिन्छ । यो बोधिसत सम्प्रदाय नै उत्तरी बौद्ध धर्म अर्थात् महायान सम्प्रदायको मूल आदर्श हो । वेसन्दअन छादोक अर्थात् पृथ्वीमा बुद्धको अन्तिमभन्दा अगिल्लो जन्म–सम्बन्धी जातकमा राजकुमार वेसन्दअन जीवनी दिइएको छ । त्यसमा उनले राजकुमार वेसन्दअन बोधिसातको रूपमा आफ्नो जीवनको उद्देश्य पूरा गरी आफूलाई आदर्शको पराकाष्ठामा पुऱ्याएकोले बुद्ध हुन योग्य बनेको बयान छ । यसैले राजकुमार वेसन्दअनको जीवनी धर्मको उच्चतम आदर्श हो । र राजकुमार वेसन्दअनको महान् त्याग साह्रै हृदयस्पर्शी भएकोले यो कथा सुन्न मन पराउँछन् । छोटकरीमा कथा निम्न प्रकार छः–

कुनै एउटा अधिराज्यका युवराज वेसन्दअनले, अनिकाल परेको देश बाट आएका ब्राह्मणहरूको एउटा दललाई आफ्नो सेतो हात्ती दान दिए। त्यो हात्ती साह्रै लक्षणको थियो । जुन देशमा यो हुन्थ्यो त्यो देशमा पानी नपर्ने भन्ने हुँदैनथ्यो । राजकुमार वेसन्दअनले आफ्नो त्यस्तो हात्ती दान दिएर पठाएको कुरा थाहा पाएपछि त्यहाँका जनतालाई ठूलो आघात पऱ्यो र बूढा राजाकहाँ कराउन गए। बूढो राजा साह्रै रिसाए तर तिनले गर्न सक्ने एउटै कुरा आफ्नो प्यारो छोरालाई तुरुन्त देश–निकाला गर्नु थियो। राजकुमार वेसन्दअन आफ्नी रानी राजकुमारी मात्सी (माद्री) र दुई केटाकेटी साथ लिएर देशबाट हिँडे । देश छोड्नु-अगाडि तिनले आफ्ना बहुमूल्य सम्पत्ति प्रत्येक प्रकारको सात सात सय ओटा जनतालाई बाँडि-दिए। यो दानलाई महादान भन्छन् । यो, दान बुद्धत्व प्राप्त गर्नु अगाडि आफूलाई उपयुक्त बनाउनको लागि बोधिसतद्वारा गरिने ठूलठूला त्याग मध्येको हो । घोडा–वग्गीमा चढेर परिवारसहित शहरबाट बाहिर जान-अगाडि राजकुमार वेसन्दअनले सुन र चाँदी पनि जनताहरूलाई बाँडिदिए । त्यहाँबाट उनी धेरै टाढा पुग्न पाएका थिएनन् ब्राह्मणहरूको एक समूह आएर उनी चढेको रथ र घोडा मागे । उनले खुसीसाथ दिएर आफूहरू-पैदलै हिँडे । बाटोमा छोरोलाई आफूले बोके र छोरीचाहिं राजकुमारीले बोकिन् । छिमेकी राजाले गर्न खोजेको सहायता पनि नलिएर उनीहरू ठूलो कष्ट भोग्दै हिँडे । अन्तमा उनले एउटा जङ्गलमा पुगेर त्यहीं बास बसे र योगीको जीवन बिताउन थाले ।

छुछोक् नाम गरेका एउटा बृद्ध ब्राह्मण फकीरको, दैवसंयोग एउटी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जवान तर साह्रै रिसाही दुर्मुखी स्त्री थिइन् । शुरू शुरूमा त तिनी त्यो वृद्धपुरुषले भनेको मान्थिन् र प्रत्येक दिन घरको कामकाजको लागि गाउँमा गै इनारबाट पानी ल्याउँथिन् । गाउँका आइमाईहरू तिनी त्यसरी आज्ञाकारी भएकी मनपराउँदैनथे । स्वास्नी भनेको यस्तो हुनुपर्छ भनेर तिनको उदाहरण दिई तिनीहरूलाई पनि त्यस्तै होऊ भनी तिनका लोग्नेहरू भन्ने गर्थे । तिनीहरू भने त्यसो हुन चाहँदैनथे । र यसले गर्दा घरमा धेरै कलह हुन लाग्यो । त्यसो भएपछि ती आइमाईहरू सबै मिलेर आई ती केटीसँग झगडा गर्न थाले । तिनी-हरूले नै गर्दा आफ्नो घरमा कलह मच्चिएको थियो भनी उनीहरू सम्झन्थे आफ्नै आइमाई जातिबाट पाएको गाली-गलौज र खिसीट्यूरिले आहत भएर ती केटीको स्वभाव कचकचे हुन गयो र तिनले आफ्ना वृद्ध पतिलाई राजकुमार **वेसन्दअन्** कहाँ गएर उनका दुई केटाकेटीलाई कमारा-कमारी बनाउन मागेर ल्याउनू भनी अह्राइन् । जवान र सुन्दरी स्त्रीको कुनै कुरा काट्न नसक्ने त्यो भिखारी राजकुमार **वेसन्दअन्**लाई खोज्दै हिँडे । ठूला साना जङ्गल हुँदै अनेक दुःख कष्ट गरी धेरै लामो बाटो पार गरी पछि ऊ राजकुमार **वेसन्दअन्**का कुटीमा पुगे । **वेसन्दअन्**की स्त्री त्यसबेला जङ्गलमा फलफूल बटुल्न गएकी रहिछन् । र विधिको विडम्बना, तिनी समयमा फर्कन पनि सकेकी रहिनछन् । तिनी फर्कंदा आफ्ना पतिबाट बूढो ब्राह्मण आफ्ना दुइटै छोरा छोरी मागेर लिएर गैसकेको थाहा पाइन् । अनि ठूलो रुवाबासी चल्यो । यस्तो महान् त्यागबाट ठूलो पुण्य लाभ हुन्छ भनी राजकुमारले अनेक तरहले सम्झाएपछि बल्ल तिनी शान्त भइन् ।

राजकुमार वेसन्दअन्को साथमा अब एउटी स्त्रीबाहेक अरू केही बाँकी छैन भन्ने थाहा पाएपछि तिनीलाई पनि कुनै खराब मानिसलाई दान दिने हुन् कि भनी देवराज इन्द्र डराए । त्यसैले उनी वृद्ध ब्राह्मणको भेष गरेर कुटीमा गए र राजकुमार **वेसन्दअन्**सँग तिनकी स्त्री मागे । राजकुमार **बेसन्दअन्**ले तुरुन्तै दिए । यसरी दिनुमात्रै के थियो देवराज इन्द्र आफ्नो असली रूपमा प्रकट भएर राजकुमार **वेसन्दअन्**लाई ती स्त्रीलाई नासोको रूपमा राखिछोड्नू भनी फिर्ता दिए । राजकुमारले तिनलाई पुनः अरूलाई दान नदेउन् भनी रोक्न इन्द्रले त्यसो गरेका रहेछन् । राजकुमार **वेसन्दअन्**लाई आशीर्वाद दिएर देवताहरूका राजा स्वर्गका लागि प्रस्थान गरे ।

उता, राजकुमारका दुइटा छोराछोरीलाई घरतिर लगिरहेका वृद्ध ब्राह्मण छुछोक् बाटो बिराए । हिंड्दा हिंड्दा राजकुमार **बेसन्दअन्**का पिताको राजधानीमा पुगेछन् । वृद्ध राजाले आफ्ना दुई नाति-नातिनालाई देखर चिन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र आफ्ना दुई नाती-नातिनाको छुट्काराका लागि बूढा ब्राह्मणलाई निकै ठूलो धनराशि दिए। ती बूढो तुरुन्तै मानेर धन लिए तर धेरै लोभी हुन्तकाली भएकोले पछि उनी मरे। अब रिस ठण्डा भै छोराप्रतिको माया थाम्न नसकेर बूढो राजा आफ्नी रानी र लावालश्करसाथ लिएर राजकुमार **बेसन्दअन्**को कुटीमा गएर राजकुमारलाई आफ्नो योगी जीवन त्यागी दरबारमा फर्कन अनुरोध गरे। राजकुमारले माने। राजकुमार **बेसन्दअन्** आफ्नी रानीका साथ फर्के। जनताले ठूलो हर्षोल्लास गरेर ठूलो उत्सव भयो। यसरी कथा यहाँ नै टुंगिन्छ।

कथाका अरू धेरै विवरण र घटनाहरू मैले छोडेको छु। व्याख्यात्मक टिप्पणीविना तिनीहरू अलि बढीचढी देखिने हुन्छन्। त्यस्ता टिप्पणी छोटकरीमा टिपिएको कथामा दिन पनि सकिंदैन। राजकुमार **वेसन्दअन्**को कथा १३ भाग अथवा खण्डहरूमा विभाजन गरिएको छ जसलाई थाई भाषामा **कान्** (पालीमा-काण्ड) भनिन्छ। यो थाइल्याण्डमा निकै प्रचलित कथा हो र यसले जनसमूह-को जीवनलाई अत्यधिक प्रभावित गरेको छ। थाइल्याण्डका परम्परागत मतका कविहरू र कलाकारहरूको लागि यो कथा प्रेरणादायी बनेको छ। किनभने यस कथामा उत्कृष्ट विचार, हास्य रस, करुणरस र सुन्दर वर्णनात्मक दृश्य-हरू छन् जसले तिनीहरूको कल्पनाशक्ति र कलात्मक अभिव्यक्तिलाई सक्रिय तुल्याउँछन्। यसको मूल कथा पालिमा छ तर शाब्दिक अनुवाद गरी स्वतन्त्र रूपले रूपान्तर गरिएका अरू धेरै संस्करण पाइन्छन्। भाषिकाहरू पनि निकै छन्। कतिपय रूपान्तरणहरू त गद्य कविताको रूपमा छन्दबद्ध लयदार शैलीमा लेखिएका छन्। यो शैलीले शब्दहरूसित आलंकारिक तरीकामा स्वच्छन्द रूपले खेल्न पाईंदो रहेछ। सबभन्दा प्राचीन रूपान्तर जुन ४०० वर्ष जति अगाडिको छ **चुलालङ्कअन्** विश्वविद्यालयमा साहित्यिक अध्ययनको एक विषयको रूपमा प्रयोग गरिन्छ। त्यसका धेरैजसो **कान्**हरू अर्थात् भागहरू अनेक प्रख्यात थाई कविहरूले लेखेका हुन्। त्यो पुस्तक समग्रलाई **महाछात्** अर्थात् **महाजातक** भन्छन्। यो नाम थाई भाषामा घरघरमा प्रचलित नाम हो।

२. रीतिरिवाज

बौद्ध भिक्षुहरूको परम्परागत तीन-महिने धार्मिक व्रत र बर्षावासको अवधि सकिएपछि हरेक वर्ष अक्सर अक्टुबर महीनाको पछिल्लो भागमा अनेक **वात्** अर्थात् विहारहरूमा आ-आफ्ना किसिमको **थेत् महाछात्** उत्सव हुन्छ। **थेत्**को अर्थ शिक्षा दिनु, धर्म उपदेश दिनु हो तर यस सन्दर्भमा **महाछात्**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महाधेशना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् महाजातक कथाको पाठ गर्नु अथवा त्यस सम्बन्धमा धर्म देशना गर्नु भन्ने हुन्छ । पाठ गर्ने काम सत् (पालिमा सरद) अर्थात् अक्टुबरको शुरूमा हुनेमध्ये वर्षीय शारदीय उत्सवमा अथवा विहारको निमित्त चन्दा उठाउने जस्तै अरू विशेष पर्वमा पनि हुन सक्छ । यो प्रायः लेन्ट व्रतपछि किन गरिन्छ कारण स्पष्ट छ– अक्टुबरदेखि डिसेम्बरसम्मको समयमा खाद्यान्न विशेष गरी माछा र झिंगेमाछाहरू प्रशस्त पाइन्छन् र मानिसहरू खास गरी गाउँलेहरू अपेक्षाकृत धेरै फुर्सत पाउँछन् । पहिले पहिले महाछात्को पाठ विशेष अवसरमा निजी वासस्थानमा अथवा गाउँको धर्मोपदेश गर्ने सभाकक्षमा हुन्थ्यो होला । आजकाल, जहाँसम्म मलाई थाहा छ त्यो अनुष्ठान वात्को हाताभित्रको धर्मोपदेश गर्ने सभाकक्षमा मात्र हुने गर्दछ । पाठ गर्ने काम विहान सबेरै-देखि शुरू हुन्छ र कहिलेकहीं आधारातसम्म पनि चल्छ । जसले महाछात् अर्थात् महा-जीवनको पूरा कथा सुन्छ त्यसले ठूलो पुण्य लाभ गर्छ भन्ने मानिसहरूको परम्परागत धारणा छ । पहिले पहिले पाठ गर्ने निपुण भिक्षुहरू र उपयुक्त ग्रन्थहरूको नै पनि अभाव भएकोले गर्दा, मलाई लाग्छ, यस्तो पाठ सुन्ने मौका विरलै पाइन्थ्यो । तर ब्याङ्ककमा यो अनुष्ठान धेरै दिनसम्म लगातार चलाउन सकिन्छ । महाजन्मको मूल ग्रन्थमा, कथाभरि कैयन् गाथा अथवा पालि श्लोकहरू यत्रतत्र छरिएर रहेका छन् । यी श्लोकहरूलाई संकलन गरेमा एउटा विशेष ग्रन्थ नै बन्छ । यी गाथाहरूलाई **गाथा फान्** अर्थात् सहश्लोक भन्छन् । यस **गाथा फान्**लाई विशेष ध्यान दिइएको छ, पछि तपाईं जान्नुहोला ।

यसमा जुन तेह्र कान्हरू अर्थात् भागहरू छन् ती सबको आ-आफ्नो कथालाई सुहाउने नाम छ र प्रत्येक पाठ सकिएपछि आफ्नै छुट्टै लय वा मधुरता भएको संगीतको अनुष्ठान हुन्छ । प्रत्येक कान्को लागि यस्तो संगीतमय अनुष्ठान गर्नमा तालीमप्राप्त तेह्र जना भिक्षुहरू हुन्छन् । प्रत्येक यस्तो अनुष्ठानको छुट्टै संगीतको विषय हुन्छ । यस्तो लय वा संगीतमा अभ्यस्त भएकोले धेरै मानिसहरू प्रत्येक कान् सकिएपछि बजाइने संगीतको ध्वनि सुनेरै त्यो अनुष्ठान कुन कान्मा पुग्यो भन्ने थाहा पाउँछन् । कुनै गाउँमा यसरी संगीतको व्यवस्था हुन सकेन भने हुँदैन, हुनैपर्छ भन्ने केही छैन । संगीत छ तर गाउने-बजाउनेहरूले त्यो संगीत उपयुक्त किसिमले बजाउन सकेनन् भने पनि हुनैपर्छ भन्ने केही नियम छैन । प्रत्येक कान्को अन्तरालमा संगीत र त्यस्तै किसिमको आवाज हुनुपर्छ, बस, जनताले चाहने गरेको त्यही नै हो । प्रत्येक कान्को एक जना वा धेरै जना आयोजक वा अधिष्ठान हुनुपर्छ । अध्यक्षता ग्रहण गरेका भिक्षुलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भेटी चढाउन उपयुक्त सामग्रीहरू र धनको व्यवस्था गर्नु कान्को अधिष्ठाताको कर्तव्य हुन्छ । यसरी भेटी चढाउने कुरालाई क्रेयुङ– कान् अर्थात् खानाको भौतिक पदार्थ भन्छन् । तिनमा भिक्षुहरूलाई चाहिने प्रयोजनीय चीजहरू हुन्छन् । त्यसमा खानेकुरा, मिठाई र प्रशस्त मात्रामा मौसमअनुसारका फलफूलहरू पनि हुन्छन् । अधिष्ठातावाहेक अरू जोसुकैले पनि आफूले चाहेको कान्का निमित्त धन अथवा जेसुकै पनि भेटीको रूपमा एकैसाथ प्रदान गरेर पुण्य प्राप्तिको कार्यमा सम्मिलित हुन सक्छ ।

तेह्रौं भागको पाठ गरी साङ्गेमा पुग्न धेरै नै समय लाग्छ, बिहान सबेरै शुरू भएर आधारात नभै सकिदैन । यसैले यसलाई विशेष अवसरहरूमा छोटचाउने गरिन्छ । **गाथा फान्** अर्थात् सहस्रश्लोकहरू मात्र सम्पूर्ण पाठ गरिन्छ । यति मात्रको पाठ जनसाधारण त्यति चाहिँदैन । यस्ता पवित्र पाठ सुन्नाले मानिसहरूको मनमा अकथनीय भावहरू उम्रन्छन् तापनि जनसाधारण ती कुराहरू बुझ्दैनन् र तिनीहरूको चित्तवृत्ति शान्त हुँदैन । उनीहरू अरू पनि केही खोज्छन् । उनीहरू आफ्ना मनपरेका मुख्य भिक्षुको आवाज तथा उनको चिरपरिचित सुरिलो स्वर सुन्न चाहन्छन् । उनीहरूमा धेरैजसो आफैं पनि पाठ गर्न सक्छन् । तिनीहरू कथाका विभिन्न चरित्रहरूबाट प्रकट भएसरहको प्रेम र घृणा, सुख र दुःखमा बाँच्न चाहन्छन् । खिन्न अथवा प्रसन्न हुन र आफ्नो कल्पनाशील मनलाई माथि उच्च तहमा आदर्शमा उठाउन चाहन्छन् । यसैले पालि भाषाको सहस्रश्लोकहरूको मात्र पाठले जनसाधारणको चित्त बुझ्दैन । उनीहरू रूपान्तर र श्लोक दुवै नै सम्पूर्ण पाठ होस् भन्ने चाहन्छन् । मलाई जहाँसम्म लाग्छ, रूपान्तर मात्रको पाठ उनीहरू रुचाउँदैनन् । किनभने रूपान्तरका विषयवस्तु लौकिक प्रकृतिका हुन्छन् । कथाका कुनै कुनै भाग पाठ गर्नेले वस्तुतः आफ्नो बुद्धिको पनि प्रदर्शन गर्नुपर्छ र कहिलेकाहीं हँसीठट्टा र अशिष्टजस्ता कुराहरूको पाठ गर्दा आफ्ना तरफबाट पनि केही न केही थपेर सुनाउनुपर्छ, नत्र कट्टर मानिसहरू आँखीभौं टेढो गर्न थाल्छन् । म यो कथाको बारे मनोवैज्ञानिक दृष्टिकोणले देख्न बसेको हुनाले मानिसमा लागेको आस्थाको विशुद्धताबारे छलफल गर्नु संगत हुनेछैन । बुद्धिजीवीको र जनसाधारणको धर्म रूपमा एकै समान भए पनि यथार्थमा उही नै होइन । जीवित धर्ममा जोडदार रूपमा महत्त्वपूर्ण कुरा मनको भावना हुन्छ । मैले सोचेको कुरा के हो भने जनताले के कुरामा विश्वास गर्छ भनी भन्न सकिने हुन्थ्यो जुन उसको व्यवहारबाट देखिने गरेको हुन्छ । कुनै पनि धर्म उसको आफ्नै खण्ड, उप-खण्डहरू तथा पुराना धारणा र स्वभावका अवशेषहरू धेरै थोरै एकआपसमा एकाकार नभैकन शुद्ध हुँदैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै धर्म बाहिरियाहरूको दृष्टिले मात्र पूरा बुझ्न सकिन्छ। अब म आफ्नो कथा सरलतापूर्वक अगाडि बढाउँछु।

थाइल्याण्डमा राजादेखि तल आफ्ना ज्येष्ठ तथा मनपर्ने छोरालाई **णोन्** (पालिमा –**सामणेर**) अर्थात् शिष्य (श्रामणेर) को रूपमा बाल्यावस्थामै धर्ममा प्रवेश गराउने परम्परा चलिआएको छ। उनलाई बीस वर्षको उमेर पूरा भै वयस्क भएपछि जिन्दगीमा एकचोटि कम्तीमा तीन महीना अस्थायी भिक्षु बनाइन्छ। प्रचलित धारणाअनुसार छोरा यसरी श्रामणेर भएपछि आमाको निम्ति र भिक्षु भएपछि बाबुको निम्ति नरकका ढोकाहरू बन्द हुन्छन्, एक अर्थमा यो धारणा महत्त्वपूर्ण छ। यसबाट अद्यापि विद्या र आध्यात्मिक तालीमको तुलनीय केन्द्र भई आएको **वात्** अथवा विहारको लागि मात्र होइन धर्मलाई पनि शक्ति प्रदान गरेको छ। चेलाले विद्या हासिल गर्नु र कुनै कुनै अवस्थामा अनुष्ठान पालन गर्नुको अतिरिक्ति, महाजन्मको पाठ गर्नुमा पनि दीक्षित हुनुपर्छ। एउटा यस्तो वा यसको कथाको भाग छ जसको संगीतको ध्वनि साह्रै मिठो र लोकप्रिय छ र त्यो संगीत आफ्नो छोराले जान्न र गाउन सकोस् भनी चेलाको बाबुले चाहन्छ। संगीतबद्ध गरेर त्यो कान्लाई उसले सुनाउन सक्ने भएपछि उसलाई आफ्ना आमा-बाबुको घरमा त्यसको पाठ सुनाउन निम्तो गरिन्छ। त्यो दिन एउटा ठूलै पर्व हुन्छ। त्यो बेला परिवारका सबै सदस्यसहित इष्टमित्र, धरछिमेकीहरू भर्खरको श्रामणेरबाट हुने महाजन्मसम्बन्धी देशना सुन्न थुप्रै जम्मा भएका हुन्छन्। नियमानुसार उसले आफूले सकेको कान् मात्र सुनाउने गर्छ। यो एउटा विशेष रूपमा गरिने कुरा हो र यसको मैले बताउन खोजेको अरू साधारण पाठवाचनसँग केही सम्बन्ध छैन। यो अनुष्ठान-बुद्धत्व प्राप्त गरिसकेपछि स्वदेश फर्केर आफ्नो परिवार तथा कुटुम्बहरूको अगाडि, राजकुमार **वेसन्दअन**को रूपमा आफ्नो अगाडिको जुनीको कुरा लिएर धर्मदेशना गरेको बेलाको भगवान् बुद्धको जीवनीको एउटा प्रसंगको अनुकरणमा गरिएको हो भनिन्छ। यो अनुकरणलाई ठूलो पुण्यकार्य मानिन्छ र यसलाई चेलाको परिवारद्वारा ठूलो मनोवैज्ञानिक तत्परताको प्रदर्शन गरेर सम्पन्न गरिन्छ। उनीहरू चेलाको कुशलतादेखि दङ्ग पर्छन् र इष्टमित्र तथा छरछिमेकीहरू पनि त्यसमा सरीक हुन्छन्। यस्तो रीतिरिवाज आजकल बिरलै मात्र मानिन्छ। वर्तमान राजवंशका धेरै राजा तथा राजकुमारहरूले यसरी दीक्षित भै चेला बनेर मौसूफहरूबाट आफ्ना महान् पूर्ण राजाहरूको महाजन्मबारे यस्तो देशना ब्रक्सेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३. तयारी

थेत् महाछात् अर्थात् भगवान् बुद्धको जन्मसम्बन्धी सूत्रपाठको आयोजनाको लागि, शुरूमा त्यो आयोजना गरिने वात्का भिक्षुहरू तथा गाउँका र अन्य समुदायका ठूलाबडाहरू जम्मा भएर त्यसको मिति र कार्यक्रमबारे छलफल गर्छन् । कुनचाहिँ कान् अर्थात् सूत्रको कुन कुन भाग ककसले जिम्मा लिने हो भन्ने कुराको योजना–तर्जुमा भइसकेपछि, निम्तालुहरूले आफूले दान दिने कुराहरू जोर्न र मिलाउनलाई यथेष्ट समय पाऊन् भन्नाको निमित्त सम्बन्धित व्यक्तिहरूलाई अघिबाटै निमन्त्रणा पठाइन्छन् । कहिलेकाहीं एउटाभन्दा बढी परिवार वा अन्य व्यक्तिहरू मिलेर पनि एउटै कान् को जिम्मा लिने गर्दछन् । यस्तो पुण्य कार्यमा तिनीहरू प्रत्येक सबैभन्दा श्रेष्ठ ठहरिन चाहन्छन्, कारण यस्तो पर्व वर्षको एकचोटि मात्र आउँछ । जुन गाउँमा थेत्–महाछात् को आयोजना हुँदैन त्यो गाउँको इज्जत रहँदैन र सकेसम्म कसैले पनि आफ्नो गाउँमा हुने आफ्नै वात् को साझा पुण्य कार्यमा भाग लिनको लागि दिइएको निम्तालाई अस्वीकार गर्दैन ।

तेह्र ओटा कान् मा कुनै एउटाको जिम्मा लिने निम्तो तपाईंले स्वीकार गर्नुभएपछि तपाईंले त्यस अवसरको लागि आवश्यक खाद्यवस्तु र अरू दान-सामग्रीहरू दुवैको जोरजाम गर्न र व्यवस्था मिलाउने गर्नुपर्छ । सूत्रपाठ हुने अघिल्लो दिन घरमा ठूलो चहलपहल र रमाइलो हुन्छ, धार्मिक कार्यको लागि र मानिसहरूलाई खुवाउनको लागि पनि खानेकुरो पकाउने, तुल्याउने र मिठाईहरू बनाउने काम भइरहन्छन् । यस्तो अवसरमा छरछिमेकीहरू पनि सघाउन आइपुग्छन् । छरछिमेकीहरूको सघाउको आवश्यकता पर्ने यस प्रकारको अवसरमा छिमेकीहरूले एक-अर्कालाई मद्दत दिने चलनै हो । तपाईंले उनीहरूलाई बोलाइरहनुपर्दैन । उनीहरू आफैं आइपुग्छन् र तपाईंले पनि त्यस्तो अवसर आएमा उनीहरूलाई मद्दत दिएर सट्टा तिर्नु शिष्टाचार मानिन्छ । यस्तो चलन ब्याङ्कक र पैसालाई नै सबै कुरा मान्ने अरू उन्नत ठाउँहरूबाट बिस्तारै हराउँदै जाँदैछ र छिमेकीहरूमा हुने आपसी मद्दतको भावना अब लुप्तप्रायः हुँदैछ ।

यस पर्वमा अक्सर अन्य सजावटका साथै रंगीचंगी कागजका पातहरू टाँसिएको ठूलो फक्रिएको कमलको फूलको बान्की भएको बाँसको एउटा ठूलो टोकरी बनाइन्छ । यस टोकरीलाई क्रचाद् याइ अर्थात् ठूलो टोकरी भनिन्छ र धार्मिक भावनाले चढाइने वस्तुहरू राखेर लैजाने भाँडोको रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसको प्रयोग हुन्छ । कहिलेकाहीं यो यति ठूलो हुन्छ कि घरबाट बात्सम्म जुलूसको साथ लैजानको लागि धेरै मानिसहरूको जरूरत पर्दछ । चढाइएका वस्तुहरू धेरै भएमा अवस्था हेरी, त्यो टोकरीमा खाद्यवस्तु मिठाई र फलफूलहरू मात्र राखिन्छ, भिक्षुहरूको वस्त्र तथा अन्य प्रयोजनीय वस्तुहरू अरू नै विशेष बहुमूल्य पात्र वा भाँडाहरूमा राखिन्छन् । अनुष्ठानको दिन, वेला भएपछि धार्मिक कार्यमा लगाइने सबै चीज-वस्तुहरू बाजा-गाजासहित आवश्यकतानुसार अन्य विधिहरू गरी जुलूसका साथ लगिन्छन् । तपाईंले दिनुभएको कान्को पाठ कुन वेलातिर हुन्छ त्यो तपाईंलाई पहिले नै थाहा भएको हुन्छ । तपाईंको जिम्मामा पहिलो या दोस्रो कान् परेको रहेछ भने तपाईंले विहान सवेरै ठीक समयमा बात्मा पुगिसक्नुपर्ने हुन्छ । होइन र, दशौं या एघारौं कान् रहेछ भने त्यसको पालो साँझखेरि मात्र हुन्छ र अन्दाजी समय तपाईं विचार गर्न सक्नुहुन्छ । हेर्न वाटोमा मानिसको भीड लागेको हुन्छ । तपाईं धनी हुनुहुन्छ र तपाईंले चढाउने कुराहरू कमसल खालका भए भने गाउँघरमा गाईगुईं चल्न थाल्छ र तपाईंको नाक जान्छ । यस्तो हुन दिन तपाईंको मनैले मान्दैन । कान्को जिम्मा लिनेहरूमा धेरै जवान धनी मानिस पर्न गएमा त्यो दिन साँच्चै नै महान् दिन हुनजान्छ । किनभने कसको जुलूस र कसले चढाउन ल्याएका कुराहरू बेस र बढी मोलका हुन् भन्ने कुरामा तिनीहरूका बीच प्रतिस्पर्धा हुन्छ, किनभने सबै जना सकेसम्म आ-आफ्ना इज्जत बढाउन चाहन्छन् । मैले यहाँ ग्रामीण जनताको जीवनमा प्रचलित चलनको चर्चा गरिरहेको हुँ जुन सबै ठाउँमा उस्तै-उस्तै हुन्छ । यस्ता कुराहरू आजको व्याङ्ककमा तथा अरू प्रगतिशील नगरहरूमा देख सक्नुहुन्न । कालक्रमानुसार सबै कुरा बदलिसकेको परम्परागत थेत् महा छात्अझै पनि एक जीवत शक्तिको रूपमा कायमै रहेको छ तापनि यसको उत्सव अर्थात् मनोरञ्जन पक्ष क्षीण हुँदै गइरहेको छ । परम्परालाई होच्याएर नयाँलाई माथि राख्ने प्रवृत्तिका युवा पीढीका धेरै मानिसहरू थेत्–महाछात्को अनुष्ठानलाई श्रद्धाको दृष्टिले हेर्दैनन् । एक अर्थमा तिनीहरूको विचार ठिकै पनि हो । धेरै बेरसम्म गनगन गरी पाठ गरिरहेको आवाज सुन्न उनीहरूलाई धेरै झर्को लाग्छ । बीचमा अरू किसिमको कुरा केही हुँदैन । उनीहरूको लागि यो असह्य हुन्छ । यो पुरानो परम्परालाई नाश हुनबाट जोगाउन व्याङ्ककमा आजकाल एउटा नयाँ तरीका अपनाइएको छ– प्रत्येक कान्को पाठ शुरू हुनुभन्दा ठीक अघि सम्बन्धित प्रसंगलाई नाटकको रूपमा प्रस्तुत गरिन्छ । मानिसहरूको ध्यान आकृष्ट गर्नलाई यसो गरिएको हो । पुरानो मनोरञ्जनको पक्ष आज व्याङ्ककमा नदेखिने भैसकेको छ, त्यसको बदला यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नयाँ चलन आएको छ । सुन्दा विचित्र लाग्ला, थिवेतनहरूमा पनि वार्षिक पर्वको रूपमा राजकुमार वेसन्दअनको जीवनीमा आधारित अभिनय गर्ने चलन छ ।

अहिलेलाई जुलूसको कुरा यति नै छोडौं र वात्मा थेत्–महाछात्को अवसरमा के हुन्छ त्यसको बयान गरौं ।

४. 'वात्' तथा कार्यसम्पादन

महाछात् पाठको दिन **वात्**को प्रवेशद्वारलाई रूखका हाँगा-बिंगाले सजिसजाउ गरेर एक किसिमको तोरणद्वार नै बनाइएको हुन्छ । यो द्वारलाई **प्रतू पा** अर्थात् **अख्यद्वार** भन्छन् । यो अख्य द्वारबाट यसपछिको बाटोमा बीच-बीचमा ध्वजापताका र केराका बोटहरूले सिंगारिएको **राछवात्** अर्थात् **राजछत्र** भनिने एक किसिमको विधिपूर्वकको वार लगाइएको हुन्छ । त्यसको लागि पाकेको केराको झुप्पा भएका बोटहरू बेस मानिन्छ । धर्मोपदेश कक्ष-भित्र आइपुगेपछि एउटा अर्को अख्यद्वार भेटिन्छ । अघि भनेको बाटो हिंड्नेहरू-लाई झुक्याउनको निम्ति कहिलेकहीं भुल-भुलैया वा मायाजालको रूपमा बनाइएको हुन्छ । यो झुक्याउने बाटोलाई **खाउ बेङ कोट** भन्छन् । यो नाम राजकुमार वेसन्दअनको आश्रम रहेको पहाडको नामबाट रहेको हो । त्यो उप-देश कक्षभित्रको हरेक लट्ठा केराको बोटले वा कहिलेकाहीं उखुको बोटले सिङ्गारिएको हुन्छ । कुनै-कुनै उपदेश कक्षमा तेह्रवटा **कान्**मा वर्णन गरिए-अनुसार राजकुमार **वेसन्दअन्**को जीवनी दर्शाउने तेह्रवटा चित्रहरू झुण्ड्याइए-का हुन्छन् । तिनीहरूको तुलना रोमन् क्याथोलिक धर्मका गिर्जाघरमा देखिने 'वे अफ क्रश' तस्वीरहरूसँग राम्रैसित गर्न सकिन्छ । कुनै-कुनै स्थानको उपदेश कक्षमा घरमा बनाइएका जेलिएको पात र चिरिएको बाँस वा काटका चराचुरुङ्गी, माछा आदिको आकारका खेलौनाहरू चारैतिर झुण्ड्याइएका हुन्छन् । यदाकदा तिनीहरू रँगाइएका पनि हुन्छन् । पाठको कार्यक्रम समाप्त भएपछि यी खेलौनाहरू केटाकेटीहरूलाई बाँडिदिइन्छ । त्यहाँ रंगबिरंगका स-साना ध्वजाहरू पनि झुण्ड्याइएका हुन्छन् । तिनीहरूको संख्या एक हजार हुन्छ । त्यो संख्या **गाथा फान्** अर्थात् एक हजार श्लोकको बराबर हो ।

अब हामी पछिल्लो अध्यायमा वर्णन गरी छोडेको जुलूसको कुरामा जाऔं । वात्मा आइपुगेपछि अख्यद्वार हुँदै त्यो जुलूसले उपदेश दिने ठूलो कोठा-तिरको बाटोमा लाग्छ । त्यो बाटो भुलभुलैया किसिमले बनाइएको रहेछ भने अलमल्याउने ठाउँमा आएर अन्योलमा पर्दा साह्रै मजा हुन्छ । उपदेश दिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कक्षमा पुग्न तपाईंलाई हतार भएमा बाटो देखाउनेलाई बक्सिस पनि दिनुपर्ने हुन्छ । जुलूस उपदेश दिने कक्षमा आइपुग्दा अघिल्लो कानको कार्यक्रम चालु नै रहिरहेको रहेछ भने यसको अर्थ समयभन्दा अगाडि नै आइपुगिएछ भन्ने हुन्छ । अनि अघिल्लो कानको कार्य समाप्त नभएसम्म बाहिरै रहनुपर्ने हुन्छ । त्यस-पछि मात्र आफ्ना सर्जामहरू उपदेश कक्षभित्र निर्धारित स्थानमा अर्थात् उपदेश दिने मान्छेको लागि सजाइएको चँदुवाको अगाडि लगेर राख्न सकिन्छ । अघिल्लो **कान्** सकिएर त्यसका सर्जामहरू बाहिर लैजाने र त्यसपछि हुन लागेका **कान्**को सर्जामहरू भित्र लाने बेलामा ठूलो हलचल तथा चहलपहल हुने गर्दछ । पाठको श्रवण गरिसकेका मानिसहरू कोही बाहिर निस्कने र नयाँ श्रोता भित्र जाने गर्दछन् । एकातिर एउटा **कान्**को पाठ समाप्त भएको सङ्गीत बज्छ भने अर्कोतिर **कान्**को पाठ प्रारम्भ हुने संगीत शुरू हुन्छ । यसअघि बयान गरेझैं **गाथा फान्**को संख्याबराबरको संख्यामा स-साना रङ्गीचङ्गी ध्वजाहरू लगाइएका हुन्छन् । यी हजारओटा **गाथा**हरू तेह्रवटा **कान्**हरूलाई तिनीहरूको श्लोकको संख्याअनुसार बाँडिन्छ । त्यसैले सबैको भागमा बराबर पर्दैन । तपाईंको **कान्**मा असीवटा गाथा अर्थात् श्लोक भएमा सर्जामहरू राखिने स्थानको दुवैतिर गरी असी-वटा ध्वजाहरू पंक्ति मिलाई राखिन्छन् । ती ध्वजाहरूको अतिरिक्त त्यतिकै संख्या-मा माहुरीको मैनका स-साना मैनबत्तीहरू हुन्छन् । फूलहरू पनि राखिएका हुन्छन् । सम्पूर्ण **गाथा फान्** अर्थात् सहस्रश्लोक सम्पूर्ण एक्लैले पाठ गराउने जिम्मा लिने विशेष स्थितिमा त्यतो जिम्मा लिने व्यक्तिले फूलहरू खास गरी कमलका फूलहरू र स-साना मैनबत्तीहरू पनि एक एक हजार नै चढाउनुपर्दछ । पहिले पहिले कमलका फूलहरू देशका विभिन्न भागहरूमा यत्रतत्र पाइन्थे । **मायनाम् चाउ फ्रया** नदीको माथि तीस माइल जति पर एउटा ठाउँ छ, त्यहाँ मौसममा मनग्गे कमलका फूल हुन्थे । राजाको पूजापाठको लागि कमलको फूल यहींबाट प्राप्त हुन्थ्यो । त्यस स्थानलाई आजकल **पथुम थानी** (पालिमा-पदुमा धानी) अर्थात् साधारणतः **मुअङ पथुम** अर्थात् **पद्मनगर** भन्ने गर्छन् ।

धर्मोपदेश वा सूत्र पाठ शुरू हुने बेलामा चढाइएको मैनबत्ती र धूपका सिन्काहरू बालिन्छन् र त्रिरत्न अर्थात् बुद्ध, धर्म र संघको पूजा गरिन्छ । अध्यक्षको आसन ग्रहन गर्ने भिक्षुले निष्ठा-कर्म उच्चारण गरेर सदा-पञ्चशील प्रदान गर्दछन् । त्यो लिने व्यक्तिले त्यसको पालन कमसेकम चौबीस घण्टा गर्नुपर्छ । यो क्रिया सकेपछि धर्मोपदेश वा सूत्र पाठको कार्य प्रारम्भ हुन्छ ।

अघि नै भनिसकिएको छ पहिलो **कान्** वा भागको थालनी बिहान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबेरै नै हुन्छ । चलनअनुसार जुन बात्मा पाठ गरिने हो त्यहींको प्रधान अधिकारीले नै त्यहाँको अध्यक्षता ग्रहण गर्नुपर्दछ । सामान्य कुराहरूको अतिरिक्त, चढाउने कुराहरूमा सुँगुरको उसिनेको सिगै टाउको, त्यसको चारओटा खुट्टा र पुच्छर तथा बाई सी पाक् छाम् अर्थात् ठूलो माटोको भ्यगुटमा एक किसिमले विधि गरेर पकाएको भुजा हुनुपर्छ । यस्तो कुरा चढाउनुको अर्थ के हो कसैले राम्रोसित बताउन सकेको छैन, खालि यो चलेर आएको चलन मात्र हो भन्ने गर्छन् । यस विषयमा मेरो एउटा अन्दाज छ– धनी मानिसहरूमा एउटा के चलन छ भने कुनै महत्त्वपूर्ण कार्य सम्पन्न गर्नुपऱ्यो र सफलता हासिल गर्नुपऱ्यो भने बर्मेलीमा नाट्स् भनिने स्थानीय थान-देवतालाई अर्चनास्वरूप बाई सी र सुँगुरको उसिनेको टाउको चढाइन्छ । यसको बौद्ध मतसित केही सम्बन्ध छैन तर यो प्राचीन कालको जन-विश्वासको एउटा जीवित अवशेष हो । कुनै ठाउँमा कुनै महत्त्वपूर्ण कार्य गर्नुपऱ्यो भने सबभन्दा पहिले त्यस ठाउँको लोकपालको पूजाअर्चना गर्नुपर्दछ । उसिनेको पुच्छर र चारवटा खुट्टासहितको सुँगुरको टाउको सिगो सुँगुरको प्रतीक हो । सम्झनुभएमा अदृश्य शक्तिलाई खुशी तुल्याउनु गाह्रो छैन । अब तपाईंले पाठ गर्ने कार्यमा अगुवाइ गर्ने व्यक्ति बात्को प्रधान अधिकारी किन हुनेगर्दो रहेछ भन्ने कुरा बुझ्नुभयो नै होला । त्यस स्थानको देहधारी दिकपाल उनी नै हुन् ।

पहिलो कान्को पाठ बिहान सबेरै आरम्भ हुन्छ । त्यसैले त्यस बेला थोरै मात्र मान्छे हुन्छन् । त्यहाँ जम्मा हुनेमा कान्को जिम्मा लिने व्यक्ति र उसका मानिसहरू अनि केही धर्मको कामना गर्ने केही बूढापाका हुन्छन् । पछिका कान्हरूमा मानिसहरूको भीड बढ्दै जान्छ । बूढो ब्राह्मण जोगी र उसकी धूर्त सुन्दर तरुणी स्त्रीको कथाको वर्णन भएको पाँचौं कान् अर्थात् छुछाक्मा आइपुगुन्जेलसम्ममा मानिसहरूको भीड राम्रै भैसकेको हुन्छ । त्यसमा कौतुक र हाँसोउठ्ता कुराहरू धेरै भएको हुनाले स्वभावतः मानिसहरू आकर्षित हुन्छन् । पाठ सुनाउने भिक्षु नाम चलेको रसिक र ठट्यौलो रहेछ भने श्रोताहरू भरिभराउ हुन्छ त्यहाँ टाढाटाढाबाटसमेत मानिसहरू आई जम्मा भएका हुन्छन् । युवकहरू 'फेरि फेरि' को फर्मायश गर्दछन् । श्रोता-गणले खुसीसाथ बढी बढी पैसा चढाउँछन् । यसैले पैसा चढाउने कामलाई तिङ् थियन थेत् अर्थात् कान्को पाठ गर्नेका लागि (पैसा) टाँस्ने भन्छन् । यसै कामको लागि राखिएको एउटा ठूलो आकारको मैनबत्तीमा पैसा टाँस्ने प्रथा छ । पहिले पहिले कौतुक र हाँसउठ्ता कुराहरू थपथाप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर सुनाइने यस्ता पाठहरूले शिष्टताको सीमा नाघ्ने गर्दथ्यो र त्यसैले सुसंस्कृत मानिसहरूको लागि अस्वीकार हुन्थ्यो । समयको परिवर्तनले गर्दा यस किसिमका कुराहरू आजकाल धेरै कम देखिने गर्दछन् । मानिसको नैतिक धारणामा परिवर्तन आएकोले पनि यस्तो भएको हो तर जनसाधारणको लागि भने हास्यरसको अझै पनि आवश्यकता छ ।

ब्याङ्ककमा कुनै कुनै **वात्** मा गरिने पाठ बढी गद्यात्मक हुँदै जाने भैरहेको छ र यसैले झर्कोलाग्दो हुन थालेको छ । यसले गर्दा मानिसको मनलाई चाहिने मनोवैज्ञानिक मूल्यका तडकभडक र समारोह-उत्सवको तत्त्वको यसमा अभाव हुन गएको छ ।

तेह्रौं **कान्** समाप्त भै सम्पूर्ण पाठ सकिएपछि भगवान् बुद्धले श्रोता-गणलाई आफ्नो अन्तिम **महाजन्म** को कुरा बताउनुभएपछि दिनुभएको **चार आर्य सत्य**को बारेमा प्रकाश पार्ने पूरक **कान्**को पाठ गरिन्छ– 'चार आर्य सत्य'को पाठ साधारणतया भोलिपल्ट गरिन्छ र त्यसको व्याख्या गर्ने काम आवश्यक परेमा एक वा चार जना भिक्षुहरूले पनि आपसमा सम्वाद गरे-जस्तो गरी गरिन्छ । **थेत् महा-छात्**को संक्षिप्त वर्णन यति नै हो ।

सन् १८९२ मा ब्याङ्ककमा प्रकाशित भएको जि. ई. जेरिनीद्वारा लिखित '**थेत्-महा-छात्**को उत्पत्तिको बारेको सिंहावलोकनात्मक विचार तथा विवरण' भन्ने नामको एक प्रबन्ध छ । त्यसमा यो कुरा प्राज्ञिक हिसाबले दिइएको छ । थाइल्याण्डको उत्तर तथा उत्तर-पूर्वी क्षेत्रहरूका साथै लाओस अधिराज्यमा पनि **थेत्-महा-छात्** एउटा ठूलो लोकप्रिय पर्वको रूपमा मनाइन्छ । मनाउने ढाँचा त उही नै हो तर भौगोलिक, ऐतिहासिक तथा सांस्कृतिक आदि विभिन्नताले गर्दा त्यसमा आफ्नै विशेषता पनि हुने गरेको छ । बर्माका **झान** जातिको पनि **थेत्-महा-छात्** हुन्छ भन्ने सुनेको छु तर, जहाँसम्म मलाई थाहा छ, त्यस विषयमा अंग्रेजीमा कुनै लेख अहिलेसम्म लेखिएको छैन ।

थेत्-महा-छात्को पर्व तथा उत्सवको कुनै कुनै विधिमा महायानी-मतको प्रभावको चिह्न केही केही हुन नसक्ने होइनन्, तर यसको शुरूको विकासको सम्बन्धमा तथ्यांक उपलब्ध नभएको हुनाले महत्त्वकै कुरा भए पनि दुःखका साथ त्यसको विवरण छुटाउन बाध्य भएको छु ।

बर्मा अनुसन्धान समाज, रंगूनका सौजन्यबाट ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाई परम्परागत अभिवादन

१. 'वाइ' अभिवादन

थाईहरूको अभिवादन तथा आपसी चिनजानको संकेत हत्केला जोडेर दुवै हात उठाई त्यस्तो उठेको हातले आफ्नो अनुहार तथा छातीबीचको शरीरको कुनै भागलाई हल्का किसिमले छुनु हुन्छ । हात जति माथि उठेको हुन्छ आदर-भाव तथा सौजन्य उति बढी गनिने हुन्छ । यस प्रकार हातले संकेत गर्ने काम थाई सामाजिक मर्यादाक्रमअनुसार सबभन्दा पहिले उमेर वा दर्जामा तल्लो तहको व्यक्तिले गर्दछ र त्यसपछि तुरून्तै त्यसलाई त्यो अभिवादन पाउने व्यक्तिले फर्काउँछ । घनिष्ट सम्बन्ध भएका मानिसहरूमा यस प्रकारको औपचारिकताको पूरा पालन हुँदैन । यस प्रकारको थाई रीतिको अभिवादन बस्दा-बस्दै, उभिदा-उभिदै, हिँड्दा-हिँड्दै वा विरामी पर्दा बिछ्यौनामा पल्टेरै पनि गर्न सकिन्छ । बसिरहेका अति नै सम्मानित व्यक्तिलाई, उभिदा-उभिदै अभिवादन गर्नुपर्ने भएमा शिष्टाचारस्वरूप झुक्ने, निहुरने दुइटै एकैसाथ गर्ने गरिन्छ । बिदाबारी हुने वेलामा पनि हिँड्न लागेको व्यक्तिले त्यस्तै तरीकाले अभिवादन गर्दछ र अर्को व्यक्तिले पनि त्यस्तै प्रकारले फर्काउँछ । यस प्रकारको अभिवादनलाई थाई भाषामा वाइ भनिन्छ र यो थाई समाजमा अक्सर देखिन्छ ।

'वाइ' गर्नलाई हात माथि उठाउने तथा 'वाइ' गरेपछि हातलाई सामान्य स्थितिमा तल झार्ने काम कहिल्यै छिटो चालले गरिदैन, बरु सुस्तरी हिसी लाग्ने गरी गरिन्छ । यसो गर्दा पाखुराका माथिल्ला भागहरू जीउको अगल-बगलमा टाँसिएरै रहन्छन् र कुहिनाहरू पनि उताउति गर्दैनन् । हत्केला जोडिएका हातहरू सीधा परेर उभिएको शरीरभन्दा बाहिर धेरै पर जाँदैनन्, बरु अलिकता भित्तै-पट्टि झुकेर बस्तछन् ।

शब्दहरूमा बयान गर्दा पूरा रूपले अभिव्यक्त हुन नसके तापनि यस वर्णनबाट आजकालको भन्दा भिन्न रहेको थाई परम्परागत संस्कृति प्रतिबिम्बित हुन्छ जब मानिसको जीवन-शैली सारभूत रूपमा आजको भन्दा भिन्नै थियो । विगत कालमा आजको जस्तो विशेष गरी शहरी जीवनमा अनुभव गरिने हल्लीखल्लीमा जस्तो चटारो रफ्तार र होहल्ला थिएन । ती दिनहरूमा समय मानिसको हातमा थियो, मानिस समयको हातमा थिएन ।

थाई रीतिको वाइको आदर्श रूप अक्सर नाटयशालामा खअन् नामको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिरप्रतिष्ठित थाई नाट्य-अभिनयमा देख्न पाइन्छ । त्यसमा अभिनेता वा अभिनेत्रीको हातको कलापूर्ण क्रिया देख्न सकिन्छ । **वाइ** गर्नुभन्दाअघि अभिनेता वा अभिनेत्रीले आफ्ना हातहरू हत्केलामाथि हत्केला पर्ने गरी यस प्रकार जोड्दछन् कि औंलाका टुप्पाहरू एक-आपसमा मिल्न पुग्छन् । यसो गर्दा त्यो हातको आकार 'सामान्य कोपिलाएको कमलको फूल' जस्तो हुन्छ जुन प्रायशः पूजा आजा गर्दा बुद्धको मूर्तिमा अथवा बौद्धभिक्षुलाई चढाइन्छ । यस्तो आकार-को हातलाई थाई भाषामा **फनोम्मुअ** भन्दछन् जसको शाब्दिक अर्थ हो हातलाई कोपिलाएको कमलको फूल जस्तो आकारको बनाउनु । यस प्रकारको **वाइ** कहिलेकहीं धेरथोर आदर्शस्वरूपको क्रियासँग मिल्ने गरी सुसंस्कृत थाईहरूमा देख्न पाइन्छ ।

थाई शिष्टाचारअनुसार आफूभन्दा माथिको लागि मानको रूपमा उमेर वा दर्जामा तल्लो तहका व्यक्तिले पहिले अलिकति झुकेर **वाइ** गर्नुपर्छ । साथै आफूभन्दा बूढोपाको वा दर्जामा ठूलो व्यक्तिसँग कुराकानी गर्दा सानो मानिसले बसिरहँदा वा उठिरहँदा पनि आफ्नो 'कोपिलाएको कमलको फूल' आकारको हातलाई आफ्नो छातीमा राख्दछ र ती मान्नुपर्ने मान्छेले कुनै कुरा सम्झाइरहँदा, उनले भनेको कुरा आदरपूर्वक बुझें भनी आदरपूर्वक गरेको प्रतिचार स्वरूप, बारम्बार परिस्थिति हेरी हात उचाल्ने गर्दछ । कुनै मान्यजनको अगाडि मेचमा बसिरहने बेलामा मानिसले आफ्नो टाउको अलिकति निहुराउँछ र आफ्नो हातलाई 'कोपिलाएको कमलको फूल'को आकार बनाई छातीमा वा छातीभन्दा तल कतै राख्दछ । अथवा हातलाई 'कोपिलाएको कमलको फूल'को आकार बनाउनको साटो औंलाहरूलाई च्याप्प मिलाउन पनि सकिन्छ अथवा दुवै हातलाई एक-अर्कामाथि राखेर उठाई चिनियाँ ढाँचाको इज्जत गर्नलाई टाउकोले भैं मा छुने शैलीले अथवा पूजन-चिन्तनमा लागेको क्रिस्तान् धर्मावलम्बीको उपासनापूर्ण ढाँचामा बाटुलाकारको पनि बनाउन सकिन्छ । राजारानी जस्ता कोही ठूला व्यक्तिहरूको अगाडि थाईको परम्परागत ढाँचामा **नाङ् फाब् फिय्ब्** नामक उपयुक्त आसन गरी, तल्लो अंगहरू अर्थात् खुट्टाहरू भित्र-बाहिर गरी दोब्राई भूईंमा टुक्कुक्क बसेको छ भने उसले कोपिलाएको कमलको फूलको आकारको हात लगाई भूईंको आडमा केही ढल्किएर बस्नुपर्दछ । यस किसिमको आसनमा बसेर उसले अघि बताएअनुसारको तरीकाले आफ्नो हात अलिकति माथि उठाउने गर्दछ । आफूभन्दा ठूलो व्यक्तिले केही कुरा दियो भने त्यो लिने मान्छेले लिएपछि वा लिनुभन्दा अगाडि परिस्थितिअनुसार विनम्रतापूर्वक धन्यवाद ज्ञापनस्वरूपले आफ्ना हातहरू उठाएर दिने मान्छेलाई **वाइ** गर्दछ । कसैं-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दाई,
परम्परागत तरीका
– गुरुमालाई
अभिवादन गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाट निगाहा वा क्षमाको माग गर्दा पनि साधारणतया यस प्रकारको वाइ गरिन्छ ।

बौद्ध धर्मदेशनाको अवसरमा तथा भिक्षु समुदायबाट बौद्ध धर्म-शास्त्रका सूत्रहरूको पाठ भैरहेको बेलामा भिक्षुहरू र उपस्थित साधारण मानिसहरू दुवै थरीले 'कोपिलाएको कमलको फूल'को आकार बनाएका आफ्ना हातहरू माथि उठाई त्यस पवित्र अनुष्ठानप्रति वन्दना र विनयशीलताको विनम्र भावना धारण गरेर बसिरहेका देखिन्छन् । त्यो अनुष्ठान अपेक्षाकृत धेरै लामो समयसम्म हुने भएमा यस्तो स्थितिमा बसी हात माथि उठाइरहनु अभ्यस्त नभएकाहरूका लागि अलि उच्चाट लाग्ने र अनि साँच्चै नै संकष्ट नै साबित हुन सक्छ। पाखुराहरूलाई आराम दिन वा अडेस लगाउने किसिमले शरीरको अगल–बगलमा टाँसेर राखेमा यो कष्टलाई अलिकति हल्का गर्न सकिन्छ।

आफूभन्दा सानो व्यक्तिबाट वाइ पाउने मानिस भावनाअनुसार आफू ठूलो हुँ भन्ने अभिमान गर्ने खालको रहेछ भने उसले आफ्नो हात-लाई छातीभन्दा माथि नउठाईकन नै त्यस वाइलाई फर्काउने गर्दछ। दर्जा वा उमेरका कारणले वाइ नफर्काए पनि हुने रहेछ भने उसले टाउको हल्लाई खालि दाँया हातमात्र एकापट्टि उठाई वा टाउको मात्र हल्लाई त्यसको मान्यता वा अनुमोदन गरेको दर्शाउन सक्छ । यसलाई राव वाइ भन्दछ । यसको शाब्दिक अर्थ वाइ ग्रहण गरेको भन्ने हुन्छ । माथिल्लो तहको व्यक्तिले तल्लो तहको व्यक्तिलाई भेट्दा वा स्वागत गर्दा धेरैजसो पहिले आफूले कहिल्यै पनि वाइ गर्दैन। सामान्यतया कुनै बालक केटाकेटीले गरेको वाइलाई ठूला मानिसले सम्भावना वा अनुमोदनको रूपमा खालि टाउको हल्लाएर वा अन्य यथोचित भाव प्रदर्शन गरेर प्रत्युत्तर दिने गर्दछ। तर त्यो बालक कुनै राजकुमार वा ठूलो दर्जाको परिवारको सम्माननीय सदस्य रहेछ भने यो नियम लागू हुँदैन। दर्जाको उत्तरदायित्वअनुसार विशिष्ट व्यक्ति सानो व्यक्तिलाई वाइ गर्नुको सट्टामा पश्चिमी चलनमा आफूले पहिले हात दिएर उसको हातसँग मिलाई स्वागत गर्ने गर्दछ। यसरी हात मिलाइसकेपछि त्यस सानो व्यक्तिले कहिलेकाहीं वाइ नगरीकन अभिवादन पूर्ण हुँदैन भन्ने हिसाबले पुनः वाइ गर्ने गर्दछ।

पवित्र चीवर वस्त्र लगाएको कारणले बौद्ध भिक्षुहरूले साधारण मान्छे-लाई उमेरमा जतिसुकै पाको वा दर्जामा ठूलो भए पनि वा राजा नै भए पनि वाइ गरेर गरेको बन्दनाको प्रत्युत्तर दिंदैनन्। यसलाई थाई शिष्टाचारमा बौद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भिक्षुहरूको धृष्टता मानिदैन। यस्तो स्थितिमा भिक्षुले प्रत्युत्तर दिने उपयुक्त तरीका एउटा सद्भावपूर्ण बोलीले वा मुखाकृतिले अनुमोदनको भाव प्रकट गर्नु हो। जे भए पनि उसले भिक्षु सुहाउँदो सौम्य अनुहार लगाएको हुनुपर्छ।

परम्पराअनुसार गाउँका मानिस वा अन्य साधारण जनताले आफूले ठूलो व्यक्तित्व भनी सम्झेको उच्चतम आदरभाव राख्नुपर्ने राजा, रानी, राजकुमार, राजकुमारी, धर्माध्यक्ष वा ठूलो दर्जाको महत्त्वपूर्ण व्यक्ति कसैलाई भेटे सहज-भावले तिनीहरू ठूलो आदरभावको प्रतीक स्वरूप 'कोपिलाएको कमलको फूल'को आकार बनाई आफ्नो हातलाई माथि उठाएर डल्लो परेर बस्दछन्। ती ठूलो व्यक्ति पर गई नसकुन्जेल तिनीहरू त्यही स्थितिमा बसिरहन्छन्। बौद्ध मन्दिर-नजीक भएर जाँदा पनि भक्तहरू भक्तिभावपूर्वक त्यसतिर फर्केर वाइ गर्ने गर्दछन्।

थाई जातिको हरेकलाई धेर थोर राम्रोसित थाहा भएको वाइ जस्तो विषयमा केही लेख्नु कल्पनामा मात्र वास्तविक देखिने कुनै पौराणिक जन्तुको चित्र खिच्नुभन्दा पनि घोडा वा कुकुरजस्तो कुनै सुपरिचित जन्तुको चित्र बनाउनु जस्तै हो। पहिलोको वर्णन गर्दा कुनै सानोतिनो मात्र विवरण छुटपुट भएमा एउटा सानो बालक पनि तत्काले त्यो कुरा पत्ता लगाउन सक्तछ तर पछिल्लोको वर्णनमा त्यस्तो हुँदैन। यसैले अहिले जे-जति लेखेको छु त्यो शायद अपूर्ण नै छ किनभने देशको विभिन्न स्थान र विभिन्न सामाजिक वातावरणमा रहेका समाजका विभिन्न वर्गको मानिसहरूमा फरक-फरक मात्रामा विभेदहरू छन्। यस प्रकारको अध्ययनमा अभिरुचि राख्ने व्यक्तिको लागि अत्युत्तम कुरा के हुन्छ भने त्यसले वास्तविक जीवनमा यो कसरी गरिन्छ भन्ने कुरा निहारेर हेर्नुपर्छ। यस लेखमा दिइएको वर्णन एउटा सामान्यीकरण मात्र हो जसबाट एउटा रूपरेखा र त्यसबारे एउटा संक्षिप्त विचार प्राप्त हुन्छ।

थाईहरूको अभिवादन गर्ने तरीका दक्षिण-पूर्वी एशियाको भू-भागका धेरैजसो जातिहरूको तरीकासँग मिल्दोजुल्दो छ। मूलभूत रूपमा ती सबै एकै किसिमका छन्। भिन्नता केही छन् भने अनेकन सांस्कृतिक तत्त्वहरूले गर्दा जाति-विशेषको विशेषताका नालीवेलीमा छन्। हिन्दु र चिनियाँहरूले गर्ने वाइको रूप थाईहरूकोसित मिल्दोजुल्दो नभए पनि आफ्नै किसिमका छन्। त्यसको अतिरिक्त आदर-सम्मान बुझाउने प्रतीकहरू पनि छन् जुन तिनीहरूको विषयमा पछि आउने परिच्छेदमा विचार गरिनेछ। वाइको उत्पत्ति निसन्देह प्राचीन कालमा भएको हो र यसको चलन विश्वव्यापी छ। यो कुनै न कुनै रूपमा अनेक जातिका मानिसहरूमा पाइन्छ। मूलमा शायद त्यो वश्यताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा रूप थियो जुन बलबानले निर्धोलाई वशमा राख्ने चलनमा आधारित थियो। समय विदै गएपछि यो रूपले आजकालको अभिवादनको सामान्य रूपमा लिन पुगेको छ।

आधुनिक जमानाभन्दा अगाडि थाई नागरिकले कुनै विदेशीलाई अभिवादन गर्दा वाइ गर्दैनथे न थाईले नै त्यसो गर्थे। समझदारीको कमीले हो वा केले हो दुवै पक्षमा शायद हिचकिचाहटले गर्दा त्यस्तो हुन गएको हो। पश्चिमेलीले जसलाई पवराङ भन्ने चलन छ सद्भावना तथा मित्रताको अभिव्यन्जन स्वरूप थाई रूपले अभिवादन गर्ने गरेमा पवराङहरू पनि वाई गर्न जान्दा-रहेछन् भनी दिल्लगी गर्ने गर्दथे। पवराङ भने आफ्नै बराबरीको भए पनि वाइ गरेर थाईको अभिवादन गर्दैनन्। कारण के हो खालि अनुमान लगाउने कुरा हो। भाग्यले यस्तो कुरा आज-भोलि विगतको विषय भएको छ किनभने आजभोलि मानिसहरूले एक-अर्कालाई धेरै नजीकबाट र सहानुभूतिपूर्वक बुझेका छन्।

धेरैजसो थाईहरू "हात मिलाउनु" भन्दा वाइ गर्नु बढी रुचाउँछन्, यस कारणले कि "आफ्नै हात जोड्नु" अरू मानिसको हातमा हात राखी हल्लाउनुभन्दा सरसफाइको दृष्टिले बढी राम्रो हुन्छ। समातिएको हात थाईको विशेष गरी स्वास्नीमान्छेको पातलो हातको तुलनामा बडेमाको ठूलो आकारको भएमा पहिलो मैत्रीपूर्ण हातको पक्राइले पनि थाईलाई केही कष्टप्रद भएको अनुभव गराउँछ। कहिलेकाहीं थुप्रै मानिसहरूसित लगातार धेरै बेरसम्म हात मिलाउँदै जानुपरेमा असम्भव नभए पनि कहिलेकाहीं वाक्क लाग्ने हुन जान्छ। औपचारिक रूपले यसो नै गर्नुपर्छ भन्ने नभएमा यस्तो अप्ठ्यारो पर्न जाँदा थाईहरू अर्को तरीकाले पनि वाइ गर्ने गर्दछन्। कसरी भने हातहरूलाई 'कोपिलाएको कमलको फूल'को आकारमा मिलाई माथि उठाएर उपस्थित सम्पूर्ण व्यक्तिहरूतिर सुस्तरी फर्काउँदै एकै पटक सबैलाई वाइ गर्दछन्। यस प्रकारको वाइ मुक्केबाजी खेल्ने गोलघेरामा त्यति बेला देख्न पाइन्छ जब मुक्केबाजले मुक्केबाजीको प्रतिद्वन्दिता आरम्भहुनुअघि दर्शकतिर फर्केर छिटछिटो यस प्रकारले वाइ रूपको हातलाई घुमाउँछ।

राजारानीलाई परम्परागत रीतिले वाइ गर्नुपर्दा शरीरलाई ठाडो पारी पुठ्ठालाई कुर्कुच्चामाथि अड्याई घुँडा मारेर बस्नुपर्छ। हत्केलामा हत्केला जोडी कोपिलाएको कमलको फूलको आकार पारी छातीभन्दा केही तल पुऱ्याइन्छ अनि लगत्तै मुखलाई माथि फर्काई टाउकोको पछाडि झुकाएर निधार माथि राख्न लगिन्छ। यस्तो कार्य अनौपचारिक अवसरमा एकवाजि मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छ भने औपचारिक शाही समारोहमा सधैं तीनवाजि गरिन्छ ।

२. 'क्राआब्' अभिवादन

वाइ सितै सम्बन्धित आदरभाव प्रदर्शन गर्ने एउटा तरीका क्राआब् पनि हो । यसको अर्थ हो घुँडा टेकेर भक्तिभावपूर्वक भुइँलाई ढोग्नु । वाइ हेर्दा, क्राआब् कै एउटा भाग वा अंग हो । यसमा मानिसले कुर्कुच्चामाथि पुठ्ठालाई अड्याएर घुँडा टेकेर बस्नुपर्दछ । 'कोपिलाएको कमलको फूल' आकारको हातलाई छातीको ठीक तल राखेर त्यहाँबाट बिस्तारै लगेर निधारमाथि राखेर वाइ गरिन्छ । त्यसमाथि दायाँ हातको हत्केलालाई दायाँ घुँडाको अगाडिको भुइँमा राखिन्छ र बायाँ हातलाई बायाँ घुँडाको करीब एक फीट जति अगाडि राखिन्छ । अनि दायाँ हातलाई बिस्तारै सारेर दुई हातको बीचमा प्रशस्त खाली ठाउँ हुने गरी बायाँ हातको समानान्तर पारी राखिन्छ अनि टाउकोलाई निहुराउँदै लगी दुवै हातका चोर औंलाहरूबीचको खाली भुइँमा निधारलाई छुवाउँछ र त्यसपछि पहिले झैं उठाउँछ । यस क्रमलाई तीन पटक दोहोऱ्याइन्छ । यस प्रक्रियालाई हतार-हतार गरी गर्नु हुँदैन, झुलनको ढाँचामा निहुरँदा पुठ्ठालाई उचालिन नदिई तुलनात्मक रूपले सुन्दर चालले गर्नुपर्दछ । यस किसिमको क्राआब्को ढाँचा आजकाल विशेष गरी ब्याङ्कक्मा मुश्किलले देख्न पाइन्छ तर मध्य थाइल्याण्डको माथिल्लो प्रदेशमा बस्ने ग्रामीण जनतामा यो चलन अझै कायम रहेको छ भन्ने सुनेको छु ।

साधारणतया प्रचलनमा भएको अर्को ढाँचाको क्राआब्मा घुँडा मार्दा दुवै हातका हत्केलाहरूलाई अघि बताए झैं भुइँमा एकैपल्ट नराखी पटक-पटक गरेर राखी 'कोपिलाएको फूल'को आकारवाट हातहरूलाई छुट्याउने गरिन्छ । अरू क्रिया चाहिं उस्तै हुन् । यसको लागि कहिलेकाहीँ गद्दा भएको एउटा सानो टेको राखिएको हुन्छ तर क्राआब्को चालको प्रक्रिया निहुँरदा देखिने एउटा सानो भिन्नताबाहेक सबै उस्तै-उस्तै नै हुन्छ । पहिलो ढाँचामा भुइँ छुने गरी निहुरनुपर्छ भने पछिल्लोमा निहुरने काम तुलनात्मक रूपमा कमै हुन्छ । स्त्री र पुरुषले गर्ने क्राआब्को प्रक्रियामा त्यति साह्रो फरक छैन, खालि कति भने घुँडा मारेर बस्दा स्त्री-जातिले पुरुष जातिले जस्तै आफ्नो पुट्ठा कुर्कुच्चामाथि नअड्याई पैतालामाथि राख्ने अड्याउने गर्दछन् ।

माथि वर्णन गरिएअनुसारको क्राआब्लाई प्राविधिक भाषामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्राम्रब् अभिवादम

अङ्ग बढी आदरले अभिवादन गर्ने तरीका। पहिले, हात जोडेर उठाउने।



त्यसपछि,
जोडेको हातलाई
निधारमा पुऱ्याउने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो चरणमा भुइँमा ढोग्ने

चौथो चरणमा
जोडेको हात
निधारमा राखेर
चूपचाप बस्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बेन्चाङः प्रदित् भन्दछन्। यो थाईकरण गरिएको पालि शब्द हो। यसले शरीरका पाँचवटा अंगहरूले आदरपूर्वक गरिने अभिवादन भन्ने अर्थात् निधार, हातका हत्केला दुई घुँडाले भुइँको स्पर्श गर्ने भन्ने अर्थबोध गर्दछ। संस्कृतमा यस प्रकारको अभिवादनलाई 'पंच प्रणाम' भनिन्छ। भारत तथा अन्य देशका धर्मपरायण मानिसहरूले गर्ने प्रकारको साष्टाङ्ग प्रणामको चलनले थाई सामाजिक अर्चनाको परम्परामा प्रवेश पाएको छैन।

मूल रूपमा क्राआब्को चलन बुद्ध धर्मको 'त्रि-रत्न' अर्थात् बुद्ध धर्म र संघप्रति अगाध भावभक्ति–अर्चना गर्ने संकेतको रूपमा भएको हो। क्राआब् गर्दा तीन पटक गर्ने गरिएको पनि यसैले हो। पछि गएर यस प्रक्रियालाई कहीं कतै गलत धारणा हुन गएको कारणले अन्य अति–सम्मानित व्यक्ति वा अन्य पुनीत वस्तुहरूप्रति पनि आदरसम्मान प्रदर्शन गर्नतिर लगियो।

अब हामी थाई भाषामा म्हअब् क्राआब् भन्ने अर्को किसिमको क्राअब्को वर्णनमा लागौं। म्हअब्को अर्थ कुत्रुक्क परेर बस्नु हो। राजा-रानी उच्च ओहदाका राजकुमार-राजकुमारी, पूज्य पिता-माता र गुरु-आचार्य जस्ता व्यक्तिहरूलाई उच्च सम्मान प्रकट गर्न बस्दा मानिसले आफ्नाहातहरूलाई 'कोपिलाएको कमलको फूल'को आकार बनाई छातीसम्म उचालेर पूज्य व्यक्तिको सामु घुँडा मारेर बस्दछ र लगत्तै हातहरूलाई सो आकार नबिगारी भुइँतिर झारेर त्यो 'कोपिलाएको कमलको फूल' आकारको हातको बूढी-औंलाहरूमा निधारले ढोग्दछ। यो क्रिया एकै पटक मात्र गरिन्छ, कहिलेकाहीं देखिने गरे जस्तै तीन पटक गरिदैन। यसरी तीन पटक गर्ने गरिएको बौद्ध धर्मको 'त्रि-रत्न'प्रति गरिने अभिवादनको नक्कल गरेर गरिने गरेको हो।

म्हअब् क्राआब् गर्ने अर्को पनि ढाँचा छ। यस ढाँचामा मानिस टुक्रुक्क त बस्दछ तर शरीरका तल्लो भाग अलिकता 'भित्रपट्टि' खिचेर दायाँ वा बायाँ हाततिर अलिकता झुक्दछ। त्यसपछि हत्केला जोडेर 'कोपिलाएको कमलको फूल'को आकार बनाई हातहरू उचाल्छ र कुहिनाले भुइँमा टेकी 'कोपिलाएको कमलको फूल' हातका बूढी औंलाहरूलाई निधारले नछोएसम्म भक्तिभावपूर्वक टाउको निहुराउँदै जान्छ।

म्हअब् क्राआब्का यी दुवै तरीकाको चलन शुरूमा आफ्नै विशेष आचारको रूपमा राजदरबारमा मात्र चलेको थियो। दरबारका नोकर-चाकर, सेवक-सेविकाहरूले राजा-रानी तथा राजा-परिवारका अन्य सदस्यहरूको सामु अनौपचारिक अवसरमा मात्र यसको अवलम्बन गर्दथे। कालान्तरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाहिरियाले पनि धर्माध्यक्ष वा अन्य मान्यजनप्रति उच्चतम आदरभाव प्रकट गर्न खोज्दा यसको अवलम्बन गर्न लागे। वन्दना गर्ने यी दुई ढाँचाहरू स्पष्टतः 'त्रिरत्न' प्रति गरिने देन्चाङ प्रदित् भनिने अघिनै चर्चा गरेको बौद्ध बन्दनाका रूपभेद हुन्।

यसै प्रसंगमा छोराछोरीले आफ्ना बाबु-आमालाई धेरै कालपछि भेट्दा वा तिनीहरूसँग विदावादी हुँदा बाबु-आमाको पाउमा 'कोपिलाएको कमलको फूल' आकारका हातहरू राखेर स्नेह तथा भक्तिपूर्वक म्हअब् क्राआब्को ढाँचामा टाउको झुकाउने चलन पनि लिन सकिन्छ। बाबु-आमा उभिरहेका रहेछन् भने छोराछोरीले आफ्नो 'कोपिलाएको कमलको फूल' आकारको हातलाई बाबु-आमाको छातीमा राखेर ढोगी दिन्छन्। यसैको विस्तारस्वरूप यस किसिमको भावाभिव्यक्तिको ढाँचा शिष्य वा विद्यार्थीले पनि आफ्नो गुरुलाई बाबु-आमाकै बराबरको उच्चतम आदरभावको स्नेहपूर्ण चिह्नको रूपमा उपयोग गर्न सक्तछ। छात्राहरूले भने आफ्नो गुरु भए तापनि भिक्षुहरूप्रति यस ढाँचाले अभिवादन गर्ने चलन छैन।

बाबु-आमाको लाशलाई अन्त्येष्टिक्रियाको निमित्त घरबाट बाइ अर्थात् विहारमा लैजाने वेलामा पनि छोराछोरीले आफ्ना बाबु-आमाप्रतिको सन्तानले गर्नुपर्ने कर्तव्यस्वरूप म्हअब् क्राआब् गर्दछन्। यस्तो गरिएन भने मुर्दा गन्हुङ्गो भई बोक्नेहरूका लागि असाध्य गाह्रो हुनेछ भन्ने धेरै चलेको अन्धविश्वास छ। मृतकका छोराछोरीले सन्तानले गर्नुपर्ने म्हअब् क्राआब्को कार्य गरी सिध्याएपछि बोक्नेहरूले कल्पनैमा भए पनि लाश बोकेर लाँदा हलुङ्गो नै भएको अनुभव गर्दछन्।

म्हअब् क्राआब् अभिवादनको सम्बन्धमा जे-जति वर्णन गरिएको छ त्यसबाट यो एउटा व्यक्तिगत तथा अनौपचारिक कार्य हो भन्ने देखिन्छ। यसलाई विधिवत् रूपमा गर्ने हो भने एउटा ताजा फूल, एउटा मसिनो मैनबत्ती र तीनवटा धूपहरू चढाउनुपर्दछ। मैनबत्ती तथा धूपहरू बालेर, भोग तथा नैवेद्यका अरू सामग्रीहरूसहित भव्य रूपले बुद्धको मूर्ति खडा रहेको वेदीमा उपयुक्त स्थानमा फूललाई राखिसकेपछि म्हअब् क्राआब्को क्रिया गरिन्छ। समानै भएको हुनाले राजाको सवारी त्यतैबाट हुँदैछ भन्ने कुरा अघिबाटै थाहा भएमा मौसुफमा पनि यही नै अभिवादन चढाउन सकिन्छ। राजालाई चढाउने सामग्रीको हकमा यस प्रकारका सामग्री राख्ने सुनको विशेष किसिमको किस्ती हुन्छ जसलाई अवसरको महत्त्वअनुसार ठूलो वा सानो किस्तीहरूमा विभाजन गरिएको हुन्छ। यस विषयमा विस्तृतरूपमा वर्णन गरिरहनु आवश्यक छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कसैलाई अभिरुचि भएमा यस प्रकार चढाउने कुराहरूबारे राजकुमार **दाम्रोङ राजानुभाप्बाट** लेखिबक्सेको प्रवन्ध पढ्न सकिन्छ। दाह-संस्कारमा सम्मिलित हुने व्यक्तिले एउटा मैनबत्ती, एउटा धूप र एउटा फूल मृतकप्रतिको आफ्नो अन्तिम श्रद्धाञ्जलीस्वरूप मुर्दा राख्ने वाकसमा राखिदिएर त्यसपछि एक टुक्रा दाउरा वाली चितामा राखिदिन्छ। आजकाल ताजा फूलको सट्टा काठको छ्याकनले बनाएको फूल राख्ने चलन आएको छ। यस प्रकारको फूलले चिता जलाउने दाउराका टुक्राको पनि काम दिन्छ। मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्ने र लाशलाई दाहसंस्कार गर्ने काम दुवै एकै क्रिया जस्तो गरेर गरिन्छ। यो बरावर देखिने कुरो हो।

बौद्ध धर्ममा प्रव्रजित हुन लागेको, विवाहको विधि सकिएपछि नव दम्पतीले माता-पिता वा अन्य अति आदरणीय व्यक्तिहरूलाई औपचारिक रूपमा दर्शन-भेट गर्ने; आफूले इज्जतमा धक्का लगाइदिएको तथा आफूले हुर्मत लिएको मान्छेसँग क्षमायाचना गर्ने जस्ता विशेष अवस्थामा विधिपूर्वक **ह्मअब क्राआब्** गर्न सवभन्दा पहिले ठूलो खालको धूपवत्ती र मैनवत्ती पाँच पाँचवटाको समूहमा दुई पंक्तिमा धूपको माथि मैनवत्ती राखी तिनलाई दुवै छेउमा रिबनले कलापूर्ण हिसाबले बाँधी मिलाएर राखिएको एउटा थाली तयार गर्नुपर्दछ त्यसरी मिलाएर राखिएको मैनवत्ती र धूपमध्येमा मैनबत्तीको माथि ठूलै खालको फूल अथवा फूलको गुच्छा भएको केराका पातको दुनो राखेर त्यो दुनोलाई केराकै पातले बनाइएको कोपादार ढकनीले छोपेको हुनुपर्दछ। यस प्रकारको फूल, धूपवत्ती तथा मैनवत्तीको समूहलाई थाई भाषामा **दम्रक माई थुप ठिय्न्फाय्** अर्थात् धूप र मैनवत्ती बाँधेर बनाइएको चितरामाथि राखिएको फूल भन्दछन्। यसरी विधिपूर्वक आदरभाव दर्शाउनुपर्ने मान्छेको अगाडि त्यो थालीलाई कोपादार ढकनी झिकेर राखिन्छ। यति गरिसकेपछि त्यो धूप-वत्ती आदि भएको थाली दुवै हातले उठाएर सम्बन्धित व्यक्तिलाई दिइन्छ र त्यस व्यक्तिले पनि त्यसलाई विधिपूर्वक ग्रहण गरेर उसको अगाडि राखिदिन्छ। यो **म्हअब् क्राआब्**को क्रिया तीन पटक गरेर यस प्रकार आदरभाव किन् गर्नुपरेको हो त्यसको कारण सम्बन्धित व्यक्तिलाई औपचारिक भाषामा सम्बोधन गर्दै बताउँछ। त्यस सम्बन्धित व्यक्तिले अनि अवसर सुहाउँदो केही कुरा भन्दछ। अनि फेरि एक चोटि **म्हअब् क्राआब्** गरिन्छ र त्यसपछि त्यो थालीलाई लिएर बिदाबादी हुन्छ।

यस प्रसंगमा भन्नुपर्ने अर्को एउटा कुरा के छ भने थाईको साधा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रण बोलीचाली क्राआब् र वाइलाई जोडेर क्राआब्लाई क्राआब् वाइ भन्ने गर्छन् । विस्तृत अर्थमा क्राआब्ले शिष्ट तथा सुपरिचित बोलीचालीको भाषामा "दया माग्नु" भन्ने अर्थबोध गर्दछ । राजपरिवारको सम्बन्धमा भन्नुपर्‍यो भने क्राआब्थुन् भनिन्छ यो पहिलेदेखिन् चलि-आएको शब्द हो । यसको शाब्दिक अर्थ हो क्राआब् गरी भन्नु वा सूचना गर्नु । बाहिरको अरू आफूभन्दा माथिल्लो तहको अधिकारी तथा अन्य उच्च पदको कर्मचारीलाई गरिने अभिवादनलाई क्राआब्रिएन् भनिन्छ। त्यसको अर्थ पनि त्यही नै हो, खालि सम्बन्धित व्यक्तिको दर्जाअनुसार मात्र शब्द फरक भएका हुन्।

परम्परादेखि चलिआएको थाईहरूको रीति वा मर्यादाका सम्बन्धमा यहाँनेर केही कुरा भन्नु अप्रासङ्गिक हुने छैन । थाई आफ्नो टाउकोलाई पवित्र मान्दछन्, कारण टाउको एक जना ख्वान् भन्ने रहने स्थान हो । ख्वान् भनेको त्यो जीवन-शक्ति हो जसले मानिसलाई बल र सुस्वास्थ्य दिन्छ। ख्वान् ज्यादै नै सम्वेदनशील हुन्छ र आफूप्रति कुनै किसिमको अनुचित व्यवहार भयो भने त्यसले आफ्नो अपमान भएको संझी आफ्नो वासस्थान भएको शरीरलाई छोडेर कतै जंगलतिर भट्किन पुग्छ र औप-चारिक विधि जस्तो गरी अनुनय-विनय गरेपछिमात्र आफ्नो वासस्थानमा फर्केर आउँछ। यसरी ऊ फर्केर नआएसम्म त्यो मान्छेलाई दशा लाग्ने, बिसन्चो हुने आदि भई उसको मर्यादापूर्ण तेज क्षीण हुन्छ।

यस प्रकारको विचार परापूर्वकालदेखि पुस्तौं-पुस्तादेखि चलिआएको हुनाले टाउकोको पवित्रताको कुरा जनमानसमा गाढा भएर रहेको छ। कोही मान्छेप्रति आदर तथा अभिवन्दनाको रूपमा उसको अगाडि आफ्नो शरीर-लाई धनुको जस्तो आकार बनाएर टाउको झुकाउने रीति आजसम्म पनि रहिआएको छ । कुनै त्यस्तै घनिष्टता भएको मानिसलाईबाहेक थाईले आफ्नो टाउकोमा अन्य कसैलाई थपथपाउन दिंदैन । जतिसुकै मन पर्ने नै भए पनि स्वास्नीमान्छेको हात लोग्नेमान्छेको टाउकोमा पर्न गयो भने उसको मर्यादापूर्ण तेज क्षीण हुनजान्छ, कारण स्वास्नीमान्छेको हात ख्वान्को लागि अलच्छिनको हुन्छ र त्यसप्रति संवेदनशील हुन्छ। कोही जवान मान्छेको टाउको उसकी तरुनी स्वास्नीले छोएको वा उसले आफ्नो टाउको स्वास्नीको काखमा राखेको देखेमा पुरानो मान्छेले घृणापूर्वक आँखा तर्ने गर्दछ। स्वास्नीमानिसको सुकाउन टाँगिएको लुगाको मुन्तिरबाट कोही पनि लोग्नेमान्छे जाँदैन । कुनै स्वास्नीमान्छेको लुगाफाटोले लोग्नेमान्छेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पवित्र टाउकोलाई छोयो भने उसको मर्यादापूर्णस्थितिमै धक्का पर्छ । अनि उसको जादूपूर्ण कलासम्बन्धी सम्पूर्ण पवित्र गुण तथा शक्तिहरू क्षीण हुन्छन् अथवा हराउँछन् ।

कुनै उच्च व्यक्ति वा जेठोबाठो वा आपनो बराबरको स्थितिका अन्य व्यक्तिहरूको अगाडि बसिरहँदा वा उभिरहँदा वा तिनीहरूको अघिल्तिरबाट जानलाग्दा त्यस्तो व्यक्तिको टाउकोको सीधा वा त्यो भन्दा अग्लो नहुने गरी झुकेर वा निहुराएर विनयशीलताको भाव धारण गर्नुपर्दछ । कुनै उच्च व्यक्ति थाई परम्परागत चलनले रगमा वा चटाईमा बसिरहेको भए उसको अगाडि जाँदा घुँडाले टेकेर वा घिस्रिएर जानुपर्दछ । त्यस्तो व्यक्ति मेचमा बसिरहेको भए उसको अगाडिबाट जाँदा झुकेर जानुपर्दछ । यस्तो व्यक्ति हिँडिरहेको भएमा पनि त्यस्तै गर्नुपर्दछ । यस्तो व्यक्तिसँग कुराकानी गर्नुपरेमा सबभन्दा पहिले ह्याअब् क्राआब् गर्नुपर्छ । छुट्टिने बेलामा पनि त्यस्तै गर्नुपर्छ । अघि भनेझैं टुक्रुक्क लाएर बस्नुपर्ने र एकातिर ढल्केर बस्नुपर्ने कुराको कारण पनि यही नै हो ।

एउटा अर्को कुरा के भन्नु छ भने कोपिलाएको कमलको फूलका वा वाइको आकारमा हातलाई राख्दा निधारभन्दा माथि हुने गरी कहिल्यै राख्नु हुँदैन । अघिपछि जीवनमा वास वा उद्धारको आग्रह गर्ने कैदी वा भीखमाग्ने भिखारीले यस प्रकारको वाइ ज्यादातर गर्ने गर्दछ । यस प्रकारको कार्यलाई ठेट बोलीमा "टाउकोलाई छोप्ने गरी (पूजा भावमा) हातलाई उठाउने" भनिन्छ जस्तो "प्रेत"ले आफूलाई लाग्ने गरेको अतिशय भोकबाट "छुट्कारा पाउनको निमित्त वरदान" (वा पुण्य) पाऊँ भनी प्रार्थना गर्दा गर्ने गर्दछ किनकि "प्रेत" को मुख सियोको आँखाजत्रो मात्र हुन्छ ।

थाई संस्कृति, नवीन माला सं. १४, २५०६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विधि-विधान र रीतिथिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेदः– ५

विधि-विधान र रीतिथिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाइल्याण्डमा उर्वरा-शक्तिको पूजाविधि

भौगोलिक बनौटको हिसाबले थाइल्याण्डलाई उत्तरी, उत्तर-पूर्वी, मध्य तथा दक्षिणी गरी चार मुख्य क्षेत्रहरूमा विभाजन गरिएको छ । मध्य क्षेत्रलाई थाईहरूले आफ्नो बोलीमा "धान र पानीको भण्डार" भनी ठीक मिल्ने गरी भन्ने गरेका छन् । अरूभन्दा यो विशाल र समथर मलिलो भाग हो जसलाई पाँचवटा ठूलठूला नदीहरूले सिचन गरेका छन् । तिनमध्ये प्रमुखचाहिं चाउ फ्रया ही जसलाई विदेशीहरूले माय्नाम् भनी गलत नामकरण गरेका छन् । माय्नाम् भन्नाले खालि नदी मात्र भन्ने बोध हुन्छ । यस विस्तृत मैदानको तल्लो भाग पानीको प्रवाहले बराबर ढाकिने गर्दछ र यसलाई कैयन् नहरहरूले ठाउँ-ठाउँमा काटेका छन् । यस क्षेत्रमा बसोबास गर्ने मानिसको मुख्य व्यवसाय धानखेती हो । जुन दक्षिण-पश्चिमी हावाले ल्याउने वर्षामा भर पर्दछन् । ग्रामीण जनता यस यामटायममा हुने प्राकृतिक कुरालाई ठूलो महत्त्व दिन्छन् किनभने तिनीहरूको जीविकाको मुख्य आधार नै धानको बाली हो । सुख्खा परेमा वा ठीक समयमा पानी नपरेमा अनिकाल हुन्छ र तिनीहरूलाई ठूलो कष्ट हुन्छ । अरू देशका ग्रामीण जनताझैं थाई किसानहरू पनि आगामी वर्षा ऋतुमा यथेष्ट वर्षा होस् भन्नाका लागि तन्त्रमन्त्रतिर लाग्दछन् ।

थाइल्याण्डको सबभन्दा बढी गर्मी महीना अप्रिल हो । वर्षाकाल शुरुहुनुभन्दा ठीक अघि अप्रिल महीनाको आधाआधीमा सोङक्रान् भन्ने थाइल्याण्डको परम्परागत नयाँ वर्षको चाड पर्दछ । यो चाड बर्मा, कम्बोडिया तथा लाओस अधिराज्यका जनताहरूले पनि मनाउने गर्दछन् । विदेशीहरूको दृष्टिमा पर्ने यस चाडको मुख्य विशेषता ठूलो मनोरञ्जनको रूपमा पानी छ्याप्नु हो । स्वे यी (सर जर्ज स्कट) ले आफ्नो बर्मा तथा त्यसको जीवन र अवधारणा भन्ने पुस्तकमा सोङक्रान् को समयमा बर्मामा हुने पानी छ्याप्ने प्रसंगलाई सविस्तार वर्णन गरेका छन् । थाइल्याण्डमा माले प्रायद्वीपमा भएको दक्षिणी क्षेत्रबाहेक अरू सम्पूर्ण भागमा जतासुकै यो पानी छ्याप्ने पर्व मनाइन्छ । दक्षिणी क्षेत्रको जलवायु खास गरी वर्षा सम्बन्धमा अन्य क्षेत्रसित मिल्दैन । वर्षायाम अरू क्षेत्रमा मेदेखि अक्टोबर महीनासम्म हुन्छ भने दक्षिणी क्षेत्रमा अगष्टदेखि जनवरी महीनासम्म हुन्छ र देशका अन्य भागसँगको तुलनामा त्यस क्षेत्रमा वर्षा नहुने भन्ने कुरा बिरलै मात्र हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोङक्रान् भन्ने पर्व यथार्थमा दक्षिणी क्षेत्रमा मनाइँदैन । त्यहाँ पानी छ्याप्ने चाड नै हुँदैन । यथार्थमा हामी के सम्झन सक्छौं भने देशको अरू भागमा मनाइने **सोङक्रान्** चाडको अर्थ पूर्वकालमा मात्र मनोरञ्जनको अतिरिक्त जरूर पनि अर्को थियो होला । यो शायद अनुकरणात्मक तन्त्रमन्त्रको जस्तैले उस्तै दिन्छ भन्ने सिद्धान्तअनुसार तन्त्रमन्त्रद्वारा प्रचुर वर्षा प्राप्त गर्ने एक प्रकारको उर्वरतासम्बन्धी विधि थियो ।

सोङक्रान् चाडपछि पनि मौसम गरम र सुख्खा नै रह्यो र स्थिति दुई हप्ता भन्दा पनि बढी रही पर्नुपर्ने पानी कुनै लक्षण देखा परेन भने मानिसहरूमा आफ्नो भविष्यबारे पीर पर्न थाल्दछ किनभने तिनीहरू समयमा जमीन जोत्न काम शुरु गर्न पाउँदैनन् । अरू केही गर्न नसक्ने भएपछि तिनीहरू जादूविद्यातिर लाग्छन् । एउटा यस्तो जादू विधिअनुसार एउटा बिरालीलाई तखतामा बेसरी बाँधेर बाँसमा हाली बोकेर जुलूस निकाल्छन् । बिरालीको यस्तो जुलूस स्वेच्छापूर्वक सम्मिलित हुन आउने अनगिन्ती स-साना बालक तथा युवकहरूले लगाएर गाउँभरि घुम्छ । तिनीहरू सबै एकस्वरले जोड-जोडसित जुलूससित सम्बन्धित सुपरिचित शब्दहरू भट्याउँछन् । कुनै ढोलक वा झ्याली जस्ता वाद्यवादनहरू भेटिएमा हल्ला बढी गर्नको लागि जोड-जोडसित बजाउने गर्दछन् । यसबाट अक्सर हुल्लडबाजी हुन जान्छ । कहिले-कहीं त मर्यादा पनि नाघ्न पुग्छ । जुलूसमा भाग लिने धेरैजसो मानिसहरू वास्तवमा धेरथोर रक्सीले मात्तिएका हुन्छन् ।

बाटोमा पर्ने प्रत्येक घरको अगाडि रोकिन्छ र आदिम जमानाको गीतको ताल-सुरमा द्रोहोऱ्याई तेह्र्याई नाचगान हुन्छ । त्यस गीतको बोल अंग्रेजी रूपान्तरमा यस प्रकार छः—

हे **नाङ** (बिराली) पानी देऊ **नाङ** म्याउको टाउकोमा खन्याउन चोखो पानी (**नाम मोन्**) देऊ ।

"कौंडी देऊ (पैसाको प्रतीक), धान देऊ र बिरालीलाई लामो नोलले काँधमा बोकेर लैजान ज्याला देऊ ।"

त्यसपछि त्यस्तै किसिमका अरू गीत वा गानाहरू गाइन्छन् । त्यसमा शब्दहरू अलि भिन्नै खालका हुन्छन् । जुन यौनसूसूक हुन्छन् । प्राज्ञिक प्रयोजन-को लागि तिनमा एउटा गीतमा भएको शब्दावली तल दिइएको छ :—

"चार मुसलधारा पानी पर्छ,

वज्रले भक्तिनीलाई (अनेकन् थाई हास्यकथाहरू तथा लोककथाहरूमा पाइने एक पात्र) हान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नारी मेडको जय !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिनीलाई नंग्याएर पुदेन्दा हेर ।

घनघोर वर्षा वर्षन्छ, वर्षन्छ, घनघोर वर्षा वर्षन्छ ।"

जुन घरको अगाडि जुलूस रोकिएको हुन्छ त्यहाँबाट मानिसहरू निस्केर पानी खन्याई निथ्रुक्क पारिदिन्छन् र केही रुपियाँ-पैसा दिन्छन् । घरघरपिच्छे यही क्रिया हुन्छ । यसरी संकलन गरिएको पैसा जुलूसमा भाग लिने युवाहरूले जुलूसको काम सकिएपछि खानेकुरा तथा मनोरञ्जनको लागि मदिरा खरीद गर्नमा खर्च गर्छन् ।

पाल्तु जन्तुहरूमा बिरालाहरू पानी मननपराउने हुन्छन् । उनीहरूलाई यस प्रकारको व्यवहारदेखि अघोर झोंक उठ्ने हुन्छ। हुनसक्छ बिरालो सुख्खाको मूर्तरूप नै हो । यस क्रियालाई त्यसैले एक किसिमको फकाउने क्रियाको रूप भन्न सकिन्छ जसमा जादू-टूना गरी बिरालोलाई निथ्रुक्क पारेर झरीको दिन ल्याउने प्रयत्न गरिन्छ । प्रश्न उठ्छ यसको लागि भाले बिरालोको प्रयोग नगरी पोथी बिरालोलाई किन गरिन्छ ? हुनसक्छ पोथी बिरालो पनि उत्पादन-शीलता र प्राचुर्यको प्रतीक हो र अश्लील शब्द वा शब्दहरूको प्रयोग प्रकृतिलाई पानी वर्षाई आफ्नो भूमिका खेल्नलाई उत्प्रेरित गरिन्छ । आदिम विचार-अनुसार उत्पादनशीलताको प्रक्रिया पूरा गर्नका निमित्त भिन्नाभिन्नै लिङ्गका दुई सहभागीहरूको आवश्यकता पर्दछ । पृथ्वीमातालाई पहिलेदेखि उत्पादनशीलताकी देवीको रूपमा मानिआएको छ । यसैले तिनलाई पुरुष-सहभागीको जरूरत पर्दछ । त्यो सहभागी आकाशदेव हुन् । अश्लील शब्दहरू अर्थात् अश्लील वस्तुहरूको प्रयोगको मतलब पृथ्वीमातामा पानी, सम्भवतः आफ्नो वीर्य वर्षाउने आफ्नो भूमिका खेल्न आकाशदेवलाई सम्झाउनुको साथै उत्प्रेरित गर्नु हुन सक्छ । पृथ्वी-माताले त्यो वीर्यलाई आफ्नो गर्भ अर्थात् माटोमा धारण गर्दछिन् र यथासमयमा उद्भिज उत्पन्न हुन्छ ।

पानीलाई पर्न लगाउने एउटा तरकीबमध्ये थाइल्याण्डका किसानहरूमा प्रचलित छ। यसलाई थाई भाषामा **फान् मेघ** भन्दछन् । यसको अर्थ हो बादललाई आकार दिनु । यो एउटा माटोको मूर्ति हो । यसमा एक जना लोग्ने-मानिस र एक जना स्वास्नीमानिस अँगालो मारेजस्तो गरी आपसमा टाँसिएर बसेका वा सुतेका स्थितिमा हुन्छन् । कुनै कुनै स्थानमा यी मूर्ति ज्यादा बसिरहेको रूपमा बनाइएका पाइन्छन् र अन्य स्थानहरूमा यसको ठीक विपरीत हुन्छ । खडेरी परेको बेला गर्मीको दिनमा खेतको गोरेटो वा धानको खेत-नजीकको बाटोबाट हिंड्दा बाटोको छेउछाउमा यस्ता माटाका मूर्तिहरू परिरहेका देखिन्छन् । तिनीहरू ठूला-साना विभिन्न आकारका हुन्छन् । कोही एक बित्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जत्तिको सानो हुन्छ त कोही त्योभन्दा ठूलो । ती मूर्तिहरू धेरैजसो गाउँका साना साना केटाहरू तथा युवकहरूले जेठाबाठाहरूको नैतिक अनुमति वा प्रोत्साहन पाएर बनाएका हुन्छन्। मेरो एक जना नृशास्त्री मित्रले एक दिन मलाई जीउ आकारको एउटा यस्तो मूर्तिको तसवीर देखाउनुभएको थियो त्यो तसवीर उहाँले आफैंले खिच्नुभएको रहेछ । मूर्तिचाहिं हिले माटोबाट बुट्टा उठ्ने गरी कुँदिएको थियो । त्यो तसवीर उहाँले ब्याङ्ककदेखि नजीकै एउटा धानको खेतमा चार वर्ष जति अघि खिच्नुभएको रहेछ । यस्ता मूर्तिहरू थाइल्याण्डको मध्य क्षेत्र जहाँसुकै पनि शायद सबैलाई थाहा भएकै कुरा हुन्छ । यस्तो मूर्ति पूर्व वर्णन गरिएअनुसारको जुलूसको खटमाथिकी विरालीसँग कहिलेकाहीं देख्न पाइन्छ ।

यस किसिमका मूर्तिहरू बनाउने क्रममा जपिने केही शब्द वा शब्दहरू हुन्छन्, त्यसलाई **मोन्** अर्थात् संस्कृत भाषामा 'मन्त्र' भनिन्छ जसको अर्थ जादू-टुना, मोहनी भन्ने हुन्छ । यस देशमा अनेक मन्त्रहरू छन् जुन आँखा दुखेको वा झिंगे माछाले टोकेको घाउ निको पार्न, कुनै खास किसिमको फलफूलको रूख रोप्नेदेखि लिएर बोक्सी विद्याद्वारा शत्रुको हानि-नोक्सानी गर्ने जस्ता अनेक-विध काममा लगाइन्छ । **मोन्**का शब्दहरू खास गरी थाई भाषाका र तिनीहरूमा धेरैजसो यौनसँग सम्बन्धित अश्लील शब्द हुन्छन् । कहिलेकाहीं पालि र संस्कृत शब्दहरू वाक्यांश तथा गाथा अर्थात् श्लोकहरूको रूपमा **मोन्**को मूलपाठमा **मोन्** अक्सर हिन्दूहरूको पवित्र शब्द **ओम्** शब्दबाट प्रारम्भ हुन्छ र बहुधा **स्वाहा स्वत** र कहिलेकाहीं मात्र **फुट फाठ्** अथवा अरू पालि वा संस्कृतमा पवित्र शब्दहरूबाट सँगै अन्त्य गरिएको हुन्छ । स्पष्टतया यस्ता शब्दहरू भारतीय मूलका विशेष गरी पूर्वी भारत, तिबेत तथा छिमेकी मुलुकहरूमा धेरैजसो पाइने पछिपछिको बुद्धधर्मको मन्त्रयान संप्रदायको गुह्यभतमा भएको कुरा देखिन्छ ।

"बादल आकार बनाउने" सम्बन्धी **मोन्**को पाठको अंग्रेजी रूपान्तर तल प्रस्तुत छ ।

"बादलको आकार बनाऊ र गोप्य रूपले मात्र पाठ गर ।
मान्छेहरूले नदेख्ने गरी कपडाको पर्दा लगाऊ। पुदेन्दाको आकार बनाऊ र पानी अन्धाधुन्ध पर्नेछ ।"

उल्लेखनीय छ – यस **मोन्**को प्रारम्भमा **ओम्** र अन्त्यमा **स्वाहा स्वत** भन्ने शब्दहरू छैनन् । यसबाट के अन्दाज हुन्छ भने यस मन्त्रलाई पाठ गर्ने **व्यक्ति**ले यसलाई गम्भीर रूपमा नलिई ख्यालख्याल वा ठट्टाको रूपमा ज्यादा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिइएको हुन्छ । मोन्हरू अक्सर शब्दांशहरू नापतौल गरी सम्झन सजिलो पर्ने खालले लयबद्ध रूपमा रचना गरिएको हुन्छ । शारीरिक पीडा वा रोगव्याधिको उपचारसम्बन्धमा मोन् पाठ गर्दा पाठ गर्ने व्यक्तिले रोगीको कानमा परोस् भन्ने विचारले चर्को स्वरले उच्चारण गर्नुपर्दछ । अपेक्षै नगरेको त्यस्तो शब्द-सहितको मोन्को पाठ सुनेपछि बिरामीलाई पनि कुतकुती लाग्दछ, अस्थायी रूपमा नै भए पनि उसको पीडा कम हुन्छ ।

"बादलको आकार बनाएको" मूर्तिसँग सम्बन्धित अर्को मूर्तिलाई इन् भन्दछन् । यो पनि आलिंगनमा बद्ध नरनारीको मूर्ति हो। मैले आजसम्म देखेकोमा यसको आकार ठूलोमा डेढइन्ची जति लामो सानोमा फाउन्टेन पेनको आकारको र सबभन्दा सानोमा सानो बेरीको आकारजतिको देखेको छु । यो मूर्ति मिश्र धातु, हस्तीहाड वा कडा काठको बनेको हुन्छ। कोही कोही थाईहरू स्त्री-पुरुष जसले पनि इन् मूर्ति लिएर हिँडेका हुन्छन् । यसरी इन् मूर्ति लिएर हिँड्ने मानिसहरू सम्पन्न र समृद्ध हुन्छन् भन्ने लोककथा छ । उदाहरणको लागि बर्मेलीहरूको तुलनात्मक रूपले बढी बसोबास भएको उत्तरी थाइल्याण्डको छियङमाईमा इन् मूर्तिहरू धेरै पाइने र बर्मेली भाषामा इन् शब्दको अर्थ जादूमय चोक वा अन्य सम्बन्धित वस्तुहरू भएको हुनाले मलाई इन् शब्द बर्मेली मूलको हो भन्ने लागेको छ । यस वर्ष (सन् १९६०) को शुरूमा म रंगूनमा छँदा मैले इन्को सम्बन्धमा सोधपूछ गर्ने अवसर प्राप्त गरे । रंगून विश्वविद्यालयका एक जना बूढामान्छेबाहेक कसैले पनि यसबारेमा मलाई चित्तबुझ्दो कुरा बताउन सकेनन् । मैले वर्णन गरेअनुसारका मूर्तिहरू बर्मामा नपाइने त होइनन् तर ती मूर्तिहरू गाउँका मानिसहरूमा मात्र सीमित छन् । आधुनिक मानिसहरू भएठाउँमा पाइँदैन भनी उनले बताए । पछि मैले ब्याङ्ककमा थाहा पाएँ– इन्लाई नियन्त्रण गर्ने साधकको रूपमा गूढ किसिमले पाठ गर्ने थाई मोन् मन्त्र त्यहाँ रहेछ । असंख्य लठिबज्र शब्दहरू भएको यस पवित्र मंत्र मूलपाठ हेरी विचार गर्दा इन् मूर्तिको सम्बन्ध पहिले जानकारी पाएअनुसार सम्पत्ति तथा समृद्धिको अभिवृद्धिभन्दा पनि प्रणयलीलासँग रहेछ भन्ने कुरा मनमा पर्न जान्छ । यसका अतिरिक्त सुत्ने बेलामा इन्लाई आफूसँगै राखेर त्यसलाई नियन्त्रण गर्ने किसिमले मन्त्र पाठ गर्नुपर्दछ भन्ने पनि सुनेको छु । यसबाट इन् उत्पादन-शीलतासँग सम्बन्धित जादू-टुनाको वस्तुको वर्गभित्र पर्दछ भन्ने थाहा हुन्छ ।

उत्पादनशीलतासम्बन्धी संस्कार, संस्कृतिको विकास तथा परिस्कारले गर्दा स्पष्ट वा अस्पष्ट कुनै न कुनै रूपमा विश्वभरि नै पाइन्छ । अन्य छिमेकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुलुकहरू अति कम मात्रामा अभिलिखित संस्कारहरूसित तुलनात्मक अध्ययन गर्नको लागि थाइल्याण्डमा पाइने उत्पादनशीलतासम्बन्धी संस्कारहरूको केही जानकारी उपलब्ध गराउने उद्देश्यले यो लेख प्रस्तुत भएको हो।

जे. एस. एस., खण्ड ६८, २५०३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खअग विधि (सामुन्ने-महा बाइसि)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ख्वान् र यसको विधि

१ प्रकृति तथा मतलब

बालक बूढो सबैमा ख्वान् हुन्छ भन्ने प्राचीन कालदेखिको विश्वास थाइल्याण्डका मानिसहरूमा आजसम्म पनि रहिरहेको पाइन्छ। यो हो कि ऊ हो स्पष्ट थाहा नभएको ख्वान् एउटा देहहीन कुरा हो जो सबै व्यक्तिको भौतिक शरीरमा रहेको हुन्छ भन्ने विश्वास गरिन्छ। यो यसरी रहेसम्म मानिसको सुख र स्वास्थ्य कायम रहन्छ। यसले शरीरलाई छोड्नेबित्तिकै मानिस विरामी पर्छ या कुनै न कुनै किसिमको दशा उसलाई लाग्दछ। बराबर सातो जाने, तर्सिने बच्चाको ख्वान् पनि त्यस्तै हुन्छ। ख्वान् बिच्केपछि एकलासमा उडेर पुग्छ र मन ठेगाना-मा नआएसम्म फर्कदैन। बालक ठूलो भै बलियो हुँदै गएपछि ख्वान् पनि बलियो हुँदै जान्छ। यसको आनी-बानी पनि जसको भौतिक शरीरमा यसले बास गरेको हुन्छ उसको जस्तै हुन्छ।

यस किसिमको विश्वास थाइल्याण्डका थाईहरूमा मात्र होइन बर्माको माथिल्लो भेगका लाओस अधिराज्यका लाओसीहरू, झानहरू तथा अन्य देशका अल्पसंख्यक थाई समूहहरूमा पनि रहेको पाइन्छ। वास्तवमा यो विश्वास दक्षिण पूर्वी-एसियाका अरू जातिमा रहेको छ भन्न सकिन्छ। यो विश्वासको जरो परापूर्व कालमा गडेको र यसको अवशेष भाषा, विधि-विधान तथा ख्वान्सित सम्बन्धित रीतिरिवाजमा निहित कैयन् थाई अभिव्यक्तिहरूमा आजसम्म कायम रहेको पाइन्छ।

ख्वान् मानिसहरूमा मात्र सीमित भएर रहेको छैन। ख्वान्को सम्बन्धमा मनाइने केही चाड पर्वहरू तथा थाई भाषामा पाइने केही अभिव्यक्तिहरू समेतको आधारमा हामी मानिसलाई उपयोगी हुने केही जीवजन्तु, रूख, वनस्पति तथा निर्जीव वस्तुहरूको आ-आफ्नो ख्वान् हुन्छ भनी भन्न सक्छौं। उदाहरणको लागि हात्ती, घोडा, भैंसी, गोरु, घरको कुनै खम्बा, बयलगाडा, धानको खेत वा धान र शहरको पनि आ-आफ्नो ख्वान् हुन्छ।

ख्वान् भनेको यसैले मानिस तथा जीवजन्तुहरूको कल्याणको लागि नभै नहुने जीव-सिद्धान्तको प्रकृतिमा हुने कुरा हो भन्न सकिन्छ। कुनै कुनै निर्जीव वस्तु-हरूको पनि ख्वान् हुन्छ किनकि यस्ता निर्जीव वस्तुहरूमा आफ्नै सत्व वा देवताले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वास गरेको हुन्छ ।

परम्परागत रूपमा विशुद्ध किसिमको थाई घर काठले बनेको हुन्छ । सबभन्दा महत्त्वको मानिने घरको भाग पहिलो खामो हो जसलाई **ख्वान्** खामो वा मूल खामो भनिन्छ । घरको खामोको छनौट गर्ने तथा त्यसलाई विधिपूर्वक ठड्याउने सम्बन्धमा आफ्नै नियमहरू छन् । पहिले-पहिले मानिसहरू घर बनाउँदा छर-छिमेकीहरूको मदत र सहयोग लिएर बनाउँथे । यसो गर्दा तिनीहरूले सबभन्दा पहिले गर्ने काम लक्षणको चिह्न भएका खामाहरू जुटाउने हुन्थ्यो । त्यस्ता खामाहरू तिनीहरू सीधा रूखहरूबाट जुटाउँथे जुन उनीहरूले जंगलमा ढाल्दथे । आज-भोलि जंगलमा पाइने प्रत्येक ठूलो रूख एउटा वृक्षात्माको वास भएको मानिन्छ । त्यो आत्मा कुनै नर कुनै नारी जातिको हुन्छ । वलयगाडा, डुंगा, घर जस्तो बनाउन काम लाग्ने रूखमा नारी आत्मा हुन्छ जसलाई **नाङमाइ** अर्थात् वनदेवी भनिन्छ । यस्तो कुनै आर्थिक मूल्य नभएको पीपल र वरका रूखमा पुरुष आत्मा हुन्छ जसलाई **रूखदेवदा** अर्थात् वृक्ष देवदूत भन्छन् । यो कुरा सुनी-बुझी थाहा भएको हो । रूख काटेर ढालिसकेपछि पनि त्यसको आत्मा अर्थात् सत्व त्यसैमा रहिरहेको हुन्छ भन्ने अन्धविश्वास छ । यसैले घरको खामो बनाउन एकभन्दा बढी जङ्गलका रूखहरूको प्रयोग गर्नु हुँदैन, त्यसो गरेमा विभिन्न ठाउँहरूबाट आएका रूखहरूमा वास गरिरहेका नारी-आत्माहरूको स्वभावतः आपसमा झगडा हुन थाल्छ र परिणामस्वरूप घरमा बस्ने मानिसहरूलाई शान्ति हुँदैन । बयलगाडा तथा रूख खोक्रो पारेर बनाएको डुङ्गामा पनि यसरी नै घरको खामोको जस्तै आत्मा हुन्छ । धानको खेत वा धानमा पनि अन्नपूर्णाको वास हुन्छ । त्यसै गरी शहरको पनि आफ्नै थान देवता हुन्छ । स्वभावतः आत्माधारी जुनसुकैमा पनि **ख्वान्** हुन्छ ।

ख्वान् शब्दलाई आत्मा वा सत्त्वको अर्थबोध गर्ने चिनियाँ शब्द **ख्वान्** (पुरानो चिनियाँ उच्चारणअनुसार 'कुन' वा 'गुण') सँग तुलना गरी हेरेपछि मानिसहरूमा थाई **ख्वान्** र चिनियाँ **ख्वान्** एउटै हुन् भन्ने विश्वास पर्न जान्छ । यसबाट हामी निःशङ्क के भन्न सक्छौं भने थाई भाषाको **ख्वान्** शब्दको मूल अर्थ 'आत्मा' थियो । चिनियाँ **ख्वान्** शब्द पानीको बाफ र पिचाश बुझाउने दुई शब्द मिलेर बनेको छ । अंग्रेजी शब्द 'स्पिरिट' र संस्कृत शब्द 'आत्मन्' अर्थात् आत्माको व्युत्पत्तिको हिसाबले 'सास' (याट्मस्फियर=वायुमण्डलसँग दाँजौं) भन्ने अर्थबोध हुने भएको हुनाले क्रमशः 'धूवाँ' र 'सपना' को अर्थबोध गर्ने थाई **खवान्** (जसमा 'ग' मधुर प्रश्वासबाट उच्चारण गरिन्छ) र 'फ्वा' (जसमा 'फ' कठोर प्रश्वासबाट उच्चारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छ) शब्दहरू पनि ख्वान्[1] शब्दकै एउटै मूलबाट व्युत्पन्न भएका हुन् भन्न मन लाग्छ ।

'आत्मा' बुझाउने आधुनिक थाई शब्द विञ्ञाण हो । यो पाली शब्द विञ्ञाणबाट आएको हो । यसको मूल 'चेतना' हो । निश्चय नै थाईहरूले यो शब्द दक्षिण सम्प्रदायको बौद्ध धर्म ग्रहण गरिसकी थाइल्याण्डमा बसोबास गरिसकेपछि अपनाएका हुन्– यसमा शंका छैन । लाओली ज्ञान बर्मेली तल्लो भेगको वर्माका मोन र कम्बोडियाली सबैको आधुनिक भाषामा 'आत्मा'लाई बुझाउने एउटै शब्द 'विञ्ञाण' नै छ । थाई, लाओसी र ज्ञानहरू जसलाई ख्वान् भन्छन्, त्यसलाई बर्मेलीहरू लिपट्या, कम्बोडियालीहरू प्रलुङ र मोनहरू

---

१. यससम्बन्धी जुन चिनियाँ अक्षर छ त्यसबाट हामीले गरेभन्दा बढी सरल अर्थ खुल्दछ । यो अक्षरमा पनि अरू धेरैजसो चिनियाँ अक्षरहरूमा जस्तै दुई भाग छन् : एउटा अर्थको भाग अर्को ध्वनिको भाग ।

अर्थ-भागमा लाक्षणिक चित्रले भूतप्रेत, राक्षस आदि बुझाइएको हुन्छ भने ध्वनि-भाग आधुनिक चिनियाँमा यून उच्चारण हुने चिह्न । यस चिह्नको पुरानो चिनियाँ उच्चारण 'यून' वा 'ययून' हुन्छ । शुरुमा आउने ख् वा ह् फला ध्वन्यात्मक तत्त्वको रूपमा प्रयोग हुने सबै शब्दहरूको ग्राह्य पारिवारिक भेदहरूमध्येको खालि एउटा रूप हो ।

निश्चय पनि त्यो लाक्षणिक चित्रको तर्जुमा गर्नेहरूले त्यो ध्वन्यात्मक चिह्नको चयन पहिले त त्यसको ध्वनिको लागि गरेका हुन्, तर द्वितीयतः त्यसको मौलिक अर्थ 'बादल' को संयोगवश हुन गएको उपयुक्तताको लागि पनि हुन सक्छ । तर चयनको यो दोस्रो कारणबारे कुनै तर्क शक्तिको आड लिन सकिंदैन । दृष्टान्तको लागि उपर्युक्त चिनियाँ अक्षर पुराना शास्त्रीय लेखोटहरूमा सधैं प, ओ, वा प, च हरूसँग रहेका हुन्छन् तर यहाँ ध्वन्यात्मक भाग प्वो वा पच छ जसको अर्थ 'सेतो' हो र जसबाट स्पष्टतः कुनै अर्थपूर्ण योगदान हुँदैन ।

मुख्य कुरा अब यति हुन आउँछ कि एउटा भूत (उपर्युक्त लाक्षणिक चिन्ह) लाई 'हुन्' (चिनियाँ ध्वनि चिह्नअनुसार) भन्छन् भने, अर्कोलाई 'प' 'ओ' (चिनियाँ ध्वनि चिह्नअनुसार) भन्छन् ।

यसबाट हास्रो तर्कको 'आम्मन्' भाग अमिल्दो सिद्ध त हुन्छ तर.... ख्वान्, फवाको अजमाइएको रूपमा गरिएको 'परिवारगत' समूहीकरणमा प्रतिकूल असर पर्दैन । –पीटर बी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुङ खमाउ भन्छन् । बौद्ध धर्मले आत्मा अमर छ भन्ने कुरा नमान्ने र यो कुरा एशियाका यस भोगका मानिसहरूको आत्मावादी विश्वाससँग मेल नखाने भएको हुनाले पुरानो विश्वाससंग सम्झौता गर्ने हिसावले उनीहरूले दक्षिणी सम्प्रदायको बौद्धधर्मको भाषा पालिबाट **विञ्ञाण** शब्द अपनाएका होलान् । यो कुरा बौद्ध धर्म मान्ने मानिसहरूमा अझै पनि देखिन्छ । यी मानिसहरूको भाषामा 'आत्मा' बुझाउने **विञ्ञाण** शब्द उनीहरूमा पाइने भएको हुनाले यो शब्द प्राचीन कालका मोनबाट आएको होला भन्ने शङ्का गरिएको छ । कारण के भने, यी प्राचीन मोनहरू एशियाको यस भागका अरूको दाँजोमा सभ्य जाति थिए । उनीहरू थाई र बर्मेलीहरूभन्दा अगाडि नै आएका हुन् । जे होस्, **ख्वान्** शब्द त्यसको आफ्नो मौलिक अर्थमा नभए तापनि त्यसबाट एक अर्कै अर्थमा आजपर्यन्त प्रचलित भैरहेको देखिन्छ । जुन कुरा तल दिइएका थाई शब्द र अभिव्यक्तिहरूबाट बुझ्न सकिन्छ ।

बच्चा जन्मँदा यसको अन्तरजात **ख्वान्** पनि त्यो बच्चाजत्तिकै दुर्बल हुन्छ । यस अवस्थामा भएको बालकलाई **ख्वान् अ:न्** अर्थात् कलिलो **ख्वान्** भन्दछन् । यसको अर्थ विस्तार भएर **ख्वान् अ:न्**को अर्थ आजको प्रचलनमा 'स्नेहपूर्ण माया' भन्ने हुन्छ जस्तो कि एकजना आमाको आफ्नो सन्तानप्रति हुन्छ । त्यसै पनि तर्सिने कुनै तरुणी आइमाईलाई तरुण मानिसले ठट्टाको भावले **ख्वान् अ:न्** अर्थात् कलिली **ख्वान्** भन्ने गर्दछ ।

केही कुराले अकस्मात् तर्सेर कोही बालकको सातो गयो र एकनासले धेरै बेरसम्म चिच्याई चिच्याई कराउन थाल्यो भने उसको **ख्वान्**ले छोडेर गयो भनी विश्वास गरिन्छ । यस्तो अवस्थाको **ख्वान्**लाई थाई भाषामा **ख्वान् हाडइ, ख्वान् न्ही** वा **ख्वान् बिन्** भन्दछन् जसको अर्थ क्रमशः **ख्वान्** अलपिन्छ, भाग्छ वा उडेर जान्छ भन्ने हुन्छ । विस्तृत अर्थमा यी तीनमा कुनैलाई अत्यास वा आश्चर्यको अवस्था बुझाउन प्रयोग गर्न सकिन्छ ।

कोही मान्छेलाई सराहना गर्नुपर्‍यो भने **खाम् ख्वान्** अर्थात् **ख्वान्**का शब्दहरूको प्रयोग गछौं ।

कोही मानिस भयभीत भएर त्यसको नतिजास्वरूप मरि नै हाल्यो भने हामी **ख्वान् न्ही दी फ्व:** भन्दछौं । त्यसको शाब्दिक अर्थ हो, **ख्वान्** भाग्यो, पित्त सुक्यो ।

'अचानकको त्रास'लाई **ख्वान् ख्वाय्न्** भनिन्छ । त्यसको मतलब हो **ख्वान्** कतै लत्रङ्ग परेर झुन्डिरहेको छ । यो अभिव्यक्ति आजभोलि साहित्यमा मात्र पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ख्वान्लाई धम्काउनुको अर्थ त्रास हो र त्यसलाई विनाश गर्नुको अर्थ (थाम्लाई ख्वान्) तर्साउनु हो।

कुनै व्यक्तिलाई राम्रो वा नराम्रो भन्नु क्लाउ ख्वान् गर्नु अर्थात् त्यस व्यक्तिको ख्वान्को बारे कुरा गर्नु हो।

हिम्मत हार्नु सिया ख्वान् हुनु हो अर्थात् ख्वान् को सर्वस्व हुनु हो। यी दुईलाई उल्टो पाल्टो गरेमा ख्वान् सिय हुन्छ, जसको अर्थ हुन्छ सर्वस्व भएको ख्वान्।

सैनिकमा हुने जस्तो 'हौसला' बुझाउनुपर्‍यो भने ख्वान् दी अर्थात् राम्रो ख्वान् भनिन्छ। हौसला कायम राख्नुलाई बाम्रूङ ख्वान् अर्थात् ख्वान्लाई बल दिनु भनिन्छ।

अघिपछि झैं सामान्य रूपमा आफ्नो विछ्यौनामा सुतिरहेको कुनै बच्चा एकाएक तर्सेर चिच्याएर रोयो र रोइनैरह्यो भने उसकी आमा वा नजीकमा जो छ त्यसले हल्कासित उसको छातीमा झटपट थपथपाएर 'ए ख्वान् आफ्नो जीउमै थपक्क बसिरहू, थपक्क बसिरहू' भन्दै शान्त पार्ने खोज्दछ। यसो गर्नुलाई राव् ख्वान् भन्दछन्। त्यसको अर्थ हो ख्वान्को अभ्यर्थना गर्नु। अर्को अर्थमा यसको माने बालकलाई फुल्याउनु वा शान्त पार्नु अथवा आफूसित रिसाइरहेकी आफूले माया गरेको केटीलाई मनाउनु हो।

सातो गएको ख्वान्लाई ढाडस दिन वा हौसल्याउन थाम् ख्वान्को विधि नगरी हुन्न। आजभोलिको बोलीमा यसलाई 'भएको क्षतिपूर्ति गर्नु' भन्ने हुन्छ। कसैलाई कसैको वस्तुभाउ वा चीज-वस्तुलाई हानि-नोक्सानी पुर्‍याउनको अर्को ख्वान्लाई चोट पुर्‍याउनु हो। त्यसलाई पछि-पछि जस्तो सामान्य गर्न थाम् ख्वान् गर्नुपर्दछ।

थाम् ख्वान् गरिसकिएपछि सहभागीलाई दिइने कुरालाई खश्रङ ख्वान् वा ख्वान्को वस्तु भन्दछन् तर आजभोलिको प्रयोगमा यसको अर्थ कुनै उपहार वा सौगात हुन्छ।

ख्वान् शब्दको प्रयोग कहिलेकाहीं मूल्यवान् वस्तु वा स्नेहको पात्र बुझाउने कुनै-कुनै नामको साथै विशेषणको रूपमा गरिन्छ। उदाहरणको लागि मिया ख्वान्, लूक ख्वान्, सुवन् ख्वान् आदि। यिनीहरूको अर्थ क्रमशः स्वास्नी, बहुमूल्य बालक, बहुमूल्य बगैंचा भन्ने हुन्छ।

आफूलाई अति मन पर्ने कसैलाई सम्बोधन गर्नुपर्‍यो भने ख्वान् चाइ (शाब्दिक अर्थ 'मुटुको ख्वान्'), चअम् ख्वान् (शाब्दिक अर्थ ख्वान्को चरम विन्दु) र ख्वान् त शाब्दिक अर्थ 'आँखाका ख्वान्' भन्छन्। यिनमा अन्तिम दुई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शब्द प्रायः कवितामा पाइने शब्द हुन् । ख्वान् फ्वा (जसको शाब्दिक अर्थ स्वर्गिक ख्वान हो) को अर्थ 'अतिप्रिय' हो ।

आँखा, कान, मुख, नाक र हातहरूका आ-आफ्नै ख्वान् हुन्छन्, ती हुन्, ख्वान् ता, ख्वान् हु, ख्वान् पाक्, ख्वान् चमुक र ख्वान् मुअ । यी शब्दहरूको अगाडि तिनीहरूको अर्थ नाम लिइएको शरीरको अंगको सुख भन्ने हुन्छ । जस्तो– पेन् ख्वान् टा भन्नाले 'आँखाको सुख' भन्ने हुन्छ ।

परम्पराअनुसार एक व्यक्तिमा बत्तीसवटा ख्वान् हुन्छन् । यो परम्परा थाइल्याण्डका थाईहरूमा विशेष गरी उत्तर र उत्तर-पूर्वीमा लोओसीहरू र शायद झान्हरूमा पनि प्रचलित छ तर ब्याङककलगायत मध्य-क्षेत्रका थाई-हरूमा भने अहिलेसम्म यो परम्परा पाइँदैन । ख्वान्लाई सम्बोधन गरी गरिने अनेक प्रार्थना तथा स्तुतिहरूमा उत्तर-पूर्वी थाईको क्षेत्रीय भाषामा एकै व्यक्तिमा अनेक ख्वान्हरू भएको चर्चा छ । अघि भने झैं आँखा आदिको ख्वान्का अतिरिक्त मुटु, आन्द्रा, मृगौला आदिका पनि ख्वान् छन् । ख्वान्हरू बत्तीसवटा छन् भनिए पनि तिनीहरू कुन कुन हुन् मैले पत्ता लगाउन सकेको छैन । धेरै मानिसहरू आत्माको अनेकतामा विश्वास गर्दछन् तापनि त्यसको संख्या यत्तिको पुगेको छैन । संभवतः बत्तीसवटा ख्वान्को कुरा पछि बौद्ध धर्मको प्रभावले गर्दा आएको हो । त्यस मुटुमा मानिसको शरीरमा बत्तीस ओटा विभिन्न अंग हुन्छन् भनिएको छ ।

२. ख्वान् र तत्सम्बन्धित शब्दहरू

थाई भाषामा ख्वान्सँग सम्बन्धित तीन शब्दहरू छन् जसले ख्वान्को स्वरूपलाई जटिल बनाइदिएका छन् । ती शब्द हुन् सिङ, चेतभूत र चाइ ।

सिङ पनि ख्वान् जस्तै मानिसमा रहने निराकार वस्तु हो । छोडेर नगएसम्म उसले उसलाई सम्पत्ति र सम्वृद्धि दिइरहन्छ । बोलचालमा सिङ शब्द अवसर ख्वान् शब्दसँग जोडिएर आउँछ, जस्तो– सिङख्वान् । यसको अर्थ सम्भवतः एउटा यस्तो रहस्यमय शक्ति हो, जसबाट कसैको भाग्य वा संपत्ति निर्धारण हुन्छ भनी विश्वास गरिएको हुन्छ । सिङ शब्दलाई मानिसको जिन्दगी, प्रारब्ध र भावी बुझाउने चिनिया शब्द सिङसँग तुलना गरी हेर्दा तिनी-हरू दुइटै एउटै शब्द हुन् भन्ने मलाई लाग्दछ । 'जीवन'को अर्थबोध गर्ने पालि भाषाको शब्द छिवित लाई आत्मसात् गरेपछि थाईले आफ्नो सिङ शब्दको मौलिक अर्थलाई गुमाउन पुगेको छ । थाइल्याण्डबाहिरका कैयन् थाई जातिहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तो कि आसामका एहोम, टोङ्किङका थो र अन्य थाईहरू, दक्षिणी चीनका दिओइ र नुङका भाषाहरूमा अझ पनि भिङ शब्द कायमै रहेको छ जसको अर्थ जीवन हो।

ख्यान् शब्दले जस्तै भिङ शब्दले पनि मूल अर्थ जीवनलाई छोडी भाग्य वा ऐश्वर्यलाई बुझाउन पुगेको छ। पछिल्लोलाई फेरि भाग्य, सम्वृद्धि, धन-सम्पत्ति, सौन्दर्य र सुयश अर्थबोध गर्ने संस्कृत र पाली मूलका श्री र सिरि शब्दहरूद्वारा अतिक्रम गरिएको छ। थाईहरूमा श्री र सिरि शब्दहरू यति लोकप्रिय छन् कि ती दुई शब्दहरू माथि बताइएको अर्थमा दैनिक व्यवहारमा प्रयोग भएका पाइन्छन्। तिनीहरू थाईका कैयन् उपाधि बुझाउने नामका अगाडि तथा कैयन् नारीका व्यक्तिगत नामहरूका पछाडि प्रयोग गरिएका पाइन्छन्। यसैले भिङ शब्दको अर्थ अस्पष्ट हुन जानुमा कुनै आश्चर्य छैन। यो आजभोलि सीमित प्रयोगमा बाँधिएर रहेको छ। अघि भनेको भिङ्ग ख्वान् भन्ने जोडी-शब्दलाई छोडेर, सुन्दा अनौठो लाग्ला, 'भिङ' शब्द अक्सर उस्तै शुरुको स्वर भएको शब्दद्वारा अघि लगाइएको हुन्छ, जस्तो– भिङ मुअङ र भिङ मिया। मुअङ शब्दको अर्थ शहर हो भने मिया शब्दको अर्थ स्वास्नी हो। भिङ उपसर्ग लागेका भिङमुअङ र भिङ मिया शब्दको अर्थ अति उत्तम वा मूल्यवान् शहर तथा अत्युत्तम वा अति मन पर्ने श्रीमती भने हुन्छ। यस-लाई ख्वान् को अर्थसँग दाँज्ने हो भने कोही पनि अघिभन्दा बढी विज्ञ हुनेछैन।

अब हामी चेतभूत शब्दमा आऔं। यो पाली शब्द हो, जसको मूल अर्थ एउटा यस्तो कुरा हो, जुन विचार वा चेतनाको जनक हुन्छ। यसैले अर्थको हिसाबले यो शब्द 'मन' शब्दभन्दा धेरै भिन्न छैन। तर प्रचलित लोक संला-पमा विशेष गरी अघिल्लो पिढीको माझमा कुनै त्यस्तै कुराहरूमा चेतभूत र ख्वान्को बीचमा खास अन्तर छैन। ख्वान्ले मानिसलाई त्यो बेला मात्रै छोड्छ जब त्यो भयङ्कर त्रासमा परेको हुन्छ अथवा भूतप्रेतद्वारा पिरिएको हुन्छ। चेतभूतले चाहि त्यो बेला मात्र छोड्छ जब त्यो सुती सपना देखिरहेको हुन्छ अथवा त्रासमा पर्ने डरले अभिभूत भएको हुन्छ। एकान्त ठाउँमा एक्लै हिँडिरहेको मानिसले कोही हिड्दै आइरहेको खुट्टाको आवाज सुन्दछ। ऊ सशं-कित भएर पछिल्तिर हेर्छ तर कसैलाई पनि देख्दैन। गाउँका मानिसहरूको दृष्टिमा त्यो मान्छेले जुन आवाज सुनेको हो त्यो चेतभूत बाहेक अरू कोही पनि होइन।

चेतभूतबारे एउटा लोक कथा छ, जुन थाईका विभिन्न जाति वर्गहरूमा प्रख्यात छ र जुन विषय-वस्तुमा समान भए पनि अरू बेली-विस्तारको कुरामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फरक फरक छ । त्यस कथाको एउटा वृतान्त यहाँ प्रस्तुत छ । दुई हजार यात्री-हरू एक ठाउँमा आराम गर्न बसे । तिनीहरूमध्ये एकजनालाई मस्त निद्रा लागेछ । उसको साथीले उसका नाकका प्वालहरूबाट एउटा कीरो निस्केको देख्यो । ऊ त्यसको पछि पछि लाग्यो र त्यसलाई संयोगवश एउटा पानीको दूलोभित्र सकी नसकी तैरन लागेको देख्यो । त्यसले पानीबाट बाहिर निस्कनलाई निकै कोशिश गऱ्यो । त्यो मानिसले पानीमाथि घाँसको एउटा त्यान्द्रो एक छेउले पानीलाई छुने र अर्कोले जमिनलाई छुने गरी राखिदियो । कीराले त्यो त्यान्द्रोको फाइदा लियो र पानीबाट निस्कन सफल भयो । अनि त्यो मानिसलाई पछि लगाउँदै घस्रिएर फर्कियो र अन्त्यमा त्यस सुतिरहेको मानिसको नाकको प्वालभित्र पस्यो जो अनि पछि बिउँझ्यो । उसले साथीलाई कस्तो नराम्रो सपना देखेको भनी भन्यो । सपनामा ऊ पानीमा खसेको रहेछ तर पानीमा टुप्पो निस्कने गरी ठडिरहेको एकटुक्रा काठको सहारामा बाहिर निस्कन पाएर डुब्नबाट बचेछ । त्यसपछि त्यो साथीलाई ज्ञात भयो कि त्यो कीरा उसको साथीको **चेतभूत** थियो ।

अघिल्लो पुस्ताको मानिसको मुखबाट सुनेको **चेतभूत**को कथाबाट **चेतभूत**को स्वरूप भिन्दाभिन्दै हुन्छ भन्ने थाहा पाइयो । **चेतभूत** भनेको कमिलो, झुसिल्कीरा, माकुरा अथवा जूनकीरी जस्तै कुनै झल्किने स्वरूपमा हुन सक्तछ । यही कथाको एउटा अर्को वृत्तान्तमा **चेतभूत** त्यस सुतिरहेको मानिसको नाकको प्वालबाट नभै उसको खुट्टाको बूढी औंलाको टुप्पाबाट निस्केको बयान छ । त्यस्तै पानीमा खस्नुसट्टा त्यो **चेतभूत** मुस्किलले पहाडको टाकुरामा पुगेको कुरा छ । वास्तवमा त्यो पहाड गोबरको रास मात्र थियो ।

ख्वान्का बत्तीसवटा आत्मा भए जस्तै **चेतभूत**का पनि चार आत्मा छन् । मानिस सिकिस्त बिरामी भै निको हुने कुनै आश नभएपछि बूढापाका त्यसका चार **चेतभूत** मध्ये तीनवटाले छोडेर गइसकेका छन् भन्छन् । तिनीहरूले चार आत्मा भनेको सम्भवतः पृथ्वी, पानी, वायु, र आगो चार तत्त्व हुन् र तिनीहरूलाई गल्तीले **चेतभूत** भनेका हुन् । सम्भव छ, **चेतभूत** भनेको **ख्वान्** नै हो अरू होइन बरु अन्य संसारको हो जसलाई थाईहरूले **ख्वान्**को साथसायै आफ्नो पूर्वकालीन विश्वासहरूको लपेटमा समेटेका छन् ।

ख्वान्को भौतिक स्वरूप छ भनी कतै स्पष्ट रूपमा बताइएको छैन तापनि एक्कासि तर्सेपछि **ख्वान् बिन** अर्थात् **ख्वान्** उडेर भाग्दछ भन्ने अभि-व्यक्तिले **ख्वान्**का पखेटाहरू छन् भन्ने कुरा दर्शाउँछ । लाओवासीको **ख्वान्**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऊयाउँकीरीको रूपमा हुन्छ र मलयाली र सम्भवतः इन्डोनेसियाली पनि सेमाङ्गात आत्मा अर्थात् चराको रूपमा छ र बर्मेलीको लीप ब्या आत्मा पुतलीको रूपमा हुन्छ । मरेको मानिसको आत्मा पुतली वा कीटपतंग हुन्छ भन्ने धारणा पनि यूरोपका मानिसहरूमा पाइन्छ । यसबाट ख्यान्को जरूर पनि कुनै न कुनै किसिमको रूप हुनुपर्छ भन्ने विचार गर्नलाई केही सम्भाव्य आधारहरू छन् ।

स्वे यो (सर जर्ज स्कट) ले बर्मेली, उसको जीवन तथा अवधारणाहरू भन्ने आफ्नो पुस्तकमा मानिसले 'सपना देख्ने कारण' लीप बिया अर्थात् बर्मेली पुतलीको आत्मा हो भनी लेखेका छन् । त्यो पुतली सधैं नै शरीरमा रहिरहनुपर्दछ भन्ने केही छैन, उसबाट छुट्टिनेबित्तिकै मृत्यु भइहाल्दैन । यसैले मानिस सुतिरहेको अवस्थामा उसले शरीरलाई छोडेर यताउता घुम्न जान्छ । तर यसरी घुम्न जाँदा ऊ ती ठाउँहरूमा मात्र जान सक्दछ जहाँ पहिले ऊ गइसकेको हुन्छ । थाहा भएको बाटो छोडी यताउति अल्मलिन पुगेमा सुतिरहेको मानिसको शरीरलाई ठूलो खतरा पुग्न जानसक्छ, किनकि पुतलीले बाटो बिराएर कहिल्यै फर्कन नसक्ने हुन्छ त्यसो भएपछि दुवैको मृत्यु हुन सक्छ । शरीर यसकारणले मर्दछ कि त्यसको जीवन संचारण गर्ने तत्त्व नै हराइसकेको हुन्छ र लीप बिया यसकारणले कि उसले पृथ्वीमा बस्न शरीर गुमाइसकेको हुन्छ ।

सर जर्ज स्कटले त्यसै पुस्तकमा बर्मेलीहरूको अर्को प्रकारको पनि आत्मा हुन्छ, त्यो थ्वे सीत हो भनी भनेका छन् । त्यसैलाई उनले "रगतको आत्मा" भनी रूपान्तर गरेका छन् । इण्डोचीन प्रायद्वीपका विभिन्न जातिमा आत्माप्रतिको प्राचीन विश्वास के कस्तो छ त्यसबारे ज्ञानको अभावले तुलनात्मक अध्ययनमा बाधा पुऱ्याएको छ । जे होस्, बर्मेली पुतली आत्मा र थाई चेतभूत कुनै कुनै पक्षमा एकै किसिमका देखिन्छन् ।

चिनियाँहरूको भनाइमा मानिसको आत्मा ऊ निदाइरहेको बेलामा टाउकोको शीर्षस्थ भागमा भएको एउटा छिद्रबाट बाहिर जान्छ । (हिन्दूहरू पनि ब्रह्मरन्ध्र अर्थात् ब्रह्मको प्वालको कुरा गर्छन्) टाउकोको त्यही स्थानमा भएको जुन प्वालबाट धर्मात्मा मानिसको आत्मा ऊ मर्ने बेलामा निस्केर जान्छ । मान्छेको सपना भनेको आत्माले यसरी घुम्न जाँदा गर्ने गरेको अनुभव हो । आत्मा यसरी हरेक रात भित्र आउने र बाहिर जाने गर्ने र यस प्रकार त्यसले हरबखत कुल्चिने हुनाले टाउकोको त्यस शीर्षस्थ भागको कपाल खल्बलिन्छ र त्यसैले दायाँ बायाँको भागमा झैं राम्ररी मौलाएर बढ्न पाउँदैन । खास गरी टाउकोको मध्यभागमा मात्र तालु खुइलिने कारण पनि यही नै हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाई ख्वान् पनि टाउकोको त्यसै भागबाट बाहिर जाने गर्दछ, यद्यपि यो स्पष्ट बताइएको छैन। औसत थाईलाई कसैले आफ्नो टाउको छोइदिएमा रिस उठिहाल्छ। यसरी छुने मान्छे स्वास्नीमान्छे रहेछ भने त कुरै सकियो। अझ त्यसरी छुने हात बायाँ हात पऱ्यो र त्यो पनि स्त्री जातिको भयो भने अझै नराम्रो हुन्छ किनकी स्वास्नीमान्छेको हात अशुद्ध हुन्छ। कोही पनि लोग्नेमानिस लुगाफाटोको लाइनमुनिबाट हिंड्दैन न त स्वास्नीमानिसको तल्लो अंगमा लगाउने वस्त्रले आफ्नो टाउकालाई छुन दिन्छ। आफूले मान्नु-पर्ने वा जेठो-बाठो मानिसको नजीकबाट जानपर्दा वा नजीकै उभिरहनुपर्दा उनको टाउकोको समरेखामा वा त्यसभन्दामाथि नहुने गरी आफ्नो टाउको निहुराएर बसिरहनुपर्छ। त्यस्तो मान्यजन कुनै उच्चस्थान वा मेचमा बसेको रहेछ भने उसको नजीकबाट हिंड्दा आफ्नो टाउको झुकाएर हिंड्नुपर्दछ। गलैंचामा वा भुईंमा बसेको बेलामा घुँडा टेक्ने वा चारहात टेकेर घिस्रने गर्नुपर्दछ। यी सामाजिक व्यवहारहरू यति परम्परावद्ध भैसकेका छन् कि तिनीहरू अहिले थाई शिष्टाचारको अङ्ग नै बनिसकेका छन्। औसत थाई आफ्नो टाउको बारेमा किन त्यतिको नाटीकुटी गर्छन्? कारण शायद त्यो पुरानो विश्वास हो जसअनुसार एक-आपसमा कुनै खास सम्बन्ध भएको मानिन्छ। भनूँ तपाईं-लाई दुई जना केटाहरूलाई झगडा गराउन मन लाग्यो, अनि तपाईं दुई गोलाकार वृत्तहरू भुईंमा कोरिदिनुहुन्छ र तिनमा एक जना टाउको र अर्को दोस्रो केटोको टाउको भन्नुहुन्छ। त्यसपछि तिनीहरूलाई कसले कसको टाउको-को वृत्त आफ्नो खुट्टाले पुछ्ने हिम्मत गर्न सक्छ हाँक गर्नुहोस्। तिनीहरूमा कसैले हिम्मत गऱ्यो र पुछ्यो भने त्यसलाई ठूलो अपमान मानिन्छ र यस्तो स्थितिमा ती दुईको झगडा पर्दछ। थाईहरू आफ्ना टाउको त्यतिको पवित्र मान्छन् र मलाई लाग्छ ख्वान् प्रति विश्वासले गर्दा यस्तो भएको हो।

मुटु वा मनको अर्थबोध गर्ने चाइ भन्ने थाई शब्द पनि अचम्मको छ। मायावी विद्याद्वारा चाइ लाई धन-सम्पत्ति झैं गरी मानिसबाट झिकेर लगी कतै लुकाइदिन सकिन्छ। त्यसको धनीलाई कुनै हानि-नोक्सानी हुँदैन तर त्यसले अजेयता प्रदान गर्दछ, उसलाई कुनै हतियारले पनि छुन सक्तैन। उसको डुवङ चाइ अर्थात् गोलाकारको मुटु लुकाइएको कसैले फेला पाऱ्यो र किचिमिची गरिदियो भने मात्र ऊ मर्छ। यसरी मायावी विद्याद्वारा मुटु झिक्ने कामलाई थाई भाषामा थ्रद डुवङ चाइ भनिन्छ जसको शाब्दिक अर्थ हो मुटुलाई हटाउनु। प्रकारान्तरले एक प्रेमीले आफ्नी प्रेमिकालाई आफ्नो मुटु सुम्पेको छ भनी भन्न पनि यो शब्दको प्रयोग गर्न सक्तछ। माया विद्याद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुटु झिक्न सक्ने कुराको विश्वास कुनै खास थाई साहित्यमा मात्र पाइन्छ। यसको मूल शायद भारतीय हो। डराएर तर्सिंदा चाइ अर्थात् मुटु हराउँछ र पल्टा खान्छ भने ख्वान् चाहिँ भाग्दछ र पित्त सुक्छ, कारण के हो, म जान्दिनँ। कमलपित्तको एउटा कारण रिस वा त्रास जस्तो ठूलो मानसिक आवेग भएको हुनाले 'ख्वान् भाग्दछ र पित्त सुक्छ' भन्ने कुराको कारण पनि कमलपित्तको जस्तै हो भनी सोच्न सकिन्छ।

चाइ भन्ने शब्द ख्वान् भन्ने शब्दसँग जोडी मिलेर ख्वान् चाइ ब्रन्दछ भने ख्वान् शब्द मिङसँग मिलेर मिङ ख्वान् बन्दछ। यी जोडीलाई उल्टापाल्टा गर्न सकिँदैन न तिनीहरूका अंगहरूलाई नै अदलबदल गर्न सकिन्छ। म ख्वान् चाइ संयुक्त शब्दलाई ख्वान् चाइको जीवात्मा वा मुटु भनी रूपान्तर गर्दछु अनि मिङ ख्वान्लाई मिङ मात्र वा ख्वान्को जीवन भन्दछु। मानिस हरेकको भित्र चाइ (मुटु वा मन) हुन्छ भने चाइको आफ्नै ख्वान् (आत्मा वा जीवात्मा) र ख्वान्को आफ्नै मिङ (जीवन) हुन्छ।

३. 'थाम् ख्वान्' विधि

कोही बालक कतै लडेर वा केही कुराबाट तर्सेर रुँदै–कराउँदै ज्वरांश भएर घर आयो भने मानिसहरू उसमा भएको ख्वान् निस्केर गएछ भनिठान्छन्। अनि उनीहरू, खासगरी आमाचाहिँ, एक टुक्रा कपडा, एउटा बाटा[1] र एउटा डाडु लिएर सरासर त्यो ठाउँमा पुग्छिन् जहाँबाट त्यो ख्वान् बालकलाई छोडेर गएको विचार गरिन्छ। त्यहाँ पुगेपछि नजीकै जुन ठाउँमा त्यो ख्वान् बसिरहेको छ भन्ने विचार गरिएको हो त्यता फर्केर उसलाई 'आऊ' भनी बोलाउँदै उनले डाडु चलाएर त्यो कल्पना गरिएको ख्वान्लाई उघाएर झिकी बाटामा राख्दछिन् र कपडाले छोपिदिन्छिन्। अनि घरमा आई त्यस बाटालाई बिरामी बालकको वरिपरि घेरै पटक घुमाउँछिन्। यसो गरेपछि ख्वान्ले सम्भवतः गन्धले बालकलाई फेला पारी उसमा भएको आफ्नो पहिलेको वासस्थानमा फर्केर जान सक्छ भन्ने आशा गरिएको हुन्छ। त्यति गरिसके-

१. माथि उल्लेख गरिएको बाटा थाइल्याण्डको मध्यभागमा घर घरमा भनेजस्तो पाइने पकाएको भात राखिछोड्ने पित्तलको भाँडो हो। यसलाई थाई भाषामा कीयन् भन्दछन्। यो भाँडो अक्सर बिहान–बिहान मानिसहरूले भिक्षुहरूलाई खाद्यान्न दान गर्दा देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पछि नकातेको सुतीको कताइ तथा बुनाइको काम हुने हरेक थाई घरमा पाइने डोरीले बालकलाई दुवै नाडीमा बाँधेर कसी गाँठो पारिन्छ। त्यस-पछि 'जय होस् !' भन्ने खालको शुभकामना व्यक्त गर्दै उसलाई उप-हारस्वरूप केही कुरा दिइन्छ । यस प्रकारको विधिवत् उपचार गरेपछि त्यो विरामी बालक फेरि यथावत् स्वस्थ हुनेछ भन्ने विश्वास राखिन्छ ।

यस सरल विधिमा सर्वप्रथम गरिने कार्यलाई **रियक ख्वान्** भनिन्छ जसको अर्थ हुन्छ **ख्वान्**लाई बोलाउनु । त्यसपछिको कार्यलाई **ताक ख्वान्** अर्थात् **ख्वान्**लाई उभाएर झिक्ने भनिन्छ। बालकको नाडीमा नकातेको सुती धागो बाँध्ने कार्यलाई **फुक् ख्वान्** अर्थात् **ख्वान्**लाई बाँध्ने भनिन्छ । यो सम्पूर्ण कार्यविधिलाई **थाम् ख्वान्** अर्थात् **ख्वाम्**को आराधना गर्नु भन्छन् । माथि उल्लेख गरिएअनुसार प्रचलित अर्थमा भन्ने हो भने, यसको मतलब हानि-नोक्सानीको लागि क्षतिपूर्ति भन्ने हुन्छ । **ख्वान्**को बारेमा यहाँ जे जति वर्णन गरिएको छ त्यो खास गरी थाइ-ल्याण्डको मध्यभागमा तथा व्यांककमा मात्र गरिने कुरा हो । थाइल्याण्डका अन्य क्षेत्रहरूमा यस सम्बन्धमा प्रयुक्त शब्दहरू तथा यसका विधि-विधानहरू फरक फरक हुन्छन् र दुई उप-संस्कृतिहरूको समागम भएको स्थानमा भने केही मात्रामा एकले अर्कोलाई ढाकेको देखिन्छ । उदाहरणको लागि, उत्तरी थाइल्याण्डमा **थाम ख्वान्**लाई **चोत्न ख्वान्** अर्थात् **ख्वान्**लाई बोलाउने भन्दछन् भने थाइल्याण्डको उत्तर-पूर्वी भागमा जहाँ यहाँको संस्कृतिसित लाओवासीहरूको संस्कृतिको समागम भएको छ तथा कम्बो-डियालीहरूको संस्कृतिसित यसरी नै यसको संस्कृति समागम भएको दक्षिणी दिशाको क्षेत्रहरूतिर यसलाई **सू ख्वान्** अर्थात् ख्वानको स्वागत गर्ने भन्ने गर्दछन्। नाडीमा नकातेको धागो बाँध्ने कार्यलाई उत्तरी थाइ-ल्याण्डमा **मात् मू** अर्थात् हातलाई बाँध्ने भनिन्छ। उत्तर-पूर्वमा यसलाई **फूक् खः मुअ** अर्थात् खालि नाडीहरूलाई बाँध्ने भन्दछन्। यहाँ वर्णन गरिएको **थाम् ख्वान्** विधि अर्थात् संक्षेपमा **ख्वान्** मात्र भनिएको विधि सरल रूपको हो । अलि असरल किसिमको अरू प्रकारको ख्वान् विधि पनि छ। पछि शायद सम्बन्धित मानिसको विभिन्न वर्ग तथा तहहरूसँगको सम्पर्कले अलिअलि विस्तार भै क्रमिक विकास भएकोले त्यसो हुन गएको हो।

त्यस्तै, कालान्तरमा गएर सिकिस्तै भै मरिहाल्न पनि सक्ने, थाई-हरूको प्रचलित भाषामा **साम् वान् दी मी वान् खाई** अर्थात् चार दिन स्वस्थ चार दिन अस्वस्थ हुने रोग कुनै बालकलाई लागेमा यस्तो बालक-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई थाई भाषामा हुर्काउनै मुस्किलको भनी भनिन्छ। कुनै बालक यस्तो अवस्थाको भयो भने केटाकेटीलाई सजिलोसित हुर्काउन जान्ने भनी कहलिएको मान्छेलाई त्यस बालकको ख्वान् बाँधिदिन बोलाइन्छ। त्यस्तो मान्छेले आएर बालकको दुवै नाडीमा नकातेको सुतीको डोरीले बाँधिदिन्छ। डोरी बाँध्नुअघि त्यसले डोरीको एकापट्टिको टुप्पोलाई बालकको नाडीमाथि धेरै पटक दायाँ-बायाँ दल्दै "हे ख्वान् ! मासु र शरीर (शक्ति) सित दृढ भै बस्नुहोस् र शान्त तथा सुखी हुनुहोस्" भन्ने शब्द भएको मन्त्रोच्चारण गरी बालकको मंगल कामना गर्दछ।

अपेक्षतया न्यानो हावापानी भएको ठाउँमा बस्ने गरेको हुनाले थाईवासीहरूमा शीतल शान्तिपूर्ण जीवनको अभिलाषा रहने गरेको कुरा यसबाट स्पष्ट देखिन्छ। बालकको नाडीमा डोरीको टुप्पोले झार्ने प्रक्रिया सम्भवतः भारतीय मूलको हो। यसलाई हिन्दूहरूको द्विज जातिमा जनै बाँध्ने क्रियाको प्रचलनसँग तुलना गर्न सकिन्छ। उत्तरी क्षेत्रका मानिसहरूमा "बायाँ हात बाँधी ख्वान्लाई आउनदेऊ, दायाँ हात बाँधी ख्वान्लाई बस्न देऊ" भन्ने एउटा दोहारूपी आह्वान प्रसिद्ध छ। मानिसमा ज्यान छ भन्ने कुराको प्रत्यक्ष लक्षण नाडीको स्वस्थ चाल भएकोले ख्वान्लाई नाडीमा बाँध्नुको तात्पर्य शायद यसलाई आफ्नो सीमाभित्र सुरक्षित राखिछोड्नु हो।

पचास वर्ष जति अगाडि यस देशमा एक भागको आठ खण्डमा एक खण्ड अर्थात् चार खण्डमा एक खण्ड बराबर मूल्यका दुई किसिमका चाँदीका सिक्काहरूको प्रचलन थियो। ख्वान् बाँध्ने व्यक्तिले साइज मिलाउन हुने बाला जस्तो यी सिक्काहरूको सादा कडा खालका बाजू बनाउँथ्यो। यस प्रकारको बाजूलाई थाई भाषामा 'आत्मा बाँध्ने सिक्री' भनिन्छ। विधिपूर्वक बाँध्ने व्यक्तिले यस्तो एक जोडा बाजू ख्वान्लाई उपहारस्वरूप बालकका नाडीहरूमा एउटा एकमा अर्को अर्कोमा लगाइदिन्थ्यो। सजिलोको लागि कहिलेकाहीँ बीचमा प्वाल भएका यी स-साना सिक्काहरूमध्ये कुनै एउटा नकातेको सुतीको धागोमा उनिन्थ्यो। यहाँ एउटा स्मरणीय कुरा के छ भने यी स-साना चाँदीका सिक्काहरू विधवा आइमाईसँग किनेर ल्याउनुपर्दथ्यो। चलनअनुसार बालकका आमाबाबुले ख्वान् बाँधिदिने व्यक्तिलाई विधवा आइमाईसँग जति मोल तिरेर उसले ती सिक्काहरू ल्याएको हो त्यति नै बराबरको रकम तिर्नुपर्दथ्यो। सम्भवतः पछि चलेको चलनअनुसार चाँदीको सट्टा सुन अथवा सुनमिश्रित धातुको बाजू उपयोग हुन थाल्यो। कहिलेकाहीँ त्यसमा त्यही धातुबाट बनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लघुआकारको ताल्चा पनि जडिदिइन्थ्यो । यस थितिमा विधवासँग धातु खरीद गर्नु आवश्यक रहन गएन न बालकका बाबुआमाले ख्वान् बाँध्ने व्यक्तिलाई बाजूको लागि बराबरको मूल्य पैसा तिरिरहनुपर्ने भयो । ख्वान् बाँध्ने व्यक्तिलाई बाबुआमा कृतज्ञतास्वरूप मूल्यवान् केही चीज दिने गर्न लागे । ख्वान् बाँध्ने काम साधारणतया दुई जना मानिसहरू गर्थे । तिनमा एक जना लोग्नेमानिस र अर्की उसकी स्वास्नी हुन्थे । तिनीहरूमा एक जनाले दायाँ र अर्कोले बायाँ नाडीमा पालैपालो गरी ख्वान् बाँध्थे ।

यहाँ जे जति लेखिएका छन् ती सबै ब्यांककमा मात्र भएको हुनुको साथै मेरो आफ्नो व्यक्तिगत अनुभववाट थाहा भएको कुरा हो । बाहिरी जिल्लाहरूमा विशेष गरी थाइल्याण्डको मध्यभागमा किसानहरूको समाजमा बाँध्ने रीति उस्तै भए पनि सम्भवतः अझ सरल किसिमको थियो । मलाई जानकारी भएअनुसार नकातेको सुतीको धागोमा उन्ने गरेका लघुआकारका ताल्चाहरू कहिलेकाहीँ काठलाई कुँदेर बनाइएका हुन्थे । त्यसको लागि चाहिने काठ भिक्षुको भित्री कोठाको भूईंलाई अडचाउन राखिएको थाम काटेर लिइन्थ्यो । त्यसो नभएमा त्यसको बदलामा यूरोपेली ताल्चा र साँचोको प्रचलन हुनुभन्दा अघि मानिसहरूले प्रयोग गर्ने गरेको आकारमा पुरानो ढाँचाको चिनियाँ ताल्चा जस्तो देखिने भ्यागुतोको खुट्टाको हाड प्रयोग गरिन्थ्यो । कहिलेकाहीँ टाक्रुत् अर्थात् बेलून जस्तो गोलो जन्तु आकारको गिद्धको हाड लगाउन दिइन्थ्यो ।

त्यस्तै कोही बालक बराबर बिरामी मात्र भइरह्यो र त्यो बालक केटो रहेछ भने बाबु-आमा उसलाई ख्वान् बाँध्न लगाउन भिक्षुकहाँ लिएर जान्छन् । त्यो बालक केटो नभै केटी रहिछ भने भिक्षुले बाबु-आमाले घरमा आफैंले ख्वान् बाँधिदिनू भनी नकातेको सुतीको पवित्र धागोका टुक्राहरू दिएर पठाउँछन्, किनकि भिक्षुले जानाजान केटी मान्छेलाई छोयो भने उसलाई पाप लाग्ने हुन्छ । ख्वान् बाँध्नको निमित्त बालकलाई भिक्षुकहाँ लैजानुलाई थाई वाक्-पद्धतिमा ठअद फा पाः भनिन्छ जसको शाब्दिक अर्थ जंगल वा निर्जन स्थानमा कपडा बिछ्याइदिनु हुन्छ । ठअद फा पाः एक लोचाकारको नाम हो । जसअनुसार बौद्ध भिक्षुको वस्त्र पुण्य आर्जनको लागि कुनै हाँगामा टाँगेर राखिन्छ ता कि कुनै भिक्षु आई खिचेर लान सकोस् । प्राचीन कालमा बौद्ध भिक्षुहरू याचकी जीवनयापन गर्दथे । नियमानुसार भिक्षुहरूसँग एउटा सिवाय बढी चीवर हुनु हुँदैनथ्यो त्यो पनि तीन टुक्रा गाँसिएको । आफ्नो जीउमा लगाएको भन्दा बढी लुगाफाटा उनीहरू आफूसँग राख्न पाउँदैनथे । ती वस्त्रहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फाटे-च्यातिएमा मिल्किएको कतै पाएको कपडाले त्यसलाई टालटुल गर्नुपर्दथ्यो। यसरी पाएको कपडालाई धोई, रँगाई चाहिने साइज र आकारमा काट्ने गरिन्थ्यो। पछि शायद कुनै धार्मिक प्रवृत्तिको व्यक्तिले यसरी फाटे-टालेको लुगा लगाएको भिक्षुको दुर्दशा देखेपछि एउटा रूखको हाँगामा कपडा राखिदिन्थ्यो र बाटोमा हिंड्ने भिक्षुले देखेपछि त्यसलाई तानी आफ्नो लागि प्रयोग गर्थ्यो। नियमअनुरार वर्षावासपछिको महिनामा वाहेक अरू बेला भिक्षुले कसैले पनि दिएको लुगा ग्रहण गर्न हुँदैन। त्यो महिनामा विधिपूर्वक कसैले दान गरेको वस्त्र संकलन गरी ग्रहण गर्न सक्तछ। यसरी दान गरिएको वस्त्रलाई कथिन् वस्त्र भन्दछन्। आजकाल ठअद फा पाः दानको चलन आएको छ, जसअनुसार अन्य वस्तुहरूसहित वस्त्रलाई रूखको हाँगामा टाँगेर दिइन्छ। यसरी प्रदान गर्ने वस्त्रलाई एउटा बुट्टेदार टोकरी वा भाँडोमा राखेर रूखको एउटा चिरेको हाँगामा झुन्ड्याएर राखिन्छ। साथै अन्य वस्तुहरू पनि हाँगामै झुन्ड्याएर राखिन्छन्। यी वस्तुहरूमा प्रमुख एउटा ठूलो रुमाल हुन्छ, जसलाई एउटा लामो हातखुट्टा भएको ढेडुजस्तो देखिने गरी भिलाइएको हुन्छ, जसको मतलब त्यसलाई जंगलवासीको रूपमा देखाउनु हो। ठअद फा पाः दानको अवसरमा कहिलेकहीं अनेकन् शृंगारिएका टोकरीहरू हुन्छन्। यसमा धेरै मानिसहरूले सहयोग गरेका हुन्छन्। यिनीहरूलाई भव्य जुलुससहितबाट अर्थात् बौद्ध विहारमा लगिन्छ। त्यहाँ भिक्षुहरूले ती कुराहरू आफैले लिने गर्छन्।

ठअद फा पा.को रूपमा खवान बाँध्ने भिक्षुकहाँ बराबर बिरामी पर्ने बालकलाई लैजानुको मतलब फीऽ अर्थात् आत्मालाई छकाउने चाल हो। बालक बराबर बिरामी पर्न थाल्यो भने फीऽले त्यसलाई[1] छिनेर लैजान खोजेको

---

१. लोक-धारणामा मानिसको रचना फीऽबाट भएको भन्ने छ। फीऽले शायद अलिकति माटो लिएर आफूलाई मन परेको रूपको बालकको मूर्ति बनाउँछ। अनि त्यो मूर्तिलाई कुनै आइमाईको गर्भमा राखिदिन्छ र गर्भधारण हुन्छ। बच्चा जन्मेको तीन दिनभित्र फीऽ त्यसलाई हेर्न जान्छ र त्यो बच्चा अझै आफूलाई मन परेको रूपको भएमा उसलाई लिएर जान्छ। त्यसको अर्थ हो बच्चा मर्दछ। यसैले थाईहरूको प्रसिद्ध उक्ति छ– तीन दिनको (बच्चा) फीऽको बच्चा चार दिनको (बच्चा) मानिसको बच्चा। यसको मतलब हो–जन्मेको तीन दिनपछि फीऽको दास हुनलाई मर्न सक्तछ। फीऽलाई छकाउने एउटा तरीका छ। त्यस तरीकाअनुसार बच्चालाई जन्मने बित्तिकै बेचिदिइन्छ यसो गरेर त्यो बच्चा त्यो आइमाईको बच्चा होइन भन्ने विश्वास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनी मानिसहरू ठान्छन् । ठ्रद फा पा:को रूपमा त्यसलाई छोडिदिएपछि त्यो बालक भिक्षुको हुनजान्छ र फीऽले उसलाई अरू बढी दु:ख दिने हिम्मत गर्नेछैन भन्ने विश्वास गरिन्थ्यो कारण केभने भिक्षु पवित्र हुने हुनाले फीऽ ऊ-देखि डराउने गर्छ ।

आमाबाबुलाई, खास गरी आमालाई, केही समय बच्चालाई हेरविचार गर्न अरू कसैको जिम्मा छोडी बाहिर जानुपऱ्यो भने तिनले उसको दुवै नाडीमा नकातेको सुतीको डोरी बाँधिदिन्छिन् । 'अनि म सकेसम्म चाँडो आउँछु, तिम्रो मङ्गल कल्याण होस् भनी' फुस्त्याउने बोली बोल्नुपर्दछ । जाने बेलामा आमाले यस प्रकार विदाबारी हुने रीत पुऱ्याइन् भने तिनी गएपछि बालकमा खिन्न भएका लक्षणहरू देखा पर्नेछन् र अनि रुने-कराउने गर्न थाल्छ । मानिसहरूमा यस प्रकारको विश्वास आजसम्म पनि रहिरहेको छ । आमा कतै गएको अवस्थामा कोही बालक सञ्चो नभै वा कतै दुखेर छिन-छिनमा रुने-कराउने गर्न लाग्यो भने वरपरका मानिसहरूले तिनको कुरा काट्दै 'कस्ती आधुनिक भिजासकी आइमाई रहिछ, यस्तो पहिलेदेखि चली आएको चलन पनि मान्दि-रहिनछ' भन्ने गर्छन् ।

थाइल्याण्डको उत्तर तथा उत्तर-पूर्वी भागमा आफूसँग केही दिन बस्न आउने विशिष्ट पाहुनाहरूका लागि थाम् ख्वान् विधि गर्ने चलन छ । मध्य-थाइल्याण्डमा पनि धेरै दिन बाहिर बसी घर आउने तथा युद्धको मोर्चाबाट फर्कने व्यक्तिको लागि यस्तो विधि गरिन्छ । यस प्रकारको थाम् ख्वान्को प्रकृति भने माथि गरिएको थाम् ख्वान्को प्रकृति जस्तो सरल हुँदैन । न त अन्य धार्मिक संस्कारसँग सम्बन्धित थाम् ख्वान्को प्रकृति नै यस्तो हुन्छ । यी विधिहरूको चर्चा गर्नुअघि अर्को अध्यायमा थाम् ख्वान्सम्बन्धी केही सर-सामग्रीको वर्णन गर्नु आवश्यक हुन्छ ।

पारिन्छ । फीऽलाई अझ अरू छकाउन त्यस बच्चालाई त्यस्तै अप्रिय अर्थ भएका भैंसी, कुखुरा, भ्यागुता, बदमास, सानो आदि नामकरण गरिन्छ । यस्तो नाम सुनेपछि यस्तो नाम भएको बच्चामा त्यही नामअनुसारको लक्षण हुन्छ भन्ने ठानी उसलाई लिएर जाँदैन । यस प्रकारको नाम कहिलेकाहीं त्यो बच्चा ठूलो भैसकेपछि पनि विनापरिवर्तन रहिरहन जान्छ । त्यो बालक ठूलो भयो र रोगी जीउ रहिरह्यो भने आमाबाबुले के विश्वास गर्छन् भने यसरी दु:ख दिइरहने फीऽ नै हो र उसैले बालकलाई ठ्रद फा पा: रीतिले भिक्षुलाई सुम्पने चलन चलेको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाइसी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४. 'थाम् ख्वान्' विधिसम्बन्धी वस्तुहरू

थाम् ख्वान् विधिसम्बधी मुख्य वस्तु बाउई सी (बाउईमा भएको आईको उच्चारण दीर्घ हुन्छ) यो कम्बोडियाली मूलको शब्द हो, जसको शाब्दिक अर्थ ख्वान् चामल अर्थात् सगुनको चामल हुन्छ। उत्तरी थाइल्याण्डमा पनि यसलाई बाउई सी नै भन्छन् तर यसमाको बाउईकी उच्चारण लघु हुन्छ र यसको माने सगुनको पात अर्थात् ख्वान् सी अथवा सगुनको किस्ती भन्ने हुन्छ। उत्तर-पूर्वी थाइल्याण्डमा भने यसलाई बाउई सी भनिन्छ जुन निसन्देह बाउई सीको अपभ्रंश रूप हो।

बाउई सी दुई किसिमका हुन्छन् : बाउई सीपाक् छाम् जसको शाब्दिक अर्थ थालीको किनारा बाउई सी हुन्छ र बाउई सीथाई जसको अर्थ ठूलो बाउई सी भन्ने हुन्छ। यसलाई कहिलेकाहीं बाउई सीछान् अथवा बाउई सी ताँग पनि भनिन्छ।

बाउई सी पाक् छाम : यस प्रकारको बाउई सी तीन ओटा कुराहरू मिलेर बनेको हुन्छ : (क) क्रुबई अर्थात् कोणाकारको भाँडो, (ख) नोम् म्याउ अर्थात् बिरालोको स्तन तथा (ग) म्याऊदा (राज–नँगटो अर्थात् घोडाटापे गँगटी)

(क) क्रुबई : यो कोणाकारको भाँडोलाई केराको पात काटेर दोब्र्याई बनाइएको हुन्छ र त्यसमा भात भरि राखिन्छ। यथार्थमा क्रुबई अर्थात् कोणाकारको आइसक्रिम जस्तै हुन्छ। यसलाई ठूलो खालको थालीको माझमा यसको गोल पीँध पर्ने गरी राखिन्छ। यसको धुरीमा बेस्करी उसिनेको हाँसको फुललाई खोस्टा छोडाई सानो काठको कप्टेरोले प्वाल पारेर राखिन्छ। (उत्तरी भागमा कुखुरीको वा हाँसको फुल प्रयोग गरिन्छ उत्तर पूर्वी भागमा कुखुरीको फुल मात्र प्रयोग गरिन्छ। त्यहाँ हाँसको फुलको अनुपातमा कुखुरीको फुल प्रचुर मात्रामा पाइने हुनाले त्यसो गर्ने गरेको होला)। यो फुललाई खाई ख्वान् अर्थात् ख्वान्को फुल भनिन्छ। ख्वान् फुलको माथि एउटा काठको सिन्काले घोचेर एकमाथि अर्को फुलको झुप्पा वा पंक्ति मिलाई राखिएको हुन्छ।

(ख) नोम म्याउ अर्थात् बिरालोको स्तन : प्रत्येक बिरालोको स्तन केराको पातको पाठोले बनाएको हुन्छ, जसलाई एकनासको आकारमा काटी तलतिर बाँकी रहने 'पुच्छर' समेत भएको च्याप्टो त्रिकोणाकार काँडको चुच्चो आकार बन्ने गरी दोबारिएको हुन्छ र यिनमा तीनवटा स्तनहरूलाई एउटा साझा ठूलो खालको धूरी भएको सर्वोपरि त्रिकोण आकार परेको एउटै इकाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बन्ने गरी क्रमानुगत रूपमा एकमाथि अर्को खप्टचाएर राखिएको हुन्छ तर सर्वोच्च विन्दुभन्दा अलि तल घोचाहरूजस्ता स–साना (बिरालोका स्तनहरू) शिखरहरू अलिकता बाहिर निस्कने गरी राखिएका हुन्छन्। यिनमा तीनवटा त्रिकोणाकार बहुशिखरधारी इकाइहरू थालीको बिटभन्दा केही पर अडाएर बाहिर निस्केका शिखरहरू भएको थालीको वरिपरि एक-अर्कोबाट बराबरको दूरीमा राखिएका हुन्छन्। त्यस स्तनको बाँकी सबभन्दा तलका टुप्पाहरूलाई थालीको भूइँ बन्ने गरी एक अर्कोसित बुनेर थालीको भुइँ बनाई तिनीहरू खुकुला नहून् भन्नाका लागि एउटा सानो काठको घोचोले एक-आपसमा उनिदिएको हुन्छ। यसरी ती तीन इकाइहरू किरणको सूत जस्तै गरी अलग-अलग रहे तापनि तिनीहरूका टुप्पाहरूद्वारा माझमा संगसँगै उभिएर रहेका हुन्छन्। सबैलाई यथास्थानमा स्थिर राख्नको लागि अर्को अंकुसीको रूपमा भातले भरिभराउ भएको कुबईकोणलाई टुप्पाहरूको माथि थालीको बीचमा चुच्चोलाई माथितिर फर्काएर राखिन्छ। यसो गर्दा कुबईको कोण वरिपरि रहेको इकाइका शिखरहरूभन्दा अझ माथि हुनुपर्दछ। यिनै कारणहरूले **गर्दा थाली सीमा बाई सीलाई** कहिलेकाहीं **बाऽई–सि नोम् म्याउ** अर्थात् बिरालाका स्तनहरूको **बाऽई सी** भनिन्छ।

(ग) **म्यांगडा** : केराको पातलाई दाँती भएको पातको आकारमा काटी **म्यांगडाको** (राज गँगटो) जस्तो बनाइन्छ। यस वस्तुको नाम यसैले यस्तो रहेको हो। त्यो दाँती परेको पातलाई हेर्दा त्रिकोण–आकारको छानोजस्तो देखिने गरी बीचमा दुई फ्याक गरी काटिन्छ। यस म्यांगडाको तीन टुक्रा, कहिलेकाहीं चार टुक्रा पनि **नोम म्याउ** अर्थात् बिरालाका स्तनहरू जस्तै गरी **नोम म्याउको** बीच-बीचमा ठाउँ ठाउँमा राखिएका हुन्छन्। **म्यांगडाको** एउटा लामो टुप्पो पनि हुन्छ जसलाई अन्य दुईवटा टुप्पाहरू काटेर **नोम म्याउजस्तै** गरी राखिएको हुन्छ। यसको आकारले होला शायद यस्तो **म्यांगडालाई** कहिलेकाहीं **टाउ** अर्थात् कछुवा भनिन्छ।

लाम्चो गरी काटेको तीनवटा पाकेको केराको टुक्रालाई **नोम म्याउ** अर्थात् बिरालाका स्तनहरूका पत्रपत्रमा घुसारिन्छ। परम्परागत रूपमा प्रयोग गर्ने केरालाई यसको जातले गर्दा **कुबई नाम्थाई** भनिन्छ। लाम्चो गरी काटेको काँक्रोको तीन टुक्राहरूलाई पनि एकएक गरी त्यस म्यांगडामाथि राखिन्छ। यी केरा र काँक्राका टुक्राहरूलाई त्यसै नै दुवै ठाउँमा एकपछि अर्को गरी **बाऽई सी** थालीमा राख्न सकिन्छ। केरा र काँक्राका तीन टुक्राहरूको सट्टामा कहिलेकाहीं मिठाईका तीन टुक्राहरू पनि प्रयोग गरिन्छ। यसरी प्रयोग गरिने मिठाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साधारणतया **खानोम टोम खाउ** नामको किसिमको हुन्छ । **खानोम टोम खाउ** शब्दको अर्थ उसिनेको सेतो मिठाई भन्ने हुन्छ । यो मिठाई ताडको सानो मिस्रीको डल्लो च्याटच्याट लाग्ने चामलको पिठोमा हालेर केटाकेटीको ढुंगाको गुच्चा जत्रो त्यही आकारका हुने गरी मुछेर डल्लो पारी बनाइन्छ । त्यसपछि यसलाई पकाएर यसमा नरिवलका स-साना टुक्राहरू छर्किदिइन्छ । यो हिन्दूहरूले आपना पितृहरू तथा देवदेवीहरूलाई चढाउने भनी मैले सुनेको हिन्दूहरूको **मोदका** भन्ने मिठाई जस्तै देखिन्छ । यसको प्रयोग थाईहरूले पनि त्यस्तै काममा गर्दछन् । त्यसको सट्टामा अरू किसिमका मिठाईहरू पनि प्रयोग गर्न सकिन्छ ।

यसरी चढाइने एकै मेल बनेका अन्य वस्तुहरू पनि तीन मेलका छन् ती हुन्—लाम्चो टुप्पामा चुच्चिएको मैनबत्ती, धूपबत्ती र फूल यिनीहरूलाई बिरालाको स्तन र राजगंगटाको बीचमा पालैपालो गरी **बाउई सी** थालीको वरिपरि घोचेर राखिएको हुन्छ । धेरै फूलहरू, खासगरी चमेलीको फूल सजाएर राख्न सकिन्छ । एकहात जति लामो नकातेको सुतीको डोराहरू बिरालोका स्तनहरूको वारपार राखिएका हुन्छन् । यी डोराहरूको **ख्वान्** बाँध्ने काममा प्रयोग गरिन्छ । थाली सीमा **बाउईसी ख्वान्** अथवा कुनै देवदेवीलाई चढाइने वस्तु हो । कुनै देव-देवीलाई कुनै कुरा चढाएपछि यस प्रकारको धागाहरू आवश्यक हुँदैन ।

आलोचनात्मक टिप्पणी : थाली सीमा **बाउई सी** भनेको प्रत्यक्ष खाद्य वस्तु तथा मिठाईहरूको थाली हो जुन **ख्वान्**लाई बलिको रूपमा चढाइनेछ। यो शायद आंशिक रूपमा भारतीय मूलको हो। कट्टर धर्मावलम्बी हिन्दूहरू शाकाहारी हुन्छन् र कुनै कुनै स्थानहरूमा खानेकुरा केराको पात वा त्यस्तै प्रकारको वस्तुले बनेको तपेसमा राखेर खाने गर्दछन् । थाईहरू भने थालमा राखेर खान्छन् । थाल पाइँदै नपाइने भएको अवस्थामा मात्र उनीहरू केराको पातको लपेसमा खाने गर्दछन्, जस्तो वनभोजमा गर्छन् । थाई परम्परागत रीतिस्थितिअनुसार खाद्यवस्तु तथा मिठाई प्रेतात्मा वा देवदेवीहरूलाई चढाउनुपरेमा सधैँ नै परम्परावाट चली आएको चलन अनुसार तोकिएको बनोटको केराको पातको लपेस वा केराको खम्बाको सुत्लोमा राखेर चढाउने गर्दछन् । खाद्य वस्तु तथा मिठाईहरू **ख्वान्** र देवी-देवतालाई चढाउनेमा एउटा कुराको भिन्नता छ । **ख्वान्**लाई चढाउने बेलामा **ख्वान्**लाई धारण गर्ने व्यक्ति जहिले पनि अगाडि प्रत्यक्ष हुन्छ जबकि देवी देवतालाई धारण गर्ने कुनै कुरा दृश्य हुंदैन । **ख्वान्** लाई धारण गर्ने व्यक्तिको सम्मानमा चढाइने खाद्यवस्तु तथा मिठाईहरू थालमा नराखी केराको पातको लपेसमा राखी चढाउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अशिष्टतापूर्ण देखिन्छ । कुनै ठूलो थाल वा किस्तीमा केराको पातको लपेसलाई हालेर यस्तो कुरा चढाउनु सम्भवतः परंपरा र थाईको स्वीकृत सुआचरणको बीजको सम्झौताको परिणाम हो । आजकाल पनि आफूले मान्नुपर्ने कसैलाई एक गिलास पानी अथवा निमन्त्रणापत्र नै दिनुपर्दा यसो नगरी त्यसै हातैले दिने गर्दा नराम्रो नमानिने गरेको निःसन्देह अन्य संस्कृतिहरूको प्रभावले गर्दा हुन गएको हो ।

कुवई भनेको खाद्यवस्तु छोप्नको लागि प्रयोग हुने बाँसले बुनेको कोणाकारको ढकनी हो । यसलाई थाई भाषामा **फ्वाः छी** भनिन्छ । यो अधिकांश थाई घरहरूमा पाइन्छ । **फ्वा : छी** लाई सधैं रातो कपडाले ढाकेको हुन्छ । त्यस्तै विशेष अवसरमा कुचीनको कपडाले छोप्ने गर्दछन् । थाई खानेकुरा परम्परादेखि चलिआएको रीतअनुसार रिकापीहरूमा हालेर किस्तीमा मिलाएर राखिन्छन् । यसैले खानेकुरालाई खाने बेला नभएसम्म छोपिराख्नको लागि **फ्वाः छी** एउटा आवश्यक कुरो हो ।

कुवईको शीर्षस्थ भागमा राखिएको ख्वान् फुल जीवन तत्त्वको प्रतीकले वा ख्वान् धारण गर्नेले विधिपूर्वक खाएमा दोस्रो आध्यात्मिक पुनर्जन्म हुन सक्छ । (इष्टर फूलसँग तुलना गरी हेर्नु) ।

नोम् म्याउ अर्थात् "बिरालोको स्तन तथा **म्यांग्डा** अर्थात् "राजगँगटा' निश्चय पनि दाँतीदार शृंगारको रूपमा केराको पातका लपेसको वरिपरि राखिने कुरा हुन् । केराको पातको सर्वोत्तम किसिमको लपेसको वरिपरि दाँतीदार किनारा उठ्ने गरी बनाइएको हुन्छ । यस्तो लपेसलाई थाई भाषामा **क्राठोङ् चम्** अर्थात् अग्लो किनारा भएको क्राठोङ् भन्छन् । यस्तो लपेस सानो आकारको भएमा ठूलो गहिरो थालीमा राख्दा टाढाबाट वरिपरि अग्लो किनारा मात्र थालीको घेराको माथि चुस्स उठेर निस्केको देखिन्छ । कालान्तरमा भात तथा अन्य खानेकुरो राख्न उपयुक्त भाँडोको रूपमा थालको प्रादुर्भाव भएपछि केराको पातको लपेस प्रयोग गर्न छोडियो होला । हुन पनि, त्यसो भएपछि बिनसित्ति लपेसको प्रयोग गरिरहनुपर्ने आवश्यकता पनि भएन् । दाँतीदार किनारा भएको केराको पातको लपेसको अस्तित्व खालि त्यसको किनाराको सिंगारमा मात्र रहन गयो ।

भारतको हिन्दूहरूमा कलकत्ता जस्तै कुनै कुनै स्थानहरूमा काटेर टुक्रा टुक्रा पारेको केरा तथा काँक्राहरू राम्रा परिकार मानिन्छन् । केरा तथा काँक्राहरू ख्वान् को लागि पनि शायद मिष्ठान्न हुन्छन् र यिनको चलन भारतबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आएको हो ।

बाउई सी मा प्रयोग हुने वस्तुहरूको संख्या जहिले पनि तीनओटा हुन्छ । यो संख्या थाईहरूलाई अतिप्रिय संख्या हो ।

बाउई सी थाइ अर्थात् ठूलो बाउईसी: यो एउटा यस्तो प्रकारको संरचना हो जुन पिरामिडको आकारको हुन्छ र जसमा पाँचवटा स-साना हुँदै गएका तहहरू हुन्छन् । यस्ता तहहरू सात वा नौवटा पनि हुन सक्छन् तर यतिका राखेमा सम्पूर्ण बनौट नै ज्यादै अग्लो हुने र पींध उही हिसाबले फराकिलो नभएमा राम्रोसित अड्न नसक्ने हुनाले अक्सर यतिका राखिदैनन् । ती तहहरू पातको काठका पाताहरूले बनेका हुन्छन् । तिनीहरू प्रत्येकको माझमा खोपेर बनाइएको प्वालमा डण्डी वा लट्ठी घुसारिएको हुन्छ । यी चक्काहरूको आकार भिन्दाभिन्दै हुन्छ । सबभन्दा तल्लोचाहिं सबभन्दा ठूलो हुन्छ र माथिकाहरू क्रमैसित स-साना हुँदै गएका हुन्छन् । ती चक्का प्रत्येकका किनाराहरू **नोम म्याउ** अर्थात् बिरालोका स्तनको ढाँचाले सिंगारिएका हुन्छन् । तिनीहरू क्रमागत रूपमा दुई वृत्तमा मिलाएर राखिएका हुन्छन्, सबभन्दा माथि रहेको टुप्पा आकाशतर्फ फर्केको हुन्छ भने तलतिर रहेको टुप्पा ठीक विपरीत दिशातर्फ फर्केको हुन्छ । यसरी विपरीत दिशाहरूतर्फ फर्केको टुप्पा भएका यी दुई **नोम् म्याउ**लाई चक्काको किनारा–किनारामा केराको खम्बाको तन्तुबाट बनेको काँटा जस्तो बँधनीले बाँधिएको हुन्छ । सबभन्दा माथिको सानो चक्काबाहेक अरू प्रत्येक चक्कामा स-साना केराका पातका लपेस हुन्छन् जसमा खाद्यवस्तु, मिठाई तथा सर्वोत्तम खालका फलफूलहरू टन्न राखिएका हुन्छन् । सबभन्दा माथिको चक्कामा फूलहरूले सजाइएको एउटा सानो वटुको वा रिकापी राखिएको हुन्छ । पहिले पहिले **बाउई सीपाक छाम्** अर्थात् थाली–किनारा **बाउई सी** को चलन थियो । यो अहिले पनि देखिन्छ तर कहिलेकाहीं मात्र बाँसलाई चिरेर चाहिने जति लामो गरी काटेका तीनवटा फल्केटाहरूलाई फेदीदेखि चुचु-रोसम्म बराबरीको दूरीमा रहने गरी राखेर ती प्रत्येकलाई उत्रैउत्रा तीन-वटा कलिला केराका पातहरूले वरिपरि बेरिदिन्छन् । त्यसपछि फेरि एक टुक्रा तास् वा अरू कुनै बहुमूल्य सुती वस्तु लगाइदिन्छन् । यो कपडा लाई फाहा ख्वान् अर्थात् 'ख्वान्को बेर्ने कपडा' भन्दछन् ।

बाउई सी बनाउने काम, खास गरी केराको पातलाई चुच्चो परेको आकारको **नोम् म्याउ** अर्थात् 'बिरालोको स्तन'को आकारमा पट्याउने काम, उसवेला परिवारका नयाँ पीढ़ीका सदस्यहरूलाई जिम्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लगाएर सिकाइदिने गरिन्थ्यो । **बाउई सी** पट्याउने काममा पोख्त भए पछि यस्तो सिकारुलाई सम्बन्धित गुप्त विद्याको दीक्षा दिइन्थ्यो । दीक्षा दिने काम सरल हुन्थ्यो । केराका पातहरूलाई **नोम् म्याउ**को आकार आउने गरी पट्याउँदै गरेको सिकारूको हातलाई सिकाउने गुरुले समात्थ्यो । यसरी दीक्षा दिने कामलाई थाई भाषामा **खूअब** भन्दछन् । **खूअब** को माने खाप्नु अथवा चेलालाई ज्ञान दिनु) हो । **खूअब** विधि अर्थात् दीक्षा प्रदान विधि **बाउई सी** बनाउनेमा मात्र सीमित छैन । त्यसको प्रयोग धेरैजसो परम्परागत कलाहरूको सम्बन्धमा पनि हुन्छ । उदाहरण-को लागि, ललित कलाहरू, शिल्पकला, चित्रकला, संगीत (स्वरीय तथा वाद्य दुवै) र नाटक कला सबैका आ–आफ्ना किसिमका **खूअब** विधि हुन्छन् । **शिल्पको एन विश्वविद्यालय** हर वर्ष वार्षिक **खूअब** विधि गर्छ ।

सबभन्दा राम्रो बनेको भनिने ठूलो आकारको **बाउई सी**को चारैतिरका किनाराहरूमा फूलहरू अथवा उत्कृष्ट थाई साहित्यका कुनै प्रसंग-हरूबाट लिइएका पात्रका मूर्तिहरू सजिएका हुन्छन् । ती मूर्तिहरू सखर-खण्ड वा हरिया पपिता काटेर बनाइएका हुन्छन् । यस्तो मूर्ति बनाउने कामलाई **काय् बाउई सी** (अर्थात् **बाउई सी** कुँदाइ) भन्छन् । **बाउई सी** कुँदाइ एउटा छुट्टै मौखिक थाई साहित्यको अंग बनेको छ । यस साहि-त्यलाई **ल्हाय् काय् बाउई सी** भन्छन् । यसमा वाचन गर्ने मानिसले **बाउई सी** को सजावटको सम्बन्धमा काल्पनिक उद्देश्यहरूको वर्णन गरी **ख्वान्** को स्तुतिको एउटा अतिरिक्त अंशको रूपमा भट्याउने गर्दछ । **बाउई सी**को यस प्रकारको सजावट आजकाल मुश्किलले देख्न पाइन्छ किनभने खर्च धेरै लाग्ने त छँदैछ त्यसमाथि यसको लागि प्रशस्त सीप र समयको दरकार पर्दछ । यस प्रकारको कार्यकौशल कहिलेकहीँ धेरै राम्रो गरी बनाइने चिताको सजावटमा पनि देख्न पाइन्छ ।

आलोचनात्मक टिप्पणी: **बाउई सी**को तथा **ख्वान्**को पनि वास्त-विक अर्थ धेरैजसो मानिसहरूले स्पष्ट नबुझेको हुनाले, आज **बाउई सी** को कतिपय कुरामा अदल–वदल भएको देखिन आएको छ । ठूलो आका-रको **बाउई सी**को चक्काको घेरामा रहने चुच्चे कुराहरू केराका पात-को सट्टामा आजकाल कतै कतै विभिन्न रङ्ग र आकारका बुट्टेदार पात पतिंगर भएका बागबगैंचामा पाइने **क्रोटन** नाम गरेको बुटाका पातहरूले बनाइन्छन् । कहीँ त, साँच्चिको पहिलेकै जस्तो देखिने गरी रंग–रोगन लगाएर पूरै काठको बनाएको पनि देखिएको छ । चुच्चो आकारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नोम् म्याउ अर्थात् बिरालोको स्तनलाई केराको पातको रंग आउने गरी हरियोले रंगाइन्छ; चक्काहरूको माझमा छिराएर राखिने नण्डी पौराणिक नागको आकारको बनाई सेतो रंग लगाइएको हुन्छ । **बाउई सी**को शीर्षस्थ–भागमा राखिने **ख्वान्** फूल पनि काठको बनाई सेतो रँगले रँगाइएको हुन्छ । यो **बाउई सी** नै एकजना व्यवसायी ख्वान् डाक्टरले बनाएको हुन्छ जसले त्यस विधिको सञ्चालन गर्ने काम पनि गर्दछ । शायद धेरैले **थाम् ख्वान्** विधि गराउन खोज्ने बौद्ध संस्कार पूरा गर्ने याममा उसको व्यवसाय सेवाको धेरै माग हुने हुनाले सबैको लागि उही पुरानो ढाँचाको ठूलो **बाउई सी** बनाई दुःख गरिरहन ऊ चाहँदैन होला । अर्को कुरा, यसो गरेमा त्यस्तै व्यवसायमा लागेका अरू मानिसहरूको प्रतिस्पर्धामा ऊ आफ्नो अनुष्ठान सञ्चालनको दस्तुर पनि कम गर्न सक्ने हुन्छ । भर्खर ढाली तयार भएको बुद्धको प्रतिमाको प्रतिष्ठास्वरूप **ताम् ख्वान्** विधि गर्नु पर्दा प्रयोग गरिने ठूलो आकारको **बाउई सी**को चक्कामा राखिने लपेसहरूमा खानेकुरा, फलफूल र मिठाईहरूको साटो फूलहरू टन्न राखिन्छन् । खानेकुरो र मिठाई भूतप्रेतको लागि बलिको रूपमा राखिने भएको हुनाले, मलाई लाग्छ, त्यसै कारणले नै सबभन्दा माथिको चक्कामा रहने **बाई सी पाक छाम** अर्थात् थाली सीमा **बाई सी**को बदला फूलहरू भएको चाँदीको भाँडो वा थाल राख्ने गरेको होला ।

शाही बाउई सी । शाही **तामख्वान्** विधिमा तीन किसिमका **बाउई सी**हरूको प्रयोग गर्ने गरेको देखिन्छ ।

१. **बाउईसी तअ्रङ लअ्रङ थअ्रङ** । यसको अर्थ हो निकल मिसाइएको मिश्रण धातुको ढकनी भएको केराको पातको **बाउई सी** । यो पहिले बयान गरिएअनुसार ठूलो **बाउई सी** हुन्छ । फरक खालि के हुन्छ भने यसका डण्डी र चक्काहरू निकलका बनेका हुन्छन्, अरू साधारण खालको ठूलो **बाउई सी** जस्तै काठको बनेको हुँदैनन् । यो सधैं सात तहको र एउटा जोडीको हुन्छ ।

२. (क) **बाउई सी क्याउ** अर्थात् फट्टिकको **बाउई सी**, (ख) **बाउई सी थअ्रङ** अर्थात् सुनको **बाउई सी** (ग) **बाउई सी ङन्** अर्थात् चाँदीको **बाउई सी** यी तीन प्रकारका **बाउई सी**हरू साधारण ठूलो **बाउई सी** जस्तै स्तूपाकारमा पाँच सात तह हुने गरी एकमाथि अर्को राखिएको विभिन्न साइजका पीठिकाहरूमा अड्याइएका थालीहरूले बनाइएका हुन्छन् । तिनीहरूको नाम प्रयुक्त पदार्थका नामअनुसार स्फटिक, सुवर्ण वा रजत **बाउई सी** भन्ने रहेको हुन्छ ।

ती हरेक थालीमा खाद्यवस्तु तथा मिठाईहरू राखिन्छन् । तिनीहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबैको एक जोर हुन्छ जसलाई सानो मिलेको बाऽई सी भनिन्छ । (नं. ३ मा वर्णन गरिने बाऽई सीभन्दा यो फरक हुन्छ, त्यो ठूलो मेलको हो ।) यिनीहरू-को प्रयोग सानो रूपमा गरिने शाही थान् ख्वान् विधि गर्ने अवसरमा गरिन्छ । यी तीन थरीमा स्फटिकको चाहि बीचमा, सुनको दायाँ–पट्टि र चाँदीको चाहिं बायाँपट्टि रहने गरी एक लहरमा राखिन्छन् । नं. १ मा वर्णित केराको पातको दुई बाऽई सीहरू एक अर्कोबाट छुट्टाछुट्टै हुने गरी राख्ने गर्छन् । यसबाट नं. २ बाऽई सी, नं. १ को केराको पातको बाऽई सी मा पछि थपिएको अति-रिक्त बाऽई सी हो भन्ने बुझिन्छ ।

३. यो हुन त नं. १ र २ मा चर्चा गरिएका बाऽई सी जस्तै नै हो तर यसको साइज भने ठूलो रूपमा गरिने थाम् ख्वान् विधिको अवसरको हुना-ले ठूलो हुन्छ ।

ठूलो आकारको शाही बाऽई सीको लागि चाहिने सामग्रीहरू तल लेखिएबमोजिम छन्:–

१. वायन् वियन् थियन्: यो लेन्स आकारको पित्तलको मैनबत्ती–दानी हो । यसमा तीन ओटा मैनबत्ती राखिएका हुन्छन् । यस्ता पाँचवटा दीप-दानीहरूको एक जोर हुन्छ र यिनीहरूलाई अडेसोको रूपमा चामलले भरि-एको धातुको वाटा जस्तो भाँडोमा गाडेर राखिन्छ । यस्ता दीपदानीहरूको प्रयोग वायन् थियन् विधिको अवसरमा अर्थात् जसको नाममा यो विधि गरिने हो त्यसको वरिपरि चक्काकार रूपमा मैनबत्तीहरू घुमाई धूप दिनुपरेमा मात्र गरिन्छ । यस विधिको अर्थ त्यस व्यक्तिलाई विधिपूर्वक विशुद्ध पार्ने सिलसिला-मा प्रकाशको सेंचन गर्नु मात्र हो ।

२. थियन् छाइ अर्थात् विजय बत्ती: यस्तै मैनबत्ती मैग्निफाइङ ग्लास (तेजवर्धक ऐनाको टुक्रा) को माध्यमले घामबाट पार्ने विशेष प्रकारको आगोबाट बालिन्छ र त्यसलाई एउटा मैनबत्तीको घोचामा गाडिन्छ । (यस–सम्बन्धमा 'अरणी' नामक काठको यन्त्र विशेष स्मरणीय छ ।)

३. दानीहरूमा रहने मैनबत्तीहरूमा लगाउनको लागि सुगन्धी तेल वा लेप अथवा कहिलेकाहीं दुवै नै ।

४. पानका पातको टपरी ।

५. नं ४ मा उल्लिखित भाँडोमा । (यस्ता धागाहरू थाली-किनारा बाऽई सीमा हालिसकिएका रहेछन् भने यसको दरकार हुँदैन) ।

६. किस्तीमा एउटा काँचो नरिवल । यस नरिवलको बाहिरको खोस्टो अथवा बोक्रा छोडाइएको र कहिलेकाहीं टुप्पो पनि काटेर उघारिएको हुन्छ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस किस्तीमा एउटा सानो चाँदीको चम्चा पनि राखिन्छ ।

उपर्युक्त सामग्रीहरूका अतिरिक्त कहिलेकाहीं अरू पनि कुराहरू चाहिने हुन्छन् । तिनमा दुइटा उसिनेको सुंगुरको टाउको अथवा कैयन् किस्ती खानेकुरा हुन सक्छन् ।

यी माथि सूचीवद्ध गरिएका सामग्रीहरू भव्य रूपमा गरिने 'शाही' **थाम् ख्वान्** विधिको लागि हुन् जसमा **वियन थियन** अर्थात् बत्ती घुमाउने काम पनि हुन्छ। तिनमा लाउने कतिपय सामग्री कहिलेकाहीं सामेल नगर्ने र कतिपय आवश्यकतानुसार थप्ने पनि गरिने हुन्छ । **थाम् ख्वान्** विधि मानिसको लागि मात्र गरिने नभै कुनै कुनै घरेलु जीव–जन्तुहरू तथा निर्जीव वस्तुहरूका लागि पनि गरिन्छ । शाही **थाम् ख्वान्**को लागि सूचीवद्ध सामग्रीहरू अधिकांश तीन तीन मेलका चाहिने हुन्छन् । स्फटिक स्वर्ण र रजत बाऽई सी पनि त्यत्तिकै चाहिन्छन् ।

एउटा अर्को किसिमको पनि **बाऽई सी** छ । यसमा चुच्चो परेको टुप्पा भएका **नोम् म्याउमा** दुई गोलाकार वृत्तहरू हुन्छन् । यिनमा एउटाको टुप्पो आकाश तर्फ फर्किने गरी र तलतिर रहेको वृत्तको टुप्पो विपरीत दिशातर्फ फर्किने गरी मिलाएर राखिएको हुन्छ । यो दुई पत्र भएको चक्राकार वृत्तलाई केही लामो केराको बोटको डाँठ वा फेदमा गाडिएको हुन्छ । यस प्रकारको **बाऽई सीमा** फूल, धूप र भए मैनबत्ती बाहेक, अरू केही चीज हुँदैन । मैले सुने अनुसार एउटा प्रेतात्मा र देवदेवीलाई चढाइने खानेकुरो वा अन्य खाद्य वस्तुहरू छुट्टाछुट्टै भाँडोमा राखिन्थ्यो । **ख्वान्**को सम्बन्धमा चाहिं यस्तो हैन, अर्पण गरेपछि **बाऽई सी**लाई त्यहाँ नै त्यत्तिकै रहन दिइन्थ्यो । बाऽई सीबाहेक यसको अर्को कुनै खास नाम छैन । यस प्रकारको सादा **बाऽई सी पित्सानुलोक** तथा **सुखोथाई** प्रान्तहरूमा पाइन्छ र शायद अरू छिमेकी प्रान्तहरूमा पनि पाइन्छ होला ।

५. 'थाम् ख्वान्' विधि

थाम् ख्वान् विधिमा मुख्य गरी तीन कुरा गरिन्छन्, ती हुन्:–

१. **वियन थियन** अर्थात् बत्ती घुमाउने ।

२. **ख्वान्** भोज ।

३. **फूक ख्वान्** अर्थात् काँचो धागोले **ख्वान्**लाई बाँध्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो विधि विशेष गरी, व्याङ्ककमा निम्नलिखित व्यक्ति, जनावर र वस्तुहरूको लागि गरिन्छ :

(क) एक महीनाको बच्चाको लागि। जब उसको जन्मँदाको कपाल-को रौं (यसलाई थाई भाषामा "अग्नि रौं" भनिन्छ) पहिलोबाजि विधिपूर्वक खौरने कार्य गरिन्छ।

(ख) भर्खर उमेर पुग्न आएको व्यक्तिको लागि। जब क्षौर कर्मको विधि गरी उसको वा तिनको गाँठो पारेको टुपी काटिन्छ।

(ग) बौध्द भिक्षुमा दीक्षित हुन लागेको व्यक्तिको लागि। दीक्षा कर्म हुने दिनको अघिल्लो दिन साँझ।

(घ) वर–बधूको विवाहोत्सवको अवसरमा।

(ङ) घरै दिनपछि घर फर्केको वा लामो समयसम्म विरामी भै स्वास्थ्यलाभ गर्ने व्यक्तिको लागि।

(च) कुनै खास घर–पलुवा जनावर तथा निर्जीव वस्तुहरूको लागि।

यीमध्ये (ग) मा लेखिएबमोजिम बौद्ध भिक्षुमा दीक्षित हुँदाको रीति-चार्हि अहिलेसम्म गरिएर आएको छ। बाँकी भने व्याङकक शहरको बाहिर कछाडमा वा मध्य-थाइल्याण्डको ग्रामीण क्षेत्रमा बाहेक आजकाल बिरलै गरिन्छ।

थाम ख्वान् अनुष्ठान छोटकरी वा ठूलो रूपमा पनि गर्न सकिन्छ। छोटकरी रूपको **थाम् ख्वान्**मा नकातेको कपासको डोरो बाँध्ने (**फूक ख्वान्**) र थाली किनारे **बाऽइ सी** मा राखेर **ख्वान्** लाई भोग चढाउने काम मात्र हुन्छ र बत्ती हल्लाएर घुमाउने कार्य हुँदैन। नछोट्याई गरिने **थाम ख्वान्** मा (१) **वियन थियन्**, (२) थाली–किनारा **बाऽइ सी** र ठूलो **बाऽइ सी** मा राखी **ख्वानन्** लाई भोग चढाउने र **फूक ख्वान्** विधि पनि गरिन्छन्।

नछोट्याई गरिने **थाम् ख्वान** विधि तल लेखिएअनुसार छ:–

"थाली किनारे" र ठूलो दुवै किसिमको **बाऽइ सी** हरू त्यस प्रयोजनको लागि तयार पारिएको कोठाको बीच भागमा राखिन्छन्। त्यस अवसरको लागि कोठामा गुन्द्री वा गलैंचाहरू ओछ्याइएका हुन्छन् जसमाथि **दुवै बाऽई सी** राखेर त्यसको अगलबगलमा स–साना होचा टेबुलहरू राखिन्छन्। एउटा टेबुलमा चामलले भरिएको धातुको (अक्सर चाँदीको वा सुनको जलप लागेको) बाटामा तीनओटा उत्सवका बत्तीदानीहरू प्रत्येकमा तीन तीन ओटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बत्तीहरू घुसारेर राखिन्छन् । बाटामा जुन चामल राखिएको हुन्छ त्यसको कुनै अर्थ छैन । यो खाली बत्तीहरूलाई अड्चाउने आधारको रूपमा मात्र राख्ने गरिन्छ । चामल भनेको सबैको घरमा सधैं नै पाइने कुरो भएको हुमाले यस किसिमको कामको लागि यसको उपयोग गर्नु सजिलो हुने हुंदा यो कुरा परम्पराको रूपमा विकसित हुन पुगेको छ । कोठा ठूलो रहेछ र भाग लिने मान्छेहरू धेरै रहेछन् भने अवस्था हेरी बत्तीदानीको संख्या तीनओटा हुन सक्छ । तर संख्याचाहिं सधैं बिजोर हुन्छ किनभने बिजोर संख्यालाई शुभ मानिन्छ । त्यही एउटा टेबुलमा पाउदानी भएको एउटा धातुको किस्ती पनि हुन्छ, त्यसलाई थाई भाषामा फान भनिन्छ । यसमा बाहिरपट्टिको बोक्रा ताछेर माथिको भाग काटी प्वाल पारेको एउटा काँचो नरिवल राखिएको हुन्छ । त्यस किस्तीमा एउटा चम्चा पनि हुन्छ । अर्कोचाहिं टेबुलमा धूपदानीमा एउटा सानो विजय बत्ती थियन छाई र एउटा-दुईटा सुगन्धित तेल वा लेपका एक दुईवटा स–साना भाँडाहरू हुन्छन् । त्यस टेबुलमा किस्तीमा नै राखिएको सुनै-सुनले सिंगारिएको एउटा शंख पनि राखिन सक्छ । (जलशुद्धि केही गरी नहुने भएमा यो राख्नु बढ्ता नै हुन्छ ।)

साइतको बेला भएपछि विधि गराइमाग्ने व्यक्ति अवसर सुहाउँदो वस्त्र पहिरी बाबु-आमा वा परिवारको जेठोबाठोद्वारा हात समाई डोऱ्याइएर सानो (अथवा बालक भए बोकिएर) कोठाको बीचमा आउँछ र चारैतिर नाताकुटुम्ब तथा साथी-भाइहरूबाट घेरिएर दुईवटा बाउई सी को नजीक एकलै बस्दछ । साइतको ठीक मुहूर्त भएपछि, थाईको सर्वोत्कृष्ट बादकहरू भएमा सुपरिचित धून बजाउन थाल्दछन् र विधि गराइमाग्नेले आसनग्रहण गरेपछि यो धून बजाउन बन्द गर्छ ।

त्यसपछि नजीक बसिरहेको एकजना (पंडितले), त्यो स्थानीय मूलको ब्राम्हण वा कुनै त्यस्तै काम गरिहिंड्ने सधारण मानिस पनि हुन सक्छ, ले विधि कर्म शुरू गर्न थाल्छ । ऊ कोठाको बीच भागमा जान्छ र विधि गराइमाग्ने व्यक्ति र बाउई सी को अगाडि अंग–विन्यास[1] उपयुक्त रूपको गरी आसन

---

१. यहाँ उल्लिखित उपयुक्त अंग-विन्यास भनेको तल्लो भागका खुट्टाहरूलाई भित्रपट्टि दोब्राएर पछाडिका पुट्ठाहरूलाई छुने गरी एकापट्टि ढल्किएर बस्नु हो । परंपरागत आचारविधिअनुसार खुट्टा पसारेर सीधा पुट्ठा जमिनमा पारेर बस्नु, अथवा दुई खुट्टा दुईतिर फट्टाएर मेचमा वा भुइँमा थ्याच्च बस्नु अथवा बानरले झैं घुँडाहरू उठाएर बस्नु सामाजिक रूपमा असभ्य र अशिष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रहण गर्दछ उसले आफ्ना हातहरू सीधा माथि उठाएर हत्केलामाथि हत्केला जोडेर आराधना गर्ने भान गरी चर्को स्वरले, कतैकतै गाउने सुर निकाली ख्वानको स्तुति (आह्वान) गर्न प्रारम्भ गर्दछ। यस। (स्तुतिमा) तीन भाग हुन्छ र प्रत्येक भागको अन्तमा पुगेपछि ठूलो घण्ट बजाई तीन पटकसम्म हो हिव [२] को हर्षध्वनि गरिन्छ। यस स्तुतिको आरम्भमा बुद्धधर्मको पवित्र त्रिरत्नको उपासना गरिएको हुन्छ भने त्यसपछि राजाको माता–पिताको र गुरुजनहरूको अर्चना गरिन्छ। यो रीति दीक्षा संस्कारमा मात्र रहन्छ। चूडाकर्मको अवसरमा हिन्दू धर्मका उच्चकोटीका देवताहरूको पनि आह्वान गरिन्छ। अन्य अवसरमा स्थानीय इष्ट देवताहरूको त्यसरी नै आह्वान गरिन्छ। यी सबैमा मानिसको परंम्परागत विश्वास प्रतिबिम्बित हुन्छ। स्तुतिको अर्को भागमा परापूर्वकालको अथवा कमसेकम त्यस रचना गर्ने लेखकको समयको थाईहरूको जीवन-पद्धति चित्रित गरिएको हुन्छ। उदाहरणार्थ, विधि गराई माग्नेका बाबुआमाले उसलाई कस्तो वात्सल्य र कस्तो माया प्रदान गरेको थिए, उसको लालन–पालन, शिक्षादीक्षा कस्तो भएको थियो त्यसको वर्णन गरिएको हुन्छ। अन्तिम भागमा ख्वान्लाई निषिद्ध बाटोमा नलागी विधि-गराइमाग्नेसँग नै हरदम बसिरहन याचना गरिएको हुन्छ। ख्वान्लाई खानको लागि मीठो-मीठो रसिलो खाद्यवस्तुहरू रमाइलो वातावरणमा मिलाएर राखिएको हुन्छ। स्तुतिको यस भागमा थरीथरीका मीठा-मीठा खाद्यवस्तु तथा मिष्ठान्नहरूको वर्णन गर्नुको साथै विगत कालको विशुद्ध थाई घरको सर्वोत्तम किसिमले सजाइएको कोठाको दृश्य प्रस्तुत गरिएको हुन्छ। यस दृश्यमा वर्णित कुराहरू साँच्चै नै कोठामा भएका यथार्थ कुराहरूसित मेल खानुपर्छ भन्ने केही छैन।

थाम् ख्वान् विधिको सञ्चालन गर्ने व्यवसायी पुरोहितहरूबाट पुस्तौं-पुस्तादेखि मौखिक रूपमा हस्तान्तरण गर्दै आएका यस्ता स्तुतिका अनेकविध पाठ र संस्करणहरू प्राप्त छन्। यी पाठ र संस्करणहरू अर्थपूर्ण थाई मौखिक

मानिन्छ। विदेशीहरूसित वा घनिष्टता भएका आफै जोडाका वा तल्लो तहका थाई व्यक्तिहरूसित बस्दा भने उपरखुट्टी लाएर बसे पनि हुन्छ।

२. यो परंम्परागत हर्षको लोकबोली हो। विधि सञ्चालन गर्ने पुरोहितले ठूलो स्वरमा लेघो तानेर हो भनेपछि अरूले पनि सामूहिक रूपमा उस्तै ठूलो स्वरले हिव् भन्दछन्। यो शब्दलाई पछि बदलेर राजा वजिरा-वुधद्वारा यसको ठाउँमा छाइ-यो शब्द चलाइदिइयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यको अंश भएका छन् । तिनीहरूको छनौट गरी बेस-बेसको संकलन तथा सम्पादन गरेर पहिलेको शाही प्रतिष्ठान तथा अहिलेको ललितकला विभागले यसको प्रकाशन गरेको छ । यी विभिन्न संस्करणहरू लोककथाका बहुमूल्य अध्ययन हुन्, कारण तिनीहरूमा पूर्वकालका मानिसका विश्वास, परम्परा तथा रीतिथितिहरूको झलक पाइन्छ, जुन विश्वास, परम्परा तथा रीतिथितिहरू आजको प्रगतिशील मानिसले आफ्नो सोचाइ, भावना र विश्वासको रूपमा नजानीकनै उत्तराधिकारको रूपमा प्राप्त भएका हुन् ।

आह्वान गर्ने काम सकिनेबित्तिकै सञ्चालन गर्ने व्यक्तिले ठूलो बाइ सी बाट तासको कपडा र तीनवटा स-साना केराका पात निकाल्छ । पातहरू तासमा राखेर बाँधी पोको बनाई बेर्दछ । अनि विधि गराइमाग्नेलाई हातमा दिन्छ । उसले लिएर छातीमा च्याप्प टाँसेर राख्दछ । विधि गराइमाग्ने मानिस सानो बच्चा रहेछ भने त्यो पोको उसको नजीक राखिन्छ ।

यो विधि गर्ने कोठालाई कहिलेकाहीं प्रेतात्माहरूबाट सुरक्षित राख्नको लागि विशुद्ध नकातेको कपासको डोरीले वरिपरि घेरेर गुप्त सीमांकन गरिन्छ । कहिलेकाहीं विधि गराइमाग्नेको एक जोर लुगाफाटो पनि किस्तीमा राखिन्छ । विधि गराइमाग्ने मानिस सानो बच्चा भए मात्र यस्तो गरिन्छ । त्यो लुगा पनि सम्भवतः त्यस बच्चाले प्रयोग गरिसकेको हुने होला । हुनसक्छ, ख्वान्लाई यताउति लाग्न नदिन यस्तो गर्ने गरिएको हुनुपर्छ, किनकि सिद्धान्ततः ख्वान्ले कपडाको मालिकको गन्ध तुरून्त थाहा पाउने हुन्छ ।

अब हामी बत्तीहरूलाई विधिपूर्वक हल्लाएर घुमाउने चलनतिर लागौं । विधि सञ्चालन गर्ने पुरोहितले 'विजय बत्ती' को आगोले तीनवटा बत्तीदानीमा राखिएका बत्तीहरू बाल्दछ । उसले ती तीनवटा बत्तीदानीहरूलाई सबैको बिटसँग-सँगै रहने गरी मिलाएर दुवै हातले होशियारीपूर्वक समाल्छ र बाइ सी भएको टेबुलहरूलाई बायाँतिरबाट तीनचोटि परिक्रमा गर्दछ । त्यसपछि उसले ती बत्तीदानीहरूलाई एउटा-एउटा गरी दुवै हातले बिटमा समाती उठाएर तीन-तीनचोटि घुमाउँदै ढोग्दछ । त्यसको धूँवालाई दायाँ हातको पछाडिको भागले हम्केर विधि गराइमाग्नेतिर पठाइदिन्छ । यति गरिसकेपछि आफ्नो बायाँतिर सँगै बसेको व्यक्तिको हातमा त्यो बत्तीदानी थमाइदिन्छ र त्यस व्यक्तिले पनि उसले गरेजस्तै ती बत्तीहरू तीनचोटि घुमाउने र धूँवा हम्केर गर्दछ । पालै-पालो गरी त्यो बत्तीदानी लिने सबै व्यक्तिहरूले त्यही प्रक्रियालाई दोहऱ्याउने गर्छन् ।

यसरी तीन बत्ती दिने काम सम्पन्न भएपछि पुरोहितले किस्तीमा हालि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राखिएको पान-पत्ती झिकेर चिन्हको रूपमा टेबुलमाथि राख्दछ । यसलाई थाई भाषामा "चिन्ह स्वरूपका पानपत्ती" भनिन्छ । यो काम तीन पटक भैसकेपछि (कहिलेकाहीं पाँच वा सात पटकसम्म पनि हुन्छ) पुरोहितले बलिरहेकै बत्तीहरू भएका बत्तीदानीहरू पहिलेकै जस्तो गरी बाटामा फेरि राखिदिन्छ । ती तीनैवटा पानपत्तीहरूमा उपलब्ध सुगन्धित लेपहरू लगाइदिन्छ । अनि एक-एक गरी ती तीनैवटा बत्तीदानीहरू उठाएर तिनीहरू सबैको ज्योति एकै ठाउँमा पारेर ती प्रत्येकलाई लेप घसिएको पानपत्तीले एक-एक गरी निभाउँछ र त्यसको धूँवा विधि गराइमाग्नेतिर हम्केर पठाइदिन्छ । उसले यसपछि त्यही प्रक्रिया दोहऱ्याएर दोस्रो र तेस्रो पटक पनि बत्तीहरूलाई पुनः बाल्छ । दियन् थियन् विधि गर्ने वेलामा आदिदेखि अन्त्यसम्म उपयुक्त मधुर स्वरको[1] धून बज्दछ र

---

१. यसरी हल्लाएर घुमाउने बत्ती माथि उचाल्ने सही तरीका भित्री वा बाहिरी कुन दिशातर्फ हो भन्ने सम्बन्धमा बराबर सोधपुछ हुने गरेको छ । विधिपूर्वक बत्तीहरूलाई हल्लाएर घुमाउनुको मतलब हावामा एक प्रकारको मायावी चक्राकार बनाउनु हो भन्ने स्पष्ट छ । जोसुकैले जुनसुकै तरीकाले गरे तापनि त्यसमा सदासर्वदा एक काल्पनिक चक्राकार वृत्त हुन्छ । यो बनाउँदा दायाँबाट चक्राकार वृत्तमा भित्री दिशामा बनाउनु सबै मंगलमय कार्यको लागि शुभ मानिन्छ । यसको तुलना कुदृष्टिबाट बच्नको लागि कुनै व्यक्ति वा मूर्तिको अगाडि बत्तीहरू घुमाउने हिन्दूहरूको "आरती" गर्ने चलनसँग गर्न सकिन्छ ।

सुगन्धित लेप लगाइएको पानपत्तीले बत्तीलाई निभाउने कार्य निसन्देह सुगन्धयुक्त धूँवालाई विधि गराइमाग्नेतर्फ हम्केर गर्ने एउटा विशुद्धीकरण संस्कार हो । यस कामको लागि पानपत्तीको नै किन प्रयोग गरिन्छ ? शायद प्राचीन समयमा वाइ सीको सामग्रीमा (सुपारी, पानपत्ती, चूना आदि भएको) पानको किस्ती पनि हुन्थ्यो होला, पछि गएर अरू कुराहरूको चलन हराउँदै गएर सुगमतासाथ प्राप्त हुने हुनाले चिह्नो राख्नको लागि पानपत्तीको मात्र चलन बाँकी रहन गयो होला । सुपारी (अरू पनि कुराको साथमा) खाने चलन पहिलेको पुस्तामा निकै थियो । हरेक थाई घर-परिवारमा कमसेकम एउटा पानको किस्ती हुने गर्थ्यो । त्यस किस्तीमा सुपारी, पानपत्ती र अन्य मर-मसला राख्ने स-साना धेरै भाँडाहरू हुन्थे । ती भाँडाहरू मालधनीको सामाजिक स्थिति तथा दर्जाअनुसार मूल्यवान्को वा कमसल धातुका वा काठको बनेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बीचबीचमा हो हिवा को हर्षध्वनि तीन पटकसम्म गुञ्जायमान हुन्छ ।

बत्तीहरूलाई हल्लाएर घुमाउने कार्य पूरा भैसकेपछि पुरोहितले विधि गराइमाग्नेलाई अभिषेचन गर्दछ । त्यसले यो आफ्नो फिरअद औंठी[२] अथवा नोफ काउ औंठी[३] लगाएको दायाँ हातको चोरऔंलाले गर्दछ । यसो गर्न उसले त्यो औंलाले पानको पातहरूमा बाँकी रहेको लेपलाई हल्का किसिमले छुन्छ र उसलाई अभिलेपन गर्दछ । विधि गराइमाग्ने मानिस पुरुष भएमा उसको आँखीभौंको बीचको भागमा दायाँ दिशातिरबाट एउटा गूढ आकृति कोरेर लेखिन्छ, स्वास्नीमान्छे भएमा त्यो आकृति बायाँ दिशातिरबाट लेखिन्छ ।

हुन्थे । राजाको हकमा भने औपचारिक अवसरमा प्रयोग गर्ने विशुद्ध सुनका दुईवटा पानका किस्ती हुन्छन् : एउटा राजकीय समारोहमा प्रयोग गर्नका लागि र अर्कोचाहिं मौसुफको निजी प्रयोगको लागि । यी शाही पानका किस्तीहरू आज पनि परम्परागत भव्य राजकीय समारोहहरूमा प्रतीकात्मक रूपमा प्रयोग गरिन्छ । राम्रो थाई शिष्टाचारअनुसार घरधनीले घरमा आउने पाहुनालाई सर्वप्रथम आदर तथा सम्मानको रूपमा पानको किस्ती देखाउनुपर्दथ्यो । बिहान-बेलुकाको खानेकुरो खाइसकेपछि धूम्रपान गरेजस्तै गरी पान खाने चलन थियो । कुनै केटीले कसैलाई विनाकारण पानको बिरा दिएमा त्यसको मतलब त्यस केटीको उसप्रति कुनै कोमल भावना रहेछ भन्ने हुन्थ्यो ।

२. फिरअद भनेको गुप्त आकारहरू तथा फा यान भन्ने चित्रात्मक अक्षरहरू अंकित भएको कपडालाई जादूपूर्ण गाँठो पारी बनाइएको औंठी हो । यसलाई जन्तरको रूपमा प्रयोग गरिन्छ ।

३. नोफकाओ भनेको नवरत्न जडिएको औंठी हो । ती नवरत्न– हीरा, माणिक, पन्ना, पुष्पराज, रत्नमणि, नीर, चन्द्रमणि, गोमेद र वैदूर्यमणि हुन् । यसलाई पनि जन्तरको रूपमा प्रयोग गरिन्छ । हिन्दूहरू चोरऔंला र माझीऔंलालाई पनि अशुभ मान्दछन् । यी दुई औंलालाई उनीहरू कहिल्यै पनि अभिशेचन गर्ने काममा प्रयोग गर्दैनन् । त्यसको लागि उनीहरू चोरऔंला मात्र प्रयोग गर्दछन् । राजा वछिरावुध र कुनै उच्च पदस्थ थाई राजकुमारहरू भने बूढीऔंलाको प्रयोग गर्दछन् । कहिलेकाहीं चूडाकर्म गर्दा टुपी काट्न बूढीऔंला र चोरऔंलाबाहेक अरू औंलाहरूले कैंची चलाउन सकिन्न । त्यस कारण विधि गराइमाग्नेलाई केही अनिष्ट नहोस् भन्नाका निमित्त फिरोट अथवा नोफाखावो औंठी लगाउने गर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता आकृतिलाई उनाभोन्[४] भनिन्छ । कहिलेकाहीं यस्तो अभिलेपन गर्ने काम दुवै हातका हत्केलाहरूमा पनि गरिन्छ ।

त्यो अभिलेपन कार्य पूरा भएपछि ख्वान् भोजको पालो आउँछ । पुरोहितले टेबुलमाथि भएको चम्चा लिएर "बाऽई सी को नजीक लगी हावामा तलमाथि तीन पटकसम्म चलाउँछ । यसको अर्थ त्यस चम्चाले बाऽई सी वाट केही खाद्यवस्तु र मिष्ठान्नहरू झिकी नरिवलमा मिसाएको भन्ने हो । त्यसपछि उसले नरिवलमा चोपेर चम्चाभरी रस झिक्दछ र खाद्यवस्तु र मिष्ठान्नहरू पनि त्यो चम्चामै छन् भन्ने भान गरेर विधि गराइमाग्नेलाई खुवाए-जस्तो गर्छ । कहिलेकहीं अलिकति साँच्चिकै खानेकुरो नै राखिन्छ । यसरी खुवाएजस्तो अक्सर स-साना बच्चाहरूको हकमा गरिन्छ । विधि गराइमाग्ने सानो बच्चा भएमा नरिवलको पानी भएको चम्चा त्यस बच्चाको मुखको वरिपरि खालि घुमाउने काम मात्र गरिन्छ । वयस्क मानिसको हकमा यस्तो गरिएको मैले कहिल्यै देखेको छैन न कसैले वास्तविक वा काल्पनिक नै ख्वान् खानेकुरो खाएको नै देखेको छु । ख्वान् खानेकुरो खाने काम प्राचीन कालमा शायद हुन्थ्यो होला । विधि गराइमाग्ने मानिस सानो बच्चा भएमा उसलाई साधा मनतातो पानी तीन पटक खुवाइन्छ । त्यसपछि त्यस थाली-किनारा बाऽई सीमा ख्वान् फुल र भात खाने काम हुन्छ । यद्यपि यो बहानाको रूपमा हुन्छ । ख्वान्लाई यसरी भोजन गराउनाले त्यो आफ्नो मालिकसँग खुशी भएर सधैं रहन्छ भन्ने विश्वास गरिन्छ । त्यसपछिको अर्को विधि ख्वान्लाई डोरोले बाँध्नु हो । तीनओटा नकातेको विशुद्ध पारिएको धागो एउटै पारेर बाटी बीच-बीचमा तीनओटा गाँठो पारिन्छ । त्यस डोरोलाई विधि गराइमाग्नेको काखीमुनिवाट तीन पटक घुमाएर दुवै नाड़ीहरूमा बलियो गाँठो पारी बाँधिन्छ । कहिलेकाहीं त्यस डोरोलाई सर्वप्रथम उसको दुवै खुट्टा गरी त्यसपछि हात र टाउकोवरिपरि पनि घुमाइन्छ । यसरी बाँध्ने कार्य गर्दा पुरोहितले सानो स्वरले मन्त्रोच्चारण गर्दछ । शायद उसले "हे ख्वान् ! देहमा वास गर" भन्ने सबैलाई थाहा भएका शब्दहरू बोल्दै ख्वान्लाई प्रार्थना गरेको होला । अर्थात् भावना अभिवृद्धि गर्नका लागि आफूले ठीक ठानेको पालि भाषाको

---

४. उनाभोभ् भनेको मूल अर्थमा आँखीभौंको बीचको निधारमा उम्रेको गुजुल्टो परेको रौं हो । यो भगवान् बुद्धको बत्तीस लक्षणहरूमध्ये एक हो । यो रौं बुद्धको मूर्तिको ललाटमा अक्सर चक्राकार विन्दुको रूपमा देखिन्छ। उनाभोभ् निःसन्देह वैदिक देवता अग्निको प्रतीक हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मण महोत्सव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै श्लोक पनि भट्याउन सक्तछ । साधारणतः त्यस डोरोले दुवै हातलाई माथिदेखि तलसम्म तीन पटकसम्म हल्का हिसाबले पुछ्ने काम गरिन्छ अथवा त्यसको टुप्पोले तीन पटक नै नाडीहरू मात्र पुछिन्छ । त्यसपछि बाँध्ने कार्य गर्नुभन्दा अगाडि त्यो टुप्पोलाई बालेर झारिन्छ । यसरी बालेर झार्नुको मतलब निश्चय पनि त्यस टुप्पोबाट तानेर ल्याएका उसका सम्पूर्ण अशुद्धिहरू तथा अवाञ्छनीय कुराहरूलाई निर्मूल पार्नु हो । कहिलेकाहीं यसरी डोरो घुमाउने काम गोलीगाँठाहरूवरिपरि पनि गरिन्छ र कहिलेकाहीं ख्वान् बाँध्ने र भोजको काम अभिलेपन कार्य गर्नुभन्दा अगाडि नै पनि गरिन्छ । यसरी फरक फरक विधि अपनाउनुको कारण पुरोहितहरूले भिन्दा-भिन्दै नियमको अनुसरण गर्ने भएकोले हो ।

(यस रीतिलाई दोस्रो आध्यात्मिक जन्मको रूपमा द्विज हिन्दूहरूको जनै अवधारण गर्ने रीतिसँग तुलना गर्न सकिन्छ ।)

पुरोहितले ख्वान् बाँध्ने कार्य पूरा गरिसकेपछि थाली किनारा बाऽई सीमा राखिएका अरू डोरा लिएर नाताकुटुम्ब तथा इष्टमित्रहरूले पनि नाडीमा बाँधिदिन सक्तछन् । यसरी डोरो बाँध्नेहरूले यसरी बँधाइ माग्नेलाई उपहार दिन्छन् । मध्य-थाइल्याण्डको ग्रामीण क्षेत्रहरूमा जस्तो नव-विवाहित वर-वधूलाई गरिने थाम् ख्वान् रीतिमा नाताकुटुम्ब तथा इष्टमित्रहरूले यस्तो उपहार नगदको रूपमा दिने गर्दछन् । यहाँनेर मूलमा ख्वान् बनाउनु तथा ख्वान् उपहार भन्ने अर्थ बुझाउने थाम् ख्वान् तथा थाङ ख्वान् (उपहार) शब्दहरूले आज आएर थाई भाषामा कुनै पनि उपहार तथा गरिएको कुनै नोक्सानीको क्षतिपूर्ति बुझाउने गरेको कुरा सम्झनुपर्दछ । त्यस अवसरको लागि व्यवस्था गरिएको वादकमण्डलीले छिनछिनमा अभिलेपन, भोज तथा ख्वान् बाँध्ने अनुष्ठानभरि सुमधुर धून बजाउने गर्दछ ।

यी सब भएपछि थाम् ख्वान् विधि सम्पन्न हुन्छ । अनि तीनोटा कलिला केराको पातको बिठो तथा तासको कपडा अर्थात् ख्वान् बेर्ने कपडा घरमा ल्याएर विधि गराइमाग्नेको बिछ्यौनामा अथवा अन्य उपयुक्त स्थानमा तीन दिनसम्म राखिन्छ । त्यसपछि (तासको कपडाबाहेक) सबै मिल्काइन्छ । तीन दिन घरमा राख्दा विधि गराइमाग्नेले, अक्सर बालक भए, राती सुत्ने बेलामा त्यो ख्वान् बेर्ने कपडा दुवै हातले च्यापेर सुत्ने गर्दछ । ख्वान्सँग सम्पर्क होस् भन्ने हिसाबले त्यस्तो गर्ने गराएको देखिन्छ । बाऽई सीमा फूलहरूसहितका केराका पातहरू र सजाउन राखिएका अरू सड्ने–गल्ने कुराहरू खोलामा लगेर बगाइन्छ । बाऽई सीमा बाँकी रहन गएका खाद्यपदार्थहरू खान नहुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भैसकेका जति, केराका पातमा राखेर कुनै निर्जन स्थानमा लगी साधारण भी अर्थात् भूत–प्रेतहरूलाई बलिको रूपमा मिल्काइन्छ ।

अगाडि चर्चा गरेको उसिनेको पुच्छर र चार खुट्टासहितको सुंगुरको टाउको के गरिन्छ त ? यो पनि शायद ख्वान्लाई स्वादिष्ट खाद्यवस्तुको रूपमा चढाइएको हो र विधिविधान सकिएपछि मानिसहरूले नै त्यो खाने गर्छन् । सुंगुरको टाउको, पुच्छर र चार खुट्टा इष्ट देवता भी लाई अक्सर चढाउने लोकप्रिय कुरा हो । यति चढाइएपछि सिंगै सुंगुर चढाएको मानिन्छ तापनि वास्तविक रूपमा सुंगुरको मासुको सबभन्दा राम्रो भाग त्यसमा हुँदैन । कसैले आफूले मागेको कुरा पूरा भयो भने कृतज्ञता स्वरूप भी लाई सुंगुर चढाउने भाकल गरेको छ भने आफ्नो मनोकामना पूर्ण भएपछि उसले यसरी सुंगुर चढाउने गर्दछ । वस्तुतः भी लाई झुक्याउन धेरै सजिलो रहेछ ।

६. शाही 'थाम् ख्वान्' विधि

शाही **बाऽई सी** र त्यसलाई चाहिने सामग्रीबारेको कुरा चौथो अध्यायमा बयान गरिसकिएको छ । अब हामी शाही **थाम् ख्वान्** विधिको कुरा गरौं ।

यसको विधि सञ्चालन गर्ने काम ब्राह्मण कुलका तीन जना पुरोहितहरूले गर्दछन् । तिनमा मुख्य अर्थात् मूल पुरोहित स्फटिकको **बाऽई सी** निर माझमा उभिन्छ । दुई जना सहायकहरू अगल-बगलमा उभिन्छन्– एक जना, विधि गराइमाग्नेको दायाँ तर्फको सुवर्ण **बाऽई सी** निर र अर्को चाहिं बायाँतर्फको रजत **बाऽई सी** निर । ती तीन जनाको पछाडि अरू दुई जना ब्राह्मणहरू हरेकले हातमा शंख लिएर उभिन्छन् । तिनीहरूको पनि पछाडि अरूहरू दुई जना ब्राह्मणहरू हुन्छन् जसको प्रत्येकको हातमा **अन्दम्र् ताफोन्** हुन्छन् (पालि भाषामा यसलाई **पतहा** भन्छन्) यो एउटा सानो पानी घडीको आकारको डमरु हुन्छ जसको बीच भागको कीलामा अड्काएको डोरीमा बाँधिएको सिसाको डल्लोले हल्लिएर ठोकी आवाज निकाल्छ । बत्ती घुमाउने विधि गद्दी–बैठकमा गर्नुपरेमा ती घुमाउने बत्तीको बाटोभरि गलैंचाहरूमाथि राता कपडाहरू ओछ्याइन्छन् । यसो गर्नुको मतलब बालेको बत्तीहरूबाट मैन पग्लिएर झरी गलैंचालाई फोहोर नहोस् भन्नु हो । निम्तालु पदाधिकारीहरू रातो कपडाको छेउछेउमा घेरा लगाएर उभिन्छन् । अघिल्ला लहरमा उभिएका तीनजना ब्राह्मणहरूले मैनबत्तीहरूलाई लेपले अभिषेचन गरी विधिको शुभारम्भ गर्दछन् । अनि विशुद्ध आगोले सल्काएर एउटा **विजय बत्ती** बालिन्छ । माझैमा बसेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मण पुरोहितले त्यस **विजय बत्ती**ले मैनबत्तीहरू बाल्न शुरू गरेपछि बीचमा बस्ने मानिसको दायाँ र बायाँ रहेका दुईजना ब्राह्मण पुरोहितहरूले पनि त्यसरी मैनबत्तीहरू बाल्न बाल्दछन् । मैनबत्तीहरूको पहिलो आलोक निस्कनेबित्तिकै पछाडिका दुई लहरका दुई–दुई जना ब्राह्मण पुरोहितहरूले शंख फुक्छन् र कतैबाट प्राचीन शाही बाजाको धून बज्न थाल्दछ । बत्ती दानीमा बलेका बत्तीहरू बायाँतर्फ नजीकै उभिएको मानिसलाई थमाई दिई उसले अघिल्लो अध्यायमा बताइएअनुसार निर्धारित तरीकाले हल्लाएर घुमाउने काम गरेपछि शंख बज्न बन्द हुन्छ तर ती मैनबत्तीहरूले पालैसित घुम्ने काम पूरा गरेपछि पुनः बज्न प्रारम्भ हुन्छ । बत्ती कति बाजि घुमिसक्यो भन्ने कुराको हिसाब अङ्क ध्वनिबाट पनि गर्न सकिन्छ बन्दश्र् ताफन् तथा अर्केष्ट्रावादन भने विधि शुरू भएदेखि अन्त्यसम्म अटूट बजिरहन्छ ।

बत्तीहरू हल्लाएर घुमाउने कार्य दुई प्रकारले गरिन्छ । ठूलो चाहिं पाँचपटक घुमाइन्छ भने सानोचाहिं तीनपटक मात्र घुमाइन्छ । पछिल्लो बत्तीको **ख्वान् बेरूवा** हुँदैन तर अघिल्लोमा तीनवटा कलिला केराको पात र **बाउँसी** वरिपरि बेह्रिएको एकटुक्रा तासको कपडा हुन्छ । तीनवटा बाउँसी मा प्रयोग गरिने तासका कपडाहरू तीन थरी रङका हुन्छन् । स्फटिक बाउँसी को तास सेतो रँगको हुन्छ भने सुवर्ण बाउँसी को पहेंलो र रजत बाउँसी को हरियो रंगको हुन्छ । बत्तीहरूलाई तीन पटक हल्लाएर घुमाउने काम पूरा भएपछि ब्राह्मण पुरोहितले तीनैवटा **बाउँसी** का बेरुवा फुकालेर विधि गराइमाग्नेलाई हातमा लिइराख्न लगाउँछ । विधि गराइमाग्ने मानिस एक भन्दा बढी भएमा बेरूवाहरू तिनीहरूलाई समान रूपले बाँडिदिन्छन् । बत्ती हल्लाएर घुमाउने कार्य साधारणतया तीन पटक गरिन्छ र विरलै मात्र पाँच पटक गरिन्छ । अगाडि (अध्याय ४ मा) भनिसके झैं तीनवटा धातुका बाटाहरू प्रत्येकमा पाँच पाँचवटा बत्तीदानी गाडेर राखिन्छ । तीन वा पाँच जति पटक बत्तीहरू घुमाउने निश्चित गरिएको छ त्यति पटक घुमाइसकेपछि बीचमा बसेको ब्राह्मण पुरोहितले ती पाँचमध्ये जुनचाहिमा सर्वप्रथम हात जान्छ, त्यस बत्तीदानी लिएर आफ्नो अगाडि रहेको धातुको बाटामा ठड्याइदिन्छ, तर त्यसो गर्नुभन्दा अघि उसले दोस्रोदेखि पाँचौंसम्मका सबै बत्तीदानीहरूबाट बलेका सबै बत्तीहरू झिकेर पहिलो बत्तीदानीका बलेका बत्तीहरूमा मिसाइदिन्छन् । दोस्रो र तेस्रो ब्राह्मण पुरोहितहरूले पनि पालैसित बाँकी बत्तीहरूलाई त्यस्तै गर्छन् । त्यसपछि ती तीनै जना पुरोहितहरूले लेप दलेको पान बत्तीले ती मैनबत्तीहरू निभाउने विधि गर्दछन् र निस्केको सुगन्धित धूवाँ विधि गराइमाग्नेतिर हम्किदिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि ती तीनै जना ब्राह्मणहरूले पवित्र डोरोले **ख्वान्** लाई बाँध्ने विधि गर्छन्। एक जनाले **विजय बत्ती** र केही डोराहरू विधि गराइमाग्नेतिर लिएर जान्छ। तिनमा एउटा डोरो झिकेर त्यसले उसको नाडीमा एक पटक हल्कासित बाहिरतिर फर्काई बढार्छ र अनि त्यस डोरीलाई **विजय बत्ती**मा सल्काइदिन्छ। त्यसपछि अर्को धागो लिएर भित्रतिर फर्काई फेरि एक पटक बढार्छ र त्यस डोरालाई उसको नाडीमा बाँधिदिन्छ। (बालेर टुप्पालाई दुइटा औंलाले च्यापी निभाइसकेपछिको डोरोले अघि भनेझैं नाडीमा बाँध्नुभन्दा यो विधि तर्कसंगत रूपले राम्रो देखिन्छ।) त्यस्तै किसिमले अर्को नाडीमा पनि बाँधिदिन्छ। त्यसपछि अर्को ब्राह्मण पुरोहितले एउटा चम्चा उठाएर लिई तीन-वटा **बाई सी** निरको हावामा **ख्वान्** भोजको सम्बन्धमा अघिल्लो अध्यायमा वर्णन गरिएको रीतिले चोपल्दछ। त्यसपछि तेस्रो ब्राह्मण पुरोहितले विधि गराइ-माग्नेलाई अभिलेपन गर्ने कार्य गर्दछ। यति भएपछि ब्राह्मणद्वारा गरिने विधि समाप्त हुन्छ।

त्यसपछि राजाबाट अभिलेपन गरिने राजकीय विधि हुन्छ। राजश्रीबाट विधि गराइमाग्नेले पूजा गर्ने बसेको ढाँचामा बसी फैलाएको हातमा एउटा राम्रोसित सजाइएको शंखबाट आचमन जल खन्याउने कार्य हुन्छ। विधि गराई माग्ने व्यक्ति शाही वंशजको भएमा चक्री वंशका प्रथम राजाको दक्षिणावर्त पेचदार दुर्लभ शंखबाट त्यस्तो खन्याउने काम हुन्छ। यस प्रकारको शाही **थाम् ख्वान्** लाई थाई भाषामा **सोम्भोत** भनिन्छ। **सोम्भोत**: मूलत पालि शब्द हो जसको अर्थ भोज वा सँगसँगै बसेर खानेकुरो खाने भन्ने हुन्छ तर प्रचलित थाई भाषामा यसको अर्थ 'अनुष्ठान' र त्यो पनि 'राजाबाट गरिने अनुष्ठान' भन्ने हुन्छ। शाही चूडाकर्ममा जस्तो **थाम् ख्वान्** विधि गराइमाग्ने कोही माथिल्लै तहको जवान राजकुमार वा राजकुमारी भै यस्तो **'सोम्भोत'** भव्य ढाँचाको हुने भएमा राजाबाट उच्चपदस्थ राजकुमारहरू तथा प्रतिष्ठित व्यक्तिहरूलाई त्यस शाही घरानाका विधि गराइमाग्नेलाई विलेपन गर्ने अनुमति प्रदान हुन सक्छ। उच्चपदस्थ राजकुमारले यसरी विलेपन गर्ने भएमा हातका हत्केलाहरूमा तथा उच्चपदस्थ प्रतिष्ठित व्यक्तिले गर्ने भएमा माथिल्लो पैतालामा र स्वयं राजाबाट हुने भएमा निधारमा गरिन्छ। बत्तीहरू हल्लाएर जति पटक घुमाउने हो त्यति पटक घुमाउने काम पूरा भएपछि पछिल्लो पंक्तिमा रहेका ब्राह्मण पुरोहितहरूले शंख बजाउने काम शुरू गर्दछन् र **थाम् ख्वान्** विधि सम्पन्न नभएसम्म बजाइ नै रहन्छन्। शंख बजाउन थामिएपछि **बन्दश्र–तफोन्** तथा समूहवादन पनि बन्द हुन्छ। अनि शाही **थाम् ख्वान्** विधि समाप्त हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हामीले देख्यौं शाही अनुष्ठानमा जनसाधारणले चलन गर्ने गरेको थाली किनारा बाउई सी र धेरै तह भएको ठूलो बाउई सी को प्रयोग गरिदैन। उपर्युक्त दुवै किसिमका बाउई सी समारोह भवनमा नहुने होइनन्; हुन्छन्, तर अलग राखिएका हुन्छन् र खालि स्फटिक, स्वर्ण तथा रजत बाउई सी को मात्र प्रयोग गरिन्छ। यसको मतलब शायद थाली–किनारा बाउई सी सबभन्दा पुरानो हो र तीन किसिममा त्यसपछि त्यसको विकसित रूपमा धेरै तह भएको ठूलो बाउई सी आउँछ, र स्फटिकको, सुनको र चाँदीको बाउई सीहरू पनि विकसित भएका नयाँ कुरा हुन् र यिनीहरूको उपयोग शाही अनुष्ठानमा मात्र हुन्छ। ठूलो धेरै तह भएको बाउई सी ख्वान् भोजनको लागि अनेक किसिमका खाद्यवस्तुहरू प्रदर्शन गर्नुपर्दा ठाउँ किफायत गर्नको लागि खण्डाकार पिरामिडको रूपमा एकपछि अर्को गर्दै मिलाएर राखिएको पाउदानी भएका थाली वा रिकापीहरू सिवाय अरू केही होइन। यो कुरा स्फटिकको, सुनको वा चाँदीको कुनै पनि बाउई सी वाट अन्दाज गर्न सकिन्छ जसमा पाउदानीमा माथि एकपछि अर्को गर्दै तह मिलाएर राखिएको खानेकुरो तथा मिठाईहरू भरिएका अनेक रिकापी-हरू हुन्छन्। पछिल्लो किसिमको बाउई सी मा[1] नोम मिश्रो अर्थात् विरालोका स्तन वा केराको पातले बनाइएका अन्य सज़ावटहरू समावेश भएका हुन्छन्।

यस अध्यायको अन्त्यमा म एउटा यस्तो थाम् ख्वान् अनुष्ठानको वर्णन थप गर्न चाहन्छु जुन नयाँ ढालेर विदेशको कुनै बौद्ध संस्थालाई उपहारस्वरूप पठाइनलागेको बुद्धको मूर्तिको लागि गरिन्छ। एक पटक म एउटा यस्तो समा-रोहमा निम्त्याइएको थिएँ र त्यो बेला मैले टिपेको केही यथार्थ कुरा म यहाँ प्रस्तुत गर्दछु।

बुद्धको मूर्तिलाई कोठाको बीचमा टेबिलमाथि राखेर त्यसको वरिपरि अनेक किस्ती, फूल, मैनवत्ती तथा धूपहरू जस्ता भगवान्लाई चढाउन लायक कुराहरू राखिन्छन्। बुद्धको मूर्तिको अगाडि पाँच तह भएको एउटा ठूलो

---

१. शाही थाम् ख्वान् विधि मैले एक पटक वा दुई पटक मात्र देख्न पाएको छु। बत्ती हल्लाएर घुमाउने शाही विधिमा मैले एकै पटक मात्र भाग लिने अवसर पाएको छु तर यसको सम्पूर्ण अनुष्ठान मैले कहिल्यै देख्न पाएको छैन, न यससम्बन्धी कुनै मूलग्रन्थ अध्ययन गर्ने अवसर प्राप्त भएको छ। शाही थाम् ख्वान् को सम्बन्धमा जे जति मैले माथि लेखें त्यो मेरो श्रद्धेय गुरु एक उच्चपदस्थ राजकुमारको कृपाले गर्दा लेख्न सकेको हुँ। उहाँले मलाई आफूले स्मरण गर्न सके जति कुरा लेखेर दिने कष्ट गर्नुभएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाऽई सी राखिएको हुन्छ तर ती तहहरूमा खानेकुरो नभै फूलहरू भरेर राखिएका हुन्छन् । ठूलो **बाऽई सी** को अगाडि स-साना टेबुलहरू पनि हुन्छन् जसमध्ये एउटामा चामल भरिएको एउटा नीलो सिल्भरको बाटा रहेको हुन्छ जसमा तीन-तीनवटा मैनबत्ती भएका आँखाको काँच आकारका दानीहरू गाडिएका हुन्छन् । त्यसको नजीकै अर्को एउटा टेबुलमाथि एउटा थाली– किनारा **बाऽई सी** हुन्छ जसको अगल–बगलमा पाउदानीमाथि दुइटा मैनबत्ती राखिएका हुन्छन् । त्यसपछि **थाम् ख्वान्** विधिलाई चाहिने विलेपनहरू, गिन्ती–सूचक पानपत्तीहरू र बोक्रा ताछिएको तर टुप्पो काटेर प्वाल नपारिएको कलिलो नरिवल आदि सामग्री हुन्छन् । विधिको संचालन तीन जना ब्राह्मण पुरोहितहरूले गर्छन् । बीचमा बस्ने मूल पुरोहित भै काम गर्नेले बायाँ काँध नांगो देखिने गरी औपचारिक लुगा लगाएको हुन्छ । उसको केही पछाडि बस्ने अन्य दुई पुरोहितहरूमा एकले **बन्दो–टेबर** र अर्कोले शंख हातमा लिएका हुन्छन् ।

मूल पुरोहितले पाँचवटा आँखाको काँच आकारका दानीहरूमा भएको मैनबत्तीहरू बालेर अनुष्ठानको प्रारम्भ गर्दछ र यसभन्दा पूर्व वर्णन गरिए झैं बत्तीहरू हल्लाएर घुमाउने कार्यतिर लाग्छ । अरू दुई जना पुरोहितमा एक जनाले शंख बजाउँछ र अर्कोले **बन्दअ्–तफोन्** बजाउँछ । साथै शुरूदेखि अन्त्यसम्म वाद्यसमूहले धुन बजाइरहन्छ । शंख बजाउने काम विधिको प्रारम्भमा मात्र गरिन्छ र **बन्दअ्–तफोन्** र समूहवादन जस्तै आद्योपान्त चालू रहँदैन । हुन सक्छ, शंख फुक्ने ब्राह्मण हेलचेक्र्याइँ गर्छ अथवा अटुट फुकिरहन अल्छी मान्छ । मूल पुरोहितले बत्ती घुमाउने काम सकी निभाउनुअघि थाली-किनारा **बाऽई सी** रहेका दुईवटा बलेका बत्तीहरू झिकेर हल्लाएर घुमाउने मैनबत्तीहरू-सँगै राखिदिन्छ । त्यसपछि उसले त्यसको धूँवालाई बुद्धको मूर्तितर्फ हम्किदिन्छ । यस विधिभरि बीच बीचमा 'हो हिउ । हो हिउ' भन्दै तीनपटक हर्षध्वनि गरिन्छ । त्यसपछि मूल पुरोहितले बुद्ध मूर्तिको अगाडि घुँडा टेकी उपयुक्त आसन गरी तीनपटकसम्म अर्चना गर्दछ । त्यसपछि उसले आफ्नो दायाँ हातको चोरऔंलाले बुद्ध मूर्तिको पींधमा छड्के पंक्तिमा मिलाएर तीनवटा थोप्लाहरूको विलेपन लगाउँछ । जहाँसम्म मलाई सम्झना छ उसले त्यस चोरऔंलामा **फिरअ्द्** वा **ह्वान् नोफकाउ** औंठी लगाएको हुँदैन । त्यसपछि उसले विधि गराइमाग्नेको हातका हत्केलाहरूमा उस्तै किसिमले विलेपन गर्दछ । यस्तो अवसरमा **ख्वान्** भोज हुँदैन जुन मुनासिब पनि छ । यस अवसरमा गरिने धेरै विधि शाही **थाम् ख्वान्** अनुष्ठानसँग मिल्दाजुल्दा हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७ उत्तरी थाइल्याण्डमा थाम् ख्वान् विधि

अरू क्षेत्रमा गरिने **थाम् ख्वान** विधि पहिलेका अध्यायहरूमा वर्णन गरिएअनुसारका थाइल्याण्डमा गरिने विधिभन्दा मूलभूत रूपमा त्यति साह्रो भिन्न छैन । उत्तर तथा उत्तर-पूर्वमा **थाम् ख्वान्** विधि गर्दा **फूक ख्वान्** अर्थात् ख्वान्लाई बाँध्ने र **ख्वान्** भोजन गराउने चलन छ तर जहाँसम्म थाहा पाएको छु, **विथन् थियन्** अर्थात् वत्तीहरू हल्लाएर घुमाउने परम्परा छैन । त्यहाँ आफू-कहाँ बाहिरबाट आएका विशिष्ट व्यक्तिहरूको सम्मानमा सद्भावना स्वरूप पनि **थाम् ख्वान्** विधि गर्ने गर्दछन् । तिनीहरूको पनि यस विधिको प्रमुख भागको रूपमा **बाऽई सी** नै हुन्छ ।

उत्तर (छियङमाई) को 'थाम् ख्वान्' विधि

छियङमाईको बाऽई सी मा केराका पातहरूले बनेका सातवटा टुप्पो भएका आकृतिहरू हुन्छन् । तिनीहरू अलिअलि बिरालोको स्तन जस्तै हुन्छन् तर प्रत्येक कोणाकारमा छः वटा चुच्चो परेका टुप्पा हुन्छन् । सातौंचाहिं ती छ वटाभन्दा आकारमा ठूलो हुन्छ । यो ठूलो आकृतिलाई **कुवईसँग** र अरू सानाहरूलाई मध्य-थाइल्याण्डको बिरालो स्तन **बाऽई सी** सँग तुलना गर्न सकिन्छ । ठूलो चाहिलाई झुवइलाई जस्तै ती अरू छवटालाई वरिपरि राखेर पाउदानी भएको धातुको किस्तीको बीच भागमा राखिन्छ । यी आकृतिहरू सबैलाई फूलले सिंगारिएको हुन्छ । त्यस किस्तीमा लस्सादार भातका दुईवटा पिण्डहरू कुखुरा वा हाँसका दुईवटा उसिनेका फुलहरू, पाकेका दुईवटा (वा बढी, तर जे भए पनि जोर संख्यामा) केराहरू, एक कप पानी फाँकोभरिका **मियङ** (नून चपाइराख्नको लागि अन्य संमिश्रकहरू मिसाइएको चियाको खमीर), पान–सुपारी दुई विरा (बढी पनि राखे हुन्छ तर जोर संख्यामा हुनुपर्छ), दुईवटा लामो चुरोटका खिल्लीहरू र अघि नै विधि गरी पारिएको काँचो धागोको सानो डल्ला पनि हुन्छन् । यी सबै **बाऽईसी** राख्ने किस्तीमा राखिन्छ। एउटा छुट्टै किस्तीमा उसिनेको कुखुरा वा कहिलेकाहीं उसिनेको सुंगुरको टाउको पनि थप भोगको रूपमा राख्ने गर्दछन् । **बाऽसी** भएको किस्ती अर्को किस्तीमाथि राखिन्छ अनेक तले **बाऽईसी** बनाउनको लागि जति तले बनाउने हो उति पाउपानी भएका अरू किस्तीहरू थप्न सकिन्छ।

विधि गर्ने वेला भएपछि आवश्यक सामग्रीहरू सहित **बाऽई सी** लाई कोठाभित्र ल्याएर विधि गराई माग्नेको अगाडि राखिन्छ । अनि कोही अनुभवी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बूढो मानिसलाई विधि गर्न लगाइन्छ । बाऽई सीमा राखिएको काँचो धागोको डल्लो लिएर उसले अनुष्ठान शुरू गर्दछ । त्यस धागोको टुप्पोले उसले आरा धना गर्ने स्थितिमा बसिरहेको विधि गराइमाग्नेको मानिसको दुवै हातमा औपचारिक रूपले झार्दछ । त्यसरी झारिसकेपछि उसले त्यो धागोको टुप्पालाई जलाउँछ र औंलाले च्यापेर निभाउँछ । यसउप्रान्त उसले त्यस विधि गराई माग्नेको पहिले बायां अनि दायाँ नाडीलाई दुई फन्को बाँधिदिन्छ । नाडी बाँधिसकेपछि उसले हरपटक डल्लोको डोरीलाई औंलाले च्यापी चुँडाल्छ र औपचारिक शुभकामना यसरी व्यक्त गर्दछ, 'सानो औंलाको टुप्पोबाट झर्दै (अनिष्ट) निस्किहालोस्, हातको टुप्पोहरूबाट तप्किदै झरिहालोस् ।" नाडी बाँध्दा बाँध्दै उसले "बायाँ हातलाई बाँध्नु ख्वान्लाई आउन दिनु हो भने दायाँ हातलाई बाँध्नु ख्वान्लाई वास गर्न दिनु हो" भन्छ । यहाँ हामी काँचो धागो नाडीमा बाँध्ने विधि सकिएपछि मात्र चुँडाल्ने गरेको देख्छौं भने व्याङ्क-कमा चाहिए जति पहिले नै काटेर लिइन्छ ।

यसरी नाडी बाँध्नुलाई हातलाई बाँध्ने भन्छन् । यो कार्य पूरा भएपछि ख्वान् भोजनको विधि हुन्छ । यस विधिमा बाऽई सीमा भएका खाद्य पदार्थका स–साना टुक्राहरू विधि गराई माग्नेले खाएको भाव गर्छ । अनि उसिनेको कुखुरा वा सुंगुरको टाउको जे हुन्छ त्यो बाहेक अरू सबै सामग्री सहित बाऽई सी विधि गराई माग्नेको सुत्ने कोठामा दुई दिनसम्म राखेर त्यसपछि हटाइन्छ । उत्तरका मानिसहरूले यो थाम् ख्वान् विधिलाई "हात बाँध्ने विधि" मात्र भन्दछन् । जहाँसम्म थाहा पाउन सकेको छु बत्तीहरू हल्लाएर घुमाउने तथा उज्यालोले अभिषेचन गर्ने र नरिवलको जलपान गर्ने कार्य यसमा हुँदैन ।

"यो हात बाँध्ने विधि" परदेशी अतिथिको लागि पनि गरिन्छ । त्यो परदेशी कुनै विशिष्ट व्यक्तित्व रहेछ भने उसको सम्मानमा युवतीहरूको एक डफ्फाले नृत्य प्रदर्शन गर्दै जुलुस निकाल्ने पनि कहिलेकाहीं गरिन्छ ।

उत्तरमा गर्ने गरेको थाम् ख्वान् विधि मैले प्रत्यक्ष देख्ने मौका पाएको छैन, न त्यस विषयमा लेखिएको कुनै पुस्तक नै पढ्ने अवसर पाएको छु । त्यसैले माथि जे जति बयान गरेको छु त्यो एकजनाले बताएको कुरामा आधारित छ । त्यसमाका कुराहरू त्यस स्थानका स्थानीय वासिन्दाहरूसँग सोधी ठीक बेठीक मिलाएको छु । कुनै विशेषज्ञ नभएको वा अभिरुचि नभएको व्यक्तिबाट यस्तो परम्परागत कुरामा तथ्य कुरा प्राप्त गर्नु थोर बहुत गाह्रो हुन्छ । यसैले मलाई यस विषयमा जानकारी दिने मानिस उत्तरी क्षेत्रको पाको महिला भए तापनि मैले गरेका प्रश्नहरूको जवाफ तिनले कुनै कुनैको संतोषजनक रूपमा दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सकिनन् खालि कारण के थियो भने तिनीलाई खास गरी विधि संचालकले भनेका कुराहरू राम्रो सम्झना भएन । उत्तरको ख्वान् विधिको मेरो वर्णन यसैले सापेक्षतः छोटो भएको छ र त्यसलाई माथि गरिएको अवलोकनको पृष्ठभूमिमा अध्ययन गर्नुपर्दछ ।

प्रे प्रान्तमा मृत्यु–संस्कारपश्चात् गरिने "थाम् ख्वान्" विधि

दाह–संस्कार गरेर फर्केपछि त्यसमा भाग लिएका सबैले मृतकको घरमा हुने थाम् ख्वान् विधिमा सम्मिलित हुनुपर्छ । त्यस विधिको लागि मृतकका परिवारले नकातेको काँचो धागोको एक डल्लो, एक बिरा पान–सुपारी, एउटा चुरोट, दुई डल्लो लस्सादार भात, एउटा कुखुराको उसिनेको फूल, एक टुक्रा खाउ तोम् ल्कुवइ अर्थात् लस्सादार भातले मोडेर फेरि केराको पातले बेरी उसिनेको पाकेको केरा, अर्को एक टुक्रा पाकेको केरा, एउटा मैनबत्ती, एउटा धूप र एउटा फूलको एकजोर र भरखरै मात्र दाह–संस्कार गरिएको मृत मानिसले लगाउने गरेको एकजोर लुगा जुटाएर ती सब एउटा लाहाको भाँडोमा राखिदिन्छन् । पुरोहितले आफूसँग समाले मुष्टि भएको एउटा सानो जाल ल्याएको हुन्छ । त्यसलाई त्यो भाँडोको माथि वारपार गरेर राखिदिन्छ । अनि दाह–संस्कारमा भाग लिई आउने स्त्री पुरुष जोसुकै होउन् प्रत्येकले एक एक गरी आफ्नो दायाँ हात त्यो भाँडोको बाहिरी चक्कामा राख्दछ । पुरोहितले नकातेको काँचो धागोको डल्लो झिकेर अघि बताए झैं तिनीहरू सबै नाडीमा पालै पालोसित बाँधिदिन्छ । सबैलाई बाँधिसकेपछि उसले त्यस भाँडोलाई घोप्टयाइदिन्छ र केही बेरपछि फेरि त्यसलाई पल्टाउँछ । नाडी बाँध्ने बेलामा उसले ख्वान्लाई बोलाउँदै केही मन्त्र उच्चारण गर्दछ । मैले टिपिराखेको पालि र थाई दुवै भाषाका मन्त्र आठ पंक्ति जतिको छोटो छ र त्यसमा शब्दहरू गज्यांगगुजुङ्ग परेर रहेका छन् । त्यो विधि पूरा भएपछि पुरोहित वा भनूँ भने औषधिमूलो गर्ने व्यक्ति आफ्नो जाल लिएर बिदा हुन्छ र बाँकी कुराहरूसहित त्यो भाँडोको उपयुक्त तरीकाले पार लगाइन्छ ।[1]

---

१ यो जानकारी मेरी श्रीमतीले सन् १९४७ मा गरिएको एउटा विधिमा भाग लिंदा प्राप्त गरेकी हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो विधिलाई उत्तरी क्षेत्रका अन्य भागहरूमा र शायद त्यहाँभन्दा पनि अझ पर उत्तरी दिशाका अन्य मानिसहरूमा पनि प्रचलित छ भनी निर्विघ्न-पूर्वक भन्न सकिन्छ । पूर्वी शान राज्यहरूका तिब्बेतन–बर्मेली जातिका लहु वा मुसःहरूमा पनि त्यस्तै किसिमको रीति छ । अन्त्येष्टिवाट फर्केपछि तिनीहरूको औषधिमूलो गर्ने व्यक्तिले अन्त्येष्टि कृयामा भाग लिएर आएका सबैको नाडीमा नकातेको काँचो धागोको डोरो बाँध्ने विधि गर्दछ । डोरोले बाँध्दै उसले यस प्रकार केही औपचारिक शब्दहरू भट्याउने गर्दछ : "हे ख्वान् ! फर्केर आऊ । मृतकसँग मृतक देशमा नबस । त्यस देशमा खानेकुरो, लगाउने कुरो र बस्ने बास छैन । त्यहाँ खालि दुःख र कष्ट मात्र हुन्छन् । जनिगर, जिउँदा-हरूको देशमा बस, त्यहाँ सुख र आनन्द हुन्छ हे ख्वान् ! फर्केर आऊँ"[१] (ब्यांककमा एक जना दक्षिणी चिनियाँको अन्त्येष्टि हुँदा त्यसमा भाग लिने व्यक्तिहरूलाई राती रेशमी डोरीको वितरण गरिएको कार्यसित यसको तुलना गर्नुहोस् ।)

उत्तर-पूर्वमा "थाम् ख्वान्" विधि

थाइल्याण्डको उत्तर-पूर्वमा थाम् ख्वान् विधि निम्न अवस्थामा गरिन्छ : बेपारको काममा वा लडाईंमा गई धेरै कालपछि फर्कंदा; कुनै भी वा भूतलाई देखेर सातो जाँदा; हात्तीदेखि तर्सदा वा मेघगर्जनको अनुभव गर्दा; निको भएपछि पूजा गरूँला भनी भाकल गरिराखेकोमा धेरै दिनसम्म अस्वस्थ भई फेरि स्वास्थ्य लाभ गर्दा; रूखबाट लडी, डुङ्गा पल्टेर डुबी मर्ने समेत अवस्थामा पुगी, घोडाले लात्तीले हिर्काएर, चोट-पटक लागी, भैंसीले हानेर घाइते भै वा अजिगरले[२] अँठ्याई बिरामी परी निको हुँदा यस्तो विधि गरिन्छ । त्यस्तै पदोन्नति हुँदा; असाध्य बिरामी हुँदा; विवाह हुँदा; घर बनाई बस्न ठीक पार्दा; धर्ममा दीक्षित हुँदा; आयु सकियो भनी ज्योतिषीले भविष्यवाणी गर्दा; कुनै विशिष्ट

---

१. जे. एच. टेल्फोर्डद्वारा लिखित "केङ टुङराज्यमा आत्मावाद" जे. वि. आर. एस. ग्रन्थ सं. ३७, भाग २ को २०४ पानामा हेर्नुहोस् ।

२. नाई थ्रङ छाइ छातबाट प्राप्त "धम्मदा सअन् लोक्" अर्थात् संसारिक ज्ञानसम्बन्धी उपदेश शीर्षक भएको एउटा उत्तर-पूर्वी पुरानो पुस्तकबाट ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्ति वा मान्यजन वा मालिक घरमा आउँदा तथा केटाकेटीको बाबु[1] हुँदा पनि यस्तै गरिन्छ ।

थाम् ख्वान् विधिको कुरा गर्नुभन्दा अघि तिनीहरूको बाउँसीको वर्णन गर्नु आवश्यक हुन्छ किनभने यो बाउँसी कतिपय कुराहरूमा अरू बाउँसी भन्दा फरक छ । यो थाम् ख्वान् विधिलाई तिनीहरू बि धी सू ख्वान् अर्थात् ख्वान्लाई स्वागत गर्ने विधि भन्दछन् । यस अध्यायमा लेखिएको कुरा लावोसीहरूमा पनि लागू हुन्छ यद्यपि स्थानीय तथा क्षेत्रीय भेदले[2] तिनमा केही विभिन्नता हुन सक्तछ ।

उत्तर-पूर्वी थाइल्याण्डको बाउँसी दुई प्रकारको छ– बाउँसी र म्हाक् वेःङ अर्थात् पञ्च पदार्थ । पछिल्लोलाई खुअङ हः फा ख्वान् अर्थात् पाँचथरी सामग्री भएको ख्वान्को किस्ती भन्दछन् । यी बाउँसी र म्हाक् वेःङको तुलना मध्य–थाइल्याण्डको घेरै तह भएको ठूलो बाउँसी र थाली किनारा बाउँसी सोसँग गर्न सकिन्छ ।

बाउँसी यसमा पाउदानी भएको एउटा ठूलो आकारको धातुको किस्ती हुन्छ । यसको बीचभागमा मध्य-थाइल्याण्डको ठूलो बाउँसीको जस्तो बिरालोको स्तनरूपी बाउँसीका पाँचवटा स-साना चक्काहरू राखिएका हुन्छन् । कुनै कुनैमा बाउँसीका यी अग्लो पारी राखिएका स-साना चक्काहरूलाई अड्याउन काठको एउटा बनोट हुन्छ यिनीहरूलाई फूलले सजाइएको हुन्छ ।

बाउँसीका यी चक्काहरूको चारैतिर किस्तीमा फलफूल तथा मिठाईहरू राखिएका हुन्छन्–चार जोर माहुरीको मैनका बत्तीहरू, एक जोर स्याँगी वा एउटा सानो चक्का वा सुन, चाँदी, हस्तीहाड वा अन्य बहुमूल्य वस्तुको बींड भएको दाह्री खौरने छुरा जस्तो एउटा काट्ने भाँडो, चार टुक्रा खाउ तोम क्लुवइ (अर्थात् पाकेको केराले बनेको लस्सादार भातले छोपेका केराकै पातले बेह्री उसिनेको एक प्रकारको घरेलु मिठाई), चारवटा पाकेका केराहरू अथवा अन्य किसिमका मिठाईहरू एक-एक जोर र एक हात लामो गरी काटिएको नकातेको काँचो धागोका टुक्राहरू ।

---

१ १९५४ मा ब्याङ्ककमा प्रकाशित बौद्ध भिक्षु फ्रा महा प्रीछा परिञ्याणोद्वारा लिखित प्रफेणी वोराण थाई ईशान् अर्थात् उत्तर-पूर्वी थाईको प्राचीन रीतिस्थितिहरू भन्ने पुस्तकबाट ।

२. थावो नुवोयी आभसीद्वारा लिखित लाओ अधिराज्य भन्ने पुस्तकको पाना नं. १२९ देखि १३१ सम्म हेर्नोस् । फ्रान्स, सोइगोन, १९६५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस किस्तीमा चाँदी, सुन र बहुमूल्य रत्नहरूले बनेका गहनाहरू पनि हुन्छन् । (यसको तुलना शाही बाउई सीको स्फटिक, स्वर्ण तथा रजत **बाउई सी** सँग गर्नुहोस् ।) कहिलेकाहीं **म्हाक् बेःङ** लाई बाउईसीको माथि राखिएको हुन्छ ।

म्हाक बेःङ : मध्य–थाइल्याण्डको टुप्पा टुप्पामा फूलहरूले सिंगारिएको बिरालोको स्तन रूपी **बाउई सी** जस्तै गरी केराको पातले तयार पारिएका पाँचवटा वृत्ताकार वस्तुहरू एउटा ठूलो किस्तीमा बीच भागमा राखिएका हुन्छन् । त्यस किस्तीमा केराको पातले बनाएको अरू पनि पाँचवटा यस्ता वस्तुहरू हुन्छन् जुन प्रत्येक एक जोर मैनबत्ती तथा फूलहरू हुन्छन् । एउटा अर्को ठूलो किस्तीमा **ख्वान् विधि** गराइमाग्नेको एक जोर लुगाफाटो राखिएको हुन्छ । अनि त्यसमाथि **म्हाक् बेःङको** किस्ती राखिएको हुन्छ । **म्हाक् बेःङको** किस्तीको पाउदानीवरिपरि एक सिसी रक्सी, खबटा-सहितको उसिनेको कुखुरीको फुल एउटा, एक-दुई जोर **खाउ तोम् क्लुवई** मिठाई, लस्सादार भातको एक डल्लो, पाकेको केराको एक झुप्पा, दुईवटा कलिला नरिवलहरू, एक कचौरा नपाकेको लेसाइलो भात, स्याबजी भएको एउटा सानो बोहोता **खमिन्** (Curcuma domestica, zingeb eraceae) र **सोम् पअइ** (Acacia concinna, Leguminosae) मिलाइएको एक कचौरा सुगन्धित पानी, केही राता चमेलीका फूलहरू, एक दुना पान-सुपारी, देशमै बनेको केही खिल्ली चुरोट, एक सानो किस्तीमा एक मुठा काँचो धागो र सानो लच्छी र एक हात लामो पारी काटिएका यस्ता अरू पाँच वा पाँचभन्दा बढी धागोका टुक्राहरू पनि राखिएका हुन्छन् । कहिलेकाहीं यो **म्हाक् बेःङ** केराको पात एकमाथि अर्को गरी खामिएको पाउदानी वा खुट्टीहरू भएका तीन वा पाँचवटा किस्तीहरूले बनेको हुन्छ । यी किस्तीहरूमा खाद्यवस्तु तथा मिठाईहरू राखिएका हुन्छन् तर सबभन्दा माथिको किस्तीमा चाहिं लेसाइलो भातले भरिभराउ पारी त्यसको माथि शिखरमा[१] एउटा उसिनेको फुल राखिएको हुन्छ ।

---

१. बाउई सी थाम् ख्वान् विधि मैले आफ्नै आँखाले देख्ने अवसर पाएको छैन । मैले यहाँ जति पनि लेखें उत्तर-पूर्वी थाइल्याण्डमा धेरै वर्षसम्म बसेका साथीहरू तथा त्यहाँका स्थानीय बासिन्दाहरूले दिनुभएको जानकारीको आधारमा लेखेको हुँ । वहाँहरूप्रति खास गरी त्यतातिर धेरै प्रान्तका मुख्य प्रशासक भै काम गरिसक्नुभएका मेरा मित्र फ्रयाराछसेन् जन्मजात उत्तर-पूर्वी हुनुभएका नाइथअङ छाइवछातप्रति म यथायोग्य धन्यवाद ज्ञापन गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँनिर एउटा कुरो म के थप्न चाहन्छु भने साबुनको चलन हुनुभन्दा पहिले खासगरी कपाल नुहाउने कार्यका लागि सोम्पअइ अर्थात् रिठ्ठा र कमेरोको प्रयोग गरिन्थ्यो। छालाको संरक्षण गरी स्वर्ण मुखराग वृद्धि गर्नका लागि मुख र जीउमा खमिन् (बेसार)को पहेंलो धूलो दल्ने गर्दथे। यस्तो मुखरागको आजकाल नभए तापनि प्राचीन कालमा भने धेरै प्रशंसा गर्थे।

उत्तर-पूर्वमा सु ख्वान् भनिने गरेको विधि गर्ने समय आइपुगेपछि बाऽई सीलाई निर्धारित कोठा वा त्यस प्रयोजनका लागि व्यवस्था गरिएको स्थानको बीचभागमा ल्याइन्छ। विधिको सञ्चालक वा पुरोहित र विधि गराइमाग्ने (जति जना भए पनि) दुवै थरी उपस्थित भएका नाताकुटुम्ब र इष्टमित्रहरूका घेराको बीचमा ज्योतिषज्ञानबाट अक्सर पुरोहितद्वारा तोकिएको दिक्सूचक बिन्दुको सन्मुख उपयुक्त आसन गरी बस्तछन्। साइतको वेला भएपछि पुरोहितले आफूले गर्न लागेको कामको उद्घोषण गरी कार्य प्रारम्भ गर्दछ। त्यसपछि उसले तीनवटा मैनवत्ती तथा तीनवटा धूपहरू बाल्दछ। ती मैनवत्ती र धूपको प्रकाश र धूवाँलाई विधि गराइमाग्नेको टाउकोवरिपरि हल्लाउँदै घुमाउँछ र अनि ती मैनवत्ती र धूपलाई त्यहाँ भएको बाऽई सी वा ख्वान्को किस्तीमा घुसारिदिन्छ। त्यसपछि पुरानो ढाँचाको एउटा पुस्तक सावधानीपूर्वक भक्तिभावले कुनै भिक्षुले ताडको पुस्तक हेरी धर्मोपदेश पढेर सुनाउने वेलामा जस्तै गरी समातेर आफ्नो छातीभन्दा केही माथि उचालेर आराधनापूर्ण आसनमा बस्दछ। उसले यसरी समातेको पुस्तक ख्वान् स्तोत्र हो। यस स्तोत्रका धेरै पाठहरू जनसाधारणका मौखिक साहित्यको अंग बनेका छन्। पुरोहितले त्यस स्तोत्र सके कण्ठै र नभए हेरी पाठ गर्दछ। यो स्तोत्रपाठको अवधिभरि आदिदेखि अन्त्यसम्म विधि गराइमाग्नेले आफ्नो दायाँ हातले बाऽई सी भएको किस्तीको बिटलाई समाइराख्नुपर्दछ, पाठ पूरा नभएसम्म छोड्नु हुँदैन।

यसरी ख्वान्लाई आह्वान गर्ने कार्य सम्पन्न भएपछि पुरोहितले वा विधि गराइमाग्नेका माता-पिताले उसको दायाँ हातका हत्केलामा उसिनेको कुखुरीको एउटा फुल र करीब-करीब उही साइजको एउटा गिलो भातको डल्लो राखिदिन्छन्। अनि उसले बाऽई सी भएको किस्तीको बिटलाई समात्नुको साटो आफ्नो दायाँ हातको पछाडिको भागले त्यसलाई डुबाएर राखी बायाँ हातले त्यो दायाँ हातलाई कुहिनाको ठीक तल समाइराख्नुपर्दछ। उसका माता-पिता तथा नातेदारहरूले पनि आ-आफ्नो दायाँ हातले उसको पाखुरा समाइराख्ने गर्दछन्। केही गरी नातेदारहरूको संख्या धेरै नै भएमा उनीहरूले पालै-पालो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरी त्यसरी समाउने गर्नुपर्दछ र नाडी बाँध्ने विधि शुरू गर्नुभन्दा अघि नै सबैले यसो गरिसिध्याउनुपर्छ ।

नाडीमा डोरो बाँध्ने कार्यको शुभारम्भ एक जना वरिष्ठ भिक्षुबाट हुन्छ । त्यसरी बाँध्नुपर्ने केही भएमा सो काम उसले कुनै अरू साधारण मानिस-बाट गराउँछ । त्यसपछि माता-पिता र पुरोहित र उमेर वा दर्जाको हिसाबले ज्येष्ठ अन्य व्यक्तिहरूद्वारा बाँध्ने काम हुन्छ । यसरी बाँध्दा बाँध्ने मान्छेले आफनो दायाँ हातले बाऽई सीको किस्तीमा भएको दुई टुका काँचो धागो लिन्छ र ती दुवै धागोको माझमा एउटा बलियो गाँठो पार्छ, अनि त्यस गाँठोलाई समातेर उसिनेको फुल र भातको डल्लो दायाँ हातको हत्केलामा लिइ नै राखेको त्यस विधि गराइमाग्नेको दायाँ हातको नाडीलाई ती धागाका टुप्पाहरूले पटक पटक तलमाथि गरी बढारिदिन्छ । यसरी काँचो धागोको टुप्पाले नाडी बढार्ने क्रिया गर्दा त्यो बाँध्ने व्यक्तिले त्यस बाँधिमाग्नेको कल्याण होस् भन्दै केही शब्दहरू उच्चारण गर्दछ । यसरी बाँध्ने व्यक्तिले त्यो काँचो धागोको डोरोलाई समाई बराबर हुने गरी दुई टुका पार्छ र अनि नाडीलाई दायाँबाट बेन्ही बाँध्दछ । यसरी बाँध्दा दुइटै धागोहरूको एउटै गाँठो पारी बाँध्नुपर्दछ । साथै उसले 'ए ख्वान् ! आऊ, यसको शरीरमा वास गर' भन्दै गुन्गुनाउँछ ।

नाडी बाँध्ने काम सकिएपछि विधि गराइमाग्नेको हातमा भएको उसिनेको कुखुरीको फुल फुटाइन्छ । त्यसको सेतो भाग विशुद्ध सेतो केही खराबी नभएको र राम्रो अवस्थामा रहेछ भने त्यस विधि गराइमाग्नेको सकल कार्यमा भाग्यले साथ दिनेछ भन्ने कुराको लक्षण मानिन्छ । होइन र अर्कै किसिमको भएमा उसको लागि अशुभ मानिन्छ । अनि पूर्व-चेतावनीको रूपमा उसलाई जेठाबाठाहरूले सरसल्लाह दिने तथा सम्झाउने-बुझाउने काम गर्दछन् । त्यसपछि उपस्थित सबैले खानपान र रमाइलो गर्छन् । यति भएपछि बाऽई सीका धूप-बत्ती आदि कुराहरू भिक्षुलाई दिइन्छ । बाँकी रहेका काँचो धागो या त पछिको लागि राखिन्छ अथवा त्यो वत्ती भिक्षुलाई नै दिइन्छ । मद्य, खाद्य, केरा र मिठाईहरू राम्रो अवस्थामा भएजति उपभोगको लागि छोडिन्छ । बाऽई सीलाई चढाइएका मिठाईहरू जीर्ण रोग लागी हातखुट्टा, दुब्ला पातला भै पेट ठूलो भएको कोही बालकले खायो भने रोग निको हुन्छ भन्ने विश्वास गरिन्छ ।

जे एस एस ग्रन्थ ५ भाग– २,२५० ५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महीना दिनको बालकको लागि गरिने "थाम् ख्वान्" विधि

एक महीनाको बच्चाको लागि घरमा थाम् ख्वान् विधि गर्नुपहिले र केही हदसम्म आज पनि सियामीहरूको समाजमा एउटा रीति नै भएर रहिआएको छ । थाम् ख्वान्को शाब्दिक अर्थ ख्वान्को निर्माण हो । ख्वान्को अर्थ मूलतः आत्मा हो तर विकासको क्रममा यसको अस्पष्ट अर्थमा मानिसको जीउमा[1] रहस्यात्मक रूपले वास गर्ने कुनै कुरा हो, जसलेगर्दा यो शरीरलाई सुस्वास्थ्य र सम्वृद्धि प्रदान गर्दछ । यस ख्वान्को प्रकृति अस्थिर र चञ्चल हुन्छ, तर्सियो भने यसले आफूले वास गरेको शरीरलाई छोडेर हिंडिदिन्छ । ख्वान्ले यसरी साथ छोडेर गएको मानिस अस्वस्थ हुने गर्छ । केही गरी ख्वान् फर्केर आएन भने त्यो व्यक्ति मर्छ पनि । यसैले मानिसको जिन्दगीको हरेक चरणमा थाम् ख्वान् विधि अक्सर गरिन्छ । यस लेखमा बालकको लागि गरिने थाम् ख्वान् विधिको मात्र कुरा गरौं ।

सर्वसाधारण मानिसहरूमा चलेको चलनअनुसार बच्चा जन्मेको एक महीनापछि त्यसको क्षौरकर्म हुन्छ । यो क्षौरकर्म मध्य-सियामका सियानी-हरूमा प्रचलित आफ्नै विशेष चलन हो । त्यस वेला केराको डाँठले बनेको किस्तीमा राखेर स्थानीय इष्टदेवतालाई धूप तथा फूलहरूसहित खाद्यवस्तु चढाइन्छ । इष्टदेवताको निवास एउटा अलग्ग लठ्ठामाथि राखिएको एक सानो पीठमा हुन्छ । यो पीठ अक्सर सियामीहरूको घर-आँगनमा देखिन्छ । जिन्दगीमा पहिलो पटक गरिने यो क्षौरकर्ममा टाउको पूर्णरूपमा मुण्डन गरिदैन, बाल्यावस्थामा हुने तालुको कमलो भागको बचावटका लागि त्यहाँ रौं बाँकी राखिन्छ । पुरानो विचारअनुसार टाउकोको यो कमलो भाग निःसन्देह एउटा यस्तो स्थान हो जहाँबाट ख्वान् वा आत्मा बाहिर निस्कने गर्दछ । भारतमा तालुको यो कमलो भागलाई ब्रम्हरन्ध्र भनिन्छ अर्थात् यो एउटा

---

१. यसलाई माडाम ई. पोरी– मास्पेरोले कम्बोडियामा प्रचलित यस्तै प्रकारको विश्वाससम्बन्धी आफ्नो लेखमा अझै उपयुक्त हुने गरी सजीवात्मक चेतना भनुभएको छ । बीई. एफ. ई. ओई. ६५, १ पृष्ठ १४५-१८४ सं. ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्वाल हो जहाँबाट आत्मा वाहिर जान्छ भन्ने विश्वास गरिन्छ । बाल्यावस्थामा यस भागको कपाललाई बढ्न दिने गरी छोडी अन्य भागकोलाई सफाचट गरी खौरिइन्छ । यसरी छोडिएको कपाललाई लामो भै बढेर टुपी बन्न दिइन्छ । बालक ११ वर्ष पुगेपछि उमेर पुगेको मानिन्छ र त्यो वेलादेखि तेह्र वर्षको उमेरसम्ममा उसको त्यो टुपीलाई विधि-विधान गरी काट्ने कर्म गरिन्छ ।

यसरी खौरेको त्यो कपाललाई पातको एउटा बोहोतामा राखिन्छ र त्यस बोहोतालाई फेरि एउटा **कलाडियम**को वा कमलको पातमा राखिन्छ । त्यस बोहोतामा कहिलेकाहीं फूलहरू पनि राखिन्छ, कहिले कहिले त कमल वा **कलाडियम**को पातलाई त्यो बोहोतासहित आदरपूर्वक धातुको एउटा किस्तीमा राखिन्छ । यसो गरेर त्यस खौरिएको कपाललाई कुनै खोलामा लगेर बगाइन्छ । त्यसलाई पानीमा छोड्ने वेलामा 'तिमीलाई पानी जस्तै अर्थात् गङ्गामाता जस्तै सुख र शीतल होस्' भनी कामना गरिन्छ । यो रीतिलाई 'गृह सूत्र' नामक भारतीय ग्रन्थ लेखमा उल्लिखित भारतमा घरघरमा गरिने संस्कारसँग तुलना गर्न सकिन्छ ।

क्षौरकर्म सकिएपछि बच्चालाई सकेमा पवित्र जलले नुहाइधुवाई गरी शुद्ध पारिन्छ अनि नातेदारहरूबाट **ख्वान्** बाँध्ने काम हुन्छ । कुनै सूत्र पाठ गर्दा भिक्षुहरूले अक्सर हातमा लिइराख्ने गरेको देखिने धागोको टुक्रालाई उपस्थित भएका सम्पूर्ण नातेदारहरूले त्यस बालकका दुवै नाडी तथा दुवै खुट्टाको गोलीगाँठोमा बाँधिदिन्छन् । यसो गरी सबैले त्यस बालकलाई एक न एक आशीर्वाद दिने गर्दछन् ।

यति भएपछि सर्वसाधारणमा साधारणतः प्रचलित क्षौरकर्म पूरा हुन्छ, सम्पन्न व्यक्तिहरूमा वा उच्च वर्गमा यो वेग्लै किसिमको हुन्छ । तिनीहरूमा यस्तो **ख्वान्** विधि भव्य तथा विस्तीर्ण रूपमा गर्नको लागि व्यवसायी ज्योतिषशास्त्रविद्हरू तथा स्थानीय मूलका ब्राह्मणहरूको खोजी गरिन्छ । यस विधिमा बौद्ध विधिको संयोजन गरिन्छ, बौद्ध भिक्षुहरूलाई बोलाएर पवित्र ग्रन्थहरूका मंगलमय प्रसंगहरू पाठ गर्न लगाइन्छ । यसरी आत्मावाद, ब्राह्मण-वाद र बौद्धवादले जनजीवनमा प्रवेश गरी एकले अर्कोलाई कुनै हदसम्म प्रभाव पारेका छन् ।

कहीं कहीं बच्चा जन्मेपछि सालनाललाई कुनै पात्रमा राखी विधि गर्न छुट्याइएको एउटा उपयुक्त स्थानमा राखिन्छ । त्यसको सँगै एउटा चाँदी र एउटा सुनको नरिवल पनि राखिएको हुन्छ । हेर्दा मूल्यवान् देखिने यी नरिवल साधारण नरिवल हुन् । खालि तिनीहरूमा चाँदी र सुनका पत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक महीने बालकहरूको याम्ख्वान् संस्कार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टाँसिएका हुन्छन् । यी सालनाललाई गाड्ने वेलामा गर्नुपर्ने नियमहरू केही छन् । सालनाल गाडिसकेपछि नरिवलहरू पनि त्यसै स्थानमा रोप्ने गरी गाडिन्छन् । कहिलेकाहीं यसै विधिको अवसरमा बच्चाको नामकरण गरिन्छ । सालनाल गाड्ने वेलामा पालना गर्नुपर्ने नियम मैले सम्झेको ठीक हो भने मलया र ओसनियाका अन्य जातिहरूमा पाइन्छ । छोटकरीमा भन्ने हो भने, एक महीनाको बच्चालाई गरिने थाम् ख्वान् विधि स्पष्टतः त्यस बच्चालाई परिवारमा भित्र्याउने परम्परागत विधि हो र यसलाई विभिन्न जातिमा विभिन्न प्रकारले मान्ने गर्दछन् । महीना दिनै नपुगेको बच्चालाई परिवारको सदस्य मानिदैन किनभने जन्मने वेलामै अथवा जन्मेपछि नै सहजै मृत्यु हुन सक्तछ । एक महीना भैसकेपछि मात्र यो पक्का छोरा वा छोरी हुन्छ र त्यसको पुष्टयाईं विधि गरेर गरिन्छ ।

उपर्युक्त विधि सकिएपछि पहिलोपल्ट बालकलाई झोलुङ्गोमा राखिन्छ । त्यसभन्दा अघि उसलाई सानो पाल वा मचाकटीभित्र एउटा चौडा, च्याप्टो, होचो, बाँसको टोकरीमा राखेर एउटा खुकुलो गुन्द्रीमा राखिएको हुन्छ । बच्चालाई राख्नुभन्दा अघि झोलुङ्गोमा एउटा ढाडे बिरालो र केही सामान राखिएका हुन्छन् । ती सामानमा स्वदेशी औषधि पिंध्ने लौरो, सेतो ट्वाइलेट पाउडर दलिएको एक प्रकारको लौकाको तुम्बा, धान, तिल र केराउ भएका स-साना थैलीहरू र कहिलेकाहीं कपासका बीउहरू पनि राखेका हुन्छन् । विवाह-होत्सव तथा गृहप्रवेश समारोहमा पनि ढाडे बिरालोसहितका यी कुराहरू आवश्यक हुन्छन् । राजाको राज्याभिषेकपछि शाही बैठक कोठाको अधिग्रहण गर्ने शाही उत्सवमा पनि यी कुराहरू चाहिने हुन्छन् । बिरालोलाई पानी मन नपर्ने र नुहाउन पनि नचाहने हुनाले विधि शुरू हुनुभन्दा अघि त्यसलाई नुहाइदिनु अत्यावश्यक हुन्छ । त्यसपछि त्यसलाई सुगन्धित पानी छर्किदिइन्छ र कहिले-काहीं त एउटा सानो सुनको सिक्री र पाउजेबहरू लगाइदिइन्छ । यस्तो अवसरमा कहिलेकाहीं बिरालो र उक्त अन्य कुराहरूको अतिरिक्त, त्यो बच्चा छोरा रहेछ भने एउटा पुस्तक, एउटा सिसाकलम पनि झोलुङ्गोमा राखिदिइन्छ, होइन र छोरी रहिछ भने त्यसको बदला एउटा सियो र सिउने धागो राखिन्छ ।

झोलुङ्गोमा बिरालोसमेत सबै कुरा राखिसकेपछि त्यसलाई तीनचोटि तान्छन्, त्यसपछि बिरालो र अरू कुराहरू झिकेर बच्चालाई राखी झोलुङ्गोलाई पनि तीनैचोटि अगाडि र पछाडि तान्छन् । यसरी तान्ने विधि गर्ने मानिसले बालकलाई चलनअनुसारको आशीर्वाद दिन्छ । कहिलेकाहीं बालकको नाम पनि एक टुक्रा कागजमा लेखेर झोलुङ्गोमा राखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सियामीहरूको बच्चा सुताउने झोलुङ्गो हल्लिने हुँदैन तापनि पिङ जस्तै एउटा कुनै लामो डोरीले तानेर यताउति हल्लाउँछन् । झोलुङ्गोको माथिबाट एउटा सेतो तेर्सो परेको कपडाको टुक्रा लम्बाङ्ग झुण्डिएको हुन्छ । त्यस कपडाको एकापट्टि घुँडाहरू राम्रोसित फाटेर उभिएको एउटा अग्लो मानिसको कालो रेखाचित्र कोरेर राखिएको हुन्छ । त्यसको दुवै हातले तेर्सो पारेर एउटा बडेमाको मुग्दल समातेको हुन्छ । कपडाको माथिल्लो भागमा दुईवटा सुपरिचित गूढचित्रहरू हुन्छन् । कपडाको चारैतिर किनारामा कम्बोडियाली लिपिमा लेखिएका गूढ वाक्यहरू हुन्छन् । यी अंकित प्राचीन अक्षरहरू सियामीहरूमा पवित्र मानिन्थे । कपडामा पछिल्लो पाटामा पौराणिक सिंहको टाउको भएको एउटा अलौकिक स्त्रीजाति प्राणीको चित्र हुन्छ । त्यस आकृतिको दायाँ हातमा एउटा ताडको पातको पंखा र बायाँ हातमा एउटा धनुष हुन्छ । त्यस आकृतिको वरिपरि पनि (चित्र हेर्नुहोस्) गूढ चित्रहरू तथा गूढ वाक्यहरू हुन्छन् । यस प्रकारको कपडाको छेको भएको बच्चा सुताउने शाही झोलुङ्गो व्याङ्ककस्थित राष्ट्रिय अजायबघरमा पनि देख्न पाइन्छ । सर्वसाधारण मानिसहरूमा आजकाल यसको प्रयोग देखिँदैन र राजपरिवारका बच्चाहरूको सम्बन्धमा यो परम्परा अहिले पनि चालू छ छैन त्यसको भलाई ज्ञान छैन ।

माथि उल्लेख गरिएको चित्रको बडेमाको मानिसलाई सियामिज भाषामा **वेस्सुवान** भनिन्छ । ऊ हिन्दूहरूको देवता वैसरावण, कुवेर, पूर्व दिक्पाल र यक्ष वा राक्षसहरूको तथा अन्य भूतप्रेतहरूको प्रधान जस्तै हो । त्यसको वाहन एक कथनअनुसार मानिस हो ।

नवजात शिशुको सम्बन्धमा उसको चित्रको प्रयोग किन गरिएको हो ? यसबारे कुनै स्पष्ट व्याख्या नभएको हुनाले हामीले अनुमान लगाउनुपर्ने भएको छ । उसको रक्षाको आवश्यकता पर्ने मानिस उसको वाहन भएको हुनाले निःसन्देह ऊ शिशुको संरक्षक वा पालक हो । उसले शायद आफ्नो 'वाहन'लाई धन-सम्पत्ति पनि प्रदान गर्न सक्छ, किनकि धनको संकेत गरी उसलाई नरराज अर्थात् मनुष्य मात्रका राजा पनि भनिन्छ । चिनियाँहरूले यस देवतालाई **टुवेन** र जापानीहरूले **विस्हमोन** भन्दछन् ।

ती अलौकिक स्त्री-जातिकी प्राणीलाई सियामी भाषामा **माय्सुम्र** भन्दछन् । **माय् सुम्र** शब्द विशुद्ध थाई शब्द हो जसको अर्थ 'खरीद गर्ने माता' हुन्छ । बालक जन्मी आवश्यक कार्य गरिसकिएपछि त्यसलाई एक प्रकारको च्याप्टो टोकरीमा राखिन्छ । सुँडेनीले अनि त्यस टोकरीलाई उचालेर तीनपटकसम्म हल्लाएर घुमाउँदै 'तीन दिनको बच्चा, प्रेतात्माको बच्चा चार दिनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बच्चा मान्छेको बच्चा । यो कसको बच्चा हो ? यसलाई लेऊ' भन्छिन् । नजीक बसिरहने कोही महिलाले 'यो मेरो बालक हो' भनी जवाफ दिन्छिन् । अनि सुँडेनीले त्यो टोकरी र बालक उनलाई दिन्छिन् । त्यसरी बालक पाउने व्यक्तिले सुँडेनीलाई केही नाम मात्रको पैसा दिन्छिन् । बालकलाई भूईं मा राखिदिन्छिन् ।

सियामी भाषामा सुँडेनीले यसरी आफ्नो हातले सुम्पिदिएको बच्चा थापिलिने आइमाईलाई के भन्छन् त्यसको कुनै विशेष नाम त छैन तर मलाई लाग्छ *माय्* सुअ्र अथवा बालक किन्ने आमा भनेकी तिनी नै हुन् । त्यसकारण तिनी एक अर्थमा धाईआमा हुन् । हुन पनि उहिले उहिले नवजात शिशुहरू अक्सर जन्मेको तीन दिनभित्र नै मर्थे र तीन दिन कटेको भने मात्र उसको बाँच्ने आशा हुन्थ्यो । "तीन दिनको बच्चा प्रेतात्माको, चार दिनको बच्चा मान्छेको" भन्ने आहानै पनि छ । मान्छेको जन्म नै भीको माध्यमबाट हुन्छ भन्ने जनविश्वास छ । भी भनेको मूल अर्थमा देवता अथवा कुनै प्रेतात्मा हो । बच्चा जन्मेपछि त्यो बच्चा राम्रो रहेछ भने जन्मेको तीन दिनभित्रै त्यसलाई लिएर जानको निमित्त भी आउने गर्दछन् । शायद बच्चालाई अघिबाट नै कसैले किनिसकेको छ र त्यसरी किन्ने व्यक्ति पनि "माय् सुअ" वा किन्ने आमा हो भनी' भीलाई झुक्याउन यसो गर्ने गरिएको होला ।

कसैको नाम, खास गरी साधारण मानिसका नाम किन अचम्म-लाग्दो गरी श्रीमान् भैंसी, श्रीमान् म्यागुता, सुश्री दुर्गन्ध आदि रहेको देखता मानिसलाई आश्चर्य लाग्न सक्छ । यो खालि पुरानो जमानाको चलनको अवशेष मात्र हो, जब मानिसहरू यो बच्चा कोही पनि होइन सिवाय एउटा मामुली भैंसी, म्यागुता वा दुर्गन्धयुक्त प्राणी हो भनी भीलाई छकाउन खोज्दथे । यसो गरेमा भीलाई पत्यार नपर्ने कुरै छैन भनी मानिसहरू सोच्तथे । वस्तुतः बालकलाई यथार्थमा अर्को उचित नाम दिइएको हुन्छ नै तापनि कहिलेकहीं भीलाई छल्न त्यस प्रकार दिइएको नाम नै पछिसम्म टाँसिएर रहन गई त्यही नै उसको सही नाम भएर रहन जान्थ्यो । सर्वसाधारण मानिसको यो प्रवृत्ति जान्ने र बुझ्ने व्यक्तिले कुनै बच्चा राम्रो छ, हट्टाकट्टा छ, स्वस्थ छ भनेर कहिल्यै उसको प्रशंसा गरेर कुरा प्रकट गर्ने साहस गर्दैन । संयोगले त्यो बालक राम्रो छ, ज्ञानी छ भनेको सुनेमा भीले त्यसलाई उठाएर लैजानेछन् अर्थात् त्यो बालक मर्नेछ भन्ने डरले भीलाई छकाउनाको लागि त्यो बालक हिस्सी नपरेको, रोगी छ भनी भन्नुपर्छ । यस प्रकार असललाई खराब वा नराम्रो भन्नु-लाई अंग्रेजीमा Cacophimism अर्थात् कुनाम भन्ने गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माय् सुअ अर्थात् किन्ने आमा भनेको एकै जना मात्र रहँदैन। बालकसँगको विशेष विशेषको हिसाबले प्रत्येक सम्बन्धपिच्छे एक एक गरी अनेक **माय् सुअहरू** हुन्छन्। प्रत्येक बार वा प्रत्येक हप्ताको लागि एक एक **माय् सुअ** हुन सक्छ, त्यस्तै स्वर्गको एक **माय् सुअ**, आकाशको एक, मानव-जगत्को एक हुन्छ र यिनीहरूमा कोही बालकको पेटमा बस्छन् भने कोही अन्यत्र गरी ठाउँ ठाउँमा वास गर्दछन्। **वात् फ्रा जेतुवोन** वा **वात् पो** भन्ने स्थानमा रहेका अनेक शिलालेखहरूमा पाइने यस्ता **माय् सुअ** का सम्बन्धमा एक प्रबन्ध लेखिएको पनि पाइन्छ। जेहोस् **माय् सुअ**को कथा एउटा यस्तो विषय हो जसको बारे एउटा छुट्टै लेख लेख्नु आवश्यक छ।

जे एस एस, भाग ३० खण्ड २, २४९५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



थान् वैस्सु आन्, यक्ष प्रमुख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



धान् माय् सु ग्र, खरीद गर्ने आमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाई विवाह

(१)

थाईभाषामा चलनचल्तीमा रहेका यस्ता केही अभिव्यक्तिहरू छन् जसको मौलिक अर्थ हाल परिवर्तित हुनुको साथै लोप पनि भइसकेको छ। त्यस्ता अभिव्यक्तिहरू सम्झनयोग्य छन् कारण तिनीहरू पहिलेका हुन्। यद्यपि तिनीहरू पहिलेको जमानाका अवशेषका रूपमा आजसम्म पनि विद्यमान छन्। एउटा यस्तो अभिव्यक्ति **मी रूअन्** हो जसको शाब्दिक अर्थ "घर बसाल्नु" हो। कसैको विवाह भयो भने हामी त्यसको घर भयो वा **मी रूअन्** भयो भन्दछौं। यो अभिव्यक्ति एक प्रकारले चित्रात्मक छ, कारण यसले हामीलाई उहिलेको थाई सामाजिक जीवनको स्मरण गराउँछ। जुन वेला आफ्नै घर वा वास भएको, पुरुषको होस् वा महिलाको विवाह भएपछि अरूको भरमा आमा-बाबुको घरमा बस्दैनथ्यो। बर्मेली तथा कम्बोडियालीहरूको वैवाहिक स्थितिको सम्बन्धमा प्रचलित पुरानो अभिव्यक्ति पनि जहाँसम्म मैले पहिल्याउन सकेको छु, थाईहरूको जस्तै घर बसाल्नु नै हो। यसबाट हामी के अन्दाज गर्न सक्छौं भने इण्डोचाइनिज प्रायद्वीपका, विभिन्न जातिका मानिसहरूको, खास गरी थाई, बर्मेली तथा कम्बोडियालीहरूको सामाजिक जीवन प्राचीन समयमा शान्तिको र युद्धको अवस्थामा पनि विभिन्न जातिहरूको पारस्परिक संमिश्रणको कारणले गर्दा सांस्कृतिक रूपले एउटै ढिक्का बनेर रहेको थियो।

प्राचीनकालमा, केही मात्रामा वर्तमानकालमा पनि थाई चलनअनुसार विवाह गर्न खोज्ने युवकले छुट्टै आफ्नै घर बनाउनुपर्दछ। यस्तो विवाहको विधि सम्पन्न हुनुपर्ने ठाउँ यस्तै घर हो र यही घर नै उसको र उसकी दुलहीको भविष्यको घर हुनुपर्दछ। उसले यसरी घर बनाउँदा सधैं आफ्नो ससुराको घरको हाताभित्रै बनाउनु अनिवार्य छ। यसको मतलब के हो भने मान्छेले विवाह गरेपछि दुलहीलाई आफ्ना आमाबाबुको घरमा ल्याउनुको बदला ती दुलहीका परिवारका मानिसहरूका साथमा बस्न जानुपर्दथ्यो। दुलहीलाई आफ्नो मातापिताको घरमा ल्याउने चलन हालसाल मात्र देखिएको चलन हो। यसरी ससुरालीमा घर बनाएर बस्न जाने चलन आजकाल खासगरी ब्याङ्कक्मा अनिवार्य छैन। त्यहाँ विवाह गर्ने मान्छे आफ्नी दुलहीको साथमा ससुराको घरमा पनि बस्न जानसक्छ अथवा तिनलाई आफ्नै आमाबाबुको घरमा ल्याएर पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



धान् माय् सु प्र, खरीद गर्ने आमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाई विवाह

(१)

थाईभाषामा चलनचल्तीमा रहेका यस्ता केही अभिव्यक्तिहरू छन् जसको मौलिक अर्थ हाल परिवर्तित हुनुको साथै लोप पनि भइसकेको छ। त्यस्ता अभिव्यक्तिहरू सम्झनयोग्य छन् कारण तिनीहरू पहिलेका हुन्। यद्यपि तिनीहरू पहिलेको जमानाका अवशेषका रूपमा आजसम्म पनि विद्यमान छन्। एउटा यस्तो अभिव्यक्ति **मी रूअन्** हो जसको शाब्दिक अर्थ "घर बसाल्नु" हो। कसैको विवाह भयो भने हामी त्यसको घर भयो वा **मी रूअन्** भयो भन्दछौं। यो अभिव्यक्ति एक प्रकारले चित्रात्मक छ, कारण यसले हामीलाई उहिलेको थाई सामाजिक जीवनको स्मरण गराउँछ। जुन बेला आफ्नै घर वा वास भएको, पुरुषको होस् वा महिलाको विवाह भएपछि अरूको भरमा आमा-बाबुको घरमा बस्दैनथ्यो। बर्मेली तथा कम्बोडियालीहरूको वैवाहिक स्थितिको सम्बन्धमा प्रचलित पुरानो अभिव्यक्ति पनि जहांसम्म मैले पहिल्याउन सकेको छु, थाईहरूको जस्तै घर बसाल्नु नै हो। यसबाट हामी के अन्दाज गर्न सक्छौं भने इण्डोचाइनिज प्रायद्वीपका, विभिन्न जातिका मानिसहरूको, खास गरी थाई, बर्मेली तथा कम्बोडियालीहरूको सामाजिक जीवन प्राचीन समयमा शान्तिको र युद्धको अवस्थामा पनि विभिन्न जातिहरूको पारस्परिक संमिश्रणको कारणले गर्दा सांस्कृतिक रूपले एउटै ढिक्का बनेर रहेको थियो।

प्राचीनकालमा, केही मात्रामा वर्तमानकालमा पनि थाई चलनअनुसार विवाह गर्ने खोज्ने युवकले छुट्टै आफ्नै घर बनाउनुपर्दछ। यस्तो विवाहको विधि सम्पन्न हुनुपर्ने ठाउँ यस्तै घर हो र यही घर नै उसको र उसकी दुलहीको भविष्यको घर हुनुपर्दछ। उसले यसरी घर बनाउँदा सधैं आफ्नो ससुराको घरको हाताभित्रै बनाउनु अनिवार्य छ। यसको मतलब के हो भने मान्छेले विवाह गरेपछि दुलहीलाई आफ्ना आमाबाबुको घरमा ल्याउनुको बदला ती दुलहीका परिवारका मानिसहरूका साथमा बस्न जानुपर्दथ्यो। दुलहीलाई आफ्नो माता-पिताको घरमा ल्याउने चलन हालसाल मात्र देखिएको चलन हो। यसरी ससुरालीमा घर बनाएर बस्न जाने चलन आजकाल खासगरी ब्याङ्कक्मा अनिवार्य छैन। त्यहाँ विवाह गर्ने मान्छे आफ्नी दुलहीको साथमा ससुराको घरमा पनि बस्न जानसक्छ अथवा तिनलाई आफ्नै आमाबाबुको घरमा ल्याएर पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वस्न सक्छ अथवा आफ्नै वन्दोबस्त गरी छुट्टै पनि वस्न सक्तछ। अझै पनि विवाह-पछि केही दिन दुलहीको घरमा वसेर मात्र वावुको घरमा अथवा आफ्नै छुट्टै वासस्थानमा वस्न जानुपर्छ भन्ने परम्पराको अनुसरण गर्ने पनि कोहीकोही नभएका होइनन् । आजकाल विवाह गर्नेले बनाएको नयाँ घरमा नै विवाहको विधि हुनुपर्छ भन्ने छैन, यस्तो विधि सम्बन्धित दुवै थरीको सुविधालाई हेरी अरू नै कसैको आवासमा वा सार्वजनिक घरमा कहीं पनि हुन सक्तछ। मानिसको जीवनमा आएका आर्थिक परिवर्तनहरूवाट पनि यस्तो हुन गएको हो ।

फेरि मी रूअन्कै कुरा गर्ने हो भने, मलाई के लाग्दछ भने केटोले आफ्नो भावी ससुराको हातामा घर वनाउनुपर्छ भन्ने चलन गोत्रवाहिरको विवाह अर्थात् केटोले विवाह गर्दा आफ्नो परिवारभन्दा वाहिरको तथा सम्भवतः आफ्नो गाउँभन्दा वाहिरकोसित गर्नुपर्छ भन्ने कुराको प्रमाण हो । कहीं त यस्तो पनि देखिएको छ कि केटोले कुनै केटीसित विवाह गर्नुभन्दा अघि ती केटीका वावुको खेत जोत्नमा सघाउ गर्नुपर्दछ । यस्तो स्थितिमा त्यो केटो उसको भावी ससुरासँग वस्नुपर्दछ र उसले पनि उसलाई खान दिने र अक्सर छुट्टै घरमा वस्न दिने गर्नुपर्दछ । यस किसिमका चलनहरू आजसम्म पनि विशेष गरी उत्तर-पूर्वी तथा दक्षिणी थाईहरूमा प्रचलित भएको पाइन्छ, र म भन्न सक्छु– यो चलन सम्भवतः थाइल्याण्ड र अन्यत्र दुवै ठाउँका कतैकतै काँठहरूमा पनि आजसम्म जीवित रहेको पाइन्छ । यहाँ पनि यो कुरा कृषि नै मुख्य पेशा भएका मानिस-हरूको आर्थिक अवस्थासँग सम्वद्ध छ। तिनीहरूको वास्तविक सम्पत्ति भनी सम्झिएका कुराहरू तिनीहरूका औजार, वस्तुभाउ र श्रम-शक्ति नै हुन् । जमीनको हकमा भन्ने हो भने जहाँसुकै पनि निःशुल्क पाइने कुरा हो र खालि मानिसले यसलाई कब्जा गरेर जोत्नुपर्थ्यो । यस परिस्थितिमा धनी कहलिने मान्छे नै त्यो हुन्थ्यो जोसँग कृषिऔजार, वस्तुभाउ र प्रशस्त जनशक्ति हुन्थ्यो । धेरैजसो मानिसहरू किसानी काम गर्ने भएको हुनाले उसले आफ्नो खेतमा काम गर्ने श्रमिकहरू कहाँ पाउने र तिनीहरूलाई वाहिर ज्यालामा काम गर्न पठाउने आवश्यकता पनि कहाँ हुन्थ्यो ?

भनूँ कसैको छोरा एक जना पनि छैन र छोरी-छोरी मात्र छन्, पुरानो चिनियाँ धारणाअनुसार यस्तो मान्छे अभागी हुन्छ, किनभने उसलाई खेत जोत्न र खेती वढाउन सधैं जनशक्तिको कमी भैरहन्छ । हुन त यथार्थमा ऊ अभागी नै होइन न गरीव पनि सम्झिइन्छ, कुरा यसको विपरीत हो। किनकि सुन्दर अनुहार भए धेरै छोरीहरू भएको बावु साँच्चै नै धनी हुन्छ। केटाहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोरी माग्न आउने धेरै हुन्छन् । उसले तिनीहरूलाई "मेरी छोरीसित साँच्चै विवाह गर्न चाहेको हो भने ठीक छ, आऊ मसित मेरो खेतमा तीन वर्षसम्म काम गर अनिपछि मात्र मेरी छोरीसँग विहे गर्न सक्छौ" भनी शर्त राख्न सक्छ । यसरी विवाहयोग्य राम्रा राम्रा छोरीहरू भएको बाबु अति नै धनी हुन सक्छ । उसले अटूट रूपले एकपछि अर्को गर्दै धेरै वर्षसम्म पछि ज्वाई बन्ने केटाहरूको श्रमको उपयोग गर्न सक्छ । श्रम-विवाह भनिने यस प्रकारको व्यवस्था पछि गएर सामाजिक स्थितिमा परिवर्तन आएपछि धेरैको हकमा खरीद-विवाहमा विकसित भयो ।

थाईभाषामा दुलाहालाई बुझाउने शब्द चाउ बाउ वा छोटकरीमा बाउ हो । तर परिवर्तित रूपमा आजकाल यसको अर्थ दास वा नोकर हुन्छ जसले माथि चर्चित रीतिको बोध गराउँछ । बाउ भन्ने शब्द मूल रूपमा झर्रो थाई शब्द हो जसको अर्थ जवान विशेष गरी कुमारकेटा भन्ने हुन्छ । थाईहरूको बीचमा सर्वत्र यसको प्रयोग आजसम्म पनि यही अर्थमा गरिन्छ । दास वा नोकर भन्ने पछिल्लो अर्थ थाइल्याण्डका मध्यभागका मानिसहरूको बीचमा मात्र विशेषताको रूपमा रहेको छ ।

त्यसै कारण पूर्वकालमा थाई विवाहको रीति भन्नु नै जवानकेटाले आफ्नो मातापिताको घर छोड्ने हुन्थ्यो अर्थात् विवाह गर्दा आफ्नो घर-परिवार छोडी स्वास्नीको घरमा गई बस्नु हुन्थ्यो । यस प्रकारको चलनका संकेतहरू थाइल्याण्डको पुरानो मानव न्यायशास्त्र र साहित्यमा पनि भेटिन्छन् । यस कुराको पुष्टि यस देशका अनेक भेकहरूमा सोधी प्राप्त भएका उत्तरहरूबाट पनि हुन्छ । मानिसहरू छोरीलाई बिहा गरेर अर्काको घरमा जान दिन मान्दैनन् अर्थात् तिनलाई आफ्नो पोइको घरमा गै बस्न दिन चाहँदैनन् । कुलघरानकी छोरीले यसो गर्नाले इज्जत जाने सम्झन्छन् । यो चलन कालक्रमानुसार विस्तार-बिस्तारै हराउँदै गइरहेको छ । प्राचीनकालमा थाई तथा सियामीहरूमा वा मध्यथाइल्याण्डका थाईहरूमा छोरा–जातिले आमाकै घरमा बस्नुपर्ने चलन थियो वा थिएन अथवा कुलको हिसाब गर्दा आमाको वंश-परम्पराको हिसाबबाट गर्ने हो कि त्यो म एकीन भन्न सक्तिनँ तर मलाई लाग्छ अरू नभए पनि हिन्दचीन प्रायद्वीपमा बसाईं सरी आएको बेलामा जरूर तिनीहरूमा यस्तो चलन थियो किनकि त्यो बेला अत्यधिक मात्रामा अन्य जातिहरू, विशेष गरी मोन-खमेर समूहका जातिहरू तथा मलयालीहरूसँग मिसिन पुगेका थिए। यो कुराको खालि म अड्कल मात्र गर्न सक्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२)

थाईको यो मी रूअन् रीति यथार्थ बुझनको लागि सबभन्दा पहिले नयाँ सभ्यता शुरु हुनुभन्दा अगाडिको थाई जातिको सामान्य जीवनबारे छोटकरीमा केही भन्नुपर्ने हुन्छ। आधुनिक किसिमका विद्यालयहरू नभैसकेका ती दिनहरूमा विद्याको केन्द्र तथा ज्ञान र कलाको भण्डार भन्नु नै वात अर्थात् बौद्ध विहार हुन्थ्यो। बालकलाई थोरबहुत लेखपढ गर्ने र गणितको सामान्य ज्ञान हासिल गर्न सकेमा गाउँको वात वा बौद्ध विहारका कुनै भिक्षुकहाँ पठाउँथे। त्यो बालकलाई बौद्धधर्मसम्बन्धी केही शिक्षा पनि दिइन्थ्यो जुन हरेक थाईलाई नभै नहुने सम्झिइन्थ्यो। हामीकहाँ, "सानो छँदा ज्ञान हासिल गर ठूलो भएपछि सम्पत्ति आर्जन गर" भन्ने एउटा पुरानो भनाइ पनि पाइन्छ। विहारमा यसरी केही वर्ष बसिसकेपछि बालकले गुरुकुल छोडी आफ्नै घरमा गै पिताको व्यवसायमा लागी खेती वा अन्य काम गर्दथ्यो। अनि बीस वर्ष पूरा भएपछि सम्भव भएमा वर्षाकालको तीन महीना भिक्षु भएर बस्तथ्यो।

सकेमा यसरी कम्तीमा तीन महीना भिक्षु भएर बस्नु प्रत्येक युवकको लागि एउटा परम्परा र नैतिक कर्तव्य नै हो। सबै नभए पनि कमसेकम एक जना छोरा भिक्षु भैदिए हुन्थ्यो भन्ने हरेक आमाबाबुको इच्छा हुन्छ। यसो भइदिएमा ठूलो पुण्य हुन्छ र यस्तो पुण्य प्राप्त गरेको व्यक्तिको लागि नर्कका द्वारहरू बन्द हुन्छन् भन्ने मानिसहरूमा धारणा रहेको पाइन्छ। यसै कारणले पनि हरेक व्यक्तिमा छोरा पाउने प्रबल इच्छा हुन्छ। आफ्नै छोरा नभएका गरीब तर भिक्षु बन्न चाहने कुनै पनि युवाको धर्मपिता बनेर पनि मानिसले आफ्नो इच्छा पूरा गर्न सक्तछ। यस्तो पुरुष ऋणमा डुबेको रहेछ भने उसले त्यसलाई त्यस ऋणबाट छुट्कारा पनि दिलाइदिन सक्तछ। किनकि ऋणमुक्त मानिस मात्र भिक्षुमा दीक्षित हुन सक्तछ।

चलनअनुसार भिक्षुचर्या पालन गरिसकेको युवकलाई हामी खोन् सुक् भन्दछौं। खोन् सुक्को मूल अर्थ परिपक्व वा पाको मान्छे हो। यसको विपरीत यसरी भिक्षुचर्या पालन नगरिसकेको अर्थात् अपरिपक्व मानिसलाई खोन् दि भन्छन्। परापूर्वकालमा परिपक्व मान्छे भनेपछि शिक्षित तथा जानकार मानिस सम्झिइन्थ्यो। उसको गणना बुद्धधर्म शिक्षाअनुसार उचित-अनुचितको ज्ञान भएको नैतिक रूपले असल मानिसहरूमा गरिन्थ्यो। परिपक्व मानिस यसैले पति बन्न योग्य मानिन्थ्यो। केटी माग्न आउने केटाको बारे सोधिने पहिलो प्रश्न नै सामान्यतः उसले भिक्षुचर्या पूरा गरिसकेको हो कि होइन भन्ने हुन्थ्यो। लमीले यसको उत्तर सकारात्मक दिएमा जाती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विवाहोत्सव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्थ्यो । त्यो केटो केटीकै गाउँको रहेछ भने यस्तो शोधखोजको आवश्यकता हुने कुरै थिएन किनकि गाउँमा सबैले सबैलाई चिनेकै हुन्थे । केटो अर्कै गाउँको पर्न गयो भने मात्र केटीका माता पितालाई यस्तो पुछताछ गर्नु आवश्यक हुन्थ्यो । यसबाट एउटा गाउँको केटाले अर्को गाउँकी केटीसित विवाह गर्ने कुरा चलाउँदाको प्राचीन कालको रीतिथिति स्पष्ट हुन्छ ।

भिक्षुचर्चा सकिएपछि नै युवक विवाह गर्नतिर लाग्थ्यो किन होला ? मुख्य कारण त चलन हो किनकि उसले त्यसो नगरेमा ऊ अपरिपक्व अथवा कुनै राम्रो चरित्र नभएको अपढ रहेछ भनी मानिसले कुरा काट्न थाल्थे र यस्तो मानिसलाई कोही पनि आफ्नी छोरी दिन चाहँदैनथ्यो । धेरै कालसम्म बिहा नगरी बस्ने मानिसलाई हामी **खौन् खाडङ** भन्दछौं । त्यसको शाब्दिक अर्थ अधूरो वा अपूर्ण मानिस हो । यस्तो मानिसको लागि संसार निश्चय पनि कष्टपूर्ण हुन्थ्यो । सम्भवतः आर्थिक अवस्थाले गर्दा आफू परिपक्व भएपछि नै उमेर पुगेको मानिस व्यवस्थित तथा मर्यादित जीवन यापन गर्नको लागि सहधर्मीको खोजी गर्न थाल्ने हुन्छ । विवाहित आइमाई भनेको के हो भन्ने विषयमा हामीकहाँ एउटा लोकोक्ति प्रचलित छ । त्यो हो **पेन पवाङ पेन् पवा** अर्थात् त्यस्ती आइमाई भनेको बाँध वा पर्खाल हुन्छ जसबाट विवाह भएपछि तिनबाट रक्षा हुन्छ भन्ने बोध हुन्छ, विवाहित महिलालाई **पेन् याउ, पेन् रूअन** र **पेन् नुआ, पेन् तुव** भन्ने पनि चलन छ । **पेन याउ, पेन् रूअन्**को मतलब हो अब तिनी घरपरिवार भइन् र **पेन् नुआ, पेन् तुव**को मतलब हो तिनी अब सासु तथा शरीर भइन् । छोटकरीमा भन्ने हो भने, विवाहिता आइमाई आफ्नो पतिको संरक्षणमा सुरक्षित, भरिलो सर्वाङ्ग व्यक्ति हो ।

युवकले रोजेअनुसारकी केटी पाई बिहा छिन्ने कुरालगायत विवाहपूर्वका सम्पूर्ण प्राथमिक कार्यहरू पूरा भइसकेपछि त्यस युवकले नियमानुसार सर्वप्रथम त्यस केटीका पिताको घरको हातामा एउटा घर बनाउनुपर्दथ्यो । यस प्रसंगमा प्राचीनकालको थाईको घरको बारे केही कुरा गर्नु असान्दर्भिक हुनेछैन ।

सम्पन्न परिवारको घर एउटै इकाइको रूपमा अनेक भिन्न भिन्न घरहरूलाई राखी परम्परागत शैलीमा मिलाएर एकै ठाउँमा समूहबद्ध गरी बनाइएको हुन्थ्यो । यी घरहरू सबै स्थापत्यकला शैलीमा बनाइएका हुन्थे । यस्ता समूहवाट घरहरूका उदाहरणहरू ब्याङ्ककका काँठ-काँठमा आज पनि देख्न पाइन्छन् । कुनै कुनै बौद्ध विहारहरूमा भिक्षुहरूका आवासहरू पनि यस्तै किसिमले बनाइएका देखिन्छन् । सामान्यतः घर बनाउनुमा पालन गर्नुपर्ने केही खास नियम तथा विधिहरू छन् । नव-विवाहित जोडीका लागि नै भनेर कुनै घर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बनाइएको रहेछ भने त्यही घरमा नै विवाह-विधि सम्पन्न हुन्छ र यो घर नै त्यस विवाहित जोडीको भविष्यको घर हुन्छ । अनि नियम नै छ कि वर-विछ्यौना र सजावटका अरू सामानका साथै र अन्य घरगृहस्थीका वस्तुहरू दुलही हुनेले पुऱ्याउनुपर्दछ । यसरी परिणयसूत्रमा आवद्ध दुई जनामा एउटाले घरको निर्माण गर्दछ भने अर्कोले त्यस घरलाई सजाई निवासयोग्य बनाउँछ ।

घरको निर्माण कार्य पूरा भैसक्ने वित्तिकै शुभ दिन तथा शुभ घडी तोकिन्छ । यथार्थमा विवाहोत्सवको लागि मंगलमय तथा अमंगलमय दिन तथा महीनाहरू हुन्छन् र तिनीहरूको विचार गर्नुपर्ने हुन्छ । विवाहोत्सवको लागि कुन महीना शुभ र कुन महीना अशुभ भन्ने कुराको ज्ञान सामान्यतया मानिसहरूलाई हुन्छ । यस्ता महीनाहरूको गणना पुरानो ढाँचाको चन्द्रमासी पात्रोबाट गरिन्छ । पश्चिमेली महीनाहरूका अनियमित नामहरूको विपरीत थाई चान्द्रमसी महीनाहरूको नामकरण नियमित संख्यात्मक क्रममा गरिएको हुन्छ । लौकिक चलनअनुसार जोर महीनामा मात्र विवाहको अनुष्ठान गरिन्छ । त्यसमा एउटा अपवाद नवौं महीनाको छ जब पनि यस्तो अनुष्ठान गर्न सकिन्छ । एउटा कारण छ यद्यपि यो एउटा अन्धविश्वास नै हो । विवाहको ठीक दिन र घडी निश्चित गर्नको लागि मानिसहरू ज्योतिषमा भर गर्दछन् । त्यो ज्योतिष कुनै भिक्षु वा यस्तो विद्यामा पारंगत संज्ञिने कुनै सर्वसाधारण पनि हुन सक्तछ । केटीलाई भगाएर लगेमा मात्र नत्र कोही सुशिक्षित मानिसले पनि यस परम्पराको बेवास्ता गर्न सक्तैन ।

(३)

विवाहको अगिल्लो दिन भिक्षुहरूको एक संघ– त्यो संघ सधैं जोर संख्याको हुन्छ र छ जनाभन्दा कमको हुँदैन– लाई निम्तो गरेर बौद्धधर्मका मूल ग्रन्थका केही मूल अंशहरू पाठ गरेर विशुद्धीकरणको लागि तयार पारिएको चोखो जल छर्कन लगाइन्छ । यस्तो कार्य अक्सर अपराह्नमा गरिन्छ । विवाहको मात्र होइन अन्य हरेक शुभ वा महत्त्वपूर्ण अवसरमा पनि शुभारम्भको रूपमा बौद्ध संघद्वारा बुद्धधर्मका मूलग्रन्थहरूको पाठ गर्नु र चोखो पानी तयार गर्नु आवश्यक हुन्छ । विवाहमा यस्तो विधि भावी वरबधूले निर्माण गरी सजाएको नयाँ घरमा प्रवेश गर्ने कार्य हुनुअघि नै गरिन्छ । वास्तवमा यो कार्य गृहप्रवेश वा वस्नको लागि घर पस्न गरिने विधिको एक भाग हो । आजकाल यसको अर्थ नयाँ लगाउने गर्न थालिएर यही नै वास्तविक विवाहको विधि हुन गएको छ जसमा निम्तालुहरूले भाग लिने गर्दछन्– यो कुरा हामी पछि देख्नेछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस सन्दर्भमा यस प्राथमिक विधिको बयान गर्नु आवश्यक हुन्छ। निम्त्याइएका भिक्षुहरू त्यस अवसरको लागि व्यवस्था गरिएको यथोचित स्थानमा ज्येष्ठताको क्रमानुसार एक पंक्तिमा बस्दछन्। तिनीहरूको दायाँपट्टि एकछेउमा माझमा बुद्धको मूर्ति भएको एउटा वेदी हुन्छ र त्यस वेदीलाई फूल, मैनबत्ती र धूपबत्तीहरूले सजाइएको हुन्छ। त्यसको सामुन्ने एक-दुइटा भिक्षा-पात्र र अरू त्योभन्दा अलि साना आकारका भाँडाहरू राखिएका हुन्छन्। यिनीहरूमा पानी भरिएको हुन्छ। नजीकै अनुष्ठानको लागि चाहिने सर-सामानहरू भएको एउटा चाँदी वा सुनको किस्ती राखिएको हुन्छ। त्यसमा एउटा ठूलो धागोको डल्लो पनि हुन्छ जुन हरेक धार्मिक विधिको लागि आवश्यक हुन्छ। यो डल्लो धेरैवाजि बाटेको नकातेको लामो धागोको हुन्छ। यसलाई बोलीचालीमा साइ सिन् भनिन्छ। साई पालि र संस्कृत शब्द सिंचन को अपभ्रंश हो जसको अर्थ सिंचन गर्नु हुन्छ। सजिलोको लागि म यसलाई पवित्र धागो भन्दछु।

यो पवित्र धागोलाई फुकाएर एउटा छेउ एकातिर र अर्को छेउ अर्कोतिर पर्ने गरी उल्टो-सुल्टो पारी बुद्धको मूर्ति भएको फलेकवरिपरि अक्सर तीन फन्को बाँधिन्छ। त्यसको छेउ एउटा खुला रहेको झ्यालबाट एउटा बाहिर गई घरको सम्पूर्ण घेरालाई घुमेर फेरि बुद्धको मूर्तिको फलेकमा फर्कन्छ। अर्को छेउ भिक्षापात्र र अरू भाँडाहरूमा पुगेर तिनीहरूलाई वरिपरि तीन फन्को बाँधेर सर-सामान भएको किस्तीलाई पनि फन्को लगाएर बेह्रिसकेपछि आसन बाँधेर बसिरहेका भिक्षुहरू भएको स्थानमा पुग्दछ। भिक्षुहरूले अनि पवित्र सूत्रहरूको पाठ गर्दै भक्तिभावपूर्वक त्यसलाई दुवै हातले समातिराख्छन्।

पवित्र सूत्रहरूको पाठ सकिएपछि भिक्षुहरूको सन्मुख विधिपूर्वक शुद्धीकरण स्नान गरिने भएमा सर-सामान भएको किस्ती भै आएको त्यो पवित्र धागोले विधि गराइमाग्ने जति छन् त्यति जनाको टाउकोवरिपरि फन्को मारी बेह्रिई भिक्षुहरूकहाँ पुग्दछ। घरभित्र पनि स्नानादि कर्म-विधि कसरी हुन सक्छ भन्ने तपाईंलाई लाग्ला, तर तपाईंले पुरानो ढाँचाको थाई घर देख्नुभयो भने तपाईंले यो बुझ्नुहुनेछ। यस्तो विधिपूर्ण स्नानादि कर्मको लागि विशेष स्थानको खास गरी माथि छादन भएको ठाउँको व्यवस्था गरिएको रहेछ भने त्यसरी पाठ गर्दा भिक्षुहरूले समातिराखेको त्यो पवित्र धागोको टुप्पा पाठ गर्न सकिएपछि गएर त्यस पवित्र स्थललाई घेर्न पुग्छ। यो पवित्र धागोको यति लम्बे–चौडे काम किन भएको भन्ने प्रश्न उठ्न सक्तछ। यसबारे लोकधारणा के

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ भने– त्यस धागोले बिजुलीको तारको जस्तो काम गरी ती भिक्षुहरूले गरेको पाठका पावन शब्दहरूलाई आफू जुन जुन स्थानमा पुगेको हो त्यहाँ त्यहाँ पुगी एकैसाथ गूढ शक्तिको काम गर्दछ । एकै प्रयासमा पवित्र धागोको कक्षभित्रका सारा कुरालाई प्रभावित पारेर सुरक्षाप्रद शक्ति र आशीर्वाद दिने गूढ शक्तियुक्त लाभ गर्ने यो एउटा व्यावहारिक तरीका हो। यसबाट त्यस पवित्र धागोको घेराभित्र परेका भिक्षापात्र तथा भाँडाहरूमा भएको पानीसमेत पनि पवित्र भै स्नानादिको लागि उपयुक्त हुन जान्छ ।

पवित्र पाठ गर्न सकिएपछि भिक्षुहरूले आफूले समातिराखेको धागोको भागलाई अर्को भागलाई नखल्बयाईकन फेरि डल्लो पारेर अर्को आधा भागको डल्लोलाई वेदीको अगाडि राखिदिन्छन् । जम्मा भएको संघको मूल भिक्षुले अनि भिक्षापात्रमा भएको पवित्र पानी विधि गराइमाग्नेहरूको आङमा खन्याउन थाल्दछ । ती विधि गराइमाग्नेहरू बधू भएमा यसरी पवित्र जल खन्याउने काम एउटा प्रारम्भिक चरणको विधि तथा भोलिपल्ट हुने विवाहको मूल विधिअगाडिको शुद्धीकरण विधि हो । म निश्चय गरी भन्न सक्छु भिक्षुहरूले यसरी शुभारम्भ गरिसकेपछि वर–बधूलाई यस किसिमको स्नान गर्ने कार्यमा सघाउ पुऱ्याउनमा साथीभाइ तथा नाताकुटुम्बहरू पनि सरिक हुन्थे । यो विधि विवाहको अवसरमा मात्र होइन अन्य शुभकार्यहरूमा पनि गरिन्छ। वस्तुतः वैवाहिक सूत्रमा जोडिने जोडीको लागि यो विधि गृहप्रवेशको कार्य साथको प्रारम्भिक विधि मात्र हो र वास्तविक विवाहको विधिसँग यसको कुनै सम्बन्ध छैन । यस सन्दर्भमा थप्नुपर्ने कुरा के पनि छ भने यसको सम्बन्ध बुद्धधर्मको लोकपक्षसँग पनि छ।

वर-बधूको शुद्ध जलले शुद्धीकरण गर्ने प्रारम्भिक विधि धेरै पछि विकसित भएको विवाहको विधिसित सम्बन्धित छ। मूल भिक्षुले वर-बधूको सर्वाङ्ग भिज्ने गरी पवित्र जल खन्याइदिने नगरी उपस्थित अन्य व्यक्तिहरूलाईसमेत पर्ने गरी छर्किदिने गर्दछ । यसरी आज शुद्धीकरण कार्य आशीर्वाद दिने कार्य हुन आएर उपस्थित इष्टमित्र-नाताकुटुम्बले पनि मूल भिक्षुको हातबाट शुद्ध जलको सेचन प्राप्त गर्ने गर्दछन् । यो विधि सकिएपछि त्यस भिक्षुले घरका सबै ठाउँमा पनि त्यो शुद्ध जल छर्किदिन्छन् र अनि त्यस दिनको कार्य समाप्त हुन्छ ।

शुद्ध जलको स्नानद्वारा शुद्धीकरण गर्ने कार्य अब शुद्धीकरण कार्य नभै आशीर्वाद दिने कार्य हुन आएकोले इष्टमित्र तथा नाताकुटुम्बहरू आज वर-बधूलाई शुद्ध जलले सेचन गर्ने दिन उपस्थित नभै भोलिपल्ट हुने बिहाको साइतमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपस्थित भै यसरी शुद्ध जल छर्किने कार्यमा सरिक हुन्छन् । यस दिन आमन्त्रित अभ्यागतहरूले वर-बधूको टाउकोमा अलिकति शुद्ध जल हालिदिएर आशीर्वाद दिन्छन् । साधारणतया आफूलाई जेठाबाठा सम्झने व्यक्तिहरूले यस्तो गर्दछन् भने अरूले आराधना गर्ने ढाँचामा जोडेका हातहरूमा अलिअलि शुद्ध जल खन्याइदिन्छन् । टाउकोमा शुद्ध जल खन्याइदिने कार्य आजकाल बिरलै मात्र गरिन्छ । यसो हुनुको कारण सम्भवतः आजकाल भेषभूषा र केशशृंगारको ढाँचामा परिवर्तन आएको हुनाले र टाउकोमा पानी खन्याउनाले रूप विरूप हुने हुनाले होला । यो विकासक्रम हाल आएर बाहिरियाहरूले देख्ने गरे जस्तै वास्तविक विवाह विधि शुद्धीकरण संस्कार हुनुको बदला वर-बधूमा शुद्ध जल खन्याउने कार्य भएपछि सम्पन्न हुन्छ । परम्परागत विवाह उत्सव विधि अझ पनि अधिकांश स्थितिहरूमा कायमै छ तापनि यो पृष्ठभूमिमा सीमित रहेको पाइन्छ जसमा सम्बन्धित पक्षहरू तथा केही इष्टमित्र र नातेदारहरूले भाग लिन्छन् ।

(४)

आजकाल तपाईंलाई कुनै थाई विवाह समारोहमा बोलाइयो भने खास गरी ब्याङ्ककमा तपाईंलाई सधैं अपराह्नको समयमा बोलाइएको हुन्छ । तपाईं समारोहस्थलमा निमन्त्रण-पत्रमा जनाइएका समयमा जानुहुनेछ । तपाईंलाई त्यहाँ अन्य पाहुनाहरूको साथमा त्यसै बेलाको लागि व्यवस्था गरिएको एउटा प्रतीक्षाकक्षमा लगिन्छ । शुभ घडी आएपछि प्रमुख अभ्यागत मानिएको एक जना पाहुनालाई समारोहको शुभारम्भ गर्नको लागि अर्को कोठामा बोलाएर लगिन्छ । त्यहाँ त्यस विशिष्ट व्यक्तिबाट के भइरहेको छ भन्ने कुरा अक्सर एक पाहुनाको हैसियतमा तपाईंले हेर्न पाउनुहुन्न । म पनि यो कुरा बताउन्नँ । साधारण पाहुनाले के देख्दछ त्यही मात्र म वर्णन गर्न बस्तछु । ती विशिष्ट व्यक्ति त्यस कोठाबाट निस्केपछि केही मिनेटपश्चात् तपाईंलाई अरू पाहुनाको साथ त्यसै कोठाभित्र उत्सवमा भाग लिनलाई बोलाइन्छ । त्यहाँ पाहुनाहरू परम्परानुसार उमेर र दर्जाको हिसाबले रोलैसित लाम लागेर बस्छन् । त्यस बेला तपाईंले पाहुनाहरू, महिलाहरू पहिले र पुरुषहरू पछि गरेर नभै त्यसको ठीक विपरीत हिसाबले लाम लागेको देख्नुहुनेछ । यो परम्परा धेरै अगाडिदेखिको हो, जब पुरुषहरू जहिले पनि युद्धको अग्रपंक्तिमा रहन्थे र महिलाहरू घरको हेरचाह गर्न घरमा नै रहन्थे । हामीकहाँ एउटा कहावत पनि छ जसमा पुरुषहरूलाई हात्तीका अगाडिका खुट्टा र महिलाहरूलाई पछाडिका खुट्टा भनिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ । पुरुष र महिला यथार्थमा दुई अलग व्यक्ति भए तापनि विवाहपछि तिनीहरू हात्तीका अगाडि र पछाडिका खुट्टाहरू झैं एकै हुन्छन् । प्रत्येकले एकअर्कालाई सघाउ पुऱ्याउँदछन्, तापनि नर-नारीका आ-आपना प्राकृतिक गुणहरूअनुसार तिनीहरू आ-आफ्नै स्थितिमा यथावत् रहन्छन् । आजभोलि मानवताको पश्चिमी धारणाको प्रभावको कारणले गर्दा यो परम्परा भत्किन थालेको छ। यो सामाजिक व्यवस्था पछि गएर कुनै दिन नउल्टेला भनेर कसलाई के थाहा !

लाइन लागेर आफ्नो पालो पर्खिरहँदा तपाईं दुलहा तथा दुलहीलाई हातहरू अगाडि फैलाएर आराधनापूर्ण स्थितिमा जोडी टाउको निहुराएर एउटा होचो बेन्चमा एक-अर्काको नजिक घुँडा मारेर बसिरहेको देख्नुहुनेछ । दुलहीचाहिं जहिले पनि दुलहाको बायाँ बगलमा बसेकी हुन्छिन्। यहाँ पनि अग्रगमनको हिसाबले पुरुष सधैं महिलाको दायाँ बगलमा हुनुपर्दछ । दायाँ हातको बायाँ हातउपर अग्रगण्य स्थान हुनुपर्दछ। तर पश्चिमेलीहरूले बायाँ-दायाँलाई दायाँ-बायाँ भन्ने गरे तापनि हामी थाई भाषामा पछिल्लो प्रयोग गर्दछौं, अर्थात् हामी बायाँ-दायाँ भन्छौं र कहिल्यै दायाँ र बायाँ भन्दैनौं । यसबाट शायद त्यस समयको सूचित हुन्छ, जब हामी चिनियाँले जस्तै बायाँलाई पहिलो, दायाँलाई दोस्रो सम्झन्थ्यौं तर आजकालको चलन यसको ठीक उल्टो भएको छ ।

विवाह-बन्धनमा बाँधिन लागेका ती जोडीको प्रत्येक निहुरिएको टाउकोमा मसिनो धागोले उनिएको अनेक काँचो धागाहरूबाट बनेको एक प्रकारको हार वा फूलको माला हुन्छ । यस्तो मालालाई हामी **मङ्खोन् प्वायद** भन्दछौं । **मङ्खोन्**को अर्थ 'मंगलमय' हो जुन (संस्कृत तथा पालि भाषाको 'मङ्गल' शब्दबाट आएको हो) र **प्वायद्** चाहिं थाई शब्द हो जसको अर्थ 'जोडी' हुन्छ । यसरी यसले सुख जोडी झैं मंगलमय रूपले एकअर्कोसँग जोडिएका दुई वर-बधूलाई जनाउँछ । यस लेखको तात्पर्यको लागि म यस मालालाई 'मंगलमय जोडी' भन्छु।

तपाईंले कहिल्यै थाई मुक्काबाजी हेर्न पाउनुभएको भए भीडन्त गर्न लागेको मुक्काबाजको टाउकोमा एक प्रकारको माला लगाएको देख्नुभएको हुनुपर्छ, यसलाई पनि **मङ्खोन्** नै भन्ने गर्छन् । हिन्दूधर्ममा यस्तो कुरालाई 'मङ्गलचक्र' अर्थात् मंगलमय चक्र भन्दछन् । यो मंगलमय कुरा यथार्थमा धागोका डोराहरू हुन् जो वर-बधूका टाउको वरिपरि तीन फन्को लगाइएको हुन्छ । कहीं-कहीं वरबधूको घाँटीमा फूलको माला झुन्डिएको पनि देखिन्छ तर यो हालैमात्र चलेको चलन हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तपाईं भन्दा अगाडि बोलाएर लगिएको पाहुनालाई अक्सर वरबधूको नजीकै दायाँतिर उभिएको मूल पुरोहितले एउटा सिंगारिएको शंख दिएको देख्नु हुनेछ । त्यस पाहुनाले वर-बधूको अँजुली बाँधेको हातमा पालैपालो गरी त्यस शंखको पवित्र जल अलि-अलि खन्याइदिन्छ । यसमा मर्यादाक्रमको त्यति साह्रो महत्त्व नभए तापनि यो पवित्र जल थाप्ने काम सबभन्दा पहिले वरले गर्दछ । वर-वधूले त्यसरी पवित्र जल अर्पण गर्ने व्यक्तिलाई आदरपूर्ण कृतज्ञताको संकेतस्वरूप आफ्नो टाउको केही झुकाउँछन् । त्यसरी खन्याइएको जल तिनीहरूको हातबाट त्यसै प्रयोजनको लागि तल राखिएको एउटा भाँडोमा चुहिएर झर्दछ । त्यस आमन्त्रित पाहुनाले अनि त्यो शंख मूल-पुरोहितलाई फिर्ता बुझाएर कोठा बाहिर जान्छ । शंखमा जल पर्याप्त नभएमा पुरोहितले नजीकैको भाँडोमा भएको पवित्र जल पुनः थपिदिन्छ ।

तपाईंको पालो आएपछि तपाईं सरासर ती वर-बधू भएतिर जानुहुन्छ र मूलपुरोहितले तपाईंलाई शंख दिएपछि तपाईंले पनि त्यही तरीकाले पानी अर्पण गर्ने काम गर्नुहुन्छ । पुरानो चलनअनुसार यसरी पवित्र जल अर्पण गर्दा "तिमीहरूको जीवन सुखमय होस् तथा तिमीहरूको दीर्घायु होस्" भन्ने जस्ता शास्त्रसम्मत आशीर्वचन संक्षिप्त रूपमा बोल्नुपर्दछ । शंख आफ्नो हातमा लिंदा तपाईंले त्यसमा कहिलेकहीं हरियो पृष्ठभूमिमा राता र सेता टाटाहरू भएका कुनै बिरुवाका दुई-तीनवटा पातहरू भएको देख्नुहुनेछ । त्यस्ता टाटाहरू भएको पात **बाईङन्** अर्थात् चाँदीका पात भन्दछन् र रातो टाटो भएको पातलाई **बाई थ्रङ** अर्थात् सुनको पात[1] भन्दछन् । शंखमा यस्ता पातहरू राख्ने चलन हालै मात्र प्रारम्भ भएको हो र कतै-कतै यसको प्रयोगै गरिंदैन । यसको सम्बन्ध सम्भवतः कुनै अनुकरणात्मक तन्त्रमन्त्रसित छ र ती पातहरूले सुनचाँदीरूपी धनद्रव्यको प्रतिनिधित्व गर्दछन् ।

पवित्र जल खन्याइसकेपछि तपाईं शंखलाई फिर्ता बुझाएर कोठाबाट जानुहुन्छ । ढोकानिर उभिएर बसेका एक दुईजना केटीहरूले तपाईंलाई एउटा फूलको माला, एउटा सानो फूलको गुच्छा अथवा एउटा सुगन्धित रुमाल विवाहोत्सवको चिह्नको रूपमा दिन्छन् । कहीं-कहीं तपाईंलाई विवाह स्मारक पुस्तकमा आफ्नो नाम लेखी हस्ताक्षर गरिदिन पनि आग्रह गरिन्छ । यी सबै नयाँ संस्कृतिको प्रभावले गर्दा हालसालै प्रारम्भ भएका चलनहरू हुन् ।

---

१. बाई नुङ र बाई थ्रङ—Grap to phyllum hortence (Aean thaceae), the Caricature plants, **एक किसिमको बिरुवा । म्याक फरल्याण्डको थाई अंग्रेजी शब्दकोश, पाना नं. ४९१ ।**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाल ब्यांङककमा प्रचलित थाई विवाह पद्धति यस प्रकारको छ । यो सबै किसिमका शुभ कार्यहरूको प्रारम्भिक चरणमा शुद्धीकरण संस्कारको रूपमा गरिने स्नानविधिको संक्षिप्त विकसित रूप हो । बाहिरियाको लागि यो संक्षिप्त र साधारण देखिन्छ र यस रूपमा यो यस्तै पनि छ । तर यथार्थमा परम्परागत विवाह-विधि एकदमै भिन्नै किसिमको हुन्छ । यस प्रकारको विधिमा भाग लिने सम्बन्धित पक्ष र केही निकट इष्टमित्रहरू तथा नातेदारहरू मात्र हुन्छन् । यसैले बाहिरियाले यस्तो विधि बिरलै मात्र हेर्न पाउँछन् । परिपाठ र सांस्कृतिक संमिश्रणको कारणले गर्दा विधि-विधानमा अनेक भेद पाइएलान्, तिनीहरूको विश्लेषण र तुलना गर्नु लाभदायक पनि हुनेछ । मैले यहाँ थाई विवाह-पद्धतिको एउटा साधारण वर्णन मात्र गरेको हुँ । मैले यो आफूले लेख्ने विचार गरेको लामै खालको लेखको भूमिकाको रूपमा मात्र लेखेको छु ।

थाई संस्कृति माला, सं. १३, २४९७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाई तन्त्रमन्त्र तथा जन्तरहरू

तन्त्रमन्त्र तथा जन्तरहरूबाट खतरा आपद्विपद्बाट रक्षा हुन्छ र तिनीहरूबाट प्रेम, सौभाग्य र शक्ति पनि प्राप्त गर्न सकिन्छ भन्ने विश्वास र त्यसैले तिनीहरूको प्रयोग गर्ने चलन संसारभरि नै पाइन्छ । यस्तो विश्वास र प्रचलन प्राक्कालीन जातिहरूमा मात्र सीमित भएर रहेको नभै आधुनिक जमानाका राष्ट्रका मानिसहरूमा पनि पाइने गर्दछ । वास्तवमा 'पछि विकसित हुँदै आएको ज्ञान तथा नैतिक मूल्यले पूर्वकालीन मानिसका अवधारणाहरूलाई[1] जतिसुकै बदल्न र तलमाथि गर्न सकेको भए तापनि सभ्य मानिसका विचारधारा तथा चलनलाई परिणामतः मूर्तरूप दिने कार्यमा निश्चयात्मक भूमिका खेलेको अन्तर्निहित रीतिस्थिति तथा विश्वासहरूबाट चक्कुले काटे झैं चटक्क काटेर मिल्काउन सकिदैन ।' यसकारण हरेक धर्म र सम्प्रदायमा, अस्पष्ट अतीतदेखि परम्परागत रूपमा चली आएको तथा एक पुस्तादेखि अर्को पुस्ता हुँदै अवतरित भै आएका मन्त्रतन्त्र र अन्धविश्वासप्रतिको पुरानो आस्थाले जन्माएको कुनै न कुनै किसिमका मत-मतान्तर र सूत्रहरू हुन्छन् जुन मत-मतान्तर र सूत्रहरू धर्म-संस्थापकको वास्तविक शिक्षाको असंगत रूपले विपरीत हुन्छन् । यो अपरिहार्य पनि हो, किनकि मनुष्य स्वभावरूपी जुन पिण्ड ठूलठूला धर्महरूप्रतिको निष्ठारूपी बुनिएको वस्तुको ताना र बाना भै बसेको हुन्छ त्यो नै अनेक तहको संस्कृतिबाट निर्माण भएको हुन्छ । 'थेरवादमा बौद्ध हेतुवादी र आस्थावान् भक्त गरी दुई भिन्ने थरीका मानिसहरू छन्[2] भनी ए. बि. ग्रिसओल्डले आफ्नो 'थेरवादी बौद्धधर्मका सिद्धान्त र सम्झौताहरू' शीर्षक पुस्तकमा लेखेका छन् । यी कुरा अन्य धर्महरूको सम्बन्धमा पनि समानरूपले लागू हुन्छ, हरेक धर्ममा जहिले पनि अव्यक्त रूपले दुई किसिमका आस्थावान्हरू हुन्छन्—एउटा बुद्धिजीवी र अर्को भक्तजन । यिनै पछिल्लो किसिमका अर्थात् भक्तजनमा हो कि तन्त्रमन्त्र तथा जन्तरहरूमा विश्वास र प्रचलन प्रचुर मात्रामा पाइने गर्दछ ।

थाई भाषामा तन्त्रमन्त्र तथा जन्तरहरूलाई सामूहिक रूपमा खअ्रङ-ख्लाङ भनिन्छ । यस शब्दले पवित्र शक्तिशाली वस्तुहरू भन्ने अर्थबोध गर्दछ ।

---

१. सन् १९६१ मा इ.ओ. जेम्सद्वारा लिखित 'तुलनात्मक धर्म'को भूमिका ।
२. 'थाइल्याण्डको कला' भन्ने पुस्तक, पृ. २८, १९६० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परम्परानुसार यसलाई तल लेखिएबमोजिम चार प्रमुख वर्गमा विभाजन गरिएको छः–

(१) ख्रुअङ–राङ (२) फ्र ख्रुअङ (३) ख्रुअङ–प्लूक्–शेक्, र (४) वाऽन–याः ।[१]

(१) ख्रुअङ-राङ : यो आफ्नो प्राकृतिक तथा सामान्य अवस्थाबाट धेरैजसो पत्थर वा तामामा रूपान्तर भएको भौतिक वस्तु हो । यस्तो वस्तुमा तान्त्रिक शक्ति अन्तर्निहित भएर रहेको हुन्छ भनी विश्वास गरिन्छ । यसलाई कसैले मुखमा राख्यो वा लिएर हिंड्यो वा शरीरमा लगायो भने यसले उसलाई दुर्भेद्य बनाएर आपद्विपद् तथा खतराहरूबाट बचाइदिन्छ । यस्तो तान्त्रिक वस्तु भएको पुरुष वा स्त्री जोसुकै होस् त्यसलाई गोली हानेमा बन्दूक पड्कदैन र तीखो चीजहरूले प्रहार गरेमा चोट लाग्दैन ।

ख्रुअङ राङलाई मोटामोटी रूपले तल लेखिएबमोजिम दुई उप-वर्गमा विभाजन गरिएको छ :

(क) खोद् अर्थात् कुनै खास किसिमका पशु, पंछी, माछा, गंगटा र बाँस र सखुवा जस्ता रूखहरूमा पाइने एक किसिमको रक्षात्मक पत्थर । यस उपवर्गमा धमिराको गोला, दर्शन ढुङ्गाका अन्डा, कुनै खास किसिमका कच्चा धातु र ल्हेक् ल्हाई[२] तथा खोद् आकात् अर्थात् शाब्दिक अर्थमा आकाशको खोद् भनिने एक प्रकारको ढुङ्गामा पाइने कुनै खास पत्थरहरू आउँछन् । यो सम्भवतः उल्काशिला वा त्यसको टुक्रा हो । यी बाहेक अरू पनि धेरै थरीका खोद्हरू छन् र मैले थाहापाएसम्म यस विषयमा कुनै लेखादि छापिएका छैनन् । मैले देखेका कुनै कुनै खोद्हरूमा भौतिक रूपमा कालो पत्थर वा खिया लागेको तामासँग मिल्दाजुल्दा छन् । तिनीहरू कृत्रिम हुन् कि म त्यसै भन्न[३] सक्तिनँ ।

(ख) वर्गीकरण नभएकाः यस उप-वर्गमा रूख कटहर, अमिलो, ऋथिन थेत् (agacia faraesiana), प्रद् (pterocarpus indica), सबाऽ (entada

---

१. थाई शब्दहरूको लिपि उतार मुख्यतः सन् १९५४ मा शाही संस्थान ब्याङ्कले तयार गरेको "थाई चित्रांकित शब्दहरूको रोमन भाषामा लिपि–उतार"मा आधारित छ ।

२. आगो माथि राख्दा नरम हुने गुण भएको एउटा अचम्मको फलाम ।

३. खोद् र बर्मेली अमादे सम्भवतः एकै कुरा हुन् । हेर्नुहोस् सी. श्वे. यू. द्वारा लिखित "बर्मेली, उसको जीवन र धारणा" तेलो संस्करण, पृ. ४६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

phaseoloides), सतुन्न (caudia chrysantha) र मखा (intsia bejuga)[१] जस्ता- बोट- बिरुवाहरूमा पाइने बियाँहरू आउँछन् ।

रूख कटहरबाहेक माथिका सबै तथा लहरे बोटहरू कोषधारी जातका बिरूवा हुन् र यी सबै मलय प्रायद्वीपको उत्तरी भाग तथा दक्षिणी थाइल्याण्ड-मा स्थानीय बोट- बिरुवाको रूपमा धेरै-थोर पाइन्छन् । यी जातका बोट-बिरुवा-का कुनै बियाँ वा कोषा प्राकृतिक अवस्थामै असाधारण रूपले तामाको भएको फेला पारेमा भय, आदर र विश्वास जगाउने एउटा अचम्मको वस्तु मानिन्छ र अन्तर्निहित प्राण-शक्तिको लागि खुइ अङ्ग–राङ्को रूपमा यसको प्रयोग हुन सक्तछ ।

कोही मानिस जन्मँदा एउटै मात्र ताम्रवर्णको अण्डकोष भएको रहेछ भने उसँगै आफ–से–आफ कुनै खास किसिमको तन्त्रमन्त्रको गुण हुन्छ भन्ने सर्वप्रचलित विश्वास पुराना पीढीका मानिसहरूमा पाइन्छ ।

यस्तो आश्चर्यमय गुण-सम्पन्न व्यक्तिलाई लरतरो हतियारले मार्न सकिदैन खालि शूली चढाएर वा छोपेर मात्र मार्न सकिन्छ । मैले सम्झेअनुसार सही हो भने यस्तो विलक्षण मानिसको उल्लेख पुराना-पुराना वंशावलीमा एक-दुई-ठाउँमा गरिएको पाइएको छ । निश्चय नै तामामा तन्त्रमन्त्रको शक्ति हुन्छ भन्ने विश्वास ताम्रयुगको प्रतिध्वनि हो जसलाई मानिसले प्रकृतिको खेलवाट हुने यस्तो विलक्षणको कुरा भय र आश्चर्यजन्य भएकोले आपनो अन्धविश्वास-अनुसार सुरक्षित गरी आएको छ ।

मैले सुनेअनुसार कहिलेकहीं, माथि बयान गरेबमोजिमका वस्तुहरूको अभाव हुँदा उक्त प्राकृतिक वस्तुहरूका प्रतिनिधिको रूपमा मानिसहरूले तामाका कृत्रिम वस्तुहरू बनाउने गर्दछन् । (क) र (ख) दुवै उप-वर्गका खुइ अङ्ग-राङ्गलाई मूल्यवान् धातुहरूमा जडान गरेर चढाएर वा बट्टाभित्र हालेर घाँटीमा लगाउनको लागि सुनको सिक्रीमा उन्न सकिन्छ । कहिलेकहीं तिनीहरूलाई एउटा धागोमा उनी मसिना तारहरूमा जलेर घाँटीमा लगाउने पनि बनाउन सकिन्छ अथवा एक टुक्रा छोटो गजको सेतो कपडाले वेह्रेर त्यसलाई दोब्र्याई 'रोल' गरेर बटारी तन्त्र वा जन्तरको रूपमा लगाइन्छ । प्रकृतिले नै बनेको कुरा विशेष गरी खोद् पत्थर नै भनूँ ठूलो आकारको भएमा, लगाउन सजिलोको लागि त्यसलाई स-साना टुक्राहरू पार्न सकिन्छ ।

उप–वर्ग (ख) मा बिरालो र छुचुन्द्रोको आँखाको साह्रो वस्तु, बँदेलको

---

१. म्याकफारल्याण्डको 'थाई– अंग्रेजी शब्दकोष" का ल्याटिन शब्दहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साह्री दाह्रो, साऽङ[1] वा बाघको कुकुर-दाँत, भाँचेर रूखमा राखिएको बँदेलका वा हात्तीको दाह्रो पनि आउँछन् । पछिल्लो उल्लेख गरिएको हात्तीको दाँतलाई थाई भाषामा काम्चाद कामचाऽई भन्ने विशेष नाम दिइएको छ । (यसको अर्थ 'निस्काशन गरी तितरबितर पार्नु' हो ।) यस उप–वर्ग (ख)मा अँध्यारोमा परेपछि चमकदार प्रकाशले झल्कने भैंसी तथा साँढेका सिङहरू पनि समावेश गरिएका छन् । यस वर्गमा पर्ने कुनै पनि वस्तुलाई, (अथवा ठूलो रहेछ भने त्यसको कुनै भागलाई) बहुमूल्य धातुले सिंगारेर कुनै पनि खतराबाट आफूलाई सुरक्षित राख्न मानिसले धारण गर्न वा साथमा लिएर हिँड्न सक्छ ।

खु्अङ–राङ वर्गका यी तन्त्र-मन्त्रात्मक वस्तुका नामहरू थाई ऐतिहासिक कल्पनाप्रधान कथाहरूमा विशेष गरी खुन छाङ खुन फाय्न नामक सुप्रसिद्ध कथामा बराबर आउँछन् । खु्अङ–राङका वस्तुहरूको प्रारम्भिक ज्ञान नभैकन कसैले पनि थाइल्याण्डका कुनै-कुनै सामाजिक समूहहरूका मानिसहरूमा अतीत कालमा व्याप्त जन-विश्वासका लोकसाहित्यको राम्रो ज्ञान पाउन सक्तैन । विगतकालको कुनै कुराको ज्ञान प्राप्त गर्नुका साथै वर्तमानलाई बुझ्नको लागि पनि मानिसले वर्तमान कालमा पाइने यस्ता अवशेषहरूको अध्ययन गर्न गर्दछ । विभिन्न कारणहरूबाट यस प्रकारका अध्ययनहरू गर्न नखोज्नुको अर्थ जनसाधारणका विचार तथा भावनाको विकास र उन्नति गलत हिसाबले बुझ्नु हो ।

(२) फ्रा–खु्अङः खु्अङ–राङ अर्थात् वर्ग १ का वस्तुहरूसँग सम्बन्धित कुनै वर्गका स–साना मूर्तिहरू छन् जसले भगवान् बुद्धको भाव र उसको जीवनको प्रसंगहरू दर्शाउँछन् । वास्तवमा फ्रा–खु्अङ भन्ने थाई शब्द फ्रा खु्अङ राङ (फ्रा=भगवान्+खु्अङ–राङ) को संक्षिप्त रूप हो ।

यी स-साना मूर्ति ठूला, मझौला र साना गरी तीन आकारका हुन्छन् जसलाई कण्ठीमा झुन्ड्याउने कुराको रूपमा प्रयोग गर्न अथवा सजिलोसित साथमा लिएर हिंड्न सकिन्छ । जति धेरै भयो उति बढी सुरक्षा हुन्छ भन्ने जनधारणाअनुसार यी स-साना मूर्तिहरू एक साथमा एउटा वा बढी पनि धारणा गर्न वा साथमा लिएर हिंड्न सकिन्छ । ("जति धेरै पानी हुन्छ उति थोरै माछा मर्दछन्, जति कम्ती पानी हुन्छ उति धेरै संख्यामा माछा मर्दछन् ।" यो

---

१. साऽङ भनेको मान्छेको पनि रूप लिन सक्ने पुरानो जमानाको एउटा बाघ हो । बाघको रूप लिन सक्ने त्यो बेलाको जादूगरलाई पनि साऽङ भन्थे । यो एउटा बाघमा बदलेको मानव हो जसको वर्णन थाई लोक-साहित्यमा आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा थाई लोकोक्ति हो।) यी पवित्र मूर्तिहरू प्रयोग गरिएको सामान र तिनीहरू बनाउने प्रक्रियाअनुरूप चार वर्गमा विभाजन गरिएका छन् । ती हुन् :

(क) **पाको माटोका मूर्तिहरू** : यी मूर्तिहरू मिहीन माटोले वा माटो, खास जातका फूलहरूका पराग तथा **वान्–या** (हेर्नू. वर्ग ४) को संमिश्रणले बनाइएका हुन्छन् । त्यस संमिश्रणका भागहरू विभिन्न शिक्षक-मण्डली-पिच्छे भिन्नाभिन्नै हुन्छ र त्यसको सूत्रलाई खूब होशियारीपूर्वक गोप्य राखिन्छ।

(ख) **फ्रा फिमको संकल्पित** पट्टिका अर्थात् साँचोमा ढालिएका सानाना बुद्धका मूर्तिहरू । यसको निर्माणका लागि प्रयोग गरिने कुराहरू बहुविध हुन्छन् । तिनीहरू तोकिएको मन्त्रोच्चारण गरिसकिएपछि तथा फलाम, तामा, टिन, सिसा वा कुनै खास प्रकारका मिश्र धातुको संमिश्रणको धार्मिक प्रक्रिया पूरा गरिसकिएपछि विशुद्ध माटो वा खरीको धूलोबाट बनाउन सकिन्छ । कहिलेकाहीं सुन, चाँदी तथा पारो पनि मिसाइन्छ । यिनीहरू पनि विभिन्न शिक्षक मण्डलीको "गुरु सम्प्रदाय" अनुसार फरक-फरक हुन्छन् ।

संकल्पित पट्टिकाहरू शुरुमा दशौं हजारको संख्यामा बनाएर गुफाभित्र जम्मा गरिन्थे अथवा भगवान् बुद्ध तथा उनको धर्मप्रतिको श्रद्धा-भावलाई संस्मरण गराउन पवन उद्देश्यले स्तूप वा **फ्रा चेदी** (पगोडा शैलीको मंदिर) मा बन्द गरी राखिन्थे । उनको निर्वाण भएको पाँच हजार वर्ष सकिएपछि उनको ठाउँ श्री आर्य मैत्रेय अर्थात् थाई बोलचालीमा **फ्रा सी. आऽन्** नाम भएका अर्का बुद्धले लिनेछन् । यो विश्वास निश्चय पनि थाइल्याण्डको राष्ट्रिय धर्मको रूपमा मान्यता प्राप्त दक्षिणी बौद्ध मत हीनयानको विपरीतको उत्तरी बौद्ध मत महायानद्वारा धेरै थोरै प्रभावित थियो । ऐतिहासिक दृष्टिकोणबाट हेर्ने हो भने थाइल्याण्ड तथा छिमेकी देशहरूको लोकप्रिय बुद्धधर्म अर्थात् जनसमुदायको धर्म बनेको महायान बुद्धधर्मका चिन्हहरू थाइल्याण्डको साहित्य, लोककथा र प्राचीन स्मारकहरूमा निहित भएर रहेका पाइन्छन् ।

जति जति समय बित्दै गयो उति उति यस्ता संकल्पित पट्टिकाहरू खडा हुँदै गएका चैत्यहरूमा चढाइएर जम्माहुँदै गए । यिनीहरू सधैं भाकलको रूपमा चढाइने नभै कहिलेकहीं जन्तरको रूपमा प्रयोग गर्न पनि चढाइन लागे । यस्ता पुराना पट्टिकाहरू बराबर पुराना वा भत्के-बिग्रेका **फ्रा चेदी**बाट पनि निस्कने गरेका छन् । आजकाल तिनीहरू धेरै मोलमा बिक्री हुने गर्छन् । त्यो मोलको निर्धारण तिनीहरूको किसिम र तिनीहरू फेला परेका स्थानहरूको हिसाबले हुन्छ । यस्ता पट्टिकाहरू नक्कली पनि नभएका होइनन्, सक्कली र नक्कली छुट्याउने ज्ञान पनि एउटा कला नै बन्न पुगेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) ढालेर बनाइएका स-साना मूर्तिहरू: यी बुद्धका स-साना मूर्तिहरू ढालेर निर्माण गर्ने कार्यको पनि बुद्धका अरू मूर्तिहरू ढालेर बनाउनेको जस्तै बैधिक तरीका हुन्छ तर कतिपय तपसीलका कुराहरूमा 'गुरु सम्प्रदाय' अनुसार फरक-फरक हुन्छन् । यसमा प्रयोग हुने धातु फलाम, नाक (सुन तथा तामाको मिश्र धातु अर्थात् स्वासा) अथवा चाँदी हुन्छ ।

(घ) कुँदिएका स-साना मूर्तिहरू: यसको लागि खास जातका रूखको काठ प्रयोग गरिन्छ । तिनमा पवित्र अंजीरको रूख, श्रीखण्डको रूख, सखुवाको रूख र एक किसिमको काँडेगुली रूखका काठहरू आउँछन् । पछिल्लो रूखलाई थाई भाषामा **मयोम्** भन्दछन् । यस शब्दको दोस्रो अंश **योम्**को उच्चारण पनि **नियोम** र **क्रायोम्** भन्ने दुई थाई शब्दहरूको उच्चारणसँग मिल्दोजुल्दो छ । अघिल्लो शब्दको अर्थ "मन पराएको, अनुमोदन गरिएको, आदर गरिएको," (संस्कृत भाषाको 'नियम') जस्तो हुन्छ भने पछिल्लोको अर्थ सबै दुष्टात्माहरूको मनमा भय उत्पन्न गराउने, पातालमा बस्ने हिन्दू देवता" (संस्कृतमा– 'यम') भन्ने हुन्छ । वस्तुतः यो शब्दको खेल हो जसको स्वरोच्चारण एकै भए तापनि अर्थ भिन्न भिन्न हुन्छ, जसबाट एउटै स्वरोच्चारणले जादूको संसारमा उस्तै प्रकारको असर उत्पन्न गर्दछ भन्ने अन्धविश्वास गराउँछ । यी विशेष किसिमका काठहरूबाहेक **खोद्** (माथि हेर्नुस्) भन्ने पत्थर, हस्तीहाड वा बाघको कुकुर-दाँतबाट पनि बुद्धका प्रतिमूर्तिहरू कुँदेर बनाउन सकिन्छ ।

३) **खु अङ प्लूक–शेकः**– यस वर्गसँग सम्बन्धित अनगिन्ती वस्तुहरूको चर्चा गर्नुअघि **प्लुक–सेक्** भन्ने शब्दको सम्बन्धमा सर्वप्रथम केही कुरा भन्नु आवश्यक छ, किनकि यो शब्दको प्रवेश यस मन्त्रात्मक वस्तुहरूको वर्गमा मात्र भएको नभै यस्तै प्रकारका अन्य वस्तुहरूमा पनि भएको छ । थाई भाषामा **प्लुक–सेक्**को अर्थ "कुनै व्यक्तिको पौरुषता वा कुनै वस्तुको सशक्ततालाई मन्त्र वा मन्त्रोच्चारणको प्रयोगद्वारा जगाउनु हो, यसै एक अर्थमा यो "प्रतिविम्बता, वरप्राप्तिता" हो । थाई भाषामा मन्त्र भनेको **खाथाः आखोम्** अर्थात् **वेट–मोन** हो । यो दुई जोर शब्दहरूको प्रयोग जनसाधारणले टुनामुना गर्ने वेलामा निपुण व्यक्तिहरूले पनि यथार्थ अर्थमा प्रयोग गर्दछन् । वास्तवमा **खाथाःआखोम्, वेद** र **मोन्** भन्ने चारै शब्दहरूको मूल संस्कृत र पालि भाषाका हुन् । ती हुन् **गाथा, आगम** र **मन्त्र** ।

गाथाको अर्थ संस्कृत तथा पालि भाषामा श्लोक वा गीत भन्ने हुन्छ, तर थाई भाषामा खाथाको आफ्नो मौलिक अर्थबाहेक जादूमन्त्र भन्ने पनि हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आगम एक अर्थमा 'वेद' हो तर थाई भाषामा आखोम्को अर्थ मन्त्र हुन्छ, जसको प्रयोग विशेष गुप्त अर्थ भएका अंकवृत्तहरू, चतुष्कोण आदि कुनै वस्तु वा कुनै व्यक्तिको शरीरमा खोप्दा वा खोप लगाउँदा तन्त्रमन्त्रको हिसाबले गरिन्छ ।

हिन्दूहरूको पवित्र धर्मग्रन्थ वेदलाई थाई भाषामा वेद् भन्छन् । वेद्को अर्थ मन्त्र वा मोहनी-शक्ति भएको भनी विश्वास गरिने शब्दहरूको समूह हो ।

मन्त्रको थाई उच्चारण मोन हो र यी दुवै शब्दको अर्थ पनि टुनामुना नै हो । थाई भाषामा वेद र मन्त्र पर्यायवाची भए तापनि तिनीहरूको प्रयोग भिन्ना भिन्नै हुन्छ । वेद-वेदोत्तर ब्राह्मणवादको सम्बन्धको टुनामुना हो भने मन्त्र अधिकांश लौकिक बौद्धवादको टुनामुना हो । थाईहरूलाई वेदको पहिलो चार भाग अर्थात् संहिता वा मन्त्र संग्रहको मात्र ज्ञान थियो र तिनीहरूलाई फा[1] वेत भन्दथे । बौद्ध धर्मग्रन्थका केही छानिएका श्लोकहरूको पाठ खतराबाट रक्षा गर्ने उद्देश्य राखेर वा सुस्वास्थ्य तथा धनको अभिवृद्धिको लागि गरिएमा त्यसलाई मोन (मन्त्र) भन्दछन्, अन्यथा त्यसलाई वेद् (वेद) भनिन्छ । चलन-चल्तीमा एउटा वा अर्कोसित विलीन हुने प्रवृत्ति भएका यी चार शब्दहरूको अर्थमा भ्रम पर्ने कारण पनि यही नै हो ।

एउटा अर्को किसिमको वेद्–मोन् वा तन्त्रमन्त्र छ जुन शायद थाई जनतामा मात्र विशेष रूपमा चलेको छ, जसमा विशुद्ध रूपमा थाई शब्दको वा कहिलेकाहीं पावनताका लागि यत्रतत्र बीचबीचमा पालि शब्दहरूका साथ पाठ गर्ने गरिन्छ । त्यसमा कैयन् पालि शब्दहरू भ्रष्ट रूपमा छन् भने कुनै कुनै थाई शब्दहरू यति अश्लील हुन्छन् कि दैनिक बोलीचालीमा प्रयोग गर्न वा मुद्रण गर्न अयोग्य छन् । विडम्बना के छ भने, कुनै व्यक्ति वा वस्तुउपर तत्काल असर पार्नु-पर्‍यो भने यस प्रकारको शब्दलाई पाठ गर्ने वेलामा ठूलो स्वरले भट्याउनुपर्ने हुन्छ । यस प्रकारको मन्त्रलाई मोन् महा ओङ्कान् (महान् ओम्कार वा ओम्को मन्त्र) अर्थात् छोटकरीमा र थाई उच्चारणमा मोन वा ओंगकान भनिन्छ, कारण अधिकांश जादू मन्त्रहरू हिन्दूको रहस्यमय ध्वनि 'ओम्' बाट नै प्रारम्भ

---

१. फा भनेको संस्कृत वा पालि भाषामा वर हुन्छ । यो थाई भाषाको एउटा आदरार्थी शब्द हो जसको माने 'स्वामी, मूल्यवान्' आदि हुन्छ । यो शब्दको प्रयोग फाचाउ=ईश्वर फायेसू= भगवान् जीसस र फा महमद= गुरु महमद जस्ता थाई शब्दहरूमा पाइन्छ । फा एक्लै आयो भने त्यसको अर्थ ईश्वर, बौद्ध भिक्षु वा राजा ३ जना थाई आराधनाका नायक हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छन्। पुराना पीढीका धेरै थाईहरू विशेष गरी असंस्कृत मानिसहरूलाई यी मन्त्रहरूबारे धेरै थोरै ज्ञान हुन्छ र तिनीहरूले यस्ता मन्त्रहरूलाई संकटकालीन प्रयोगको लागि कण्ठस्थ पारेका हुन्छन् तर अशिष्ट हुने वा राम्रो विचार नभएको[1] भनी भन्ला भन्ने डरले गोप्य कुरा खोल्दैनन् तर धेरै मिल्ने मानिसहरूको बीचमा अनौपचारिक कुराकानी हुँदा हँस्यौलीको रूपमा कसैलाई भन्न पनि सकिन्छ।

कहिलेकाहीं यसरी पाठ गर्ने वा गुनगुनाउनुपर्ने शब्दहरूको निश्चित स्वरूप लामो हुन्छ र सम्पूर्ण मूलग्रन्थको सट्टामा एक प्रकारको गुप्तार्थ भएका शब्दको रूपमा प्रयोग गरिने जादूमन्त्रका केही शब्दहरूका प्रथम अक्षरहरूको चयन गरिन्छ। यस प्रकारको संक्षिप्त रूपको असर पनि 'अगडम् बगडम्' मन्त्रको भन्दा कत्ति पनि फरक हुँदैन भन्ने विचार गरिन्छ। यो संक्षिप्त शब्दलाई थाई भाषामा 'मुटुको गर्भ' भनिन्छ। सम्भवतः संस्कृत भाषाको 'हृदय' र 'बीज' जस्तै हो जसको अर्थ मुटु र बीउ भन्ने हुन्छ।

प्रसंगमा म के पनि थप्न चाहन्छु भने यो मन्त्रलाई छोटकरीमा अंकित गर्दा वा खोप लगाउँदा शुद्धताको लागि कम्बोडियाली अक्षरहरूको प्रयोग गरिन्छ, थाई भाषामा भने संख्यात्मक अङ्कहरू मात्र लेखिन्छन्। किन? पुरानो जमानामा सबै किसिमका पवित्र बुद्धधर्मका धर्मग्रन्थहरू खोम् अर्थात् कम्बोडियाली चित्रांकित अक्षरहरूबाट ताडपत्रहरूमा अंकित गरिन्थे, वर्तमान कालमा जस्तो थाई सावाँ अक्षरहरूले लेखिदैनथे। प्राचीन कालका खोम् अर्थात् कम्बोडियाली अक्षरहरू तन्त्रको प्रयोजनको लागि गूढाक्षर भन्दा कम थिएनन् भन्ने विश्वास जनमानसमा परम्परागत रूपले गडेको छ र त्यसलाई आँखा चिम्ली सुरक्षित राखिएको छ।

अब हामी वर्ग ३ का वस्तुहरूको अलि विस्तारपूर्वक विवेचना गर्नतिर लागौं। वर्ग २ का बुद्धका स-साना मूर्तिहरू वाहेकका अरू कृत्रिम वस्तुहरूमा सम्बन्धित वस्तु वा प्रयोजनको लागि उपयुक्त तन्त्रात्मक चतुष्कोण, वृत्त वा अन्य कुराहरूका साथै विशेष प्रकारका मन्त्रोच्चारणहरू जस्ता खास किसिमका औपचारिक तन्त्रात्मक चित्रहरूको प्रयोगद्वारा तिनमा मोहनी शक्ति जगाउन प्लक–सेकका खास प्रक्रियाहरू सम्पन्न गर्नुपर्दछ। वर्ग १ मा भएका खु अङः–राङ का तन्त्र–मन्त्रात्मक वस्तुहरू तथा वर्ग २ मा भएका फ्रा खु आङका बुद्धका मूर्ति-

---

१. हेर्नू, एडवर्ड कोन्जेद्वारा लिखित "बौद्ध धर्ममा पछिको बौद्ध सम्प्रदायमा तन्त्रवादको विकास"। न्यूयोर्क: १९५९। पृष्ठ १८०–१८३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको पनि, रहस्यमय शक्तिको जोर बढाउन उचित ठानिएमा आफ्नो शक्ति-लाई अरू वृद्धि गरी नवीकरण गर्न प्लूक–शेकको विधि पूरा गर्नुपर्ने हुन्छ। यहाँ "भनिएको कुरा वर्ग ४ को वान–यासम्बन्धी वस्तुहरूको हकमा पनि समान रूपले लागू हुन्छ ।

प्लूक–सेकको वर्गसँग सम्बन्ध राख्ने वस्तुहरू धेरै किसिमका भएको हुनाले, अरूभन्दा धेर प्रख्यात भएका केही तथा मलाई थाहा भएजतिको मात्र यहाँ चर्चा गरिनेछ ।

टाकरूक अर्थात् जन्तर (सीमित अर्थमा) यो वर्गका वस्तुहरू लामो खोक्रो बेल्नका आकारका हुन्छन् । यिनीहरू विभिन्न लमाइ र मोटाइका हुन्छन् । मलाई जहाँसम्म थाहा छ यी वस्तुहरू अक्सर दुई इन्च जति लामा हुन्छन् । सबभन्दा छोटो चार्हि आधा इन्च जति लामो हुन्छ । मोटाइ भने प्रयोग भएको सामग्री हेरी हुन्छ । मोटाइ भने प्रयोग भएको सामग्री हेरी हुन्छ । गोलाइमा आधा इन्ची जतिदेखि लिएर एक इन्चीको आठौं भागसम्मको पनि पाइन्छ । यहाँ बयान गरिएको कुरा एउटा अन्दाज मात्र हो किनकि मलाई थाहा भएसम्म यसको नाप यति नै हुनुपर्छ भन्ने कुनै खास मापदण्ड छैन । प्रयोग गरिने सामग्री चार्हि सुन, नाक (स्वासा), चाँदी, तामा, टिन अथवा सिसा, जस्ता, धातुका पाता हुन्छन् र त्यसलाई चार्हिदो आकारमा काटेर त्यसमा प्लूक शेकको विशेष सूत्रमा बताइएअनुसारको गुप्ताक्षरहरू वा अन्य रूप वा आकृतिहरू एक टुक्रा कागजमा वा त्यही धातुमा नै लेखेर राखिएका हुन्छन् प्लूक शेकको सूत्र चार्हि 'गुरुमण्डली' अनुसार फरक-फरक हुन्छ । त्यसपछि त्यस धातुको पातालाई बेह्री एउटा लामो खोक्रो ढुंग्रो बनाइन्छ । कहिलेकाही बाँसको एउटा सानो हाँगालाई आफूले चाहेजति लामो पारी काटिन्छ र धागो छिराउन हुने गरी भित्र खोक्रो पारी प्वाल ठूलो पारिन्छ । अनि त्यस तक्रुदलाई सम्बन्धित ग्रन्थमा बताइराखिए अनुसार कुनै अनिष्ट निवारण गर्न वा अन्य तन्त्रमन्त्रको उद्देश्य पूर्तिको लागि सुनको वा चाँदीको सिक्रीमा वा शुद्ध पारिएको वा नपारिएको धागोमा बाँधी हारको रूपमा लगाउने गरिन्छ, अथवा पेटी, पटुका वा बाजुको रूपमा एउटा सिक्री दायाँ काँधमा लगाइन्छ । अक्सर त्यसरी लगाइने तक्रुद एउटै सिंगो वस्तु नभै उत्रै-उत्रै आकार र लम्बाइको जोर मिलेको वा नमिलेका धेरै टुक्राहरू मिलाएर बनाइएको हुन्छ ।

तक्रुदमा अंकित हुने गोप्य आकृतिहरू कहिलेकहीं एकभन्दा बढी मूर्तिहरू र अक्षरहरूका लहरहरूले बनाइएका हुन्छन् । त्यसो गर्दा ती मूर्ति र अक्षरका लहरहरू सबै मिलेर एउटै सम्बद्ध समूह बनेका हुन्छन् तर ती सबलाई समष्टिगत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा धातुको एउटै सानो टुक्रामा अंकित गर्न नसकिने हुनाले एकभन्दा बढी तक्कुड्हरूमा लेख्ने गरिन्छ । एउटै सिक्रीमा एउटै साइजका धेरै तःक्कुडहरू उनेर लगाउने कारण पनि यही नै हो । यसरी उन्दा अक्सर तीनओटा, पाँचओटा वा सातओटासम्म राखी उन्ने चलन छ र यसरी धेरै टुक्रा गाँसिएको तःक्कुड्लाई **तःक्कुड् फुआक** अर्थात् संयुक्त तक्कुद् भन्दछन् । कहिलेकाहीं एउटै सिक्रीमा विभिन्न साइज र लम्बाइका तक्कुद्हरू लगाउने गरिन्छ, किनकि यी तःक्कुड्हरू विभिन्न 'आचानहरू' (आचार्य) अर्थात् विशुद्ध शक्तिसम्पन्नताको विशेष प्रकारको गुण भएका जादू मन्त्रका विभिन्न सम्प्रदायका गुरुहरूसँग सम्बन्धित हुन्छन् र तिनीहरूलाई आफ्नो बनाउन पाइने अवसर आएमा तिनीहरूलाई लगाउन चुक्नु हुँदैन । तःक्कुड् जस्तै देखिने गरी बनाइएका गहनाहरू पनि पाइन्छन्, तर तिनीहरूको जादूमन्त्रसँग कुनै सम्बन्ध छैन र तिनीहरू खालि शृङ्गारका लागि मात्र हुन् ।

सालिका: यो चाहिं ज्यादै नै सानो खालको तक्कुद् हो । यो **सालिका** पालि शब्द हो । यसको अर्थ 'मैना चरा' हो । लोककथामा यसको वर्णन अक्सर गरेको पाइन्छ । यसैले यस्तो प्रकारको तक्कुद्को नाम यस प्रकारको रहन गएको हो । कसैले **सालिका** तःक्कुड् आफ्नो दाँतको बीचमा कुनै सानो खाली ठाउँमा घुसारेर राख्यो भने अरू कसैसँग कुरा गर्दा त्यो मानिसले आफूप्रति मीठो सुमधुर बोलीवचनले गर्दा सद्भावना राख्न थालेको चाल पाउँछ । यसैले 'ऊ सालिका **लिन थोंग** हो', अर्थात् त्यो मानिस त सुनौला-जिब्रो भएको **सालिका** भन्ने लोकोक्ति पनि पाइन्छ । **सालिका**लाई दाँतहरू बीचको खाली ठाउँमा घुसार्न अप्ठ्यारो भएमा त्यसलाई तःक्कुड्को साविकको आकारमा बेर्ने गरी नबढाई मसिनो सानो पातको रूपमा पनि बनाउन सकिन्छ । अरूले, आफ्नो अनुहार हेर्ने वित्तिकै मनपराओस् भन्ने विचार गरेर कोही कोही त 'सालिका'लाई आँखाको तल्लो ढकनीभित्र पनि घुसारेर राख्ने गर्दछन् । यसरी राखिने भएमा यसरी राखिनेलाई **सालिका** भन्नु गलत हो भन्ने कोही-कोही अधिकारीको भनाइ छ । यसलाई तःक्कुड् **फसोम् नेत्** भन्नु उपयुक्त हुन्छ । त्यो शब्दको अक्षरशः अनुवाद गर्ने हो भने त्यसलाई आँखा जुधाउने तःक्कुड् भन्छु अर्थात् यस्तो तःक्कुड् जसमा साथी अथवा मायालुसित भेट गराएर इच्छानुसार विवाह गराइदिने, धनसम्पत्ति जुटाइदिने वा भाग्य फर्काइदिने शक्ति हुन्छ ।

फिसमअनः तन्त्र-मन्त्र विधिले गुप्त-चिह्न र अक्षरहरू लेखिएको एक इन्ची जतिको व्यास भएको चाक्कुने तालपत्रको जन्तर अरूभन्दा बलियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएकोले यसलाई साधारण सुती धागोमा नउनी रेशमको धागोमा उन्ने गरिएको हुन्छ । यो लगाउँदा छड्के पारी बायाँ काँधमा[1] लगाइन्छ ।

फिसमअनको प्रयोग थाई परम्परानुसारका दुई नववर्षका दिनमध्ये एउटामा गर्ने गरिन्थ्यो । ती दुई नववर्षका दिन **लुत् थाई** र **लुत्सोङ क्रान्** अर्थात् पानी छर्कने चाड[2] हुन् । **लुत् थाई** चन्द्रमास (मार्च–अप्रेल)को मसान्तको दिन पर्दछ । पहिले-पहिले भए यो दिनलाई भिक्षुहरूलाई खाद्यान्न दान गरेर पुण्य आर्जन गर्ने तथा बितेका वर्षको अन्तमा विधिपूर्वक क्रिया गरी निकाल्ने काम गरिरहेको वा त्यस्तो काम भैरहेको वेलामा पनि नगै लुकेर बसिरहने भनी विचार गरिएका भूत-प्रेतबाट बच्नको लागि बितेका वर्षको अन्तमा **फिसमअन** लगाउने शुभ दिनको रूपमा मानिन्थ्यो । त्यो वेला यस दिनमा एउटा सरकारी समारोह नै हुन्थ्यो जसमा राजदरबारका ब्राह्मण र बौद्ध भिक्षु दुवै थरीले भाग लिन्थे । त्यो समारोहको वेलामा भूतप्रेत र विगत वर्षका[3] दशा-पन्छा-उनको लागि कुनै ठोस वस्तुको चाहना राख्ने मानिसहरूलाई तालपत्रको **फिसमअन र तबअङ फेत्**[4] बाँडिन्थ्यो । **लुत् थाई** पर्व आज पनि अघिल्लो पिढीका मानिसहरूले सानै रूपमा भए पनि मनाउने गर्दछन् । यसवेला कुनै पर्व-विशेषमा गर्ने गरे जस्तै पुरोहित र भिक्षुहरूलाई खाद्यान्न दान दिने गरिन्छ ।

फिसमअन सुन वा चाँदीका पनि हुन्छन् । तर तन्त्रमन्त्र विधि नगरीकन तिनीहरूको मोहनी लाग्दैन, तिनीहरू खालि सिंगारका सामान मात्र हुन्छन् । तिनीहरू लगाउँदा सुनको सिक्रीमा उनेर बाँया काँधमा छड्के पारी लगाइन्छ ।

---

१. फिसमअनको बयान एक जना प्रसिद्ध चित्रकार मेरा स्वर्गवासी मित्र फ्रा देवाभिनिभित्ले २० वर्ष जतिअगाडि मलाई बताउनुभएको कुरा र मोटामोटी रूपरेखामा आधारित छ ।

२. जे.एस.एस., भाग २ (जुलाई, सन् १९५४), पाना २३–३० हेर्नुस् ।

३. श्रीमन् महाराज चुलालङकअन् थाई भाषामा लिखित वर्षभरिको राजकीय मासिक समारोहहरूको विवरण हेर्नुहोस् ।

४. तबअङ फेत्को अर्थ हीराको डण्डा हुन्छ । यथार्थमा यो ताडको एउटा पात हो । 'चूडाकर्म' गर्दा आज पनि प्राचीन कालको अवशेषको रूपमा यसको प्रयोग गरिन्छ । सन् १८९५ मा ब्यांककमा प्रकाशित जी.ई. गेरिनीद्वारा लिखित चुलाकंतमंगल अर्थात् चूडाकर्म समारोह भन्ने पुस्तकमा दिइएको चित्र २ को नं. २ मा चित्रित तबअङ फेत् को चित्र हेर्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिनीहरू दुवै काँधमाथि लगाउन सकिन्छ, त्यसो गर्दा छातीको बीचमा पर्ने गरी लगाएर अघिल्तिर एउटा पिन वा ब्रुच झुण्ड्याइएको हुन्छ । एउटा सिक्रीमा धेरैओटा **फिसमअन** उनेर लगाउने गर्दा ती **फिसमअन**हरूको बीच-बीचमा **तक्कुड्**हरू पनि राखेर उनिएको हुन्छ । अनि ती **फिसमअन** र **तःक्कुड्**हरू दुवैको अगलबगलमा थाई भाषामा **लूक सकोद्** भनिने सुनका गेडाहरू पनि राखिएका हुन्छन् । ती गेडाहरूले **फिसमअन्** र **तःक्कुड्लाई**सँगै बस्न नदिने वा अलग-अलग पार्ने काम गर्दछन् ।

फिसमअन शब्द विचित्रको हो । झट्ट हेर्दा यो शब्द संस्कृतीकरण भएको शब्दजस्तो देखिन्छ । थाई भाषामा लेख्दा यो **बिसमर** भनी लेखिन्छ तर उच्चारण भने **फिसमअन** गरिन्छ । तर मलाई थाहा भएसम्म थाईका शास्त्रीय भाषा, पालि र संस्कृत कुनै पनि भाषामा **बिसमर** भन्ने शब्द पाइँदैन । मलयाली भाषामा अरेबियन मूलको **बिसमर** भन्ने एउटा शब्द छ । त्यो शब्द 'करुणामय अल्लाहका नाममा' भन्ने वाक्यांशको लागि प्रयुक्त हुने सूत्र हो । यसलाई एक टुक्रा कागजमा लेखेर एउटा सानो धातुको बट्टामा हाली धागोमा झुण्ड्याएर माला जस्तै गरी घाँटीमा लगाउने गरिन्छ । मैले यो कुरा सम्झनाको भरमा मात्र लेखेको हुँ । पचास वर्षअघि एक पाथकनले आफ्नो घाँटीमा यस्तो एउटा कुरा लगाएको देखेको थिएँ । उसले मलाई त्यसको नाम **बिसमर** भनी बताएको थियो । सम्भव छ, थाई भाषाको **फिसमअन** र **बिसमर** वा **बसमल** शब्द एउटै मूलबाट[1] आएको होस् ।

तन्त्रसम्बन्धी थाई शब्दहरूसँग मिल्दाजुल्दा मलयाली भाषामा अरू दुई शब्दहरू छन् । ती शब्दहरू **कफान्** तथा **खुण्** हुन् । अघिल्लोलाई अवसर अर्को थाई शब्दसँग यताउति पारी मिलाएर थाई भाषाको स्वभागसँग मिल्दो समानार्थक जोडी शब्द बनाउने गरिन्छ जस्तो **यूखोङ बफान्** । **यूखोङ** शब्द निःसन्देह मूल थाई शब्द हो । त्यसको अर्थ अभेद्यता हो । त्यही नै अर्थ **कफान्** शब्दले पनि दिन्छ । तर यो शब्दको मूल शंकास्पद छ मलयाली भाषामा पनि त्यस्तै स्वर र अर्थ अर्थात् अभेद्यतावोधक **कबल** शब्द पाइन्छ । थाई भाषामा **खुन्** को अर्थ एउटा यस्तो मन्त्रोच्चारण हो जसको उच्चारण गरेर काँचो छालाको टुक्रा अति नै सानो आकारको बनाउन सकिन्छ । यसोगरी यसलाई जुन शत्रुलाई हानेर नोक्सान पुऱ्याउनुपर्ने हो त्यसको जीउभित्र घुसाइछ । यसरी जीउभित्र पसिसके-

---

१. आचारशास्त्र र धर्मसम्बन्धी विश्वकोषमा भएको "चासमाला" लेख हेर्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पछि त्यो मासुले बिस्तार बिस्तारै आफ्नो साबिकको आकार लिन्छ र त्यो मानिसलाई ठूलो पीडा भै अन्तमा त्यही कष्टले नै उसको मृत्यु हुन्छ । मैले सम्झेको सही हो भने मलयाली भाषामा पनि त्यस्तै अर्थ भएको एउटा गुन भन्ने शब्द छ । दक्षिणपूर्वी एशियाका जनसाधारणको मानसिक स्थिति उस्तै उस्तै भएको हुनाले तिनीहरूमा प्राचीन समयमा तन्त्रमन्त्रको अभ्यास गर्ने चलनको आपसमा लेनदेन हुन्थ्यो भन्ने कुरामा दुईमत हुँदैन । यो कुरा अन्य जातिहरूमा पनि लागू हुन सक्तछ, किनकि "मानव-सभ्यता भनेको चर्मगत मात्र" हुन्छ । यस प्रकारका चलन र विचारहरू आधुनिक विचारहरूसित मिल्दो गरी ढालिएको र बदलिएर पनि हरेक जाति र राष्ट्रका मानिसहरूमा समान रूपले पाइन्छन् ।

फ्रा प्रचियद : यो हात पुछ्ने वा मुख पुछ्ने रुमाल जस्तो मन्त्र लेखिएको एक टुक्रा कपडा हो । मानिसहरूले अक्सर गरेर काँधमाथिबाट तर्लङ्ग झुन्डिने गलबन्दी जस्तो वा बाहिरी लुगामाथि पटुका जस्तो गरी बाँधिने फ्रा खाम नाम गरेको कपडासहित भोटो वा अन्य यस्तै लुगा लगाउने चलन भएको जमानामा बाहिर कतै जाँदा हातहतियारबाट हुने प्रहारबाट बच्नको लागि ढाल, भूतप्रेतबाट सुरक्षा तथा कुनै आपद्-विपद्बाट बचावटको रूपमा घाँटीमा वा हातमा पट्टीको रूपमा लगाउने गरिन्थ्यो । कालान्तरमा मानिसले कोट, टोप वा टोपी लगाउने चलन आएपछि फ्रा प्रचियदलाई टोप वा टोपीको वा कोटको बगलीमा राख्ने गर्न थालियो ।

यन्त्रको विषयमा यन्त्रका प्रशस्त ढाँचा र आकार-प्रकारको चित्र दिएर धेरै-थोरै रीतपूर्वक लेखिएका पुस्तकहरू थाई भाषामा अनेक छन् । तिनीहरूमा धेरैजसो हस्तलिखित रूपमा छन् र तिनीहरू पनि मानिसहरूको निजी स्वामित्वमा रहेका छन् । यस गुप्त कलाको बारेमा अनभिज्ञ रहेको व्यक्तिले किताबी ज्ञानको भरमा मात्र प्रभावकारी रूपले यंत्रहरू बनाउन सक्तैन । त्यसले गुरुबाट विधिपूर्वक दिएको वा सुनाएको गुप्त कुराको ज्ञान पाएको हुनुपर्दछ । यसै कारणले नै पवित्र भनी प्रख्यात भएको पुरोहितले बनाएको यन्त्रहरूको मानिसहरू खोजी-खोजी हिंड्छन् । मनोवैज्ञानिक रूपले कुनै पनि मूलतः मोहनी शक्तियुक्त वस्तुले खुश्राङ प्लूक-सेकको रूपमा मान्यता प्राप्त गर्नुअघि विधिपूर्वक धार्मिक महत्त्व प्राप्त गर्नुपर्दछ ।

साँच्चैको काम दिने गरी यन्त्र बनाउने विधिपूर्ण तरीका मोटामोटी निम्नानुसार छ –

सबैजसो धार्मिक कर्मकाण्ड गर्दा पहिले नै गर्नुपर्ने जस्तो शुद्ध-शान्तिको काम सकिएपछि यन्त्र बनाउन खोज्ने मान्छेले पहिलो चरणमा सबभन्दा पहिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिरत्न अर्थात् बुद्ध, धर्म र संघको अनि हिन्दू धर्मका प्रमुख देवदेवीहरूका अतिरिक्त त्यही सिलसिलामा सम्बन्धित क्रियाको सम्बन्धमा परम्परानुसार गुरु मानिआएका ऋषि अर्थात् सिद्धमुनिहरूलगायत देवगणहरूको, अनि आमाबाबु र आफ्नो इलमसम्बन्धी पहिलेका र अहिलेका गुरुजनहरूको आह्वान गर्दछ । कुनै कुनै विधिमा स्थानीय, अस्थानीय दुवै थरी भूतप्रेतहरूलाई एकै साथ तुष्ट गर्ने र वशीभूत पार्ने काम गरिन्छ ।

यसरी आह्वान गर्नुपर्नेहरूको नामसूची गुरुमण्डलीहरू अनुसार लामो-छोटो हुने गर्दछन् । कुनै-कुनै नामहरू विशेष गरी ऋषि-मुनिका नामहरू अपभ्रंश भएका छन् र भारतीय नामहरूसित मिलान गरी यही हो भनी ठम्याउन नसकिने भएका छन् । तिनीहरूमा कसैकसैका स्थानीय नाम मात्र छन् । यसरी आह्वान गर्ने चलन यन्त्रहरू बनाउने कार्यमा मात्र हुने नभै अन्य धार्मिक कृत्यहरूमा पनि परम्परागत रूपको प्रारम्भिक चरणको रूपमा गरिन्छ । जस्तो कि बुद्धका मूर्तिहरू ढलान गर्ने, कुनै साहित्यिक रचनाहरूको रचना गर्ने तथा विद्यार्थीहरूले हरसाल गर्ने गुरु र प्रशिक्षकहरूको पूजा गर्ने कार्य गर्नुभन्दा अगाडि पनि यस्तै गरिन्छ । यो राम्रो चलन हो । किनभने यसबाट आफ्नो भलाइ गर्नेहरू, काल्पनिक र अकाल्पनिक तथा अहिलेका र पहिलेका सबैप्रति कृतज्ञता ज्ञापन गर्नुको साथै तिनीहरूबाट कुनै पनि काम गर्नमा वा ज्ञान हासिल गर्नमा कृपा, शुभेच्छा र सफलताको लागि प्रार्थना गरिन्छ । यस परम्पराले आफ्ना माता-पिता, गुरुजन तथा उपदेशकहरूप्रति अधिकांश थाईहरूको धारणामा ठूलो प्रभाव पारेको छ ।

उपर्युक्त कार्य पूरा भएपछि, त्यस साधकले धार्मिक भावले एकचित्त गरेर यन्त्रको रेखा खिच्न थाल्दछ । यसो गर्दा उसले सास रोकी विशेष गाथा अर्थात् मन्त्रहरू गुन्गुनाउँदै गर्नुको साथै खिच्न शुरू गरिसकेको रेखालाई खिच्न नसिध्याई जुन खरी वा सिसाकलमले खिच्न लागेको हो त्यसलाई उठाउनु हुँदैन । यहाँ जुन बयान गरिएको छ त्यो यस विषयमा कुनै गुरुबाट ज्ञान प्राप्त नगरेको एक जना साधारण मानिसले गरेको बयान हो ।

फ्रा प्रचियदकै किसिमको कपडा वा कागजको टुक्रामा लेखिएका विशेष प्रकारका अनगिन्ती यन्त्रहरू पाइन्छन् । तिनीहरू सबैलाई फ्रा प्रचियद भन्दैनन्, तिनीहरू प्रत्येकको अलग-अलग नाम छ र त्यसमा उपसर्गको रूपमा यन्त्र शब्द लागेको हुन्छ । तन्त्र-मन्त्रमा तिनीहरूको प्रयोग फ्रा प्रचियदको जस्तै हुन्छ खालि के भने तिनीहरूलाई मानिसले लगाउने वा बोकेर हिंड्ने गर्दैनन्, अर्थात् दुष्टात्माहरूको अदृश्य खतराबाट सुरक्षित हुनको लागि कतै झुण्डचाएर राख्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छ । यिनीहरूमा नामी दुई ओटाको वर्णन यहाँ गरिन्छ ।

यान् थावो वेत्सुवान्: यो राजा वेत्सुवान्को चित्राकृति भएको जन्तर हो । यो राजा यक्ष अर्थात् अलौकिक जीव हो । ऊ अरू होइन कुबेर अथवा हिन्दू राजा वैश्रवण अथवा भूतप्रेतको प्रमुख एक प्रकारको प्लुटो तथा धनका देवता तथा उत्तराखण्डको राजप्रतिनिधि हो । उसको वाहन अरू कुनै हिन्दू देवताको नभए जस्तो मानिस हो । थाइल्याण्डका मानिसहरूमा के विश्वास छ भने वेत्सुवान् नवजात शिशुहरूको संरक्षक हो र उसले तिनीहरूको रक्षा गर्दछ तर जुन ठाउँमा बालक जन्मेको हुन्छ त्यो ठाउँका नजीकै कतै दुष्टात्माहरू जम्मा भएर ढुकिरहेको हुन्छ र मौका पाउनेबित्तिकै त्यो नवजात शिशुलाई या त उठाएर लैजान्छ नभए मारेर छाडिदिन्छ । यसैले उसको प्रतिमूर्ति भएको यन्त्रलाई बच्चाको झोलुंगो वा खाटमाथि झुण्ड्याउने गरिन्छ । वेत्सुवान्को प्रतिमूर्तिलाई त्यस यन्त्रमा देखेर दुष्टात्माहरू डराउँछन् र हातमा अति नै ठूलो मुग्दल कहिल्यै पनि खाली नभएको राक्षसाकारको डरलाग्दो साह्रै नराम्रो उसको रूप देखेर बच्चालाई सुविस्तासाथ जन्म हुन दिन्छन् । हिन्दू पुराणअनुसार ऊ तीनओटा खुट्टाले हिंडडुल गर्छ । मानव-शिशुहरूमा उसको यतिको अभिरुचि किन ? किनकि तिनीहरू उसका मानव वाहन हुन् । अघि अघि, पचास वर्ष जतिअगाडि यस यन्त्रको मुद्रित प्रतिहरू बजारमा बिक्रीको लागि राखिएका हुन्थे । यी मुद्रित यन्त्रहरू खालि त्यसै छापिएका हुन् वा राम्रोसित तन्त्र-मन्त्रको विधि पुऱ्याएर बनाइएका हुन् मलाई थाहा छैन । जे भए पनि यन्त्रको प्रभावकारितामा आस्था लिने जनसाधारणको लागि यो कुनै खास महत्त्वको कुरा होइन ।

यान् त्रीनिसिङ्हे: समचतुर्भुजाकारको यन्त्र जसमा भित्रपट्टि कर्ण-रेखाको ढंगले त्योभन्दा सानो आकारको अर्को समकोण चतुर्भुज रहेको हुन्छ । त्यस ठूलो चतुर्भुजभित्र एउटा कोणबाट अर्को कोण जोडिने गरी दुईवटा रेखा खिचिएका हुन्छन् । यसो हुँदा त्यस मुख्य समकोण चतुर्भुजभित्र तेर्सो परेका चारवटा स-साना समकोण चतुर्भुज बन्न गएका हुन्छन् । अनि मुख्य चतुर्भुजको भुजाबाहिर प्रत्येक बगलमा, किनारमा तीनओटा स-साना चक्रहरू पनि हुन्छन् । ती वृत्तहरू दुइटा दुई कुनामा र एउटा बीचभागमा हुन्छन् । यसरी त्यो मुख्य चतुर्भुजको भित्र चारओटा स-साना चतुर्भुजहरू र प्रत्येक कुनामा दुई-दुईओटा अर्ध-चतुर्भुजहरू रहेका हुन्छन् । यी चतुर्भुजका खाली ठाउँहरूमा कुनै संख्यात्मक अंकहरू अंकित गरिएका हुन्छन् र तिनीहरूलाई सीधा पारी जोड्दै लगेमा त्यसबाट कुनै गुप्त संख्या निस्कने हुन्छ । त्यस यन्त्रको रेखाचित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रकार छः–



यस चित्रमा ५ संख्याको टाउको माथि घुम्रिएको शिखर भएको एउटा चिह्न देखिन्छ। यो एउटा पवित्र र गुप्त चिह्न हो। यसलाई पालिभाषामा **उनालोम्** र संस्कृतभाषामा **उर्ना** भन्छन्। यो भगवान् बुद्धको आँखीभौंहरूका बीचमा मात्र भएको परंपरागत घुम्रिएको रौंको झुप्पा हो।

यान् त्रीनिसिङ्हेबाट धेरै असल काम हुन्छ। पहिले-पहिले बालक जन्मदा जुन कोठामा आमा, नवजात शिशुसँगै आगोनजीक लेटिरहेकी हुन्छिन् त्यसको चारैतिर एउटा धागोमा धेरै यी यन्त्रहरू उनेर झुण्ड्याइएका हुन्छन्। यसो गर्नाले भूतप्रेतबाट विशेष गरी **भी ऋबसुअ**[1] बाट रक्षा हुन्छ।

यान् त्रीनिसिङ्हे जस्ता यन्त्रहरू धेरै छन्। ती यन्त्रहरूको नाम तथा कार्यहरू भिन्न-भिन्न भए तापनि तिनीहरू उपर्युक्त यन्त्रहरूकै थरीथरीका संस्करणहरू मात्र हुन् भन्ने कुरामा सन्देह छैन।

सुअ यान : हेर्दा **फ्रा प्रचियद** जस्तै देखिने यो एउटा भोटो हो र यसमा यन्त्र अंकित गरिएको हुन्छ। यसको प्रयोग र कार्य पनि तन्त्रमन्त्रैद्वारा सुरक्षा गर्नु हुन्छ। जुन **फ्रा प्रचियद**कोभन्दा फरक छैन। सिद्धान्ततः **सुअ यान** र **फ्रा प्रचियद** प्रत्यक्षतः एउटै कुरा हुन्। तिनमा फरक के छ भने पहिलोमा कुनै पनि कुरा नखुलाई पूर्णरूपले यन्त्रको चित्र लेख्न यथेष्ट ठाउँ छ। यसले गर्दा मानिसले आफूलाई चित्त बुझ्ने गरी यन्त्रका किसिम-किसिमका चाहे-अनुसार बुट्टाहरू समावेश गर्न सक्तछ। पछिल्लोमा चाहिँ त्यसो गर्ने ठाउँ हुँदैन।

सुअ यन्त्र भोटो : सामान्यतः रातो रंगको हुन्छ। यसमा अंकित चित्र

---

१. जे. एस्. एस्. खण्ड ४१, भाग २ मा "द फि" लेख हेर्नुहोस्, १९५४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाहिं कालो रंगको हुन्छ । मैले यस्ता भोटाहरू राजाको वस्त्रागारमा देखेको हुँ । तिनमा हप्ताको सात दिनमा प्रत्येक दिन अलग अलग रंगको लगाउने गरी सात रंगका सात ओटा भोटाहरू थिए । जुन वारको जुन रंग हुन्छ त्यो वारको दिन त्यही रंगको भोटो लगाउने गरिन्छ ।[१] यी शाही भोटाहरूलाई थाई दरबारिया लवजमा छलअङ फ्रा ओङ लोङ राछ भन्दछन् जसको शाब्दिक अर्थ 'राजा शब्द अंकित भएको शाही भोटो' भन्ने हुन्छ । (यस सन्दर्भमा यसको अर्थ यन्त्र हो । यसको ध्वनि र अर्थ मलयाली शब्द राजाको जस्तै छ ।)

छालामा खोप हाल्नु : पचास-पचपन्न वर्षअगाडि थाइल्याण्डमा साधारण मानिसहरू खास गरी पुरुष जातिका मानिसहरू अनिष्टबाट बच्नको लागि आफ्नो जीउमा खोप गराउँथे । पुरानो जमानामा आफ्नो गाउँको बाहिर भ्रमणमा जानु एउटा साहसिक काम नै हुन्थ्यो । त्यसरी जाँदा मनुष्य तथा भि अर्थात् दुष्टात्माहरू दुर्वैबाट खतरा हुने गर्दथ्यो । बाहिरका कुनै कुनै स्थानहरूमा मानिसले कानून आफ्नो हातमा लिनुपर्ने हुन्थ्यो । यसैले आफ्नो रक्षाको लागि आफ्नो जीउमा सधैं कुनै न कुनै किसिमको शक्तिशाली तन्त्रमन्त्र खोपाउनु रक्षाको दृष्टिले नखोपाउनुभन्दा राम्रो नै हुन्थ्यो । यसरी खोप लगाउने कार्य कुनै विशेषको उपचारको लागि छिटफुट रूपमा अन्य वर्गका मानिसहरूले पनि गर्दथे । यस प्रकारको प्रयोजनका लागि शरीरमा खोप लगाउने चलन आजसम्म पनि मन्द गतिमा जीवित नै रहिरहेको छ ।

उत्तरी थाइल्याण्डमा खोप लगाउने काम यति हदसम्म चलेको थियो कि तल झन्डै घुँडासम्म र माथि कम्मरसम्म पूरै ढाक्ने गरी खोप लगाउने गरिन्थ्यो । लुगा नढाक्ने गरी लगाएको रहेछ भने यसरी खोप गरेको मानिसलाई टाढाबाट हेर्दा उसले कालो छोटो सुरुवाल लगाएझैं देखिन्थ्यो । मानिसको जीउको कुनै पनि अंगमा जस्तो कि पाखुरा, हात, छाती, पिठ्यूँ, टाउकोको शीर्षस्थ भाग र कहिलेकाहीं त गर्दन र चिउँडोमा पनि यन्त्र खोप्ने गरिन्छ । मुख्य मुख्य खोप-चिह्नहरू अक्सर छाती र पिठ्यूँमा खोप्ने गर्दछन्, कारण के भने रेखांकित गर्न बढी मात्राको ठाउँ आवश्यक पर्ने केही यन्त्रहरूलाई यी ठाउँहरू अपेक्षाकृत फराकिला हुन्छन् ।[२]

यन्त्रका चित्रहरू आफ्ना आङमा खोप्नु तथा सुत्र यान् भोटोमा खोप्नु

---

१. यस किताबमा भएको सवाद्दी रक्सा हेर्नुहोस् ।

२. हेर्नुहोस्–श्वे योएद्वारा लिखित "बर्मेली, उसको जीवन र धारणा, छालामा खोप लगाउने चलन" शीर्षक पुस्तक, परिच्छेद ५, पृ. ३९–४७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धान्ततः एउटै कुरा भएको स्पष्ट देखिन्छ। फरक खालि अघिल्लो जीवित मानिसको छालामा खोपिन्छ भने पछिल्लोचाहिं कपडामा खोपिन्छ। फाइदाको हिसाबले अघिल्लोचाहिं पछिल्लोभन्दा राम्रो हुने प्रत्यक्ष छ किनकि **सुअ यान्** भोटो लगाउनुभन्दा आफ्नो आङमा जादूमन्त्र सदासर्वदा स्थायी रूपले भैरहनु बेस हो। यस्तो मूल्यवान् वस्तु हराउला-पराउला भनी चिन्ता लिइरहनुपर्ने हुँदैन तर **सुअ यान्** भोटो लगाउनुको आफ्नै फाइदा छ—आङमा खोप्दाखेरिको जस्तो शुरुमा हुने दुःख यो भोटो लगाउनेले पाउनुपर्दैन। यसबाट मलाई के लाग्दछ भने यसै कारणले नै छालामा यन्त्र खोप गर्ने चलनबाट नै विकसित हुँदै **सुअ यान्** भोटोको चलन आएको होला।

खोप्नको पनि आफ्नै छुट्टै विधि हुन्छ। यो विधि परम्परानुसार बात् (बौद्ध-विहार) जस्तो पुण्यस्थलमा गर्नुपर्दछ। बुद्धको मूर्तिको अगाडि बसी चलन-अनुसार प्रणाम गरिसकेपछि एज जना दक्ष पुरोहित वा सर्वसाधारण मान्छेको निगरानीमा खोप्ने काम शुरु हुन्छ। छालामा छिद्र पार्ने काम शुरु हुन्छ। छालामा छिद्र काम भैरहेभरि त्यो निगरानी गर्ने मान्छेले दबेको स्वरमा विशेष मन्त्र पाठ गरिरहन्छ। खोप गराइभाग्नेले चर्को दुःख त्यो बेला पाउँछ जब खोप्न सकिएपछि उसले प्लूक शेक नामको विधिको सामना गर्नुपर्ने हुन्छ। यो विधि एउटा धेरै नै कष्टपूर्ण अग्निपरीक्षा नै हो जुन पहिले बयान गरेभन्दा फरक र विशिष्ट किसिमको हुन्छ। त्यो खोप्ने मान्छेले आफ्नो खुला हातले त्यो खोपिएको यन्त्रमाथि धेरै बाजि हिर्काउँछ। त्यो यन्त्रका खोपिएका बुट्टाहरू छालामा प्रस्ट गरी देखिने नभएसम्म यसरी नै यन्त्रमाथि धेरै पटकसम्म कसेर हिर्काइरहन्छ। त्यसपछि त्यस खोप गराइ-भाग्नेलाई कुनै कुराले जोडसित हानेर वा कुनै धारिलो वस्तुले हिर्काएर पनि उसको परीक्षा लिने गर्न सकिन्छ। यसबाट उसलाई केही चोटपटक लागेन भने त्यो गरिएको विधि मन्त्रको हिसाबले सफल भयो भन्ने सम्झिन्छ। यो कुरा मैले अरू कसैबाट थाहा पाएर बताइरहेको हुँ। यो हो होइन जाँची हेर्ने सक्तिनँ किनभने यससम्बन्धमा जति पनि मानिसहरूसित मेरो कुराकानी भयो उनीहरू कसैले पनि आधिकारिक रूपमा यसै भनेर भन्न सकेका छैनन्। यसो हेर्दा यो एक किसिमले तन्नेरी वयस्क अवस्थामा पुगेपछि त्यसमा दीक्षित गर्ने समारोह हो।

अहिलेसम्म मैले तन्त्रमन्त्रको हिसाबले छालामा खोपेर चिह्न लगाउने-बारे कुनै पुस्तक देखेको छैन यद्यपि यसरी खोप्ने काम गर्ने इलमीहरूसित धेरै किसिमका बुट्टा र ढाँचाहरू जम्मा गरी राखिएका हुनसक्छन् तर तिनीहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग तन्त्रमन्त्रको लागि भन्दा पनि ज्यादा शोभाको लागि हुन्थ्यो । मलाई के लाग्छ भने तिनीहरूले यस्ता यन्त्रसम्बन्धी पुस्तकहरूमा भएका यन्त्रहरू नै खोप्ने गर्दछन् । खोप गर्ने व्यक्तिहरूले मात्र विशेष रूपमा प्रयोग गर्ने गरेका केही खास किसिमका बुट्टाहरू पनि शायद होलान् । आजभन्दा साठी वर्ष वा त्योभन्दा पनि अघि म सानै छँदा कसै कसैको तिघ्रामा मैले बराबर खास किसिमका खोपका चिह्नहरू देख्ने गरेको थिएँ । त्यस्ता चिह्नहरू मैले यन्त्रसम्बन्धी कुनै पुस्तकमा आजसम्म देखेको छैन । अहिले आएर त्यस्ता चिह्नहरू फेला पार्न शायद सकिँदैन होला । यस सन्दर्भमा एउटा कुरा के पनि छ भने जसको आगमा यन्त्र खोपिएको छ त्यसले र कुनै मन्त्र कण्ठस्थ भन्न सक्ने मानिसले क्याराम्बोला फल र लौका खाँदैन । यस्तो कुरा खाएपछि आफूसँग भएको जादू तथा मन्त्रको शक्ति क्षीण भएर जान्छ भन्ने उसलाई डर हुन्छ ।

पहिले पहिलेको जमानामा खोपका दुई खास किसिमका ढाँचाहरू पनि प्रचलनमा थिए । तिनमध्ये एउटा म अहिले पनि झलझली सम्झन्छु तर त्यसको वर्णन गर्न मलाई धक लाग्छ किनभने त्यो अलि अश्लील छ । त्यसो भए तापनि प्राज्ञिक प्रयोजनको लागि त्यो कस्तो छ मोटामोटी बयान गर्छु । यी दुई ढाँचाहरू नर-नारीको जननेन्द्रियका प्रतीकबाहेक अरू केही होइनन् । तिनीहरूलाई साङ्केतिक रूपमा आई खिक् र ई पअः भन्दछन् । शाब्दिक हिसाबले वा व्युत्पत्तिको हिसाबले तिनीहरूको अर्थ के हो कसैले बताउन सकेको छैन, सिर्फ यति मात्र कि उपसर्गको रूपमा प्रयोग हुने आई र ई शब्दहरू नर र नारी जातिलाई होच्याउने अर्थमा प्रयोग गरिने नाम हुन् । जवानीको उच्छृङ्खलतामा म एउटाको त रेखात्मक चित्र लेख्न सक्ने भएको थिएँ ।

यी दुई लैङ्गिक प्रतीकका ढाँचाहरू अक्सर तिघ्रा वा नाडीभन्दा माथि पाखुरामा खोपिन्थे । तिनमा यही भन्ने हुँदैनथ्यो, मन परेकोचाहिं एउटा खोपिन्थ्यो तर अक्सर खोपिनेचाहिं आई खिक् हुन्थ्यो किनभने यो एउटा पुच्छर र दुइटा खुट्टाहरू जोडेर ठाडो भएको रूपमा हाँसोउठ्दो किसिमको गरी सजिलैसँग खिच्न सकिन्थ्यो । आजकल म यी दुवै ढाँचाहरू कहीं देख्तिनँ । सुन्दा विचित्र लाग्छ । ई पअः मन्त्रको खोप भएको मानिसले तन्त्रमन्त्र प्रभावकारी होस् भन्ने चाहन्छ भने उसले आफ्नै बुद्धधर्मको विपरीत कार्यहरू गर्नु वा अधार्मिक शब्दहरूको उच्चारण गर्नुपर्दछ भन्ने मैले सुनेको छु ।

यो आई खिक् टुक्र्याउन हुने गरी सानो आकारको धातुको (अक्सर तामा वा चाँदीको) वा कुनै खास जातको काठको पनि बन्थ्यो । यसको आकार दुरुस्त हिन्दू लिंगको जस्तै हुन्छ । यस्ता साना साना मन्त्रहरू घेरै नै एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डोरीमा उनी माला बनाएर बालकको कम्मरमा बाँधिदिइन्थ्यो । त्यो बच्चा केटी रहिछे भने त्यसको बदला त्यसरी कम्मरमा **चापिङ** भन्ने पेटी लगाइदिन्थे। **चापिङ** भनेको एउटा गहना जस्तो जन्तर हो जुन त्यसरी कम्मरमा बाँधी राख्न डोरीमा अड्काएर लगाएको हुन्छ । **चापिङ** शब्द पोर्तुगाली मूल **चापिन**को मलयाली शब्द हो, यसको अर्थ कुनै पनि वस्तुको प्वाल ढाक्ने धातुको गोलाकारको ढकना हो ।

धेरै आई खिक्हरू गाँसेर सानो बालकको कम्मरमा बाँधिने मालामा कहिलेकाहीं एकपछि अर्को बिराएर स-साना धातुका ताल्चा, खोर्सानी वा मरीचका कोसा आकारका वस्तुहरू पनि मिलाएर राख्ने गरिन्थ्यो । यस किसिमको जन्तरको माला लगाउने चलन आजसम्म पनि शहरी हावा नलागेको बाहिर टाढा–टाढाका ठाउँहरूमा कायम रहेको हुन सक्छ र मैले सुनेअनुसार यस्ता वस्तुहरू लगाएपछि जीउमा यस्ता चित्रहरू खोप गरिराखिएका मानिसहरूलाई हात हतियारले केही गर्न सक्दैन र थाई भाषामा 'दाह्रा र बंगारा' कहलिएका जनावरको दाँत तथा टोक्ने दाँतहरूबाट पनि रक्षा हुन्छ। मलाई लाग्छ यी स–साना वस्तुहरू तथा सानी केटीको नग्नतालाई छोप्न लगाइदिने **चापिङ** लगाउने चलन अर्काको आँखा नलागोस् भन्ने हेतुले चलेको हुनुपर्छ । प्राचीन थाईको कानूनी पुस्तकहरूमा **दु राई** भन्ने शब्दको अर्थ 'साम्यदृष्टि' भनी लेखिएको देख्दा आजकाल यो विचारलाई मानिसले बिसिसकेजस्तो देखिन्छ । यसको अर्थमा 'कुदृष्टि' वा **दृशदोष** हुन सक्छ । कतैकतै बाटोमा नपरेका चल्तीका भेकमा मानिसले कहिलेकाहीं आज पनि हिन्दू लिंगको आकृतिका अपेक्षाकृत ठूला आकारका लिंगका प्रतीकहरू देख्न सक्छ । तिनीहरू धेरैजसो काठका कच्चा गरी बनाइएका स–साना रूखका हाँगाहरूमा लट्किरहेका कुनै मृतात्माको पीठको अगाडि पडिरहेका हुन्छन् । त्यो ठाउँ त्यो देख्नेबित्तिकै स्त्री–प्रेतात्माको निवास हो भनेर मानिसले बुझिहाल्छ । थाई भाषामा यस्तो वस्तुलाई **दअक्माई चाउ** अर्थात् प्रमुख फिलाई चढाइएको फूल भनिन्छ। केही वर्षअगाडि व्याङककमै पनि डुङ्गामा बसेर **क्लोङ** (नहर) पार गर्न लाग्दा यस किसिमको धेरै केओका फूलहरू प्रेतपीठमा झुन्ड्याइराखेको देखेको थिएँ। धेरै **पवराङ**हरू (पश्चिमेलीहरू) ले पनि तीं कुराहरू देखेका रहेछन् र मसँग यसको मतलब के हो भनी सोधेका थिए । यो चाहिं जीवन जगत्लाई भौतिक तथा यथार्थवादी दुवै दृष्टिकोणले हेर्न अभ्यस्त भएको धेरै वर्षअघि नै मरिसकेको एक जना बूढो भद्रपुरुषले आजका मानिसहरूमाथिको व्यावहारिक व्यङ्ग्यको रूपमा पुनरुत्थान गरेको 'परापूर्व काल'को एउटा स्मारक अवशेष रहेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लूक–ओम् : थाई भाषामा कुनै पनि गोलाकार वस्तुलाई लूक भन्दछन् र ओम्को अर्थ मुखभित्र हालिराख्नु हो । यस प्रसंगमा लूक–ओम् भनेको मुखमा हालिराख्न सकिने एउटा गोलाकार वस्तु हो– एक किसिमको ख्लअङ प्लूक–सेक को नाम हो । गोलाकार लूक–ओम् बनाउनलाई चाहिने सामग्रीहरू धेरै छन् । यसलाई ढुङ्गा, चून, माहुरीको मैन, चाँदी आदिको संमिश्रणबाट बनाउन सकिन्छ । सबैभन्दा बेस र सबैभन्दा नामी लूक–ओम जमेको पारोको हुन्छ । त्यसको गुप्त विधि यस प्रकार छ–

एउटा चाँदीको भाट (सिक्का) मा रेत लगाएर एक चौथाइ भाट (थाई सिक्का) तौलको धूलो निकाल्नुहोस् । अनि त्यस चाँदीको धूलोलाई एक भाट तौलबराबरको शुद्ध पारोमा मिसाउनुहोस् । (शुद्ध पारो प्राप्त गर्नका लागि यसलाई एक डाडु भातमा मिसाउनु होस्) । यसरी मिसाउने काम एउटा सानो खलमा गरिन्छ । दुवै थरी एक भै टाँसिएर एउटा सानो खँदिलो डल्लो नबनेसम्म त्यस सम्मिश्रणलाई एउटा लोहोरोले मारसित चलाउँछ । त्यसलाई एक टालो कपडामा हाल्नुहोस् र झुन्ड्याउनको लागि हुने गरी एक टुक्रा धागोले त्यसलाई कसेर बाँध्नुहोस् । अनि दिनभर पानी उमालिराखेको भाँडोको माथि झुन्ड्याइराख्नुहोस् । त्यसपछि पारो ठोस रूपमा परिणत हुन्छ । एउटा निबुवा (Citrus Hystrix– म्याक फार्ल्याण्डसको सियामिज अंग्रेजी शब्दकोश) लिनुहोस् र त्यसको टुप्पो काटेर प्वाल पार्नुहोस् । अनि त्यो प्वालबाट निबुवाभित्र पारो घुसार्नुहोस् र त्यसपछि अघि काटेर झिकेको टुक्रोले त्यो प्वाललाई बन्द गरेर छोपी त्यसलाई एक टुक्रा सिन्काले छोपेर राखिदिनूस् । अनिपछि त्यो पारो भएको निबुवालाई पानीमा डुबाएर बूढीआँला गह्रौं जेत्रो भै र टकलदार सतहको गोलाकारको डल्लो ढिवका नहुन्जेल उमाल्नुहोस् । त्यति भएपछि त्यो पारोमा तन्त्रमन्त्रात्मक शक्ति आउँछ । यस्तो पारो लिएर हिंड्ने मानिस कुनै पनि अनिष्ट वा घटना तथा दुर्घटनाबाट मुक्त हुन्छ । यसलाई मुखमा राख्यो भने पानी प्यास लाग्दैन । माछेको विश्वास यहाँसम्म पनि छ कि यसलाई मुखमा हाली हिंड्नेको जोवन फेरि फर्केर आउँछ । वृद्धावस्था भइसकेको भए तापनि उसको छाला चिल्लो–चिप्लो हुन्छ, छालामा परेका चाउरी र लोतीहरू हराएर जान्छन् । हुँदा हुँदा ऊ उड्न पनि सक्ने र फेठायाधअन (अर्धदेवी प्राणी, हिन्दूधर्मका अनुसार विद्याधर) हुनजान्छ । यो जादूमय ठोस पारो आफ्नो साथमा राखेर जंगलभित्र जानुभयो भने पनि त्यहाँका प्रेत्मात्माहरूले तपाईंको रौंसम्म पनि झार्न हिम्मत गर्न सक्नेछैनन् । मेरा एक जना साथीले मलाई ठट्टा गर्दै उनीसँग यस किसिमको जादूमय पारो भएकोले उनी एक पटक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केही समयसम्म जंगलमा बस्दा पनि त्यहाँका भूतप्रेतले उनलाई दुःख दिन सकेनन् भनी भनेका थिए । तर जंगलबाट फर्केको केही दिनपछि नै उनलाई औलोको चर्को ज्वरोले समात्यो । निश्चय पनि पारोलाई ठोस बनायो भने त्यसमा रसायनविद्को कलाको जादूमय गुणको प्रादुर्भाव हुन्छ । यो ठोस पारोलाई मध्यकालीन यूरोपमा प्रचलित "दार्शनिकको पारो" संग तुलना गर्न सकिन्छ ।

यस तेस्रो किसिमको ल अङ प्लूक सेकमा परम्परागत उत्सवहरूमा पुरोहितहरूले प्रयोग गर्ने गरी आएको फिरोज बाजुबन्द तथा औंठी[1], धातुबाट[2], बनाइएको माङ ववाक् (ईशारा गर्ने महिला), मीङ म्ह (गाथाहरू अंकित "एक गुरु चक्कू", शिबाट बचावट गर्ने हतियार र गणना गरी यहाँ वर्णन गर्न नसकिने अन्यान्य वस्तुहरू आउँछन् ।

अघि नै वर्णन गरिए झैं ख्र आङ प्लूक सेक भनेका कुनै विशेष तन्त्रमन्त्र र अन्य विधि-कर्मद्वारा जादूगरी शक्ति जगाई प्रतिष्ठित गरिएका वस्तु हुन् । यसको लागि प्रयुक्त धेरै यन्त्रहरू बौद्ध साहित्यबाट उद्धृत गरिएका केही गाथा वा श्लोकहरू हुन् । यिनीहरू मूलग्रंथका केही गुप्त संक्षिप्त रूप हुन् । यिनमा सुप्रसिद्ध सूत्र नमो बुद्धाय हो । यसलाई शुरूमा न, म, भ, ध, य, यी पाँच अक्षरहरूमा संक्षिप्त पारेर र यिनीहरूलाई विभिन्न युगका (संस्कृत र पालिअनुसार 'कल्प'का) बुद्धहरूका पाँचवटा नाम भनी व्याख्या गरिएको छ । ई.ओ. जेम्सले तुलनात्मक धर्म भन्ने आफ्नो पुस्तकमा पाना नं. ४० मा कुनै पनि वस्तु पूजनीय रूपमा श्रद्धायोग्य हुन त्यस धार्मिक महत्त्व अर्थात् धार्मिक आचरण प्रतिस्थापन गर्न सक्ने गुणले संयुक्त हुनुपर्दछ भनी ठीकै भनेका छन् । अर्को ठाउँमा फेरि उनले भारतीयहरू मानवजीवनलाई धार्मिक दृष्टिकोणबाट होइन कि धर्मलाई जीवनको दृष्टिकोणबाट व्याख्या गर्ने गर्दछन् भनी भनेका छन् (पाना नं. ४३) । विश्वका ठूल-ठूला धर्महरूलाई उदार मनले हेर्ने गरेमा प्रत्येक धर्ममा लोकप्रिय पक्षको रूपमा जादू र अन्धविश्वासले अझै पनि आस्थाको अभिन्न अंगको रूप लिइरहेको देख्ता आश्चर्य मान्नुपर्नेछैन कारण यसले संसार निर्माण गर्नको लागि मानवताका सबै कुरा र स्थितिहरू अँगालेको हुन्छ ।

---

१. ग्रेरिनीको चुला– कण्टमंगलको पाना नं. १५४ मा फिरअद् औंठी हेर्नुस् । त्यस्तै हेर्नुहोस्– "Bracelets de sorciers au pays Thai" (Institute Indochinois pour l' Etude de l' Homme, 1941, tome iv).

२. वान-या वर्ग चारमा 'माङ ववाक' हेर्नुस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यन्त्रसम्बन्धी एउटा पुस्तकमा चौधओटा श्लोक वा गाथा वा यस सन्दर्भमा 'मन्त्र' को एक समूह नै देखिएको छ जुन मन्त्र प्रत्येकमा विशिष्ट रूपले अंकित गर्नका लागि भनी बताइएको छ। तिनमा प्रथम र चौधौं श्लोक पालि भाषामा यस प्रकार छन्:–

पजोतोधम्म भाहोतु जोतावरो सतावहो तव रियो सुवतमा धरो योगो चासुसम्म (प्रथम श्लोक)।

ती लोक सग्ग हन कोमतम् मयो सब्ब दयो महसमाप धम्स यि ति लोक सग्ग। हन को मतम् नयो (चौधौं श्लोक)।

यी चौधवटा गाथाहरू श्रीलंकामा त्यहाँका राजा देवनामपियदिसको राज्यकालमा उत्पन्न भएका हुन् भनी त्यस पुस्तकमा भनिएको छ। ती महान् राजाका साथै समुन्नतिको पनि रजगज होस् भनी कामना गर्ने त्यस राज्यका विद्वान् तथा द्रष्टाहरूले भगवान् बुद्धका अनुकम्पाको उल्लेख गरिएका कुराहरूमध्ये बेस बेस छानेर त्यसलाई चौध श्लोकमा बाँधी तिनलाई प्रयोग गर्ने विधि पनि लेखिदिएका रहेछन्। ती श्लोकहरू राजालाई टक्चाइयो। राजाले पनि ती श्लोकहरू कण्ठस्थ पारेर अनुशीलन गर्न थालेछन्। यिनका अनुग्रह र प्रभावले गर्दा राजा देवनामपियदिसको राज्यकाल अनुरातवुरी (अनुराधापुर), लंकामा चिरकालसम्म समुन्नतशाली रह्यो।

कुनै कालमा धेरै धर्मात्मा भनी नाम जाहेर भएका फ्रा विजय मंगलथेरा नाम गरेका एक जना वरिष्ठनायक महा-थेरा थिए। उनी भगवान् बुद्धको प्रसिद्ध दंत धातुको दर्शन गर्न एक पटक श्रीलंका पुगेका रहेछन्। जम्बुद्वीपमा महान् राजा ब्रह्म त्रैलोकलाई यी चौधवटा श्लोकहरूको पाठबाट ठूलो फायदा होस् भन्ने कामना गरेर उनले ती चौध श्लोकहरूको प्रतिलिपि उतारेर ल्याई ती राजालाई चढाए। यी चौध श्लोकहरूको प्रभावले ती महान् राजाको चकचकी यत्रतत्र फैलियो र विदेशका राजाहरूले पनि उनको ओजस्वी प्रतापको विरोध गर्ने हिम्मत कहिल्यै गरेनन् र उनको श्रद्धाभक्ति गरे।

राजा, महाराजा, समन (भिक्षु), ब्राह्मण, धनी, सम्पन्न व्यक्ति वा गृहस्थ जोसुकै होस् जसले (स्वर्ग, मर्त्य, पाताल) तीनै लोकमा ती चौध श्लोकहरूबाट पुण्य र सुख आर्जन गर्ने इच्छा गर्दछ त्यसले ती श्लोकहरूको राम्रो अध्ययन गरेर कण्ठस्थ पारी दिन प्रतिदिन अनुशीलन गर्नुपर्दछ र त्यसो गरेमा त्यस व्यक्तिले मृत्युपर्यन्त सुख र सौभाग्य प्राप्त गरी संवृद्धिशाली हुनेछ।

४, वाऽन् या : वाऽन् भनेको कन्दमूल जस्तो एउटा खास वर्गविशेषको बिरुवाको नाम हो। या भनेको औषधी हो– निको तुल्याउने वा विषादि। जस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नामैले बताउँछ । **वाऽन याको** प्रयोग प्रमुख रूपले लोक-चिकित्सामा गरिन्छ । यी बोटविरुवाहरू धेरैको प्रयोग जादू-टुनामा पनि गरिन्छ । अशिक्षित जन-समुदायमा अधिकांश चिकित्सा-प्रणालीमा औषधीमूलो र झारफुक दुवै अभिन्न भएर रहेका हुन्छन् । परम्परागत लोक–चिकित्सा–कलाको अध्ययन तथा व्यवहार गर्न खोज्ने सिकारूले प्रारम्भिक चरणमा कुनै विशेष यन्त्र अध्ययन गर्नु अत्यावश्यक बनाइएको छ । केले हुने हो थाहा नभएका कतिपय रोगहरू आसपासमा नदेखिने भएर ढुकेर बस्ने भि वा प्रेतात्माहरूले गर्दा हुने भनी ठानिन्थ्यो । झारफुक नगरीकन गरेको औषधोपचार प्रभावकारी हुन्छ भन्न सकिंदैनथ्यो । कुनै कुनै रोगको लागि भने यसले साँच्ची नै राम्रो काम गर्दछ, यो विश्वासको कुरा हो ।

ती तथाकथित **वाऽन्-याहरू** वन-जंगलमा सर्वत्र पाइने हुनाले औषधी र विषादिको रूपमा तिनीहरूको प्रयोग गर्ने ज्ञान मूलतः जंगली जातिबाट अनु-भवसिद्ध भएर आएको हुनुपर्छ भन्नुमा आश्चर्य मान्नुपर्ने कुरा छैन । एक मात्र औषधी रूपमा उनीहरू यसैको व्यवहार गर्दछन् । **वाऽन्-या** बोट– एउटै भए पनि विभिन्न स्थानमा यसको नाम भिन्ना भिन्नै रहेको पाइन्छ भने त्यस्तै कतिपय ठाउँमा विभिन्न किसिमको बोट-बिरुवालाई पनि **वाऽन्-या** भन्ने गरेको देखिन्छ । यसैले कहिलेकाहीं कुन बोट कुन हो निश्चित पहिचान गर्न कठिन पर्दछ । जर्ज बी. म्याक फार्ल्याण्डले आफ्नो **थाई–अंग्रेजी शब्दकोष**-मा **वाऽन्** शब्दअन्तर्गत ल्याटिन नामहरूसहित **वाऽन्** बोटका दशवटा प्रचलित नामहरू दिएका छन् तर खुद **वाऽन्** शब्दको अर्थ भने दिएका छैनन्, **वाऽन्**को नाम एक सयभन्दा बढी छ । जनश्रुतिअनुसार ती नामअनुसारका बोटहरूको स्वरूप र प्रयोग पनि फरक फरक छन् । अविलम्ब तिनीहरूको सिलसिलापूर्ण अध्ययन गर्नुपर्ने भएको छ । यी बिरुवाहरूबाट कच्चा रूपमा पाइने औषधी तत्त्वलाई हामी **समुन फ्राई** भन्दछौं । **समुन** भन्ने शब्दको व्युत्पत्ति र शब्दार्थ अझ पनि यही हो भनी भन्न सकिएको छैन । **मोन–खमेर** शब्दबाट आएको **फ्राई** भन्ने शब्दको अर्थ वन-जंगल हो र स्पष्टतः यस्ता औषधी–तत्त्वहरू मूलतः वन–पैदावार नै हुन्थे ।

वाऽन् या लोक-औषधोपचारको अध्ययनको एक प्रमुख अंग भएको हुनाले यो विषय यस लेखको क्षेत्रबाहिर पर्दछ । त्यसकारण हामी यहाँ उदाहरणको रूपमा एकै जातको मात्र **वाऽन् याको** तन्त्रमन्त्र र जन्तरहरूसित सम्बन्ध भएको कुरा गर्नेछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Phismorn charm

फिसमअन जन्तर

(1)



1. made of palm leaf

१. ताडपत्रबाट बनेको

(2)



लूकस, तक्रुड्

พิสมร ทำด้วยแผ่นทอง เงิน ไม่มีลงอักขระ

मन्त्र नलेखिएको सुन र चाँदीले

बनाइएको फिसमअन

2. made of gold or silver, the round ones are "luk skot" or restrainers, and the long cylinders are "takruth" or amulets.

२. सुन वा चाँदीले बनेको, गोलाकार वस्तु "लूक स्कट" अर्थात् अवरोधक र लामा-लामा बेलन आकारका वस्तु "तक्रुड्" वा जन्तर

(3)



ตะบองเพชร ราษฎรใช้เฉลาตัดจุก

3. Tabong Phet made of palm leaf.

३. तबअङ फेत, ताडपत्रले बनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाऽन् नाऽ क्वाक् अघि नै संकेत गरे झैं नाऽ क्वाक्को अर्थ हातले इशारा गरी बोलाउने आइमाई" हो; पसलेहरूलाई यो वाऽन् राम्रोसँग थाहा छ। पसलमा भएका मालसामान किन्ने मानिसहरू धेरैलाई तान्न नजीक कतै राखेर एउटा अनन्य रहस्यमय जादू गरी साधनको रूपमा यसको प्रयोग गरिन्छ। सम्झनाले भेटेजति म त्यस बिरुवाको मोटामोटी वर्णन गर्दछु। हेर्दा एकदलीय जातको बिरुवा जस्तो देखिने रातो-रातो वा हरियो-हरियो रंगको यो एक सानो बिरुवा हो। यसलाई अक्सर गाटोको भाँडोमा रोपेर हुर्काइन्छ। मैले यहाँ गर्न लागेको वर्णन वाऽन् बिरुवा[1] सम्बन्धी एउटा थाई प्रबन्धमा दिएको वर्णनभन्दा धेरै नै फरक छ। वनस्पतिविद्हरूको भाषामा वाऽन् नाऽ क्वाक्लाई (Eucharsisp) अर्थात् घण्टा आकारको फूल फुल्ने बोट[2] भन्दछन्। ब्याङ्ककमा (फार्मेन ग्राउण्ड) मा सप्ताहान्तमा लाग्ने बजारमा एक-दुईवटा पसलमा वाऽन् बोटको व्यापार हुन्छ। त्यहाँको संकलनमा नाऽ क्वाक् जातिका बिरुवा पनि हुनुपर्छ तर अप्ठ्यारोके कुराको छ भने बिक्रेताले जे भन्छ त्यसलाई हो होइन परीक्षण गर्ने विकल्प कुनै नभएकोले-खुरुक्क विश्वास गर्नुपर्ने हुन्छ।

वाऽन नाऽ क्वाक्मा "ईशारा गरी बोलाउने आइमाई" को रहस्यमय आकर्षणशक्ति भएको हुनाले जसको पसलमा यो वाऽन् नाऽ क्वाक् बिरुवा हुन्छ उसको मालसामानहरूको बिक्री खूब हुन्छ भन्ने एउटा विश्वास खास गरी पसले जातिका महिलाहरूमा प्रचलित छ। यो वाऽन् नाऽ क्वाक् वस्तु उपयुक्त वाऽन्को कन्दमूल वा अन्जीर जातको रूखको काठले वा धातुलाई ढालेर भूइँमा तेर्सो परी बसेको मुद्राकी एक तरुणी महिलाको सानो प्रतिमाको आकार आउने गरी बनाएको हुन्छ। परम्परागत शैलीमा कपाल बाटी लुगा लगाएको, त्यसको बायाँ हात या त भूइँमा अड्याइएको अथवा तिघ्रामाथि राखिएको हुन्छ भने दायाँ हातलाई उठाएर हत्केलालाई घोप्टो पारी थाई शैलीमा "इशारा गरी बोलाउने" ढाँचामा केहीअगाडि फैलिएको हुन्छ। हत्केला पल्टाएर इशारा गरी बोलाउनाले कुनै कुनै थाईमा भ्रम र संवेदनशील भावना जाग्ने हुन जान सक्तछ, कारण यसो गर्नु थाई सदाचारमा अशिष्ट मानिन्छ।

मैले फेला पारेका नाऽ क्वाक् जन्तर बनाउने तीन सूत्रहरूमध्ये एउटा यहाँ प्रस्तुत छ :

अन्जीरको बोट (Ficus glomerata) जातका अन्य किसिमका

---

१. यसको टिप्पणी थाई अक्षरमा दिइएको छ– सं.।

२. वन विभाग, ब्याङ्ककका नाईतेम स्मितिनन्दको अनुग्रहबाट।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बोटहरूमा टाँसिएर उम्रने हड्चुरको एक टुक्रा लिनुहोस् । त्यसलाई आइमाईको आकार आउने गरी बनाएर त्यसमा गुप्ताक्षरहरू अंकित गर्नुहोस् । बायाँ छातीमा[1] दु, दायाँ छातीमा स, निधारमा म, पिठ्यूँमा नि, बायाँ हातमा भो.गम् र दायाँ हातमा जन लेख्नुहोस् । त्यसपछि भोगम् जन दु स म नि भन्ने गाथा वा मन्त्रलाई एकाग्रचित्तले एक सय आठ पटक[2] लय हालेर सुनिने गरी जप्नुहोस । त्यो सकिएपछि र "महा ओङ कअन" मन्त्र पाठ गर्दै प्लुक सेकको विधि गर्नुहोस् । त्यसको शब्दानुवाद यस प्रकार छ :

ॐ महासिद्धि जोग.[3] ॐ नीलगिरिको महान् पू चाउ[4] जसका[5] नाङ क्वाक् नाम गरेकी एक मात्र छोरी भएकी थिइन् । स्त्री-जातिले तिनलाई देखेमा मैत्रीपूर्ण चर्चा गर्दछन्, पुरुष-जातिले देखेमा प्रेम गर्न थाल्छन् । मेरो भाग्य खुलोस् । सबै मानिसहरूले मलाई चिन्दछन् । ॐ व्यापारी हो, मलाई म्यान् देशमा[6] पुऱ्याइदेओ, जहाँ मलाई एक हजार थनान्[7] भरि औंठीका टुप्पा[8] प्राप्त हुनेछ । म विविध मालसामानको व्यापार गरेर सजिलैसँग मुनाफा कमाउनेछु । म चाँदीको व्यापार गर्नेछु, यो खाँदाखाँद हुन्छ, म सुनको व्यापार गर्नेछु र

---

१ थाई भाषाको शब्द-विन्यासमा 'बायाँ' शब्द 'दायाँ' शब्दभन्दा पहिलो आउँछ जस्तो दायाँ र बायाँ नलेखी बायाँ र दायाँ लेखिन्छ; तर व्यवहारमा आजकाल बायाँभन्दा पहिले दायाँ आउँछ ।

२. थाई गुप्ताक्षर । थाई बोलीचालीमा यसको अर्थ अनेक भन्ने पनि हुन्छ ।

३. पृ. १५१ हेर्नुहोस् ।
जोग् माने सौभाग्य हो । यो शब्द संस्कृतको योग् बाट आएको हुनुपर्छ ।

४. पू चाउको अर्थ भगवान् पैतृक पितामह हो, कुनै प्रमुख प्रेतात्माको उपाधि, सम्भवतः यो मूल पूर्वजको प्रेतात्मा हुनुपर्छ ।

५. नीलगिरि को मतलब कुनै खास वा साधारण पहाड हो ।

६. मोयन् देश अर्थात् देवभूमि । पुराणअनुसार माय् जाति अग्लो पहाडमा बस्छन् । त्यो शायद दक्षिणी चीनको एउटा मानजाति हुनुपर्छ । उत्तरी थाइल्याण्डका एक थरी मानिसहरूले माथ्ने गरेको माय् सम्बन्धी प्रेतहरूको एउटा सम्प्रदाय छ ।

७ नरिवलको बोका घोटेर बनाइएको चामल भर्ने पुरानो परिमाण नाप्ने भाँडो ।

८. थाई भाषामा धनको शब्दानुवाद गर्दा "मूल्यवान् पत्थर, औंठी, चाँदी र सुन" हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो टनाटन भरिएर आउँछ । मेरा प्यारा मित्रहो ! आओ, खाओ । किनकि आज धेरै प्रकारले मेरो भाग्य जागेको छ । म तिनीहरू हाव्[1] भरि लिएर घर आएको छु । ती महिला व्यापारीहरूभन्दा बढी भाग्यशाली छु, चिनियाँ जहाजहरूका मालिकलाई पनि आफ्नो भाग्यले जितेको छु । ॐ नीलगिरिको भगवान् पू चाउ ! मलाई मात्र सौभाग्य प्रदान गर्नुहोस्, स्वाहा स्वाहोम् ।[2]

प्रतिष्ठा गरिसकिएको नाङ क्वाक् जन्तरमाई[3] रोजिन्दा पाठ गरेर लावा, मैनबत्ती तथा सुगन्धित चन्दनले पूजा गर्नुपर्दछ ।

नाङ क्वाक् जन्तर बनाउने अर्को एउटा सूत्र यस प्रकार छ :

नाङ क्वाक् बिरुवा जमीन खनी निकाल्नु पर्ने गरी जहाँतहीँ उम्रिरहेको पाइयो भने, केराका पातका तीनओटा बोहोता बनाउनुपर्छ । अनि प्रत्येक बोहोतामा अलिकति रक्सी, एक मुट्ठी भात, एक टुक्रा माछा र ताजा वा सुकेको भए पनि सुपारी, खयर, चून र खमिन् (curcuma domestca-Zingiberaceaa) दलेको पानको पत्ता भएको तीन बीडा पान राख्नुहोस् । सामान्यतः चढाइने कुरा थिनै हुन् । प्रेतात्मालाई यसरी भव्य भोजन चढाइसकेपछि तीनचोटि वा सातचोटि नमो बुद्धाय भन्दै मन्त्रोच्चारण गर्नुपर्दछ । त्यसपछि भएपछि वाङ् नाङ क्वाक्लाई जमीनबाट खनेर झिकी त्यसलाई "इशारा गरेर बोलाउने आइमाई"को आकृति आउने गरी बनाउनुपर्दछ । यसरी बनेको आकृतिलाई अनि प्लूक सेकको विधि रीतपूर्वक गरी प्रतिष्ठा गर्नुपर्दछ । यसो भएपछि जन्तरको रूपमा काम गर्ने शक्ति त्यसमा जागृत हुन्छ ।

यो विधि गर्ने व्यक्तिले अनुष्ठानको शुभारम्भको रूपमा पहिले उपवास बसेर धार्मिक नियमहरू पालना गर्नुपर्दछ । त्यसपछि उसले प्रसिद्ध इति पि

---

१. चीन तथा दक्षिण-पूर्वी एशियाका मुख्य भूभागका कुनै कुनै देशहरूमा मात्र भारी बोक्नको लागि प्रचलनमा भएको नोलको दुवै छेउमा झुण्ड्याएर काँधमा बोक्ने टोकरी (खर्पनहरू) ।

२. पुरानो पुस्ताका केटाकेटीहरूले बालगीतको रूपमा गाउने गरेका तीन किसिमका यस्ता मन्त्रहरू भएको थाहा भएको छ । स्वाहा शब्द संस्कृत भाषामा मन्त्रको अन्त्यमा जोडिने तथास्तु जस्तो शब्द हो । थाई भाषामा स्वाहम् र स्वाहाइ भन्ने अरू दुई शब्द पनि छन् । तिनीहरू शायद स्वाहा शब्दकै विभेद हुन् ।

३. ब्याङककको नेशनल लाइब्रेरीका नाइ रूअङ ऋढले दिनुभएको जानकारी-अनुसार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सो भग वा (त्रिरत्नको उपासना, बौद्ध सूत्र) भन्ने गाथा तीन वा सात पटक उच्चारण गरेर शुद्ध जल बनाउँछ। त्यूक सेक कार्य प्रारम्भ गर्नुभन्दा अगाडि लगातार तीन दिनसम्म यो उसले आफूलाई शुद्ध जलले शुद्ध पार्नुपर्दछ। यो त्यूक सेक कार्य **बाऽन**को विहारभित्र गरिन्छ। अनि **नमो बुद्धाय** मन्त्र विधिपूर्वक एक सय आठ पटक जप गर्नुपर्दछ। यति गरेपछि त्यो जन्तरले काम गर्न थाल्छ।

जसको पसल वा बिक्री स्थलको अगाडि **नाङ क्वाक्** वस्तु राखिएको हुन्छ त्यसको कारोबार राम्रो हुन्छ। प्रेम वा दया प्राप्त गर्नको लागि जसले आफूमा मोहनी शक्ति प्रादुर्भाव होस् भन्ने इच्छा राख्दछ उसले **नमो बुद्धाय** को मन्त्र एक सय आठ पटक पाठ गरेर **बाऽन नाङ क्वाक्** आफ्नो मुख तथा शरीरमा घोटेर दल्दछ। **बाऽन नाङ क्वाक्**लाई रुमालमा बेह्रेर टाउकोवरि परि बाँध्यो भने नरनारी जोसुकै होस् अदृश्य हुन्छ। कसैले पनि उसलाई पक्डन सक्नेछैन र उसको मनोकामना पूरा हुन्छ।[1] यस प्रकार उपयोग गरिएको **नाङ क्वाक्** जन्तरको कार्य पैसाको थैली वा हाली बढी पैसा आउने मूल उद्देश्यमा सीमित रहन जाँदैन।

आज आएर **नाङ क्वाक्**को चलन हराउँदै गएको जस्तो देखिन्छ। यसको ठाउँ बिस्तारै-बिस्तारै **प्लात फियम्** (कार्प जातको माछा) जन्तरले ग्रहण गर्दै गएको छ। यो जन्तर यन्त्र-अंकित ताडको पातबाट बनाइन्छ। यसलाई विभिन्न आकारका माछाको स्वरूप आउने गरी बुनेर त्यसलाई रातो, कालो र पहेंलो रंगले रंगाइन्छ। यस्तो जन्तर कहिलेकाहीं शुभलक्षणको रूपमा कुनै कुनै पसलको अगाडि तथा कुनै कुनै ट्याक्सीमा भित्रपट्टि अगाडि वा पछाडिपट्टि झुण्ड्याएर राखिएको देखिन्छ।

कृतज्ञता ज्ञापन : "थाई तन्त्रमन्त्र तथा जन्तरहरू"का सम्बन्धमा मलाई केही न केही सूचना दिई सहयोग गर्नुहुने अनेक व्यक्तिहरूप्रति म आभार व्यक्त गर्दछु, विशेष गरी ब्याङ्ककको राष्ट्रिय पुस्तकालयका अधिकृत **नाइ रीद रूअङ** रिद्प्रति म साह्रै कृतज्ञ छु।

---

१. थाई अक्षरमा लेखिएको टिप्पणी– सं.।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



"फिरद् आँठी"– रंग कालो, लाहा मिसिएको सूती धागोले बनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाँसको हरेक जोर्नीमा एउटा गाँठो हुन्छ, त्यसलाई हामी आँख्ला भन्छौं। माथिदेखिको अथवा मोटो छेउदेखिका आँख्लाहरू एक दुई गर्दै गन्दै जानुहोस्। पहिलो गन्दा फूती मुङ भन्ने मन्त्रोच्चारण गर्नुहोस्, जसको अर्थ "म तिमीलाई पिट्छु" भन्ने हुन्छ। दोस्रोमा पुग्दा मुङ ती कू भन्नुहोस्। त्यसको अर्थ "तिमीले मलाई कुट" भन्ने हुन्छ। एवं क्रमले गन्दै एकपछि अर्कोमा पालैपालो गरी "म तिमीलाई कुट्छु" र "तिमीले मलाई कुट" भन्ने मंत्र उच्चारण गर्दै जानुहोस्। अंतिम आँख्लामा पुग्दा "म तिमीलाई कुट्छु" भन्ने मन्त्रको पालो पर्न गयो भने त्यो बाँस निश्चय नै छुकको, राम्रो हुन्छ। होइन र, "तिमीले मलाई कुट" भन्ने मन्त्रको संयोग पर्न गयो भने अलच्छिनको, नराम्रो हुन्छ। यस्तोलाई मिल्काउनुपर्दछ, नभए त्यस बेछुकी आँख्ला भएको जोर्नीलाई काटी मिल्काउनुपर्दछ, त्यसो भएपछि मात्र त्यो बाँसबाट राम्रो, लच्छिनको काम आउँछ।

अब हामी कू र मुङ भन्ने दुई थाई शब्दहरूको विचार गरौं। कू को अर्थ "म" वा "मलाई" हो भने "मुङ" को अर्थ "तिमी" हो। दैनिक बोलीचालीमा यी दुई शब्दहरूको प्रयोग गर्न सकिन्न। थाई भाषामा विभिन्न समूहका व्यक्तिवाचक शब्दहरूको प्रयोग हुन्छ। त्यसको प्रयोग सम्बोधन गरिने मान्छेसितको सम्बन्धमा सम्बोधन गर्ने मान्छेको सामाजिक मान-मर्यादा र दर्जामा निर्भर हुन्छ। माथि भनिएको दृष्टान्तमा मन्त्रोच्चारण गर्ने व्यक्तिले कुनै काल्पनिक शत्रुलाई लक्ष्य गरेर होच्याउने किसिमले सम्बोधन गरिरहेको हुन्छ र यसैले यहाँ कू र मुङ शब्दहरू उपयुक्त भएका छन्।

पातलो लामो जातको ताडको डाँठ वा कुनै प्रकारको साम्हो काठको लौरो बनाउने हो भने त्यसरी बनाउनको लागि बाँसको लट्ठी बनाउँदा जस्तै किसिमले छुक विच्छुक हेर्ने गर्नुपर्दछ। फरक खालि त्यसमा पढिने मन्त्रको हुन्छ। त्यसको शब्दावली क्रमानुसार यसं प्रकार आउँछ :

१. सुअ वेइ	अर्थ– "ए बाघ"।
२. चखे वा	अर्थ– "हा गोही"।
३. याक् याक् खियउ	अर्थ– "नर-भक्षी दैत्य वा दैत्यिनीले दान्हा देखाउँछ।"
४. खियउ पवान	अर्थ– "खाने दाँत"।

अब एक हातले मुट्ठी कसेर पहिलो नम्बरमा दिइएका शब्दहरू गुनगुनाउँदै लौरोको टाउकोलाई समाउनुहोस् र अर्को हातले त्यसरी नै मुठ्ठी कसेर दोस्रो नम्बरमा दिइएका शब्दहरू गुनगुनाएर त्यसको मुनिको भागलाई जोडसित समाल्नुहोस्। त्यसपछि तेस्रो नम्बरमा दिइएका शब्दहरू गुनगुनाउँदै पहिलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुठ्ठीलाई फुकाएर दोस्रोको मुनितिर समात्नुहोस् । अनि दोस्रो मुठ्ठीलाई फुकाएर त्यसले तेस्रो मुठ्ठीको मुनि समात्नुहोस् । त्यसपछि चौथो नम्बरमा दिइएको शब्द गुनगुनाउनुस् । एवं प्रकार पहिलो, दोस्रो, तेस्रो, चौथो गर्दै यो प्रक्रिया लट्ठीको तल्लो टुप्पोमा नपुगुन्जेलसम्म दोहोऱ्याउँदै जानुहोस् । यसो गर्दा बाँकी रहन गएको लट्ठीको भाग आधा मुठ्ठीभन्दा कम्ती भएमा केही छैन, त्यसको हिसाब गरिँदैन । यसरी नाप्दै जाँदा नाप्ने क्रिया पहिलो वा दोस्रो नम्बरको मन्त्रोच्चारणको क्रममा पूरा हुन गएमा त्यो लौरो लच्छिनको हुन्छ । यस्तो लौरो लिएर वन-जङ्गलको बाटो हिंड्ने मान्छेदेखि बाघहरू तर्केर हिंड्छन् र नदीनाला पार गर्दा गोहीहरूले कुनै किसिमले दुःखकष्ट दिन सक्तैनन् । तेस्रो वा चौथो नम्बरको मन्त्रोच्चारणको क्रममा पूरा हुन गएमा ती तेस्रो-चौथो नम्बरका शब्दहरूले स्पष्टरूपमा संकेत गरेअनुसार त्यो लौरो अलच्छिनको हुन्छ ।

बाँसका लट्ठी र लौरो "छुक बिच्छुक हेर्ने" तरीका विभिन्न छन् । तिनीहरूमा उच्चारण गर्ने मन्त्रका शब्दहरू र गिन्तीका संख्या पनि फरक फरक छन् । उही एउटा संख्यामा गएर गिन्ती पूरा हुन गएमा पनि लच्छिन अलच्छिन फरक फरक देखिन जान सक्छ । यो कुरा मेरो संकलनमा भएका धेरैजसो सूत्रहरूको प्रयोग गर्दा हुने परिणामद्वारा थाहा हुन्छ ।

सबैले देख्ने कुरो हो– थाईहरूले, खास गरी आइमाईहरूले, भारी बोक्दा काँधमा बाँसको नोल राखेर त्यसको दुवैतिर भारीहरू राखी बोक्ने गर्दछन् । यो चलन दक्षिणतिरका चिनियाँहरू र दक्षिण-पूर्व एशियाको मुख्य भूभागका धेरैजसो वासिन्दाहरूको भन्दा फरक छैन । मध्य-थाइल्याण्ड र शायद अन्यान्य क्षेत्रका पनि ग्रामीण युवतीहरूसित आ-आपनै बाँसको संकलन हुन्छ, जस्तो कि शहर-बजारका मान्छेसित बाँसका लट्ठी र लौरो वा हातमा लिएर हिंड्ने, झोला वा पूर्व-आधुनिक समयका भए, चपाउनको लागि पानसुपारी, पानका पात र पानका अन्य मसला राख्ने "पानबट्टा"को संकलन हुन्छ । एक जना केटीसित थुप्रै बाँसका नोलहरू हुन सक्तछन् र तिनमा एक-दुईवटा तिनका असाध्य मनपर्ने हुन्छन् र तिनीहरू कलात्मक महत्त्वका हुन्छन् ।

राम्रो खालको नोल छाँट परेको, दुवैपट्टि छेउमा अलिकता घुमाउरो परेको र ती प्रत्येक छेउमा ठूल्ठूला भारीलाई चिप्लिएर खस्नबाट रोक्नसक्ने एउटा गाँठो भएको हुन्छ । यो लचकदार हुन्छ र भारी बोकी हिंड्ने वेलामा तालबद्ध रूपमा तलमाथि गरिरहने हुन्छ । यस प्रकारको बाँसको नोल सोङ्कारान चाड (पश्चिमेलीहरूका बीच "पानी छ्याप्ने चाड" भनी कहलिएको प्राचीन छाँटको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नव–वर्ष) वा अन्य चाडपर्वका अवसरमा वात् वा बौद्ध विहारहरूमा भिक्षुहरूकहाँ खाद्यवस्तु तथा अन्य उपहार सामग्री बोकेर लैजानका लागि जगेर्ना गरी राखिएका हुन्छन् । यस्तो अवसरमा धर्म कमाउने हिसाबले बात्मा खाद्यवस्तु बोकेर लाने तरुणी केटीहरूले राम्रा राम्रा लुगा लगाएर जान्छन् । सालको सबभन्दा राम्रो लुगा लगाएर सबैभन्दा छाँट परेको नोल बोकेर हिंडेको देखाउनमा उनीहरू आपसमा प्रतिस्पर्धा गर्छन् । तिनीहरूका ती सुन्दर कलात्मक नोल देख्ता तिनीहरूले ती कहाँ मात्र भेट्टाएका हुन् भनी आश्चर्य लाग्दछ, किनभने यस्तो सुन्दर नोल बनाउने परम्परा महिला जातिको क्षेत्रमा पर्दैन र पुरानो जमानामा यस्तो कुरा तयारी रूपमा कहीं किन्न पनि पाइँदैनथ्यो । कुनै केटीलाई कुनै कलात्मक नोल चाहिएमा त्यसको लागि तिनले त्यस्तो नोल बनाउन सक्ने कुनै लोग्नेमानिसमाथि भर गर्नुपर्दथ्यो र त्यस्तो लोग्नेमानिस ज्यादातर भिक्षु नै हुन्थ्यो, किनकि यस कलाको जन्म नै बौद्ध विहारमा भएको हो । त्यस्तो नोल बनाउने भिक्षु-कलाकार शायद चलनअनुसार अस्थायी रूपले भिक्षुमा दीक्षित गरिएको एक तरुनो लोग्नेमानिस हुन्थ्यो। उसले त्यस्तो बाँसको नोल बनाएर त्यसलाई आफ्नो सद्भावनास्वरूपको उपहारको रूपमा तरुणी युवतीलाई प्रदान गर्दथ्यो होला । त्यसबाट कहिलेकाहीं ती दुईमा मायाप्रीति पनि बस्न जान्थ्यो ।

हरेक बाँसको नोलको आ-आफ्नो छलोक अर्थात् छुक-बिच्छुक हेर्ने सूत्र हुन्छ । एउटाचाहिं यस प्रकार छ :

(१) खान् खेन् (खान=बाँसको नोल र खेत— जोडी प्रत्यय)
(२) याक्–खेन् (असाध्य गरीब)
(३) माऽ–मी (धनाढ्य)
(४) सी–सुक् (सौभाग्य र सुख)

बाँसको एक छेउदेखि अर्को छेउसम्मका गाँठाहरू गन्नुहोस् । यसरी गन्दै जाँदा अन्तिम गाँठो उपर्युक्त (३) मा (४) मा पर्न गयो भने त्यो बाँस छुकको हुन्छ र (१) मा (२) मा पर्न गयो भने बिच्छुक हुन्छ ।

भाले जुधाउनेमा पनि छुक–बिच्छुक हेर्ने विधि छ । भालेको बीचका आँलाहरूको काप परेका अन्तिम भागमा भएका कत्लाहरू वा जुरोमा भएका सिउरहरू तल दिइएका शब्दहरू भन्दै गन्दै जानुहोस् :

(१) काइ ती (हिर्काउने भाले)
(२) काइ लः (फसाउन सक्ने भाले)
(३) काइ लेऽ (जालमा पार्न सक्ने भाले)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४) काइ छोन् (धक्केबाज भाले)
(५) काइ ढअन खोन् (खुइलिएको भाले)
(६) काइ लोङ म क्याङ (कवाफ बन्ने भाले)

नं. (१) देखि (४) सम्मका भालेहरू लच्छिनका र (५) र (६) नं. का लच्छिन नभएका हुन्छन् ।

शाही परिवार र लौकिक-आध्यात्मिक दुवै उच्चपदस्थ व्यक्तिहरूका नाम र पदवी सुवर्ण पत्रहरूमा अंकित गरिन्छन् । यस्तो कुनै उच्च मानपदवी सुवर्णपत्रमा लेख्ने शाही लेखनदासले सो लेख्नुअघि छलोक् अर्थात् लक्षण-कुलक्षणको विचार गर्नुपर्दछ । यो चलन निःसन्देह आजसम्म पनि चली आएको छ । यस छलोक्मा चार संख्या हुन्छन् ।

(१) जयं (विजय)
(२) विवादं (विवाद)
(३) मरणं (मृत्यु)
(४) सुखं (सुख)

यी शब्दहरू सबै पालि भाषाका हुन् र तिनमा कुन शुभ, कुन अशुभ भन्ने कुरा आफैं बोल्छन् ।

यहाँ वर्णन गरिएका कुरा खालि मध्य-थाइल्याण्डका हुन् र तिनका स्रोत-हरू मौखिक हुन् । यी छलोक् सूत्रहरू कुनै पनि मैले मुद्रित रूपमा देखेको छैन । यस्ता परंपरागत कुरा थाहा पाउने मानिसहरू उमेर पुगेका मानिसहरू मात्र छन्, र तिनमा पनि छलोक् भन्ने कुरा छ भन्ने थाहा पाउने पनि धेरै छैनन् । उत्तरी तथा दक्षिणी थाइल्याण्डमा छलोक्को चलन छ छैन् भन्ने मलाई थाहा छैन । शायद होला, तर आधुनिक सभ्यताको प्रभाव त्यति साह्रो नभएको बाहिरफेरा-का कुनै कुनै जिल्लाहरूमा अलिअलि बचिरहेको होला । उत्तर–पूर्वी क्षेत्रमा छलोक्को चलन सापेक्षतया बढी नै छ । त्यतातिर बस्ने मेरा एक जना मित्रले दिएका छलोक् सूत्रहरू मसँग थुप्रै छन् । माछा मार्ने जाल, चामल पिध्ने खल, तराजु, बौद्ध भिक्षु तथा ग्रामीण जनताहरूले प्रयोग गर्ने जस्ता झोलाहरू, तरवार, बन्दूक, आगो फुक्ने ढुंग्रो, काण, धनुष, सा–नुङ (लँगौटी), ढोलक, घन्टी, घरको खामो, भन्याङ आदि जस्ता विभिन्न कुराहरूको सम्बन्धमा प्रयोग हुने अन्दाजी बीसबटा जति यस्ता सूत्र छन् । लोग्नेमानिस-स्वास्नीमानिस दुवैका शरीरका खास खास भागसँग सम्बन्धित छलोक् सूत्रहरू पनि छन् । यी सूत्र सम्भवतः यस विषयमा लेखिएका कुनै पुस्तकबाट लिइएका हुन्, केही वर्षअगाडि मैले ब्याङ्ककको राष्ट्रिय पुस्तकालयमा उत्तर–पूर्वेलीहरूका छलोक् सूत्रहरूको एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छापिएको पुस्तिका देखेको हुँ । लाओ अधिराज्यका लाओहरूको पनि आफ्नै छलोक् छ ।

इण्डोनेशिया, मलेशिया र बर्मामा पनि तत्तत् देशका स्थानीय मूलका मेरा परिचित व्यक्तिहरूका अनुसार अनेक छलोक् छन् तर सूत्र भने तिनीहरूले झट्ट भन्न सकेका छैनन् । मेरो विचारमा कम्बोडियाली तथा भियतनामीहरूको पनि छलोक् हुनुपर्दछ । छलोक् मूल रूपमा अष्ट्रेनेशियन संस्कृतिको एक अंश थियो होला भनी भन्न मन लागे तापनि तुलनात्मक तथ्यांकको अभावमा यसो भन्नु कमै सही साबित हुनेछ ।

आर्टिबस एशिया, प्रोफेसर गोर्डन ल्युसेको सम्मानमा प्रकाशित विशेषाङ्क ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूख तथा बोटबिरुवाका सम्बन्धमा केही थाई अन्धविश्वास

कतिपय रूख तथा बोटबिरुवाहरू यस प्रकारका छन् जुन घरको नजीकै वा हाताभित्र जग्गामा रोप्नु राम्रो हुँदैन । तिनीहरू अशुभ छन्:

१. ताउ राङः (Caryuta misis-palmac): यो ताडी जातको रूख हो । यसमा चुत्रो जस्ता फलहरू राम्रा राम्रा झुप्पामा फल्छन् तर तिनका बोक्राहरू विषालु हुन्छन् । यस्तो रूख शोभाको लागि यूरोपेलीको घरको हातामा रोपिराखेका देखिन्छन् । थाईहरूले यस रूखलाई रोप्दैनन् किनभने ताउ राङः शब्दको दोस्रो अंशको ध्वनि त्यक्त वा परित्यक्त अर्थ दिने अर्को शब्दको ध्वनिसँग मिल्दोजुल्दो छ । मानिसले यसलाई यसरी बारम्बार गर्ने कारण शायद यसमा विष हुने र यसबाट केही आर्थिक लाभ नहुने भएको हुनाले पनि हुन सक्छ ।

२. सला र रकाम (Zallaca wallichianapalmae): यी दुई रूख दुई किसिमका भए पनि धेरै नै समान प्रकारका छन् । यी रूखहरू डाँट-वरिपरि गुजुल्टो परेका, तीखा काँडा भएका लहरे ताडका प्रकारका हुन् । थाई भाषामा सलाको अर्थ त्यागिएको र रकामको अर्थ दुःख-दर्द हो । यसकारणले तिनलाई घरका हाताभित्र रोप्दैनन् । तिनीहरूमा अमिलो खान हुने फल लाग्ने र ती फलहरूमा पनि कुनै कुनै गुलियो स्वादिलो जातको अति नै बिक्री हुने खालको हुने हुनाले मालीहरूले रूखहरूलाई बार लगाउने जस्तो गरी रोप्छन् किनकि तिनका तीखा काँडाहरूले गर्दा अर्काको घर–जग्गामा मिचेर पस्न खोज्नेहरू पस्न सक्तैनन् ।

३. सोक् (Saraka indica) : थाई भाषामा सोक्को अर्थ वेदना वा सन्ताप हुन्छ, घर-वरिपरि उमारिराख्न भनी भन्नै नहुने अशुभ रूखको नाम हो यो । यो रूख हल्का सुगन्धित वासना भएको रातो फूलका झुप्पाहरू लाग्ने भारतीय अशोक वृक्ष हुन् सक्छ । भारतमा राम्री तरुणी आइमाईको खुट्टाले छोयो भने यसमा फूल फुल्छ भन्छन् । संस्कृत भाषामा अशोक भन्नाले सन्तापरहित भन्ने अर्थ लाग्दछ तर थाई भाषामा यस शब्दको पहिलो शब्दांश गुम्न गएर सोक् वा सक् हुन गयो जसको अर्थ सन्तापरहितको ठीक उल्टो हुन पुगेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४. **लान्ठोम्** : यो रातो चमेली वा देवालयमा हुने फूलको रूख हो। **लान्ठोम्** शब्दको ध्वनि वेदनाको अर्थबोध गर्ने **रथम्** शब्दको ध्वनिसित मिल्छ। यसकारणले यो रूख रोप्न नहुने भनिएको छ। यो रूख अक्सर **वात्** वा बौद्ध विहारमा पाइने गर्दछ। त्यस्तो ठाउँमा पुगेपछि कुनै पनि अशुभ वा अलच्छिनको वस्तुको नराम्रो गुण हराउँछ भन्ने मानिसहरूको विश्वास छ।

५. **ऋदाङ्डा** (Canagium odoratum): सुमधुर वास्ना आउने फूल फुल्ने अग्लो रूख हो। यसको काठ नरम हुने र यसका हाँगाहरू सजिलैसँग भाँचिने र टुका पार्न सकिने भएको हुनाले यो रूख अक्सर घरनिर वरपर पाइँदैन।

६. **चाम्पी र चाम्पा** (Michelia Champaka): यी एकै रूखका दुई भिन्नाभिन्नै जातहरू हुन्, जसमध्ये पहिलोमा सुगन्धयुक्त चिल्ला सेता फूल फुल्छन् भने पछिल्लोमा पहेँला फूल फुल्छन्। पछिल्लोमा फुल्ने पहेँलो फूलहरूको माग सजाउनका लागि धेरै हुन्छ। दुवै किसिमका रूखका काठ नरम हुन्छन् र सजिलैसँग भाँच्न सकिन्छ। यसैले यी रूखहरू घरको नजीक रोपिँदैन।

७. **राक्** (Calotropis gigantea) : यो रूख भारतमा हुने अरक जातको रूख हो। यसका फूलहरूको माला ज्यान सजाय पाउने अपराधीहरूलाई मार्ने स्थानमा लैजान लाग्दा तिनीहरूको घाँटीमा लगाइदिने गरिन्छ। यो राक वृक्ष थाइल्याण्डका सुख्खा निर्जन स्थानहरूमा जहाँतहीं उम्रिन्छ। यसको फेद तथा हाँगाहरूमा दूध जस्तो सेतो रस हुन्छ र यसका फूलहरू अक्सर दाहसंस्कारका कार्यहरूमा अलग अलग थुंगाको रूपमा प्रयोग गरिन्छन्। आजकाल वर-वधूले यी फूलहरूको माला लगाउने चलनै भैसकेको छ। किनभने थाई भाषामा राक भनेको नै प्रेम हो।

८. **छबा** (Hibiseus rosa sinensis–Nalvaceae) : यो बिरुवा चीनियाँहरूले लगाउने एक किसिमको झार हो। यसमा गाढा रातो रँगको फूल फुल्छ। यो झार थरी थरीका राम्रा राम्रा रँगका अनेक प्रकारका छन्। पहिले पहिले व्यभिचारिणी आइमाईलाई कानमाथि कापमा रातो छबा फूलहरू घुसारेर एक प्रकारको पाउदान भएको घोचोमा खट्टा राख्न लगाई बजारमा उभ्याएर सजाय दिइन्थ्यो। जघन्य अपराध गरेबापत ज्यान सजाय पाउने ठहर भएका व्यक्तिलाई मार्ने स्थानतिर लग्दा पनि उसको कानको पछाडि यस्तै नै फूल घुसारी सजाउने चलन थियो। दक्षिण भारतमा ज्यान सजाय पाउने भएको अपराधीको गर्धनमा यस्तै फूलको माला लगाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

९. नाङ्ग याय्म् (Clerodendron fragans) : सुगन्धित फूलहरू फुल्ने झार। यसका जराहरू जमिनको मुनिवाट टाढाटाढासम्म फैलिएर अन्धाधुन्ध नयाँ नयाँ विरुवाको रूपमा पल्ह्राउँदै जाने हुनाले यसको प्रसारण सजिलैसित हुन्छ। नाङ्ग याय्म् वूढो भएपछि मि नामक दुष्टात्मा हुन जान्छ र त्यसले ढुंगा वर्षाएर घरको शान्तिलाई भङ्ग गर्छ भन्ने मानिसहरूको विश्वास छ। थाई भाषामा नाङ्ग याय्मको अर्थ कोपिला अलिकति फुलेर खुल्नु वा राम्री तरुणीले चियाएर हेर्नु भन्ने हुन्छ, यसैले थाई भाषाको शृंगार साहित्यमा यसको कवितात्मक नाम उल्लेख गरिएको पाइन्छ।

१०. सारभी (Ochrocarpus siamensis) : सुमधुर सुगन्धित फूल फुल्ने एउटा रूख।

११ फिकुन् (Mimusops elengi) : स-साना तारा आकारका फूलहरू फुल्ने रूख। ती फूलको सुमधुर वास्ना अपेक्षाकृत धेरै कालसम्म रहन्छ। राज्याभिषेक जस्ता खास किसिमका महत्त्वपूर्ण अवसरहरूमा राजावाट जागिरदारहरूलाई सुन र चाँदीका फिकुन् फूलहरू वक्सिन्छ।

१२. चान् (Diospyros packmanil-सी. वी. क्लार्क) : पहेंलो फल लाग्ने एउटा अग्लो रूख। पाकेपछि त्यस फलको आकार चन्द्रमाको जस्तो हुन्छ। यसैले त्यसको नाम यस्तो रहन गएको हो।

उपर्युक्त १०, ११ र १२ नम्बरका रूखहरू साधारण घरको हातामित्र रोपिदैनन्, तर अचम्मलाग्दो कुरा के छ भने ती रूखहरू वात् र राजदरवारका प्राङ्गणहरूमा उम्रिरहेका पाइन्छन्। कसैले यस्ता रूखहरू आफ्नो घरको आँगनमा रोप्ने आँट गरेमा त्यस घर-धनीलाई ढिलो चाँडो दशा नलागी छोड्दैन।

१३. मलकः (Carica papaya-cucurabitaccae): यो रूख खान हुने फल लाग्ने मेवाको रूख हो। यस रूखको वोका हुँदैन र यसलाई सजिलैसँग उखेल्न सकिन्छ, यसकारणले यसलाई घरको प्राङ्गणमा वा नजीकै रोप्न हुँदैन। काँचो मेवा मानिसहरू खाने गर्छन्, तर पाकेको मेवा भने त्यसको नौनीको जस्तो कडा गन्ध अघिको पुस्ताका थाईहरूलाई मन नपर्ने हुनाले पहिले पहिले त्यति साह्रो खाने चलन थिएन। हालसालै नयाँ पुस्ताका मानिसहरूलाई मनपर्ने स्वाद भएको उन्नत जातको फल लाग्ने अनेक किसिमका यी रूख देशमा भित्र्याइएका छन्। यसैले अव मेवाको रूख घरको हातामित्र पनि रोपी राखिएका पाइन्छन् तर पुराना मानिसहरू उही अन्धविश्वासमै वसेका छन् र आफ्नो वारीमा यस प्रकारका रूखहरू राख्नु राम्रो हुँदैन भनी सल्लाह दिन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१४. फुतरक्सा (Canna sp) : थाई भाषामा यस शब्दको अर्थ 'बुद्धको संरक्षण' भन्ने हुन्छ । यसमा राम्रो झकिझकाउ फूलहरू फुल्ने हुनाले यसलाई घरको हातामित्र पनि लगाइन्छ । कोही कोही मानिसहरू यो बिरुवा घरको नजीक रोप्नु हुँदैन भनी विरोध गर्दछन् । बुद्धको नाससँग अन्धविश्वासको ठूलो सम्बन्ध रहेको हुन्छ भन्ने कुरा विश्वास गरिन्छ किनकि कुनै पवित्र वा भी-सँग सम्बन्ध भएको कुरालाई मानिसले वास गरेको घरको हातामा रहन दिईँदैन ।

१५. फो (Ficus religiosa) : धार्मिक महत्त्वको अन्जीरको बोट जसको छायामा बसी भगवान् बुद्धले ज्ञान प्राप्त गर्नुभएको थियो । यो रूख अधिकांश वात्हरूमा पाइन्छ । यसैले कहीं टाढैबाट कुनै फो रूख देखियो भने त्यहाँ वात् छ भन्ने थाहा हुन्छ । यस किसिमको पवित्र बोटलाई आफ्नो घरको हातामा रोप्ने गर्दैनन् । वातमा देखिने फोको बोट अक्सर अग्लो छायाँदार हुन्छ । यसलाई मानिसहरूले कहिलेकाहीं बुद्धको मूर्तिलाई जस्तै पहेंलो वस्त्रले बेर्ने गरेको हुन्छ । कसैकसैले यस पवित्र रूखलाई टेवा दिनको लागि घोटेर सफा पारी सेतो रँगले पोतेको बाँसका लट्ठाहरू गाड्ने गर्दछन् । यी बाँसका लट्ठाहरूमा उहिले उहिले पैसाको प्रतीकको रूपमा प्रयोग हुने कौडीहरू घुसारेर राखिन्थे । आफ्ना प्रियजनहरू बुद्धको पावन प्रतीकको निकटमा रहन पाऊन् भन्ने हेतुले तिनीहरूका हाड तथा खरानी गरीब-गुरुवाहरूले यो रूखको जरानिर गाड्ने गर्छन् ।

१६. नुन् (Ceibo pentendra) अर्थात् कापोक वृक्ष : यो रूख घरको नजीक रोपिंदैन ।

१७. डिङ (Bombax mala baricum-Malvaccae) । रातो सिमलको रूख । यो रूख घरको हातामित्र रोप्नु अशुभ हुन्छ ।

यी दुई प्रकारका (१६ र १७ नं. का) रूखहरूको काठ नरम हुन्छ र त्यसको कुनै आर्थिक मूल्य हुँदैन । अघि अघि ठुलठूला रूखहरूलाई मुर्दा राख्ने बाकसको रूपमा काममा लगाइन्थ्यो किनभने त्यसको काठ नरम भएकोले त्यसलाई सजिलैसित खोद्न सकिन्छ ।

१८. तखियन् (Hopea odorata) र

१९. याङ (Diptorocarpus alatus) : यी दुई वनमा हुने अग्ला रूख हुन् । वास्तवमा तिनीहरूलाई घरको सीमित भू-भागमा रोप्नु उपयुक्त छैन । यसको अतिरिक्त, यस्ता ठूलठूला रूखहरूमा भूतप्रेत बस्छन् भन्ने मानिसहरूको विश्वास छ । रूखमा दुई किसिमका भूतप्रेत बस्छन् । एक किसिम छ– पुरुष-प्रेत । त्यो आधा भी र आधा थेवदा अर्थात् देवता हुन्छ । अर्कोचाहिं नारी–प्रेत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो वनपरी जस्तै हुन्छ। रूख–सम्प्रदायबाट अन्दाज गर्न सकिएअनुसार पहिलोचाहिं अक्सर ठूलो अग्लो रूखमा वस्छ जसको काठको कुनै आर्थिक मूल्य हुँदैन। अर्कोचाहिं आर्थिक लाभ हुने काठ वा फलफूल दिने रूखमा वस्छ। आज पनि ठुलठूला रूखमा रूखको प्रेत वस्छ भन्ने डरले काँठ-काँठका मानिसहरू त्यस्ता रूखहरू काट्ने आँट गर्दैनन्। सानो खालको रूखलाई ढाल्नुपर्दा पनि मानिसहरू पहिले आफ्नो दोषको प्रायश्चित्तस्वरूप भूतलाई पन्छाउने गर्दछन्। धेरै ठूलो र धेरै अग्लो रूखलाई त्यस्तोमा भूतप्रेत वस्छ भन्ने विश्वास भएकोले मानिसले कुनै हालतमा पनि काट्ने गर्दैनन्। पहिलेको जमानामा परम्परागत रूपको शाही डुङ्गा वा शाही चिता छाउने अग्लो छानाको लागि लट्ठाहरू बनाउने ठूलठूलो रूख चाहियो भने त्यसलाई काट्नुभन्दा अघि त्यसको मुनि पूजा-आजा गरी त्यसमा वस्ने भूतात्मालाई शाही घोषणा पढेर सुनाइन्थ्यो। साधारण मानिसहरूबाट जथाभावी वनका ठूलठूला रूखहरूको विनाश नभै संरक्षण होस् भन्नानिमित्त गरिएको यो एक विवेकपूर्ण प्रचलन हो।

तखियन् रूख एक सुप्रख्यात रूख हो। त्यसमा नारी–प्रेतात्मा वस्तछ। त्यो प्रेतात्मालाई **नाङ तखियन** अर्थात् महिला **तखियन** भन्छन्। मानिसहरूले आफ्नो कल्पनामा ती महिला **तखियन्**ले आफ्नो आवास भएको रूखलाई कसैले ढाल्न लाग्दा एक रूपवती कुमारी केटीको रूप धारणा गरेर कहिलेकाहीं अलाप–विलाप गरेर तीखो आवाज निकाल्न लागेको सुन्छन्। तिनको वास भत्काउने मानिस जति जना भए पनि तिनीहरूमाथि चिताउँदै नचिताएको रहस्यमय आपत् पर्न जान्छ। कुनै नदीको किनारतिर कुनै **तखियन्** रूख उभ्रेको छ र त्यसका जराहरू जमिनमाथि ठाडो भै निस्केका छन् भने त्यससाई केही गर्नु हुँदैन किनकि त्यस रूखमा वास गर्ने महिला **तखियन्** उग्र प्रकृतिकी हुन्छिन्। यस्तो रूखनिर दिसापिसाब गर्ने मान्छेलाई 'अल्सर' को रोग लाग्छ। **तखियन्** र **याङ** दुवै जातका रूखहरू अक्सर वात्मा पाइने र त्यहाँबाट अनेक कथाहरू निस्कने गरेको हुनाले पनि यस विश्वासले अझ बलियो जरा गाडेको छ।

२०. **फुत्सा** (Zizyphus jujuba) : यो भारतीय बयरको बोट हो। यसमा खान हुने पैयूँ जस्तो फल लाग्दछ। यो बोट जहाँतहीं उभ्रन्छ। यसका काँडादार हाँगाहरू केटाकेटी जन्मने वेलामा दुष्टात्माहरूको बाटो छेक्न प्रयोग गरिन्छ। यसका फूलहरूको गन्ध अनौठो किसिमको वाकवाक लाग्ने हुन्छ। यस रूखलाई घरको नजीक रोप्दैनन्। फुल्ने वेलामा यसका फूलहरूबाट निस्कने गन्धको अतिरिक्त **फुत्सा** शब्दको अन्तिम अंश 'सा' को अर्थ पनि थाई भाषामा 'कम हुँदै जानु' वा 'घट्दै जानु' भन्ने हुनाले पनि यसरी नरोप्ने गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन सक्छ। घरको हातामा यसलाई लगाउनाले व्यापार-व्यवसाय घट्दै जाने हुनाले यसलाई घरनिर लगाउनु अशुभ मानिन्छ।

२१. **मयोम्** (Phyllanthus distichus-euphobiaceaea): यो अमिलो फल लाग्ने ऐँसेलुको बोट हो। यसका हाँगाहरूको उपयोग भिक्षुहरूले गर्दछन्। तिनीहरूले यी हाँगाहरूलाई पानीमा चोपलेर विधिपूर्वक शुद्ध पार्ने जस्तै गरी मानिसहरूमा वा ठाउँहरूमा छर्किदिन्छन्। कसै-कसैले यस रूखलाई आफ्नो घरको नजीक रोप्दैनन्। थाई भाषामा **भी** को मालिकलाई **फया योम्** भनिन्छ। यो शब्द भारतीय कालदेवता **यम**बाट आएको हो। यो रूखको नाम **मयोम्**को अन्तिम शब्द **फया योम्** जस्तै सुनिने हुनाले कसैकसैको घर-वरपर यसलाई लगाइन्न। शुद्धीकरण विधिमा **मयोम्** रूखको हाँगाको प्रयोग गरिन्छ। त्यो प्रयोग निश्चय पनि दुष्टात्माहरूलाई पिट्न हातमा दण्ड (यमदण्ड) लिइराख्ने भारतीय कालदेवता **यम**राजको नक्कल गरी गरिएको हो। यस्तो दण्ड हातमा देखेपछि दुष्टात्माहरू भाग्छन्।

२२. **मरुम्** (Moringa, oleifera-Maringaceae): यो भारतीय ढोल ठोक्ने काठको बोट हो। यसमा ढोल ठोक्ने काठको आकारको कोसा लाग्छ। कोही कोही आफ्नो घरको हातामा यस्तो रूख लगाउनमा आपत्ति गर्दछन्। यसरी आपत्ति गर्नुको कारण रूखको नाम **मरुम्** रहनु हो। यो नाम थाई भाषाको **म-रुम्** शब्दसँग मिल्दछ जसको अर्थ 'हूल बाँधेर आउनु' हो। यसलाई हूल बाँधेर हमला गर्न आउनु वा हूल मिलेर खान आउनु भन्ने अर्थमा लिन सकिन्छ।

२३. **क्लुवइ तानी**: यो फल लाग्ने एक जातको केराको बोट हो। पाकेपछि असाध्य स्वादिष्ट हुने भए तापनि यसमा असंख्य बियाँ हुने हुनाले साधारणतः यो खाने गरिँदैन। यसको पातको लागि यसलाई बगैंचामा लगाउने गर्छन्। यसका पातहरू पोको-सोको पार्न वा बोहोरा बनाउन असाध्य काम लाग्छ। त्यसैले तिनीहरूको बजारमा ठूलो माग हुन्छ। **क्लुवइ तानी** घरको नजीक लगाइँदैन, किनकि यसमा बराबर मानिसलाई तर्साउने **नाङ तानी** नाम गरेकी भी बास बसेकी हुन्छे भनी यसको दुर्नाम चलेको छ। कसैको कसैसित आसक पर्दा कुनै जादूमन्त्र गरेर **नाङ तानी**को मद्दत लिन सकिन्छ भन्ने विश्वास गरिन्छ। जादूमन्त्र गर्ने एउटा तरीका यस्तो छ। तपाईं एउटा कोपिला हाल्नै लागेको केराको बोटनिर जानुस् र **नाङ तानी**को कल्पना गरेर तिनीसँग प्रेमलीला गर्न थाल्नुहोस्। जबसम्म तपाईंसित तिनले प्रेमगर्न सहमत भइन् भन्ने तपाईंलाई यकीन हुँदैन तबसम्म दिनका दिन यसरी नै प्रेमलीलाको क्रिया दोहो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न्याउँदै जानुहोस् । तिनी सहमत भएपछि त्यस रूखको जराको एउटा सानो टुक्रा काटेर लिनुहोस् र त्यसलाई काँटछाँट गरेर स्वास्नीमानिसको आकृति आउने गरी बनाउनुहोस् । यसो गर्दा एउटा मंत्रको उच्चारण गर्दै जानुपर्छ । त्यति भएपछि एउटा सानो भाँडोमा जतनसाथ त्यसलाई बन्द गरेर राख्नुहोस् । अनि राती **नाङ्ग तानी** तपाईंको सपनामा तपाईंकी स्वास्नीभएर देखापर्नेछिन् । तपाईंले कुनै केटीसँग प्रेम गर्नुभएको छ भने त्यस प्रेमलीलालाई सफल पार्न तपाईंले तिनलाई आह्वान गर्न सक्नुहुन्छ । तिनको अनुमति वा मन्जुरीविना तपाईंले कुनै केटीसँग विवाह गर्नुभयो भने मानव-स्वास्नीले जस्तै **नाङ्ग तानी**ले पनि रिस गरेर तपाईंको अनिष्ट गर्नेछिन् ।

जे. एस्. एस्., भाग ६९, खण्ड १, २४०५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट

किसानको जीवन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ভগবদ্গীতা

সচিত্র কিশোরকী

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



झाली भिज्याउने बेला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राक्कथन

थाई साहित्य तथा विद्वत्ताको क्षेत्रमा फ्रया अनुमान राछथोनले एउटा अद्वितीय र विरोधाभासपूर्ण स्थान प्राप्त गरेका छन्, अथवा भनूँ आफ्नो लागि आफैले त्यस्तो स्थान बनाएका छन् । कुनै किसिमको प्रशिक्षण पाएर प्राज्ञ भएको नभए पनि आफ्ना विद्वत्तापूर्ण उपलब्धिहरूले गर्दा युवा-पीढीका अध्यापक र विद्यार्थीहरू उनीप्रति नतमस्तक भएका छन् र उनी विश्वविद्यालयका एकजना अति नै उच्च आदरणीय प्राध्यापक बन्न पुगेका छन् । यद्यपि उनी प्रशिक्षण-प्राप्त मानवशास्त्रविद् नभए तापनि परम्परागत थाई संस्कृतिको अध्ययनको क्षेत्रमा उनले जत्तिको अरू कसैले पनि त्यति ठूलो योगदान गरेको छैन। मूलतः उनी भाषा र साहित्यका विद्यार्थी नभए तापनि उनले यी क्षेत्रहरूमा गरेका योगदान-हरूभित्र आँखा नलगाई कसैले पनि थाई भाषा-विज्ञान वा थाई साहित्यको अध्ययनमा त्यति गहिराइसम्म पुग्न सक्नेछैन । हुन त उनी पश्चिमी शिक्षाका उपज होइनन् तर पनि थाई जनताको बीचमा पश्चिमी ज्ञानको परिचय गराउनुका साथै त्यसलाई प्रचार-प्रसार गराउनुमा उनले जत्तिको अरू कसैले कमै मात्र गरेको पाइन्छ । उनी लोकप्रिय लेखकभन्दा धेरै बेसी हुन् तापनि उनको गद्य-शैलीमा भएको रस र प्रसाद गुणलाई भेट्टाउन सक्ने पेशेवार लेखक थाइल्याण्ड-मा शायद अरू कोही पाउन सकिएला । सबैभन्दा आश्चर्यको कुरा त, पुर्ख्यौली-को हिसाबले उनी थाई-मूलका नभए तापनि थाई संस्कृति, थाई इतिहास, थाई साहित्य र थाई भाषाको कुनै पनि विधाले यी क्षेत्रहरूमा उनलेभन्दा बढी आस्था र अनुराग दर्शाएको देखिएको छैन।

फ्रया अनुमानका असंख्य लेखहरूमा कुनै पनि लेखको अनुवाद गर्न खोज्ने अनुवादकको सामु दुइटा एक–आपसमा जुझ्ने लक्ष्यहरू खडा हुन्छन् । एकातिर ऊ विषय-वस्तुको रूपान्तर सकेसम्म यथार्थ गर्न खोज्दछ, किनकि विदेशी पाठकहरू उनले प्रस्तुत गर्ने तथ्यगत कुराहरूमा सबैभन्दा बढी चाख लिने हुनु सम्भव छ; अर्कोतिर कुराकानीको भाषाको भएभरको ओज र तीक्ष्णता भएको लेखकको गद्य-शैलीको साह्रै मजाको सरसतालाई सकेसम्म जोगाइराख्न चाहन्छ । प्रस्तुत अनुवादमा पहिलो कुराको ख्याल गर्दागर्दै दोस्रो कुरामा चुकिन गएको छ कि भनी डराउनुपर्ने भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थाई शब्दहरू प्रोफेसर मेरी हासले (अमेरिकन काउन्सिल अफ लर्नेड सोसाइटीज वासिङटन डी.सी. सन् १९५४ बाट प्रकाशित) आफ्नो "थाई रीडर" नामक पुस्तकमा तरकीब गर्नुभएको ध्वन्यात्मक प्रणालीअनुसार अंकित गरिएको छ।

आन आर्बोर, मिशिगन
मे १९६१

विलियम जे. गेड्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शहर र गाउँ

शहरको बाहिर अलिकति मात्र टाढा गएपछि पनि मानिसले आँखाले भेटेसम्म पर पर ठूलो खाली फाँट फैलिएको र त्यसमा बीच-बीचमा कुनै टाढा कुनै नजीक गरी दुईचारओटा दुईचारओटा रूखहरू खडा भैरहेको देख्तछ । पर साँधमा रूखको टुप्पाहरू मानौं क्रमबद्ध रूपमा मिलाएर राखेझैं गरी मिलेका देखिन्छन् । आकाश पर-परसम्म स्वच्छ निर्मल हुन्छ । वातावरण शून्य र शान्त हुन्छ, खालि बीच-बीचमा कागहरू कराएको र हावा सुसाएको सुनिन्छ । एक जना दुई जना मान्छे कतिपछि बिराएर टाढा हिंडेका देखिन्छन् । आफूले सास फेरेको हावा पनि शुद्ध र ताजा लाग्न थाल्छ । शहर-बाहिरका चौर र फाँटहरूको अवस्था यस्तो हुन्छ । तिनीहरूको प्रकृति शहरकोभन्दा ठीक उल्टो हुन्छ । शहरमा धेरै मानिस हुन्छन्, जुनसुकै ठाउँ पनि मानिस जम्मा हुने ठाउँ हुन्छ र त्यहाँ मानिसहरूको घुइँचो लागिरहन्छ । त्यहाँ हरबखत मानिस र मोटर-गाडीहरूको कानै खाने गरी हल्लाखल्ला भइरहेको हुन्छ । त्यहाँ अलि टाढाको कुरा कसैले पनि देख्न सक्तैन, जताततै घर-पसल र ठुल्ठूला भवनहरूले छेकिरहेका हुन्छन् । वातावरण नै तातो, उकुसमुकुस लाग्ने र प्रदूषित हुन्छ, मानिसलाई स्वास लिनै गाह्रो पर्दछ । नाकमा ह्वास्स-ह्वास्स दुर्गन्ध आइरहन्छ । कति ठाउँहं घिनलाग्दो, फोहोर र कसिंगर थुप्रिएर अस्तव्यस्त देखिन्छन् । गाउँको जीवन र शहरको जीवनमा आकाश-जमीनको फरक हुन्छ । एउटा प्रकृतिको नजीक हुन्छ भने अर्को प्रकृतिदेखि टाढा हुन्छ । एउटा खानेकुरा र सुस्वास्थ्यको उद्गम स्थल नै हुन्छ भने अर्को मानिसहरू जम्मा भै खानेकुरा र रोगका कीटाणुहरू भागबण्डा गरी लिने ठाउँ हुन्छ । यति मात्र भन्दा शहरमा खराबी मात्र हुन्छ र त्यसको गाउँसित तुलना हुन सक्तैन भन्ने देखिन आउँछ । साँच्चै नै राम्रो हुने कुराहरूको विचार गर्ने हो भने गाउँभन्दा शहरमा धेरै राम्रा कुराहरू छन्, उन्नतिको केन्द्र नै शहर हो । यो उन्नति उपयुक्त अनुपातमा गाउँमा फैलिन पुग्यो भने राष्ट्रले नै गाउँ र शहर दुवैले गरी समुन्नति प्राप्त गर्दछ भनी भन्न सकिन्छ । शहर धेरै नै स्वार्थी भएर आफ्नै मात्र सुखसुविधा र मोजमज्जाको लागि धन सञ्चय गर्न खोज्ने भै प्रकृतिदेखि टाढा भएर गाउँतिर आँखै नलगाउने भएमा त्यस्तो शहरको उन्नति केही क्षणको लागि मात्र चम्केर बली तेल अर्थात् खाने वस्तुको अभावले निभ्ने बत्ती जस्तै हुन्छ । शहरलाई भरण-पोषण गर्नको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लागि खाद्यवस्तु उत्पादन गर्ने कार्य गाउँले गर्दछ । त्यसकारण शहरले आफ्नो जीवनिर्वाहको लागि गाउँमा भर पर्नुपर्दछ। गाउँको सम्बन्धमा भन्ने हो भने, प्रकृतिका अति निकट रहने मानिसहरूको जीवन-स्थिति पनि प्रकृतिकैअनुसार हुन्छ। जिन्दगी जे-जस्तो छ उस्तै किसिमले चल्दै नै जान्छ। न माथि जान्छ न अगाडि नै, किन कि समुन्नतितर्फ प्रगति गर्दै जानको लागि गाउँले सुधार र संवर्धन गर्न शहरको सम्पत्ति, बुद्धि र शक्तिमा भर पर्नुपर्दछ । विभिन्न राष्ट्रहरूका इतिहास हेर्दा थाहा हुन्छ विश्व सभ्यता र प्रगति भनेका शहर र गाउँ दुवैमा भर पर्ने कुरा हुन्। एउटा– अर्कोमा आधारित भएको हुन्छ र कुनै पनि एक-अर्कोभन्दा राम्रो वा नराम्रो हुँदैन । औजारहरू छन्, चामल छैन, त्यस्तै चामल छ औजारहरू छैनन् भने अप्ठ्यारो पर्छ । त्यसैले थाईहरूमा राष्ट्र र सम्पत्ति ("सम्पत्ति"लाई प्रचलित बोलीमा "चामल र सरसामान" भन्छन्) सँगसँगै हिँड्छन् र तिनीहरू छुट्टिएमा न राष्ट्र न सम्पत्ति नै रहन्छ भन्ने चलन छ ।

शहरका मानिसले शहरबाहिरका मानिसलाई "गाउँले" भन्दछन् । कसैको मुखबाट "गाउँ" भन्ने शब्द निस्कनेबित्तिकै उसको मनमा धन र ज्ञान दुवै क्षेत्रमा पिछडिएका ठाउँ भनी लागिहाल्छ । तर गाउँका मानिसको मद्दतबिना शहरको मानिस जीवित रहन सक्तैन, किनभने खानलाई चामल र सुख र सम्पत्ति पनि तिनीहरूसित हुँदैन । यसै कारणले हामीले आफ्नो ज्ञान र सम्पत्ति गाउँका मानिससित बाँडचुँड गर्नुपर्दछ । यसो गरेमा हामीबाट राष्ट्र र हामी आफैलाई पनि एकैसाथ मद्दत पुग्न गइरहेको हुन्छ, किनभने राष्ट्र भनेको नै सबै जनता मिली बनेको हुन्छ । जनतालाई मैले जस्तै मोटामोटी रूपमा विभाजन गरेमा, शहरका जनता र गाउँका जनता दुईवटा समूह मात्र हुनेछन् । मैले अब बताउन लागेको कथा अर्थात् किसान र गाउँका जनताको जीवनको कथामा नमज्जाको भावार्थ नआओस् भन्नानिमित्त म "गाउँले" (शब्दार्थ : शहरबाहिरका मानिसहरू) शब्दको सट्टा "ग्रामीण जनता" (शब्दार्थ : ग्रामीण क्षेत्रका जनता) भन्ने शब्द प्रयोग गर्दछु । देशको जनसंख्यामा बहुसंख्या ती किसान र ग्रामीण जनताको छ । खेतीपाती अर्थात् मानव-जातिको सबैभन्दा पुरानो र सबभन्दा व्यापक उद्योग गरेर देशलाई खाद्यान्नमा संवृद्धिशाली बनाउने समूह यिनैको छ ।

देशको नक्सा फुकाएर हेर्नुभयो भने त्यसमा स-साना गोल चक्काहरू खिचिएका देख्नुहुनेछ । ती चक्काहरू शहर हुन्– ती चक्काहरूका स्थानमा शहरहरू अवस्थित भएका हुन्छन् । ठुल्ठूला चक्काहरू ठुल्ठूला शहरहरू हुन् र स-साना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चक्काहरू स-साना शहरहरू। यी चक्काहरूको बाहिरको भाग शहरको बाहिरी क्षेत्र हो र त्यो क्षेत्र विशाल हुन्छ। मानिसहरू धेरै संख्यामा बसोबास गरेका शहरहरू लिएर एकै ठाउँमा राखी शहर नभएको क्षेत्रसँग तुलना गरेमा शहर भएको क्षेत्र शहर नभएको क्षेत्रभन्दा धेरै गुणा सानो भएको जोकोहीले पनि देख्न सक्नेछ। यी अ-शहरीक्षेत्रहरू वन-जंगल, पहाड-पर्वत्, खोलानाला र ताल-तलैयाको अतिरिक्त ग्रामीण जनताले प्राचीन कालदेखि आजसम्म बालीनाली लगाएर आफ्नो जीवन निर्वाहको लागि बनाएका फलोद्यान र बाग-बगैंचा तथा खेतहरू हुन्। आफ्नो जीवन निर्वाहको लागि प्रशस्त जमिनको उपयोग गर्नुपर्ने भएको हुनाले ग्रामीण जनताले विस्तृत क्षेत्रमा बसोबास गर्ने भएको कारणले ग्रामीण जनताहरू समूह-समूहमा बाँडिई अलग-अलग टाढा-टाढा बस्ने हुँदा मानिसको मनमा ग्रामीण जनसंख्या शहरी जनसंख्याभन्दा कम हुन्छ भन्ने लाग्न जान्छ। यथार्थमा सम्पूर्ण ग्रामीण जनतालाई एकत्रित गरी जम्मा गरेमा तिनीहरूको संख्या शहरका मानिसहरूको भन्दा नौ-दश गुणाले बढी हुन्छ। तिनीहरू देशका बहुसंख्यक जनता हुन्।

देशमा सबभन्दा ठूलो जनसंख्या ग्रामीण जनताको छ वा सबैले भन्ने गरेझैं देशको मेरुदण्ड हो भन्यौं भने कुरा साधारणतः यतिमै टुंगिन्छ। ग्रामीण जनताको बारेमा मानिसलाई जान्ने केही अभिरुचि हुँदैन, छ भने उसले जानेको यत्तिकै हुन्छ कि उनीहरूसँग जनसंख्याका केन्द्र भएका शहरहरूलाई खुवाउन पुग्दो गरी धान उत्पादन गर्न धेरै खेत हुन्छ। ग्रामीण जनताको जीवनको साथै तिनीहरूको र शहरको जनताका अवस्था, विश्वास र मनोविनोदको बीचको भिन्नताको सम्बन्धमा कसैको पनि त्यति साह्रो अभिरुचि भएको देखिंदैन, किन-कि यो प्रश्न सम्भवतः शहरी क्षेत्रमा मानिसलेभन्दा राम्रो कुनै पनि कुरा उपभोग गर्न नपाउने भएका ग्रामीण जनताको प्रश्न हो। ग्रामीण जनताको जुनसुकै पनि विचार र विश्वास पुरानो ढाँचाको हुनाका साथै समय-अनुरूप अपरिवर्तित भएर रहेको हुन्छ। यो सत्य हो तापनि बहुसंख्यक ग्रामीण जनता सानो-सानो समूहमा बस्छन् र शहरी क्षेत्रका जनता जस्तै ठुल्ठूला समूहहरूमा बस्तैनन्, किनकि वरिपरिका परिस्थितिहरूले उनीहरूलाई सीमांकित गरिदिने हुनाले कसैले पनि आफ्नो आँखा–कान खुला गर्नलाई अरू मानिसहरूसँगै परिचित हुने मौका पाएको हुँदैन। ग्रामीण जनताले विगतमा जे-जति काम गरी तिनमा विश्वास गरेर संतोषजनक परिणामहरू पाएका हुन्छन्, तिनीहरू तिनै कुराहरू गरी तिनैमा विश्वास गरी बस्छन्, सजिलैसित बदलिहाल्दैनन्। यो कुरा हामीहरूले आफू अभ्यस्त भएका औजारहरू मात्र सधैं प्रयोग गर्ने गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झैं हो। हामीले एक्कासि तिनीहरूलाई हटाएर नयाँ औजारहरू अपनाउन थाल्यौं भने हामीले मानौं मुख फर्काएजस्तो हुन्छ र हामीले आफूलाई समयानुकूल बनाउन समय पर्याप्त पाउँदैनौं। यस्तो परिवर्तनले ग्रामीण जनतालाई अन्योलमा पार्छ, किनकि नयाँ औजारहरूको प्रयोग जानिसक्नुअघि धेरैकालदेखि नै जानी आएको पुरातन औजारहरू नष्ट भएर गइसकेका हुन्छन्। यसको अर्थ अरू अझ राम्रो कुराको व्यवस्था नगरीकन भएका असल कुराहरूको विनाश गर्नु जस्तै हुन्छ, अनि भएको एउटा द्वार पनि टुटिसक्छ। यसै कारणले गर्दा ग्रामीण जनताहरूको प्रगति शीघ्रगामी हुँदैन। तिनीहरू आफैमा पुराना कुरालाई बदलेर नयाँ कुरा ल्याउने आँट हुँदैन। किनकि उनीहरू शहरका मानिस जस्ता हुँदैनन्। उनीहरूमा आत्म-विश्वास हुँदैन। शहरका मानिसहरूले अनेक प्रकारका कुराहरू देखेका हुन्छन् र छिटो-छिटो अगाडि बढ्छन् तर छिटो-छिटो हिंड्नाले तिनीहरूको पाइला कहीकहीं गलत पनि हुन्छ। यसैले भनिएको पनि छ, "अतीतकालदेखि वर्तमान कालसम्मको मानवको ज्ञानले, हामीलाई पछिको बारे भविष्यवाणी गर्नमा सघाउ पुऱ्याउनुको अतिरिक्त, पहिले पाएको अवस्थामाभन्दा अन्तमा हामी प्रत्येकले राम्रो गरी छोडी जानुपर्ने यस संसारप्रतिको कर्तव्य बोध गराउँछ।" (१)

खेतलाई ठीकठाक गर्नु

खेतीको बारेमा कुरा गर्नुभन्दा पहिले म धान–खेत भनेको के कस्तो हो त्यसको चर्चा गर्छु। खेत भनेको चेप्टो जग्गाको माटो हो जसको वरिपरि माटोको ढिस्काको ड्याङ लागेको हुन्छ जसले धानको बिरुवालाई पोषण गर्न चाहिने पानी थुनेर राखिदिन्छ। यसरी ड्याङहरूको साँध लागेको खेतलाई **आन्-ना** वा **कबिङ ना** वा **तबिङ ना** भन्दछन्। **नखअन् सीधम्मरात्** (गाउँका ठालू **नाइ खाऽउडको अर्को नाउँ**)**को नगर वृत्तान्त** जस्ता पुराना पुस्तकहरूमा खेतको वर्गविभाजकको रूपमा **तबिङ** शब्दको प्रयोग गरिएको छ। अक्सर गरी प्रत्येक खेत चारपाटे हुन्छ। क्षेत्र विभाजनअनुसार कुनै खेत ठूलो र कुनै सानो हुन्छ। अति नै ठूलो भएमा त्यसलाई धेरै दिन जोत्नुपर्ने हुन्छ। आसपासमा कतै पहाड, रूख, धाप वा नहर भएमा खेतको तल्लो भाग सधैं चारपाटे हुँदैन। यस्तो भागलाई नजोती त्यसै छोडिन्छ। त्यसो भनेर केही काम नलिई फाल्तू पनि राखिदैन। त्यसको आकारअनुसार वरिपरि आली बनाइन्छ। लाम्चो पातलो झण्डाको जस्तो आकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएको खेतलाई **ना सियउ** भन्छन्। एकातिरको किनारा लामो र सोझो छ र अर्कोतिरको बाङ्गोटिङ्गो छ भने लामो-सोझोचाहिं लाई **वायङ** र बाङगोलाई रूङ भन्छन्। अनि बाँकीको दुईतिरको किनारालाई **क्वाडन्** भन्छन्। यस किसिमको खेतलाई **ना रूङ वायङ** भन्छन्। तर आजकाल रूङ भन्ने शब्दले रूङ खेतको किनारा भन्ने बुझाउन थालेको छ। स–साना आली भएका खेतहरू पनि हुन्छन्। यस्ता खेत अक्सर होचा ठाउँहरूका बीउ रोप्ने खेत हुन्छन्। झरीको मौसममा यस्ता खेतहरूमा पानी धेरै समयसम्म टम्म भरिएर रहन्छ। पानी थुनिराख्न बलिया बाँध बनाइरहनु आवश्यक पर्दैन, थरीथरीका बीउहरू छर्न र मानिसहरू हिंड्न बाटोसम्म हुने गरी खण्ड-खण्ड छुट्याइदिए पुग्छ। गर्मी याममा चौथो तथा पाँचौं चान्द्रमासमा खेतहरू सुख्खा हुन्छन् र तिनमा एक थोपा पनि पानी हुँदैन। जता हेरे पनि धानको बोटका ठुटाहरूबाहेक केही देखिन्न। यस्ता ठुटाहरूलाई बालिदिने गर्ने हुनाले कहीकहीं लाइने काला काला धर्साहरू देखिने हुन्छन् र कहीं कहीं त बलिनैरहेका हुन्छन्। ती खेतहरूमा आकाश खेती हुने र बाढी आई मलदिने नदीबाट मलिलो माटो पाउन नसक्ने खालका भएकाले पराल बाली खरानी पारेर मल दिनको निमित्त खेतमा भएका धानका ठुटाहरूलाई सल्काउने चलन भएको हो।

खेतीमा प्रयोग हुने औजारहरू हलो र डल्लेंठो हुन् जुन सबैले देखेका कुरा हुन्। खेतीपातीको मौसममा खेतहरूमा गोरु वा भैंसीले पछिल्तिर मानिसले समातेको हलो घिसार्दै गरिरहेको अक्सर देखिन्छ। तपाईंले यस प्रकारको हलो देख्नुभएको हुनुपर्छ। यो हलो हाम्रो कम्मरसम्म आउने बाङ्गिएको एक टुक्रा काठ हो। यसको एक भागलाई **खान् चाम्** भन्छन् भने हलीले समात्ने छेउको टुप्पोलाई **हाङ चाम्** भन्छन्। यसको अर्को भागमा एउटा प्वाल हुन्छ। त्यो प्वाल **खान् चाङको** तल्लो भागसित जोड्न बनाइएको हो। **आयक नोअइसित** जोड्न हुने गरी यो घुमाउरो परेको हुन्छ। त्यसमा दुईटा डोरी बाँधिएका हुन्छन्। हलो तान्ने गोरु वा भैंसी यो भागको अलि परै हुन्छ। यो बाङ्गो काठलाई हलोको **खान्** भन्छन् भन्छन्। **आयक नोअइमा** बाँधिएको डोरीलाई **ख्लः** डोरी भन्छन्। हलोको पींधको भाग पानी र माटोमाथि बराबर देखिने गर्छ। हलो जोत्दै जाँदा हलोको अघिल्लो भागमा माटोको ढिक्को जम्न जान्छ। यो भाग आधामिटर जति लामो मोटो काठको टुक्रा हुन्छ। यसको अघिल्लो हिस्सा जुत्ता जस्तै मोडिएको हुन्छ। यसलाई "सुँगुर-टाउको" भन्दछन्। यसको माथिल्लो भाग माथिसम्म उठेको हुन्छ। यसले माटो काट्ने काम गर्छ। यसलाई "सुँगुर-टाउकोको धार" भन्दछन्। त्यस 'सुँगुर-टाउको'को टुप्पोमा हाम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हत्केलाभन्दा केही ठूलो त्रिकोणाकारको एक टुक्रा फलाम हुन्छ। यो फलाम काठको टुप्पामा जडिएको हुन्छ। यसको काम माटोलाई सुगम तरीकाले पल्टाउन सकियोस् भनी खनेर फोर्नु हो। त्यस फलामलाई हलोको **फायन्** भन्छन्। कुनै कुनै ठाउँमा यसलाई **पाक्हाङ** पनि भन्दछन्। हलो र डल्ला फोर्ने डल्लेंठो आफ्नो कामको लागि किसानहरू आफैं बनाउँछन्। **फायन्** फलाम मात्र किनेर ल्याउँछन्। यी कुराहरू किसानहरूले **फायन्**, चक्कू, कुटो (कूब), कोदाली **(सियम्)** आदि (२) फलामका विभिन्न उपकरणहरू बयलगाडामा राखेर व्यापार गर्न आउनेहरूसित किन्छन्। यी व्यापारीहरू लअइजस्ता प्रान्तहरूबाट आएका हुन्छन्, जहाँ मानिसहरू खानीबाट फलामको धाउ निकाली कामीको काम गरी जीविकोपार्जन गर्दछन्। तेस्रो चान्द्रमासको सुख्खा मौसममा नौ-नौ, दश-दश ओटा गाडाहरूको एक डफ्फा गरी महाजनहरू फलामका मालसामानहरू बयलगाडाहरूमा लादेर बिक्री गर्न गाउँ गाउँ घुम्ने गर्छन्। हरेक गाउँमा तिनीहरू रुक्छन् र सामान बेच्छन्। यी बयलगाडाहरू जम्मा भएको ठाउँमा गै किसानहरूले आफूलाई चाहिएको सामान खरीद गर्छन्। त्यस्तो ठाउँलाई "बयलगाडाको बिसौनी" भन्दछन्। यसको लागि हरेक प्रान्तमा एउटा निश्चित ठाउँ तोकिएको हुन्छ। एउटा गाउँमा बिक्री गर्न सकिएपछि व्यापारीहरू अर्को गाउँतिर लाग्छन्। सबै मालसामानहरूको बिक्री भैसकेपछि तिनीहरू आफूलाई मनपर्ने कुनै वस्तु देखेमा किन्छन् र फेरि बिक्री गर्नलाई वा आफ्नै कामको लागि लिएर जान्छन्। मैले यहाँ बयान गरेको कुरा पूर्वकालमा मानिसले गर्ने गरेको व्यापारको कुरा हो। पहिले पहिले व्यापार यस प्रकारले हुन्थ्यो– सामान ओसार्ने साधन त्यो बेला चाहे बयलगाडा होस् वा भारी बोक्ने पशु होस्, चाहे काँधमा बोकिने नोल वा जलमार्गमा चल्ने डुङ्गा होस्, एउटा गाउँमा आइपुगेपछि व्यापारी रोकिएर धेरै दिन बसी मालसामान बिक्री गर्थ्यो र सबै सामानको बिक्री नभएसम्म स्थिति-परिस्थिति हेरी ठाउँ-ठाउँमा घुम्दै गर्थ्यो। त्यसताका आजभोलि जस्तो मालसामान थोक-थोक खरीद गरेर पछि फेरि बिक्री गर्न लाने फौवन्जारको चलन थिएन।

खेतीपातीको काम चौथो चान्द्रमासको भिड्कने समयतिर शुरू हुन्छ भन्न सकिन्छ, कारण त्यसै वेलादेखि कृषकहरूले शुभ साइतमा हलो जोत्ने हलोहरू तथा डल्ला फोर्ने उपकरणहरू ठीकठाक गर्न शुरू गर्छन्। यो शुभ साइतको दिन चान्द्रमासको कुनै दिन पर्दछ। यो दिन मानिसहरूले बिजोरभन्दा जोरबार छान्ने गरेको देखिन्छ। यो शुभ साइतको दिन उनीहरू किताब (३) हेरी पत्ता लगाउँछन्। यो किताब आफूसँग नभएमा उनीहरू पैंचो लिएर आउँछन् र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसलाई कण्ठस्थ पा वा प्रतिलिपि उतार गर्ने गर्छन् अथवा जान्ने मान्छेसित सोध्ने पनि गर्छन् । यो किताब स्वभावतः ज्योतिषशास्त्रमा पोख्त भिक्षुहरूकहाँ हुने गर्छ र यसैले बौद्ध विहारहरूमा पाइने धेरै सम्भावना रहन्छ । लेखपढ गर्न सक्ने मान्छेले गएर थाई भाषाको ठ्यासफूवाट यसलाई उतार्दछ । यसप्रकार यो बारम्बार सारिन्छ । यो किताब पनि प्रेतात्माहरूको पूजा गर्ने विधि-विधान भएको किताबहरू तथा औषधोपचारसम्बन्धी किताबको वर्गमा पर्ने किताब हो । यसप्रकारका पुस्तकहरू जहाँतहीं पाइन्छन् र यिनलाई घरेलु पुस्तकहरू भन्दछन् । सरकारी पात्रो पाएमा गाउँलेहरूले साधारणतः त्यसमा दिइएको प्रथम हलो जोत्ने दिनलाई नै शुभदिनको रूपमा मान्ने गर्दछन् । साइतको हकमा किताबमा सो साइत घडी तथा पलामा दिइने हुनाले र पहिले-पहिलेको जमानाका किसानहरूसँग समय हेर्न घडी नहुने भएकोले साइत हेर्न त्यो वेला असजिलो हुन्थ्यो । त्यसैले तिनीहरूले कामको स्थिति हेरी समय विताउने, भारतीय विधिको प्रयोग गर्दथे । अर्थात् तिनीहरूले पाइला चाल्दै गई ती पाइलाको लमाइको संख्याको हिसाववाट छायाँको लमाइ नाप्ने गर्दथे । छायाँको लमाइ वराबरको जग्गा कुल्चिसक्न मानिसले आफ्नो पाउ कति पटक भूईंमा झार्नुपर्दछ त्यसको संख्या नै घामको चरणको संख्या मानिन्थ्यो । विहानी सूर्य भर्खर उदाएको वेला खुलेको सूर्यको प्रकाशमा देखिने छायाँ विहानीको दोस्रो प्रहरकोभन्दा लामो हुन्छ । मानिसहरू आफ्ना पाइलाहरूले आफ्नो छायाँ नाप्थे । यसो गर्दा जतिओटा पाइला चालिए उतिओटा घामका चरण हुन्थे ।

साइतको समय हुनुभन्दा अगाडि मानिसहरूले हलो जोत्ने साइत गर्ने भनी तोकिएको खेतको नजीकैको एक ठाउँमा आफ्नो आँखासम्मको अग्लो देवालय भनिने, खेतको इष्टदेवताको एउटा अस्थायी देवालय वनाउँथे । साथै पूजा गर्ने र चढाउने वस्तुहरू दुवै ठीक पार्दथे । यो आँखासम्मको अग्लो देवालय केही समयसम्म मात्र अस्थायी देवालयको रूपमा काम लिन पाइने गरी चाहिने जति मात्र बलियो गरी बनाइन्थ्यो । त्यसका खम्बाहरूको लागि हाम्रो आँखाको हाराहारीसम्म आउने जति अग्ला छः ओटा बाँसहरू ठड्याउँथे । ती छःओटा बाँसलाई अरू स-साना बाँसका टुक्राहरूले एक-अर्कासित जोडी तिनलाई लहराहरूले कसेर बाँधिदिन्थे । यसरी बनेको देवालय पूजाको सामान र चढाइने वस्तु मात्र राख्न पुग्ने, धेरै ठूलो आकारको नभएको, अग्लो चारपाटे आकारको हुन्थ्यो । त्यसको भूमिमा बाँसहरू लहरै बिछ्याएर राखिएका हुन्थे । यसरी बिछ्याइएका बाँसहरू कहिलेकहीं चिरा पारेर च्याप्टो पारी पनि राखिन्थे । मजबूत नभै हल्लिने भएमा बाँधेर कस्नको लागि लहराहरू अथवा बाँसका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लामो साँगुरा टुक्राहरू पनि प्रयोग गर्दथे । कीलाको त कुरै नगरे हुन्छ, त्यो वेला तिनीहरूसँग कीला हुँदैनथ्यो । यो सबै बयान त्यसताकाको चलन-अनुसारको सामान्य तरीकाको बयान हो । बाँस नपाइएमा त्यसको लागि अरू काठबाट पनि काम लिन सक्थे । सकेसम्म जे जस्तो होस्, आफूसँग भएको कुराबाट काम लिन्थे । देवतालाई चढाउने कुराहरूको बारे पनि यस्तै नै हो । आफूले जुन वेला जे खाने हो त्यही अथवा लोकउक्ति अनुसार चिंगडी सलाद वा माछाको सलाद चढाउँथे । भातचाहिं चढाउनु अनिवार्य थियो, छुटाउनु हुँदैनथ्यो । भात चढाउँदा भाँडामा माथिल्लो तहमा रहेको भाग चढाउनुपर्दथ्यो । चढाउनुपर्ने यी सब कुराहरू एउटा ढक्कीमा वा च्याप्टो केराका पातहरूमा राखेर चढाउँथे । चढाउने कुराहरू राख्ने भाँडाको रूपमा तिनीहरूले ढक्की वा केराका पातहरू मात्र प्रयोग गर्थे, देवी-देवताहरूलाई कुनै कुरा चढाउँदा पनि त्यसै गरिन्थ्यो । सम्भवतः यो चलन भारतबाट आएको हो । त्यहाँ उच्च जातका केही मानिसहरू अरू जातका मानिसहरूले प्रयोग गरेमा दूषित हुन सक्ने भाँडाहरूभन्दा केराका पातहरूलाई बढी शुद्ध र सफा मानेर त्यसैमा भात राखी खान रुचाउँछन् । शूद्र वा चण्डाल जस्ता तल्लो वर्गका व्यक्तिले प्रयोग गरिसकेको भाँडो प्रयोग गर्नु पाप मानिन्छ । यो पाप त्यस भाँडोलाई प्रयोग गर्ने व्यक्तिलाई लाग्न जान्छ । जनविश्वासअनुसार त्यस्तो भाँडोलाई जतिसुकै सफा गरी माझे तापनि त्यसको दाग जाँदैन । केराका पातहरू सफा र सुविधाजनक हुने हुनाले दुवै दृष्टिकोणले राम्रा छन् । प्रयोग गरिसकेपछि त्यसलाई मिल्काइदिए हुन्छ । हामी पनि त्यसलाई मन पराउँछौं किनकि त्यो सुविधाजनक छ । त्यसको एक मात्र बेफाइदा के छ भने हामीले असभ्य तरीकाले ठाउँ-कुठाउँको विचार नगरी जहाँ पायो उहाँ जूठो केराका पातहरू छरेर मिल्काउँछौं । पूजा गर्ने वस्तुहरूको हकमा, फूल, धूपबत्ती र मैनबत्तीहरू हुन्थे । धूपबत्तीको हकमा भने केही मुश्किल हुन्थ्यो । त्यसताका मानिसहरूलाई धूपबत्ती बनाउने विधि थाहा थिएन । किनेर ल्याउन पनि सजिलो थिएन, किनकि त्यो वेला त्यस्तो बत्ती बिक्री गर्ने ठाउँ थिएन । त्यसैले मानिसहरूले यसको लागि भिक्षुहरूको भर गर्नुपर्दथ्यो । आवश्यकताअनुसार उनीहरूसँग एक-दुईवटा धूपहरू मागेर ल्याउँथे । पूजा-आजामा प्रयोग गरिने मैनबत्तीहरू पाउन भने कठिन थिएन, किसानहरू आफै बनाउँथे । देशमा मौरीको मैन प्राप्त गर्न गाह्रो थिएन । जङ्गलमा धेरै मौरीका गुँड र चाका हुन्थे । अक्सर गरी स-साना शरीर भएका मिम् जातका मौरी पाइन्छन् । यिनीहरूको चाकालाई तताएपछि मैन निस्कन्छ । आफूसँग भएको र आफूले जोर्न सकेको कुराबाट पूजासामान बन्थ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संयोगले आफूसँग केही भएन भने पनि केही थिएन । खेतको देवताको ठाउँ भनी निश्चित चिन्ह भएको ठाउँ केही भएन र त्यस्तो पूजाआजा गरी चढाउनुपर्ने कुरा चढाउन बस्दा कहीं खाली रित्तो जस्तो मनमा लाग्न गएमा उनीहरू एक डल्लो माटो भूईं बाट टिपी त्यो ठाउँमा थपक्क राखेर त्यसैलाई नै देवताको स्थान मानेर पूजा गर्थे । पूजा गरी नैवेद्य आदि चढाउने समय भएपछि तिनीहरू "यस वर्ष हाम्रा खेतहरूमा बढी उब्जनी होस्, धान-चामल राम्रो होस्, काट्ने गँगटा वा टोक्ने कीराहरूको खतरा नहोस्" भनी प्रार्थना गर्दथे । यसरी पूजाआजा गरी चढाउने कुरा चढाइसकेपछि तिनीहरू खेत जोत्नतिर लाग्थे । खेत जोत्नको लागि पहिलो पटक हलो चलाउने विधि गर्ने पनि शुभघडी तोकिएको हुन्थ्यो । विधिपूर्वक पहिलो पटक हलो जोत्न एक घण्टा जति लाग्थ्यो । यसरी हलो जोत्ने काम सकिएपछि तिनीहरू मन लागे घर जान्थे र अरू केही गर्दैनथे । तिनीहरू घर फर्कंदा खेतको देवताको मन्दिरमा गई फर्के झैं गरी फर्कन्थे । धानको रोपाई शुरू गर्दा पनि त्यसरी नै पूजा गरी भोग चढाउने विधि गर्नु-पर्थ्यो । उत्तर-पूर्वका मानिसहरू खेतका देवतालाई भी ता हाय्क वा भी ता राय्क् भन्दछन् । कुखुराको बली चढाएर मनोकामना पूरा होस् भनी माग्ने पनि चलन छ । यो कुरा मैले अन्यत्र (मेरो 'भूतप्रेतमा विश्वास' भन्ने पुस्तकमा) बयान गरेको छु । कुनै कुनै ठाउँमा जस्तो कि अयुथया भन्ने जिल्लामा नै भनूँ, जहाँसम्म सोधपूछ गरी थाहा पाउन सकिएको छ तिनीहरूले चारवटा सेतो वा अरू कुनै पनि रंगका तीनकुने ध्वजाहरू बनाउँछन् र ती ध्वजालाई आफ्नो खेतहरूको उत्तरतिरको एक कुनामा ठड्याउँछन् । तिनीहरूले यी चार ध्वजाहरूलाई त्यहाँ चारतिर पारी ठड्याइसकेपछि भूईंमा थपक्क बसेर धान्य-देवी, पृथ्वीमाता र स्थान-देवतालाई सम्बोधन गर्दै आफूले रोप्न लागिरहेको धानबालीलाई धान-कीरा र गँगटा जस्ता हानिकारक प्राणीले कुनै पनि नोक्सान नगरून् भनी प्रार्थना गर्दछन् ।

परापूर्वकालमा जीविकाको प्रमुख स्रोतको रूपमा अन्नबालीमा निर्भर रहने मानिसहरूसँग रोपाईं गर्ने विषयको ज्ञान र अनुभव पनि थियो । कुन किसिमको अनाजलाई कुन किसिमको माटो उपयुक्त हुन्छ र उत्तम फल प्राप्त गर्नका लागि रोपाईं गर्ने बेलामा के गर्नुपर्छ र माटोलाई मल उपलब्ध गराउन के गर्ने भन्ने उनीहरू जान्दथे । यी कुराहरूमा ज्ञान र अनुभव भै हुनसम्म लगन र परिश्रमशील भए तापनि पहिले पहिलेका मानिसहरू मौसम तथा बालीनाली-मा लाग्ने कीरा-फटचाङ्ग्राका विषयमा विवश थिए । आफूले यसरी केही गर्न नसक्ने भएपछि कृषि कार्य सफल होस् भन्ना निमित्त परम्परादेखि चलिआएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विचार र आचारको भरले तन्त्रमन्त्रतिर लाग्नु स्वाभाविकै थियो। बाली नाश हुनु जतिको ठूलो आपत्ति केही नहुने हुनाले अधि-अघिका मानिसहरू खेतीलाई केही खतरा आइलाग्छ कि भनी डराउँथे। यसै डरले गर्दा उनीहरू भूतप्रेत तथा देवतालाई भोग-नैवेद्य चढाउने तथा बाली काटी थन्क्याएर चिन्तामुक्त नभएसम्म खेतीको हर चरणसँग सम्बन्धित विधिहरू पूरा गर्न बाध्य हुन्थे। यसै कारणले गर्दा विभिन्न जातीयताका मानिसहरूले प्रगति-उन्नति गरिसकेका-हरूले पनि, अहिले पनि पहिलेदेखि चलिआएको अनेकन् धार्मिक विधिहरू गर्ने गर्दछन्। यिनीहरू सबै पुराना विश्वास, व्यवहार र आचरणका प्रमाण हुन्। पहिले जस्तो आजकाल बराबर अनिकाल पर्ने नगरेको हुनाले यस्ता विश्वासहरू अब कम हुँदै गएर माथि बयान गरिए झैं पूजाआजा गरी खेतका देवतालाई प्रार्थना गर्ने काम त्यति नहुने भैंसके तापनि हलो जोत्ने कामको शुभारम्भ गर्नलाई साइत हेर्ने चलन अझ पनि छँदै छ, किनभने यसलाई महत्त्व-पूर्ण नै मानिएको छ। कोही कोही मानिसहरू आफैं ले साइत हेर्ने नगरे पनि अरू मानिसहरूले खास गरी गाउँका ठालू वा कोही त्यस्तै ठूला मानिसले हलो जोत्ने प्रारम्भ कहिले गर्छन् हेरेर त्यही अनुसार आफूले पनि हलो जोत्ने काम शुरु गर्दछन्। अलि होशियार र डर मान्ने मानिसहरू फूल, धूप र मैनबत्ती लिएर खेतको आलीको शिरानमा राखिदिन्छन्। परम्परानुसार नै देवताको अगाडि गर्नुपर्ने संकल्प बाँच्ने गर्छन्। यस्तो गर्ने मानिसहरू आजसम्म पनि छँदैछन्, यो कुरा उनीहरूको नसानसामा घुसेर रहेको छ र आफ्नो मनको सन्तोषको लागि केही न केही गरि नै रहन्छन्। साइत-बेसाइतको कुरामा विश्वास गर्ने विद्वान् मानिसहरू खेत जोत्ने काम शुरू गर्दा शुभ दिशातिर फर्केर गरियोस् भन्ने ख्याल गर्छन् र ज्योतिषशास्त्रमा बताइएबमोजिमको **भी लम्रङः ल्याउ लेक् थाक्कः थिन् र योम्खान्** जस्ता अशुभ दिशातिर नफर्कनमा होश पुऱ्याउँछन्। यसरी खेत जोत्ने कामको साइत गर्दा विधिको रूपमा तीन चक्कर मात्र जोत्ने गर्छन्। यसरी तीन चक्कर मात्र जोत्ने कारण शायद तीनको संख्यामा जादू हुन्छ भन्ने विचारले होला। कुनै कुनै स्थानमा कृषकको उमेर हेरी खेत जोत्ने कामको शुभारम्भ गर्ने भनी लेखिएका किताबहरू पनि पाइन्छन्। त्यस-अनुसार मूसाको वर्षमा जन्मेको किसानले आइतवारको दिन र वृष (साँढे)को वर्षमा जन्मेको किसानले बुधवारका दिन जोत्ने काम शुरु गर्नुपर्दछ।

यसरी जोत्ने कार्यको प्रारम्भिक विधि पूरा भएपछि खेतलाई त्यतिकै छोडेर हिड्छन्। पानी परी खेत जोत्नलाई उपयुक्त हुने गरी माटो पर्याप्त भिजेपछि मानिसहरू हलो जोत्ने सुरसार गर्छन्। जुन ठाउँमा पहिले साइत गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हलो चलाएको हो त्यहींबाट काम शुरु गर्दछन् । पानी नपरुन्जेल मानिसहरूले बीउ छर्नको लागि खनजोत गर्नुपर्ने हुन्छ । अर्थात् खेतको जुन भागमा बीउ रोप्ने हो त्यो ठाउँमा हलो जोत्दछन् । बीउ छर्नको लागि खनजोत गर्दा तिनीहरू अन्धविश्वासी भएमा यस्तो लाग्छ मूसाले टोक्ने वा चराचुरुङ्गीले धान टिपेर लाने दिनवारलाई छोडेर एउटा शुभ दिन छान्छन्, यी कुरा किताबहरूमा लेखिएको पाइन्छ । धान रोप्नलाई बीउ छर्ने खेतलाई धेरै खण्डमा बाँडी तयार पार्न सकिन्छ । एउटा खण्ड "माटो धान"को लागि हुन्छ । यो धानमा गेडा बिस्तारै लाग्छ । यो पाक्न र काट्न ठीक हुने चार महीना जति लाग्छ । यसैले यसलाई "चार-महीने धान" पनि भन्दछन् । अर्को खण्ड "मसिनो खालको धान"को लागि हुन्छ । त्यसमा दाना छिटो लाग्छ । यो धान पाकेर काट्न ठीक हुनलाई तीन महीना जति लाग्छ । यसैले यसलाई "तीन-महीने धान" भन्दछन् । कालो च्याट्च्याट् लाग्ने, सेतो च्याट्च्याट् लाग्ने जस्ता विभिन्न प्रकारका धानको बीउ छर्न अरू खण्डहरूको प्रबन्ध गरिन्छ । सबै किसिमका धानका बीउहरू एउटै खण्डमा पनि छर्न सकिन्छ । यसो गर्न बीचबीचमा खोल्साहरू खनेर खण्ड खण्ड छुट्टचाइन्छ । धानको बीउ छर्नको लागि नजीकै पानी पाइने ठाउँ छान्ने गर्छन् । यस्तो ठाउँ भएमा बिरुवा हुर्काउनलाई पानी सार्दै दिन सकिने हुन्छ । बीउको लागि छर्ने धान अघिल्ला साल नै छानेर छुट्टचाएर राखिएको हुन्छ । यो धान धान्यदेवीको धान हो । यो धान अघिल्लो साल बाली काट्ने समयमा देवताको आह्वान गरी खेतबाट जम्मा गरेर लिइराखिएको धानमध्येको हो । त्यो धानलाई सानो मान्छेको आकार आउने गरी पुतली बनाएर भकारीमा राखेका हुन्छन् । यसो गर्दा त्यसलाई रोप्न पर्ने अरू धानमा मिसाइदिन्छन् । बीउको लागि प्रयोग हुने धानमा ज्यान र मुटुको प्रादुर्भाव होस् भनी गरिने विधि गर्दा प्रयोग हुने धानमा यो धान देवीका धानको केही बालाहरू मात्र मिसाउने गर्दछन् । (धानदेवीसम्बन्धी मेरो कृति हेर्नुहोला) ।

धान छर्नको लागि त्यो धान पहिले एउटा ढक्कीमा राखी पानीमा भिजाउनुपर्छ । यसो गर्दा दानाहरू पानीमा तैरिएर माथि आउँछन्, यसरी तैरिने धान जति टिपेर फ्याँकिदिन्छन् । त्यसपछि बाँकी रहेको धानलाई पराल वा बाँस ओछ्याइएको अर्को ढक्कीमा खन्याइदिन्छन् । अनि त्यो धान नटुसाउन्जेल सुक्न नपाउने गरी अटुट रूपले त्यसमा पानी हाल्ने गर्छन् । यस्तो कार्यलाई **नखअन्** राछसीमा प्रदेशमा खाऽउ ताय्क् चअब् भन्दछन् । त्यसपछि त्यसलाई लगेर पहिले नै खोल्सा र आली बनाएर जोती ठीक पारिएको बीउ उमार्ने पाटामा लगेर रोप्दछन् । माटोले बनाइएको माथिल्लो भागमा सम्म पारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

च्याप्टो पारिएका आलीहरूलाई खोल्साहरूले छुट्याइएको हुन्छ । माथि बयान गरिएअनुसार धानका विभिन्न जातलाई छुट्याउने गरी पाटोलाई विभिन्न खण्डमा विभाजन गर्ने कामको अतिरिक्त यी खोल्साहरूलाई बीउ छर्दा हिंड्नको लागि बाटोको काममा पनि प्रयोग गरिन्छ । यसो भएपछि रोपेको बिरुवा कुल्चेर हिंड्नुपर्ने हुँदैन । यी खोल्साहरूले नहरको पनि काम गर्छन् । धानको बीउ रोप्नुअघि तिनीहरूले धान-देवीलाई धानवाली तयार गर्न उनैको धान रोप्न लागिरहेका हौं भनी जानकारी दिंदै ती देवीलाई धानका बिरुवाहरू मौलाएर सप्रियून् भनी कामना गरी सामान्य प्रकारले प्रार्थना गर्दछन् । त्यसपछि तिनीहरू धानको बीउ रोप्दछन्, यस कार्यलाई तूदकूला वा तोक्क्ला भन्छन् । बीउ रोपिसकेपछि तिनीहरूले रखवारी गर्नुपर्दछ । यसै समयमा जोडसित वर्षा भयो भने ती धानका बिरुवाहरूलाई खतरा हुन्छ । किनभने तिनीहरूले माटोमा राम्रोसित जरा गाडिसकेका हुँदैनन् । अर्को कुरा, तिनीहरूको खण्ड-विभाजन पनि भताभुङ्ग हुन्छ, अनि तिनीहरू सबै एकै ठाउँमा पर्न गै ह्याम्म पर्न जान्छन् । यसो हुन गएमा तिनीहरू राम्ररी बढ्न पाउँदैनन्, बिरुवाहरू पनि कुनै साना कुनै ठूला भई असमान साइजका हुन जान्छन् ।

खेत खनजोत गर्ने काम

बीउ छरिसकेपछि दुई–तीन रात पनि वर्षा नभएमा बिरुवाहरूले माटोमा जरा गाड्छन् । यसपछि ठूलो बर्षा भएमा पनि केही फरक पर्दैन, तर पनि राम्रो हेरविचार गरेर धेरै मात्रामा नभए पनि पानी उभाएर हालिरहनु पर्छ । आधा मीटर वा त्यो भन्दा बढी अग्लो भै रोप्न लैजान हुने नभएसम्म कृषकहरूले ती बीउहरूको रखवारी गरिरहन्छन् । ती बीउहरू अति नै लामो भएमा सारेर अरू ठाउँमा रोप्दा राम्रो हुँदैन किनभने तिनीहरू बलियो हुँदैनन् र धानका बिरुवा मौलाउँदैनन् । ठूलो भई बढेका धानका बिरुवाहरूलाई **खाऽउ क्ला काय् ताय्क ख्याय् नः काइ** (अर्थात् "कुखुराका खुट्टा जस्तै जोर्नी परेर हुर्केका बूढो बिरुवा") भन्छन् । तिनीहरू खेतमा चारैतिर व्यापक रूपमा छरेर रोपेको बिरुवा-समान हुन्छन् जो सारेर ल्याई रोपेका धानका बिरूवाभन्दा कम उत्पादनशील हुन्छन् । माटो राम्रो र मल यथेष्ट भएमा धानका बीउहरू पचासदेखि साठी दिनभित्रमा उखेलेर अर्को ठाउँमा रोप्न हुने आकारका भै हुर्कन्छन् । यसरी सारेर अरू ठाउँमा प्रत्यारोपण गर्ने मौका नपरी धेरै समयसम्म एकै ठाउँमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रही रहेमा यस्ता विरुवाहरूमा छिप्पिएर दाना त लाग्छन् तर त्यो बाली कम हुन्छ। धानका विरुवाका सबभन्दा ठूला शत्रुहरू पानी–चरा हुन्, उनीहरू धानका स–साना विरुवा खान असाध्य मन पराउँछन् र झुन्डका झुन्ड ओर्लन्छन्। धानका गेडाहरू हरियो पात भै निस्केर विरुवा हुने वित्तिकै यी चराहरू तल ओर्ली ठुँग्न मन पराउँछन्। उनीहरूले यसो गरेपछि एकै क्षणमा ती स–साना धानका विरुवाहरू सोत्तर परेर नाश हुन्छन्। यी दुष्ट चराहरू रातमा तल ओर्लेर खाने गर्छन् र आँखा खुला राखेर तिनीहरूमाथि निगरानी राख्ने उपाय नै हुँदैन। दिनमा आएर खाने गर्ने भए त बचावटको कुनै न कुनै उपाय गर्न सकिन्थ्यो। ती चराहरू असाध्य भयानक हुन्छन्। धानका स–साना विरुवाहरूको हेरविचार गरी बचावट गर्ने क्रममा खाल्टा खनेर पानी झिकी ती कलिला विरुवाहरू भएका ब्याडमा अनवरत रूपमा पानी बग्न दिएर हुर्कनलाई ताजापानी जुटाई दिने काम पनि गर्नु पर्दछ। यो काम आइमाईहरूको हो किनकि लोग्ने मान्छेहरू खनजोत गर्ने र डल्ला फोर्ने काममै व्यस्त रहन्छन्। तपाईंले खेतहरूमा धानका स–साना विरुवाहरू देख्नुभएकै होला। तिनीहरू खेतमा ताजा हल्का हरियो रङ्गका, आकर्षक र आँखालाई आनन्द दिने चाकलाका रूपमा देखिन्छन्। एक–चौथाइ मिटर वा त्योभन्दा बढी अग्लो भएपछि बिहानी पखको स्वच्छ वातावरणमा मिहीन हावाको झोका चल्दछ र ती साना धानका विरुवाका टुप्पाहरू फर्फर गरेर भर्खर उदाएको सूर्यको स्वागत गर्दै नर्तकीहरूको झैं सुन्दर तालमा झुल्दै हल्लिन्छन्। त्यसमाथि पनि सिमसिम वर्षा भइरहेमा त्यो वेलाको दृश्य अझ बढी आनन्ददायी र सुखद हुन जान्छ। पहिले कृषक भै अब नभै सक्नु भएका तपाईंहरूमध्ये कसैले विगत कालमा यस्तो कहिल्यै महसूस गर्नुभएको र देख्नुभएको छ कि ? खेती कर्म छोडेर जुनसुकै कारणले शहरमा बस्न आउनुभएको भए पनि तपाईंले यस प्रकारको प्राकृतिक दृश्य शहरमा कहिल्यै देख्नुभएको छ कि ?

धानका विरुवाहरू जबसम्म सार्न हुने गरी हुर्किसकेका हुँदैनन् त्यो वेलासम्म मानिसहरू बिहान बिहान सबेरै उठ्ने गर्छन्। खेतहरू धेरै टाढा भएमा तिनीहरूले जुवा, हलो, चक्कू, कुटो, कोदालो आदि काँधमा बोकेर खनजोतको लागि गोरु वा भैंसीहरूलाई अघि अघि लगाउँदै बिहान चारबजेतिरै घरबाट निस्कनुपर्दछ। आफैले यी सामान नबोक्ने भएमा गोरु तथा भैंसीलाई बोक्न लगाउन सक्तछन्। अरू खेत जोत्नुभन्दा पहिले कुन ठाउँमा अगाडि जोत्ने साइत गरेको हो सबभन्दा पहिले त्यही ठाउँमा नै खनजोत गर्ने काम थाल्दछन्। यस वेलाको खनजोतको लागि शुभ घडी हुँदैन। तिनीहरू सीमांकित गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ङान्को साँधै साँध एक चक्राकार वृत्तमा दाः जोत गर्छन् । (पहिलो बाजि सम्पूर्ण क्षेत्र जोत्नुलाई थाई भाषामा दाः भन्छन् । कुनै एउटा खेत दुई भाग अर्थात् दुई ङान्मा विभाजित भएको छ भने जोत्ने काम पनि दुई अलग अलग समयमा गर्दछन् । एक ङान्मा बिहान जोत्ने गर्दछन् भने त्यो सकिएपछि दोस्रो ङान् जोत्ने काम मध्यान्हमा गर्छन् । कुनै खेत ठूलो फैलिएको छ भने त्यसलाई चार ङान्मा पनि विभाजित गर्न सक्छन् । तिनीहरूको अक्सर आपसमा कुरा गर्दै, "यस खेतमा कति ङान् जोत लाग्ला ?" भनी सोध्ने चलन छ । त्यसको उत्तर "चार ङान् लाग्ला कि" भन्ने हुन्छ। यसबाट चर्चा भएको खेत ज्यादै विस्तृत र त्यसको सम्पूर्ण क्षेत्र जोती सिध्याउन पालै पालो गरी चार पटक जोत्नुपर्ने हुन्छ भन्ने देखिन्छ। पहिलोपालि जोत्दा तिनीहरूले एक कुनादेखि अर्को कुनासम्म खेतको आलीको सिरानबाट सीधा जोत्दै जान्छन् । खेतको आलीलाई दायाँ बगलमा पारेर जोत्दै जाँदा जोतिएको माटोको डचाङ हलरेखाको सम्पूर्ण लमाइभरि पर्दछ । पुछारको नजीक पुगेपछि भैंसीहरूलाई सघाउ पुऱ्याउनका निमित्त हलो उचाल्दछन् र खेतको पुछारमा भैंसीहरूलाई बायाँतर्फ मोड्छन् । यसलाई फिय्न् हान् ठाइ, त्याउ हुवन् ङान भन्दछन् । यसको अर्थ हो– एक लहर खनजोत कार्य पूरा भयो । त्यसपछि फेरि जोत्दै गएर ङान्को अन्त्यसम्म पुगेपछि हलोलाई सीधा अर्कोतर्फ फर्काउँदछन् । त्यसपछि पुछारबाट पारि जोत्दै गएर र पहिले शुरु गरेकै स्थानमा आइपुग्छन् । यति भएपछि तिनीहरूले ङान्को बाहिरी किनाराको खनजोत सकेका हुन्छन् र अनि पहिलो लहरको भित्री भागका नयाँ लहरहरू जोत्न थाल्छन् । ती लहरहरू सानो सानो हुँदै बीचसम्म पुग्छन् । यति भएपछि ङान् पूरा हुन्छ र तिनीहरू एकछिन आराम गर्छन् । अर्को पालीमा तिनीहरू दोस्रो ङान् प्रारम्भ गर्दछन् । दुवै ङान् पूरा भएपछि एउटा खेत जोत्न सकिन्छ । त्यति भएपछि तिनीहरूले खेतको आलीलाई बायाँपट्टि पारेर त्यो सँगैको भागमा दुई तीन चक्कर जोत्नुपर्दछ किनभने पहिले तिनीहरूले जोत्दा खेतको आलीलाई दायाँतर्फ पारेर जोतेका थिए । फलामे टुप्पो (सुँगुर टाउको) मा जडिएको फालीको शीर्षस्थ भाग बायाँतर्फ मोडिएर दायाँतर्फकोभन्दा बायाँतर्फको माटोलाई बढी मात्रामा काट्दछ, यसरी खेतको आलीसँगको बायाँतर्फको माटोलाई हलोले पूर्ण रूपमा काटोस् भन्ना निमित्त खेतको आलीलाई बायाँतिर पारेर हलो जोत्नुपर्दछ । क्षेत्रफलको भाषामा एक राज भन्नाले चार ङान् हुन्छ, सम्भवतः यो शब्द ङान् अर्थात् खेत जोत्ने कार्यमा लाग्ने समयान्तरबाट आएको हुनुपर्दछ । हलो जोत्ने समयमा हलोले माटोलाई फुटाएर चपरी पल्टाउने बेलामा स-साना राता धेरै गँडेउलाहरू पनि माथि देखापर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आउँछन् । यस प्रकारका गँडेउलाहरूलाई खेतमा हुने गँडेउला भन्दछन् । यी गँडेउलालाई खान थाई मैना चराका बथानका बथान तल ओर्लिन लागेका देखिन्छन् । यी चराहरू शान्तसित चर्छन् किनकि तिनीहरूको मासु नमिठो हुनुको साथै तिनीहरू फोहरी सम्झिने हुनाले मानिसहरूले तिनीहरूलाई केही गर्दैनन्, यसकारण ती चराहरू खतराबाट मुक्त रहन्छन् ।

हलो जोत्ने काम बिहान सबेरैदेखि चल्न थाल्छ। दश बजेतिर अर्थात् थाय्त् नुङ फेन्मा (तिनीहरूसंग समय हेर्ने घड़ी हुँदैन सूर्यको छायाँ अथवा आफ्नै भोको पेटको स्थिति हेरी समय थाहा पाउँछन्) आराम लिनको लागि काम रोक्छन् । भैंसी वा गोरुलाई पनि थकाइ मार्न दिन जुवा फुकाइदिएर पराल खान दिन्छन्। मानिसहरू भात खान्छन्, यसलाई बिहानीको भात खाने भन्न सकिन्छ। पहिलेको बोलीमा भन्ने हो भने ङान् खाने भनिन्छ, किनकि बिहान उठेर कुल्ला गरेर हातमुख धोएदेखि एउटा चुरोट सल्काउन र, पान खाने मान्छे, एक बीरा पान, चपाउनु बाहेक तिनीहरूले केही पनि खाएका हुँदैनन् । तिनीहरूमा सूर्तीको बट्टा, एक टुक्रा चकमक र एक टुक्रा फलाम नभएको कोही हुँदैन । सूर्तीको बट्टा अक्सर पाकेका गुलिया ताडको फलको भित्री खवटाको बनाइएको हुन्छ । यी वस्तुहरू सधैं तिनीहरूको साथमा रहन्छन् । तिनीहरू पान खाने भएमा तिनीहरूका श्रीमतीहरूले पान र सुपारी तयार पारेर बट्टामा राखिदिन्छन् । यी वस्तुहरूलाई तिनीहरूले आफ्नो फा खाऽउमाः मा पोको पारेर कम्मरमा बाँध्छन् । अथवा ती पानको बट्टा, सूर्तीको बट्टा र अन्य वस्तुहरूलाई एउटा तीनकुने कपडाको थैलीमा हालेर बाँध्छन् । कुनै कुनै ठाउँमा हलो जोत्ने काम बिहानै हुन्छ र बिहानीको दोस्रो प्रहरमा खाना खानलाई रोकिन्छ । त्यसपछि फेरि फेन् (अर्थात् एघार बजे) सम्म जोतेर थाम्छन् । यसरी सधैं जसो कृषकहरूले बिहानको भात वा फ्रलाउ ङाइ बिहानको दोस्रो प्रहरमा खाने गर्छन् । त्यसकारण मध्यान्हमा खानेकुरा खाने चलन छैन, त्यसपछि तिनीहरूको खाना बेलुका गएर मात्र हुन्छ । खानेकुरा तयार पारेर खेतमा पठाउने काम घरमा बस्नेहरूको हुन्छ । मौका परेमा तिनीहरूले कहिलेकहीं काँचो माछा पनि फेला पार्छन् र खुर्सानीको अचारसँग खान्छन् । खाँदाखेरि तिनीहरू घामको तातोबाट बच्न पाइने छहारी दिने कुनै ठूलो रूख भएको ठाउँ छानेर खेतको आलीको सिरानी वा जहाँ सुविधा हुन्छ त्यहाँ थचक्क बसेर खान्छन् । यसै कारणले ठूलठूला रूखहरू कतै छन् भने शहरमा जस्तै बेकारको भन्दै त्यसै काट्ने गर्दैनन्, रूख भएको ठाउँलाई तिनीहरू बस्न तथा लेट्न हुने गरी समथर र सफा पारी बढाएर सुरक्षितसाथ राख्ने गर्छन् । यस किसिमको शीतल छहारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएका ठूलठूला रूखहरूका फेदहरूमा मध्यान्हको सूर्यको गर्मी, देखिने गरी, अत्यन्त चर्को भएमा तथा हावा समय-समयमा सुसाउने गरेमा अथवा वातावरण नै शान्त भै कुनै कुराको कुनै पनि आवाज नसुनिने भएमा मान्छेलाई सुनसान एकान्तको अनुभव भई एउटा चटाई ओछ्याएर आरामपूर्वक उत्तानो परी लेट्न मन लाग्ने हुन्छ। ठीक यही नै कुराले "रूखहरूको छहारी छानाहरूको बलेसी" भन्ने थाई उक्तिको उत्पत्ति भएको हो, कृषकहरूको लागि भने घाम ताप भोगेर थकाइले चुर भएको भए तापनि यसरी आरामसाथ थकाइ मार्ने अवसर हुँदैन किनभने तिनीहरूले गर्नुपर्ने कामहरू अरू धेरै हुन्छन्। खाना खाइसकेपछि तिनीहरूले भाँडाकुँडा टोकरीमा राखी त्यसलाई खेतको सिरानीमा भएको एउटा रूखको हाँगामा झुण्ड्याइदिन्छन्। त्यसपछि तिनीहरू निस्केर खेतको निरीक्षण गर्दछन्। खेतमा कतै बाक्लो घाँस उम्रिरहेको देखे भने त्यसलाई काटिदिन्छन्। खेतका आलीमा अप्ठ्यारो पर्ने गरी झारपात उम्रिरहेको भएमा त्यसलाई पनि काटिदिन्छन्। खेतका आलीहरू भत्किएका वा डुबेका ठाउँमा त्यसलाई टाल्ने वा माटोले उठाइदिने गर्छन्। जमीनको संरक्षण गरी उन्नत बनाउने काममा तिनीहरू हर्दम सजग भैरहन्छन्। कुनै कुनै ठाउँमा खेतहरू फाँटका फाँट खुला हुन्छन् र आराम गर्नको लागि ओत दिने ठूलठूला रूखहरू नजीकै कुनै पाउन नसकिने वा असुविधाजनक हुन्छ। यस्तो ठाउँमा ओत लाग्न तिनीहरूले कुनै अस्थायी छाप्रो वा टहरो पनि बनाउन सक्तछन्। शुरुमा खेतमा बनाइने यस प्रकारको टहरोलाई थाई भाषामा छियङ नाः वा अपभ्रंश रूपमा छियन् नाः भन्थे। यस्ता टहराहरू कहिलेकाहीं बनाउँदा जमिन अग्लो पारेर मुन्तिरको भाग खुला राखी स्थायी रूपको हुनें गरी बनाउने गर्छन्। यस हिसाबले बनाइने भएकोले तिनीहरू सम्भवतः खेतीको मौसमभरि कृषि-आवासको रूपमा प्रयोग गरिन्छ होला।

आराम गर्न र घाँस तथा पराल खानलाई फुकाइने गोरु र भैंसीहरूको हकमा तिनीहरूलाई खानको लागि त्यसै एक्लै छोड्ने गरिदैन। नाकले सुँघ्दै सुँघ्दै टाढा टाढा गएर घाँस खानलाई तिनीहरूलाई यसरी छाडा छोडेमा तिनीहरूलाई सजिलैसित चोरले चोरेर लैजान सक्तछ। गोरु र भैंसीको हेरविचार गर्न अति आवश्यक छ। किनकि कृषि कार्यको लागि तिनीहरू शक्तिको महत्त्वपूर्ण स्रोत हुन् र यसै कारण दुष्कर्मीहरू तिनीहरूलाई चोरेर लैजाने दाउमा बसिरहेका हुन्छन्। यसैले गोरु र भैंसीहरूलाई घाँस खानका लागि फुकाइदिंदा गोठालो लाग्ने एक जना मान्छे हुनुपर्दछ। यो काम केटाकेटीहरूलाई दिइन्छ। केटाकेटीहरूले धेरै घरका गोरु र भैंसीहरू एकै बथान गरेर चराउँछन्, कहिलेकाहीं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक बथानमा दशौं पनि पुग्न जान्छ । यी केटा-केटीलाई गोरु-गोठाला तथा भैंसी-गोठाला भन्दछन् र यिनीहरू कस्ता हुन्छन् भन्ने कुरा सबैलाई थाहा छ । उनीहरू सारै नै उरन्ठ्याउला हुन्छन् र खेलकूदमा अति नै गर्न पुग्छन् । कतै रूख भएमा चढेर घस्रेर माथिसम्म पुग्छन् । कहिलेकहीं ज्याउँकीरी जुधाउने खेल खेल्छन् भने कहिलेकाहीं भने खोपी खेल्छन् । खोपी खेल्नलाई पैसाको सट्टा के प्रयोग गर्छन् थाहा छ ? उनीहरू खेतखेतमा जताततै पाइने ठूलठूला शंखेकीराको खबटाहरूको प्रयोग गर्दछन् । तिनले खोपी खेल्ने पैसा यिनै हुन् । यसभन्दा पनि नराम्रो त खेतीको याममा जब ठूलठूला शंखेकीराहरू पाइन्छन् तिनीहरूले ती कीराहरूलाई पोलेर खाने गर्छन् । झै-झगडा र मारपीट गर्ने कुरा त नगरे पनि भयो । यस्तो कुरा त बराबर भइ नै रहन्छन् । ज्याउँकीरीको हकमा शहरमा केटाकेटीलाई एउटैमात्र प्राप्त गर्न पनि ठूलो मुश्किल हुन्छ, एउटा ज्याउँकीरी पनि धेरै सताङ तिरेर अरूसँग लिनुपर्दछ भने खेतमा ज्याउँकीरीको याममा ज्याउँकीरीहरू प्रशस्त हुन्छन् र तिनीहरू सजिलैसित पाउन सकिन्छ, सुकेको घाँसलाई पन्छाउनु मात्र पर्छ, एक पटकमा नौ नौ वा दश दशवटा ज्याउँकीरीहरू फेला पार्न सकिन्छ । भैंसी-गोठालाहरू यस प्रकार अति नै उरन्ठ्याउला भै रखवारी गर्नु भन्दा बढी खेल्नमा मन लगाउने भएका हुनाले भैंसीहरू चराउने कुरामा तिनीहरू माथि कत्तिको विश्वास गर्न सकिन्छ विचारणीय कुरा छ । तिनीहरू जस्तोलाई विश्वास गर्नुको माने घर बनाउने काममा केटाकेटीलाई सरिक गराउनु बराबर हो । (गम्भीर विषयहरूमा उरन्ठ्याउला केटाहरूका लागि प्रयोग गरिने यो एउटा थाई लोकोक्ति हो) । त्यसकारण अक्सर गरी चार-पाँच जना वयस्कहरूले फुर्सद पाउनासाथै गएर त्यो कामको जिम्मा लिने गर्छन् । यथार्थमा गोरु र भैंसीको गोठाला लाग्ने केटाकेटीहरू तल्लो-माथिल्लो जुनसुकै वर्गका भए पनि बौद्ध विहारका ठिटा वा अन्य समूहका केटाहरूजस्तै हुन्छन् । जमातमा मिलेर खेल्ने छूट पाएपछि सबै केटाहरू एकसमान हुन्छन्, स्वभावैले उरन्ठ्याउला हुन्छन् कारण केटाहरू केटाहरू नै हुन्छन्, वयस्क हुँदैनन् ।

मध्यान्हको बेला भै घाम ओलिन थालेपछि दुईबजेतिर, ठिटाहरूले भैंसीलाई फर्काएर ल्याएपछि दोस्रो पालिको डाङ्को हलो जोत्ने काम प्रारम्भ हुन्छ । (जोत्नलाई गोरुहरूको प्रयोग गर्ने हो भने बिहानीपख मात्र गर्ने गर्छन्, मध्यान्हको दोस्रो प्रहरमा ती गोरुहरूलाई फुकाइदिई तिनीहरूलाई हलो जोत्ने काममा लगाउँदैनन् । किनभने गोरुहरूमा त्यति साह्रो काम गर्ने शक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदैन ।) तिनीहरू सूर्य धेरै तल नढल्किएसम्म अर्थात् करीब चार बजेसम्म खनजोत गर्दछन् र भैंसीहरूलाई थकाइ मार्ने अर्को फुर्सद दिने गरी हलो फुस्काइदिन्छन् । दिनको यस समयलाई बाउइ ख्वाउइ (शब्दार्थ, "भैंसीको मध्यान्हको दोस्रो प्रहर") भन्दछन् । त्यसपछि भैंसीहरूलाई त्यस दिनको आफ्नो काम सकियो भन्ने थाहा हुन्छ । तिनीहरू सीधा हिलो-पानी भएको स्थानतिर लम्कन्छन् र तातो घाममा काम गरी आएको हुनाले आनन्दसाथ आफ्नो शरीर भिजाउँछन् । हिलो-पानीबाट निस्केपछि तिनीहरूले घाँस खान थाल्छन्, बिस्तार बिस्तारै हिँड्दै खाँदै गर्छन् । साँझ परेपछि तिनीहरू आफ्नो टाउको घरतर्फ मोड्छन् । तिनीहरूलाई आफ्नो घरको सम्झना असाध्य राम्रो हुन्छ, बाटो छलिएर धेरै टाढा पुगे पनि कसैले बाँधेर नराखेमा तिनीहरूलाई आफ्नो घर जाने बाटो थाहा हुन्छ । घर आइपुगेपछि तिनीहरू आफ्ना गोठ-भित्र आफै पस्दछन्, कसैले पनि तिनलाई भित्र हुल्नुपर्दैन । गोरु तथा भैंसी-हरूलाई यस किसिमले आराम गर्नका लागि छोडिदिनु आवश्यक हुन्छ, होइन भने, उनीहरू कामको भार थाम्न सक्तैनन् र दीर्घरूपमा सुस्त हुँदै दुब्ला पातला भएर जान्छन्, अनि जीवनपर्यन्त उपयोगमूलक हुँदैनन् । भैंसीहरूलाई घाँस खानका लागि छोडिदिने बेला रात पर्नलाई अझ केही समय बाँकी भएको हुन्छ, त्यसबेला कृषकहरू माछा खोज्ने, माछाको जाल हाल्ने, साग-पातहरू जम्मा गर्ने दाउरा चिर्ने आदि आफूसंग जे छ त्यही अनुसार गर्न थाल्छन् । यी कुराहरू तिनीहरू आफैले बोकी वा भैंसीको पिठ्यूँमा लादेर घर लिएर जान्छन् । साँझपख सूर्य धेरै तल पुगेपछि आराम गर्नका निमित्त आफू हरू भैंसीको पिठ्यूँमा बसेर तिनीहरूलाई खेतैखेत घरतर्फ लस्किन दिई मतापमा हिंड्न लगाउँछन् । त्यसबेला बराबर मन्द मन्द हावा चल्छ र मनलाई आनन्दित पार्छ । यसले गर्दा थकाइ पूर्णरूपमा हराउँछ र मन पनि क्षितिजसम्म विस्तीर्ण भएका फाँटहरू झैं निर्बाध र निर्मल हुन्छ । उनीहरू भैंसीको पिठ्यूंमा बसेर बाटोभरि एक तालले गाउँदै जान्छन् । यस्तो साँझको बेलाको जस्तो कृषकहरूको सुख र संतुष्टि अरू कुनै बेला पनि हुँदैन । यो कुरा कुनै बेला कृषक भैंसकेको मानिसको विगतको अनुभवबाट बताइएको हो । दुःख, कष्ट र पीरहरूलाई बिर्सी एकनिमेषको लागि मात्र भए पनि सुख र सन्तोष प्राप्त गरेको बेलाको सच्चा जीवन त्यो बेलाको हुन्छ जब ऊ परिश्रमपूर्ण दिनभरिको कार्य सकी अघि भने झैं भैंसी चढेर आनन्द-संग गाउनमा मग्न हुन्छ । चउर र खेतका फाँटहरू, जंगल तथा पहाडहरू, भैंसी चढ्दै बाँसुरी बजाउनु आदि यस्ता कुरा हुन् जसलाई चिनीयाहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानवमात्रले खोज्नुपर्ने सुख, शान्ति र सन्तुष्टिका आदर्श मान्दछन् । कृषक हरूसंग यी कुराहरू अति नै हुन्छन् र यसैले तडकभडक तथा ऐश-आराम बाहेक अरू केही नभएको शहरमा आउन चाहन्छन् तर सुख र शान्ति भने त्यहाँ मुश्किलै मात्र पाइने हुन्छ ।

माथि भने झैं प्रथम पटक हलो जोत्ने कार्यलाई दाः हलो जोताइ भनिन्छ; यो जोताइमा माटोलाई पल्टाएर ड्याङ पार्ने कार्य हुन्छ । हलो जोतिसकेपछि घाँसलाई कुह्याएर मल बनाउनको लागि धेरै दिनसम्म त्यत्तिकै छोडिदिन्छन् । यस प्रकार तिनीहरूले प्रत्येक खेत जोत्दछन्, त्यसै छोडिदिन्छन् र फेरि जोत्न फर्कन्छन् । यसलाई प्रनङ अर्थात् शब्दार्थमा "पल्टाउने" हलो जोताइ भनिन्छ । यसरी पछि आएर फेरि हलो जोत्दा अगाडि जोतेर पल्टाइएको माटोमा ड्याँगहरूलाई पुनः सुल्टो पार्ने कार्य हुन्छ । माटोलाई खुकुलो बनाउनको लागि यसो गरिन्छ । दाः र प्रनङ दुवै किसिमको जोताइको लागि खेतमा पर्याप्त मात्रामा पानी हुनुपर्दछ भन्ने छैन । पानी धेरै भएमा हलरेखा देख्न सकिदैन र त्यसमा फेरि जोत्न पुगिने वा त्यसको सोझोपनलाई बाङ्गो पार्ने काम हुन जान सक्तछ । यस स्थितिमा हलोको पाताले केही माटोलाई काट्ने र केही नकाट्ने हुन गै डल्ला फोर्ने र बिरुवा सार्ने काममा बाधा पुग्न जाने हुन्छ । यो बयान गरिएको कुरा दुई पटक हलो जोत्नका लागि पर्याप्त समय रहँदा हुने कुरा हो । समयमा नै सिध्याउन नसक्ने भएमा खालि दाः जोताइ गर्ने र अनि डल्ला फोर्ने काम गरिन्छ, प्रनङ अर्थात् दोस्रो पटकको जोताइ गरिदैन तर यस्तो भएमा धान रोपाईं पूर्ण मात्रामा उत्पादनशील हुँदैन किनकि घाँस ताजा नै रहेको हुन्छ कुहिएर मल बन्ने समय पाएको हुँदैन । यदि कुनै खेत बीउ सार्ने खेत नभै बीउ रोप्ने खेत रहेछ भने त्यसमा पहिले नै हलो जोत्ने कार्य हुँदैन, त्यसमा खालि धान छर्ने काम हुन्छ र अनि त्यसमा प्रथम पटकको दाः जोताइ मात्र गरेर मुन्तिर जोत्ने काम हुन्छ । तर खेतमा प्रशस्त घाँस रहेछ भने त पहिले नै दाः जोताइ गर्नुपर्छ । यसरी जोत्ने काम सबै घाँस उखेल्नका लागि गरिन्छ अनि बीउ छरिन्छ र छरिसकेपछि जमिनमुनि घुसाउनलाई फेरि जोत्ने गरिन्छ । बीउ छर्ने खेतलाई यसरी एक पटक मात्र जमिनमुनि जोत्ने गरेमा अक्सर धानका बिरुवाहरूसँग घाँस र झारपातहरू उम्रने हुन्छन् । यी झार-पातहरू मुख्य रूपमा Triumfetta bartramia, Cyperus rotundus र sod Kathiam हुन्छन् । यी झारपातहरू धानको बिरुवाको बीचमा केही हदसम्म उम्रेमा रेखदेख गरेर तिनीहरूलाई बराबर उखेलिरहने गर्नुपर्दछ ।

हामीले चलाई आएका हलोको सट्टा पश्चिमी मुलुकहरूमा प्रयोग हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्ता फलामे हलो प्रयोग गरेमा परापूर्वकालदेखि चलाई आई कहिल्यै पनि कुनै पनि अदल-बदल वा सुधार गरिएका पुराना हलोबाट भन्दा राम्रो र छिटो फल पाउने थियौं भन्ने कुरा यदाकदा सुनिन्छ। कारणमा के भनिन्छ भने पश्चिमेली हलोहरू अति नै गह्रौं हुन्छन् र गोरु तथा भैंसीहरूलाई तानेर लैजान बडो मुश्किल पर्दछ, साथै तिनबाट माटो खन्दा गहिरोसम्म खनिन्छ। अर्को कुरा, ती हलोहरू स्थानीय हलोभन्दा महंगो हुन्छन्, कृषकहरूसंग साधारणतः ती हलो किनेर प्रयोग गर्न पुग्दो पैसा हुंदैन। यो तथ्य कुरा हो, तर अर्को पनि तथ्य छ, त्यो के हो भने विगत कालमा जे भए–गरेको छ त्यसबाट जे-जस्तो देखिने परिणाम निस्केको छ, जुन सामान्यतः कुनै अवगुण वा बेफाइदाहरू प्रत्यक्ष नभई धेरै कालदेखि चलनचल्तीमा आइरहेको छ, त्यस्तो कुराहरूको सम्बन्धमा कृषकहरूले परिवर्तन नचाहनु सामान्य कुरो हुन्छ, किनकि परिवर्तन गरेमा अपेक्षित फाइदा हुन्छन् हुंदैनन् भन्ने कुरा निश्चित नहुनाले तिनीहरू नयाँ कुराहरूमा आस्था राख्दैनन्। इच्छा गरेको कुरा पूरा नभएमा तिनीहरू आपदमा पर्ने हुन्छन् र यसैले असलै हुन्छ भन्ने कुराको पुष्टि कुनै व्यक्तिको कार्यबाट प्राप्त नभएसम्म बानी नपरेका कुरामा परिवर्तन गर्ने आँट गर्नुभन्दा बरु तिनीहरू पहिलेदेखि जो-जस्तो भै गरिआएको हो त्यही नै गर्न रूचाउंछन्। कसैले गरेको कामबाट राम्रो परिणाम निस्केको देखेपछि मात्र तिनीहरू आफूलाई परिवर्तन गर्न सहमत हुन्छन्। उनीहरूको सोचाइ नै यतिमै सीमित हुने हुनाले कसैले अगुवा भै दृष्टान्तको रूपमा आफूलाई प्रस्तुत नगरेसम्म परिवर्तन ल्याउने वा स्थिति परिस्थितिहरूसंग मिल्ने सुधार ल्याउने भन्ने कुरा सोच्नु नै असम्भव हुन्छ। हालसालै पुरानो खालको ढाँचामा सुधार गरेर एक नयाँ ढाँचाको हलो चलनमा आएको छ भन्ने सुनिन्छ तर यो कुरा आधुनिक कृषि प्रणालीसंग सम्बन्धित कुरा हो र हामीले वर्णन गरिरहेको किसानहरूको कृषिकार्यसंग यसको सम्बन्ध छैन। यस विषयमा चर्चा गर्दा धेरै समय अघि बर्मामा भएको खनजोत-विषयक एउटा कुराको सम्झना हुन्छ। सुनिएको कुरा हो एक जना जेहेन्दार, राम्रो विचार भएको ठुलै प्रभावशाली यूरोपेली वितीय आयुक्तले बर्माको उत्तरी भागको जंगल तथा पहाडमा बस्ने पिछडिएका विभिन्न जातीयताका मानिसहरूले उन्नतिका लागि उपभोग गर्न पाउन् भन्ने विचार गरे। उनको विचारमा यी मानिसहरूले हलो जोत्नमा प्रयोग गरिएका उपकरणहरू पुराना खालका भएका र गहिरोसम्म खन्न सक्ने पश्चिमी खालको हलोको प्रयोग गरे भने तिनीहरू पहिलेको भन्दा धेरै धनी हुन्छन् भन्ने थियो राम्रै अभिप्रायले निर्णय गरेर उनले एउटा आधुनिक हलो खरीद गरी एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थानीय जिल्लाको प्रशासन समितिसमक्ष पठाइदिए। र साथै त्यसको प्रयोग गर्ने विधि सविस्तार लेखेर त्यहाँका मानिसहरूलाई त्यो नयाँ हलोको सम्बन्धमा प्रशिक्षण दिनुहोला भनी अनुरोध गरे। उनले प्रयोग गरिहेनूँ भनी पठाइदिएको त्यो हलोले यति गहिरो जोत्थ्यो कि त्यसले जमिनमुनिको साह्रो माटोलाई पनि बाहिर निकालिदिन्थ्यो। यो देखेपछि जंगली मानिसहरूलाई चित्त बुझेन, कारण तिनीहरूलाई राम्ररी थाहा थियो कि जमिनमुनिको साह्रो माटोमा कुनै पनि चीज उमार्नु असम्भव छ र यसैले त्यस नयाँ हलोलाई प्रयोग गर्न मानेनन्। जिल्ला अधिकारीको कल्याण ती जंगली जनतालाई राम्ररी सम्झाउन सक्नुमा थियो, त्यसकारण उनले हरसम्भव तरीकाले त्यस आधुनिक हलोलाई प्रयोगमा ल्याउनका लागि ती जंगली मानिसलाई उत्प्रेरित गर्ने प्रयास गरे। उनले गरेका सम्झाइ-बुझाइ र सिफारिशहरू सबै व्यर्थ भए। अन्त्यमा, उनले तिनीहरूले त्यस आधुनिक हलोको प्रयोग गर्न नमानेमा आयुक्त रिसाउनेछन् र उनी रिसाएमा त्यसको परिणाम भयंकर हुनेछ किन कि आयुक्त रिसाएमा उनको आँखामा सधैं दन्दनी बलिरहने आगो निस्केर यसरी नमान्ने मान्छेलाई भस्म गरिदिनेछ र यसरी भस्म गर्नुपर्ला भनेर उनले हर्दम एक आँखामा चश्मा लगाउने गर्दछन् भनी सुनाए। यसरी धम्काउँदा पनि ती जंगली मानिसहरू त्यस पश्चिमेली फलामे हलो प्रयोग गर्न मानेनन्। यो कुरा आयुक्तको कानमा पुग्यो र आफै त्यो ठाउँमा पुगे। उनले तिनीहरूसँग कुरा गरे। त्यस फलामे हलोको गुणहरू सबै सम्झाए र उनीहरूकै भलाइ र कल्याण होस् भन्ने असल अभिप्राय तथा आशा लिएर आफूले गरेको कामको अनुरूप तिनीहरूले चल्न नमानी आफ्नै कुरामा दृढ रहेको देखेर आफूलाई धेरै दुःख लागेको कुरा बताए। यसरी आयुक्त सम्झाउन बुझाउन तल्लीन भैरहेकै बेलामा एकाएक उनको एक-आँखे चस्मा खस्न पुग्यो। तत्क्षण कोलाहल मच्चियो र त्यहाँ उपस्थित जंगली मानिसहरू साराका सारा त्यो दन्दनी बलिरहने आँखाको ज्वालाबाट डढेर भस्म हुनुपर्ला भन्ने डरले भयभीत भई भागाभाग गरे। त्यसपछि ती जंगली मानिसहरू सबै बेपत्ता भए। खोजी गर्ने मानिसहरूले तिनीहरूलाई कतै फेला पार्न सकेनन्, तिनीहरू जंगलभित्र भागेर गएका रहेछन्। त्यसपछि तिनीहरू कहिल्यै देखिएनन्। यो कुरा चक्कुको बींडलाई घुँडामा हानेर भाँच्ने वा गोरुको सिङलाई जबर्जस्ती तल निहुऱ्याएर उसलाई घाँस खुवाउन लगाउने भने जस्तो हो (आफूले भनेजस्तो जबर्जस्ती गराउन खोज्ने विषयमा प्रयोग हुने यो एउटा लोकोक्ति हो) मानिसहरूले अलिअलि गर्दै अनुसरण गर्न सकून् भन्नानिमित्त बिस्तार बिस्तारै परिवर्तन गर्ने यत्न नगरी झ्वाट्टै बदल्ने किसिमको यो प्रयास हो र यसैले यो अफापसिद्ध भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डल्ला फोर्ने र रोपाइँ गर्ने

पहिलेकै कुरा गरौं, हलो जोत्ने कार्य सकिएपछि डल्ला फोर्ने कार्य आउँछ । डल्लेठों (खुआद) भनेको माटो कोरेर घाँस तथा झारपात उखेल्ने एक यान्त्रिक औजार हो । लहरे दाँतीहरू भएको यो एक टुक्रा काठ हो । यी दाँतीहरूलाई लूक खुआद भनिन्छ । यसलाई भैंसीहरूले खेतभरि यताउति घिसार्ने गर्दछन् । डल्ला फोर्ने कार्य सर्वप्रथम खेतको त्यस खण्डमा गरिनुपर्दछ जहाँ विधिपूर्वक सबभन्दा पहिले हलो जोत्ने कार्य गरिएको हुन्छ । डल्ला फोर्ने समयमा पानीको मात्रा ठीक ठीक होस् भन्नानिमित्त खेतमा पानी पस्ने वा त्यहाँबाट बाहिर जाने मिलाउनुपर्छ । जोतिसकिएको माटोलाई पानीले अलिअलि ढाकेको हुनुपर्दछ । जोतिएको माटो फुटेर धूलो भैं एकनासले मिलेको समथल नबनेसम्म डल्ला फोर्ने काम दोहोऱ्याई-तेहऱ्याई यताबाट उता, उताबाट यता गरिन्छ । धान रोप्ने वेलालाई सजिलो होस् भन्नका लागि झारपात तथा अन्य बोट-बिरुवा जहाँ जहाँ छन् ती सबलाई उखेलेर फालिदिन्छन् । डल्ला फोर्ने कार्य पूरा भएपछि माटोलाई बस्न दिनका लागि खेतलाई एक-दुई रात त्यत्तिकै छोडिदिन्छन्, त्यसपछि मात्र धानका बिरुवाहरू ल्याई रोप्ने गर्दछन् । डल्ला फोर्ने समयमा ठिटाहरू जोती–ओरी डल्ला फोरिसकेको माटोमा शंखे-कीरा, गँगटा, माछा आदि समात्ने गरी रमाइलो गर्दछन् । ठिठाहरू मात्र होइन पोखरीमा बस्ने बकुलाहरू पनि खूब आनन्द उपभोग गर्छन् किनकि तिनीहरूले माछा समात्ने मौका पाउँछन् । तिनीहरूको सेतो बथानका बथानमा पानीमा हेलिरहेका देखिन्छन् ।

डल्ला फोरेर खेतलाई एकदुई दिन त्यत्तिकै छोडिसकेपछि धानका बिरुवाहरू उखेलेर जात-जात-अनुसार अलग-अलग राख्ने काम शुरू हुन्छ । यो काम आइमाईहरूको हुन्छ किनकि लोग्नेमान्छेहरू हलो जोत्ने र डल्ला फोर्ने काममै व्यस्त हुन्छन् । धानको बिरुवा उखेल्दा निहुरेर जराहरूमा टाँसिएका माटोलाई झर्न दिनको लागि दुवै हातले उखेल्नुपर्दछ । त्यसपछि ती बेर्नाहरू-लाई मूलमा समातेर सबैलाई एकनास पारी सम्याउनका लागि, तयार पारी राखिएको एउटा काठको फल्याकको सतहमा थपथपाउँछन् । त्यसपछि माथिल्लो भागलाई एउटा बाँसको पत्ताले बाँधी अलग-अलग मुठ्ठा पार्छन् । यसरी बाँधेर बनाइएको मुठ्ठालाई काम् भन्दछन् । तर नखअन् राछसिमाको प्रान्तमा भने यसलाई कअब् भन्दछन् । बेर्नाका टुप्पाहरूलाई काटेर एकनासको बनाउनु-पर्दछ । यसरी काटेर नसम्याई जस्तो छ त्यस्तै रहन दिएमा सारिसकेपछि तिनी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरू लामो र अव्यवस्थित भएको कारणले तिनका पातहरू ढिलो बढ्न थाल्छन् । मुठ्ठा बाँध्न सकिएपछि ती मुठ्ठाहरूलाई जोडी मिलाएर बाँध्दछन् । यस्ता जोडीलाई नखअन् राछसिमा प्रान्तमा फान् भन्दछन् । फान्को दुवै छेउमा च्याप्टो पारिएको एउटा बाँस घुसारिन्छ र यसलाई बिरुवा रोप्ने स्थान सम्म लैजानका लागि एउटा भारी बोक्ने नोलको रूपमा प्रयोग गर्दछन् ।

बेर्ना सार्ने कार्य शुरू गर्नुभन्दा अघि पहिलो पल्ट हलो जोतेको बेलामा बनाइएको पुण्यस्थलमा गै खेतको देवतालाई फेरि भोग चढाउने तयारी गर्दछन् । रोप्ने काम अरू खेतमाभन्दा पहिले सर्वप्रथम हलो जोतेको खेतमा गर्नुपर्दछ । त्यस खेतलाई दुई भागमा विभाजित गरेको हुन्छ । एक भागमा मोटो खालको धान र अर्को भागमा मसिनो खालको धान रोपिन्छ । यस चाकलामा रोपिएको धान अर्को साल धान रोप्न बीउको रूपमा प्रयोग गरिन्छ किनकि यो धान लच्छिनको खेतमा शुभलगनमा विधिपूर्वक ठीक तरीकाले लगाइएको धान मानिन्छ । अरू खेतहरूमा छ्यासमिस नगरी जातजातअनुसार पंक्ति मिलाई छुट्टाछुट्टै खण्डमा धान रोपिन्छ । धान रोप्दा सबैले देख्ने गरे झैं, निहुरेर रोप्नुपर्दछ । धान रोप्दा मुठाहरू सुविधा अनुसार दायाँ वा बायाँ हातले समातेर तल्लो भागलाई अगिल्तिर पारिन्छ । दायाँ वा बायाँ जुन हात खाली छ त्यसले बिरुवाका मूललाई समातेर छ-सातवटा जति टिपेर निकाल्छन् र तिनीहरूलाई बूढी औंलाले हिलोमा गाडिदिन्छन् । बिरुवा रोपेको ठाउँबाट हातझिक्नु भन्दा अगाडि दुई ओटा औंलाले हिलोलाई थिचेर बिरुवाको फेदलाई गाडिदिन्छन् र वरिपरि माटो सम्म पारी मिलाउँछन् । बूढीऔंला यसरी थिचेर माटोभित्र घुसाउने काम धेरै दिनसम्म धेरै धेरै घण्टा गर्ने गर्दा, खास गरी माटो साह्रो किसिमको भएको खण्डमा, धेरै दुख्ने हुन्छ । यसैकारणले कुनै कुनै स्थानमा त एउटा घोचोले पहिले प्वाल बनाउने काम गरिन्छ । यसरी घोचाले खाल्टो बनाउने गर्दा निश्चय नै समय धेरै लाग्ने भै काम ढिलो हुने हुन्छ तर आवश्यक भएकोले त्यसो नगरी पनि हुँदैन । यस घोचालाई नखअन् पथोम् प्रान्तमा हुवयोक् वा तनोक् पनि भन्छन् । यसको लागि घुँडासम्म आउने एउटा बाँसको प्रयोग गरिन्छ जसमा बीउको काम लिन हुने गरी जोर्नी-मा एउटा कडा गाँठो निस्केको हुन्छ र त्यसको फेदलाई ताछेर तीखो पारिन्छ । यस बाँसलाई आफूले चाहे जति गहिरो प्वाल पार्नलाई जमिनभित्र गाड्छन् र त्यसमा बिरुवालाई घुसारेर त्यसपछि त्यस प्वालको मुखलाई औंलाले थिचेर टाल्दछन् । यसो नगरी दुखेको बूढीऔंलाले नै प्वाल पार्दै जाने गरेमा बिरुवालाई गहिरो गरी गाडन सकिंदैन र त्यसले गर्दा बिरुवाहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खुकुलो भै पानीमाथि तैरिन आउँछन्। रोपाहाहरूले घाम मुखमा नपरोस् भनी आफ्नो पिठ्यूँलाई सधैं घामतर्फ फर्काउँछन्। यसैकारणले खेतीको काम गर्दा हलो जोत्ने, डल्ला फोर्ने, रोपाइँ गर्ने, वाली काट्ने आदि गर्दा सधैं नै कमिज लगाई पिठ्यूँलाई सूर्यतर्फ फर्काउनु आवश्यक हुन्छ। आइमाई भए टाउकोमा इनव (खेतमा काम गर्दा लगाउने टोप) लगाउँदछन् र लोग्नेमानिस भए अक्सर आफूले सधैं कम्मरमा बाँधेर हिंड्ने गरेको फा खाऽउ मा फुकालेर त्यही नै टाउकोमा बेर्दछन्। पान, चुरोटका बट्टा वा गोजी-पुस्तक साथमा भए ती सबै झिकेर खेतको सिरानमा राख्दछन्।

बेर्ना रोपिसकिई केही दिन भएपछि लहलहाउँदा हरिया गुच्छा भै बढ्न थाल्छन्। हल्का हावाको वा वर्षाको स्पर्श पाएपछि तिनीहरूका टुप्पाहरू समुद्रका लहरहरू जस्तै एक–अर्काको पछि पछि लाग्दै हिस्सी लाग्ने गरी झुल्दछन्। वर्षाको पानी पाएपछि तिनीहरू स्वच्छ हरिया देखिन लाग्छन्। यो स्थिति बौद्ध मतअनुसारको चतुर्मासाको शुरूदेखि दशौं चन्द्रमास-सम्म रहन्छ। धान फुल्ने समय भएपछि (अयुथया प्रान्तमा यस समयलाई खाऽउ फ्लोऽ भन्छन्) टुप्पामा फूलको आकार वन्न थाल्दछन् र फिका हरिया रंगका फूलका झुप्पाहरू फाँटभरि देखापर्दछन्। एकै समयमा रोपिने भएको हुनाले धानका फूल सधैं एकै समयमा फुल्दछन्। कृषकहरू विहान उठछन्, कुल्ला गर्छन् र मुख धुन्छन् अनि खेतमा धानका विरुवाहरूको निरीक्षण गर्न निस्कन्छन्। धानका विरुवाहरूमा फूल लागेको देखेपछि उनीहरू हर्षित छन् भनी ठाने हुन्छ। विहान विहान धानका फूलहरूको मगमगाउँदा वास्ना चारै-तिर फैलिएको हुन्छ। यो वास्ना छोम्मनाद् फूलको जस्तै तर हल्का खालको हुन्छः यसै कारणले छोम्मनाद् फूललाई "नयाँ धानको फूल" भन्दछन्। धानको फूल फुल्ने बेलाको खेतमा विहान विहान बहिरहने हावाको विचार मात्र आए पनि मानिसलाई आनन्दको अनुभव हुन्छ, कारण त्यो बेला हावाको झोकाले बोकी ल्याएको धानका फूलहरूको सुगन्धले सुगन्धित ताजा हावा नाकभित्र पस्न थाले-को हुन्छ। पूर्वमा रातो ठूलो भकुण्डो जस्तै भएर उदाउँदै आकाशमा सुन जस्तो पहेंलो चहकिलो प्रकाश फिजाउँदै गरेको सूर्य देखिन थाल्छ। वातावरण मौन र शान्त हुन्छ र कानमा धानका फूल–फूलमा पराग बटुल्दै उडिरहेका मौरीहरूको गुनगुन मात्र आइरहन्छ। कृषकहरू खेतमा जाने यस्तो सुन्दर दृश्यको आनन्द लुट्न वा स्वच्छ चिसो हावाको सास फेर्नको लागि होइन, प्रकृ-तिको यस्तो सौन्दर्य र स्वच्छतासँग उनीहरू राम्रैसित परिचित छन्। उनी-हरू धान र खेतको निरीक्षण गर्न जाने गर्छन्। कुनै खण्डमा धानको बोट झुकेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वा पानीमा ढल्नै लागेको देखियो भने बाँस ल्याएर बार बनाई टेवा दिन्छन्, किनभने धानका बोटहरू पानीमा ढले भने खेतमा छ्याप्छ्याप्ती हुने Anabas testudineus र Puntius javanicus जातका माछाहरूले तिनीहरूका टुप्पाहरू खाएर सखाप पारिदिन्छन् । कतै झारपात उम्रिरहेका देखिए भने तिनीहरूले ती सब उखेलिदिन्छन् । काम सकिएपछि तिनीहरू या त मनोरम दृश्य र पूर्ण रूपले फुलेका धानका बोटहरू हेरेर बस्छन् या त घर फर्कन्छन् ।

बोटमा गेडा लाग्न लागेपछि टुप्पा वरिपरि छोटा छोटा पातहरू देखा पर्दछन् र डाँठहरू मोटा हुन थाल्दछन् । पातला पातला पातहरूले गेडालाई चारैतिरबाट बेरेर ढाकेर राख्छन् । त्यसबेला धानको गर्भवती भएको भनिन्छ । अयुछ्या प्रान्तका कृषकहरूले यसलाई खाऽउ क्लाद् हाङ प्ला थू भन्दछन् । त्यस बेला धान–देवीको पूजा गर्ने चाड मनाइन्छ । त्यो चाड अयुत्थया प्रान्तका मानिसहरूले शुक्रवारको दिन मनाउने गर्दछन् । शुक्रवारको नाम (सुक्)को बारेमा तिनीहरूमा अन्धविश्वास भएको हुनाले तिनीहरूले यसको लागि त्यो रोजेको हुन सक्छ । सुक एउटा भिन्नार्थक शब्द हो जो सुख र पाकेको दुवै शब्दमा लाग्छ । पूजा गर्ने समय पनि तिनीहरू दिउँसो तीन र पाँच बजेको बीचको समय छान्छन् । पूजा गर्न तिनीहरू खेतको त्यो ठाउँमा जान्छन् जहाँ पहिलो पटक हलो जोतेको दिन ध्वजाहरू गाडेका थिए । देवीलाई चढाउन तिनीहरू एउटा सुन्तला, एउटा केरा र केराको पातको एक बोहोताभरि टुक्रा पारेको उखु ठीक गर्दछन्; केरा चाहिं नाम्वा केरा हुन्छ जसलाई कुङ्क्याएको हुन्छ । यी सबै कुराहरू एउटा साना हाँगा विगाले बनेको टोकरीमा राखिएका हुन्छन् त्यसमा बुकुवा, खुशबू र काँगियो पनि एउटा तह्रा जस्तोमा राखेर हालिएका हुन्छन् । तिनीहरूले त्यो टोकरी र चढाउने वस्तुहरू सबै एउटा ध्वजा राख्ने खम्बामा लगेर झुण्ड्याइदिन्छन्, बुकुवा र खुशबूचाहिं धानका पात र बोटहरूमा छर्किदिन्छन् । तिनीहरूले धानका पातहरूलाई काँगियोले कोरेको भाउ गर्दछन् । यो कार्य धान–देवीलाई सिंगार गर्ने रूपमा गरिन्छ । गर्भवती हुँदा बिहान हुने बिसञ्चोको औषधीको रूपमा सुन्तलाको प्रयोग हुने हुनाले सुन्तला पनि चढाउने गरिएको भनिन्छ । यी सबै बिधि सकिए पछि तिनीहरूले धन अर्थात् धान–देवी हालै गर्भवती भएकी हुनाले तिनलाई सिंगारका सामानका साथै अरू कुराहरू चढाउन त्याएका छौं भन्दै तिनको सुख, सुस्वास्थ्य र उर्वरताको कामना गर्दै तिनीमाथि कुनै पनि संकट आइनलागोस् भनेर प्रार्थना गर्छन् । यसपछि पूजा विधि सकिन्छ । यस अवसरमा अक्सर एउटा चारखाने छल्याउ (टाँड पारेर राखिएका दुईओटा बाँसका त्रिकोणले बनेको जादूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा व्यवहृत हुने आकार) ठड्याउँछन्, त्यसको सट्टा एउटा माछा राख्ने टोकरी पनि ठड्याउन सक्तछन्। छल्याउ ठड्याउनुको खास अभिप्राय यस खेतको धान "गर्भवती" भएको छ भन्ने कुराको जानकारी सबैलाई दिन एक संकेत दिनु हो भनिन्छ, र डुङ्गा वा गोरु र भैंसीहरूलाई त्यहाँ पसेर धानका बोटहरू लाई क्षति पुऱ्याउन दिइदैन। यथार्थमा भन्ने हो भने, छल्याउ भूतप्रेत र जीवजन्तु-हरूलाई भगाउने एक किसिमको जादूमन्त्रसँग सम्बन्धित सुरक्षात्मक साधन हो जसलाई यूरोपलीहरू "जादू" भन्ने गर्दछन्। यो त्यही किसिमको छल्याउ हो जुन औषधीको भाँडोको मुख मा राखिन्छ, त्यही किसिमको छल्याउ हो जुन घरबाट मुर्दा बाहिर लगिसकेपछि घरमा स्थापना गरिन्छ जस्तो उत्तर तथा उत्तर-पूर्वमा गरिन्छ। शुरूमा यी एउटा साँच्चिकै छेकबार हुँदो हो, पछि गएर निःसन्देह राद्छबात् छेकबार र छल्याउमा परिणत हुनपुग्यो होला, किनकि यसलाई विशेष गरी भूतप्रेतलाई भगाउन वा जादूमन्त्रलाई पन्छाउने कुरा सम्झन थालियो।

दक्षिण (छाइया जिल्ला) मा धानको गेडा लाग्न लाग्ने वेलामा मानिस-हरू खोद् खाऽउको भनिने आह्वान-विधि गर्दछन्। यो विधि गर्दा चढाइने कुरा-हरूमा खालि रातो उसिनेको केक, सेता केक, सिमीका केक, तिलका केक जस्ता केकहरू मात्र प्रयोग गर्दछन्; साथै बुकुवा र खुशबू पनि चढाउने गर्छन्। खेतमा पुगेपछि तिनीहरूले धेरै नै राम्रो गेडा लाग्न लागेको जस्ता देखिएको बोटलाई छान्दछन्, र यसै स्थानमा आफूले ल्याएका वस्तुहरू राखि-दिन्छन्। तिनीहरूले धूप र मैन बत्तीहरू बालेर धान-देवीको स्तुतिपाठ गर्दछन्। त्यसपछि मालिश गरे जस्तै गरेर धानका पातहरूमा बुकुवा र खुशबू दलिदिन्छन्। यस्तो कार्य तिनीहरूले तीनदेखि सातवटासम्म धानका मुठ्ठाहरू मा गर्छन्। चढाउन ल्याएको केकहरू चाहिं कुनै उपयुक्त स्थानमा राखि-दिन्छन्। सबै विधि सकिएपछि ती केकहरू घरमा लिएर जान्छन्, र बुकुवा र खुशबू अक्सर खलामै छोडिदिन्छन्।

रात्बुरी प्रान्तका कुनै कुनै स्थानका कृषकहरूले साद् चाडको अवसर-मा बौद्ध विहारहरूमा धर्म-कार्य गरेर घर फर्केपछि, पूजा-अर्चना गर्दा अलंग राखेका साद् केक र फलफूल अलि अलि लिन्छन् र एउटा सानो बाँसको पात-को बोहोता वा ट्वाकमा हालेर खस्रो किसिमको टोकरीको रूपमा बुनेर बना-इएको, खुट्टाहरू भएको एउटा भाँडामा राख्छन्। यसलाई लगेर तिनीहरूले खेतको आलीको सिरानमा एक वा धेरै ठाउँहरूमा राखिदिन्छन्। यो काम खेतमा भएको धानबालीलाई भोग चढाएर धानकी देवीलाई आएर धानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रखवारी गरिदिनका लागि आह्वान गर्ने हिसाबले गरिन्छ । यस कार्यलाई सोङ खाऽउ बिन् भनिन्छ । यो अन्तिम विधि ब्राह्मणहरूको श्राद्ध गर्ने विधि-सँग मिसिएको जस्तो देखिन्छ, यसमा ब्राह्मणहरूले मृतात्मालाई भातको पिण्ड दिने गर्छन् । यो विधि शरद् ऋतुसँग सम्बन्धित एउटा अर्को विधि शाद् वा सारदसँग पनि मिसिएको जस्तो देखिन्छ । यसको चर्चा अन्त छुट्टै गरिने छ । धानको बोटलाई भोग चढाउने पहिलो जुन विधि हो त्यो धान देवीलाई भोग चढाउने विधि जस्तै देखिन्छ । त्यो विधि "धान रोपाइसम्बन्धी पुराना ग्रन्थ" नामक पुस्तकमा सविस्तार बयान गरिएको छ ।

[राष्ट्रिय पुस्तकालयबाट प्रकाशित यो पुस्तक सन् १९४२ को संस्करण हो ।]

धान र धान-देवीलाई भोग चढाउने चलन वस्तुतः विभिन्न किसिमका वस्तुहरूमा पनि प्राण हुन्छ भन्ने जनविश्वासबाट आएको हो । मानिस, पशु, वनस्पति जेहोस् सबैमा ख्वान् भनिने केही कुरा स्थायी रूपमा रहेको हुन्छ । जुन जीवमा ख्वान् रहन छोड्छ त्यो जीव मर्छ । धानमा पनि प्राण र ख्वान् छन् भनी मानिएको छ । यसैले धानमा भएको ख्वान्लाई राम्रो व्यवहार गरेर उसलाई सधैं त्यसैमा रहिरहने पार्नुपर्छ र सुत्त जान दिनु हुँदैन, गएमा धान या त राम्ररी सप्रँदैन या त मरिहाल्छ ख्वान्को विषयमा ख्वान् उत्सवहरूसम्बन्धी मेरो कृति पढ्नुहोस् ।) खेतहरूको नजिकै वनजङ्गल भएमा धानको बोटमा फूल फुली दाना लाग्न थालेपछि अक्सर सुँगुर, मृग जस्ता जङ्गली जनावरहरूबाट कुनै न कुनै किसिमको खतरा हुन्छ । यी जनावरहरू आई धान खान रूचाउँछन्; उनीहरूले धानका बोटहरूलाई ठूलो नोक्सान पुऱ्याउँछन् । जनावरहरू आएमा धपाई पठाउनको लागि खेतका धनीहरू खेतमा गई सुत्नुपर्दछ, तर यो काम साह्रै गाह्रो हो, किनकि त्यो बेला वर्षाको याम हुन्छ र जमिन भिजेर हिलैहिलो भएको हुन्छ । यसैले ओत लाग्नको लागि छाप्रो बनाउनु पर्दछ, अथवा धमिराको गोलाको नजीकको जस्तो, कुनै अग्लो स्थानमा चेप्टो पारी चिरिएका बाँसहरू भुइँमा बिछ्याएर त्यस-माथि गोरुको छाला ओछ्याई त्यसको अगल-बगलमा आगो बालेर त्यसै सुत्ने गर्नुपर्दछ । पानी पर्न गयो भने ठूलो दुःख हुन्छ; सुत्नलाई बिछ्याइएको गोरुको छाला उठाएर परेको पानीबाट बच्न माथि टाँग्नुपर्ने हुन्छ । धुवाँइरहेको आगो निभ्नगयो भने जङ्गली जनावरहरूबाट खतरा हुन्छ । कुनै कुनै ठाउँका कृषक-हरूको जीवन यस्तो हुन्छ । यस्तो दुःख कष्ट सहन नसकेमा तिनीहरूले भोकभोकै बस्नुपर्ने हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाफा-नोक्सान

धान रोप्दा कति कति अन्तरमा रोप्ने भन्ने कुरा रोपाई गर्ने जग्गा अर्थात् बेंसीको वा उच्च भूभागको हो त्यसमा निर्भर हुन्छ । बेंसीको खेत भएमा बढी अन्तरमा रोप्छन्, किनभने ठूलो कल्ली हुने गरी एकै ठाउँमा अठारदेखि बीसवटासम्म बोट लाग्न सक्छन् । उचो ठाउँको खेत भएमा अक्सर नजीक नजीक रोप्ने गर्दछन्, किनकि त्यस्तो ठाउँमा एकै ठाउँमा धेरै ठूलठूला कल्लीहरू लाग्दैनन् । खेती जमिनअनुसार हुन्छ । माटो लेसाइलो र कालो भएमा उत्तम मानिन्छ, किनकि त्यसमा हिलो र बालुवा मिसिएको हुन्छ । माटो अति चिम्टिएको भएमा त्यति राम्रो हुँदैन, जोत्न र डल्ला फोर्न गाह्रो पर्दछ, र माटोले पनि धानका कल्लीहरूलाई कसेर समातिराखी फैलिन र सप्रिन दिँदैन । तर पनि बालुवै बालुवा भएको माटोभन्दा यो माटो राम्रै हुन्छ । बलौटे माटो भएमा 'हांस मल बालुवा' हुनुपर्छ अर्थात् त्यसमा माटो केही मिसिएको हुनुपर्दछ, यो कौम लाग्ने हुन्छ । माटो (Diatomaceus) डाइटामासस माटो जस्तै सेतो रङ्गको भएमा राम्रो हुँदैन, बाली लगाउन सकिने भए तापनि त्यसमा धान राम्रो हुँदैन र बाली कमती मात्र हुन्छ । भर्खरै मात्र हालआवादी भएमा वा धेरै मल हालिएका खेतहरूमा धान अक्सर राम्रो उम्रन्छ, यति राम्रो उम्रन्छ कि बोटहरू अग्लाअग्ला र ठूलाठूला हुन्छन् र पातहरू पनि माटिकारको गुँड जस्तै बाक्लो भएर गिजोलिएका कपाल झैं लेस्सिएर श्याम्मिएका हुन्छन्, दाना पनि अक्सर ठूलठूला तर थोरै र साथै सेप्रै-सेप्रा भै कम मासु लाग्ने हुन्छन् । अर्को कुरा, वर्षा नभएमा, दाना लाग्ने समयमा पनि पानी नपरेमा, कलिला धानका दानाहरू सुक्तै फाँटभरि बोटहरूमै मर्दछन् । यसलाई खाउ माउ वा खाउ ताउ झ्याइ भन्दछन्, कृषकहरूको लागि यो एउटा ठूलो विपत्ति नै हुन्छ र उनीहरूले घुँडा जोरेर रूँदै बस्नुपर्ने हुन्छ, किनभने धानबाली बिग्रेर तिनीहरू त्यत्रो मिहिनेत खेर जान्छ । त्यसभन्दा पनि नराम्रो त, तिनीहरू चाँडैनै भोकभोकै बस्नुपर्ने हुन्छ भन्ने ज्ञान तिनीहरूलाई हुन्छ, किनभने बाली बिग्रेपछि त्यसको असर सम्पूर्ण समुदायमा नै असर पर्दछ र सबैको गति एउटै हुने हुनाले तिनीहरूलाई मद्दत गर्न तम्सिन सक्ने कोही हुँदैन । खेतहरू नदी वा नहरको नजीक भएमा त पानी ल्याएर पनि केही धानका बोटहरूलाई बचाउन सकिन्छ तर त्यसबाट धानका टुप्पा-टुप्पामा छर्किने वर्षाको पानीबाट झैं राम्रो बाली उत्पादन गराउन सकिने गरी पानी ल्याउन सकिँदैन । भर्खरै फुल्न लागेका कलिला धानका फूलहरूलाई सूर्यको प्रखर घामले दिन दिनभरि हरेक दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खहरो पारेका हुन्छन् नै साथै नदीबाट ल्याइएको पानीको प्रवाह पनि जसले धानका बोटहरूलाई हुर्काउनुपर्ने हुन्छ, तातिन गई धानलाई नाश पार्दछ । धानका बेर्नालाई यस्तो हुन गएमा त्यसलाई ताऽइ पवकइ भएको भनिन्छ ।

खेतीलाई नोक्सान पुऱ्याउने वाढी, गँगटा र कुटुकुटु टोक्ने कीराहरू जस्ता अरू पनि धेरै कुराहरू छन् । यी उल्लिखित गँगटाहरू खेतमा हुने गँगटा हुन् । तिनीहरूले नोक्सानी गर्न चाहेमा तिनीहरू कहाँबाट आइपुग्ने हुन् भन्न सकिँदैन । कतैवाट वसाइँ सरी आए झैं गरी तिनीहरू ठूलो संख्यामा आइपुग्छन् । तिनीहरू कहाँ जन्मिन्छन्, कहाँबाट आउँछन् र पछि कहाँ जान्छन् भन्ने कुरा अनुसन्धानबाट पनि आजसम्म थाहा हुन सकेको छैन । तिनीहरू आउने मात्र होइन, आएर धानका बोटहरूलाई टोक्तै भाँच्दै जतातते पानीमा तैरिएर हिंड्छन् । कृषकहरूका लागि तिनीहरू एक किसिमले दशा नै हुन् । बोटहरूलाई तिनीहरूले खालि टोकेर काटिदिन्छन्, खाँदैनन् । तिनीहरूले रमाइलोको लागि मात्र यसरी टोकेर काट्ने गर्छन्, कमसेकम तिनीहरूलाई यस्तो लाग्न जान्छ जसलाई थाहा हुँदैन किन तिनीहरूले यसरी टोक्ने गर्छन् । मध्याह्न घाम प्रखर भएको बेलामा तिनीहरूलाई तातेको पानीबाट भाग्दै धानका बोटहरूमा चढिरहेका देख्न सकिन्छ, एउटै बोटमा तिनीहरू नौ-नौ दश-दश ओटासम्म हुन्छन् । अन्यत्र तिनीहरू सलबलाइरहेका र काठका फल्याकहरूमा घिस्रिदै गइरहेका देखिन्छन् । तिनीहरूलाई धराप आदिमा पारी मास्न सकिँदैन, तिनीहरू असंख्य हुन्छन् । यी निकृष्ट जीवदेखि कृषकहरू अत्यन्त भयभीत हुन्छन् । जुन सालमा तिनीहरू देखा पर्छन् त्यो साल घनघोर दुःख हुन्छ । यी भयानक जीवहरूले गर्दा धान खनजोत गर्ने बेर्ना सार्ने आदि गरी धान नसप्रेसम्म लगाएको त्यत्रो धन तथा श्रमको लगानी सबै माटोमा मिल्न जाने हुन्छ । भाग्यले तिनीहरू धेरै लामो समयको अन्तरालपछि धेरै वर्षमा एक पटक मात्रै आउने गर्छन् । यो खतरा नलिई नहुने कुरा हो । गँगटा खान मन पराउने तपाईंहरू-मध्ये कोही भए खेतमा अनगिन्ति हुने हुनाले कृषकहरूले यस्ता गँगटाहरू मजासित खान्छन् भनी सोच्नुहोला । तर होइन, किनभने खेतमा हुने गँगटाहरूमा नूनिलो पानीमा हुने गँगटाहरूमा जत्तिको मासु हुँदैन । तिनीहरूलाई पासो थापेर समाते नै भने पनि ती समातिएकालाई के गर्ने भन्ने समस्या हुन्छ किनभने तिनीहरू यति धेरै हुन्छन् कि खाइनसक्नु हुन्छ र साथै तिनीहरूको स्वाद मीठो पनि हुँदैन । कुनै कुनैलाई उसिनेर नरिवलको जीमको तरकारी बनाउन त सकिन्छ तर बाँकी धेरै नै रहन जान्छन् र तिनीहरूको केही उपयोग गर्न सकिँदैन । नून छ भने गर्न सकिने एउटै कुरा के छ भने समाय् गँगटालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नकुहुने गरी बचाइराख्न जुन तरीका गरिन्छ त्यही तरीकाले जिउँदा गँगटाहरूलाई नूनमा हाली खूबसित चलाउनु पर्दछ । यसो गर्दा नूनपानी-खाई उनीहरू मर्दछन् । अनि यी मरेका गँगटालाई भुटेको चामलसँगै पिनेर तिनीहरूको बाक्लो रस निकाली त्यसको अचार बनाउँछन् । तर यो प्रशस्त धेरै बराबर खाने गरेमा मानिसलाई बाक्क लाग्न थाल्छ ।

धानका बोटहरूलाई क्षति पुऱ्याउने अर्को थरी जीव कीरा हो । धानका बोटहरू राम्ररी हुर्कन लागेको समयमा खेतमा कीरा लाग्छ । कीराहरूको गिन्ति कसैले गर्न खोजेमा लाखौं त के करोडौं पुग्न सक्तछ । तिनीहरू पानीमाथि फ्ल्याकहरूमा यति बाक्लोसित बसिरहेका हुन्छन् कि पानी नै देखिदैन । तिनीहरू यति बिघ्न हरिया र सिलिङबिलिङ गरिरहेका हुन्छन् कि देख्तैमा आँगै सिरिङ्ग हुन्छ । धानको दोटका कलिला टुसाहरू पानीको सतह-भन्दा अलिकति पनि माथि निस्कन पाएको हुँदैन यी कीराहरू उतैतिर सरर्र तरिदै गएर मजासँग खाइदिन्छन् । खान पनि यस्तो खन्चुवा तालले खाइदिन्छन् कि केहीं पनि बाँकी रहँदैन । धानका टुप्पाहरू निस्केपछि तिनीहरूले मन थाम्नै सक्तैनन्, ती टुप्पाहरू पानीवाट बाहिर आउने बित्तिकै छाँटेर काटे जस्तो गरी खाइदिन्छन् । यी कीराहरूले धानका बोटहरू मात्र खाने होइन, खेतको आलीमा घाँस र झारपातहरू उम्रिरहेका छन् भने ती पनि खाइदिन्छन् । यिनीहरूले बोटमा भएका साराका सारा पातहरू खाएर डाँठ र हाँगाहरू मात्र बाँकी राखिदिन्छन् । तिनीहरूको संख्या यति धेरै हुन्छकि तिनीहरूको अगाडि कृषकहरूको केहीं लाग्दैन । तिनीहरूले खालि गर्न सक्ने खालि पुण्यस्थल-लाई भाकल गर्नु र स्थानीय भूतप्रेतको जानेसम्म प्रार्थना गरी गुहार माग्नु हुन्छ । यी कीराहरू खेतमा ओर्लिन पाएपछि यस प्रकार पन्ध्र दिनजति बस्दछन्, त्यसपछि नामनिशाना नछोड़ी बेपत्ता भएर जान्छन् । यी कीराहरू यसप्रकार धेरै वर्षमा एक पटक देखा पर्दछन् । तिनीहरूको पनि गँगटाहरूको जस्तै खतरा भोग्नुपर्ने हुन्छ तर गँगटा हेरी तिनीहरू अलि जाति नै भन्नुपर्छ किनकि तिनीहरूले बोटका टुप्पा मात्र टोक्छन् जब कि गँगटाहरूले फेदैमा टोकेर भाँचिदिन्छन्, बोटहरू बढिसकेका हुँदैनन्, कलिला र कमलै हुन्छन्, डाँठहरू पनि चेप्टा नै हुन्छन्, र गोलो भैसकेका हुँदैनन् र यसैले जीवित रहन-का लागि नयाँ नयाँ पात पैदा गर्न सक्षम हुँदैनन् । जुन बेला धानका बोटहरू बाढी र अनावृष्टिबाट जोगिएर मात्र आएका हुन्छन त्यो बेला यी दुष्ट कीरा र गँगटाहरू किसानका सामु ठूला शत्रुको रूपमा देखापर्छन् । तिनीहरूलाई धानका बोटहरू सखाप पारी खान अवतरण हुन आएको महामारी नै भन्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिनीहरू अतिनै भयानक हुन्छन् । धानका बोटलाई नोक्सान गर्ने अर्को एक थरी पनि छ, त्यो फटयाँग्रा हो । यो पनि त्यस्तै खालको धेरै वर्षमा एक पटक बसाई सरेर आउने जीव हो । तिनीहरू ठूलो संख्यामा आउँछन् । यत्ति बाक्लो उडेर आउँछन् कि आकाश नै अँध्यारो हुन्छ । उनीहरू जहाँ जहाँ ओर्लन्छन्, त्यहाँ त्यहाँ एक पटक मात्र धानका बोटहरू खाँदा पनि सम्पूर्ण क्षेत्रलाई उजाड पारिदिन्छन् । त्यसो भए तापनि तिनीहरू कीरा र गँगटा जत्तिकै चर्को खालका हुँदैनन् । वर्गीकरण गरेर भन्ने हो भने तिनीहरूलाई धानबालीको लागि दोस्रो दर्जाको महामारी भने हुन्छ । यी फँटयांग्राहरू पनि सम्भवतः अर्द्ध–फटयांग्रा अर्थात् अर्द्ध झ्याउँकीरीकै वर्गका हुन् जसलाई बेलायतमा सलह भन्ने गर्छन्, किनकि सलहहरूले पनि विदेशी मुलुकहरूमा ओर्लेर त्यस्तै प्रकारले अन्नका बोटहरू खाइदिन्छन् ।

जुन किसिमको नोक्सानीको वर्णन हामीले यहाँ गरिरहेका हौं त्यो किसिमको नोक्सानी धेरै वर्षमा एक पटक मात्र हुने गर्दछ । बेर्ना सारिसकेपछि कुनै किसिमको प्राकृतिक प्रकोप आइपरेमा दुःखले कृषकको आँखाबाट तरक्क आँसु चुहुन थाल्छ किनकि फेरि रोपाई गर्ने भन्नलाई अति नै ढिलो भैसकेको हुन्छ र उसलाई भोकै बस्नु पर्ने र गरीब हुनुपर्ने स्थिति आउँछ । सर्वत्र स्थिति यस्तो हुन गएमा अनिकाल पर्छ, जुन भयंकरको आपत्ति हो । खेतीमा फायदाहरू पनि छन् र ती फायदाहरू नोक्सानी भन्दा बढी नै हुन्छन् । कुनै साल वर्षा प्रचुर मात्रामा भयो भने बाली पनि अपेक्षा गरेभन्दा बढी नै हुन्छ । राम्रो भनी मानिने वर्षा ऋतुको शुरूमा धेरै, मध्यमा सामान्य र अन्तिम कालमा फाटफुट हुन्छ । वर्षा यही हिसाबले भएमा खेतीबाट नाफा नै हुन्छ । किसानले अमिल्दो भनिने वर्षा शुरूमा आक्कल झुक्कल पर्ने, मध्यमा अलिअलि वा पर्दै नपर्ने र अन्तमा धूमधाम पर्ने हुन्छ । मौसमको आखिरमा अतिवृष्टि भै पर्याप्त मात्रामा पानी भएमा वा शुरूमा ठीक्कको मात्र वर्षा भएमा, मध्यमा हल्का झरी परेमा र अन्त्यमा अनावृष्टि भएमा यस्तो वर्षालाई "कृषकहरूलाई धोखा दिने वर्षा" भनिन्छ । रोपाई सकिएपछि अनावृष्टि भै र गेडा लाग्ने बेलामा धानको बोट मरेमा सम्पूर्ण बाली नोक्सान हुन्छ । राम्ररी फल्ने धान भएमा एक डालो धान प्राप्त हुन्छ । यसबाट सबै बोटमा एकैनासका भरिला, दरिला धेरै र फोस्रा कम, दाना भएका राम्रा ठूलठूला बालाहरू हुन्छन् । तिनमा नभरिएका हलुङ्गो खालको र कुना परेका दानाहरू हुँदैनन् । बढी मात्रामा मासु लागेको, कुना नपरेको, गोल गोल दाना भएको, मुन्तिरको भाग बाँगिएको र राम्रो भएको धान राम्रो हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बेर्ना सार्ने काम अक्सर गरी आठौं चान्द्रमासमा र ढिला भएमा नवौं चान्द्रमासमा शुरू गरिन्छ । आठौं महीनामा बेर्ना सारिएको धानको बिरुवामा नवौं चान्द्रमासको कृष्णपक्षको आधा–आधिमा बाला लाग्न थाल्दछ । आठौं महीनामा सारिएको मोटो धानका बिरूवाहरूमा भने दशौं महीनाको कृष्ण पक्षको आधा आधीमा मात्र बाला लाग्दछ । धानको आयु बीउ छरेको दिनदेखि गन्ती गरिन्छ । बेर्ना सारिसकेपछि त्यसको हेरबिचार गरी घाँस र झारपात उखेल्छन् । धानका बिरुवाहरूलाई हुर्काउने पानीको रेखदेख गर्दछन् । फुर्सद भएको बेलामा तिनीहरूले माछा मार्ने र खानेकुरा खोज्ने गर्दछन् । यसबेला गाह्रो–साह्रो काम सकिई केही समयको लागि तिनीहरू चिन्तारहित भएका हुन्छन् । खेतमा पुगेदेखि काम गर्न थाल्ने तिनीहरू आराम लिने र बिहानको खाना खाने समय नभएसम्म लगातार काम गरिनै रहन्छन् । यसरी उनीहरू कमसे कम पनि चार घण्टा काम गर्छन । स्वास्नी र ससाना छोरा–छोरी चाहिं घरमा बसिरहन्छन्, धानका बेर्नाहरूको हेरचाह गर्ने काम गर्न नपरे पनि उनीहरू त्यसै बस्तैनन् । उनीहरू खाना पकाएर पकाउने काम गर्छन । नौ–दश वर्ष उमेरका केटाहरू भैंसी चराउन जान्छन् । गाह्रो काम गर्न नसक्ने उमेर पुगेका मानिसहरू घरमा खाक्राक खुक्रुक काम गर्ने भाँडाकुँडा र ढक्की बुन्ने, मर्मत गर्ने गरेर बस्तछन् किनभने बूढाबूढीहरू स्वभावैले काम नगरी बस्न नसक्ने हुन्छन् । लोग्ने, स्वास्नी र स–साना केटाकेटीहरू मात्र भएको परिवारलाई भने सारै मुश्किल पर्छ । ढोका थुनथान गरी भन्याङ झिकी बाल–बच्चाहरू बोकी निस्कनुपर्छ । खेतमा पुगेपछि त्यहाँ रहेको झोलुङ्गो झुण्डयाउने गर्छन् । पकाउने तुल्याउने कुरा पनि तिनीहरूले त्यही थलोमा नै गर्दछन् । बेर्ना सार्ने, खेती गर्ने काम धेरै भएमा एकजनाले समयमै सबै भ्याउनु असम्भव हुन्छ । त्यसैले जमात मिली एक–अर्कालाई सघाउ पुऱ्याउने गर्छन तर यो काम सबै मिली बाली काटने जतिकै रमाइलो भने हुँदैन, यस बेला खालि कसले छिटो बीउ रोप्छ र कसले ढिलो गर्छ भन्नेमै सबै लाग्छन् ।

बिहान सबेरै खेतमा काम गर्न गई दशबजे मात्र आराम गर्न र खाना खान काम छोड्दा खाने समय भिड्किसकेको हुन्छ । शरीरलाई धानिराख्ने कुरा उनीहरू खाँदैनन् बिहान सबेरैदेखि जोतिई काम गर्ने गर्नाले खाना खाने बेलासम्ममा उनीहरूलाई धेरै भोक लागिसकेको हुन्छ । कहिलेकाहीं काम छोडेको धेरै बेर भइसके पनि घरबाट खानेकुरा आइपुगेको हुँदैन । भोकले चूर भएर उनीहरूलाई हुनसम्म झोक उठ्तछ । यस्तो कुरा बराबर भइरहँदो हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा कथा यस्तो सुनेको छु– एकजना मान्छे एक दिन हलो जोत्न निस्केछ। काम रोकेर आराम लिने समय भइसकेपछि पनि आमाचाहिले खानेकुरो ल्याइदिइनछ। बाटो हेर्दै कुर्दा कुर्दा भोकले रन्थनिएर झोंक पनि चलेछ। आमाचाहिले खाना ल्याई पुऱ्याउँदा यसो आँखा लगाएको बेला त्यो खानेकुरा साह्रै थोरै, पेटै नभर्ने लागेछ। उसलाई रीस उठेछ, आमाचाहिलाई हप्काएछ, गाली गरेछ र हात पनि छोडेछ। अनि खान बस्दा पूरा खान सकेनछ। आफूबाट आमाप्रति कठोर व्यवहार भै गल्ती हुन गएको कुरा उसलाई बोध भयो र साह्रै दुःखित भयो। मरेपछि त्यो मान्छे खेतमा थपक्क बसेर **निद् डियाऊ निद् डियाऊ** (अलिकता मात्रै अलिकता मात्रै) भनी कराउने, हार जिउ, खैरो टाउको भएको वुलवुल चरा जन्मो सानो चरा भएर जन्मियो। यो चरा यसरी सारा दिन कराइरहेछ। खेततिर कोही गयो भने जहाँ पनि उसले त्यो चरा यसरी नै कराइरहेको सुन्छ।

खेतमा हुने बोट-बिरुवा र पशुपक्षी

धानको बाला लागेर पाकेपछि जतासुकै चहकिलो पहेंलो देखिन्छ। कृषकहरूलाई भने अझै भँगेराहरू आइदिउन् भनी धानको पहरा गर्दैमा फुर्सद हुँदैन। यी चराहरू बारम्बार आउने गर्छन्, धपायो कि एकछिन भागेर जान्छ, तर होश गरेन भने फेरि खेतको धान खान फर्केर आउँछन्। तिनीहरू हजारौं हजारको संख्यामा झुण्ड बाँधी आउँछन्। यति सँगसँगै टाँसिए जस्तो गरी उडेर आउँछन् कि आकाशै अँध्यारो भए जस्तो हुन्छ। राम्रो रेखदेख गर्ने कोही नभएमा तिनीहरूले चटक्क चुँडेर लिएर जान्छन् र दानाहरू जति खाइवरी भूस जति सर्वत्र छरिदिन्छन्। तर चराहरूबाट हुने क्षति सालसालै हुने भए तापनि, धानका बोटलाई नै टोकेर भाँचिदिने गँगटाहरूबाट जतिको चर्को हुँदैन, किनकि पाकेका पहेंला धान फाँटभरिनै पर्याप्त मात्रामा भैरहेको हुन्छ। चराहरूले निर्भय खान्छन्, खानलाई तिनीहरू ओर्लिंदा कसैले धपायो भने उडेर अरू नै कसैको खेतमा खान पुग्छन्। त्यस खेतको धनीले पनि धपाइदिन्छ र यो क्रम चल्दै सर्दै जान्छ। कहिलेकाहीं त तिनीहरू कैयौं दिनसम्म देखा पर्दैनन् र त्यसपछि फेरि आउँछन्। यसबाट तिनीहरू टाढाका अरू नै मानिसहरूका खेतहरूमा धान खान पुगिरहेको स्पष्ट हुन्छ। रखवारी गरेर तिनीहरूलाई बारम्बार धपाइरहनु सजिलो काम होइन, यसैले कृषकहरू काठका खट्खट् गर्ने वस्तुहरू बनाएर ठाउँठाउँमा झुण्ड्याइदिन्छन् अनि एकजना मानिस खेतको टहरोमै बसेर डोरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तानिरहने गर्दछ। कहिलेकाहीं तिनीहरूले हावाले घुम्ने हावा घट्ट बनाएर आवाज निकाल्ने गर्छन्। यसले गर्दा चराहरू खेतमा ओर्ली बस्न डराउँछ। कहिलेकाहीं गाउँलेहरू बुंख्याचा पनि बनाउँछन्। होचो ठाउँमा भएको तथा पोखरी दलदल जमीनको नजीक खेतमा अनेक प्रकारका चराहरू हुन्छन्। चराहरू धपाउने बखतमा बस्नको लागि छाप्रो बनाइराख्नु जाती हुन्छ। यो काम आइमाई तथा केटाकेटीहरूको हो। चराहरू बस्न आएका तिनीहरूले धपाउँछन्। मध्य दिनको शान्त वातावरणमा हावामा बहँदै आएको ह्याउ वाः ह्याइ गर्दै चराहरूलाई धपाइरहेको आवाज सुनिन्छ, यो एउटा विचित्रको डरलाग्दो आवाज हो। चराहरू धान खान नआएको बेलामा समय बर्बाद नहोस् भन्ना निमित्त कपास र रेशम काट्ने काम गर्छन्। उनीउरूले काट्ने कपास भिक्षुहरूको वस्त्र बुन्ने काम लाग्छ। यस्तो बुनाइको सीपलाई लिएर गाउँलेहरूले कथन वस्त्र दान दिने दिन आपसमा प्रतिस्पर्धा गर्दछन्। यसबारे मैले अन्यत्र लेखिसकेको छु। (कथिन वस्त्र दानको चलनको सम्बन्धमा लेखिएको मेरो कृति हेर्नुहोस्)। जंगली जनावरहरू भएको वनजंगल-नजीकका खेत भएमा चराहरूलाई धपाउने बेलामा बस्नको लागि एउटा अग्लो चौकोस वा रूखहरूमा (मचान) बनाउनुपर्दछ। चराहरू आउँदा एउटा लामो तांदोले हुत्याएर पर परसम्मन् फ्याक्ने माटोको डल्लाको प्रयोग गर्छन्। केटाकेटीहरूलाई यो काम साह्रै मन पर्छ। उनीहरू यी गोलीले यसरी चराहरूलाई हान्न रमाउँछन्। कोही तरुणी स्वास्नीमान्छे यसरी चरा धपाउन गई भने तिनीकी साथमा अक्सर तिनको भाइ साथ लागेको हुन्छ। यो मौका पाई युवकहरू जिस्क्याउन पुग्छन्। अधिबाटै प्रेमी-प्रेमिका भइसकेका कोही भए साथै मिलेर चरा धपाउने काम गर्छन् र साथै खाने गर्छन्। खेतहरूमा हुने यो प्रेमको कथा हो।

तपाईं बजारको बाटो हिंड्नुभयो भने तपाईंले कहिलेकाहीं तीन चारवटा झुप्पा गरेर बाँधी उसिनेको पहेंलो रँगको भँगेरा जत्रो स-साना चराहरू बिक्री गर्न राखिएको देख्नुहुनेछ। भँगेरा भनेका यिनै हुन् जो खेत खेतमा तल ओर्लिएर धान खान आउँछन्। मानिसहरूले उफारेर बजार्नको लागि एउटा डण्डी भएको माछाको जालीबाट पासो बनाउँछन्। अरू चराहरूलाई फसाउनको लागि कहिलेकाहीं बगेरीलाईनै बाँधेर राखिएको हुन्छ। धान खान बँगेराहरूको बथान त्यस पासोमुन्तिरको खेतमा झरेपछि लुकेर बसिरहेको मानिसले त्यस उफ्रिने डण्डी फुस्किने गरी तानिदिन्छ र त्यो बिच्छ्याइएको जाली चराहरूमाथि खस्दछ। यसो गरेर एक पटकमा दशौंको संख्यामा चराहरू समात्न सकिन्छ, थुप्रै पर्न गएको रहेछ भने त सयौं पनि समात्न सकिन्छ। अर्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक प्रकारको पासो छ त्यसलाई पुच्छर हल्लाउने "वाघ" भन्छन् । यो पनि एउटा उफ्रिने डण्डीले नै बनाइएको हुन्छ जुन एउटा सामान्य कुचो मात्र हुन्छ । यस प्रकारको पासोमा पर्नेवित्तिकै अक्सर धेरै चराहरू मर्छन् । यस उफ्रने डण्डीले झट्का दिएर लडाइनेचरा ठाउँ मर्छ वा मरिहालेन भने पनि त्यसको हालत ज्यादै नराम्रो हुन्छ (शब्दशः भन्ने हो भने "पहेंलपुर चिउँडो भएको हुन्छ" मरणासन्न भएकाको लागि प्रयोग हुने यो एक वाक्पद्धति हो) । यसका खुट्टाहरू सबै भाँचिएका हुन्छन् । बँगेरीको नाउँदेखि सबै मानिसहरू बाल्यावस्थादेखिनै परिचित भएका हुन्छन् । कोकोमै छँदा हामीलाई भनिएको हुन्छ कि यसको टाउको पहेंलो हुन्छ । यसको थेको भएको बालकलाई निद्रा पार्ने निम्न लेखिएको लोरी गीत मेरा कानहरूमा यति परेको थियो कि म यसलाई आज पनि सम्झन्छु ।

ए पहेंलो टाउको भएको बगेरी
तँ आउँछस् दुईटा बला च्यापेर चुच्चोमा शहरका खेतबाट
राजाको खेत बनाउँछु भन्दै ल्याउँछस् तं तिनीहरूलाई,
मोटा मोटा लागेका छन् तेरा गालाहरू ।

खेतको धान खाने अर्को एउटा जीव लिडे मूसो हो । यो मूसा खेतमा दुलो बनाएर बस्दछ । वर्षादमा आफूले बनाएको प्वालभित्र पानी भरियो भने यसले पानीमा तैरिने घाँसको गुंड बनाउन सक्तछ । यसले खाने धानको परिमाणबाट त्यति ठूलो क्षति हुँदैन, किनकि यसले धानका बालालाई काटेर मिल्काउँदैन । यसले एक पटकमा बालामा भएको एक गेडा मात्र खान्छ । तिनीहरूको संख्या धेरै भएमा चाहिं ठूलो नोक्सान हुन्छ । यी जीवहरूलाई मानिसले खान हुन्छ । कृषकहरूले तिनीहरूलाई समातेर सुँगुरको मासु जस्तै सेकुवा बनाई खान्छन्, तिनीहरू धेरै स्वादिला हुन्छन् भनी उनीहरू भन्दछन् ।

खेतमा हुने पशु–पंक्षीको कुरा गर्दा खेतमा हुने थल कछुवाको सम्झना हुन्छ जो दुई ठाउँमा बस्ने हुन्छन् । उनीहरू दलदल र पोखरीमा पनि बस्छन् र घाँसका झाडीहरूमा पनि बस्छन् । उनीहरू खेतमै बसिरहन मन गर्दैनन् किनकि तिनीहरूलाई थाहा छ उनीहरूलाई समाउँला र खाउँला भनी बसिरहने मानिसहरूबाट उनीहरूलाई ठूलो खतरा छ । एघारौं तथा बाह्रौं चान्द्रमास तिनीहरूको फुल पार्ने याम हो तर तिनीहरूका फुलहरू लगेर खान खोज्ने मानिसहरूले उनीहरूलाई हैरान पार्छन् । त्यसो भए तापनि मानिसहरू फ्लेमिङ्गो (राजहाँस) चरा र न्याउरी मूसा जत्तिको खराब छैनन् । यी जीवहरू कछुवाको फुलहरू खोजेर खानेमा मानिसहरूभन्दा चर्का हुन्छन् । फ्लेमिङ्गो र न्याउरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मूसा भएको ठाउँमा गोमन तथा अन्य घातक सर्पहरू आनन्दसँग रहन सक्तैनन्, यी दुई थरी जीवातले तिनीहरूलाई हानि पुऱ्याउँछन् । यो सबै संतुलन राख्न खोज्ने प्रकृतिको स्वभाव हो । कुनै पनि जातिको जीव कुनै अति नै धेरै अति थोरै भएमा मानवजातिलाई कष्ट हुन्छ । खेतका गँगटाहरूकै कुरा लिऊँ, तिनीहरूको संख्या अति धेरै भएको हुनाले कृषकहरूलाई असुविधा भएको छ । गोमन सर्प धेरै भएमा गलत ठाउँमा पाइला हालेर तिनीहरूलाई कुल्चेमा तिनीहरूले टोकिहाल्छन्, तर खेतका मूसा खाने कोही पनि भएन भने मूसाहरू धेरै नै धानवालीलाई नोक्सान पार्छन् । फ्लेमिङ्गो र न्याउरी मूसाहरूले सम्पूर्ण सर्पहरूको नाश गरिदिएमा यो दुई थरीबाट के क्षति हुन जाने हो भन्न सकिदैन । मानिसहरूको भनाइअनुसार भारतका कुनै कुनै स्थानहरूमा बाघहरू यति धेरै हुन्छन् र तिनीहरूले सयौं हजारौं मानिसहरूलाई हरसाल यतिको नोक्सान पार्छन् कि तिनीहरू नमारी नहुने स्थिति हुन जान्छ । सबै वा अधिकाँश बाघहरूको यस प्रकार विनाश भएपछि बाघले खाने गरेका बँदेलहरूलाई मारौंला र खाऔंला भनेर बस्ने बाघहरू हुनेछैनन् र अनि तिनीहरूको जनसंख्या बढेर गै ती सबैको लागि खानेकुरो नपुग्ने हुन जान्छ, तब तिनीहरू खेतमा ओईरिदै आएर रोपिराखेका बालीनाली सब खाइदिन्छन् र त्यसबाट यति क्षति हुन्छ कि हिसाबै हुँदैन । तिनीहरूको नियन्त्रण गरी तिनीहरूको जनसंख्या घटाउन धेरै समय लाग्दछ ।

खेतमा हुने जीवातहरूमा एउटा अर्को जीवात छ—त्यो हो खेतमा पाइने पानीमाउ (पानी साँगलो Belostoma Indica) जो अक्सर धाप, जलाशय, चउर तथा घाँसको झ्याङमा हुन्छ । पानी पऱ्यो वा आँधीबेरी आयो भने तिनीहरू कोहीकोही भडकेर खेतभित्र पस्छन् । मानिसहरू यो पानीमाउहरू खान मन पराउँछन् । विचित्रै हो—किनभने तिनीहरू कथाऽय कीरा जस्तै दुर्गन्धी हुन्छन् तर ठूला बडा र अदना सबै वर्गका मानिसहरू तिनलाई खान रूचाउँछन् । मानिसहरू तिनलाई दुई प्याक पारी चिरेर खोर्सानीको चटनीसित पिध्दछन् अथवा माछाको सित्तन मिलाई अचार पार्छन् । यस जीवातको जीउमा मासु—छाला केही हुँदैन, यसको एक मात्र गुण नमिठो गन्ध हो जुन साह्रै लोभलाग्दो हुन्छ । यो सम्भवतः मानव—शरीरको गन्ध जस्तै कीरा-फट्याङ्ग्रा खान रूचाउने जति थाईहरू मात्र होइनन् अरू पनि भएको बुझिन्छ । जिससक्राइष्टको गुरु समान मानिएका सेन्ट जोनले एकान्त वनमा उपवास बस्दा महमा चोपेर फट्यांग्राहरू खान्थे भन्ने कुरा क्रिश्तानहरूको धर्मग्रन्थ बाइबलमा लेखिएको छ । यी ती जातका फट्यांग्रा हुन् जसलाई सलह भन्छन् जुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अफ्रिकालीहरू खाद्यवस्तुका रूपमा खान्छन् । आकाशलाई अन्धकार पारी पृथ्वीलाई ढाक्दै यी कीराहरू ठूलो संख्यामा आएमा मानिसहरूले तिनीहरू थुप्रै थुप्रो समाती वस्तुभाउलाई खुवाउनका लागि थुनेर राख्छन् । खेतमा पाइने पानीमाउहरूलाई बिहानीपख फुल पार्न माथि आइरहेको वेलामा अथवा घाँसका टुप्पा टुप्पामा आफ्ना फुलहरूमा टाँसिएर बसिरहेको वेलामा समात्ने गर्छन् । मानिसहरू बिरालोको चालले गै तिनीहरूमाथि झम्टिन्छन् । सूर्यको गर्मी चढी पानीको सतह तातेपछि यी पानीमाउहरू अक्सर गरम नभएको ठाउँ खोज्दै जान्छन् र मडारिदै घाँसको टुप्पा टुप्पामा चढ्छन् अथवा पानीमा घाँसका बोटहरूको जरामा लुकेर बस्दछन् । कुनै घाँसको बोटमा पानीमाउका फुलहरू भेटिएमा पक्का पनि नजीक कतै पानीमाउ छ भन्ने एकीन हुन्छ । त्यस घाँसलाई हल्लाइदियो भने आफ्ना फुलहरूको चिन्ताले तिनीहरूको रक्षा गर्न लड्न तयार भै त्यो पानीमाउ झटपट निस्कन्छ । मौका पारी मानिसहरूले यसरी निस्केका पानीमाउहरूलाई झम्टेर समाती खानका लागि लिएर जान्छन् । यसरी समात्ने वेलामा होश पुऱ्याउन सकिएन भने यी पानीमाउहरूले आफ्नो मुखभित्र भएको टुङ्ने वस्तुले नराम्रोसित टुङ्दिन्छ । व्याङ्कमा मानिसहरूले पानीमाउहरूलाई राती सामातिरहेको देखिन्छ । आँधीवेरीले तिनीहरूलाई उडाएर ल्याउँछ र इक्वेस्ट्रियन सालिकका जस्ता ठूलठूला बिजुली बत्तीहरूभित्र तिनीहरू उडेर पस्तछन् । के बूढा के बालक सबै पासोमा पारूँला र समातुँला भन्दै हेरेर बसेका हुन्छन् । उड्दै तल तल आएपछि मानिसहरूले कपडाले पिटेर भैं मा खसाल्छन् । पहिले पहिले भए तिनीहरूको बिक्री हुँदाको मोल सबभन्दा सस्तो पाँच सतान्सम्म हुन्थ्यो । उच्च वर्गका मानिसहरू पनि आ-आफ्ना मोटरगाडीमा चढेर पानी-माउहरूलाई ढुक्न पासोमा पार्न र पक्डनका लागि वा किन्न हिंड्थे– यसबाट पानीमाउ खान मन पराउने कृषकहरूमात्र होइन रहेछन् शहरका गाडीवाल बासिन्दाहरू पनि रहेछन् भन्ने दर्शिन्छ ।

रोपाइँको बेला चउरहरूमा जताततै पानी टनाटन भैरहेको हुन्छ । डचाङहरू भएका ठाउँमा जहाँ पनि आँखालाई आनन्द हुने गरी धानका बोट-हरूमा चहकिला हरिया पातहरू लागिरहेका देखिन्छन् । धानका बालाहरू लाग्दा कुनै कुनै बोटहरू बालाहरूको भारलाई थाम्न सक्तैनन् र आधा पानीमा आधा बाहिर पर्ने गरी झुक्दछन् । यसबाट Anabas testudineus र Puntius javanicus जातका खेतमा हुने माछाहरूका लागि चारा जुट्न जान्छ र उनी-हरूले पेटभरि खान्छन् । मानिसहरू खानको लागि यो माछा समात्छन् किनभने सधैंभरी मनग्य धान खाने हुनाले यी माछामा पर्याप्त मासु-बोसो लागेको हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"नयाँ धान र बोसो भएको माछा" भन्ने एउटा ठेट भनाइ पनि छ जसको सकेत शायद यी नै माछाहरूप्रति हो। कृषकहरूलाई सताउने एउटा अर्को जीव छ त्यो हो जूका। केही पनि नभए जस्तो स्वच्छ तथा शान्त पानीलाई चलाएर छपल्याक्क मात्र गरिदिनुपर्छ जूकाहरू हुलै सलवलाउँछन्। जहाँ जहाँ धाप वा पोखरीहरू हुन्छन् सुइरे जूका र भैंसी जूका दुवै थरीका जूका हुन्छन्। पोखरीमा भरिएर पानी बाहिर बगेर जाने बेलामा यी जूकाहरू पनि स्याउँस्याउँ निस्केर खेतहरूभित्र पस्दछन्। तिनीहरूको संख्या घना भएमा खेत जोती रोपाइँ गरिरहेका कृषकहरूलाई एकै पटकमा धेरैले खुट्टामा आक्रमण गर्दछन्। तिनीहरूलाई तानेर निकाल्नु सजिलो हुँदैन किनकि, तिनीहरू रगत चुस्दै टच्याप्प टाँसिएर बसेका हुन्छन्। कडा खालको सूर्ति र चून एक टुक्रा कपडामा पोको पारी कम्मरमा घुसारिराख्नुपर्दछ। जूका लाग्यो भन्ने थाहा पाउने बित्तिकै लागेको ठाउँमा त्यो पोकोले दलिदिएपछि जूका अड्न सक्तैन र आफै झर्दछ।

खेतमा पानी स्वच्छ निर्मल देखिन्छ, किनभने निश्चल हुनुको साथै माटो जति पींधमा बसेको हुन्छ। Trichopodus trichopterus र Rasbora argyrotaenia जस्ता पानीको सतहनिर पौडन रूचाउने जातका माछाहरू स्पष्ट देखिने हुन्छन्। त्यसरीनै पानीमा उम्रने झारपात र खान हुने बिरूवाहरू पानीको सतहमा लहलहाउँदै उम्रिरहेको र हरियो भै रहर लाग्ने गरी फैलिएको पनि देखिन्छ। यी बिरूवाहरू चमसुर (Jussiae repens), साइउतिङ, Desmos crinitus, Begonia obovoidea "जलकछुवाको कलेजो", Ottelia alismoides र साञ्हाइ हुन्छन्। कृषकहरूले कान्ला छेउछेउ धेरै तल पानीमा Centella asiatica र Ipomoea acquatica नाम गरेका बिरूवाहरू उम्रिरहेका हुन्छन्। कृषकहरूले यिनीहरूको उपयोग खोर्सानीको प्ला राछमा चोपेर खानमा गर्छन्। यिनीहरू खरो र खल्लो हुन्छन्। खास किसिमले स्वादिष्ट कुनै कुनै जातको त टर्रा र तीतो पनि हुन्छन्। यी उद्भिद्हरू ठूलठूला राश पारी जम्मा गरी ओरिपरी भूइँमा बसेर कृषकहरूले खुर्सानीको चटनीमा चोप्दै ठूलठूला गाँस हाली मीठो माने झैं गरी करम करम चपाउँदै खाइरहेको दृश्य पनि देखिन्छ। खोर्सानीको चटनीसंग खानेकुरो खानलाई कृषकहरूले माछा मारी त्यसको जीउभरी हिलोको लेदो पोतेर आगोमा पोल्दछन्। पाकेपछि माटो उप्काउँछन् र यसो गर्दा छाला समेत निस्कन्छ अनि माछाको सफा सेतो मासु देखिन्छ जुन हेर्दैमा खाऊँ खाऊँ लाग्ने हुन्छ। समातिएका माछाहरू स-साना भएमा Zingiber Zerumbet जस्ता बोटका पातहरूमा बेरेर आगोमा हाल्छन्। काँडाहरू धेरै भएका भएमा सर्वप्रथम मसीनो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पारी टुक्रा टुक्रा गर्दछन् । यस प्रकारको खानेकुरोलाई डोब्ला भन्दछन्। आफू कृषक नभएका मानिसहरू कोही वर्षादमा अर्थात् रोपाईंको याममा खेतहरूतिर गएमा त्यहाँ उम्रिरहेका बोट-बिरुवाहरू नबटुली वस्न सक्तैनन् । तिनीहरू त्यतिका रसिला-भरिला र खाऊँ खाऊँ लाग्ने खालका हुन्छन् । तिनीहरूले मानिसहरूको मनलाई प्रफुल्ल र आनन्दित तुल्याइदिन्छन् । यस याममा खानको लागि ताजा सागपातहरू प्रशस्त हुने हुनाले कृषकहरू भोकै पर्दैनन् । सबभन्दा चल्तिको सागपात Ottelia alismoides हो । यसको फूल सेतो हुन्छ र पानी माथि उठेर बस्छ । यो बीच बीचमा सर्पको टाउको जस्तै देखिने हुन्छ । निर्मल पानीमा सफासित देखिने यसका डाँठहरू पनि सर्प जस्तै नागबेली परेका हुन्छन् । यसैले पहिलेदेखि नै Ottelia alismoides को बोट ठूलो भै बूढो भए-पछि Herpeton tentaculaton नामक सर्पको रूप धारण गर्दछ भनी भन्ने चलन चलिआएको छ । नभन्दै पानीमा भएको माछा समाप्त कुरेर बस्ने मत्स्य-भक्षी सर्पहरूको समूहका साँच्चैका सर्पहरू बराबर भेटिन्छ र यसैले मानिसहरू तुरून्तै निष्कर्ष निकालेर यी सर्पहरू Ottelia alismoides बोटबाट जन्मेका हुन् भन्न पुग्छन् । पानी गहिरो भएको ठाउँहरूका कमलका फूलहरू फक्रेर फुलेका हुन्छन् । यी फूलहरूलाई टिपेर बिक्री गर्छन् । तिनीहरूलाई लचिलो डाँठ भएका कमल भन्दछन्, कहिलेकहीं तिनीहरूलाई तीता कमल पनि भन्दछ । किनकि तिनीहरूको गाँठोहरूको बास्ना तीतो हुन्छ । गाँठाहरू दुई-तीन इन्च व्यासका बाटुला ठूला हुन्छन् । पातहरू गोल गोल आकारका, भित्रपट्टि कलेजी रँगको रातो र भुवा भएका हुन्छन् । तिनका किनाराहरू करौंतीको दाँत जस्तै दाँती परेका हुन्छन् । फूलहरू सेता हुन्छन् र बाहिरी पत्रहरू गुलाफी हुन्छन् । पत्रका टुप्पाहरू धार नभएका वा अलिअलि चुच्चे परेका हुन्छन् । फूलहरू राती फक्रन्छन् र भोलिपल्ट दिउँसो टम्म बन्द हुन्छन् । वनस्पति विज्ञानमा तिनीहरूको नाम Nymphaea lotus var. pubescens रहेको छ । तिनीहरू यताउति त्यसै नउम्रने, घरमा रोपिराख्ने सेतो फूल फुल्ने **सात्तबुद** कमल तथा रातो फूल फुल्ने **सात्तबान्** कमलकै जातका फूल हुन् । लचिला डाँठ भएका कमलको फूलहरू बाहेक वर्षा याममा खेतहरूमा घना भै बढ्ने अन्य प्रकारका कमलका फूलहरू पनि हुन्छन् । रेल चढेर सफर गर्दा तपाईंले यस्ता फूलहरू बराबर देख्नुहुनेछ । तिनीहरूका एक चौथाई इन्चीका मात्र वा त्यो भन्दा ठूलो आकारका अति सुन्दर सेता फूलहरू धेरै नै हुन्छन् तर पाँच छः इन्च व्यास भएका ठूलठूला कमल पनि हुन्छन् भन्ने सुनिन्छ । यिनीहरू **फाय्न** र **फान्** हुन् जसलाई वनस्पति विज्ञानमा Nymphaea Stellata भन्दछन् । तिनीहरूका गाँठाहरू एक इन्च जति ठूला,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोल गोल आकारका हुन्छन् । पातहरू अण्डाकारका मुन्तिर बैजनी रँग भएका तर भुवा नभएका हुन्छन् । तिनीहरूका किनाराहरू दाँती नभएका एकनासले सम्म भएका वा धेरै जसो पातला हुन्छन् । पूर्णरूपमा फक्रेका पुष्प-दलहरू लामा तथा तीखा तीखा टुप्पा भएका हुन्छन् । तिनीहरू सर्वाङ्ग सेता हुन्छन् अथवा भर्खर भर्खर फुलेको अवस्थामा टुप्पाहरू हल्का नीलो रँगले रँगिएका हुन्छन् र पछि पूर्णविकसित भएपछि गुलाबी हुँदै बैजनी रंगको भएर जान्छन् । यिनीहरू दिनमा फुल्ने प्रकारका फूल हुन्, साँझ परेपछि तिनीहरू खुम्चिन्छन् । पूर्णतया सेता अथवा सेतो पुष्प-दलका टुप्पाहरू हल्का नीलो भएका, रँग नबदलिने फूल हुने जातकालाई **फायन्** कमल भन्छन् र नीलोबाट गुलाबी भएर बद्लिने फूल हुने जातकालाई **फान्** कमल भन्दछन् । **फायन्**चाहिं **फान्**भन्दा कम सुगन्धी हुन्छ । तीनै फूलहरू हुन् जसका गाँठो वा जरा मानिसहरू खाने गर्छन् । तिनीहरू तीता हुँदैनन् उदाहरणको लागि, डाँठहरू नै पनि प्ला राडमा चोपेर काँचै खान सकिन्छ, तिनीहरूलाई लचिलो डाँठ भएको जातका कमल[1] जस्तै उसिन्ने वा तरकारी बनाउने गरिँदैन ।

कति सुकुमार, कति मनमोहक यी **फायन्** फूलहरू
उम्रिरहेका पराग छर्दै, लहलहाउँदै बाटोका छेउछाउमा
झ्याम्मिरहेका छन् पानीमुनि साऽइमाथि
चिंगडी माछाको नङ्ग्राहरू माथि अर्को खप्टिदै;
साऽइ तिङ र "कछुवाको कलेजी" का झुप्पाहरू
देखिन्छन् एकपछि अर्को बिराएर बसिरहेका दायाँ बायाँ लहर मिलेर,
पानी कटुस, पानी चुकन्दर र पूरै फूलेका कमलका फूलहरू,
टिलपिल टिलपिल तारा झैं छरिएका छन् सेता सेता सबैतिर ।
साँच्चै, युवतीहरूले आएर यो दृश्य देखे भने,
झर्नेछन् चउरहरूमा सोझै खेली खेली रम्नलाई
स-साना डुंगा भएकाहरू ता गर्ने छन् विहार पानीमा बहनाहरू खियाई
खियाई
खिच्दै तान्दै डाँठहरू **फान्** कमल र **सन्तःवाऽ** बोटहरूको ।

यी पंक्तिहरू वर्षायामका खेतहरूको सौन्दर्यको वर्णन गर्दै सुन्थुक फुउ[1]ले लेखेका हुन् । यिनबाट कविको जस्तो आँखा भएकाहरूको लागि खेतहरूमा पनि मनमोहित गर्ने सौन्दर्य हुन्छ भन्ने देखिन्छ ।

---

१. सुप्रसिद्ध कवि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षाकालमा खेतमा पाइने प्राकृतिक विषयहरूको वर्णनमा अल्झेर हामीले जुनसुकै अवस्थामा नआई नछाड्ने भ्यागुता र पाहारहरूको कुरा गर्ने बिर्सेको। राती राती तिनीहरू जोड जोडसित कराउँछन्, कान खाने गरी आवाज निकाल्छन्। कविहरू भने ती आवाजलाई "झ्याली र ढोलकहरू बजे झैं" सम्झन्छन्; निश्चय पनि ती आवाजहरू मोटर–साइकल र ढ्वाँगहरूका आवाज-भन्दा त कमै मात्र कान खाने किसिमका हुन्छन्। यथार्थमा, प्रकृतिका कुरामा हुने राम्रा राम्रा पक्षहरूको कुरा गर्ने हो भने तिनमा खेतहरूमा हुने धेरै प्रकारका मनमोहक र आकर्षक कुराहरू पनि आउँछन्। ती सबैले मन र आँखा दुवैलाई मुग्ध पार्छन्। मानिसले देख्छ:

खेतमा धानका बोटहरू
खुशी खुशी हुर्कन्छन्,
छिटो छिटो हाल्छ धानले बालाहरू
झुप्पा झुप्पा भै जुन झुल्दै हल्लिन्छन्।
जताहेर तिनकै टुप्पा र तिनकै पात
फाँट फाँटभर, खेतमा,
अघि सार्दै झुकेका
क्या गजबका।

धान काट्ने

बाह्रौं चान्द्रमास र पहिले चान्द्रमासको शुक्लपक्षको बीचमा धानका बालामा भएका धानका दानाहरू पाकी छिपेपछि कृषकहरू पहिलो र दोस्रो चान्द्रमासमा धान काट्ने सुरसार गर्छन्, कहिलेकाहीं यो काम तेस्रो चान्द्रमासको शुक्लपक्षसम्मका लागि पर सार्छन्। सबभन्दा पहिले तिनीहरू प्रथम पटक हलो जोतेको खेतको खेतको धान काट्छन्। पछि बीउलाई चाहिने धान जति काटेर एकातिर पुऱ्याउँछन्। त्यसपछि तिनीहरू अरू खेतमा भएका धान काट्नतिर लाग्छन्। कुनै कुनै ठाउँमा काट्नुभन्दा अघि काम सजिलो होस् भन्नाका लागि बोटहरूलाई मिलाउने गर्छन्। अर्थात् एकजना मान्छे एउटा लट्ठीलाई बीच भागमा समातेर खेतमा ओहोरदोहोर गर्छ। त्यो वेला खेत चीसै भएपनि सुक्न लागिरहेको हुन्छ। उसले त्यो लट्ठीले धानका बोटहरूलाई दायाँकोलाई दायाँ र बायाँकोलाई बायाँ धकेलिदिन्छ। यसले गर्दा काट्न सजिलो हुने गरी बोटहरू लहरै मिलेर ढल्छन्। यसो नगरी बोटहरूलाई जता पायो उता आफै ढल्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिइएमा उनीहरू आपसमा जेलिन गई काट्न मुश्किल हुन्छ। यसो भएमा "जँड्याहा लोग्ने पाउनु सुँगुरहरूले लडाएको धान काट्न समान हुन्छ" भने झैं हुन्छ। अर्थात् सुँगुरहरू भित्र पसी जथाभावी कुल्चे झैं गरी जोल्टिन जान्छन्। धानको बोटलाई यसरी मिलाएर ढाल्दा दिशा मिलाई ढल्छ। लमाइ-तिरबाट वा छड्केतिरबाट गर्नुपर्छ भन्ने छैन। खालि कुरा के भने दिशा मिलाई ठीकसित गर्नुपर्छ। उदाहरणको लागि, जुन खण्डको बाली बिहान काट्ने विचार गरिएको हो त्यो खण्डको धानलाई पश्चिमतर्फ पारी सम्याइएको हुनुपर्दछ। दिउँसो काट्ने हो भने पूर्व दिशातर्फ ढाल्नुपर्छ। यी सबै गर्नुको कारण के भने यसो गर्नाले धान काट्ने समयमा घाम मुखमा नपरी पिठ्यूँमा पर्ने हुन्छ।

धान काट्ने वेलामा गोल मिली आपसमा मद्दत गर्ने व्यवस्था भएको अवस्थामा त्यसको लागि युवक–युवतीहरू खुशीसाथ जम्मा हुन पुग्छन्। किनभने त्यो वेला हाँसी–खुसी भेटघाट गर्न, काम गर्दा गर्दै खेल्न, धान काट्दै गाउँदै गर्न, र रमाइलोसँग ख्यालठट्टा गर्न पाउँछन्। त्यसो भए तापनि छेडपेचका जुहारी गीत भने गाइंदैन किनभने त्यो वेला काम गर्ने समय हो। त्यो वेला यस्ता गीतहरू गाइने हालिएमा एउटै कारणकै हुन्छ भने कुनै युवकको कुनै युवतीसँग प्रेम परेको छ र यही मौका भेट्टाएर फुलाउने गीतहरू गाई मनको भावना पोख्तछ। युवतीले यो कुरा बुझ्छे। सँगै बसेर धान काटेमा त्यस केटोले प्रेम याचना नगरी छोड्दैन भन्ने ऊ थाहा पाउँछे। तर समान्यतया तिनलाई पनि मन परेकै हुन्छ, किनकि तिनले पनि आफ्नो वाचिक सीपको प्रदर्शन गर्दै छेडपेचको गीत गाउन थालि-हाल्छे। आफू राम्रो गाउन नजान्ने भएमा तथा आफूमाथि विश्वास नभएमा वाचिक शीप भएका आफ्ना मिल्ने संगिनीहरूलाई आफ्नो अगल बगलमा बसी धान काट्न बोलाउँछ। केटोले गाउँदै पेच गरेमा उसलाई उत्तिखेरै जवाफ दिइन्छ। यसैमा मजा हुन्छ। धान काट्दा अगल बगल लहरै बसेर काट्दछन्। आफ्नो संजिलो हेरी धानका बोटहरू हातमा बटुलेर एक एक विटो गरी काटिसकेपछि अंगालोमा बोक्दै हिंड्छन् वा तत्कालै खात पनि लाइदिन सक्तछन्। आफ्नो पट्टिको धान काट्न सकी खेतको डयाङमा पुगेको मान्छे आरामसाथ बसेर आफ्नोतिरको बाली काट्न नसिध्याएका अरूलाई कुरिरहन्छ। सबैले काट्न सिध्याएपछि तिनीहरू फेरि अर्को खण्डमा काट्न जान्छन्। यसैले छिटो काट्न नसकी ढिलो पुग्ने व्यक्तिलाई खिसिट्यूरी गर्छन्। कोही ढङ्ग नभएको छ र धान काट्नमा छिटो छैन भन्ने थाहा हुन गएमा अरू यस प्रकार काट्दै जान्छन् कि तिनीहरूका आफ्ना लहरहरू घसिंदै जान्छन् र त्यस ढिला काट्ने व्यक्तिको भागमा परेको लहर फराक हुँदै गई काटी सिध्याउन उसलाई अझ बढी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समय लाग्न जाने हुन्छ । उता आफ्ना लहरका धान काट्न सिध्याएका मानिसहरू गएर खेतको आलीमा बसी पखिरहन्छन् । यस प्रकार धानलाई "टापूको चारैतिर धान काट्नु" भन्छन् । "टापूको चारैतिरको धान काट्नु" को शिकार भएको मान्छे उसका साथीहरू, केटा र केटी सबैले जिस्क्याएर मजा गर्छन् । उनीहरू त्यसलाई गिज्याएर बस्दछन् । गिज्याउँदा यसरी गाउने गरिन्छ, "छिटो दिदी, छिटो गर, ड्याँगमा चाँडै पुग, हेर, गफगाफ गरौं, धेर ।" यस्तो रमाइलो हाँसखेलमा बूढापाकाहरू कमै मात्र चासो लिन्छन्, खेलबाडमाभन्दा काममा बढी जोड दिएर उनीहरू अक्सर धान काट्नुमा नै तल्लीन भैरहन्छन् । खेलबाडमा भाग लिइहाले भने पनि तिनीहरूलाई त्यसमा त्यत्तिको मजा आउँदैन । तिनीहरू जवानहरूलाई मोजमजा गर्न दिन्छन्, किनभने जवान भनेको नै हो, संसारको प्राकृतिक स्थिति यस्तै छ र यसको विपरीत चल्न प्राकृतिक नियमहरूमा धाँजो हाल्नु हुन्छ । "कसैले नरमाइलो लाग्यो भन्यो भने उसलाई विश्वास नगर्नु ।" त्यसैले बूढा भइसकेर पनि मन लागी गरेर हिंड्न चाहने कोही यस्ता मानिसहरू अक्सर या त राँड हुन्छन् या त बूढो भइसकेपनि भिक्षु–चर्या छोडिसकेका मानिस हुन्छन्, युवाहरूकालागि दिल्लगीका पात्र बन्दै अरूहरूसँग हाँसखेलमा सरीक हुनु पुग्छन् ।

धान काट्ने काम अक्सर बिहान सबेर शुरू गरिन्छ । घाम तातिन थालेपछि काम रोकी विश्राम लिइन्छ । दिउँसो फेरि शुरू गरिन्छ । हलो जोत्ने तथा धान रोप्ने काममा पनि यही क्रमको अनुसरण गरिन्छ । जसले जति सुकै धान काटोस् ती सबै कुन्योंमा खात लगाई राखिन्छ । काट्न सकिए-पछि सजिलोसित बोकी लैजानको लागि मुठा मुठा पारी बाँध्नु धानबालीका धनीको काम हुन्छ । बाँध्नको लागि डोरीको रूपमा बाँसका पत्तीहरूको प्रयोग गरिन्छ । यस्ता पत्तीहरू पाइएनन् वा पाइए पनि तिनीहरूबाट काम लिन असजिलो भएमा पराललाई बाटेर डोरी बनाई बाँध्छन् । यस्तो डोरी लाई खन्हेद् भन्दछन् । यसरी मुठा बाँध्ने पनि शीप र अनुभव हुनु आवश्यक छ । मुठाहरू राम्रोसित बाँधिएन भने वा बाँध्दा कसिएन भने फुस्कन सक्तछन् ।

अब हामी घर-कुरुवा बसी अरूसँगै धानबाली काट्न नआउने बूढा पाकाहरूको कुरा गरौं । तिनीहरू पकाउने-तुल्याउने गर्दछन् र काम रोकी आराम लिने समयमा खेतालाहरूलाई खुवाउने खानेकुरा दिई केटाकेटीहरू-लाई खेतमा पठाउँछन् । साँझमा धान काट्न छोडेपछि सबैजना मिली बाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भिव्याउने गीतका खेल खेल्छन् । यो खेल साँच्चिनै खेल्ने नै भनेर खेल्ने गर्छन् । खेल जस्तो नगरी खेलकै लागि खेल्छन् । यसलाई **तेन् काम् राम् खियउ** भनिन्छ; त्यसको अर्थ हो प्रत्येक खेलाडीले एक हातमा एक मुठी (काम्) धान र अर्को हातमा एउटा हँसिया (**खियउ**) लिएका हुन्छन् । तिनीहरू गाउँदा हाउभाउ गरी गाउँछन्, आफूले गाएका गीतको धूनको तालमा नाच्छन् । कृपया "थाई संस्कृतिः स्थानीय मूलका खेलहरू" भन्ने पुस्तकमा बाली भिव्याउने गीतहरूका बारेमा लेखिएका लेखहरू पढ्नुहोस् । **तेन् काम् राम् खियउखेल** मूलतः आजभोलि जस्तो मनोरन्जनको लागि खेलिने बाली भिव्याउने गीतका खेलहरू मात्र होइन भन्ने शब्दका गरिन्छ । हुन सक्छ, यो खेल परापूर्व कालदेखि चलनको रूपमा चली आएको खेल र नाचको रूप हो । कुनै खास विश्वासअनुसार यसमा धान काट्ने सम्बन्धमा नाच्ने-गाउने रीति समाविष्ट हुन गएको होला । पछि गएर यी विश्वासहरू हराउँदै गएर वा तिनमा परिवर्तन हुँदै गएर रमाइलो गर्ने मात्र रहन वाँकी रहन गयो र शुरूको मूल उद्देश्य बिर्सियो । बाली भिव्याउने गीतका शब्द-हरूको अध्ययन गरेर आज यसबारे केही थाहा पाउन सकिँदैन किनभने गीतका शब्द समयानुसार परिवर्तन भैसकेका छन् । **तेन् काम् राम् खियउको** नाउँमा एउटा सानो प्रमाण बाकी रहन गएको छ ।

अरूहरू **तेन् काम् राम् खियउ** खेल खेल्नमा मस्त रहँदा धानका धनी मुठाहरू बाँध्दै चाङ लगाइरहेका हुन्छ । खेलेहरू खेलिरहेकै हुन्छन्, उ यता मुठा पार्दै समूह समूह मिलाई कुन्यौं लगाउँदै गरिरहेको हुन्छ । रात परेपछि खेल खाल बन्द गरी सबै घर घर जान्छन्, भोजभतेर कुनै हुँदैन । धानको धनी र उसका सहायकहरू छिटो छिटो बीउ राख्ने धान, घैया धान आदि गरी मुठाहरूलाई अलग अलग समूहमा छुट्याएर घरमा खला-तिर लैजाने सुरसार कस्छन् । ती मुठाहरू ठूलाठूला भएमा पहिले कहिल्यै बोक्ने नगरेकोले दुई मुठा पनि बोक्न सक्तैन किनभने तिनीहरू धेरै गह्रुंगा हुन्छन् । ती मुठाहरूलाई उचालेर काँधमा हालिसकेपछि धानका दानाहरू झर्लान् भन्ने डरले वाटोमा कतै बिसाउने गर्दैनन् । खलासम्मको वाटो लामो नभएमा बोकेर लैजान त्यति कठिन हुँदैन तर धेरै टाढा छ र धान पनि ज्यादा भएमा बयलगाडा वा ठेलामा राखेर लैजान्छन् तर यसो साधन सम्पन्न व्यक्तिहरूले मात्र गर्न सकिने कुरो हो । साधारण मानिसहरू सामा-न्यतया बोकेरै लैजान्छन् । खेतहरू घरबाट धेरै टाढा भएमा सबै धान एकै खेपमा ओसार्न सकिँदैन, उनीहरूले लगेर बीच वाटोमा सुत्त र रेख-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देख गर्न पर्याप्त व्यवस्था भएको पाटी (वा विश्रामगृह) मा राख्दछन् । पूरा नसिद्धिएसम्म यस प्रकार उनीहरू हरेक दिन धान काट्ने र बोकेर लैजाने गर्दछन् ।

वाली काट्ने समय हुनुभन्दा पहिले घरकुरुवा भै बस्ने बूढाबूढीले धान चुट्ने खला तयार पार्दछन् । (धान चुट्ने भनेको परालबाट धानका दानाहरूलाई झार्नु) । धार चुट्ने खलाको रूपमा प्रयोग हुने ठाउँलाई सम्म र चिप्लो नभएसम्म तथा त्यहाँको माटो कडा र बलियो नभएसम्मन् कुटेर-पिटेर बनाउँछन् । त्यसपछि गोरू तथा भैंसीको ताजामल ल्याएर पानी-मा भिजाई त्यसमा गुँड भएको काठको बोक्रा मिलाई वा नमिलाई सम्पूर्ण माटोलाई ढाक्ने गरी खलाभरि पोत्छन् । जति बाक्लो गरी पोत्न सकियो उति धेरै राम्रो हुन्छ । घनघोर पानी परेमा पनि भुइँ बिग्रिंदैन, किनभने पानीलाई माटोले सोस्दैन, पानी भुइँको सतहमाथि अड्छ, र धेरै समय बित्दा नबित्दै सुकेर जान्छ । यस अवधिमा पर्ने वर्षालाई खला सफा पार्ने पानी भन्दछन् । धान चुट्दा धानको बचावट होस् भन्नाको लागि गोरु र भैंसीको मलले खला पोत्ने काम गरिन्छ । यसो गर्दा धूलो र बालुवा मिसिन पाउँदैन । धानहरू खलामा ल्याइपुऱ्याएपछि अलग अलग किसिमका धानलाई अलग अलग राखी त्रिपार्श्व बनाई एकातिर तह लगाई मिलाउने काम बूढा बूढीहरूले गर्छन् । त्रिपार्श्व तीनकुने तकियाको आकारमा बनाइन्छ, त्यो कति ठूलो बनाउने भन्ने कुरा धानको परिमाणमा निर्भर गर्दछ । यस आकारमा धानको छल्ली लगाउनाले पानीबाट धानको बचावट हुन्छ भनी मानिसहरू भन्दछन् । यसो गर्नाले घनघोर वर्षा भए पनि केही हुँदैन, पानीले बाहिर पट्टिको धानलाई मात्र भेट्टाउँछ, भित्रपट्टिको चाहिं भिज्न पाउँदैन किनभने छाना जस्तो भएर रहेको तीनकुने छल्लीको सतहबाटै वर्षाको पानी तर्केर जान्छ । धान चुट्ने ठाउँ घरदेखि टाढा भएमा, त्यसमाथि छाना लगाइन्छ र बूढा मानिसहरू त्यसको पहरा गर्न त्यहाँ सुत्छन् । सम्पूर्ण गाउँले सामू-हिक रूपले प्रयोग गर्ने ठूलो आकारका एक थरी र अलग अलग घरपरि वारले प्रयोग गर्ने साना साना आकारका गरी धान चुट्ने खलाहरू दुई किसिमका हुन्छन् ।

धानबाली काटी चुट्ने खलामा लगेर राखिसकेपछि कुनै कुनै स्थानमा मानिसहरूले बीउ राख्ने धानको छल्लीमाथि झण्डा ठड्याउने गर्दछन् । यो झण्डा कपडा वा अन्य कुनै पनि कुराले बनेको हुन्छ । कपडाको हकमा सामान्यतया सेतो वा रातो एउटा वा दुई रंगको कपडा प्रयोग गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रकारको झण्डा किन राखिने हो मैले थाहा पाउन सकेको छैन । धान चुटेर खलामा लगेपछि यही झण्डा वा अरू कुनै नयाँ झण्डा उस्तै तरीकाले धानको बीउको छल्लीमाथि राख्ने गरिन्छ । यसरी राखेर काम सकेपछि त्यस झण्डालाई मिल्काइदिन्छन् र त्यसमा फेरि कुनै चासो लिइँदैन आखिर यो ध्वजा यसरी किन राख्ने गरिन्छ ? अनुमानै गर्ने हो भने के हुन्छ भने यो एउटा चिनु हो जसले त्यस छल्लीमा भएको धान बीउको लागि राखिछोड्नुपर्ने भन्ने देखाउँछ । कुनै चिनु नराखीकन यस्तो बीउको लागि जोगाइराख्नुपर्ने धान अन्य जातका धान छल्लीमा मिलाई राखिएमा बिसिएर एकै ठाउँमा मिसिन जान सक्छ । शुरू शुरूमा यी ध्वजाहरू यसरी चिनु वा सूचकको रूपमा प्रयोग गर्ने गरिएको भए पनि पछि आएर शोभा दिने रँगी बिरँगी पताकाको रूपमा देखा पर्न थाले । अर्को कुरा, ध्वजाहरूको चलन सबभन्दा पहिले धर्मकर्ममा हुन्थ्यो । यसैले ध्वजा लगाउँदा एक किसिमको पवित्र भावनाको उद्भव स्वतः हुन जाने हुनाले चिनुको[३] रूपमा अरू कुराभन्दा ध्वजाको प्रयोग गर्नु बेस मानिएको छ ।

धानबालीलाई खलामा पुऱ्याइसकेपछि कृषकहरू खेतमा फर्केर आई यताउति छरिएर रहेका बालाहरू बटुलबाटुल पार्छन् । धेरै त हुँदैन, तर जति भएपनि जुनसुकै जातका भए पनि थितिको रूपमा बटुलबाटुल पार्नको लागि पर्याप्त नै हुन्छन् । यस चलनलाई धानदेवीलाई आमन्त्रण गर्ने भनिन्छ । यसरी बटुल्ने बेलामा उनीहरू "ए धान–देवी ! धानका खलामा सवारी होस् । खुला फाँटमा, चउरमा यताउति नलागिबक्सियोस् मूसाहरूलाई टोक्नेछन्, चराहरूले चुच्चाहरूमा राखी लैजानेछन् । मजासँग बस्न पाइने ठाउँमा सवारी होस् । सुख–सुविस्ताराय आफ्ना छोराछोरी, नातिनातिनालाई पालन–पोषण गरिबक्सियोस् । बिन्ति छ, सवारी होस् । कूः ।" भनी फलाक्ने गर्छन् ("कूः" भन्नेमा आइपुग्दा उनीहरू लामो लेघ्रो तान्ने गर्छन् ।) उक्त पाठ कण्ठ नआएमा उनीहरू आफूलाई लागेको कुरा जे भए पनि भन्ने गर्दछन् । यसै गर्दै उनीहरू भुइँमा सबै किसिमका धान बटुली एउटा खास्टो वा ढक्कीमा राखी लगेर धानलाई धान–देवीको धान भनिन्छ र यसलाई धानको जीवन वा आत्मा (ख्वान्) मानिन्छ । खलामा पूजा–अर्चना गर्न सकिएपछि यी धानका बालाहरूमा पराल मिसाई एकै ठाउँमा बाँधी धान–देवीको मूर्ति बनाउँछन् । अनि माथि भने झैं पछि बीउ राख्ने बेलामा प्रयोग गर्नेलाई तिनीहरूलाई लगेर धानका बीउहरूका साथ एकातिर थन्क्याउँछन् ।

अयुद्ध्या भन्ने ठाउँमा धानको ख्वान्लाई विधिपूर्वक आह्वान गरेर खला-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा आमन्त्रण गरिन्छ (नाज्इमानिद वान्लिझूदोम्ले मलाई तयार गरिदिनु भएको टिपोटहरूअनुसार) । धान काटेर खलामा लैजाने वेलामा सवैजसो धान बोकेर लगिसकेपछि धानको ख्वान् अर्थात् धान–देवीको ख्वान्लाई घर र खलामा आमन्त्रण गर्ने विधिको तयारी गरिन्छ। त्यसको खाद्यवस्तुको जोरजाम गरिन्छ । त्यसमा केराको पातको एउटा बोहोताभरि रातो उसिनेका केकहरू, केराको पातको एउटा बोहोताभरि उसिनेका सेता केकहरू, केराको पातको एउटा बोहोताभरि "हात्तीको कान" नामक केकहरू (घैया चामलको पिठोलाई तीन–कुनेको आकार बनाई पाक्ने गरी उसिनेर नून र नरिवल हाली बेलेको), एक काँगियो नामवा केरा, एक उसिनेको फुल (टुक्रा–टुक्रा पारिएको), कसौंडीको माथिल्लो भागबाट लिइएको भारको एक डल्लो, अथवा यसलाई केराको पातको सोलीमा राखे पनि हुन्छ, अनि सूती वा रेशम जेसुकैको भए पनि एक जोर नयाँ लुगा अर्थात् एउटा नयाँ लवेदा र नयाँ सुरूवाल हुन्छन् । यो विधि गर्ने समयको हकमा शुक्रवारको दिन दिउँसो दोस्रो प्रहरको समय पार्छन् । खेतमा पुगेपछि चढाउन भनी ल्याएको लुगा फुकाएर भुइँमा फैलाइन्छन्, अथवा फुकाए जस्तो भाउ मात्र गरे पनि हुन्छ । त्यसपछि खाद्यवस्तुलाई निकालेर चढाइन्छ । यति गर्न सकिएपछि धानका डाँठका ठुटाहरूलाई सानो मानव–मूर्तिको आकृति बनाई बाँधी हातले माथि आकाशमा उचालेर धान–देवीको आह्वान गर्दै "हजूर सवारी भएर धेरै कालसम्म खेतमा घाम–पानी सहिबक्सियो । अब धान चुट्ने खला र घरको शीतल छहारीमा फिरिवक्सने हो कि ?" भनी स्तुतिपाठ गरिन्छ । त्यसपछि चढाइएका कुराहरू खेतमा नै छोडेर त्यस मूर्तिलाई खलामा लगेर राखिन्छ । खेतको त्यस थलोमा चरा–चुरूङ्गी तथा कागहरूलाई दान दिने भनेर आफूले हेरेर मन लागे जति काटेको धान छर्नु पर्छ । खलामा आइपुगेपछि त्यो लुगा फुकाएर बाली काटी सँगै ल्याएका धानका कल्लीहरूको छल्ली माथि फैलाएर राखिदिनुपर्दछ । अनि धान–देवीलाई नयाँ पोशाक लगाइदिने भाउ गरी त्यस मूर्तिलाई लुगामाथि ठडयाइन्छ । अनि अघि खेतमा लगेर जे जति चढाइएका हुन् त्यतिकै कुराहरू अर्को जोर ल्याएर चढाई आफ्नो जीविकोपार्जनका लागि जे जस्तो शुभ ठानिन्छ त्यही अनुसार थरीथरीका कुराहरूको उच्चारण गरिन्छ । यति गरिसकेपछि विधिकार्य सकिन्छ । रात्बुरी प्रान्तमा पनि माथि बयान गरिए जस्तै धान चुटने ठाउँमा पूजा–आजा गर्ने चलन छ । त्यो विधि धानका कल्लीहरू चुट्ने ठाउँमा लगिसकेपछि गरिन्छ । त्यसको लागि खलाको बीचमा एक चटाई ओछ्याउँछन् र कहिलेकाहीं त्यसको माथि सेतो कपडा बिछ्याइदिन्छन् । चढाउनको लागि मासुका परिकारहरू र मिठाइ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरू फिजाएर राख्छन्, र एक जोर नयाँ लुगाको साथै हँसिया, पराल तान्ने अंकुशी, कुटो, कोदालो आदि कृषि–औजारहरू पनि फैलाएर राख्छन् । पूजा गर्नको लागि धूप र मैनवत्तीहरू बाली चढाउने कुरा चढाउँछन् । अनि एउटा बेसारले रँगाइएको सूती डोरी लिई त्यसद्वारा **ख्वान्** विधि गरी औजारहरू वरि-परि बाँधिदिन्छन् । गोरू र भैंसी तथा डल्लेठो र हलो जस्ता बोकेर भित्र ल्याउन गाह्रो हुने ठूलठूला औजारहरू भित्र नल्याए पनि हुन्छ, **थाम् ख्वान्** गर्नको लागि डोरोलाई बाहिरै लगी तिनीहरूलाई बाँधिदिए पुग्छ । खलाको बीचको लट्ठामा **नाम्वा** केराको एक काँगियो र सुकेको एक नरिवल बाँध्छन् । धान–देवीलाई चढाउने–वर्ने कार्य सम्पन्न भएपछि धान–देवीको धानसहित यो नरिवल खलामा लगेर राख्छन् । धर्म कार्य गर्ने समय नभएसम्म त्यसलाई केही नगरी त्यसै राखि छोड्छन् । त्यसपछि त्यस नरिवललाई झिकेर त्याई बौद्ध भिक्षु-हरूलाई दिने गर्दछन् । पाकेको **नाम्वा** केरा चाहिं पूजाविधि सकिएपछि खलाको बीच भागको लट्ठामा नै छाडिदिन्छन् र त्यहाँबाट झिकेर कुनै काममा लगाउने गरिँदैन, तापनि तिनीहरू धेरै समयसम्म टिक्दैनन्, किनभने केटाकेटीहरूले एउटा-दुइटा, एउटा–दुइटा गरेर तान्दै सबै खाइदिन्छन् । कहिलेकाहीं त ती रातभर पनि रहन पाउँदैनन् ।

दक्षिणतिरको प्रान्तमा धानबाली पाकेर काट्ने बेला भएपछि "धान-बालीलाई डोरो बाँध्ने" भन्ने **थाम् ख्वान्** विधि गर्ने चलन छ । रोपिएको धानमा मोटो र मसीनो दुबै थरीको धान भएमा यो "धानबालीलाई डोरो बाँध्ने" विधि पटकै पिच्छे गर्नुपर्दछ । त्यसपछि चुट्ने र खलामा पन्छाउने दुवै समयमा गरिने धानबालीको **थाम्ख्वान्** विधि गरिन्छ । यो विधि अरू बेला गरिने **थाम् ख्वान्** विधि जस्तै नियमित रूपमा गरिदिने, कहिलेकहीं मात्र गरिन्छ ।

झरेको धानको बाला खोज्ने र त्यसलाई धान–देवी मान्ने चलनमा एउटा विचित्रता के छ भने यूरोपका विभिन्न राष्ट्रहरूमा पनि यस्तोमा विश्वास रहेको पाइन्छ, तर फरक के छ भने त्यहाँ तिनीहरू काटिएको बालामध्ये सबभन्दा पछिकोलाई देवीको धान भनी मान्दछन् । काटिएको वा खेतबाट टिपिएको जेसुकै होस्, महत्त्वपूर्ण कुरा उही नै हो, अर्थात् सबभन्दा पछि रहेको धान नै धानबालीको जीवन वा आत्मा **ख्वान्** हो । यसलाई ल्याएर नभित्र्याएमा बीउको लागि सँगालिएको धान राम्ररी नउम्रने हुन्छ, किनकि यसमा धानको जीवन वा सत्त्व हुँदैन । (धान–देवीसम्बन्धी मेरो लेख हेर्नुहोस्) ।

धान र धान चुटने खलाको **ख्वान्** खेतबाट सबै धान ल्याइसकेपछि गरिन्छ । यसो गर्ने बेला अक्सर तेस्रो चान्द्रमासको शुरूतिर पर्दछ । तर यो बीउ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छर्ने खेतको लागि मात्र हो। बेर्ना सारिने खेतको हकमा भने अलि अगाडि नै अर्थात बाह्रौं चन्द्रमासको अन्ततिर वा पहिलो चन्द्रमासको शुरूतिर पर्दछ ।

धान चुट्ने

खलामा धान–देवीको आव्हान गर्ने कार्य सकिएपछि धान चुटने कार्य हुन्छ । अलग अलग किसिमको धान अलग अलग चुट्ने गरिन्छ । सबभन्दा पहिले जोतेको खेतबाट काटी ल्याएको धानलाई सबभन्दा पहिले चुट्ने गरिन्छ। कसैले आफ्नो धानबाली सामुदायिक खलामा लगी चुट्ने भएमा त्यो सबभन्दा पहिले जोतेको खेतमा उम्रेको धान त्यहाँ चुट्ने नगरी आफ्नै विशेष खलामा चुट्ने गर्दछन् । धान चुट्ने विधि दुई थरीको छ । एक थरीमा टुप्पामा एउटा डोरीले बाँधिएको एक मिटर जति लामो दुई टुक्रा काठको प्रयोग गर्दछन् । त्यो बाँध्ने डोरी धानको कल्लीलाई बेरी सुर्केनी गाँठो बनाउन तथा काठको अर्को टुप्पामा अड्किन पुग्ने जति लामो हुन्छ । यी काठहरूले धानको कल्लीलाई माथि उठाएर सुकुलमा वा खलाको भुईंमा बेतोडले बजार्दछन् र परालबाट धानका दानाहरू झर्दछन् । यस काठको टुक्रालाई "काठको धान चुट्ने लट्ठी" भनिन्छ । धान चुट्ने यो तरीका पश्चिमेलीहरूको तरीका जस्तै छ । उनीहरू मुशल नाम गरेको औजारको प्रयोग गर्छन् । धान धेरै भै यस तरीकाबाट चुट्ने कार्य सुगमताका साथ गर्न नसकिने अवस्थामा दोस्रो तरीका गरिन्छ । यस तरीकामा गोरु वा भैंसीहरूलाई धान कुल्चिन लगाइन्छ । यसको लागि खलाको बीचमा मानिसको टाउकोसम्म आउने अग्लो, साउ कियद कहलिने खम्बा ठड्याउँछन्, कहिलेकाहीं यसको नामलाई बिगारेर साउ चियद् पनि भन्ने गर्छन् । लट्ठाको टुप्पामा अक्सर तिनीहरू एउटा काँढेदार हाँगा बाँध्छन् । यो हाँगा धेरैजसो भारतीय बयरको हाँगा हुन्छ । यो हाँगा चरा तथा कागहरूबाट बचावट गर्नको लागि राखिएको हुनुपर्छ भन्ने तर्कसंगत देखिदैन । लट्ठाको टुप्पामा कहिलेकहीं फूलका मालाहरू पनि झुन्ड्याइएका हुन्छन् । माझैको लट्ठाको चारैतिर धानका बालाहरूको कल्लीहरूका "टाउकाहरू" अर्थात् पींधहरू माथितिर पर्ने गरी मिलाएर राखिन्छन् । त्यसको ठीक बाहिर पट्टि अरू बालाहरूलाई त्यसको ठीक विपरीत तलतिर राख्तछन् । सम्भवतः तिनीहरू धानका बोटहरू माथितिर फर्काएर राख्न चाहन्छन् । र यसैले बीचको लट्ठाको नजीकैका धानका बोटहरूलाई त्यो लट्ठाको वरिपरि लहरै राखिएका कल्लीहरूलाई टेवा दिने हिसाबले ती कल्लीका बालाहरूलाई माथितिर फर्काई राख्दछन् । धान धेरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएमा कल्लीहरू बीचको लट्ठाको वरिपरि यति खचाखच राखिन्छ कि पर–परसम्म पनि फैलिन्छ । तिनीहरूले गोरु वा भैंसीहरूलाई बीचबाट टाढा टाढासम्म लहरै मिलाई बीचको लट्ठामा बाँधिदिन्छन् । अनि ती गोरु वा भैंसीहरूलाई धपाउँदै बीचका लट्ठा–वरिपरि घुमाएर धानका कल्लीहरूलाई कुल्चाउँछन् । कल्लीहरू टुक्राटुक्रा भएर धानका दानाहरू पराल र बालाबाट झर्दछन् । गोरु–भैंसीलाई यसरी ल्याएर बाँध्नुअघि खलामा तिनीहरूले कुल्चने ठाउँमा पराल बिछ्याउँछन् । यसरी पराल नओछ्याएमा गोरु तथा भैंसीको मलले राम्रोसित पोतिएको खला तिनीहरूको खुरहरूको भारले चर्किएर फुट्न सक्छ । यसरी धान झार्न लगाइने गोरु तथा भैंसीहरूले धान नखाऊन् भन्ना निमित्त तिनीहरूको मुखमा लगाइदिनको लागि ढक्कीहरू बनाउँछन् । यो काममा भैंसीहरूलाई लगाइएमा दगुर्ने घेरा सानो भएको ठाउँमा बीचको लट्ठाको नजीकै बूढा–बूढा भैंसीहरू राख्दछन्, किनभने बूढा भैंसीहरूको शक्ति कम हुन्छ र उनीहरू सुस्त सुस्त हिंड्दछन् । अर्को कुरा, पाका भएकाले तिनीहरू चन्चल हुँदैनन्, तिनीहरूलाई विश्वास गर्न सकिन्छ, जवानीको बल भएका अरू भैंसीहरूलाई बीचको लट्ठाको नजीक राखिदैन किनभने तिनीहरू अत्यन्त छिटो हिंड्छन् र बाहिरको ठूलो घेराको अन्य भैंसीहरू तिनीहरूको साथै हिंड्न सक्तैनन् । त्यसैले जवान राँगोहरूलाई बाहिर सबभन्दा पुछारमा राख्दछन् । पाडो भएको माउ भैंसी पनि कुनै त्यहाँ भएमा त्यो पाडो माउको पछिपछि दौड्दै वरिपरि घुम्छ । धानका कल्लीहरूमा कुल्चिदै भैंसीहरूले धेरै फन्का मारिसकेपछि थुपारिएका मुठाहरू नै फुस्केर गै परालबाट धानका दानाहरू छुटेर तल झर्न थाल्छन् । यसै समयमा मानिसहरू खास गरी युवक–युवतीहरू हात हातमा पराल तान्ने अङ्कुशहरू (खःछाऽइ) लिएर लहरै उभिएका हुन्छन् । यिनीहरू टुप्पामा गाँठो भएको अनि त्यसबाट अङ्कुशको काम लिन सकिने गरी भाँचिराखेका लामो बाँसको लट्ठी हुन् । टुप्पामा फलामको अंकुश भएको पराल तान्ने अङ्कुशहरू आधुनिक आविष्कार हुन् । कुनै कुनै स्थानहरूमा तिनलाई **माऽइ दुन् हाई** पनि भन्छन् । यो शब्द प्राचीन कानूनहरूमा प्रयोग हुने जस्तो शब्द हो । यसलाई बिगारेर **माऽइ कदुङ हाइ** पनि भन्ने गर्छन् । वास्तवमा **छाऽइ** र **हाइ** एकै शब्द हो जसको अर्थ **सम्म** र **चिप्लो बनाउनु** हो । (**छाऽइ – कामहाइदुङ**–भारी बोक्ने नोल जस्तो लामो लट्ठी, कम्बोडियाली) । धानका कल्लीहरू टुक्रिएर त्यसमा अझै पनि पराल टाँसिएको देखेपछि पराल तान्ने अङ्कुशले त्यसलाई तान्दछन् र त्यसपछि त्यस धानको कल्लीलाई अरू कुनै व्यक्तितर्फ उफारिदिन्छन् । त्यस व्यक्तिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झटपट आफ्नो टाउको लुकाउन सकेन भने सोझै गएर लागी घाउचोट पार्न सक्छ । यसरी घचेटी उफार्ने मान्छे अक्सर महिला हुन्छ भने त्यसको चोट खाने व्यक्ति अक्सर पुरुष हुन्छ, तापनि कहिलेकाहीं त्यसको विपरीत पनि हुन्छ । यसरी धानका कल्लीहरू घचेट्ने खेल हुने भएमा ठीकठाक हुनको लागि त्यसको सूचना पहिले नै दिनुपर्दछ । कसैले घचेट्ने काम गऱ्यो भने अर्कोले पराल तान्ने अङ्कुशलाई उचाली चिनियाँ अभिनेताहरूले भिडन्त गर्ने वेलामा गर्ने गरे झैं त्यसरी घचेटी उफारेर ल्याएकोलाई रोक्ने काम गर्दछ । यसबाट रमाइलो पनि हुन्छ । कुनै कुनै ठाउँमा धानका कल्ली यसरी घचेट्ने गर्दैनन्, त्यहाँ आफ्ना हँसियाले परालका डोरी काटछन्, बालाहरूलाई बाँसका पत्ताहरूले बाँध्छन् अनि धानलाई बिस्कुन लगाउँछन् । यसलाई छिकऱ्याक भनिन्छ । परालको बिस्कुन लगाइसकेपछि भैंसीहरूलाई फेरि यसमा कुल्चन लगाउँछन् । अङ्कुशले परालालाई तानी त्यसलाई हल्लाएर त्यसमा भएका धान झारी जम्मा गर्नको लागि चनाखो भएर तानी त्यसलाई हल्लाएर त्यसमा भएका धान झारी जम्मा गर्नको लागि चनाखो भएर हेरिरहन्छन् । कहीं कहीं यसलाई रू भन्दछन् । धानका दानाहरू झरेर पराल त्यसको माथि निस्किएको देखेपछि परालालाई टिपी उचालेर बाहिर राख्दछन् । धानका दानाहरू मात्र बाँकी नरहेसम्म तिनीहरू यो काम गर्दै गर्दछन् र त्यसपछि भैंसीहरूलाई फुकाइदिन्छन् । अनि धान चुट्ने कार्य सकिन्छ ।

धान चुटने कार्य बिहान सबेरैदेखि शुरू गरिन्छ । बिहानको दोस्रो प्रहरमा घाम कडा भएपछि काम रोकेर आराम लिन्छन्, अर्को कुरा, परालमा घाम पऱ्यो भने सुकेर खड्ग्रङ्ग हुन्छ । त्यही कारणले गर्दा नै मध्यान्ह धान चुटने कार्य हुँदैन । कहिलेकाहीं यो काम राती गरिन्छ । यसवेला तिनीहरू रमाइलो गर्दछन् र यसैले तरूण तरूणी सबै भेला हुन्छन् । भैंसीको ख्वान विधि सम्बन्धी एउटा श्लोक बनाइराखिएको छ, त्यो यस प्रकार छ "म तिमीलाई लट्ठामा बाँधिदिन्छु, त्यसपछि तिम्रो नाकमा एउटा डोरी छिराउंछु र खलाभरि धान एकनासले सम्म नभएसम्म तिमीलाई तरूना तरूणी सबैको अगाडि वरिपरि घुमाउँछु ।" औंसीको रात भएमा उज्यालोको लागि तिनीहरु परालको आगो जोर्दछन् । उनीहरूले त्यो वेला खास गरी "खुशबूदार" केरा राखी नरिवलको तेलमा पकाएको चामलको भातको खाजा खान्छन् । (थाईहरूको खुशबूदार" केरा संयुक्त राज्य अमेरिकामा बिक्री गरिने सुपरिचित केराको जात हो) । खलाबाट पराल छुट्याउने वेलामा हल्लाखल्ला गर्दै उनीहरू रमाइलो गरिरहन्छन् । कामको साथसाथै हुने साधारण खालको खेल भएको हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसलाई एउटा रमाइलो कुरा सिवाय केही होइन भनी विचार गर्न सकिन्छ। यो काम खुशीसाथ आफ्नो इच्छाले एक–आपसमा सघाउ पुऱ्याउन गरिने हो। यो काम बाहिर खुला स्वच्छ ठाउँमा हुन्छ, बीचमा नरमाइलो हुने गरी बाधा-विरोध गर्ने केही हुँदैन। पहिले-पहिले धान चुट्ने बेलामा अक्सर प्रत्येक गाउँले सबैले काम लिन पाउने गरी एउटा ठूलो धान चुट्ने खला बनाउँथ्यो। त्यहाँ पालैपालोसित हरेकले आफूसँग भएको धानको हिसाबले एक-दुई दिन कति लाग्ने हो त्यति धान चुट्ने काम गथ्यों। यसरी धान चुट्नको लागि आफूसँग भएका गोरु र भैंसीहरूको पनि प्रयोग गर्थे। ती गोरु, भैंसीको दौड पनि लगाउँथे, अर्थात् छिटो खुट्टा चलाउने गोरु र भैंसी-हरू खोजी निकाली धेरै दौड्न सक्ने पहिले, त्यसभन्दा कम दौड्ने पछि गर्दै क्रम मिलाएर बीसओटासम्म एक लहरमा बाँधिदिन्थे। पुछारको गोरु वा भैंसी छिटो हिँड्न नसक्ने भएमा त्यसले घिसारिएर जानुपर्ने हुन्थ्यो, होइन र धेरै छिटो दगुर्न सक्ने भएमा त्यसले दगुरेर लहरलाई नै बांगो टिंगो पार्न सक्तछ, यस्तोलाई राम्रो भनी प्रशंसा गरिन्छ। यो एउटा साह्रै मज्जाको खेल हुन्छ। धान कुल्चिएर केही पराल माथि उक्लिन थालेपछि त्यसलाई टिपेर निकालिन्छ। दुई-तीन पटक यसरी कुल्चाउने काम भइसके पछि रोकेर कल्लीहरूलाई फुकाउन फेरि पराललाई टिपेर निकाल्दछन्। अरू दुई-तीन पटक यसो गरेपछि काम सकिन्छ। यसरी पराल टिप्ने र कल्लीहरू फोडेर खोल्ने समयमा मानिसहरू पराल तान्ने अंकुशी लिई भेला भएर गीत गाउँदै पराल तानेर निकाल्दै झट्कार्ने गर्दछन्। पराल तानेर निकाल्दै झट्कार्ने बेलामा गाउने गीतको लागि तिनीहरू सरल संक्षिप्त श्लोकहरूको प्रयोग गर्दछन्,

जस्तो कि–

पराल टिपी निकाल, बहिनी, पराल टिपी निकाल,
दाजु आयो खलाको छेउमा बसी बहिनीलाई सघाउन
पराल झट्कार, बहिनी, पराल झट्कार
जोरिएको आँखी भौं र गला राम्रो भएकी
आऊ, बहिनी, पराल झट्कार।

राम्रा गवैया तथा गीतांगीहरू भएमा त यस्तो बाली काट्ने बेला-मा लामो लामो जुवारी गीतहरू नै गाउने गर्छन्। आजकल भने बाहिर गाउँतिर जाँदा धान चुट्ने ठूलो खला पाउनै मुश्किल हुन्छ। दुई-तीन वस्तुले सम्म धान कुल्चिन पुग्ने स–साना खलाहरू मात्र भेटिन्छन्। प्रत्येक व्यक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को आफ्नै खला हुन्छ र मानिसहरू संयुक्तरूपमा काम गर्दैनन् कृषकका जुन मौलिक भावना थियो त्यसमा चर्को रूपमा ह्रास हुँदै आएको छ, र धान चुट्ने बेलामा गाइने गीतहरू पनि ह्रास हुँदै गएका छन्[१]।

धान चुट्ने काम तीनकुने गरी चाङ्ग लगाएको छल्लीहरू सबै नसकिएसम्म गरिन्छ, एक-एक गरी सबै सकिएपछि चुटिएको धान निफनेर खन्याउने काममा मद्दत गर्नलाई अनुरोध गरिन्छ। लोग्ने-मानिस, स्वास्नी-मानिस दुवैले मद्दत गर्दछन्। यो काम गर्दा स्वास्नी मानिसहरूले तेर्सो पारी उपर्ना ओढ्ने गर्नुपर्दछ। (कसरी भने पछाडिबाट घुमाएर मजेत्रोलाई अगाडि ल्याई छातीमा दोहोरो ढाक्ने गरी दायाँबाट आएका छेउ बायाँ र बायाँबाट आएको दायाँ लगी गर्धनको पछाडि "दाम्लो" झैं गरी बाँध्नु पर्छ।) काम गर्दा एकनासले निहुरिरहनुपर्ने हुनाले यस प्रकार तेर्सो पारी मजेत्रो बाँध्ने नगरेमा तिनीहरू सारै घिनलाग्दो तवरले हल्लिने र ह्वात्त वस्ने गर्दछन्, वा आधा भाग खुला भै बेछाँटका देखिनै हुन्छन्। (यहाँ तिनीहरू भन्ने शब्द सभ्य भाषामा स्तनको अर्थमा प्रयोग भएको हो)। धान निफन्नेहरू हात हातमा काठका साम्हेलहरू लिई लामो पंक्तिमा उभिन्छन्। र धान खोस्रेर लिई निफन्छन् अनि भूस र धूलो उडेर जाऊन् भनी धानलाई हातमा खन्याउँछन्। यति गरेर पनि पुग्दैन। दुई हातले नाङ्लो चलाएर धूलो र सेप्रो धानलाई बत्याउनमा सघाउ पुऱ्याउने मानिसहरू पनि हुनुपर्छ। नाङ्लो चलाउँदा तिनीहरूले चलाउने मात्र काम नगरी नाच्ने भाव पनि गर्दछन्, किनभने तिनीहरू आइमाईहरूको अगाडि फूर्ति देखाउनेका लागि पनि नाच्दछन् र यसैले ताल मिलाएर आकर्षक ढंगले नाङ्लोलाई हल्लाउने गर्छन्। नाङ्लो चलाउने काम यसैले बलिया बलिया तन्नेरीहरूको हुन्छ। तिनीहरूलाई यसो गर्दा त्यति साह्रो थकाइ लाग्दैन किनभने हौसला बढाउँदै मुसुमुसु हाँसी मानिसहरू नजीकै बसिरहेका हुन्छन्। यस प्रकारले काम गर्नु थकाइ कहिल्यै नलाग्ने हुनाले राम्रो हो। तिनीहरूले चलाउने नाङ्लाहरू भिक्षुहरूका ठूलठूला पंखाहरूको आकार आउने गरी बाँसको चोयाले बुनेको पट्टिका हुन्। धान चुट्ने र निफल्ने खवान विधि गर्दा वाचन गरिने श्लोकहरूमा स्पष्ट रूपमा यस प्रकार भनिएको हुन्छ, "ए! भैंसीहरूद्वारा कुल्चाइनको लागि चुट्ने र निफन्ने ठाउँमा राख्न लागे भनेर नडराउनु। हामी जतनसाथ बढार-कुढार गरी ल्याई तिमीलाई निफनेर सफा पार्छौं। हावाले फुकोस् भनी जतनसाथ तिमीलाई उजाउने छौं। परालको एउटा सानो कण पनि तिमीसँग मिसिएर रहन पाउनेछैन।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धानका जति राश छन् सबै निफन्ने काम सकिएपछि त्यो धानलाई तिनीहरू त्यो तीनकुने आकारको थुप्रो बनाई थुपार्छन् । धान धेरै थुप्रो भएमा यसरी खुईले चलाउँदै खतेर्ने गर्दा धेरै समय लाग्ने त छँदैछ साथै गाह्रो पनि हुन्छ, यसरी उठाउँदै राख्नका लागि उनीहरूले एउटा काठको फल्याकको प्रयोग गर्दछन् । यस फल्याकलाई "धान उठाउने फल्याक" भनिन्छ । कहिलेकाहीं कम श्रमले काम फत्ते गर्न फल्याकलाई डोरीले तान्न हुने गरी दुवै छेउमा प्वाल पारी डोरी घुसाइएको यस्तो धान उभाउने फल्याक बनाउँछन् । धानको राश कम भएमा धान उभाउन लामो वींड भएको एउटा सानो फल्याकको प्रयोग गर्दछन् । यस किसिमको फल्याकलाई थाद्था, वा कहिलेकाहीं अपभ्रंश गरी क्थाः पनि भन्छन् । कुन्युलाई तीन कुने पारी चांग लगाई बीउको लागि चाहिने जति धान कति डालो चाहिने हो "कुकुर पुच्छरे" लेखा-प्रणालीअनुसार भरी भाग लगाई छुट्याउँछन् अर्थात्, त्यसको लागि तिनीहरूले बाँसका चोयाहरूलाई भाँचेर बङ्ग्याँउँछन् । एउटा भँचाइले एक डालो जनाउँछ । भाँच्दै गै डालोको संख्या धेरै भएपछि त्यो बाँसको चोया कुकुरको पुच्छर जस्तै घुम्रिन्छ र यसैबाट यसको नाम "कुकुर पुच्छरे" रहन गएको हो । यसरी नापेर जात जात अनुसार धानलाई थुप्रो लगाउने कार्य पूरा भइसकेपछि तिनीहरूले भुस बालेको खरानी लिएर त्यस धानको थुप्रोमा धर्सो दलिदिन्छन् । यसलाई "भूतको धर्सो" वा "भूतको चिह्न" भनिन्छ । यसो गरेमा चोरहरूबाट धानको रक्षा हुन्छ भन्दछन्, चोरी भयो भने तिनीहरूलाई थाहा नहुने त होइन तर सम्भवतः तिनीहरू धान कम भएको मात्र थाहा पाउँछन् । तिनीहरूले धानलाई खरानीले चिन्हो लगाउनुको मत्लब त्यसलाई "नराम्रो" भनी देखाउनुको लागि हो । बिग्रेको भनी भूतप्रेतलाई छकाउनको लागि हो, यसो गरेपछि तिनीहरूले त्यो धानमा कुदृष्टि लगाउने छैनन् भनी विचार गरिन्छ । भारतीयहरूमा पनि भूतप्रेतहरूलाई भाँडा-कुँडा र दराजहरू खोटे भएका हुन् भनी देखाउनुपर्‍यो भने ती वस्तुहरूमा दाग लगाइदिने चलन छ, अथवा यसो पनि हुन सक्छ यो धान प्रेतात्माहरू तथा देवी-देवताहरूको सम्पत्ति हो र तिनीहरूले नै चिन्हो लगाएका हुन् र कसैले त्यो धान चोरी गर्‍यो भने त्यसमाथि प्रेतात्माहरू कुपित हुनेछन् भन्ने देखाउन पनि त्यसरी खरानी पोतेर चिन्हो लगाउने गर्छन् । कुरा के हो स्पष्ट छैन तर, जे भए पनि, खलिहानमा त्यस धानलाई छुट्याएर राखिसकेपछि फेरि "कुकुर पुच्छे" लेखाअनुसार त्यसलाई नापेर भर्दछन् । एकीन गर्नको-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लागि यसरी दोहोऱ्याएर जाँच्ने गरिन्छ । धान निफन्ने काम सकिएपछि परम्परागत भोज हुन्छ । धानका दानाहरू झारिसकेपछि पराल जति जम्मै-लाई तिनीहरूले चांग लगाएर खलामै थुपारी राख्छन् । पछि फुर्सद पाए-पछि त्यसलाई ओसारेर लगी र घाँसको अभाव हुने वेलामा गोरु र भैंसीहरू-लाई खुवाउन तीनकुने पारी थुप्रो लगाउँछन् । तर खलामै थुप्रिएको वेला-मा अलि होस् गर्नुपर्दछ, किनभने केटाकेटीहरू अतिनै उपद्र्याहा हुन्छन् र परालमा लुकामारी र तेलकासा जस्ता खेल खेल्न मन पराउँछन् । कहिले-काहीं तिनीहरूले काठ लिई गुफा बनाएर परालले छोपी भित्र घुस्रेर जाडो याम भएको हुनाले न्यानो भएको ठाउँमा आरामसाथ पल्टिरहन्छन्, पल्टि मात्र रहे त केही छैन, तर परालको नजीक आगो वालेर खेले भने कुनै आपत्ति आई नपर्ला भन्न सकिन्न । परालमा आगो लाग्यो भने छिटै सल्केर केटाकेटीहरू भत्भती पाकेर मर्न सक्तछन् । यस प्रकारका घटनाका समाचारहरू अखबारका पानाहरूमा निस्केका उदाहरण धेरै पाइन्छन् ।

धान चुट्ने ठाउँमा धर्म-कार्य गरिने

धानलाई भकारीमा लगेर थन्क्याउनुभन्दा अघि धान चुट्ने खलामा धर्मकार्य गर्ने समय आउँछ । त्यसको लागि खलामा एक मण्डप निर्माण गरी बुद्ध राख्ने ठाउँ र भिक्षुहरू बस्ने आसनहरू ठीक पार्छन् । धर्म-कार्य गर्ने निश्चित भएको दिन साँझ वेला भएपछि भिक्षुहरू आएर सन्ध्या पाठ गर्दछन् । गृहपतिले आफ्ना नाताकुटुम्ब र नजीकका छरछिमेकीलाई उपस्थित भई धर्म गर्न, स्तोत्र पाठ सुन्न तथा भोलिपल्ट बिहान खलामा भिक्षुहरूलाई खाद्य-वस्तु दान गर्न आमंत्रण गर्दछ । त्यो मण्डप अक्सर बाँसले बनाएको र परालको छाना लगाएको हुन्छ । कहिलेकाहीं सजावटको लागि फूलको पात भएका स-साना हाँगाविंगा र लत्रिएका मालाका रूपमा धानका बालाहरू मण्डपमा बाँधिदिने गर्छन् र धान-देवीलाई चढाएको धान ल्याएर एउटा भाँडोमा हाली त्यस भाँडोलाई त्यस विधिको एउटा वस्तुको रूपमा यथास्थान राख्छन् । धान चुट्ने खलामा चुटेको धानको थाकमाथि बालुवाको पगौडा शैलीका मन्दिरहरूमा गाडे जस्तै गरी धानका बालाले बनाइएको सतरीहरू गाड्छन् । त्यसवेला एउटा पवित्र डोरी बुद्धको मूर्तिबाट शुरू भएर भिक्षा पात्रसम्म पुगी त्यहाँबाट खलाको बीचको लट्ठाको वरिपरि बेरिएर त्यहाँबाट पनि गई खलाको क्षेत्रको चारैतिर फेरि शुरूकै स्थानमा पुग्दछ । भिक्षुहरूले पाठ गर्न सिध्याएपछि त्यस धर्म कार्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक खण्ड पूरा हुन्छ। राती मानिसहरूले रहरबहर गर्ने चाहेमा आफूलाई मनपरेको कुनै पनि खेल रोजेर खेली त्यस क्षेत्रको किसानहरूको परंपरागत रीतिले आनन्द लिने गर्न सक्तछन्। भोलिपल्ट विहान भिक्षुहरूको शिक्षा-पात्रमा धान हालिदिएर खलामा उनीहरूलाई भोजन गराएर धर्म गर्दछन्। त्यसपछि मद्दत गर्न आउने सबैलाई खुवाउँछन्। त्यस धर्म-कार्यको मूलपण्डितको आसन ग्रहण गर्ने भिक्षु साधारणतया विहारको मूल-भिक्षु हुन्छ। त्यस मूलभिक्षुले धान-देवीलाई चढाएको धान, बीउको लागि छुट्याइएको धान खलाको बीचको लठ्ठा र धानका अरू छल्लीहरूमा पवित्र जल छर्किदिन्छ। यति गर्न सकिएपछि भिक्षुहरू आफ्नो विहारमा फर्कन्छन्। धान चुट्ने खलामा यसरी धर्मकार्य गर्दा खेतीबाट धान बाली राम्रो भएको रहेछ भने दिल खोलेर धर्म-कार्य गरी आनन्द साथ भोजभतेर गर्छन्। प्रशस्त मात्रामा धान बाली भित्र्याउन पाएमा तिनीहरू अतिनै खुशी हुन्छन्। यसरी बाली भित्र्याउन पाउनु उनीहरूको लागि आफूले चिताएको जवाहिरात पाएको बराबर हुन्छ, किनभने तिनीहरूसँग केही कुराको कमी भएमा, धान लिएर त्यो कुरा दिने मानिसहरू धेरै हुन्छन्। धान-बाली कम्ती भएमा उनीहरू खुशी हुँदैनन्। उनीहरूले धर्मकार्य त्यति धूमधामसित गर्दैनन्, खालि परम्परा थाम्नको लागि मात्र छोटकरीमा सम्पन्न गर्छन्। उनीहरू खालि भिक्षुहरूलाई खाद्यवस्तु दान दिन्छन्, जुनकि यस धर्म कार्यको मूल अंग हो। यसमा नौलो मान्छेपर्ने कुरा केही छैन किनभने सबैको स्थिति उहीनै हो। ख्वान् सम्बन्धी श्लोकहरू संकलन गरिएको पुस्तकमा खेतको लागि गरिने ख्वान् सम्बन्धी श्लोकहरू पनि परेका छन्। यो कहिले गरिन्छ मलाई राम्रो थाहा हुन सकेको छैन। यो सम्भवतः एउटा यस्तो रीति हो जसको चलन आजकाल त्यति साह्रो छैन। त्यसैले अन्य ख्वान् विधिबारे जति यसबारे कसैलाई पनि धेरै थाहा छैन।

माथि बयान गरेअनुसारको कार्य सकिएपछि मानिसहरूले धानवाली लगेर भकारीमा थन्क्याउँछन्। घरको कोही सन्तान भिन्न भै बसेका रहेछन् भने तिनीहरूले आफ्नो भाग छुट्याएर लिन्छन्। जति छिटो धानबाली भकारीमा लगेर भित्र्याउँन सकिन्छ उति वेस। किनभने धान खलामै थुप्रिएर रह्यो र दशा लाग्यो भने तेस्रो चन्द्रमासमा भारी बर्षा हुन्छ। त्यसलाई खला सफा गर्न आउने झरी भन्छ। त्यलको कुनै पूर्व संकेत हुँदैन र धान पानीले भिजी बिग्रन सक्तछ। त्यसैले बादलहरू देखा पर्नेबित्तिकै तिनीहरूले मान्द्रोहरू खोजेर धानलाई ढाक्न तयार भैरहनुपर्दछ। धान भित्र्याउँदा सबभन्दा पहिले धान देवीलाई चढाएको धान र बीउको लागि छुट्याएको सबै जातका धान विधिवत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भित्र्याउने गर्छन् । त्यसपछि क्रमैसित सबै भित्र्याउँछन् "कुकुर-पुच्छारे लेखा" अनुसार तिनीहरूले धानको पुनः जाँच गर्ने समय यसैवेला हो। भकारीमा धैया धानबाहेक अरू सबै जातका धान एकै ठाउँमा मिसाई राख्न सकिन्छ। धैया धानचाहिं ऋष्यो: वा फऽअम्मा छुट्टै राखिन्छ। फऽअम् भनेको मुख फुलेको तर अरू साधारण टोकरीको मुखमा जस्तो किनार वरिपरि राम्रो नमिलेको एउटा ठूलो टोकरी हो । ढकनीको हकमा धान छेक्नको लागि प्रयोग हुने जस्तो खालको च्याप्टो टोकरीको प्रयोग गरिन्छ। बीउको लागि छुट्याइको धान एउटा फऽअम् वा अन्य कुनै भाँडोमा राखी भकारीको एक कुनामा अलग राखिन्छ। त्यसपछि धान देवीलाई भनी राखिएको धानका केही बाला लिई परालसँग मिसाएर अक्सर हात-गोडा भएका पुतली जस्तो आकार आउने गरी बाँधिदिन्छन्। झट्ट हेर्दा त्यो थपक्क वसेको मानिस जस्तै देखिन्छ। कहिलेकाहीं त्यसलाई स्त्रीको रूप आउने गरी वस्त्रादि लगाइदिन्छन्। त्यो मूर्ति धेरै ठूलो हुँदैन, अक्सर आधा मिटर जतिमात्र अग्लो हुन्छ। बाँधिसकेपछि त्यसलाई बीउ धानको थुप्रो माथि राखि-दिन्छन् । यसलाई "आमंत्रण" गर्दा खेतमा ढलेका धान बटुल्ने वेलामा जुन किसिमले स्तुति प्रार्थना गरेको हो त्यस्तै किसिमले स्तुति प्रार्थना गर्दछन्। यो प्रार्थना धान देवीलाई त्यहीं बसी धान बीउको रखवारी गरिदिनको गरिने प्रार्थना हो । यो वेला स्तुति पाठको साथमा फूलहरू, मैनवत्ती, सुगन्धित धूलो र सुगन्धित तेलबाहेक अन्य कुनै कुरा चढाउने गरिदैन । धान भकारीमा थन्क्याइ-सकेपछि मात्र धान देवीको मूर्तिलाई सँगै राखेर किन बाँध्ने हुन् र यसको मतलव के हो राम्ररी बुझ्न सकिएको छैन । यो कुरा यूरोपमा चलेको चलनभन्दा फरक छ। यूरोपमा यस्तो मूर्तिलाई बाँधेर बाली काट्ने कार्य सकिएपछि खेतबाट त्याएर भित्र्याउने चलन छ। रात्बुरी प्रान्तमा एउटा अर्को विश्वास आजसम्म कायमै रहेको छ। त्यो के हो भने धानलाई भकारी भित्र थन्क्याइसकेपछि भकारी खोलेर बराबर धान झिक्ने गर्नु हुदैन । बेच्नु पऱ्यो भने वा कुनै कामको लागि धेरै नै धान चाहिने भै आवश्यक पऱ्यो भने मात्र खोल्न सकिन्छ। यसरी भकारी खोल्नुपर्दा पहिले धूप बाली धान देवीको पूजा गर्नुपर्दछ । त्यो वेला उनीहरू के कस्ता शब्दहरूको उच्चारण गर्दछन् मलाई त्यो कुरा बताउने मान्छेले सम्झेर भन्न सकेन । निःसन्देह नै तिनीहरूले धान देवीसित तिनको शान्ति भंग गरी तिनको धान बाहिर निकाल्न लागेकोमा क्षमा याचना गर्दछन् । धान-देवी रिसाएर गइदेलिन् भन्ने डर नै सम्भवतः भकारीलाई बराबर खोल्नु निषेध गर्नुको कारण हो। यसै कारण भकारीमा धान थन्क्याउनुभन्दा अघिबाट नै त्यसलाई अनावश्यक रूपमा बराबर खोलिरहने चिन्ता लिनु नपरोस् भनी तिनीहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वप्रथम आफूलाई धेरै समयसम्म खान पुग्ने धान छुट्याई निकालेर राख्दछन्।

अयुद्धया प्रान्तमा भकारी बन्द गर्ने र खोल्ने दुवै अवसरमा पूजाविधि गर्ने चलन छ। धान चुट्ने काम सकिई भकारीमा थन्क्याइसकेपछि बन्द गर्ने विधि गरिन्छ। भकारी बन्द गर्ने विधिमा प्रयोग गर्नका लागि एकबाटा जति धान धान चुट्ने खलामै रहनदिनुपर्दछ। यो विधि गर्ने दिन उनीहरू पनि शुक्रबारै पार्छन्। यो पूजाविधि उनीहरू उड्ने नागको वर्षमा जन्मेको स्त्री वा पुरूषलाई लगाउँछन्। उड्ने नागलाई उनीहरू अन्न-बालीलाई नोक्सान नगर्ने राश्चिक्र-सूचक चिन्हको रूपमा (यसैले मौलिक) मान्छन्। चढाउनको लागि अरू वेला झैं उसिनेको सेता केक, कसौंडीको माथिल्लो भागको भात, र एउटा फुल तयार गर्दछन्। यी सवै चढाउने काम उड्ने नागको वर्षमा जन्मेको मानिसको हातबाट धान चुट्ने खलामा गर्न लगाउँदछन्। त्यसपछि खलामा बाँकी रहेको धानलाई बटुल्नका निमित्त एउटा ठूलो चम्चाको प्रयोग गर्छन् र त्यसलाई एउटा धातुको बाटामा हाल्दछन्। चम्चामा धान भर्दै-झिक्दै गर्दा यसरी भर्दै झिक्दै गर्ने काम कहिल्यै नसिद्धिने गरी धान प्रचुर मात्रामा होस् भनी धान-देवीसित प्रार्थना गर्छन्। बाटा भरिएपछि भकारीमा लगी धान-देवीलाई चढाएको बीउलाई जस्तै खन्याउँछन्। यसरी चढाउने-गर्ने काम सकिएपछि भकारी बन्द गर्ने विधि सम्पन्न हुन्छ।

दक्षिणमा (छाइया: जिल्लाका **नाइ विन छच्चारात**ले मलाई टिपोट गरी दिएअनुसार) भकारीको पींधमा सधैं अलिकति धान जहिले पनि बाँकी राखिछोड्नुपर्दछ। यसलाई त्यस ठाउँको मालिकको धानको **ख्वान्** भन्छन्। नयाँ धान थन्क्याउने बेला भएपछि त्यस पींधमा बाँकी रहेको पुरानो धानलाई खोस्रेर झिकी भकारीको बीचमा राख्दछन्। तत्पश्चात् धानको **ख्वान्**लाई चढाउने कुराहरू ठीक पार्छन्। त्यसमा खेतमा **ख्वान्** विधि गर्दा चढाएर ल्याएका तीनवटा सबभन्दा पहिले पाकेका धानका बालाहरू पनि हुन्छन्। त्यसपछि कसौंडीको माथिल्लो भागवाट झिकेको भात र पोलेको माछाको भोग लगाउँछन्। सिंगो माछाको वैधिक प्रतिनिधिको रूपमा त्यस माछाको टाउको पुच्छर र बीचको भागबाट अलि अलि टुक्रा झिक्छन्, त्यसलाई तिनीहरू "टाउको र पुच्छर सहितको माछा" भन्दछन्। यो पनि अन्य क्षेत्रहरूमा प्रेतात्मा र देवदेवतालाई सिंगो सुँगुरको रूपमा त्यसको टाउको, पुच्छर र चारखुट्टा चढाउने जस्तै नै हो। यसको अतिरिक्त, एउटा सानो ढुंगा भातको लागि एउटा थाल, पानीको लागि एउटा सानो कचौरा र एक टुक्रा फलाम पनि हुन्छन्। त्यो, ढुंगा, र फलामको प्रयोग केको लागि गरिन्छ वा तिनीहरूको के अर्थ हो केही थाहा छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भकारीको धान झिकी बेची पठाउन भकारी खोल्नको लागि गरिने धार्मिक विधिमा पनि दिन वारहरूलाई लिएर अन्धविश्वास गरिन्छ । शुक्रवारको दिन बिक्री गर्नका लागि धान भर्न कुनै हालतमा पनि मान्दैनन् । अरू दिनमा भने बेच्नलाई खोल्न सक्छन् । (रात्बुरीमा धान बिक्री गर्नको लागि भकारी खोल्न नमान्ने दिनहरूमा बौद्ध धर्म–अनुसारका दिनहरू पनि पर्दछन् ।) शुक्रवारका दिन धान बिक्री गर्न नमान्ने चलन निःसन्देह शुक्रवार (सुक्) भन्ने शब्दको ध्वनि-सम्बन्धी अंधविश्वासबाट आएको छ । यो दिन बेच्नेले आफ्नो (सुक्) पनि बेच्नुपर्ने हुन्छ भन्ने डर हुन्छ । भकारी खोल्ने विधि गर्दा भिक्षुहरूलाई खाद्यवस्तु दान गर्दा प्रयोग गरिने धातुको बाटाले एकबाटा धान खोस्रेर झिक्ने गरिन्छ । यस बेला यसरी खोस्रेर झिक्नका लागि ठूलो चम्चाको प्रयोग गर्नु आवश्यक छैन । त्यसपछि धान–देवीलाई प्रार्थना गर्दै "डराउनुपर्ने कुरा केही छैन, हामीलाई एक सय गाडा भारी वा एक हजार गाडा भारी धान दिएर खेत र घरमा आरामसाथ बास गरिरहनुहोस्" भनी स्तुति–पाठ गर्दछन् । स्तुति–पाठ गर्न सकिएपछि बिक्री गर्नको लागि धान भर्ने काम गरे हुन्छ । पहिले बाटाभरि खोस्रेर झिकेको धानचाहिं तिनीहरूले लगी कुटेर चामल बनाउँछन् र त्यसलाई पकाएर भिक्षुको भिक्षा-पात्रमा हालिदिई मामला टुंग्याउँछन् ।

दक्षिणमा भकारीबाट यो यो दिनमा धान झिक्नु हुँदैन भन्ने पनि छ । त्यसमा बौद्ध धर्मअनुसारका पवित्र दिनहरू, साउँ दिन, लेन्ट पर्वको शुरूको दिन, सोङ्क्रान्को दिन र सालका अन्तिम दिनहरू अर्थात् पाँचौं चान्द्रमासको कृष्ण-पक्षको त्रयोदशीको छैठौं चान्द्रमासको शुक्लपक्षको शुरूसम्मका दिनहरू पर्दछन् । मानिसहरू यी दिनवारहरूमा धान-देवीको आत्माले शान्तिसित बस्न वा ध्यान गरी रहन इच्छा गर्छिन् र हलचल गर्न चाहँदिनन् भनी विचार गर्छन् । ती दिन-हरूमा जबर्जस्ती धान निकाल्ने दुष्ट हुन्छ र फेरि दरिद्र हुन सक्छ । यी दिनवार-हरूमा धान भकारीबाट निकाल्न हुँदैन भन्ने धारणा अन्य क्षेत्रहरूमा पनि पाइन्छन् यसको कारण स्वतः स्पष्ट छ । बिक्री गर्नका लागि धान निकाल्ने बेलामा मानिसले हरबाजी धान–देवीको नाम लिंदै "हजूर धान झिकेर लान साहस गरेकोमा क्षमा पाऊँ" भन्नुपर्छ । यो बेला पनि अरू बखतमा झैं कसौंडीको माथिल्लो भागको भात र माछाको भाग लगाउने गरिन्छ । यो काम घरकी मूली भएकी स्वास्नीमानिसको हुन्छ ।

धान भण्डार गर्नका लागि बनाउने भकारी होचा खालको भवन हुन्छ । उत्तरतिर भने धान-देवीप्रति सम्मान प्रदर्शन गर्नलाई होला भकारीको तला आफू बस्ने घरको तलाभन्दा अलि अग्लो गरी बनाउँछन् । भित्ताहरूको बाहिरपट्टि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खम्बाहरू र एक कुरेत जति अग्ला काठका टिम्बाहरू खडा गरिएका हुन्छन् । भित्ताहरू बाँसले बुनेको वा साँच्चिकैको काठबाट बनाइएको हुन सक्तछ । यो कुरा बनाउने मान्छेको रोजीमा भरपर्छ । खासमा गाउँका मानिसहरूले गाह्रो बनाउनमा काठका फल्याकहरू बिरलै मात्र प्रयोग गर्दछन् किनकि तिनीहरू पाउने कठिन हुन्छ । सामान्यतया बाँसकै बुनेर बनाउने गर्छन् । थाखोन् राछसिमाको नास् भन्ने एक प्रकारको घाँसले बुनेर भकारीको गाह्रो लगाउने काम गर्दछन् । यस प्रकारको घाँसको गोल गोल परेका दुई वा दुई मिटर भन्दा बढी लम्बाइ भएको साह्रो सिसाकलमको जस्तै डाँठहरू हुन्छन् । धमिरोले खाँदैन भन्ने विचारले तिनीहरू यस प्रकारको घाँसको प्रयोग गर्दछन् । ती भित्तामा भित्रपट्टिबाट गोरु वा भैंसीको ताजा गोबर लिप्तछन् । कुनै छिद्र बाँकी भए त्यो टालियोस् र भकारीमा भण्डार गरिएको धान चुहेर नजाओस् भनेर त्यसो गरिन्छ । गोरू र भैंसीको गोबरले भुइँ र भित्ता पोत्ने भनेर कृषकहरूलाई कस्ता असभ्य भनेर भनिहाल्ने नगर्नुहोस् । यी कुराहरूले नपोते केले पोत्लान् ? यी कुराहरू तिनीहरूसँगै भएका वा सजिलैसित प्राप्त गर्न सकिने कुरा हुन् । यी कुराको खरीद गर्न धन खर्च गर्नुपर्दैन, र यसैले यिनको प्रयोग गर्दछन् । तिनीहरू अरू के नै प्रयोग गर्न सक्तछन् र ? आधुनिक उन्नतिबाट धेरै टाढा रही कुनै पनि कुरा किन्न पैसा नहुने स्थितिको कुरा हो यो । तिनीहरूले आफूमा मात्रै निर्भर हुनुपर्दछ । असल र खराब भनेका दुवै सँगसँगै हिड्ने कुरा हुन् । असल मात्र रोज्छु भन्नु असंभवको कुरा हो । यसको साथसाथै खराब पनि हुनुपर्दछ अनि मात्र हामी यो असल यो खराब भनी छुट्याउन सक्ने हुन्छौं । हामीले भकारी (युङ्) शब्दको उच्चारण गर्दा छाङ्ङ् भन्ने शब्द पनि प्रायः साथसाथै आउँछ । छाङ्ङ भनेको अतिनै धेरै धान भण्डार गर्ने ठाउँको लागि लामो आकार-मा बनाइएको भकारी हो । यस्ता भकारीहरू ठाउँठाउँमा रेलमार्गका स्टेशनहरूमा देखिन्छन् । तिनीहरूमा फरक यति मात्र हुन्छ । आफ्नो धानबाली भण्डार गर्न भकारी नभएका किसानहरू भण्डार गर्नको लागि फऽअम् वा ठूलठूला तर पींध नभएका टोकरीहरू बुन्छन् । अथवा भुइँमा थुप्रिएर रहेको धानलाई छोप्न वा घेरिराख्नको लागि गोलाकार मान्द्रो बिछ्याइएका हुन्छन् । मान्द्रो नबिछ्याउने हो भने पानी रसाएर गै धान ओसिन नपाओस् भन्ना निमित्त पराल बिछ्याउने गर्छन् । त्यसपछि वर्षाको पानीबाट बचावट गर्नको लागि यसलाई ढाक्ने गरी एउटा सानो छत बनाइदिन्छन् । त्यसले खालि धानलाई छाउने काम गर्छ । तर तल्लो भागमा धान भिज्न सक्छ र यसैले परालालाई बाटी डोरी बनाई त्यस टोकरीको (भकारी) तल्लो भागको वरिपरि सुर्कोनी पारी बाँधि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिन्छन् । भित्रपट्टि तिनीहरूले त्यस्तै किसिमले गोरु तथा भैंसीको ताजा गोवरले लिप्छन् । धान भण्डार गर्ने यस प्रकारको थलोलाई "तलअम्" भनिन्छ, तर यसैलाई मान्द्रेहरूले घेरिएको रहेछ भने वा बाँसका चोयाहरूले थप खण्ड बुनी ठाउँ ठूलो पारेको रहेछ भने त्यसलाई तियम् भन्दछन् । यो तियम् शब्द चिनियाँ भाषाबाट आएको भन्ने कुरामा कुनै सन्देह छैन । धान भण्डार गर्ने भकारी भइसकेपछि पनि छुट्टाछुट्टै जातकालाई छुट्टाछुट्टै राख्ने विचार भएमा जस्तो कि घैयां धानलाई एकातिर र अर्कोलाई अर्कोतिर राख्ने इच्छा भएमा भण्डार-घरको लागि तियम् वा तलअम् बनाउन सक्तछन् ।

घरको कामकाज र औजारहरू

धान भर्ने कृषकको भाँडो ढक्की(क्रबुङ) हो । सबैलाई थाहा भएको हुनाले यसबारे व्याख्या गरिरहनु आवश्यक छैन । तर धान भर्नलाई प्रयोग हुने ढक्कीहरू दुई साइजका छन् । सानो साइजकोलाई क्रबुङलूक साद् भन्छन् भने ठूलो साइजकोलाई क्रबुङ सिब हा भन्छन् । धानको परिणाम नाप्ने इकाइको रूपमा यी दुई प्रकारका ढक्कीहरूको साइजको तुलना गर्ने हो भने एक क्रबुङ सिबहा धान कुट्दा त्यसको चामल ड़ेढ बाल्टी जति हुन्छ । एक क्रबुङ लूक साद्को चाहिं एक बाल्टी चामल हुन्छ । यो अन्दाज मात्र हो, यो विभिन्न व्यक्तिले साद नापतौल गर्नेमा भर पर्दछ । चालीस साद् धानको एक क्वियन् (अर्थात् एक गाडा भारी) हुन्छ । यसबाट अघि अघि ढुवानी गर्नमा प्रयोग हुने बयलगाडाहरू नै ठूलठूलो धानको परिमाण नापतौल गर्ने साधानको रूपमा प्रयोग गरिन्थ्यो भन्ने थाहा हुन्छ । अर्को किसिमको क्रबुङचाहिं क्रबुङ हाब् हो । (जुन काँधमाथि नोल लगाई भारी बोक्नमा प्रयुक्त हुन्छ ।) यो होचो र मोटो आकारको हुन्छ र यसको पींध लूक साद्को भन्दा बढी घुम्रिएको हुन्छ । यिनमा काँधमा नोल लगाई धान वा अन्य वस्तुहरूको भारी बोकेर लाँदा प्रयोग हुने डोरी बाँध्ने बीउहरू हुन्छन् । यस किसिमको टोकरीलाई कसेर बुनी त्यसको भित्रबाहिर तेल वा अलकत्रा दलेको रहेछ र त्यसमा बोकेर लैजान वा नोलभित्र घुसाउन हुने गरी बीड पनि भएको रहेछ भने त्यो पानी राखेर बोक्ने "ख्रू" हुन्छ । अर्को पनि एक किसिमको टोकरी छ । त्यसको मुख ठूलो हुन्छ र त्यसलाई क्रछु भन्छन् । हामीले सधैं देख्ने गरेको चिनियाँहरूले धान भर्ने कामका लागि प्रयोग गर्ने ठूलो मुख भएका टोकरीहरू पनि एक प्रकारको क्रछु नै हो । धान भर्ने साधनका रूपमा क्रछुको प्रयोग जहाँ पनि हुन्छ तापनि क्रबुङ लूक् साद् जस्तो प्रामाणिक मापक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होइन । भात राख्न प्रयोग हुने अर्को प्रकारको भाँडोलाई क्वाऽइ भन्दछन् । यसको आकार पानी राख्ने भाँडो (जलदान) जस्तै हुन्छ । यसलाई टम्म पारी बुनेको हुन्छ । यो विभिन्न साइजको हुन्छ। साइज सानो तर च्याप्टो आकारको भएमा यसलाई कबाऽन् भन्दछन् । यसलाई भात राख्ने रिकापी तथा प्लेटहरूको सट्टामा प्रयोग गरिन्छ । कबाऽन्मा राखेर भात खाएपछि धोइरहनुपर्दैन, यसमा भात टाँसिइरहेको रहेछ भने झार्नको लागि हातले थपथपाउँछन्, (खूफ्) हल्लाएर झारिसकेपछि घाममा सुकाउनका लागि यसलाई झुण्ड्याइदिन्छन् । खूफ कवाऽन् (टाउकोमा ठटाऊ)को अर्थ शायद यहीनै होला अर्थात् यस प्रकारको भाँडोलाई ढकढक्याउनु अथवा टाउकोमा नै ठटाउनु । क्वबुऊकै प्रकारको अर्को पनि बुनेर बनाइने भाँड़ो छ। तर त्यसको बीच भागमा भुँडी निस्किएको फिक्दानी जस्तै पींध घुम्रिएको हुन्छ । यसलाई क्थाऽइ भन्दछन् । यसलाई काखीमा च्यापेर मालसामानहरू बोक्ने काममा प्रयोग गर्दछन्, जस्तो कि (वेस्सन्तर जातकको) छूछोक सर्गमा उपदेशात्मक श्लोकहरूमा देवी अतितदाको गुनगान गर्ने श्लोकमा गरिएको छ, चारु अमितदा बुनोट गरिएको चित्रहरूद्वारा चित्रकारी गरिएको क्याऽई काखी च्यापेर उज्यालो तथा सुन्दर अनुहार लिई बूढा ब्राह्मणका साथमा लुरु लुरुहिंड्छिन् । ठूलोफराक मुख भएको चेप्टो होचो बान्की भएको क्थाऽइलाई क्चाऽइ भन्छन् । क्थाऽइ जस्तै बान्कीको तर बत्तीको चिम्नी जस्तै गोल भएको र माथि कतै झुण्ड्याउनलाई तथा नोलमा राखी बोकी लैजान डोरी छिराउने बींड र ढकनी भएको अर्को एकप्रकारको बुनेको भाँडो छ, त्यसलाई क्थू भन्छन् । लुगा र अरू अलग्गै राख्नुपर्ने कुरा राख्नको लागि क्थूलाई अक्सर लाहा लाहा लगाई सुनको जलप लगाइएको हुन्छ। समान काखीमा राखेर लैजाने अर्को पनि एक किसिमको भाँडो छ । त्यो कालोऽ हो । त्यो टम्म गरी बुनिएको क्यान फल (टीनको बट्टामा आउने) जस्तो च्याप्टो भुक्क उठेको आकारको फराकिलो मुख भएको हुन्छ । मैले पहिले पहिले महिला हज़ामहरूलाई आफ्ना कपाल काट्ने ज्यावलहरू यी भाँडाहरूमा राखेर काखमा बोकी निजी घरहरूमा कपाल काट्न जान लागेको देखेको छु । क्थोंऊ दुई किसिमका छन्, एउटा मालसामान घाममा सुकाउनका लागि र फःअम्मा ढकनी राख्नको लागि हुन्छ । यसको बान्कीको क्यान गरिरहनु आवश्यक छैन किनभने यिनीहरूको चलन आज पनि सबै ठाउँमा छ, यिनीहरू मालसामान घाममा सुकाउने तक्कायऊका सहायक हुन् । तक्कायऊ ठूलठूला छिद्र हुने गरी भद्दासित बुनेको हुने क्ठोंऊ भन्दा सानो साइजको र अण्डा आकारको छ । यो चामल निफन्ने (नाँग्लो) क्ठोंऊ हो चामल निफन्ने बेलामा ठूला-साना दानाहरूलाई अलगअलग छुट्याउनका लागि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा काठका बालाहरूलाई आँखीझ्याल जस्तो हुने गरी छड्के पारी राखिएको हुन्छ । अझ अर्को किसिम तक्काय्ङ छ । त्यसको बान्की माछाको जाल जस्तै हुन्छ । त्यसको प्रयोग तिनीहरू माछा पानीबाट टिपेर निकाल्नका लागि गर्दछन् । तक्काय्ङ शब्द एउटा मात्र उच्चारण गर्दा यो के हो कसैले बुझ्दैन र सधैं मालसामानहरू घाममा राखी सुकाउने तक्कायङ आकारको विचार गर्छन् ।

अब यी भाँडाहरूको चलन धेरै दिन रहनेछैन किनभने तिनीहरूको सट्टामा अरू पदार्थहरूले बनेका तिनीहरूभन्दा राम्रा-राम्रा भाँडाहरू आइसकेका छन् । पुराना वस्तुहरूको ठाउँ नयाँले लिएको हामीले देखी पनि सकेका छौं । तर जे भए पनि, पहिलेको कुरा गर्ने हो भने कृषकहरू यस्ता कुराहरू अरूबाट खरीद नगरी आफूलाई चाहिने आफू नै बनाउँथे । यी भाँडाहरू बुनेर बनाउने विधि तिनीहरूले एक पुस्ताबाट अर्को पुस्ता गर्दै जानी आएका हुन् । खेतीबाट फुर्सद पाएको समयमा तिनीहरू टोकरी ढक्की बुन्ने गर्दथे । कृषकहरूलाई अलसी भनी कसरी भन्न सकिन्छ ? बिहान उज्यालो हुनुभन्दा अघिदेखि कमसेकम रात नपरेसम्म गाह्रो-साह्रो काम गर्दै उनीहरूले सालको आठ-आठ महीना खेती गर्दै बिताउनु पर्दथ्यो । अघि नै भने झैं बाँकी तीन महीना पनि तिनीहरू चूप लागेर बस्तैनन् । एउटा कुरा, अझ आवश्यकताअनुसार बगैंचा बनाउने काम छैदै हुन्थ्यो । तिनीहरूलाई धेरै नै फुर्सद हुने समय भनेको धानबाली काटिसकेर खलिहानमा थन्क्याइसकेपछिको करीब चार महीना जतिको समय हो, तर त्यो बेला पनि अन्यत्र चर्चा गरिसकिए झैं अरू व्यक्तिगत र परम्परागत कामहरू गर्नुपर्थ्यो । तिनीहरूलाई साँच्चि नै फुर्सद हुने, बिलकुलै केही गर्नुनपर्ने भनेको सोऽक्कान् चाडको समयमा हो ।

तपाईंले पक्का पनि यस्तो आलोचना सुन्नु भएको होला, "तिनीहरूले खानलाई चाहिने जतिमात्र धान कुटेर भाँडोमा हाल्ने गर्छन् ।" यसको अर्थ हो, गाउँका मानिसलाई भात पकाउनुपर्ने भएमा, पकाउने बेला भएपछि मात्र कसौंडीमा हाली खानलाई चाहिने जति मात्र धान कुट्ने गर्दछन् । यसबाट उनीहरूलाई अलसी देखिन्छन्, दिह्रो खानुपर्ने चामल पनि कुट्ने मन नगर्ने, अघिबाटै पर्याप्त मात्रामा तयार पारी राख्ने इच्छा नगर्ने देखिन्छन् । तपाईंको मनमा यस्तो पर्न गयो भने यसको कारण तपाईंलाई कृषकहरूको जीवनको स्थितिबारे ज्ञान नहुनु हो । धेरै दिनसम्मलाई खान पुग्ने गरी अघिबाट नै धेरै नै परिमाणमा धान कुटी नराख्नुको कारण के हो भने ती सबै छिटो खाई सकिँदैन र धेरै दिन त्यसै राखिएमा त्यसको स्वाद बिग्रन्छ । त्यसरी कुटेर राखेको धान भर्खरै कुटेको धान जत्तिको स्वादिलो हुँदैन । त्यसैले यिनीहरू खानलाई मात्र पर्याप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुने गरी दिनका दिन धान कुट्ने गर्दछन् । धान कुट्ने काम र पानी बोक्ने काम सँगसँगै हुन्छ, यी स-साना घरका काम हुन् र यी गर्ने भारा छोरीबेटी र नातिनीहरूको हो । यी दुई कामको उल्लेख अक्सर एउटै वाक्यांशमा हुन्छ । धान कुट्नुभन्दा अघि सबभन्दा पहिले राम्रोगरी नसुकेसम्म धानलाई घाममा सुकाउँछन् । यसो गरिएन भने धान कुट्ने बेलामा धानको भुस छुट्टिएर निस्कने गाह्रो हुन्छ । पहिलो पटक कुटेर निस्केको चाललाई क्लअड चामल भन्छन् । त्यसको अर्थ हो भूसको चोकर टाँसिएको चामल । त्यसलाई पुनः कुट्नुपर्छ अनि त्यो सऽअम् भन्ने चामल बन्छ । दोस्रो पटक कुट्दा चोकर झर्छ र चामलका दानाहरू मात्र रहन जान्छन् । धान कुट्न सकिएपछि भुस जति एकातिर, चामलको दाना, कनिका र भुसको चोकर जति अर्कोतिर पर्ने गरी निफन्छन् । कृषकहरूको भाषामा यस कनिकालाई कोक् खाऽउ प्लाइ खाऽउ भनिन्छ र यस-लाई पशुहरूलाई खुवाउने अन्य वस्तुहरूसँगै मिसाई खुवाउन राखिछोड्छन् । यो चामल निफन्ने काम अनौठाको छ, हेर्दा सजिलो जस्तो लाग्छ तर जसले पायो उसले निफन्न सक्तैन, कनिकाबाट एक दाना चामल पनि छुट्याउन सकिँदैन । अनि रिसाएर झन् जोडले हल्लाएपछि चामल भुईंमा पोखिन्छ । विश्वास लाग्दैन भने तपाईं आफैले गरेर हेर्नुहोस् । धान कुट्ने ओखल पनि तिनीहरू आफैले बनाउँछन् । रूखको एउटा ठुटो काटेर त्यही बान्की मिल्ने गरी ताछ्छन्, अनि चाहिने जति खोक्रो हुने गरी बीचको भागमा प्वाल पार्दछन् । यो प्वाल धेरै गहिरो हुनुपर्छ भन्ने छैन । अनि त्यस प्वालमा भुसको आगो बाल्छन् । आगोले काठ खाँदै खाँदै तल जान्छ, त्यो प्वाल चाहिने जति गहिरो र फराकिलो नभए-सम्म त्यसरी खान दिइन्छ । यसमा धेरै कालसम्म धान कुट्ने गरेपछि धानको खस्रो भुसले नै त्यस प्वालको काठलाई चिल्लो र टलकदार बनाइदिन्छ । जति-जति चलाउँदै गयो उतिउति ओखलको खोक्रो भाग गहिरो हुँदै जान्छ र अन्त्यमा चकिएर भाँचिई काम नलाग्ने हुन्छ । त्यसपछि त्यसको बदला अर्को ओखल चलाउँछन् । अधिकांश ओखलहरू हातले चलाउने हुन्छन् । ठूल-ठूला हतौंडा बान्कीको मुशलले धान कुट्ने ओखल पनि हुन्छन् । तर आइमाईहरू त्यसलाई त्यति साह्रो रुचाउँदैनन् किनकि जानिएन भने धेरै गाह्रो हुन्छ । ढिकी र धान कुट्ने कलहरू धेरै पछिका आविष्कार हुन् । कुनै-कुनै परिवारहरूसँग मात्र यस्ता कुराहरू छन् । ती कुराहरू कर्म-कार्य वा कुनै ठूलठूला कार्य गर्नको लागि ठूलठूला परिमाणमा धान कुट्ने वा पिध्नको निमित्त हुन् ।

धान कुट्ने र पानी ओसार्ने काम छोरी र नातिनीहरूको हो । लुगा बुन्ने र पानी ओसार्नुको अतिरिक्त तिनीहरूले भात पकाउने, धागो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काट्ने र लुगा बुन्ने काम पनि गर्नुपर्दछ। स-साना केटाकेटी भएकी, हारगुहार गर्ने कोही नभएकी आइमाई रहिछन् भने अति व्यस्त रहन्छिन् र फुर्सद भनेको हुँदैन। तिनले आफ्नो समय विभिन्न धन्दालाई हेरीकन मिलाउनु पर्दछ। विवाह नभैसकेकी कुनै तरूनी आइमाई काम गरिरहने वेलामा तिनले गर्नु लागेको काम जुनसुकै भएपनि तरूना मानिसहरू जहिले पनि तिनको वरिपरि झुम्सिन्छन्। संसारको ठूलो नाटकै यही हो, नायिका छ र नायक छैन भने राम्रो हुँदैन। त्यसैले धान कुट्ने समयमा हाँस-ख्याल ठट्टा गर्न आउने वा धान कुट्ने कार्यमा स्वेच्छाले सघाउ पुऱ्याउन आउने जवान मानिसहरू हुन्छन्। "रात पऱ्यो सधैं झैं धान कुट्न बसें, र चाक्कलाड (ढिकीको आवाज) सुनेर वसिरहें, दाइ मूलबाटो झर्नु भएको छ। मैले टोकरी ल्याउन बिर्सेको रहेछु, दाइ सरासर आफ्नी मायालुलाई दिन हिंड्नु भयो।" धान कुटिसकिएपछि भोलिपल्ट बिहान त्यस-धानलाई झऱ्झम गर्ने काम बूढी आइमाईहरूको हुन्छ। किनकि तरूनी आइमाईहरू बिहानीपख पानी लिने काममा लागेका हुन्छन्। पानी लिने काम बिहान र बेलुका दुई पटक हुन्छ। पानी बिहान पानका लहरा र अन्य बोट-बिरुवाहरूमा दिनका लागि ल्याउँछन् भने बेलुकी खानको लागि ल्याउँछन्। बेलुका तिनीहरू घर फर्कंदा अक्सर बिहानभन्दा बढी ढिलो गरी फर्कन्छन्, किनभने त्यो वेला तरूना मानिसहरू तिनीहरूलाई जिस्क्याउन घाट, इनार वा पोखरीमा तिनीहरू-को बाटो हेरेर बसेका हुन्छन्। यसै कारणले पानी ओसार्ने भनेपछि केटीहरू हुरुक्क हुन्छन् भनिन्छ किनभने तिनीहरूले आफ्ना आशकलाई भेट्ने मौका पाउँछन्। पानी लिने ठाउँ विहारको पोखरी रहेछ भने बेलुका त्यहाँ भिक्षुहरू नुहाउने गर्छन्। धर्ममा दीक्षित भई बसेका आफ्ना कोही प्रियजन त्यहाँ रहेछ भने ती केटीहरूले त्यस आदरणीय भ्रातृप्रति आफ्नो श्रद्धा जनाउने अवसर पाउँछन्। मौका अनुकूल भएमा तिनीहरू उसलाई "यस धर्म-चर्या कहिले छोड्दै हुनु-हुन्छ ? अरू कति महीना वा कति वर्ष भिक्षु भएर बस्ने विचार छ ?" भनी सोधेर याद दिलाउने गर्छन्। पानी ओसार्ने काम सबै ठाउँमा आइमाईहरूकै जिम्मा भए जस्तो देखिन्छ, यूरोपका जति पनि पानी बोकिरहेका मानिसहरूको तस्वीर देखिन्छन् महिलाहरूकै हुन्छन्। तिनीहरूले सधैं टाउकोमा राखेर हिंड्ने भाँडा-हरूको प्रयोग गर्छन् अथवा पानी काँधमा बोकेर हिंड्छन्। शहरमा सडक-सडकमा पानी तान्दै गर्ने चिनियाँहरू पनि अक्सर लोग्नेमान्छेभन्दा बढी स्वास्नीमान्छेहरू नै भएको देखिएकै कुरा हो। पानी ओसार्ने काम पहिले-पहिले दिन-दिनैको घर-व्यवहारको काम भएकोले यसो भएको हो, र जहाँ पनि जुनसुकै जातिमा पनि यो आइमाईहरूको भागमा पथ्यो र यसरी नै आजसम्म पनि चल्दै आएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खेतीबारेको उक्त सबै वृतान्तबाट कृषकहरूको मोजमज्जा भन्ने कुरा उत्पादन राम्रो हुने गरी खेती गर्न सक्नुमा रहन्छ। यो कुरा उनीहरूले भन्ने गरे जस्तै" धान बच्छ, नून सस्तो छ "अथवा" खेतहरू धान बालीले भरिएका छन्, पानी माछाले भरिएको छ। "भन्ने जस्तो हो यसलाई सब भन्दा ठूलोसुख मान्नुपर्दछ, किनभने अरू आवश्यकता भनेका कमै हुन्छन्। धान भएको व्यक्तिले आफूलाई चाहिएको अरू सबै कुरा धानै दिएर साटेर लिन सक्तछ। बिक्री गर्ने भनेर ठाउँमै सामान लिएर आउने व्यापारीहरू पनि हुन्छन्, बाहिर कतै गएर खोजी गर्नुपर्दैन। आफूसँग कपासको खेत नभए धानसँग कपास साटेर लिने मानिसहरू पाइन्छन्। कपास पाएपछि महिलाहरूले धागो कातेर आफ्नो परिवारको लागि चाहिने कपडा बुन्छन्। खाने लगाउने खाँचो नभएबाट आउने आनन्द गाउँले जनसमुदायको मात्र भएर रहँदैन। खानेकुरो र लगाउने कुराको कमी नभएर भिक्षुहरूलाई पनि फायदै हुन्छ। मानव–मात्रको लागि सबभन्दा महत्वपूर्ण कुरा सुख, मोजमज्जा र सुविस्ता हो। कृषकहरूको मात्र पर्ने हो भने, जुवा जस्तो कुलतमा लागेछैन भने पनि तिनीहरूको सुख भन्ने कुरा कै हुँदैन, किनभने तिनीहरूको खाँचो ज्यादै थोरै हुन्छ। यो सुख वरिपरिको वातावरण अर्थात् प्रकृतिबाट प्राप्त हुने सुख हो। खानलाई र व्यवहार गर्नलाई मनग्य भयो भने सुख त्यसैमा हुन्छ। आफ्नो कामको लागि सामान बनाउने र आफ्नो मनोरन्जनको कुरा आफैले प्रबन्ध गर्ने काम हामीहरूले हालसालै आएर छोड्को हो र यसैले हामी कृषकहरूले झैं आफ्नो कामको लागि चाहिने कुराहरू बनाउन र आफ्नो आमोदप्रमोदका प्रबन्ध आफैले गर्नुमा हामी ठूलो महत्व देख्दैनौं। मैले सरल, एकनासको, जोखिम उठाएर नहिँड्ने, प्रगतिशील नभएको, धनसम्पति र प्रभावशाली नभएको कृषकको जीवनको वर्णन गरे। स्थिति जे जस्ता भए पनि तिनीहरूको जीवन त्यसरीनै चलिरहन्छ। यसो हेर्दा कृषकहरू ज्यादै नै सुखी छन् भने झैं लाग्दछ, तर त्यसो होइन। छातीमा लगाउने बिल्लाको पनि दुईतिर दुई मुख हुन्छन्। एउटा मुख सुन्दर र टलकदार हुन्छ। बिल्ला ठूलो जुनसुकै साइजको भएपनि त्यसको एउटा उल्टो मुख पनि हुनुपर्छ, उपयुक्त अनुपातको उल्टो मुख पनि हुन्छ।

यो कथा टुंग्याउनुभन्दा अगाडि म तपाईसंग एउटा गाउँखाने कथा सोध्छु: "माटोमा पकाए खान हुने, काठमा पकाए मीठो हुने अनि तीन पटक पकाए मिठाई बन्ने के हो ?"

प्राचीन सियाम देशको जीवन र धर्म कर्म, एच. आर. ए. एफ. प्रेस, न्यू हाभेन, सन् १९६१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



पानी पाङ्ग्रा र पानी उभ्याउनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri





Modern plow



Old-style plow



हलो र जुवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



अनाज झार्ने, कुट्ने, पिस्ने, हल्कने र भर्ने भाँडाहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



म-सामा कृषि औजारहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि औजार

कृषि औजारसम्बन्धी चित्रका व्याख्या

पानी पाङग्रा र पानी उभाउनी

१. पानी पाङग्रा ।
२. बाँसको उभाउनी ।
३. पानी जाने नली । यो धेरैजसो ताडको या बाँसको हुन्छ ।
४. घिरानें खालको पानी पाङग्रा । बांस र अग्राखले मात्र बनेको हुन्छ ।
५. त्रिखुट्टीमा झुण्डिएको उभाउनी ।
६. त्रिखुट्टी ।
७. त्रिखुट्टीमा झुन्डिएको उभाउनीको बींड ।
८. पानी उभाउनी ।
९. अर्द्ध-उभाउनी, बुनिएकोचाहिं ।

हलो र जुवा

१०. हलेको खान् ।
११. ढाम् अर्थात् बींड हलोको ।
१२. हलेको फला । टुप्पा फलामको हुन्छ ।
१३. "मुँगुर टाउको" ।
१४. जायक नोइ ।
१४क. आधुनिक हलो ।
१५. जुवा ।
१६. ओन् । बाँसले बनेको ।
१७. डोरी ।
१८ खलः डोरी ।

स-साना कृषि औजार

१९. डल्लेठो ।
२०. डल्लेठोको खान् ।
२१. डल्लेठोको दाँती ।
२२. घाँस-पराल तानेर सोहोर्ने फलामको औजार । बिरियाँ छाँटको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२३. फलामको साबेल ।
२४. काठको साबेल । पुरानो छाँटको ।
२५. कुटो ।
२६. कोदालो ।
२७. हँसिया ।
२८. लामो स्यांगी ।
२९. लिअम्, एक किसिमको चुलेसी । बीड लामो छोटो कुनै पनि हुनसक्छ ।
३०. धानको बेर्ना राखी बाँकेर लाम प्रयोग हुने गोल ।

अनाज झार्ने, पिस्ने, हल्कने र भर्ने औजार

३१. पराले अंकुश । बाँसले बनेको । अनाज झार्न र पराल टिप्न प्रयोग हुने ।
३२. अनाज झार्ने "चपस्टिक" । फडा काठ र बाँसले बनेको धानका सुट्टा समाती झार्न प्रयोग हुने ।
३३. खोपिल्टो भएको साबेल । हल्का खालको फडा काठले बनेको । धान हुन्याउन प्रयोग हुने ।
३४. धानको धूलो झार्ने चटाई । किनारासमेत पूरै बाँसले बनेको ।
३५. धान धकेल्ने फल्याक । तामातान गर्ने किसिमका डोरीहरू भएको ।
३६. थाद्थाः
३७. ऋछु वा साऽद । धान भर्नको लागि प्रयोग हुने । बुनिएका ।
३८. ऋदुङ वा लूक साऽद ।
३९. ढिकीको मुसल । धान कुट्ने ।
४०. ढिकीको ओखल । काठको । भुइँमा गाडिएको ।
४१ ढिकीको पुछारको भाग ।
४२. कुट्ने मुसल ।
४३. सऽअम्को मुसल ।
४४. उगल, काठको ।
४५. ठूलो मुगल आकारको मुसल ।
४६. हातले पैठ्याउने मुसल ।
४७ धान कुट्ने फल । बुनिएको ।
४८. नाङलो । वारपार काठको टुक्रा हाली बाँसको बोक्राले बनेको । धान निकाल्न, हल्कन वा बताउन प्रयोग हुने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाद टिप्पणी

१. टाइलर, एडवर्ड बी. प्रिमिटिभ कल्चर (लण्डन, जोहन मुर्रे, १८७१) ए.आर.।

२. नखअन् राछसिमा र उत्तरपूर्वका मानिसहरूले कुटोलाई कोअ्व र कोदालो-लाई कोग् भन्छन्। ए. आर.।

३. हेर्नुहोस्–ओल्ड टेक्स्ट् बूक अफ राइस प्लान्टिङ (नेशनल लाइब्रेरी, १९२४) र रोयल सेरेमनीज् अफ् द ट्वेल्फथ मन्थस्मा पहिलो पल्टको जोत। इसम्बन्धी खण्डमा भएको "हलो जोत्न निषेध गरिएका दिनहरू।" आ. ए.।

४. हेर्नुहोस्– टेक्स्ट–बूक अफ् फार्मिङ टु एन्सेन्ट मेथड्स् (ब्याङ्कक, चन्थनप्लिन प्रिन्टिङ प्रेस, १९३०) ले. डा. छान चट्रोन। आर. आर.।

५. हेर्नुहोस्– मायनर्स एण्ड कस्टम्स् भाग ३ मा भएको "काइन्ड्स अफ् राइस"। ए.आर.।

६. हिस्ट्री अफ् द मिनिष्ट्री अफ् एग्रिकल्चरको "फार्मिङ" शीर्षक परिच्छेदमा हलोसम्बन्धी खण्ड हेर्नुहोस्।

७. फ्राज, विनिद वानन्डअन (टोओ कोओमेएड) को कृपाले।

८. इन्साइक्लोपेडिया अफ् रेलिजन र एथिक्स खण्ड २, पृ. २४८ मा "बानर्स" हेर्नुहोस्।

९. माय्नर्स एण्ड कस्टम्स्मा फ्रा फीनीड वाच्नाकअन (सीइन सअलितन) द्वारा लिखित "कन्सर्निङ सिङ्गिङ गेम्स्" हेर्नुहोस्।

१०. यसको उत्तर हो भातः यो माटोको भाँडोमा पकाइन्छ, यसलाई बाँसको ढुङ्गोमा पनि पकाउन सकिन्छ, कुनै कुनै प्रकारको मिठाई पकाउन यसलाई अनेक तरीका गरी तीन पटक पनि पकाउनुपर्ने हुन्छ।

-×-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्गीय फ्रया अनुमान राछथोन

– एक मृत्यु लेख –

१९६९ को जुलाई १ तारीखका दिन स्याम सोसाइटीका अध्यक्ष फ्रया अनुमान राछथोनको निधन भएबाट देशले एक महत्त्वपूर्ण विद्वान् मात्र गुमाएको होइन, वर्तमान र विगत कालका बीचको एक जबर्दस्त कडीलाई पनि गुमाएको छ । नयाँ पुस्ताका, आफ्ना थाई सम्पदाको गर्व गर्ने विद्यार्थी, लेखक, विद्वान् तथा सरकारी कर्मचारी सबैले फ्रया अनुमान राछथोनलाई आफ्नो गुरु, आफूलाई सन्मार्गमा डोऱ्याउने ज्योति मानेका छन् ।

फ्रया अनुमान राछथोनको जन्म १८८८ डिसेम्बर ४, शुक्रवारका दिन ब्याङककको **आम्भः यान्नावा, ताम्बोन् वात् फ्रया** क्राइ भन्ने स्थानमा भएको हो । उहाँको वास्तविक नाम **योङ** हो । **साठियनकोशेत्** भन्ने उपनाम उहाँले **राजश्री राजा राम चतुर्थ** बाट पाउनुभयो । उहाँको माता-पिताको नाम **नाइली** र **नाङहिया** हो । उहाँ मामूली मान्छे हुनुहुन्थ्यो । उहाँहरूले आफ्नो जेठो छोरालाई **अस्सम्छान्** । कलेजमा भर्ना गरिदिनुभयो । त्यहाँ उहाँले ४ तहसम्मको शिक्षा हासिल गर्नुभयो । त्यसपछि युवक **योङ** ओरियन्टल होटलमा काम गर्न जानुभयो । त्यसपछि उहाँले सरकारी सेवामा प्रवेश गरी भंसार विभागमा काम गर्नुभयो । उहाँले **खुत अनुमान राछथोन**को पदवी पाउनुभयो र अन्तमा पदोन्नति भै फ्रया हुनुभयो । एउटा कारिन्दा भै शुरू गर्नुभएको सरकारी सेवा उहाँले सहायक महा-निर्देशकसम्म भै छोड्नुभयो । १९३२ को राज्य विप्लव-पछि सो विप्लवका पोषकहरूलाई ठाउँ दिनुपर्ने भएकोले झिक्किनुपऱ्यो । पछि फेरि नव-स्थापित ललित कला विभागको सांस्कृतिक महाशाखाका प्रमुखमा उहाँको नियुक्ति भयो । कालान्तरमा उहाँ त्यस विभागका महा-निर्देशक-सम्म पनि हुनुभयो ।

सेवाबाट निवृत्त भएपछि पनि उहाँले **चुलालङ्कअन्** विश्वविद्यालयको कला विभागमा भाषाशास्त्रको आंशिक समय काम गर्ने प्राध्यापकको काम गरि नै रहनुभयो । विश्वविद्यालयले यो विषय शुरू गरेको प्रथम वर्षदेखि नै उहाँले पढाउन थाल्नुभएको हो । पछि विश्वविद्यालयले यस विषयलाई डिग्री तहसम्म विस्तार गऱ्यो । पछि उहाँले त्यसै विश्वविद्यालयको शिक्षाशास्त्र र राजनीति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



कृपा अनुमान राजयोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रसम्बन्धी विभागहरूका अन्य विषयहरूमा पनि व्याख्यान दिन थाल्नुभयो। यस सेवाको साथै स्यामी संस्कृतिको क्षेत्रमा उहाँले गर्नुभएको योगदानको लागि चुलालङ्कअन् विश्वविद्यालयले उहाँलाई सम्मानार्थ साहित्यसम्बन्धी विद्यावारिधिको उपाधि प्रदान गऱ्यो र साहित्यको सम्मानार्थ प्राध्यापकमा पनि चयन गऱ्यो।

उच्च-शिक्षाका अन्य शिक्षण संस्थानहरूमा पनि फ्रया अनुमान राछथोनले नयाँ पुस्ताका मानिसहरूलाई आफूले जानेको कुरा बाँड्ने गर्नुभयो। उदाहरणको लागि, उहाँले धम्मसाअत् विश्वविद्यालयमा तुलनात्मक धर्मका विषयमा र शिक्षाशास्त्र अध्ययन महाविद्यालयमा तुलानात्मक धर्मका विषयमा व्याख्यान दिनुभयो। उहाँ शिल्पकअन विश्वविद्यालयको त एक जना संस्थापक नै हुनुहुन्थ्यो जुन विश्वविद्यालयले आपनो पहिलो पटकको डिग्री उपाधि वितरण समारोहमा उहाँलाई पुरातत्त्वशास्त्रसम्बन्धी सम्मानार्थ विद्यावारिधिको उपाधि प्रदान गऱ्यो।

उहाँको प्रतिभाको पहिचान मानिसहरूले उहाँ जवान छँदै भंसार विभागमा काम गर्न थालेकोे वेलादेखि नै पाइसकेका थिए किनकि राजा राम षष्ठमको राज्यकालमै राजकीय साहित्य समाजले उहाँको सेवाको शिफारिस गरेको थियो। अधिराजकुमार दामरोङबाट उहाँलाई राष्ट्रिय पुस्तकालयमा काम गर्न लगाउने प्रयास भएको थियो। फ्रया अनुमानले मान्नुभएन। त्यसो भए तापनि अधिराजकुमार दामरोङबाट राजा राम सप्तमको राज्यकालमा संस्थापित पुस्तकालय संघको सदस्य हुन उहाँलाई प्रस्ताव गरिबक्सियो। फ्रया अनुमानप्रति अधिराजकुमार दामरोङको व्यवहार सदा सद्भावनापूर्ण रह्यो। मौसूफबाट एक दिन राजकुमार नरितसमक्ष उहाँ एकदिन विशिष्ट विद्वान् हुनुहुनेछ भनी भविष्यवाणी पनि गरिबक्सेको थियो। फ्रया अनुमानले ललित कला विभागको सेवामा प्रवेश गर्नुभएको वेलामा राजकुमार नरित उहाँसँग पत्राचार गरिबसिरन्थ्यो। यी पत्रहरू कालान्तरमा नोट्स अन स्यामिज नलेज शीर्षकअन्तर्गत पाँच भागमा प्रकाशित भए। यूनेस्को र थाई सरकारको तत्त्वावधानमा राजकुमार नरितको शतवार्षिक जन्मोत्सव मनाइँदा शाही श्रोतागणसमक्ष सम्बोधन भाषण गर्न फ्रया अनुमान छानिनुभएको थियो।

सन् १९३४ मा राजकीय संस्थानको स्थापना हुँदा फ्रया अनुमान विशुद्ध साहित्यिक क्षेत्रतर्फको सदस्य छानिनुभयो। पछि उहाँ आजीवन त्यस संस्थाका कार्यवाहक अध्यक्ष रहनुभयो। त्यसै पदमा रहेर उहाँले सन् १९५० मा थाई शब्दकोष र सन् १९९४ मा थाई गजेट र थाई विश्वकोषको पहिलो आठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खण्ड प्रकाशित गर्नुभयो। उक्त राजकीय संस्थानका लागि उहाँ आफैंले पनि अनेक पुस्तकहरू लेख्नुभयो। तिनमा **भाषाशास्त्र विज्ञान, धर्महरूको तुलनात्मक अध्ययन, थाई परंपराको अध्ययन** तथा **वर्तमान कालअघिको थाई जीवन** प्रमुख छन्। नयाँ नयाँ थाई शब्दहरूको निर्माण गर्नमा उहाँले प्रमुख भूमिका खेल्नुभै आधुनिक प्रविधि-उन्मुख युगमा थाई भाषाको विकास गर्न सहयोग पुऱ्याउनुभएको थियो।

फ्रया अनुमानले राष्ट्रिय अनुसन्धान परिषद्को सदस्य, ऐतिहासिक यथार्थता समिति र ऐतिहासिक र पुरातात्विक कागजपत्रहरूको प्रकाशन समितिका अध्यक्षको रूपमा पनि काम गर्नुभएको थियो। थाई जातिको संस्कृति, इतिहास, भाषा र रीतिस्थितिसम्बन्धी कुनै पनि काम पर्दा सरकारले सधैं नै उहाँलाई सहभागी हुन अनुरोध गर्थ्यो। अनुरोध स्वीकार गरेपछि उहाँले आफ्नो सामर्थ्यले भ्याएसम्म काम गरिदिनुहुन्थ्यो। उहाँको सेवाबापत उहाँलाई विभिन्न विभूषणहरूले विभूषित गर्न राजश्रीमा थाई सरकारले बिन्ति गरेको थियो। हालै भनेजसो उहाँ **श्वेत हात्ती** नामक सर्वोच्च विभूषण (Order of White Elephant) बाट विभूषित हुनुभएको हो। **राजा राम अष्टम**को राज्यकालमा केही समयको लागि उहाँले युवा राजाकै जुनाफमा थाई संस्कृतिको विषयमा शिक्षा टक्र्याउने सौभाग्य पाउनुभएको थियो। त्यसको बापत उहाँलाई **रतन भअन्** तक्मा निगाह भएको थियो। **चुल चअम् क्लाउ** विभूषणको हकमा भने उहाँले फ्रया हुनुभएको वेलामा तेस्रो दर्जाको मात्र पाउनुभएको हो। वर्तमान राज्यकालमा आएर दोश्रो दर्जाको विशेष श्रेणीमा बढती भयो। यसलाई थाई ज्ञानको क्षेत्रमा उहाँले गर्नुभएको योगदानको शाही कदरको चिन्ह मानिन्छ। आफूले पाएको राजकीय मान–पदकहरूमा सबैभन्दा बढी गौरव उहाँ **दुसदी भाला** पदकको गर्नुहुन्थ्यो। यो पदक **ब्रिटिश अर्डर अफ मेरिट** नामक पदकबराबरको हो। यस्तो सम्मानपूर्ण पुरस्कारका लागि उम्मेदवारहरूको योग्यता विचार गर्न स्थापित समितिको सदस्य भएर पनि उहाँले सेवा गर्नुभयो।

उहाँका लेखहरू **सठिराकोशेस** भन्ने कल्पित नामबाट प्रख्यात भए। यो नाम अक्सर **प्रासारप्रसर्तको** छद्म नाम **"नागप्रथीप"** सँगै देखा पर्थ्यो। उहाँहरू दुवै मिली **हितोप्रथेसको** र उहाँहरूको सर्वश्रेष्ठ मानिएका कृति **तीर्थयात्री कमनिता** र **मित्रहरूको धर्म** भन्ने पुस्तकहरूको अनुवाद गर्नुभएको हो। उहाँहरूले आफ्ना पहिलो प्रकाशक **खुन सोफितअकस अनकान** (हाय) लाई स्वामी भाषाका सर्वश्रेष्ठ कृतिहरूको नयाँ संस्करणहरू प्रकाशित गर्न प्रोत्साहित गर्नुभएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थियो । लेखन–सम्पादन गरी पहिले प्राप्त गरेको अनुभव पछि ललित कला विभागमा काम गर्न पुग्दा फ्याअनुमानलाई अमूल्य अनेकन् पुस्तकहरू र ललित कला विभागको प्रख्यात जोर्नलको प्रकाशन गर्नमा ठूलो उपयोगी साबित भयो ।

फ्याअनुमानले जीवनभर लेखेर बिताउनुभयो । उहाँ युवा विद्वान्हरू-द्वारा लेखिएका पुस्तकहरूको भूमिका लेखिदिने र भावी लेखकहरूलाई प्रोत्साहन दिन पत्रहरू लेख्ने पनि गर्नुहुन्थ्यो । उहाँको अधूरो रहेको सबभन्दा पछिल्लो कृति **अतीतका संस्मरणहरूको** तेस्रो भाग हो । त्या केही आत्मचरित्रसम्बन्धी र केही ब्याङ्ककको ऐतिहासिक पृष्ठभूमिसम्बन्धी छ । त्यसका प्रथम दुई भागहरूमा पहिलो उहाँ उनासी वर्ष पुगेको उपलक्ष्यमा निस्केको थियो भने दोस्रो असी वर्ष पुगेको अवसरमा निस्केको थियो ।

सठियनकोशेसलाई आफ्ना पुस्तकहरूको बिक्रीबाट आउने लेखकस्वको त्यति साह्रो मतलब थिएन । जुनसुकै साथीले उहाँसित बिक्री गर्न वा निःशुल्क वितरण गर्न प्रकाशित गर्नका लागि पुस्तकहरू माग्न सक्थे । उहाँ बहत्तर वर्ष हुनुभएको अवसरमा उहाँका पहिलेका एक गोल विद्यार्थीहरूले उहाँको नाममा एक अनुसन्धान कोषको स्थापना गरेका थिए । आफ्ना पुस्तक-प्रकाशनको अधिकारबाट केही रकम प्राप्त भयो भने त्यो रकम उहाँ त्यही कोषलाई बुझाइदिने गर्नुहुन्थ्यो । सन् १९६८ मा उहाँ असी वर्षको हुँदा उहाँलाई श्रद्धा गर्ने केही लेखकहरूले गरीब लेखकहरूलाई सहयोग गर्न र भावी लेखक तथा कलाकारहरूलाई प्रोत्साहित गर्न अर्थ सकलन गर्नको लागि **साठियन कोशेस** प्रतिष्ठानको स्थापना गरे । त्यसपछि उहाँले आफ्नो पुस्तकको सर्वाधिकारबाट प्राप्त सम्पूर्ण लाभांशका रकमहरू त्यसै प्रतिष्ठानलाई दिन थाल्नुभयो । यसको अतिरिक्त उहाँले राष्ट्रको लागि गरेको योगदानहरूको सराहना गर्ने सरकार र जनता दुवैले उहाँको सम्मानमा राष्ट्रिय पुस्तकालय भवनमा एउटा विशेष पुस्तकालय खडा गरे । उहाँको निधनपश्चात् जुन सडकमा उहाँको घर थियो त्यो सडकको नाम फेरेर ब्याङ्कक नगरपालिकाले उहाँको नाउँमा नामकरण गरिदियो ।

सन् १९३२ मा उहाँ संसद सदस्यमा र सन् १९४७ मा मन्त्रिसभाको सभासद्मा (सिनेट) नियुक्त हुनुभयो तर राजनीतिमा उहाँले कुनै महत्त्वपूर्ण भाग लिनुभएन र कुनै मन्त्रिमंडलमा सम्मिलित हुन पनि स्वीकार गर्नुभएन ।

फ्या अनुमान राछथोन कसैलाई पनि पीरमर्का नपार्ने व्यक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनुहुन्थ्यो । उहाँ यस्ता शिक्षक हुनुहुन्थ्यो जो आफ्ना शिष्यहरूलाई सहयोग गर्नुहुन्थ्यो अनि यस्ता उच्चपदस्थ व्यक्ति हुनुहुन्थ्यो जो आफ्नो मातहतका व्यक्तिहरूलाई प्रोत्साहन दिनुहुन्थ्यो । उहाँ सुकार्य गरेर दिन बिताउनुहुन्थ्यो र सांसारिक विषयवस्तुहरूबाट टाढा रहनुहुन्थ्यो । धेरै सञ्चय गर्न मन पराउनुहुन्नथ्यो । उहाँ लिनभन्दा दिन मन पराउनुहुन्थ्यो र आफ्ना मातापिता तथा अन्य हितकारीहरूप्रति सधैं कृतज्ञ रहनुहुन्थ्यो। उहाँ झडङ्ग रिसाउने स्वभावका भए तापनि आफ्नो मिजासलाई सहजै दुरूस्त पार्नुहुन्थ्यो । उहाँ कुनै पनि वर्ग, राष्ट्रियता र उमेरका मानिसहरूसँग मेल राख्न चाहनुहुन्थ्यो । यसले समाजमा उहाँ प्रख्यात हुनुभयो, उहाँलाई बराबर विवाहोत्सवहरूमा निम्त्याउँथे । चिने-जानको सबैले उहाँलाई प्रेम र श्रद्धा गर्दथे । सर्वसाधारण थाई जनतामा उहाँले जतिको थाई अध्ययनको क्षेत्रमा योगदान गर्नें अरू कोही छैन भन्ने महसूस भएको थियो । उहाँको सबभन्दा पछिको **थाई लोक संस्कृतिसम्बन्धी निबन्धावली**[1] भन्ने पुस्तकमा स्याम सोसाइटीका अध्यक्ष अधिराजकुमार नराधिपद्वारा प्राध्यापनमा लेखिबक्सेको छ : फ्रया अनुमान थाई भाषा तथा साहित्यका वस्तुतः एक सुप्रसिद्ध अधिकारी हुनुहुन्छ । थाइल्याण्ड आउने विदेशी विद्वान्हरू या त सोझै उहाँ कहाँ जान्छन् या त पठाइन्छन् । मिचिगन विश्वविद्यालयका प्राध्यापक डब्लु. जे. गिडनीले उहाँको कृतिको संपादन गरी "प्राचीन स्याम को जीवन तथा संस्कारहरू"को शीर्षक राखी त्यस कृतिलाई प्रकाशित गर्दा भनेका थिए : फ्रया अनुमान राछथोनले थाई साहित्य तथा विद्वत्ताको क्षेत्रमा एउटा अद्वितीय र विरोधाभासपूर्ण स्थान प्राप्त गर्नुभएको छ अथवा भनूँ त्यस्तो स्थान बताउनुभएको छ ।" उहाँ कुनै किसिमको प्रशिक्षण पाएर प्राज्ञ भएको नभए पनि आफ्ना विद्वत्तापूर्ण उपलब्धिहरूले गर्दा युवा पीढीका अध्यापक र विद्यार्थीहरू उहाँप्रति नतमस्तक भएका छन् र उहाँ थाइल्याण्ड विश्वविद्यालयका एकजना अति नै उच्च आदरणीय प्राध्यापक बन्न पुग्नुभएको छ । यद्यपि उहाँ प्रशिक्षणप्राप्त मानव शास्त्रविद् नभए तापनि परंपरागत थाई संस्कृतिको अध्ययनको क्षेत्रमा उहाँले जतिको अरू कसैले पनि त्यति ठूलो योगदान गरेको छैन । मूलतः उहाँ भाषा र साहित्यका विद्यार्थी हुनुहुन्न तापनि कोही पनि उहाँले यी क्षेत्रहरूमा गरेको योगदानहरूभित्र आँखा नलगाई भाषा, विज्ञान वा थाई साहित्यको अध्ययनमा त्यति गहिरासम्म पुग्न सक्ने छैन । यद्यपि उहाँ पश्चिमी शिक्षाका उपज हुनुहुन्न तापनि थाई जनताका बीचमा पश्चिमी ज्ञानको

---

१. प्रस्तुत थाई सांस्कृतिक परम्परा – सं. ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय गराउनुका साथै त्यसलाई प्रचार-प्रसार गराउनुमा उहाँले जतिको योगदान अरू कसैले कमै मात्र गरेको पाइन्छ । उहाँ लोकप्रिय लेखकभन्दा धेरै बेसी हुन्छ तापनि उहाँको गद्य शैलीमा भएको रस र प्रसाद गुणलाई भेट्टाउन सक्ने पेशेवार लेखक थाइल्याण्डमा शायद अरू कोही पाउन सकिएला। सबैभन्दा आश्चर्यको कुरा त पुर्ख्यौंलीको हिसाबले उहाँ थाई मूलका नभए तापनि थाई संस्कृति, थाई इतिहास, थाई साहित्य र थाई भाषाको कुनै पनि विद्यार्थीले यी क्षेत्रहरूमा उहाँले भन्दा बढी आस्था र अनुराग दर्शाएको छैन ।

फ्रया अनुमान सत्तरी वर्षको उमेरसम्म पनि यूरोप पुग्नुभएको थिएन। उहाँले ब्याङ्ककस्थित एसम्पसन कलेजको चार तह मात्र पूरा गरेको भए तापनि क्याम्ब्रीज विश्वविद्यालयले उहाँलाई विद्यावारिधिको एकजना उम्मेदवारका प्रशिक्षक हुन आग्रह गऱ्यो। कलकत्ता विश्वविद्यालयले पनि उहाँलाई विद्यावारिधिको वाह्य परीक्षक भइदिन अनुरोध गऱ्यो । उहाँले यत्ति विघ्न लेख्नुभएको थियो कि थाइल्याण्डको बारे अभिरुचि राख्ने विदेशी विद्वान्हरूबाट उहाँले मान्यता पाउनुभयो । अंग्रेजीमा लेखिएका उहाँका लेखहरू अक्सर "स्याम सोसाइटीका जोर्नल"मा प्रकाशित हुन्थे । उहाँले धेरै वर्षमम्म उक्त सोसाइटीको परिषद्को सदस्य भएर काम गर्नुभयो, १९६९ सालमा उहाँ यस सोसाइटीका अध्यक्ष पनि निर्वाचित हुनुभयो । स्याम सोसाइटीका अध्यक्ष पदमा एक साधारण थाई नागरिक चुनिएको यो पहिलो अवसर हो ।

फ्रया अनुमान राछथोन सामान्यतया स्वस्थ र परिश्रमी व्यक्ति हुनुहुन्थ्यो। उहाँ सबैरै सुत्नुहुन्थ्यो र हरेक दिनभनेजसो भ्रमण गर्नुहुन्थ्यो । उहाँ सबैभन्दा पहिले अस्पताल गएको नै निधन हुनुभन्दा तीन दिन अघि मात्र हो । उहाँकी श्रीमती खुन्ह्यङ लमाई जीवितै हुनुहुन्छ । उहाँहरूका नौजना सन्तान हुनुहुन्छ । जेठो छोरा महामहिम सोमछाई अनुमान राछथोन संयुक्त अरब गणतन्त्रका लागि राजदूत हुनुहुन्छ । उहाँको जन्म जयन्तीको दिन डिसेम्बर १४, १९६९ मा वात थेप्सिरिन् स्थित शाही गृहमा उहाँको चिता प्रज्वलित गर्न थाई नरेश राजश्रीबाट निगाहपूर्वक स्वीकृति बक्सिएको छ ।

एस. सिवरक्सा

(सन् १९६९, जुलाईमा सियाम संघको समाचार-पत्रमा प्रथम पटक प्रकाशित ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu